

शाक्त सम्प्रदाय र शक्तिपीठ

कुलचन्द्र कोइराला

शाक्त सम्प्रदाय र शक्तिपीठ

कुलचन्द्र कोइराला

ग्रन्थ	:	शाक्त सम्प्रदाय र शक्तिपीठ
ग्रन्थकार	:	कुलचन्द्र कोइराला
प्रकाशक	:	कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान बानेश्वर, काठमाडौँ
प्रकाशनकाल	:	१४. जेठ २०६५
प्रकाशनसन्दर्भ	:	कुलचन्द्र कोइरालाको १५ औँ वार्षिक पुण्यतिथि
प्रकाशनप्रति	:	५०० प्रति
अक्षराङ्कन	:	गीता मञ्जुश्री/लक्ष्मी श्रेष्ठ
मुद्रक	:	क्यु एन्ड क्यु अफसेट प्रेस बानेश्वर, काठमाडौँ
मूल्य	:	रु. ३००।-

पुरोवाक्

शक्तिको उपासना प्रत्येक मानवको जिउने कला हो । शक्तिविना मानव मानव हुन सक्दैन । त्यसैले 'नायमात्मा बलहीनेन लभ्यः' भनेर उपनिषद्हरूमा शक्तिको महिमा प्रस्टयाएर ऋषि-महर्षिहरूले राखेका छन् । आद्या-परा-चित्-शक्ति ह्लादिनी र रञ्जिनी दुवै शक्ति प्रत्येक मानवको पूतात्मा शक्ति हो ।

वैज्ञानिक आविष्कारमा विद्युच्छक्ति तथा सौरशक्तिको जो स्थान छ त्यही स्थान रक्तिनी, रञ्जिनी, ह्लादिनी शक्तिको पनि छ । चिच्छक्ति नै स्फुरणकालमा सत्-चित्-आनन्दस्वरूपिणी भएर भाषित हुन्छ । यही प्रत्येक मानवको ऊर्जाशक्ति हो । शक्तिको उपासना गर्नेलाई शाक्त भनिन्छ । शक्तिको उपासना सृष्टिको मिर्मिरे कालदेखि नै हुँदै आएको इतिहास ऋग्वेद आदिले प्रस्ट रूपमा राखेको छ । यसको प्रमाण ऋग्वेदकालिक सरस्वती, लक्ष्मी र दुर्गा आदि हुन् । शब्दान्तरले यजुर्वेद, सामवेद, अथर्ववेद तथा कालान्तरमा ब्राह्मणग्रन्थ र उपनिषद्हरूमा शक्तिको उपासनाका सम्बन्धमा अबाध रूपले इतिहास प्रस्टिँदै आएको इतिहास हामीले भुल्नु हुँदैन । उत्तरवैदिक कालमा शक्तिपूजाका सम्बन्धमा आएर शक्तिको प्रतीक र स्वरूप बदलिन थाल्यो ।

जहाँ लक्ष्मी, सरस्वती र दुर्गाको उपासना शक्तिका रूपमा गरिन्थ्यो त्यहीं पीठसत्तात्मक उपासना पनि हुन थाल्यो । अश्वक्रान्त, रथक्रान्त तथा विष्णुक्रान्त जस्ता वाममार्गी सम्प्रदायहरूको स्थापना भयो । साथै वैदिक देव इन्द्र, विष्णु, रुद्र, वरुण आदिको पितृसत्तात्मक उपासना थियो भने लक्ष्मी, सरस्वती आदि देवीहरूको मातृसत्तात्मक उपासना थियो । दुवैको उपासना वैदिक हो । सौर, शाक्त, गाणपत आदि उपासना उपासकभेदले हुन थाल्यो । कालान्तरमा सौर, गाणपत आदि गौण हुँदै गए । शैव, शाक्त र वैष्णवादि अस्तित्वले तात्कालिक समाजलाई प्रभावित पार्दै ल्यायो । त्यसले शक्ति-उपासनामा पूरा एउटा वाममार्ग तान्त्रिक सम्प्रदाय नै खडा भयो । यसै गरी एकाउन्न पीठहरूको स्थापना भयो । पञ्चमकारको गलत अर्थको जन्म भयो । परन्तु शाक्त उपासना भने हुँदै रह्यो । यसरी शक्तिको उपासनाबाट शाक्त सम्प्रदायको प्रचार सम्पूर्ण भारतको चौदह प्रान्त, तिब्बत, चीन, जापान, मङ्गोलिया, कोरिया, श्रीलङ्का, म्यान्मा, थाइल्यान्ड, कम्बोडिया आदि देशहरूमा प्रचार हुन पुग्यो भने नेपालमा त एकाउन्न पीठहरूमध्ये मुख्य एक गुह्येश्वरी पीठ नै आजसम्म पनि विद्यमान छ । शाक्त परम्परामा रुमलिएका पूजापद्धतिहरूमा मद्य, मांस, मत्स्य, मैथुन र मुद्राको गलत अर्थ गर्नुका साथै गलत प्रचार शुरु भयो । वैदिक कर्मकाण्डमा वैदिक कालपछि सोमयागजस्ता पवित्र यागहरूमा पशुबलि दिन थाले ।

वाजपेययागमा दुर्व्यसन, गर्न थाले । अश्वमेध, गोमेध, नरमेध, पितृमेध आदिजस्ता भयङ्कर जीवहिंसा हुन थाले जसको विरोध जैन सम्प्रदायका चौवीसौं तीर्थङ्कर भगवान् महावीर तथा शाक्यमुनि भगवान् गौतम बुद्धले डटेर गरे । पछि आएर बौद्धहरूमा नै हीनयान, महायान, वज्रयान, तन्त्रयान, सहजयान आदि अनेक सम्प्रदाय जन्मिए । अहिले बौद्धहरूमा अश्वक्रान्त र रथक्रान्त दुवै तान्त्रिक परम्पराको निर्वाह चलिराखेको छ । यो हिन्दूपरम्पराको एउटा ठूलो भाग बौद्धशाक्तहरूमा चलिराखेको छ । यता वैदिकहरूमा पनि वैदिक र तान्त्रिक गरी दुई भेद भयो । पछि आएर वैदिकहरूले पनि यज्ञयागादिका नाममा सोमयाग र सौत्रामणियागजस्ता हिंसा र मद्यपान गर्न-गराउन थाले । शाक्तहरू तान्त्रिक परम्परा अँगालेर पञ्चमकारका गलत अर्थमा प्रयोग गर्न थाले । फलतः वैदिक, शाक्त र बौद्ध तीनैमा समान रूपले विकृति देखिन थाले । तीनैमा सुरा, सुन्दरी, मांस आदिको सेवन खुलेर हुन थाल्यो । यो समाजका लागि एउटा ठूलो अभिशाप नै सिद्ध भयो । नेपालमा अहिले पनि शक्ति मन्दिरहरूमा जान सकिँदैन । देवी शक्ति त हो, शक्ति-उपासना पनि आवश्यक छ । परन्तु दुर्व्यसन, हिंसा र दुराचारबाट चाहिँ समाज र राष्ट्रलाई घोर पतनको बाटो खुलेको देखिन्छ । यस्ता दुर्व्यसनलाई नहटाएसम्म राष्ट्र र समाजको कल्याण हुँदैन । यो धर्म र संस्कृतिका नाममा निम्त्याइएको कुसंस्कार हो तापनि राम्रो र नराम्रो दुवै परिस्थितिमा इतिहास लेखिने चलन छ । हार्ने र जित्ने दुवैको इतिहास लेखिन्छ । तर हरुवाको गौण र जितुवाको मुख्य रूपमा इतिहास लेखिन्छ । बस्, यति मात्रै फरक छ । दुवै हालतमा इतिहास लेखिएकै हुन्छ । तर इतिहासलेखकले भने निष्पक्ष, निडर र सही गोरेटो, घोडेटो र मूलबाटो पहिल्याएकै हुनुपर्छ ।

यसतर्फ स्व० कुलचन्द्र कोइराला अत्यधिक सचेत हुनुहुन्थ्यो । कुलचन्द्र कोइराला यशस्वी साहित्यकार हुनुहुन्थ्यो । उहाँले नेपाली साहित्यको श्रीवृद्धिमा धेरै ठूलो योगदान दिनुभएको इतिहास उहाँका प्रकाशित रचनाहरूले नै बताइराखेका छन् । उहाँ लेखक, कवि, साहित्यकार, उपन्यासकार, कथाकार, अनुवादक, धर्मसंस्कृतिका आधिकारिक अध्येता, अनुसन्धाता र गवेषक पनि हुनुहुन्थ्यो । उहाँका अनेक रचनाहरूमध्ये 'शाक्त सम्प्रदाय र शक्तिपीठ' एउटा महत्त्वपूर्ण ग्रन्थ विज्ञ पाठकवाचकवृन्दसामु पर्न लागेको छ । शाक्त सम्प्रदायका बारेमा उपोद्घातमा लेखकले वैदिक र लौकिक वाङ्मयलाई केलाइ-निफनाइ गर्नुभएको छ, जसबाट शक्ति उपासना अनादिकालदेखि चल्दै आएको कुरा स्पष्ट रूपले बुझिन्छ ।

दसमहाविद्या र शक्तिपीठहरूका बारेमा लेखकले नेपालको राजधानी अधित्यकाभित्रका शक्तिपीठ र प्रसिद्ध देवीहरूको ऐतिहासिकभन्दा सांस्कृतिक पक्षको प्राबल्य देखाउनुभएको छ । अधित्यकाभित्रका हरसिद्धिबाट प्रारम्भ गरेर श्वेतकाली, भद्रकाली, गुह्येश्वरी आदिका समास र व्यासशैलीमा व्यक्त गर्न लेखक सिद्धहस्त देखिनुहुन्छ । यसै प्रसङ्गमा राजधानीदेखि बाहिर पूर्व र पश्चिम, उत्तर र दक्षिण सबैतिरका प्रसिद्ध शक्तिपीठहरूको सङ्कलन गर्ने अभियानमा लेखक सचेत देखिनुहुन्छ । केही प्रसिद्ध शक्तिपीठहरू छुटेका छन्, तथापि योग्य पिताका योग्य उत्तराधिकारी जीवनचन्द्र कोइरालाजस्ता कर्मठ पुत्र भएका हुनाले निकट भविष्यमा बाणभट्टको

कादम्वरी ग्रन्थ पूरा भएजस्तै पूरा हुने आशा मात्रै होइन, अपितु विश्वास पनि छ। झापाका सतासीदेवी (सताक्षी), इलामका गजुरमुखी, महामाई, ताप्लेजुङ्का पाथीभरा, धनकुटाका मार्गदेवी, खुपुछिन्ताङ्का छिन्ताङदेवी, पाँचथरका यासोक महारानी आदि अरू जिल्लाहरूमा पनि छुट भएका छन्। स्वास्थ्यका कारण अथवा अरू नै कारणले पनि छुटेको होला। निकट भविष्यमा अवश्य नै पूरा हुनेछ।

अर्को पक्ष पुजारीहरूको छ। सम्प्रति केही अज्ञानी स्वार्थीहरूले राष्ट्र र समाजमा विखण्डन ल्याएर राष्ट्रमा अशान्ति फैलाउन यी शक्तिपीठहरू हाम्रो होइन भन्ने गरेका छन्। परन्तु धर्मसंस्कृति र इतिहास हेर्दा पूरै किराँत परिवारले शिव र शक्तिको उपासना सृष्टिको मिमिरे उज्यालोदेखि नै मान्दै र गर्दै आएको इतिहास प्रस्ट छ। यस परिस्थितिमा ती शक्तिपीठहरूमा राई, लिम्बू, गुरुङ, मगर, नेवार, सुनुवार, तामाङ, छेत्री, वाहुन आदि सवै स्पस्ट पारिदिन पाए राष्ट्रमा एकता र आत्मीय भावका साथै ग्रन्थको महत्त्व अझ वढ्ने थियो। जे भए पनि तीसवटा जिल्लाका प्रसिद्ध सिद्ध शक्तिपीठहरूको उल्लेख भइसकेको छ। यसरी शेष जिल्लाहरूका शक्तिपीठहरू पनि यस ग्रन्थमा थपिँदै जानेछन्।

स्व० कुलचन्द्र कोइराला मेरा मित्ररत्नहरूमध्ये एक रत्न हुनुहुन्थ्यो। उहाँले लेख्नुभएका रचनाहरू उहाँको अमर जीवनगाथाका रूपमा रहनेछन्। तीमध्ये 'शाक्त सम्प्रदाय र शक्तिपीठ' अनन्यतम रचना हो। यो पठनीय, मननयोग्य, सङ्ग्रहणीय छ। यसले भूत, भविष्य र वर्तमानको कडीलाई जोडेको छ। गहिरो आँखाले हेर्नु आवश्यक छ। चिरस्मरणीय कुलचन्द्र कोइराला यिनै रचनाहरूले चिरपरिचित चिरस्थायी रहने छन्।

– डा० स्वामी प्रपन्नाचार्य

प्रकाशकीय

नेपालका प्रसिद्ध संस्कृतिविद् एवं साहित्यकार कुलचन्द्र कोइरालाद्वारा लिखित तथा अप्रकाशित पुस्तकहरू यस प्रतिष्ठानबाट प्रकाशन भइरहेको सवै पाठकवर्गमा विदितै छ । त्यसै क्रममा यस वर्ष उहाँको अन्वेषणात्मक अर्को पुस्तक 'शाक्त सम्प्रदाय र शक्तिपीठ' को प्रकाशन गरिएको छ । धार्मिक र सांस्कृतिक पृष्ठभूमिका आधारमा शाक्त सम्प्रदायको परिचय, नेपालका शक्तिपीठहरूको महत्त्व एवं ती दुवैको ऐतिहासिक विवेचनालगायत नेपालका अधिकांश शक्तिपीठहरूको गुठीव्यवस्थासहितको परिचय गराइएको यस पुस्तकले सांस्कृतिक अनुसन्धानका क्षेत्रमा अत्यन्त महत्त्व राख्ने कुरामा यो प्रतिष्ठान विश्वस्त छ ।

यस पुस्तकमा उल्लिखित शक्तिपीठहरूका विषयमा दुई दशकअघि नै लेखिएको हुनाले नेपालको वर्तमान परिवेशअनुसार कुनै-कुनै शक्तिपीठ रहेका गा० वि० स० या नगरपालिकाको नाम, पुजारीको नाम, मन्दिरहरूको आयस्ता आदिका सन्दर्भमा केही परिवर्तन भएको हुन सक्छ । तर शक्तिपीठहरूको परिचय र महत्त्वका विषयमा त्यसबाट कुनै असर पर्ने छैन भन्ने कुरामा पनि हामी विश्वस्त छौं । किनभने ती कुराहरू धेरै महत्वका पनि होइनन् । मूल कुरा शक्तिपीठहरूको समग्र परिचय एकै ठाउँमा अभिलेखवद्ध भएको अन्वेषणात्मक पुस्तकको अभाव नेपालीको वाङ्मयमा खट्किएको अवस्थामा यस पुस्तकबाट केही अंशसम्म त्यसलाई पूर्ति गर्ने प्रयास भएको छ । यसका लागि लेखकप्रति नेपाली वाङ्मय फेरि पनि कृतज्ञ बनेको छ ।

यस पुस्तकका विषयमा गहन मन्तव्य व्यक्त गरिदिनुभएकोमा डा० स्वामी प्रपन्नाचार्यप्रति, सम्पादन गरिदिनुभएकोमा प्रा० डा० ऋषिराम पोखरेलप्रति, भाषिक परिमार्जन गरिदिनुभएकोमा हरि मञ्जुश्रीप्रति यो प्रतिष्ठान हार्दिक आभार व्यक्त गर्दछ । अक्षराङ्कनका लागि गीता मञ्जुश्री र परिवेश प्रकाशन तथा मुद्रणकार्यका लागि क्यु एन्ड क्यु अफसेट प्रिन्टिङ प्रेसलाई पनि धन्यवाद छ ।

डा० सुरेशराज शर्मा
अध्यक्ष
कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान

विषय-सूची

क्र.सं.	विषय	पेज नं.
१.	शाक्त सम्प्रदाय र शक्तिपीठ	११-५४
२.	दक्षिणकालिका	५५
३.	गुह्येश्वरी पीठ	७३
४.	शोभा भगवती	८१
५.	नक्साल भगवती	९०
६.	श्वेतकाली	९७
७.	भद्रकाली	१०२
८.	सङ्कटास्थान	१०४
९.	पञ्चकुमारी	१०५
१०.	टुँडालदेवी	१०७
११.	इन्द्रायणी	१०९
१२.	वनकाली भगवती	१११
१३.	हरिसिद्धि	११६
१४.	कँडेलचोक भगवती	१२७
१५.	न्हुच्छे भगवती	१३४
१६.	राजकुट नृसिंह भगवती	१३६
१७.	वाग्लुङ कालिका	१३७
१८.	रम्भादेवीस्थान	१३८
१९.	रणउजरेश्वरी	१३९
२०.	कोकलीदेवी	१४०
२१.	कालिका	१४१
२२.	वाराही	१४२
२३.	विन्ध्यवासिनी	१४३
२४.	भद्रकाली	१४४

२५.	कालिकास्थान	१४५
२६.	तुरलुङ कालिका	१४६
२७.	मनोकामना	१४७
२८.	वारपाक कोटदेवी	१४८
२९.	लिगलिगकोट कालिका	१४९
३०.	समयमाई	१५०
३१.	कोटकाली भगवती	१५१
३२.	दाउन्नेदेवी	१५२
३३.	छत्रदेवी	१५३
३४.	त्रिपुरासुन्दरी	१५४
३५.	अर्घा र खाँची कोटदेवी	१५५
३६.	पाटेश्वरी भगवती	१५६
३७.	लक्ष्मीपुर पीठ	१५७
३८.	छात्राछत्र पीठ	१५८
३९.	शैलेश्वरी मन्दिर	१५९
४०.	दुर्गामाडौं	१६२
४१.	ज्वालादेवी	१६३
४२.	मालिकास्थान	१६४
४३.	रैनादेवी	१६५
४४.	थन्थाप भगवती	१६६
४५.	देवीस्थान	१६८
४६.	कोटिला मन्दिर	१७०
४७.	भगवती मन्दिर	१७१
४८.	कालिका मन्दिर	१७२
४९.	गङ्गमाला मन्दिर	१७३
५०.	मङ्गलगढी माई	१७४
५१.	उग्रतारा मन्दिर	१७५
५२.	मेलौली भगवती	१७७
५३.	देहीमाडौं भगवती	१७९
५४.	सिंहवाहिनी भगवती	१८१
५५.	त्रिपुरासुन्दरी	१८२
५६.	चण्डिका भगवती	१८४
५७.	षोडशादेवी	१८५
५८.	वरदादेवी	१८६
५९.	अजिमा	१८७

६०.	सिद्धकाली	१८८
६१.	वडिमालिका	१८९
६२.	नाटेश्वरी	१९०
६३.	सल्यानकोटदेवी	१९१
६४.	भैरवी	१९३
६५.	मैदीकोट भगवती	१९५
६६.	वलदेवी	१९६
६७.	सोनुवाढमाई	१९७
६८.	देवीस्थान	१९८
६९.	आमोदेवी	१९९
७०.	विन्ध्यवासिनीदेवी	२००
७१.	त्रिपुरासुन्दरी	२०१
७२.	वज्रयोगिनी	२०३
७३.	तलेजु	२०४
७४.	पञ्चकन्या	२०५
७५.	दन्तकाली	२०६
७६.	पिण्डेश्वरी	२०७
७७.	भगवती	२१०
७८.	मञ्जुश्री	२११
७९.	नासिकास्थान	२१२
८०.	लेखनामाई	२१३
८१.	चण्डेश्वरी	२१४
८२.	नाला भगवती	२१७
८३.	मानेश्वरीस्थान	२२०
८४.	कालिकादेवी	२२१
८५.	सङ्कटामन्दिर	२२२
८६.	गुहेश्वरी	२२३
८७.	पलाञ्चोक भगवती	२२४
८८.	शङ्खेश्वरी माईस्थान	२२६
८९.	देवी भगवती	२२८
९०.	काली	२२९
९१.	देवी भगवती	२३०
९२.	दाखादेवी	२३१
९३	कालिकादेवी	२३२
९४.	जालपादेवी	२३३

९५.	भवानीश्वरी	२३४
९६.	खलङ्गा भगवती	२३५
९७.	कनकासुन्दरीदेवी	२३६
९८.	विन्ध्यवासिनीदेवी	२३६
९९.	कनकासुन्दरी भगवती	२३८
१००.	कालिका भगवती	२४१
१०१.	मष्टा भगवती	२४२
१०२.	मुर्चुलामाई	२४३
१०३.	गढीमाई	२४४
१०४.	देवीमाई	२४६
१०५.	राजदेवी	२४७
१०६.	थानीमाई	२४८
१०७.	कालिकामाई	२४९
१०८.	दुर्गा	२५०
१०९.	कालिका	२५१
११०.	सन्तोषीमाता	२५२
१११.	त्रिपुरासुन्दरीका गुम्वा एवं मन्दिरहरू	२५३
११२.	सुकाकोटी	२५५
११३.	सत्यदेवी	२५६
११४.	त्रिपुरासुन्दरी	२५७
११५.	मष्टो भगवतीस्थान	२५९
११६.	वागेश्वरीमन्दिर	२६०

शाक्त सम्प्रदाय र शक्तिपीठ

जगत: पितरौ वन्दे पार्वती-परमेश्वरौ ।

– कालिदास

नेपालको प्राचीनता र शिवशक्ति :

नेपाल सृष्टिकालदेखि नै शिवशक्तिको क्रीडास्थल रहिआएको छ । यहाँका अधिकांश देवालयहरू, खोलानाला र गिरि-कन्दराहरू, वनपाखा र शैलशिखरहरू, धार्मिक रीतिरिवाजहरू, जात्रा-चाडपर्व, लोककथा-दन्त्यकथाहरूले यस पुनीत हिमशृङ्खलाको काखमा रहेको नेपाललाई शिवशक्तिको देशका रूपमा नै परिचय दिन्छन् । यहाँको अत्यन्त प्राचीनकालदेखि पूजित देवताका रूपमा पशुपतिनाथ, गुह्येश्वरी रहेका छन् । प्राचीन बौद्धपरम्पराका वंशावलीकारहरूले देशको प्राचीन इतिहासलाई बौद्धस्थलका रूपमा परिणत गरेर वंशावली तयार गर्दा पनि गुह्येश्वरी दर्शन गरेर मञ्जुश्री बुद्ध फर्केका कुरा पढ्न पाइन्छ ।

नेपालको प्राचीन इतिहासको अनुसन्धान गरेर किराँतकालको समय निर्धारण गर्ने विदेशी विद्वान्हरूले किराँतभन्दा पहिले यहाँ गोपालवंशका राजाहरूले शासन गरेको कुरालाई स्वीकार गरेका छन् ।[१]

डा० काशीप्रसाद जयसवाल अंशुवर्माको राज्यशासनलाई आधार मानेर राजाहरूको कालनिर्धारण पनि गर्दछन् ।

गोपालराजाहरूको दोस्रो वंशका राजा वरसिंहको मुद्रा पनि पाइएको छ, जुन वृटिस म्युजियममा सुरक्षित छ । यसको अध्ययन गर्ने विद्वान्हरूले यसको समय ई. पू. सातौं शताब्दी अनुमान गरेका छन् ।[२]

वरसिंहभन्दा नौ पुस्तामाथिका राजा भूरिमाघ (भुक्तमान) गोपालवंशका पहिला राजा थिए । यी राजा हुनुभन्दा अगाडि मन्दिर भत्केर वा प्राकृतिक प्रकोपका कारणवश पुरिएको पशुपतिनाथको ज्योतिर्लिङ्गमा सधैं दूध चढाउने ने नामकी गाईको चियो वस्ने र दूध चढाएको देखेर त्यो ठाउँ खन्दा पशुपतिको ज्योतिर्लिङ्ग प्रकट भएको तथा त्यस लिङ्गका तेजले गोपाल सरदार स्वयं भस्म भएको कथा पाइन्छ । उनैका पुत्रलाई त्यसपछि यहाँको शासक नियुक्त गरेको वर्णन पनि वंशावलीहरूले उल्लेख गरेकाले ई० पू० १००० वर्षतिर नै नेपालमा पशुपतिनाथ शिवको अस्तित्व रहेको प्रमाणित हुन्छ ।[३] शिवकी शक्तिरूपा उमा, अम्बिका, पार्वती, हैमवती, दुर्गा आदिको वर्णन वैदिक साहित्यमा नै पाइने भएकाले जहाँ शिव छन्, त्यहाँ शक्तिपीठ नहुने कुरै भएन । बौद्धहरूले शिवलाई आफ्ना पूज्यदेवभित्र स्थान नदिने हुनाले वंशावलीमा पशुपतिको महत्तावारे त्यति उल्लेख नगरे पनि गुह्येश्वरीको विराट् स्वरूपको उल्लेख गर्दै सवै मानव वुद्धहरूले गुह्येश्वरीको दर्शन गरेको कुरा उल्लेख गर्दछन् ।[४]

अर्को महत्त्वपूर्ण पक्ष के हो भने नागह्रदमा कमलको वीज विपश्वी बुद्धले चैत्र शुक्ल पूर्णिमाको दिन रोपेका थिए र ६ महिनापछि आश्विन शुक्ल पूर्णिमाका दिन त्यही अलौकिक कमलका फूलमा स्वयम्भू, अक्षय भुवन (अविनाशी लोक) वाट आएर प्रकाशपुञ्जका रूपमा अवतरित हुनुभयो भन्ने कुरा लेखेर वैदिक धर्मको मान्यता- "कमलको फूलमा स्वयम्भू व्रह्मा उत्पन्न भएर चराचरको सृष्टि गरेको कुरालाई नै रूपान्तरित गरेर बौद्धीकरण गरियो। पराशक्तिस्वरूपिणी प्रकृतिसँग व्रह्मरूप ईश्वरको सङ्गमले नै जगत्को सृष्टि मान्ने हिन्दूदर्शन तथा पौराणिक आख्यानलाई पनि स्वीकृति दिइयो। स्वयम्भूज्योतिको प्रादुर्भाव गर्ने कमलको उत्पत्ति स्थान गुह्येश्वरी नै थियो। यसरी बौद्ध र वैदिक दुवै पक्षले मातृशक्तिस्वरूपिणी पराशक्तिको विराट् रूप र मूलशक्तिका रूपमा गुह्येश्वरीलाई यहाँ मान्यता दिएको पाइन्छ।[५]

विश्वसभ्यतामा मातृशक्तिको विशेषता :

संसारको प्राचीनतम देवोपासनामा शक्तिको उपासनाको विशेष स्थान छ। प्राचीन सभ्यताका अन्वेषक विद्वान्हरू मानव-जीवनमा स्त्रीजातिको महत्त्वपूर्ण भूमिका रहेकाले नै शक्तिको पूज्यतम कल्पना गरिएको होला भन्ने अनुमान गर्दछन्। माताका रूपमा पालनपोषण र सम्वर्द्धन गर्ने स्त्रीका रूपमा र आनन्ददायिनी पत्नीका रूपमा पनि पाएका आदिमानवका सहज कल्पना र तर्कले नभ्याउने प्रजननशक्तिले युक्त नारी जीवनको रहस्यलाई अज्ञात दैवी शक्तिले युक्त सम्झेर नै मातृपूजाको प्रारम्भ भएको हुनुपर्छ भन्ने पुरातत्त्वविद्हरूको धारणा पाइन्छ। अठारौं शताब्दीदेखि सुरु भएको पुरातात्त्विक उत्खननको फलस्वरूप शक्तिका प्रारम्भिक प्रतिमाहरूलाई परीक्षण गर्ने विद्वान्हरूले आदिमाता, महीमाता, मातृदेवी आदि नामले सम्वोधन गरेका छन्। यस्ता प्रतिमाहरू वलुचिस्तान, इरान, मेसोपोटामिया, लघु-एसिया, वाल्कन देश, सिरिया, प्यालेस्टाइन, मिश्र, क्रीट, अक्काद आदि अतिपुरातन सभ्यताको परिचय दिने ठाउँको उत्खननमा फेला परेका छन्। कालकोलिथिक (Chalcolithic) कालमा नीलनदी र भूमध्यसागरको किनारदेखि सिन्धुघाटी तथा त्यसभन्दा पनि पूर्वका क्षेत्रमा मातृदेवीको उपासनाक्रम फैलिएको थियो। भारतवर्षमा मातृदेवीका मूर्तिहरू ई० पू० ४००० वर्षदेखि ई० पू० ३०० वर्षसम्म एक विशेष प्रकारको पाइन्छ र त्यसपछि मात्र मातृदेवी वा शक्ति-उपासनावारे विविध रूपका देवीप्रतिमाहरू दृष्टिगोचर हुन्छन् भन्ने कुरा विद्वान्हरूले उल्लेख गरेका छन्। तिनमा आदिमाता, महीमाता, मातृदेवी आदि नाम पनि दिएका छन्।

खास गरेर मूर्तिकलाको अन्वेषण गर्ने विद्वान्हरूको विचारमा प्राचीन मातृदेवीसम्वन्धी उपर्युक्त धारणाअनुसार प्राचीन मूर्तिका निर्माण-प्रक्रियाहरू निम्न प्रकारले व्याख्या र वर्गीकरण गरिएका छन् –

(१) पूर्ण नग्नावस्थाको स्त्रीरूप,
(२) जननेन्द्रियको विशेष प्रदर्शन,
(३) योनिभागको माथि मेखलाको अङ्कन,
(४) चरणको तल पूर्ण विकसित कमलको फूल अङ्कन।

(५) दुवै हात उँभो उठेका, अथवा हात घुमाएर दुवै स्तन पक्रेका, या पृथ्वीको समान्तर हात फैलिएका वा झुकेका र कुनै कुनै मूर्तिमा काखमा वालक लिएको पनि देख्न पाइन्छ ।

उपर्युक्त मूर्तिहरूको वर्गीकरण गर्दै प्राचीन संसारमा तीन किसिमका मातृदेवीको उपासना हुन्थ्यो भन्ने कुरा डा० नीलकण्ठ पुरुषोत्तम जोशीले उल्लेख गरेका छन् । यी तीन किसिम निम्नस्थ छन्[६] –

(१) सम्पूर्ण मानवाकृतिमा उभिएकी नग्न शक्ति प्रतिमा,

(२) नग्न मानवाकृतिमा मुख मात्र पशु वा पक्षीको भएको मूर्ति,

(३) नग्न तथा शिशुका साथ रहेकी माताको रूपाङ्कन ।

भारतीय मूर्तिकलामा मथुरामा प्राप्त प्राचीन मूर्तिहरू यस प्रकारका प्राप्त छन् । यहाँका मानव मुखाकृति शक्ति प्रतिमा टुरेङ टेप (क्यास्पियन समुद्रको दक्षिण-पूर्व कुनाबाट ४८ मिल पूर्व तथा अस्तरावादबाट १२ मिल उत्तर-पूर्व) का ताम्रयुगीन प्रतिमासँग समानता राख्तछ र पक्षीको मुख भएका नारीप्रतिमाले सूषा (पश्चिमेसिया) मा प्राप्त मूर्तिसँग मेल खान्छन् । मिश्रका देवप्रतिमा मानवेतर मुखका पाइन्छन् ।

देवतालाई भयावह आकृतिमा चित्रण गर्ने तथा पशुपक्षीको मुख भएका देवताको परिकल्पना, मिश्र तथा पश्चिम एसियाको सभ्यताभित्र बढी पाइन्छ । यी सभ्यतामा देवताको उत्पत्ति भय (डर) वाट भएको भन्नुपर्छ । परन्तु आर्यसभ्यताका देवता प्रायशः प्रेमका देवता छन् । अर्थात् सौम्यमूर्ति भएका देवताको परिकल्पना नै आर्यहरूको विशेषता रहेको छ । श्रीं, लक्ष्मी, सरस्वती, उमा, अम्बिका, दुर्गा आदिको रूपोद्भावनामा, मूर्तिशिल्पका विधाहरू सुन्दरतम नै देखिन्छन् । केवल तमोगुणात्मिका महाकाली, चामुण्डा, वाराही आदिको मूर्तिशिल्प विधामा मात्र भयानकता देखिन्छ । किन्तु यी पछिल्ला कालका गुणात्मक अभिव्यक्ति गर्ने मूर्तिहरू हुन् । शैव सम्प्रदायमा भैरव र शक्तिरूपिणी काली तमोगुणात्मकताका प्रतीक हुन् ।

प्रारम्भिक कालका शक्ति उपासनाका निम्ति वनेका मूर्तिहरू अधिकतर माटाका नै देखिन्छन् । प्राचीन स्थलको उत्खननबाट प्राप्त भएका स्वर्णनिर्मित नारीमूर्तिको चर्चा डा० वासुदेवशरण अग्रवालले गरेका छन् ।[७]

वीचमा छिद्रयुक्त योन्याकार चक्का र पाषाण लिङ्गको प्राप्तिले प्रजननशक्तिको प्रतीक योनि र लिङ्गपूजाको परम्परा सिन्धुघाटीको सभ्यतामा चलेको थियो भन्ने कुरा सर जान मार्सलले उल्लेख गरेका छन् । यो कुरालाई स्वीकार गर्ने हो भने पश्चिमी विद्वान्हरूको धारणाअनुसार शक्तिपूजाको परम्परा वैदिक कालभन्दा पनि पुरानो मान्नुपर्दछ । त्यस्तै मातृदेवीको अन्य कतिपथ वस्तुसँग सम्वन्ध रहेको कुरा देखाउने पत्थरका गोल चक्काहरू मथुरा, कौशाम्वी, राजघाट (वाराणसी), बसाढ (प्राचीन वैशाली), पटना एवं उडिसा र पश्चिममा तक्षशिला आदि अनेक ठाउँमा पाइएका छन् । वीचमा छिद्र भएका यी चक्काहरूमा अनेक वृक्ष, फूलहरू पनि अङ्कित छन् र वीचवीचमा नग्न मातृदेवीको रूपाङ्कन भएको छ । मातृदेवीसँग सम्वन्धित पछिल्लो युगमा प्रसिद्ध 'श्रीयन्त्र' को प्रारूप उक्त ढुङ्गेचक्काहरूको विस्तृत अध्ययन र विश्लेषण डा० अग्रवालले आफ्नो 'भारतीय कला' भन्ने पुस्तकमा गरेका छन् ।[८]

कालक्रमले उक्त पाषाण चक्काहरूलाई शिशुनाग र नन्दयुगमा राखिएको छ। त्यस्तै यो प्रतीक श्रीदेवी (लक्ष्मी) को मानिन्छ । वैदिक संहितामध्ये पनि प्राचीन मानिएको ऋग्वेदको पाँचौं मण्डलको अन्त्यमा रहेको खिलसूक्त (श्रीसूक्त) मा वर्णित माङ्गलिक चिह्नहरू नै प्राप्त चक्काहरूमा अङ्कित भएकाले लक्ष्मीको यन्त्ररूपमा यसको व्याख्या विद्वान्हरूले गरेका छन् । कमल, सूर्य, चन्द्र, चिच्याउने हात्ती, समुद्र, मगरमच्छ (ग्राह) हरू तथा अनेक किसिमका पशुहरू र तालवृक्ष, नन्दीका पदचिह्न आदि यी चक्कामा अङ्कित भएको पाइएकाले डा० अग्रवालको चिन्तनमा श्रीसूक्तसँग यो चक्काको चित्राङ्कनले साम्य राख्तछ भन्ने छ ।

डा० अग्रवालको विवरणअनुसार राजघाट (वनारस) बाट प्राप्त यो प्राचीन श्रीयन्त्र (ढुङ्गाको चक्का) मा मातृदेवीको नजिक सर्प र शिवलिङ्ग पनि अङ्कित भएकाले शैव सम्प्रदायकी उमासँग यसको सान्निध्य रहेको थाहा पाइन्छ ।

तालवृक्ष पश्चिम एसियामा मातृपूजाका निम्ति माङ्गलिक वस्तु सम्झिइन्थ्यो र प्राचीन इरानी सभ्यतामा पनि तारवृक्षको सम्बन्ध मातृदेवीसँग नै थियो भनिन्छ । पादतलमा फुलेको कमल चित्रण गर्ने परम्परा पश्चिम एसिया तथा इरानमा प्रसिद्ध आरडोक्सो देवी (वरूणपुत्री) को मूर्तिशिल्पमा देख्न पाइन्छ । हाम्री लक्ष्मी समुद्रपुत्री र पानीका सम्राट् वरुणकी पुत्री आरडोक्सोमा नाम साम्य नभए पनि रूप साम्य वा लाञ्छन साम्य हुनु पश्चिम एसियासँग रहेको हाम्रो घनिष्टता र सांस्कृतिक समन्वयको उदाहरण पनि हो । प्रो० हर्टलद्वारा उत्खनन गरिंदा सोंख (मथुरा) मा प्राप्त ताम्रमुद्राचित्रमा पनि आसनस्थ आरडोक्सोको पाद-तलमा फुलेको कमल नै अङ्कन भएको छ र यसैको प्रतिरूप गुप्तकालीन स्वर्णमुद्रामा पनि छ । किन्तु आरडोक्सोबाट यो रूपाङ्कन लक्ष्मीमा परिवर्तित भइसकेको छ भन्ने कुरा विद्वान्हरूले उल्लेख गरेका छन् ।

वैदिक उपासनापद्धतिमा इन्द्र, वरुण, अग्नि, सोम, आदित्य, मित्र आदि देवताहरूको उपासना एवं प्रार्थनामा असङ्ख्य मन्त्रहरू रचिएका छन् र पनि उनीहरूका तुलनामा शक्तिको उपासना-प्रार्थनाका मन्त्रहरू कम देखिन्छन् । देवमाता अदिति, उषा, पृथ्वी, वाक् श्री, यमी, रात्रि आदि देवीहरूको उल्लेख भने पाइन्छ । किन्तु वैदिक मन्त्रहरूमा शक्तिका उक्त रूप अति नै रहस्यात्मक छन् ।

ऋग्वेदकालीन देवता इन्द्र, अग्नि, सोम, सविता आदिको विशिष्ट प्रभुत्त्व देखिए तापनि उत्तरवैदिककालमा आएर विष्णु जसरी सर्वोपरि देवताका रूपमा प्रतिष्ठित भएका छन्, त्यस्तै प्रभुत्त्वशाली इन्द्रादि देवताको शक्तिलाई मूल देवताबाट अलग्याएर शक्तिरूपमा विशेष मान्यता दिएको पाइन्छ ।

प्राचीन वैदिककाल सङ्घर्षको काल थियो । आध्यात्मिक चिन्तनको पक्ष उन्नतावस्थामा भए त पनि निष्काम चिन्तन र उपासनाले मात्र त्यो युगमा जीवन बिताउने कुरा सम्भव थिएन । धन, ऐश्वर्य, खेत, घरयुक्त भएर सुखी जीवन बिताउने मौका नै मिल्दैनथ्यो । वरपर छिमेकमा वस्ने अनार्य दास-दस्युदलसँगको निरन्तर सङ्घर्षले सामाजिक जीवन अस्तव्यस्त नै थियो । चालीस वर्षसम्म लगातारको सङ्घर्ष, शम्बर आदि असुरराजसँग गर्नुपरेको कुरा ऋग्वेदका मन्त्रहरूबाट थाहा

पाइन्छ । भौतिक सुख-सुविधा र शान्तिमय जीवनका निम्ति लालायित वैदिक समाजले धनधान्य, पशु, गृह आदिकै निम्ति यज्ञद्वारा देवोपासना गरे तथा भौतिक कामनापूर्ति गरिदिने देवताकै रूपमा इन्द्र, वरुण, पूषा, अर्यमा, अग्नि आदि उपास्य थिए ।

परन्तु विष्णुको त्रिविक्रम रूप (पाउरूपी तेजतत्त्वले पृथ्वी, अन्तरिक्ष र स्वर्ग तीनै लोक ढाक्ने) व्यापक विष्णुका निम्ति थोरै मात्र मन्त्र भनिए तापनि महत्त्व प्रकाशनमा भने कमी भएको पाइँदैन । जव हिंसापरक यज्ञ-विधानका मान्यताहरू पछि-पछिका मानव भावनामा घृणास्पद भयो, जीवहत्याद्वारा देवतालाई सन्तुष्ट गरिने कर्म समुचित लागेन, अनि त्यसपछि इन्द्रादि देवताका निम्ति गरिने यज्ञ र यज्ञोपासनाद्वारा कामना गरिने भौतिक साधनको विरुद्ध निष्काम र सात्विक उपासनाका आराध्यदेव विष्णु छानिए । यो बेला आर्यहरू भौतिक सम्पन्नता प्राप्त गरेर चिन्तन पक्षमा लागेका थिए ।

त्यस्तै शक्तिरूप परमतत्त्वका विषयमा पनि ऋग्वेदकालका महर्षिहरूले चिन्तन नगरेका होइनन् । ऋग्वेदकी माता अदिति यस्तै रहस्यमयी परमतत्त्वरूपिणीको विशेषताले युक्त छन् । उषा चिरन्तन सौन्दर्यकी देवी तथा जीवनदायिनीका रूपमा जानिन्छिन् भने श्री अथवा लक्ष्मी, धन, ऐश्वर्य, सुख-सुविधा एवं समुद्रकी देवी हुन् । प्राचीन कालमा धनोपार्जनका निम्ति ठूला ठूला सार्थ दल (व्यापारी समूह) समुद्री यात्रामा जान्थे । समुद्रपारको यात्रावाट व्यापारमा समय लागे तापनि प्रचुर मात्रामा धनको प्राप्ति हुन्थ्यो । समुद्रको गहन अन्तरालमा पनि मुगा, मोती, शिपि, शङ्ख आदि मूल्यवान् वस्तु हुन्थे । त्यो वेलामा गहनाका निम्ति उपयोग हुने उक्त वस्तुहरूले भरिभराउ हुने समुद्र नै भएकाले धन-ऐश्वर्यकी देवीका पिता कहलाउन योग्य थिए । यसैकारण धनकी देवी श्री वा लक्ष्मी समुद्रपुत्री, मकर वा कमलासनाका रूपमा व्यापारीवर्गका निम्ति उपासनायोग्य र रक्षिका एवं धनदात्री देवी भइन् ।[९]

ऋग्वेद (१०।१४६) मा अरण्यानी (जङ्गलकी देवी) को पनि महिमा वर्णित छ ।[१०] जीवनदायिनी शक्तियुक्त वा धारणा गर्ने सामर्थ्यले युक्त दृश्य वा अदृश्य शक्तिको सङ्ज्ञा वैदिक कालदेखि नै स्त्रीवाचक छ । सम्पूर्ण प्राणीलाई धारणा गर्ने पृथ्वी, अदिति तथा जीवनदायिनी शक्तिरूप उषा, श्री, अथवा लक्ष्मी, मानव समाज अथवा प्राणीको भाव व्यक्त गर्ने शक्ति वाक् आदिको महिमा ऋग्वेदमा नै गाइएको पाइन्छ ।

ऋग्वेदको दशौं मण्डलमा वाघाम्भृणी सूक्त[११] छ जसलाई देवीसूक्तको नाउँले पुकारिन्छ । त्यसमा भनिएको छ – "म वाग्देवी रुद्रगण वसुगणका साथमा घुम्दछु । म मित्रावरुणको धारण गर्दछु तथा इन्द्र, अग्नि, अश्विद्वयलाई आश्रय दिनेवाली हुँ । त्वष्ट्रा पूषा, भगलाई पनि म नै धारण गर्दछु र यज्ञकर्ता यजमानलाई धन प्रदान गर्ने पनि म नै हुँ । म राज्यकी अधिष्ठात्री र धनप्रदात्री हुँ । यज्ञमा प्रयुक्त सामग्रीमा श्रेष्ठ म नै हुँ । देवताले मलाई अनेक स्थानमा स्थापित गरेका छन् । प्राणधारण, श्रवण, दर्शन, भोजन आदि सवै कर्म मेरैद्वारा सम्पादित हुन्छन् । मलाई नमान्नेहरू क्षीण वलका हुन्छन् । हे विज्ञजन ! म जो भन्दैछु त्यो यथार्थ हो । जुन आश्रममा देवता र मनुष्यहरू पुग्न चाहन्छन् त्यसको उपदेश गर्ने पनि म नै हुँ । जस-जसलाई म चाहन्छु त्यसलाई वलवान्, मेधावी, स्तोता, कवि, ऋषि वनाउँछु । यज्ञद्वेषी दुष्टहरूको

संहारनिम्ति उठाइएको धनुलाई दृढ वनाउँछु र म नै आकाश, पृथ्वीमा व्याप्त रहेर मनुष्यका निम्ति युद्ध गर्दछु । मैले नै आकाश उत्पन्न गरें; यसकारण, आकाशको पितासमान हुँ र यो विश्वको मस्तक नै आकाश हो । म समुद्रमा वस्तछु, त्यहीं बढ्दछु । म आफ्नो उँचो शरीरले स्वर्गको स्पर्श गर्दछु । म जव लोकको रचना गर्दछु त्यो वेलामा वायुको समान व्यापक भएर सर्वत्र घुम्दछु । मैले आफ्नो महिमाले मण्डित भएर आकाश, पृथ्वीको उल्लङ्घन गरिसकेकी छु ।"

उपर्युक्त मन्त्रहरूको व्याख्याबाट अनन्त सत्तायुक्त पराशक्तिरूपिणी प्रकृतिको महिमा ऋग्वेदकालमा नै व्याख्या भइसकेको पाइन्छ । यस्तै भयावह तमसावृत्त रात्रिको समाप्तिपछि अरुणिमाको प्रभाले मुस्कुराउने आनन्ददायिनी उषाको स्तुति गरिएको छ । प्रातः पवनको शक्तिदायक स्पर्शले जीवनमा चेतनायुक्त स्फुर्ति प्रदान गर्दै नीरव वातावरणलाई मधुर कलरवले ब्युँझाउने पक्षीहरूको गान र अनन्त प्रेरणा र जीवनदायिनी शक्तिदाता भगवान् भास्करको आगमनलाई सूचित गर्दै उदाउने उषाप्रति वैदिक ऋषिहरूको कृतज्ञता ज्ञापन गर्ने मंत्रहरू अत्यन्त नै मोहक छन् ।[१२]

श्रद्धालाई पनि ऋग्वैदिक महर्षिहरूले प्रेरणादायी शक्तिकै रूपमा देखे । विनाश्रद्धाले कुनै पनि जीवनका उच्चतम लक्ष्यहरू हासिल हुँदैनन् । यसकारण श्रद्धाका निम्ति पनि ऋग्वेद (१०।१५१) मा महिमा गान गरिएको छ – "श्रद्धाविना अग्नि प्रदीप्त हुँदैनन्, सम्पत्तिको मस्तकमा श्रद्धा नै वास गर्छिन् । जो दान गर्ने इच्छा राख्तछ, तर अर्थाभावले सक्तैन, त्यसलाई अभीष्ट फल प्रदान गर । यी याज्ञिक यजमानलाई पनि इच्छित फल देऊ । मनमा जब कुनै काम गर्ने निश्चय जाग्दछ, त्यो वेला पनि मनुष्यगण श्रद्धाकै आश्रय लिन्छ । श्रद्धाकै अनुकूलताले वैभवको प्राप्तिहुन्छ । प्रातः, मध्याह्न तथा सायङ्कालमा हामीहरू तिम्रो आह्वान गर्दछौं ।[१३] हे श्रद्धे ! हामी तिम्रो आराधना गर्नेहरूलाई आफ्नो महिमाले पूर्ण गर ।" यसरी ऋग्वेदका मन्त्रहरूले श्रद्धाको पनि विशेष शक्तिका रूपमा स्तवन गरेका छन् ।

अदितिलाई ऋग्वेदमा देवमाता, इन्द्र-वरुण-मित्र-सूर्य आदिकी जननी भनिएको छ भने, एउटा मन्त्रमा अदितिको रहस्यमय महिमा वखान गरिएको पनि पाइन्छ । आकाश पनि अदिति हुन्, स्वर्ग पनि अदिति, पृथ्वी पनि अदिति हुन्, वावु पनि अदिति र छोरा पनि अदिति, दिक् पनि अदिति हुन् भनेर अदितिको विश्वव्यापकता वखान गरिएकाले अदितिको व्याख्या गर्दै प्रो० मैकाडनल अनन्त आकाशको ज्योतिर्मयी परमसत्ता अदिति हो भन्ने निष्कर्षमा पुग्दछन् ।[१४] अदितिको महिमा व्यक्त गरिएको यो मन्त्रले पनि परमसत्तारूपिणी पराशक्तिको व्यापक महत्त्वलाई नै व्याख्या गर्दछ । यसरी प्रत्येक वेदोत्तरकालीन साहित्य, पुराण, आगम र तन्त्रमा विशेष व्याख्या गरिएको सर्वव्यापिनी शक्तिको महत्ताको वीज हामी वेदमा नै पाउँछौं ।

ऋग्वेदको पाँचौं मण्डलको अन्तिम सूक्त, जसलाई खिलसूक्तका रूपमा मानिएको छ, त्यसलाई श्रीसूक्त भनिएको छ । त्यसमा निम्नस्थ पहिलो मन्त्र छ :

हिरण्यवर्णां हारिणीं सुवर्ण-रजतस्रजाम् ।
चन्द्रां हिरण्मयीं लक्ष्मीं जातवेदो म आवह ॥१॥

– श्रीसूक्त

अर्थ : हे अग्ने ! सुवर्णजस्तो वर्ण भएकी हरिकी पत्नी सुन-चाँदीका माला लगाएकी स्वर्णमयी लक्ष्मीलाई हाम्रो निम्ति आवाहन गर ।

उपर्युक्त पहिलो मन्त्र जस्तै अन्य १४ मन्त्रले युक्त सूक्तलाई श्रीसूक्त भनिन्छ । यस्तै यजुर्वेदमा रथष्वक्षेषु वाज ..... आदि चार मन्त्रको श्रीसूक्त छ भने स्रावन्तीयं सामञ्च आदि गरिएका दुई मन्त्र सामवेदमा र श्रियं धातर्मयि धेहि .... आदिको एउटा मन्त्र अथर्वसंहिताको श्रीसूक्तको नाउँले पुकारिन्छ ।

धन-ऐश्वर्यदात्री श्री अथवा लक्ष्मीको माहात्म्य ऋग्वेदसंहितादेखि नै प्राप्त भएकाले आर्यहरूको परम्परामा शक्ति-आराधना अत्यन्त प्राचीन हो भनेर मान्नुपर्छ । शक्तिरूपमा सम्पूर्ण तत्त्व नै स्त्रीलिङ्गवाचक भएको कारणले पनि मातृदेवी वा वैदिक तथा पौराणिक साहित्यमा महिमा गाइएका देवीहरूका बीचमा तात्त्विक भिन्नता छैन भन्ने कुरा जान्न सकिन्छ ।

ऋग्वेदमा वन, वनौषधि, पशु र रोगव्याधिका विशिष्ट देवता रुद्रलाई यजुर्वेदको समयमा सम्पूर्ण चराचर जगत्का मालिक एवं रिसाएमा उग्ररूप र खुसाएमा शिव (कल्याणदाता) का रूपमा व्याख्या गरिएको पाइन्छ । अग्नि, सूर्य, तथा विद्युत्रूप सर्वव्यापी, सर्वनियन्ता, सर्वशक्तिमान् शिव आर्यजनका आराध्य र उपास्य देवताका रूपमा देखापर्दछन् ।

ऋग्वेदका रुद्रको यजुःसंहितामा सर्वव्यापक शिवरूप देखेर वेदका अनुशीलनकर्ता पाश्चात्य विद्वान्हरूले शिवलाई अनार्य देवता र अनार्यहरूबाटै आर्यहरूले ऋग्वेदकालपछि शिवदेवतालाई स्वीकार गरेका हुन् भन्दछन् । किन्तु जुन रुद्ररूप हुन्छ, त्यो शिवरूप पनि हुन्छ । अन्यथा रिसाहालाई खुसी तुल्याउने कुरा नै सम्भव हुँदैन । यसकारण रुद्रको रूप शिव हुँदैमा अनार्य मात्रैका देवता हुन् भन्ने कुरा मान्न सकिँदैन, यद्यपि सुरुसुरुमा अरू देवताका तुलनामा रुद्र नै अनार्यमा वढी पूज्य थिए । किन्तु रुद्र वा शिव योगी भएका कारणले वैदिक धर्माचरणको नियमभित्र बाँधिएका थिएनन् र उनको आचरण अन्य अनार्यगणसँग पनि मेल खाने भएकाले शिव आर्यजनका मात्रै एकलौटी देवता भएनन् भन्ने कुरा यजुर्वेदको १६ औं अध्यायले पनि स्पष्ट हुन्छ ।

यजुर्वेद र उत्तरकालीन वैदिक साहित्यमा शक्तिको रूप :

यजुर्वेदसंहितामा अम्विका शिवकी वहिनीका रूपमा देखापर्दछिन् । कृष्णयजुर्वेदमा पनि वहिनीकै रूपमा चर्चित छन् । शिवकी सहायिकाका रूपमा देखाउन मात्रै भगिनीको सङ्ज्ञा दिएको हुन सक्छ । वैदिक शब्दार्थ लौकिक संस्कृतसँग मेल खाने हुन्छ भनेर ठोकुवा गर्न पनि सकिँदैन । वैदिक संहिताको लगत्तै पछि बनेको तैत्तिरीय-आरण्यकमा अम्विकालाई रुद्रकी पत्नीका रूपमा पनि लिएको पाइन्छ । भगिनीको अर्थ कल्याणदायिनी पनि हुन सक्छ ।

अम्व, अम्वा, अम्विका शब्द मातृवाचक शब्द हुन् । यसकारण अम्विकाको अर्थ मातृदेवीका रूपमा लिन सकिन्छ । यद्यपि 'त्रियम्वकं' शिवको नाउँमा आएको छ र भाष्यकार उव्वट तथा महीधर 'तीन नेत्रवाला' भन्ने अर्थ पनि गर्दछन् । परन्तु वेदका

अनुसन्धाता प्रो. मैकोडोनेल तथा कीथ उक्त अर्थवाट सन्तुष्ट छैनन् । वैदिक इन्डेक्समा त्रियम्वकंको अर्थ, तीन मातृ भएका भन्ने गर्दै शिवलाई पृथ्वी, अन्तरिक्ष र स्वर्गका तीन नेत्र पुञ्जरूप, माताबाट जन्मेका अर्थात् त्रिस्थानीय अग्नि वा सूर्यरूप शिव हुन् भनिएको हो भन्ने कुरामा विश्वास गर्दछन् । यजुर्वेदको शिवको वास्तविक रूप सूर्यमय, अग्निमय र विद्युत्मय नै दृष्टिगोचर हुन्छ । अम्बक शब्द नेत्रवाचक मान्नु त्यति युक्तिसङ्गत देखिँदैन पनि । पाणिनीय व्याकरणअनुसार स्वार्थमा 'क' प्रत्यय गर्दा 'अनम्वा अम्वा इव इस्य स अम्बक:' पनि हुन सक्छ ।

मुण्डकोपनिषद्मा अग्निका सात जिह्वा (ज्वाला) को काली, कराली आदि सात नाउँ आएको छ । त्यस्तै केनोपनिषद्मा उमा, हैमवतीद्वारा निस्तेज भएका इन्द्रलाई शक्तिको महिमाको उपदेश लिएको प्रसङ्ग पाइन्छ ।[१५] तैत्तिरीय आरण्यक[१६] तथा साङ्ख्यायन गृह्यसूत्र[१७] र हिरण्यकेशीगृह्यसूत्र[१८]मा दुर्गा, भद्रकाली, भवानी आदि नाम उल्लेख भएको पाइन्छ ।

तैत्तिरीयारण्यकअन्तर्गत याज्ञिकोपनिषद्मा दुर्गाको गायत्रीमन्त्रको उल्लेख छ । त्यसवाट कात्यायनी, कन्याकुमारी र दुर्गा, यी तीनै नाउँहरूमा भिन्नता छैन भन्ने कुरा जानिन्छ ।[१९] उक्त आरण्यकमा दुर्गाको सट्टा दुर्गी नाउँ आएको छ र यसको व्याख्या गर्दै वेदभाष्यकार सायण दुर्गा र दुर्गी एकै हो भन्दछन् ।[२०]

इतिहासकालमा शक्तिका विविध स्वरूप :

रामायणमा शक्तिपूजा, अर्चनासम्बन्धी कुरा पाइँदैन । रामले रावणलाई सहजैसँग विजय गरून् भन्ने हेतुले ब्रह्माले भगवती दुर्गाको आश्विन शुक्ल (नवरात्र) मा उपासना गरेको र विजयादशमीको दिन रामले रावण मारी लङ्का विजय गरेको कथा भागवतपुराणमा वर्णित छ । तर सीता स्वयम् नै आद्या शक्तिका रूपमा पनि रामायणमा वर्णित छन् ।

महाभारतमा भने दुर्गा, जगद्धात्री, विन्ध्यवासिनी आदि अनेक नाउँले चर्चित शक्तिको उपासना, स्तुति गरेको कुरा विराटपर्व, भीष्मपर्व तथा वनपर्वमा उल्लेख भएको पाइन्छ ।

हरिवंश पनि महाभारतको खिलपर्वका रूपमा रहेको छ । त्यसमा भने शक्तिका विभिन्न रूप पाइन्छन् । एकानंशा देवीको उल्लेख यहीं भएको छ, जो देव्यथर्वशीर्षमा वर्णित छ ।

यस्तै पाणिनिको अष्टाध्यायी (४/१/४९) मा भवानी, शर्वाणी, रुद्राणी, मृडानी चार नाउँ शिवपत्नीलाई कहने शब्दका रूपमा आएको छ ।

कौटिल्यको अर्थशास्त्रमा दुर्गनिवेश नामक अध्यायमा शिव अपराजित आदि देवताका साथै देवी मदिराको मन्दिर निर्माण गर्ने कुरा आएको छ। साथै घरको भुइँतलाको चौखटमा देवीप्रतिमाको निर्माण गर्नुपर्ने कुरा पनि अर्थशास्त्रमा उल्लेख छ ।

डा. नीलकण्ठ भन्छन्- ई.सं.को पहिलो वा दोस्रो शताब्दीका वौद्धशास्त्र, ललितविस्तर र दिव्यावदान भन्ने ग्रन्थमा पाइने देवताहरूको सूचीमा देवी अथवा दुर्गाको नामोल्लेख पाइँदैन । परन्तु ईसाको पहिलो-दोस्रो शतीमा बुद्धधर्मका अनेकन् देवी-देवताको विकास पनि भएको थिएन । वैदिक धर्मसँग समन्वय राख्ने महायान सम्प्रदायको उद्भव भइसकेको भए तापनि विभिन्न पक्षमा समता देखाउने शाखा-प्रशाखाको विस्तार भइसकेको नहुँदा दुर्गाको उल्लेख नभएको हुन सक्छ ।

वैदिक सनातन-धर्मको प्रवल धारा यज्ञ-यागादि नै थिए। यज्ञमा आह्वान गरिने देवी-देवता प्रायः वैदिक संहितामा उल्लेख भएका देवता नै हुन्। व्राह्मण, उपनिषद् आरण्यक एवम् सूत्रकालमा विशेष देवताका नाउँ प्राप्त हुन्छन् र वैष्णव, शैव, शाक्त धाराहरूको विशिष्ट उन्नति भएको पाइन्छ। यो वेला चिन्तनपक्षको निकै नै विकास भइसकेको र विभिन्न सांस्कृतिक संगमले पनि वैदिक कल्पनामा विविधता आएको हुन सक्छ। किन्तु उपनिषद्धारा अध्यात्म चिन्तनपट्टि वढ्ता जोड दिने भएकोले प्रतीकपूजाको महत्त्व भने त्यति थिएन। विभिन्न वैदिक देवता र उपनिषद्कालीन देवताहरूका साथै अनेकौं लोकदेवतालाई पनि अँगालेर प्रतिमापूजाको विशेष धरातल खडा गर्ने तथा विस्तार गर्ने कार्य पुराणसाहित्यले गरे।

यहाँ अर्को विचारणीय प्रश्न छ, आगम-साहित्यको सिन्धुघाटी सभ्यताको उद्घाटनकर्ता सर जान मार्सलले आफ्नो 'मोहेनजोदारो एन्ड इन्डस भ्याली सिभिलाइजेसन' भन्ने पुस्तकको पृ. ५९ मा पाषाणलिङ्ग तथा योन्याकार प्रतिमा एवम् विभिन्न मातृदेवीका मूर्तिहरूको विश्लेषण गर्दै प्राचीनकालमा नै वैदिक धाराभन्दा अलग्गै विभिन्न प्रतिमापूजाको वहुमुखी विकास भएको कुरालाई इङ्गित गरेका छन्। यसै कुरालाई आर. पी. चन्दा भन्दछन्- 'मोहेन्जोदारो तथा हडप्पाको उत्खननले यो प्रमाण प्रस्तुत गर्दछ कि त्यो सुदूर अतीतमा प्रतिमापूजाको परम्परा विद्यमान थियो। योगमुद्रा, वरदमुद्रा, व्याख्यान तथा ज्ञानमुद्राजस्तै मुद्राप्रदर्शन हुने योगीरूप शिवको प्रतिमा एवम् पशुपति शिवको प्राचीन रूप भनेर त्रिशीर्ष, एकश्रृङ्ग, चतुःश्रृङ्ग आदि नानापशुले घेरिएका योगासनमा अवस्थित मूर्तिलाई मानेका छन्।

श्रृङ्गधारी शिवको दर्शन गर्ने मानिस मरेपछि शिवलोकवासी हुन्छ भन्ने महाभारत वनपर्वको उक्तिले मोहेन्जोदारोमा पाइएका कूर्मासनमा अवस्थित श्रृङ्गमुकुटधारी पशुहरूले घेरिएका पशुपति शिवको परम्परालाई इङ्गित गर्ने मात्रै होइन कि ई.पू. चार सहस्राव्दीपूर्वदेखि नै शिवशक्ति प्रतिमापूजाको वैदिकभन्दा भिन्नै धारा पनि समान रूपले वगेको थियो[२१] भन्ने कुरा ज्ञात हुन्छ र महाभारतकालमा आर्यहरूले स्वीकारेका पनि थिए। सिन्धुसभ्यताको विश्लेषण गर्ने 'सर जान मार्सल'ले त्यहाँ प्राप्त भएको पाषाणलिङ्ग विषयक विस्तृत चर्चा गरेर जुन निष्कर्ष निकालेका छन् त्यसवाट पनि शक्तिको उपासनाक्रम पनि त्यो सभ्यतामा चलिसकेको मान्नुपर्छ।[२२] किनकि आद्यसृष्टिको प्रतीक भनौं अथवा प्रजनन शक्तिको महत्तालाई स्वीकार गरेर आदिप्रकृति र पुरुषको प्रतीकका रूपमा जहाँ लिङ्गपूजा सुरु हुन्छ, त्यहाँ सहज नै शक्तिपूजाको पनि मान्यता हुन्छ। मोहेन्जोदारोको उत्खननवाट उपलब्ध मृत्तिकाभाण्डका कलात्मक चित्रसमेत अध्ययन र विश्लेषण गर्ने पुरातत्त्वविद् मैके को 'फर्दर एक्स केवेसन्स स्टे मोहेन्जदारो' भन्ने पुस्तकको (भाग १, पृ. २५८-२५९) अध्ययनवाट पनि चित्रित प्रतिमाको परम्परा विषयमा धेरै कुरा जान्न पाइन्छ।

सिन्धुघाटीको उत्खननवाट प्राप्त प्रतिमाको दर्शनले शक्तिपूजाको परम्परालाई निश्चित गर्न नसके तापनि मार्सलले लिङ्ग योन्याकार मुद्राका साथै वहुसङ्ख्यक माटाका स्त्रीमूर्तिहरू प्राप्त भएको उल्लेख गरेका छन्। यी स्त्रीप्रतिमाहरूमध्ये प्रायः नग्न छन् र कम्मरमा काञ्ची वा मेखला लगाएका छन्। शिरमा सुन्दर शिरोभूषणले अलङ्कृत छन् र कसै-कसैको छातीमा हार पनि छ भनिन्छ। हडप्पा (हरियूपिया) मा पनि यस्तै स्त्रीमूर्ति प्राप्त भएको छ र यो स्त्रीमुद्रा पशुपतिरूप शिवको हस्तमुद्राले मुद्रित देखिएकाले इष्टदेवी

(शिवकी सहचारिणी) शक्ति दुर्गा, उमा, भूदेवी, मातृदेवी आदिका रूपमा अवश्य नै उपास्य थिइन् भन्ने कुरा विद्वान्हरूले उल्लेख गरेका छन् । डा. बनर्जी पनि आफ्नो (See D. H. Ip. १८७-८८) मा शक्तिपूजा र लिङ्गपूजाका बारेमा विश्लेषण गर्दै पूजाको परम्परा रहेकोमा विश्वास गर्दछन् ।

यहाँ विचारणीय प्रश्नचाहिँ के छ भने प्रतिमा-पूजा-उपासनाको परम्परा हडप्पा र मोहेन्जोदारो संस्कृति-सभ्यताको समकालीन सुमेर र मेसोपोटामिया एवम् मिश्र आदि देशमा पनि प्रचलित भएको र सुदूरअतीतको सभ्यताकालमा पनि वाणिज्य-व्यवसायका निम्ति ती देशहरूमा सिन्धुवासीको आवागमन भइरहने कारणले गर्दा सिन्धु-सभ्यतामा पनि यो परम्पराको मान्यता पर्न्येको हुन सक्छ । अथवा अनन्त सत्तात्मक देवता एवम् प्रकृतिको महिमालाई मानवजातिको चिन्तन र तर्कशक्तिले खोट्याएर अर्चना, वन्दनाको परम्परा प्रत्येक मानवजातिको सभ्यतामा जन्मन पनि सक्दछन् ।

मानवजाति समूहगत रूपमा सबै शिक्षित, विवेकशील र ज्ञानी हुन सक्दैनन् । झन् त्यो आदिमयुगीन मानवलाई समष्टि रूपमा शिक्षित र विद्याव्यसनी थियो भन्न पनि सकिँदैन । जुन बेला हाम्रा वशिष्ठ, विश्वामित्र, भारद्वाज आदि ऋषिहरू वैदिक मन्त्रद्रष्टा र विवेकशील ज्ञानी थिए त्यस समयमा पनि समाजको ठूलो जमात, जसलाई विश भनिन्थ्यो, कर्मकार, तक्षा, कुम्भकार, स्वर्णकार, चर्मकार आदि विभिन्न शिल्प-श्रेणीमा विभाजित थिए । यो वर्ग न यज्ञविधान गर्ने सामर्थ्य नै राख्दथ्यो(न वेदको मन्त्रद्रष्टा नै थियो । त्यो वर्गका निम्ति परमसत्ताको उपासना गर्ने र इष्टदेवतालाई मनाएर लौकिक जीवनका सुखदुःख, पीर, बाधा शमन गर्ने विश्वासलाई दिगो राख्न कुनै न कुनै आधार चाहिन्थ्यो । यस्ता वर्गका निम्ति प्राकृत देवोपासना र मूर्तिकल्पना तथा प्रतिमापूजाभन्दा अर्को विकल्प हुनै सक्तैन । वेदका अनुशीलनकर्ता कतिपय विदेशी र भारतीय विद्वान्हरू ऋग्वैदिककालमा प्रतिमापूजा थिएन भन्ने तर्क गर्दछन् । अधिकांश विद्वान्हरू भने वेदकै उदाहरण दिएर मूर्तिपूजा थियो भन्ने पनि छन् । वेदमा मूर्तिशिल्पको प्रचलन थियो भन्ने प्रमाण प्राप्त भए पनि मूर्तिपूजाको मान्यताका बारेमा निश्चय गर्ने आधार पाइँदैन । कारण वेद शिक्षित र सभ्यवर्गको चिन्तन र परम्परालाई चिनाउने शास्त्र हो र त्यस्ता व्यक्तिहरू तथा सामर्थ्यवान् वेदका अनुयायीहरू यज्ञमा नै विश्वास गर्थे । अग्नि नै मुख्य देवता मानेर वैदिक मन्त्रले देवताको स्तुति गर्दै हवन गर्थे । सर्वसाधारणलाई न यज्ञविधान नै सहज थियो, न वैदिक मन्त्रपाठ गर्ने र अध्ययन गर्ने नै फुर्सद थियो र पनि श्री, देवी, शक्ति, देवता, लिस्नोदेवी, वाक् जस्ता वैदिक प्रसङ्गले शक्तितत्त्वलाई नसकारेको भने होइन । यस्ता व्यक्तिलाई उपासना गर्ने आधार के थियो त भन्ने प्रश्नको जवाफमा 'मूर्तिपूजा' भनेर निश्चयात्मक उत्तर दिन सकिन्छ । यज्ञविद्यामा बढी आस्था राख्ने वैदिक ऋषिहरूले 'प्रतिमापूजा' लाई निम्न तथा अज्ञानी व्यक्तिको उपासनापद्धति भनेर वैदिक साहित्यमा त्यति महत्त्व दिएनन् । तथापि बहुसङ्ख्यक व्यक्तिले अङ्गीकार गरेको यो उपासनापद्धतिले अल्पसङ्ख्यक यज्ञवादीहरूलाई पछाडि छाडेर आफ्नो विकास गर्‍यो । पछिल्लो युगमा यज्ञविधान झन् जटिल हुँदै गएकाले ऋषिमुनि र धनी राजा-महाराजाका निम्ति मात्रै यज्ञहरू सहज भए र ब्राह्मण, क्षत्रियमा नै पनि गरिब र कम विद्याभ्यासीलाई मूर्तिपूजा नै मुख्य आधार बन्यो ।

उपनिषद्कालीन उपासनाका दुई धारा :

उपनिषद्हरूमा यज्ञको हिंसा र जटिलतादेखि विरक्तिएका विद्वान्हरूको चिन्तनपरम्पराले निर्गुण ब्रह्मको उपासना- ब्रह्मविद्या, आत्मविद्याको दार्शनिक पक्षलाई प्रधानता दिएको पाइन्छ। यो अप्रत्यक्ष रूपमा यज्ञवादको विरोध हो भनेर मान्न कर लाग्छ। अर्कातिर कैयन् यस्ता उपनिषद् पनि छन्, जसले सगुणोपासनाका साथसाथ निर्गुण ब्रह्मको पनि व्याख्या गर्दछन् जसमध्ये प्राचीन उपनिषद्कै दर्जा पाएको श्वेताश्वतर उपनिषद्, नारायणोपनिषद्, जावालोपनिषद्, यज्ञीयोपनिषद् आदि छन्। एकदेव, महादेव, महेश्वर, शिव आदि सगुण मूर्तिरूप शिव नै ब्रह्मका रूपमा श्वेताश्वतरले व्याख्या गरेको छ।

'ज्ञात्वा शिवं सर्वभूतेषु गूढम्' आदि उपनिषद्वाक्यले एकात्मक सगुण देवको बोध हुन्छ। प्रतिमाको उपादेयता निम्नस्थ श्लोकबाट पनि जानिन्छ :-

ध्यानयोगस्य संसिध्यै प्रतिमा लक्षणं स्मृतम्।
प्रतिमाकारको मर्त्यो यथा ध्यान-रतो भवेत्॥
- शुक्रनीतिसार ४-४

अर्थात्, ध्यान योगको सिद्धिका निम्ति प्रतिमा लक्षणको आवश्यक पर्दछ। प्रतिमाकारक मानिस नै ध्यानमा रत हुन सक्छ। अथवा आकार-प्रकार थाहा नभईकन कसरी ध्यान गर्ने ? भन्ने प्रश्नमा प्रतिमाद्वारा इष्टदेवको रूप, लक्षणको ज्ञान भएपछि नै ध्यान गर्न सजिलो हुन्छ भन्ने आशय व्यक्त गरिएको छ। यसै कुरालाई जावालोपनिषद्मा भनिएको छ-

अज्ञानां भावनार्थाय प्रतिमा परिकल्पिता

अर्थ- अज्ञानी व्यक्तिहरूका लागि भावनार्थ प्रतिमाको परिकल्पना गरिएको हो। यो कुरा आज जति सत्य छ, त्यति नै वैदिककाल र त्योभन्दा अघि पनि सत्य थियो।

उत्तरकालीन उपनिषद्मा निर्गुणोपासनाका निम्ति नै सगुणोपासना अर्थात् प्रतिमा-कल्पना गरिएको कुरा भनिएको पाइन्छ। रामतापनीयोपनिषद् भन्ने ग्रन्थमा लेखिएको छ-

चिन्मयस्याद्वितीयस्य निष्कलस्याशरीरिण:
उपासकानां कार्यार्थं ब्रह्मणो रूपकल्पना।

अद्वितीय चित्तशक्तिरूप तथा शरीर अन्य व्यक्त हुने कुरा नभएको ब्रह्मको उपासना गर्नेहरूकै सजिलोका निम्ति ब्रह्मस्वरूप (ईश्वर) को रूप कल्पना गरिएको हो।

यी कुराहरू पछिल्लो युगको शास्त्रबाट व्यक्त भए तापनि आधारशिला भने हामी वैदिक र त्योभन्दा पनि पूर्वकालकै मान्यताभित्रको हो भनेर निश्चय गर्न सक्छौं जुन कुरा भन्न हामीलाई सिन्धुघाटी सभ्यता र त्यसको समकालीन प्राचीन सभ्यताले पनि बल दिन्छ।

अर्को सत्य कुरा के पनि हो भने हाम्रो सभ्यताको धारा वैदिककालदेखि अविच्छिन्न रूपले चलेर आएको छ। साधारण परिवर्तन र परिवर्द्धन हुनुचाहिँ देश, काल, परिस्थितिको जिम्मा हुन्छ। तर मौलिक रूपचाहिँ अवश्य नै अन्तर्निहित रहेको हुन्छ। परापूर्वमा नभएका कुरा आज पनि हाम्रो सभ्यताको विकासले अँगालेको छैन र जो नयाँ रूपमा विकसित भएको भान हुन्छ, त्यसभित्र वैदिककालकै बीज रहेको छ। हरेक जातिको प्राचीन सभ्यता र संस्कृतिका मौलिक पक्षहरू कम-वेसी रूपमा वग्दै आजको सभ्यताभित्र पनि आइपुगेका छन्। प्राचीन सभ्यता र संस्कृतिलाई ध्वंश गर्ने नयाँ धर्महरू जन्मे तापनि आफ्नै सांस्कृतिक परिवेशभित्र पुरानै धरातलमा टेकेर नयाँ हाँगा हालेका छन्। मुहम्मद

र क्राइस्टको धर्म-दर्शनको आधारभित्ती पनि अरव-इजरायलको प्राचीन सभ्यता नै हो। कुनै न कुनै पक्षमा प्राचीन वैदिकधाराका रेशाहरू ती नयाँ धर्मभित्र पनि बाँचेका छन्।

उपर्युक्त विश्लेषणको तात्पर्य के हो भने हाम्रा देवी-देवताको उपासनापद्धति र मूर्तिपूजा तथा यज्ञविधान र व्रह्मचिन्तनको दार्शनिक पक्षका वीजहरू हाम्रा प्राचीन सभ्यता र संस्कृतिभित्रैका नै हुन्। समयको प्रवाहमा कुनै दविए र कुनै फैलिए। उत्कर्ष र अपकर्ष देश, काल, परिस्थितिमा निर्भर गर्दछ। वैदिककालमा विद्वत्-समाजका निम्ति यज्ञ नै प्रधान थियो र अन्य सर्वसाधारण वर्गमा प्रतिमाको महत्ता थियो। आर्यहरूका वरिपरि हुने अनार्य समाज पनि आफ्नाआफ्ना धारणाअनुसारका देवताको उपासना गर्थे जसमा नदी, पर्वत, वृक्ष र विशिष्ट आकार-प्रकारका पाषाणप्रतिमा, मानवनिर्मित मृत्तिका-मूर्ति र धातुमूर्तिहरू पनि निर्माण गरिए र यी सवै पूजित भए। यही उभयधारा पछि आएर सङ्गम भएकाले नयाँ संस्कृतिको जन्म भएको कुरा विद्वान्हरूले मानेका छन्।

सम्प्रदायवादी धर्मको वहुमुखी विकासमा आगमशास्त्रको ठूलो हात रहेको छ। उपनिषद्हरूले इङ्गित गरेका पक्षलाई लिएर तन्त्रमन्त्र तथा यन्त्रको जुन विकासक्रम देखापर्दछ, त्यसको वीज पनि वैदिक साहित्यमा नै पाइन्छ। मूर्तिपूजा तथा शक्तिको विशेष महत्त्वका वारेमा र तन्त्रमन्त्रको आगमीय पक्षलाई वल प्रदान गर्ने परम्परा पश्चिम-एसियाभित्र पर्ने वेविलोन तथा मेसोपोटामिया, अरव तथा मिश्रको सम्पर्कवाट आएको हो भन्ने कुरा केही पुरातत्त्वविद्हरूको भनाइ छ र अथर्ववेद, जसको सङ्कलन ऋग्यजु: र सामवेदपछि भएको मानिन्छ, त्यसमा भएका अभिचारक्रिया र पश्चिम-एसियाका पुरातन भाषामा पाइने शव्दको भारतीयकरण तथा वैदिक तन्त्रमन्त्रसँगको समन्वयले पनि उक्त कुराको पुष्टि नै हुन्छ।

झारफुक, भूतप्रेतको वाधा हटाउने उपायका साथै दिव्यौषधि अभिचारका साधनको वर्णन पनि अथर्ववेदको विशेषता हो। टुनामुना र मोहन-मारणका दिव्यौषधिमा अपठित समाज र तत्कालीन स्त्रीजातिले विश्वास राख्दथे भन्ने कुराको दिग्दर्शन सौताको पराजय र पतिको सम्मोहन गर्नका निम्ति दिव्यौषधिको प्रयोग गरिएको कुरालाई ऋग्वेद (१०१) को मन्त्रले पनि विज्ञापन गर्दछ। कुनै पनि आदिम समाजमा यस्ता कुराहरूको पूर्ण विश्वास नै गरिन्थ्यो। धार्मिक क्रियाकलाप र चिन्तन-प्रक्रिया आफ्नै किसिमको भएको आर्यसभ्यताले वैदिक चिन्तनका पक्षलाई नै विशेष रूपमा व्याख्या गर्दै उपनिषद् तथा आरण्य-साहित्यमा विस्तार गरेको कुरा अनुसन्धानवाट थाहा पाइन्छ भने तान्त्रिक पक्षको विकास पनि अर्कातिर भइरहेको थियो भन्नुपर्छ। किन्तु यसको आगमन वाहिरवाट विशेष रूपमा भएको र त्यसलाई आफ्ना धर्म-सम्प्रदायसँग मेल खाने रूपमा विकास गर्दै लगेकोले नै यो शास्त्रको नाम आगम रहेको पनि हुन सक्छ। वज्रयान सम्प्रदायको इतिहास लेख्दा चक्रपूजाको आगमिक परम्परालाई वेविलोनवाट पैठारी गरिएको कुरा महापण्डित राहुलजीले उल्लेख गरेका छन्।[२३] मिश्र र वेविलोनका प्राचीन सभ्यताका पनि जानकार राहुलजीको मन्तव्यलाई नकार्न पनि सकिँदैन। आर्यसभ्यताले अरूलाई धेरै कुरा दिएको छ भने अरूबाट पनि अनेकन् उपयोगी कुरा ग्रहण गरेको छ। यस्ता कुरामा आर्यहरू सधैं उदार रहे। यो गुणग्राहिताले नै आर्यसभ्यताले पूर्णता र जीवन्तता पाएको छ। अन्य धर्मले आफ्नो धर्मको आक्षेप-प्रत्याक्षेप र विवाद सहँदैन। परन्तु हिन्दूधर्म र

दर्शन, तर्क र वादविवादले खारेर गरिएको आत्मस्वीकृति नै मान्ने भएकोले यो धर्म चिरन्तन रहेको छ। विभिन्न शाखा-प्रशाखामा बाँडिएर पनि, एकदेववादी र अनेक सम्प्रदायको रूप लिए पनि यो धर्म समष्टिमा हिन्दूधर्म नै भनिन्छ।

ऐतिहासिककालको दिग्दर्शन :

भारतको लौरिया नन्दनगढको वैदिक श्मशानसूचक ढिकुरो खन्दा टी. ब्लाक महाशयले प्राप्त गरेको एउटा स्वर्णपत्रमा अङ्कित स्त्रीप्रतिमालाई ब्लाक भू-देवीको प्रतिमा मान्दछन् भने भारतीय पुरातत्त्वविद् कुमार स्वामी त्यसलाई सम्प्रदायविशेषको प्रतीक मान्दछन्। प्रतिमा र प्रतीकमा भेद छैन। त्यसकारण डा. शुक्ल प्रतिमापूजाको परम्पराभित्रकै हो भन्दछन् र ब्लाककै मतलाई स्वीकार गर्दछन्। ब्लाकले यसलाई वेदकालीन प्रतिमा मानेका छन्।[२४]

प्राचीन भारतको चक्कार र चौकोर सिक्काहरूमा श्री, लक्ष्मी, गजलक्ष्मी आदिका चित्र प्राप्त छन्। पञ्चालमा प्राप्त भद्रघोषको मुद्रामा अङ्कित कमलधारिणी देवीलाई भद्रा या लक्ष्मी हुनुपर्दछ भन्ने डा. बनर्जीको उक्ति छ।

कुडिन्द (कुलिन्द) मुद्रामा अङ्कित मृग नजिकमा भएको देवीमूर्तिको परिचय डा. बनर्जीको मतमा 'लक्ष्मी' भन्ने छ। यस मुद्राकी देवी दुर्गा अथवा पार्वती हुनुपर्छ, किनभने कुणिन्द मुद्रामा शिवमूर्तिको अङ्कन पनि पाइएको छ र शिवकी सहचारिणी दुर्गा वा पार्वती हुन् भन्ने डा. वासुदेवशरणको मन्तव्य छ। मृगनजिक भएको शिवमूर्तिको अङ्कन पनि मुद्रामा प्राप्त भएकाले अग्रवालको विचारलाई नै डा. नीलकण्ठले स्वीकारेका छन्।

भारतमा शासन गर्ने शक राजा माहुस र अझेसका मुद्रामा अङ्कन भएको स्त्रीमूर्तिलाई कसको हो भनेर छुट्याउन नसकेको कुरा डा. बनर्जीले उल्लेख गरेका छन्। कसैले यो मूर्तिचित्रलाई लक्ष्मी भनेका छन् र कसैले दुर्गा पनि मानेका छन्।

भारतीय उपमहाद्वीपमा मूर्तिकला, मुद्राचित्र र अन्यान्य विषयमा पनि कुषाण राजाहरूको आगमनले विशेष स्थान राख्दछ। यी राजाहरूका मुद्रामा अङ्कित स्त्रीमूर्तिलाई पश्चिमेसियाको प्राचीन सभ्यतामा पूजित देवी नना (नाना वा नैना पनि भनिन्छ) को मूर्ति भनेर विद्वान्हरूले पहिचानेका छन्।[२५] हुविष्कको एउटा मुद्रामा देवी ननाका साथ शिवको चित्र अङ्कित भएको छ भने अर्को मुद्रामा उमाका साथमा शिवजीको मूर्ति अङ्कित छ। उमाको मूर्ति हाम्रो परिचयभित्रैको हो। परन्तु, ननाको मूर्तिबारेमा विद्वान्हरूले जो लक्षण प्रस्तुत गरेका छन्, त्यसको दिग्दर्शन हुनु आवश्यक छ। कनिष्कको मुद्रामा अङ्कित देवी नना दुई भुजायुक्त छन्। बायाँ हातमा पात्र र दाहिने हातमा हरिण या घोडाको अग्रभागले अलङ्कृत दण्ड छ। शिरमा अर्धचन्द्र अङ्कित छ। हुविष्कका धेरैजसो मुद्रा उपर्युक्त चिह्नले नै अङ्कित छन् र एउटा मुद्रामा एक हातमा धनु लिएर पीठमा बाँधेको ठोक्रोबाट वाण निकाल्दै गरेको चित्र अङ्कित छ। यिनैको अर्को मुद्रामा हरिणको चित्राङ्कित दण्ड धारण गर्ने सिंहवाहिनी रूपमा देखिन्छिन्।

मथुराका शासक वासुदेव (कुषाण) को मुद्रामा द्विभुजा उभिएकी ननादेवीको चित्र अङ्कित छ।

नना वा नानादेवीको उत्पत्ति-स्रोत मेसोपोटामियाकी प्रसिद्ध देवी इन्नाना इश्तरबाट

भएको मान्दछन् । त्यहाँ इन्नालाई चन्द्रमाकी छोरी, देवताकी पनि अधिदेवी, सर्वशक्तिमती, स्वर्ग र पृथ्वी दुवै लोकलाई प्रकाशित गर्ने, युद्ध, शस्त्र, राजदण्ड र प्रेमकी अधिष्ठात्रीदेवीका रूपमा मान्यता छ ।

पश्चिमी इरानमा शासन गर्ने पार्थियंन (पृथुगणा, शक) को चकचकीमा देवी ययन्ना इश्तरको सम्प्रदाय अत्यन्त नै लोकप्रिय थियो भन्ने कुरा प्राचीन इतिहासविद्‌हरूले उल्लेख गरेका छन् ।

ननालाई अरटेमिस (देवी) को पनि प्रतिरूप मानिएको छ । यसैकारण हुविष्कको मुद्रामा धनुर्वाण सज्जायुक्त प्रदर्शन गरिएको छ भन्ने उल्लेख गरियो । अरटेमिस सिकारकी देवी मानिन्छिन् ।

मूर्तिविज्ञानका लेखक डा. नीलकण्ठ पुरुषोत्तम भन्छन्-[२६] ननादेवीको मुख्य लक्षण मस्तकमा अर्धचन्द्र, वायाँ हातमा पात्र र पशुआकृति अङ्कित दण्ड दाहिने हातमा तथा सिंह वाहनका रूपमा देखाइनु हो । देवी ननाको विस्तृत चर्चा प्रो. रोफ्रेन फिल्डले गरेका छन् ।

पश्चिम-एसियाका मुलुकमा प्रसिद्ध देवी नना, कुषाण राजा, जो इरान र मध्य-एसियाका पनि शासक थिए, उनीहरूकै साथमा भारतमा आइन् र यहाँ शिवपत्नी उमाका रूपमा तथा सिंहवाहिनी दुर्गाका रूपमा विलीन भइन् । उत्तर-पश्चिम भारतीय क्षेत्रमा नैना, नयना वा नैनी आदि नामले आज पनि पूजित छन् । पश्चिमी भारतका पुराना 'मित्र नामधारी राजाहरू'का मुद्रामा पनि 'कमलासना' तीन पातवाला हाँगाजस्तै चिह्नयुक्त स्त्रीमूर्ति अङ्कित भएको देखिन्छ । तर यी देवीको मूर्ति पहिचान गर्न नसकिएको कुरा विद्वान्‌हरूले उल्लेख गरेका छन् ।[२७]

यो मूर्तिलाई विश्लेषण गर्नेहरू कार्नुकोपिया (निधिश्रृङ्ग) हातमा लिने देवी आरडोक्सोको मूर्ति हुन सक्छ भन्ने तर्क पनि गर्दछन् ।

'आरडोक्सो' मूलतः इरानी देवी हुन्, जिन्दा-अवेस्ता (इरानी वेद) मा वहुचर्चित देवता अहुरमज्द ('असुरमहान्' भनिने देवता वरुण) की छोरी, संसारमा सबै प्रकारको धन, ऐश्वर्य, सन्तान, शस्त्र, विजय आदि दिने देवीका रूपमा प्रसिद्ध छन्, जसको विशेषता हाम्री लक्ष्मीसँग मिल्दछ । वरुण पनि पानी वा समुद्रका अधिपति मानिन्छन् र उनकी पुत्री धनदात्री भएकी छन् । त्यस्तै लक्ष्मी पनि समुद्रपुत्री र धन-ऐश्वर्यप्रदात्री देवी हुन् । यसकारण आरडोक्सो (आर्यदक्षा) र लक्ष्मीको भाषागत नाउँ मात्र फरक रहेको देखिन्छ, जन्म र विकासमा एवम् मान्यतामा पनि अन्तर पाइन्न ।

कुनै विद्वान् उपर्युक्त देवीलाई छोडेर लक्ष्मीलाई इरानीदेवी 'अनाहिता'सँग सादृश्य रहेको तर्क गर्दछन् । परन्तु डा. जोशीको विचारमा भारतकी लक्ष्मी, रोमकी 'फारच्युना' युनानकी ताइचे र आरडोक्सोको कार्य समान छन् । अर्थात् यी भिन्न-भिन्न नाउँवाट पुकारिने देवीहरूले पनि धन-ऐश्वर्यकी देवी लक्ष्मीकै प्रतिनिधित्व गरेका छन् ।

भारतीय पुरातत्त्वविद् तथा मूर्तिविज्ञानका जानकारहरू प्राचीन प्राप्त मूर्तिहरूमा लक्ष्मी, गजलक्ष्मीका मूर्तिलाई मान्दछन् । विशेषता के छ भने लक्ष्मी यस्ती देवी हुन्, जसलाई वैदिक, वौद्ध र जैन, तीनै धार्मिक स्तोत्रमा समान रूपले मान्यता प्राप्त छ ।

यस्तै प्राचीन मूर्तिशिल्पमा वसाढ (वैशाली), भीटा आदि ठाउँमा प्राप्त भएका मृत्तिका-मुद्रामा गजलक्ष्मी, पात्रवाट धनको वर्षा गर्ने यक्ष (कुवेर) का साथ रहेकी लक्ष्मी,

नौकाविहारिणी लक्ष्मी आदि चित्रण छ। यसलाई गुप्तकालीन मुद्रा भनेर विद्वान्हरूले काल-निर्धारण गरेका छन्।

शुङ्ग र कुषाणकालका मूर्तिशिल्पमा श्रीलक्ष्मी तथा गजलक्ष्मीका मूर्तिहरू पाइएका छन् र विशेष गरेर मथुराक्षेत्रमा देवीप्रतिमाको प्राचुर्य छ भन्ने पुरातत्त्वविद्हरूको कथन छ। हाम्रो नेपाल उपत्यकाभित्र पनि प्राचीन मूर्तिकलामा श्रीलक्ष्मी तथा गजलक्ष्मीकै मूर्तिहरू छन्।

भगवती दुर्गाका रूपमा उपासना :

लक्ष्मीजस्तै दुर्गादेवीको उपासना पनि प्राचीन कालदेखि नै चलेर आएको थाहा पाइन्छ। तैत्तिरीय आरण्यक (१०/१८) मा अम्बिकालाई शिवकी पत्नी भनिएको छ भने केनोपनिषद्मा (३/२५) हैमवती उमा प्रकट भएर अभिमानी इन्द्रलाई आत्मतत्त्वको उपदेश दिन्छिन्। तैत्तिरीय आरण्यकअन्तर्गत याज्ञिकोपनिषद्मा दुर्गाको नाउँ र गायत्रीको उल्लेख भएकाले उत्तरवैदिककालमा शिवकी सहचारिणीका रूपमा दुर्गाको उपासनाले मान्यता प्राप्त गरेको थाहा पाइन्छ।

महाभारतको विराटपर्वमा गुप्तवास बस्न जानुअघि राजा युधिष्ठिर दुर्गाको स्तवन गर्छन्। यसमा दुर्गाका विविध नाम आएका छन् र विन्ध्यवासिनीका रूपमा र मद्य तथा रक्तपान गर्ने दुःखहर्त्री दुर्गाका रूपमा वर्णित छन्। यस्तै भीष्मपर्वमा पनि दुर्गाको युद्ध-विजयका निम्ति स्तुति गरिएको छ। वनपर्व (३९।४) मा उमाले किराँती वेष धारण गरेको उल्लेख छ। हरिवंश, जसलाई महाभारतको अंश र खिलपर्वका रूपमा मान्यता छ, त्यसमा निद्रा, आर्या, कोटवती, एकानंशा आदिको नामोल्लेख पाइन्छ। अन्य पुराणमा देवी अर्थात् शक्तिको उपासना-पद्धतिमा तीन धाराको दर्शन पाइन्छ। शैवधारा अर्थात् शिवशक्तिको संयुक्तता व्यक्त गर्ने (१), दोस्रो वैष्णवी धारा अर्थात् नारायणी, वैष्णवी, महामाया, लक्ष्मी आदि (२) र तेस्रो धारा कोटवती, निद्रा, विन्ध्यवासिनी आदि स्वतन्त्र अस्तित्त्व पनि राख्ने देवीहरू।

देवीको विशेष महिमा गाउने महाकाली, महालक्ष्मी र महासरस्वती स्वरूपिणी दुर्गाको चरित्रगान मार्कण्डेयपुराणमा पाइन्छ। यस पुराणअन्तर्गतको देवीमहात्म्यमा, जसलाई 'चण्डी सप्तशती' को नाउँले पुकारिन्छ देवीको विशेष रूप र महत्तावारे विशद् वर्णन छ।

आर्य तथा अनार्य, जुनसुकै मानव-समूहभित्र मातृदेवीको पूजा-परम्पराको आरम्भ भए तापनि सृष्टिको कारणस्वरूप विशेष अदृश्य तत्त्वका साथसाथै दृश्यरूप प्रकृतिको महत्ताका वारेमा वैदिक ऋषिहरूले थाहा नपाएका थिएनन्। वाक्रूपिणी शक्तिको वर्गीकरण, परा, पश्यन्ती, मध्यमा, वैखरी आदिको चर्चाभित्र दृश्य, अदृश्य, अव्यक्त र व्यक्त तत्त्वात्मिका शक्तिका रूपमा नै गरिएको छ।

आरण्यक र उपनिषद्कालमा आएर वैदिक संहितामा वीज रूपमा व्यक्त भएका परमतत्त्वको चिन्तन-मननद्वारा व्यापकता र विशेषताको व्याख्या र विवेचना गरिएको पाइन्छ।

यहाँ एउटा विर्सन नहुने सत्य कुरा के छ भने पुरातन वैदिक संहिताकालको चिन्तन-मनन र सामाजिक सभ्यतामा जे-जति कुराहरू थिए, त्यति मात्रै सभ्यताको अन्तिम रूप होइन। चिन्तनशील र विवेकवान् व्यक्तिहरूका निम्ति अन्य जाति तथा वर्ग-

विशेषले गरिआएका राम्रा र समाजका लागि उपयोगी कुराहरूको ग्रहण गर्नु पनि आवश्यक थियो । अनार्यवहुल क्षेत्रमा पसेर आफ्नो साम्राज्य कायम गर्ने, सभ्यता, संस्कृति, धर्मको अरू जातिलाई शिक्षा दिने आर्यहरूले उनीहरूका धर्म, संस्कृति, विश्वासमा मान्यता पाएका असल कुराहरू स्वीकार गरेर, नराम्रा कुराको सुधार गरेर ग्रहण गरिदिँदा नै परस्परको आत्मीयता वढ्न सक्ने र एउटै सामाजिक सूत्रमा वाँधिन सक्ने सत्यलाई राम्ररी वुझेका थिए । यसकारण अनार्य कुलद्वारा पूजित देवीदेवताले पनि विस्तारै आर्यसंस्कृतिभित्र ठाउँ पाउँदै गए । मायावी विद्या र मारण, मोहन, उच्चाटन, वशीकरण आदि अभिचारक्रियाका टुनामुना, झारफुक आदिलाई यातुधान विद्या (असुर वा राक्षसी विद्या) को सङ्ज्ञा दिए तापनि त्यस्तो विद्यालाई पनि सिकेर प्रयोग गर्ने गरेको कुरा ऋग्वेदकै मन्त्रहरूमा पढ्न पाइन्छ । त्यसपछि त यसको रूप र मान्यता वढ्दै गयो र ऋग्वेदीय मन्त्रहरूका ठाउँठाउँमा समावेश गरेर नयाँ चिन्तनधाराका ब्रह्मवादी मन्त्रहरूका साथसाथै आभिचारिक तन्त्रमन्त्र, जडिवुटी, दिव्यौषधि र झारफुकका टुनामुनाको सँगालो अथर्ववेदको नाउँले सङ्कलित भयो ।

एकातिर वैदिक (देवभाषा) मा रूपान्तरित तन्त्रमन्त्रहरूको विकास गर्न आर्यहरू अग्रसर थिए भने अनार्य जातिका पनि आआफ्ना भाषामा यस्ता मन्त्रहरू वनेका थिए । शवर जातिको जादूटुना गर्ने शावरी मन्त्रहरूको अस्तित्व पनि पाइन्छ र यसलाई आर्यकुलहरूले पनि सिकेर प्रयोग गरेका छन् । फरक के छ भने आर्यहरूले आफैं उत्पादन गरेका वा अरूसँग नै सिकेका भए पनि तन्त्र, मन्त्र, यन्त्रलाई शास्त्रीय रूप दिएका छन् । यसको व्याख्यामा आफ्नो चिन्तन-मननले भौतिक सुखप्राप्तिका साथै अध्यात्मचिन्तनको उत्कृष्ट दार्शनिक पक्ष पनि स्थिर गरेका छन् । शावरी मन्त्रमा होस् अथवा आजको हाम्रो समाजमा धामीझाँक्रीले प्रयोग गर्ने विकृत भाषाका मन्त्रहरूमा होस्, ईश्वर वा शक्तिसँग वल मागेको थाहा पाइन्छ । पार्वतीको वाचा, महादेवको वाचा, शिव-पार्वतीको वाचा आदि वाक्यहरू अवश्य नै मन्त्रमा जोडिएका हुन्छन् । यसको स्पष्ट रूप संस्कृतका मन्त्रहरूमा नदेखिए पनि देवीदेवताका वीच मन्त्र भनिएका अक्षरका साथै नमः स्वाहा, श्रौषट्, वौषट् आदि लागेर अन्य भागमा देवदेवीकै नामोच्चारण वा वल माग्ने प्रार्थना गरिएको हुन्छ ।

यहाँ हाम्रो प्रसङ्ग थियो दुर्गाको । दुर्गा आर्यहरूकी वैदिक देवी हुन् भन्ने कुराको त दिग्दर्शन गरियो । साथै विद्वान्हरू शिवजस्तै दुर्गा पनि अवैदिक अनार्यहरूकी पूज्या हुन् भन्छन् । यसको प्रमाण उत्तर-पश्चिम देश गान्धार, शकस्थान, मध्य-एसिया, इरान आदि स्थानमा प्राप्त भएका पुरातात्त्विक सामग्री हुन् । मध्य-एसिया तथा इरानको क्षेत्रमा शासन गर्ने कुषाणहरूका मुद्रामा पाइने शिव र सिंहवाहिनी, अर्धचन्द्र शिरोभूषण भएकी ननादेवीका वारेमा पहिले नै समीक्षा भइसकेको छ ।

यसबारेमा मध्यकालीन धार्मिक ग्रन्थ 'कृत्य कल्पतरुः' तथा भविष्य-पुराणमा[२८] उल्लेख भएको पनि पाइन्छ । प्रो. टुचीले पश्चिम-उत्तरका केही मूर्तिका वारेमा अनुन्धानात्मक लेख लेखेर निम्नस्थ कुराको ध्यान दिलाएका छन्-

(१) स्कोरेतीमा सिंहमर्मरको देवीको मूर्ति पाइनु ।

(२) महाभारत वनपर्व (२१३-४८) मा गान्धारी नामकी देवीको उल्लेख हुनु ।

(३) कालिकापुराणमा उड्डयान पीठकी कात्यायनी देवीको उल्लेख ।

(४) वलुचिस्तानको हिंगलाज भन्ने ठाउँको हिंगुलादेवीको पीठ, जहाँ आज पनि पूजाआजा हुन्छ र पुराण-साहित्यमा चर्चा भएको छ। स्थानीय व्यक्तिहरू यिनलाई 'वीवी नानी' को नाउँले सम्वोधन गर्छन्।

(५) हुयेन साङको यात्रा-वर्णनमा शाहवाजगढीको निकट भीमादेवीको पूजा प्रचलित भएको वर्णन। भीमाको नाउँ महाभारत वनपर्व र मार्कण्डेयपुराणको देवीमहात्म्यमा पनि वर्णन भएको छ।

(६) पेसावरमा प्राप्त सिंहवाहिनी दुर्गाको खण्डित प्राचीन प्रतिमा।

(७) शैखान ढेरीमा प्राप्त चतुर्भुजायुक्त दुर्गामूर्ति।

उपर्युक्त पुरातात्त्विक मूर्तिकला एवम् देवी-पीठहरूको परिचर्चाले देवीहरूको मूर्ति, मन्दिरको स्थापना र पूजाप्रकार पश्चिम-उत्तरमा वस्ने अनार्यमूलक जातिहरूमा विशेष चलन भएको अनुमान गर्न सकिन्छ। किनकि आर्यहरू मूर्तिपूजामा भन्दा वढी यज्ञयागादिमा विश्वास गर्थे भने उपनिषद्धारा निर्गुण चिन्तन अर्थात् व्रह्म-विद्यापट्टि झुकेको थियो। यसकारण वरिपरि वस्ने जनजाति र अपठित आर्यमूलका जातिले श्रद्धावनत भएर पूजा गरिने शास्त्रीय तथा लोकप्रचलित देवीदेवताका स्थान, मन्दिर तथा प्रतिमाहरूलाई व्रह्मवादी र यज्ञवादी दुवै वर्गले वुद्धभन्दा अगाडि उपेक्षा नै गरेको अनुमान हुन्छ।

शिव-पार्वतीको निवासस्थान कैलाश पर्वत र क्रीडाभूमि हिमालय पर्वत मानिन्छ। कैलाश पर्वत मध्येसियाको पूर्वी भाग, वर्तमानमा पश्चिमी तिव्वतको क्षेत्र मानसरोवरको उपत्यकाको उत्तरमा पर्छ। पौराणिक र काव्य-साहित्यका कथाले पनि यही कुरा स्वीकार गर्छन्। मध्य-एसियाको क्षेत्रवाट दक्षिण-पूर्व तथा पश्चिम लागेका कस्सी, हित्ती, असुर र कुषाणहरूले आफ्ना इष्टदेव शिवलाई नै मानेका थिए भन्ने कुरा कुषाणहरूका शिवाङ्कित मुद्रा असिरियावाट अक्कादमा पुगेर शासन गर्ने असुर वनिपाल (वाणासुर) को कथा, शिवका प्रतिरूपमा अङ्कित शिवका सहचारी मरुत्‌देवताको मूर्ति आदिले आर्यशाखाको वैदिक यज्ञविधाले भन्दा कस्सी (खश, शक, असुर) आदि गण नामले अभिहित जातिहरूले इष्टदेवताको रूपमा मानेका शिवले व्यापक क्षेत्र ओगटेका थिए। यो कुरालाई ऋग्वेद तथा यजुर्वेदको रुद्राध्याय १६ ले स्पष्ट रूपमा व्याख्या गरेको छ। यजुर्वेदको मन्त्रको अर्थ गर्दा पनि शिवशक्तिको क्रीडाभूमि भारतको उत्तर-पश्चिम क्षेत्र नै थियो भन्ने थाहा हुन्छ।

मातृदेवी र पशुपति शिव, योन्याकार छिद्रयुक्त चक्का र लिङ्गको प्राप्तिले शिवशक्तिको उपासना सिन्धुघाटी सभ्यता (ई.पू. ४०००) मा पुग्छ भने समकालीन मिश्र, वेविलोन आदि सभ्यतामा पनि प्रजनन शक्तिको प्रतिरूप लिङ्ग तथा योन्याकार शक्तिको उपासना रहेको कुरा विद्वान्‌हरूले उल्लेख गरेका छन्। परिपूर्णानन्द वर्मा आफ्नो 'प्रतीक शास्त्र' भन्ने पुस्तकमा विश्वभरिकै सभ्यतामा प्रजनन शक्तिको प्रतीक लिङ्गपूजाको प्रथा रहेको कुरा विश्व इतिहासको खोज गर्ने विद्वान्‌हरूको उद्धरण पेस गर्दै समर्थन गर्छन्। श्री कटनरको मतलाई उद्धृत गर्दै मिश्र देशमा आइसिसले लिङ्गपूजाको प्रारम्भ गरेको मान्छन्। यो पूजा रोममा पनि प्रचलित थियो र यसको मन्दिरमा सधैं अग्नि प्रज्ज्वलित रहन्थ्यो। आइसिसका पुजारीहरू आजीवन व्रह्मचारीका रूपमा रहनुपर्थ्यो। लिङ्गका अगाडिको वेदीमा प्रज्ज्वलित अग्निको पूजा गर्ने अक्षत योनिका कुमारीहरू हुन्थे।[२९]

उपर्युक्त परम्परालाई विश्लेषण गर्दै डा. नीलकण्ठ भन्छन् - यो तथ्यको पार्श्वभूमिमा शिवको अग्निरूप, उनको 'शिखि' नाम रहनु र अग्निमय तेस्रो आँखा, अग्निको ज्वालाको प्रतीक रूपमा उर्ध्वमेढ्र तथा काम-दहन आदि कुराहरू कम मार्मिक छैनन् । अर्को महत्त्वको कुरा के हो भने अध्यात्मको ढाँचामा ढलेको भारतले यो प्राचीन परम्पराको प्रतीक कथालाई सुन्दर रूपकका रूपमा चित्रित गऱ्यो । यहाँ शिव ज्ञानरूप भए, काम-दहनको अर्थ भयो अज्ञानको नाश । यस्तै शिवलिङ्ग अग्निका प्रतीक भए भने योनिको प्रतीक जलहरीको चित्रण भयो यज्ञवेदी ।

उपर्युक्त डा. नीलकण्ठको विश्लेषणमा तथ्य छैन भन्न सकिँदैन र हाम्रो यजुर्वेदले शिवलाई अग्निका रूपमा पनि व्याख्या गरेको छ । ऋग्वेदमा शिश्नदेवा: (लिङ्गपूजक) देखि हामीलाई वचाऊ भन्ने उक्ति आएको छ र यसैको व्याख्या गर्दै प्रा. मैक्समूलर, सर विलियम्स तथा प्रो. मैकाड्नल आदि वेदका अनुसन्धाताहरू आर्यहरू लिङ्गपूजा गर्दैनथे भन्छन् । भारतीय सभ्यतामा लिङ्गपूजाको व्यापक प्रचलन भएपछि मध्यकाल (१४ औं शताब्दी) मा वेदको व्याख्या गर्ने सायणाचार्यले 'शिश्नदेवा:'को अर्थ अव्रह्मचर्य भन्ने गरेका छन् । सायणाचार्यको व्याख्या वैदिक धर्मका अनुयायीलाई ठूलो प्रमाण भए पनि विचारणीय कुरा के छ भने ईशाका सुरु वर्ष अर्थात् पहिलो, दोस्रो शताब्दीमा निर्माण भएका लिङ्गहरू हुवहु मानवलिङ्गका वनौटसँग मिल्छन् । यसै कुराको व्याख्या गर्दै डा. जोशी लेख्छन् - मूलत: शिवलिङ्ग मानवलिङ्गको निखरा रूप थियो । लिङ्ग र लिङ्गाङ्ग (लिङ्गमुण्ड) विभाजन गर्ने रेखालाई पुष्पमालाले अलङ्कृत गर्थे र कहिले त्यसलाई 'व्रह्मसूत्र'को नाउँ दिन्थे । पछिपछिका लिङ्गहरू चौकोर आठपोट रूपमा वने तथा मध्यकालमा आएर खारिएका रूपमा जुन शिवलिङ्ग देखिए ती मानवलिङ्गभन्दा धेरै भिन्न छन् ।[३०]

उपर्युक्त स्पष्टीकरण यहाँ किन उल्लेख गरियो भने शिवको प्रतीक लिङ्ग र योन्याकार जलहरीको जस्तो तादात्म्य छ, त्यो प्राचीनकालको मान्यता र मौलिकतालाई नविर्सीकन नै आगम-साहित्यको विकास भएको छ । जहाँ शिव छन्, त्यहाँ देवी छन् र जहाँ देवीपीठ छ, त्यहाँ अवश्य नै शिव छन् । शिवशक्तिको यो अभिन्नता नै तान्त्रिक साहित्यको मौलिक पक्ष हो । शिव घोररूप भए देवीको तामसी रूप 'काली वा भैरवी, शिव राजसी भए दुर्गा, पार्वती र शिव सात्विक रूप भए सरस्वती, लक्ष्मी, भुवनेश्वरी आदि सात्विकरूपा देवीको तादात्म्य रहन्छ ।

विष्णु सत्वगुणी मानिएका हुँदा लक्ष्मीका पति विष्णु भएका छन् । व्रह्मा सम्पूर्ण शास्त्रका प्रवक्ता भएकाले सरस्वती उनकी सहचारिणी कहिन्छिन् । पुराणहरूमा उनको स्थिति पुत्रीको रूप र पत्नीको रूप दुवैमा उल्लेख भएको छ । ती दुवै पक्ष यथास्थानमा ठीकै देखिन्छन् ।

शिवलाई आर्यदेवताका रूपमा यजुर्वेदपछिका शास्त्रहरूले वयान गरे पनि शिवको यजुर्वेदीय वर्णनले सम्पूर्ण अनार्य समाजका पनि अधिपति देवाधिदेवका रूपमा उनी पूजित थिए । मानव-समाजका वहुसङ्ख्यक जाति, वर्गले पूजित शिवलाई आफ्ना पाराको देवत्वको आसनमा राखेर मान्यता दिन आर्यहरूलाई गाह्रो परेन । परन्तु दक्षप्रजापतिले यज्ञमा शिवलाई अवमानना गरेको कथा, व्रह्मसभामा दक्षले शिवलाई श्राप दिएको तथा भृगुले शिवव्रतीहरूलाई पाखण्डी हऊन् भनेर श्राप दिएको कुरा र शिवले यज्ञभाग

नपाएका पौराणिक कथालाई इङ्गित गर्दै शिव अनार्यदेवता हुन् र पछि मात्रै आर्यहरूले स्वीकार गरेका हुन् भन्ने विदेशी विद्वान्हरूको तर्कलाई पनि सम्पूर्ण रूपमा असत्य भन्न रुद्राध्यायको अनुशीलनले पनि मिल्दैन ।[३१]

मिश्रका आइसिसका पुजारीका रूपमा हाम्रो पाशुपताचार्यको सम्प्रदायलाई मान्न सकिन्छ र लिङ्गका अगाडि सधैँ प्रज्ज्वलित अग्निका पूजाहारिणी अक्षतयोनि कुमारीको प्रतिनिधित्व तन्त्रशास्त्रमा उल्लिखित कुमारीपूजाले गरेको मान्न सकिन्छ । भारतको सिन्धुघाटी सभ्यतासँग मिश्र र बेबिलोनको राम्रो चिनारी थियो भन्ने कुरा पुरातात्त्विक सामग्रीले दर्साएका छन् भने चक्रपूजा, तान्त्रिक परम्परा देवीदेवताका विविध रूपकल्पनाभित्र पनि मिश्र तथा बेबिलोनको छाप परेको कुरामा कतिपय विद्वान्हरू विश्वास गर्छन् । बेबिलोनकी देवी इकुतर, इरानकी देवी आरडोक्सो तथा ननादेवीको रूपादृश्य भएका हिन्दूदेवीहरूको चर्चा माथि नै गरिएको छ र कुषाण राजाहरूको मुद्रामा चित्रित शिव तथा परममाहेश्वर भन्ने प्रशस्तिलाई हेरेर शिव तथा शिवकी सहचारिणी देवी आर्यहरूका मात्र पेवा हुन् भन्न पनि मिल्दैन ।

ऐतिहासिक अन्वेषणबाट एउटा कुरा केचाहिँ भन्न सकिन्छ भने ई.पू. २१ औं शताब्दीतिर नै पश्चिम-एसियाका मुलुकहरू विजय गर्दै नीलनदीको उर्वरा क्षेत्रमा कुश साम्राज्यको स्थापना गर्ने कुश वा कश (खश) जातिका साथमा मध्य एसिया, हिन्दूकुश पर्वतमालाका आसपासमा त्यतिवेला नै मान्यता प्राप्त गरिसकेका शिव लिङ्गरूपमा पूजित हुन मिश्र पुग्न सक्छन् । हिन्दूकुशका काखमा आवाद भएको आर्यमूलकै कुश (खश) जाति वैदिक देवता इन्द्र, वरुण, नासत्यौ आदिं पत्रि साथै वोकेर साम्राज्य खडा गर्न उत्तरी मिश्र पुगेका थिए । इतिहासमा कस्सी वा क्रस्साइट नाउँले प्रख्यात खश जाति नै पश्चिम एसियाका विजेता र लडाकु जाति हुन् । यसै जातिभित्रकै एउटा शाखा, जसलाई असुर भनिन्छ, असिरियामा आवाद थियो र पछि यसले पनि मेसोपोटामियामा साम्राज्य कायम गऱ्यो । त्यो जाति पनि शिवपूजक तथा लिङ्गपूजक जाति हो । यसै वंशका वाणासुरले १४ करोड शिवलिङ्ग बनाई पृथ्वीभरि नै छरिदिए जो वाणलिङ्गका नाउँले आज पनि नर्मदा आदि नदीमा पाइन्छ भनेर हाम्रा पुराण-साहित्यले पनि वर्णन गरेका छन् । यी पौराणिक गाथाले रहस्यात्मक ढङ्गमा जे-जति कुरा भनेका छन्, त्यसको परिशीलन गर्दैन, प्राप्त पुरातात्त्विक सामग्रीको छानबिन र तुलनात्मक अध्ययन गर्दा पश्चिम एसियाका सांस्कृतिक पक्षसँग आयसंस्कृतिको आदान-प्रदान र आआफ्ना धार्मिक परम्परासँग मेल खाने तरिकाले नाम, रूप र परम्पराको आवश्यक हेरफेर गरी परस्परमा स्वीकृत गरेको कुरा मान्न सकिन्छ ।

शङ्कराचार्यको 'सौन्दर्य लहरी' नामक तान्त्रिक स्तोत्रको व्याख्या गर्ने लक्ष्मीधरले भारतीय आगमशास्त्र (तन्त्र) को विश्लेषण गर्दै वैदिक र अवैदिक दुई भागमा बाँडेका छन् । वैदिक परम्पराभित्र दार्शनिक पक्षको उत्कर्ष बोकेर सामाजिक स्थितिमा खलल नपारीकन गरिने तान्त्रिक उपासनाको व्याख्या गर्ने तन्त्रशास्त्र वैदिक मानिन्छन् भने वेदविहित आचार-विचारको बिल्कुलै विपरीत दिशामा लागेर गरिने उग्र उपासना-पद्धतिको निर्देशन गर्ने तन्त्रलाई अवैदिक मानिएको छ । कतिपय तन्त्रशास्त्रमा भने वैदिक परम्परासँग मेल खाने र नखाने दुवै किसिमका उपासना-पद्धतिको व्याख्या गर्ने तन्त्रशास्त्र पनि छन् । तान्त्रिक साधनापक्षको इतिहास वैदिककालदेखि नै डोरिएको पाइन्छ, तापनि

यसको साम्प्रदायिक रूपमा विकास हुन थालेको चाहिँ ईसाको केही शताब्दीपूर्व मात्रै हो भन्ने विद्वान्हरूको तर्क छ। शास्त्रीय प्रमाणलाई मान्ने हो र त्यस्ता शास्त्रको निर्माण समय पनि भारतीय विद्वान्हरूकै मान्ने हो भने महाभारतकालीन समाज पनि शैव र शाक्त मतावलम्बी थियो भन्नुपर्छ।

न शङ्खाङ्का न चक्राङ्का न वज्राङ्का यतः प्रजा
लिङ्गाङ्काश्च भगाङ्काश्च तस्माद् माहेश्वरी-प्रजाः
देव्याः कारण-रूप-भाव-जनिताः सर्वा भगाङ्का स्त्रियो
लिङ्गेनाऽपि हरस्य सर्वपुरुषाः प्रत्यक्ष-चिन्हीकृताः।

अर्थ - यहाँका प्रजाहरू न शङ्ख न चक्र न वज्रले चिन्हित छन्, लिङ्गले र योनिले मात्रै चिन्हित छन्। यसकारण यी सबै माहेश्वरी प्रजा हुन्। देवीको कारणरूपी भावले ज़न्मने स्त्रीहरू सबै योनि चिह्नले युक्त छन् र सबै पुरुषहरू पुरुषरूपी शिवको लिङ्गले प्रत्यक्ष रूपमा नै चिन्हित छन्।

महाभारत सात्वतवंशी श्रीकृष्णको महिमा-मण्डित भएको कारणले वैष्णव ग्रन्थ भनिन्छ। परन्तु उपर्युक्त उत्तराको कथनबाट सात्वत धर्मभन्दा पनि शिवशक्तिको महिमाले त्यो वेला व्यापकता पाइसकेको थियो भन्ने कुरा स्पष्ट हुन्छ। शिवशक्तिको उपासनापद्धतिमा वैदिक र अवैदिक उपासनापद्धतिलाई व्याख्या गर्ने आगमशास्त्रहरू बनिसकेका थिए। पाशुपत, कालामुख, कापालिक, सौमिक आदि शैव-सम्प्रदायको महाभारतकालमा विकास भइसकेको थियो वा थिएन भन्ने साधन हामीसँग छैन। तथापि वैदिक संहिता, ब्राह्मण र श्वेताश्वतर उपनिषद् आदि वैदिक साहित्यले शिवको सर्वव्यापक रूपको महिमा गाएकाले महाभारतकालीन प्रजा शैव हुनु आश्चर्य हुँदैन। यस्तै शिवकी शक्ति रूपमा अम्बिका अथवा पार्वती पनि दुर्गा, काली आदि नाना रूपमा अवश्य नै परिचित भइसकेकी थिइन् भन्ने थाहा पाइन्छ। आर्यहरूको धार्मिक र सांस्कृतिक इतिहासको परिशीलन गर्दा सिन्धुघाटी सभ्यतामा नै पशुपतिस्वरूप शिव, योगीरूप शिव, लिङ्ग प्रतीक भएका सृष्टिका आदिदेव शिवको अस्तित्त्व पाइन्छ भने ऋग्वेदमा रुद्ररूप शिव र यजुर्वेदमा चराचरजगत्का स्वामी तथा सम्पूर्ण मानवजातिका महादेव, सर्वनियन्ता, सर्वव्यापक, सर्वशक्तिमान् रूपमा शिव चर्चित छन्।

यहाँ शिवको चर्चा किन गरियो भने शिवभन्दा अलग अस्तित्त्व शक्तिको छैन। जहाँ शक्ति छन् त्यहाँ शिव छन्। विन्दुरूप परमतत्त्व शिवको क्षेमद्वारा नै पराशक्तिको चिदाभास हुन्छ। अर्थात् निर्गुणरूप शिव नै स्वयम् अद्भुत इच्छाले पराशक्ति (चित्शक्ति) का रूपमा प्रकाशित हुन्छन्।

उपर्युक्त दार्शनिक पक्षलाई हाम्रो वैदिक साहित्यले नै व्याख्या गरेको छ। श्वेताश्वतर उपनिषद्मा भनिएको छ-

मायां तु प्रकृति विद्यान्मायिनं तु महेश्वरम्। ४/१०

अर्थ - माया भनेकी प्रकृति हुन् र मायाको सृष्टि गर्ने स्वयम् महेश्वर हुन्। जगत्-प्रसिद्ध विद्वान् आदिशङ्कराचार्य विवेकचूडामणि भन्ने ग्रन्थमा उल्लेख गर्छन्-

अव्यक्त-नाम्नी परमेश-शक्तिरनाद्यविद्या त्रिगुणात्मिका परा
कार्यानुमेया सुधियैव मायया, यया जगत् सर्वमिदं प्रसूयते

सन्नाप्यसन्नाऽप्युभयात्मिका नो, भिन्नाप्यभिन्नाऽप्यभयात्मिका नो
साङ्गाप्यनङ्गा ह्युभयात्मिका नो महान्भुताऽनिर्वचनीयरूपा ।

११०-११ ।

अर्थ - अव्यक्त नामकी परम ईश्वरी शक्तिलाई अनादि, अविद्या, सत्त्वरज, तमोगुणले युक्त भएकी परा, प्रकृति, माया आदि नामले पुकारिन्छ जसबाट सम्पूर्ण जगत् जन्मन्छ। कार्य-कारण-रूपा हुन् भनेर ती शक्तिलाई विद्वान्हरूले अनुमान गर्दछन् ।

ती मायारूपिणी पराशक्तिको अस्तित्त्व छ पनि, छैन पनि । अर्थात् छन् पनि, छैनन् पनि अथवा दुवै रूप नहुनु पनि, यसभन्दा अर्कै रूप हुनु पनि र नहुनु पनि उनको नै रूप हो । अङ्गले युक्त भएकी, अथवा अङ्ग नभएकी अथवा दुवै किसिम नभएकी अत्यन्त अद्भुत, अनिर्वचनीया (वचनले व्याख्या गर्न नसकिने) पराशक्ति छन् ।

वेद र उपनिषद्ले परात्परा रूपमा मानिएकी शक्तिलाई नै पछिका दार्शनिकहरूले अकल्पनीया र अनिर्वचनीया भनेर व्याख्या गरेको पाइन्छ । वेदमा भनिएको छ-

'य एतां मायां, शक्ति वेद, स मृत्युं जयति
स पाप्मानं तरति सोऽमृतत्त्वमधिगच्छति ।

अर्थ- जो यस्ती ब्रह्मशक्ति मायालाई जान्दछ, त्यसले मृत्युलाई जित्छ र पापमुक्त भएर अमृततत्त्व पान गर्छ ।

अथर्ववेदको सौभाग्यकाण्डमा भनिएको छ - जो सिंह, व्याघ्र, सर्प आदिमा तेजोरूपले रहेकी छन्, जो अग्नि, ब्राह्मण, सूर्यमा तेजरूपले प्रकाशित छन्, जुन सुभगादेवी इन्द्रकी पनि जननी हुन् ती ज्योतिर्मयी रूपले हाम्रा निम्ति आविर्भाव होऊन् ।[३२] जुन देवी हात्ती, वाघ, स्वर्ण, जल, गाई (तेज पृथ्वी), मानिस आदिमा तेजोरूपले रहेकी छन्, जुन सुभगादेवी इन्द्रलाई पनि जन्माउँछिन्, ती देवी हाम्रा निम्ति ज्योतिर्मयी स्वरूपले आविर्भाव होऊन् ।

अथर्वसंहिताको यो मन्त्रार्थलाई पुराणहरूले व्याख्या गर्दै भनेका छन्-

या देवी सर्वभूतेषु शक्तिरूपेण संस्थिता
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमोनमः ।
(मार्कण्डेयपुराण, देवीमहात्म्य अ. ५)

अर्थ - जुन देवी सम्पूर्ण प्राणीमा शक्तिरूप भएर बसेकी छन्, तिनलाई नमस्कार, नमस्कार, नमस्कार छ ।

यसरी पूर्व-वैदिककालमा नै शक्तिरूपमा परिचित भइसकेकी देवी उत्तर-वैदिककालमा पराशक्तिको रूपमा अनन्त सत्तात्मिका ज्योतिःस्वरूपाका रूपमा वर्णित छन् । तिनै पराशक्तिका विविध रूप र कीर्तिगाथाहरू हामी आगम-साहित्य र पुराण एवम् दार्शनिक ग्रन्थमा देख्न पाउँछौं ।

वाग्देवी अथवा सरस्वती :

तेजोरूपा शक्तिको वैदिक चिन्तनका विषयमा उल्लेख गरियो । त्यस्तै मानवीय शक्तिका रूपमा रहेकी वाक्शक्तिका विषयमा पनि ऋग्वेदमा नै चिन्तित गरिएको छ । आप्रीसूक्त[३३] (ऋ. ०१/१८८/८ तथा ऋ.[३४] २/१/११ र[३५] २/३/८ एवम् ऋ.[३६] ३/४/८) आदि मन्त्रहरूमा यज्ञदेवताका रूपमा इडा, भारती, सरस्वतीको उल्लेख भएको पाइन्छ ।[३७]

आचार्य सायणले आप्रीसूक्त (ऋ. १/१८८/८) को भाष्यमा इडा पृथ्वीलोककी, भारती आदित्यसम्वन्धिनी (अन्तरिक्षकी) र सरस्वती द्युलोक (स्वर्ग) सम्वन्धिनी देवींको रूपमा व्याख्या गरेका छन्। शतपथव्राह्मणग्रन्थ (३/९/१/७) मा वाक् नै सरस्वती हुन् र मन्त्र मन्त्रांश एवम् वाक्य स्वरूपा देवीलाई वाक् भनिन्छ, इत्यादि भनिएको छ। आमा, नदी र देवीरूपमा पनि सरस्वतीको प्रार्थना गरिएको छ।[३८]

ऋग्वेदका अन्य मन्त्रहरूमा वाग् रूपा शव्दशक्तिको वर्गीकरण गर्दै भनिएको छ - 'वाणी चार प्रकारका छन्, जलाई मेधावी ऋषिहरूले जान्दछन्। तीमध्ये तीनचाहिँ शरीररूपी गुफामा अन्तर्निहित छन् र प्रकाश हुँदैनन्। चौथो वैखरी नाम गरिएकी वाणी (वाक्) मानिसहरूले वोल्छन्।[३९]

तान्त्रिकदर्शनको व्याख्या गर्ने आगमशास्त्रले पनि वाक्शक्तिलाई चार प्रकार- परा (१), पश्यन्ती (२), मध्यमा (३), वैखरी (४) रूपमा विभाजन गरेको छ। तीमध्ये पहिलेका तीन वाक्शक्ति शरीरको मेरुदण्डवीच रहेकी सुषुम्ना नाडी (नशा) मा गुप्त रूपले रहेका छन् र जो अप्रकाशित छन्। चौथा वैखरी नामकी वाणी कण्ठ, तालु, दन्त, ओष्ठ आदिको स्पर्श गर्दै उच्चरित भएर व्यक्त ध्वनिका रूपमा प्रकाशित हुन्छिन्।[४०]

ऋग्वेदकै अर्को मन्त्रमा भनिएको छ- 'जुन वाग्देवी दीप्तिमती छन्, देवतालाई आनन्ददायिनी छन्, ती देवी चारै दिशाका भोग्यवस्तु अन्न, जल, फलफूलरूपी दूध दिएर इहलोकको भोगका साथै निष्काम मनले सेवा गर्ने ज्ञानीहरूलाई निःश्रेयस (मोक्ष) फल पनि दिन्छिन्। देवताहरू जुन प्रकाशमान वाग्देवीलाई उत्पादन गर्छन् (बोल्छन्) ती विश्वरूपा (नादरूपा) वाणी पशुहरू पनि वोल्छन्। यस्ती हर्ष, अन्न, रस, जल दिने धेनु (दुहुनी गाई स्वरूपिणी) मानेर स्तुति गरिएकी वाग्देवी हामीहरूको सन्निकट आऊन्।[४१]

उपर्युक्त मन्त्रहरूको व्याख्या गर्दा पनि वाग्देवीको विशेष महत्त्वका बारेमा थाहा पाइन्छ। यसै आशयलाई पुराण तथा आगमशास्त्रहरूले विस्तृत व्याख्या गरेर सरस्वतीको दस नाम निर्धारण गरिएको छ।

महाविद्या, महावाणी, भारती, वाक् सरस्वती
आर्या, ब्राह्मी, कामधेनु, वेंदगर्भा च धीश्वरी।
- वैकृतिक रहस्य

वाणी नै विद्या हुन्। अन्य नामहरू पनि शक्तिको कामअनुसार नै नाम निर्धारण गरेको पढ्न पाइन्छ।[४२] अठार विद्याकी अधिष्ठात्री महाविद्या हुन्।[४३] अठार प्रकाशका विद्यालाई ६४ कलामा विभाजित गरिएकोले अठार विद्याका पनि चौसठ्ठी भेद छन्। ६४ कला विद्याकी अधिष्ठात्री देवी पनि सरस्वती हुन्।[४४]

- 'सरणात् सर्वदृष्टिनां कथितैषा सरस्वती।'

- योगवासिष्ठ ६ (२) ८४ (१२)

अर्थ - सम्पूर्ण सृष्टि जसबाट जन्मन्छ, ती नै सरस्वती हुन्।

यस्तै भरद्वाज भन्छन्-

या वसेत् प्राणी जिह्वासु सदा वागुपवर्तनात्
सरस्वतीति नाम्नेयं सदा ख्याता महर्षिभिः।
- भा. स्मृ.

(वाणीरूप भएर सम्पूर्ण प्राणीहरूको जिह्वामा निवास गर्ने शक्तिलाई महर्षिहरूले सधैं सरस्वती नाउँले पुकारेका छन् ।)

व्राह्मी- ठूलो शरीर भएकी, प्रमाणले नाप्न नसकिने ठूली र व्यापकरूपा भएकीले व्राह्मी भनिन्छिन् ।

कामधेनु- वाचं धेनु मुपासीत (वृहदारण्यकोपनिषद् ५/८/१) अर्थात् धेनु भनेकी दुहुनी गाईजस्तै धेरै दूध दिने हुन्छिन्, त्यस्तै उपासक भक्तलाई अनेक फल दिने भएकीले सरस्वतीको नाम कामधेनुः रहेको कुरा वैदिक साहित्यले नै पुष्टि गर्छ ।

वेदगर्भा नाम पनि वाग्देवीको पाइन्छ । सम्पूर्ण वेदमन्त्रहरू जसवाट उत्पन्न हुन्छन् तिनै देवी वेदगर्भा हुन् ।

धीश्वरी- वुद्धिरूपिणी अथवा गायत्रीरूपिणी वाग्देवीको नाउँ नै धीश्वरी हो भनेर व्याख्या गरिएको छ ।

यसरी सृष्टिका प्रत्येक पदार्थमा सन्निहित शक्ति, गुण, तात्त्विक-मण्डन र विखण्डनमा प्रकृतिरूपिणी शक्तिको अविच्छेद्य सम्वन्ध रहेको छ भन्ने कुरा वैदिक कालमा नै ज्ञान प्राप्त गरिसकेका थिए । सम्पूर्ण विद्या र कला चैतन्यरूपा शक्तिको प्रतिरूप हो भन्ने कुरा प्राचीन महर्षिहरूले वैदिक चिन्तनवाट थाहा पाएर आगम तथा पुराण-इतिहासमा व्यापक रूपमा चर्चा गरे ।

उमा, गौरी, सती, चण्डी, सुन्दरी, सुभगा, शिवा आदि ।

आगमशास्त्र एवम् पुराणहरूमा शक्तिरूपिणी प्रकृतिका अनेक नाम र कामको चर्चा-परिचर्चा भएको छ । पराशक्तिवाट प्रादुर्भाव भएका तीन गुण सत्व, रज र तमका प्रतीक महालक्ष्मी, महासरस्वती र महाकालीका चरित्रकथाहरू शाक्तपुराण र आगमहरूमा वर्णन गरिएको पाइन्छ। त्यस्तै अन्य पुराणहरूमा व्रह्मा, विष्णु, महेश्वर, रजोगुण, सत्वगुण र तमोगुणका अधिपति सृष्टिकर्ता, स्थितिकर्ता र संहारकर्ताका रूपमा चर्चित छन् ।

हिन्दूधर्ममा प्रणव (ॐकार) को विशेष महत्त्व छ । अकार रूप व्रह्मा, उकार रूप विष्णु र मकार रूप शिव मानिन्छन् भने अकार रजोगुणको प्रतीक, उकार सत्वगुण र मकार तमोगुणको प्रतीक मानिन्छ । त्रिगुणात्मिका पराशक्तिको नाम नै उमा हो ।

ॐकार-सार-शक्तित्वा-दुमेति परिकीर्तिता
- योगवासिष्ठ ६(२) ८४ (११)

अर्थात् ॐकार रूप प्रणवको सार-शक्तिरूपिणीलाई उमा भनिन्छ । अ-उ-म- तीन अक्षरको व्याकरणसम्मत सन्धि हुँदा 'ॐ' यस्तो रूप हुन्छ र ॐ शव्दको स्त्रीलिङ्गी रूप आकारान्त हुँदा उमा शव्द वन्छ । यसरी प्रणवरूपा शक्तिको नाम उमा हो । आर्य ऋषि-महर्षिको चिन्तनले जुन दार्शनिक पक्षको विकास भएको छ, त्यसमा पराशक्तिरूपा उमाको विभिन्न तरिकाले निर्वचन गरिएको छ ।

सुप्तानामथ वुद्धानाममात्रोच्चारणादहृदि
नित्यं त्रैलोक्य भूतानां उमेतीन्दुकलोच्यते ।
- योगवासिष्ठ ६(२) ८४ (१४)

(सुतेको वेला, जग्गा भएको वेलामा पनि समस्त प्राणीका हृदयमा अनाहतनादरूपले रहेकी अ, उ, म आदि मात्रासहित, शव्दव्रह्मरूप प्रणवको माथि इन्दुकला तथा विन्दुरूप

भएर रहेकी (ॐकारको माथि रहने चिह्न) शक्तिको नाम नै उमा हो। नादस्वरूप अर्धचन्द्र र विन्दु परमसत्तारूपी शिवको प्रतीक मानिन्छ।

लिङ्गपुराणमा परमशिवलाई देवीले भनेकी छन्- मेरो प्रणवमन्त्रमा अकार, उकार, मकार रहेका छन्। यी तीन मात्रायुक्त अक्षरको समष्टिरूप नै उमा हो।[४५] यसकारण शक्ति-रहस्यका ज्ञाताहरूको उक्तिमा ॐकार ईश्वरको प्रणव जस्तै 'उमा' शव्द देवीको प्रणवमन्त्र हो।

शिवसूत्र नामक ग्रन्थमा ईश्वरप्राप्तिका निम्ति साधकहरूले गरिने प्रचण्ड इच्छाशक्तिको नाउँ नै उमा हो[४६] भनिएको छ। यसैलाई सूतसंहिता भन्ने आगम-ग्रन्थमा उत्तमा चित्तवृत्तिको नाउँ नै उमा हो भनिएको छ।[४७]

पौराणिकहरूले उमा शव्दको निर्वचन गर्दै भन्छन्- शिवलाई पति पाऊँ भनेर तपस्या गर्न तयार भएकी पार्वतीलाई मेनका नाम गरिएकी आमाले 'उ!' शव्दले वोलाइन् र 'मा तपस्यां कुरू' भनेर निषेध गरेकी हुँदा पार्वतीको नाउँ उमा भयो।[४८] यसै कुरालाई महाकवि कालिदास कुमारसम्भव भन्ने महाकाव्यमा व्यक्त गर्छन्-

ऊमेति मात्रा तपसो निषिद्धा,
पश्चादुमाख्यां सुमुखी जगाम।
- कु.सं. महाकाव्य १/२६

(उ भनेर वोलाई नजाऊ भनेर आमाले रोक्न खोज्दा पछि सुमुखी पार्वतीको नाउँ उमा भयो।)[४९]

सामवेदअन्तर्गतको प्राचीन उपनिषद्मध्येको केनोपनिषद् (१४-२८) मा हैमवती उमाको छोटो परिचय पाइन्छ जुन कुराको प्रसङ्ग भइसकेको छ। यसको भाष्य गर्ने आद्यशङ्कराचार्य उमालाई व्रह्मविद्या भनेर व्याख्या गर्छन्।

घमण्डले चूर भएका इन्द्रलाई हैमवती उमाको आकाशवाणी भयो। इन्द्रले देववाणी सुनेपछि भगवतीको मायावीज जपेर धेरै कालसम्म उपासना गरे। चैत्रशुक्ल नवमीका दिन मध्य दिनमा तेजोमण्डल रूप प्रकाशित भयो। विस्तारै त्यो तेजको थुप्रोवाट मङ्गलमयी एउटी कुमारी निस्किन्। यही केनोपनिषद्की उक्तिलाई विस्तार रूपले देवीभागवत् पुराणमा भनिएको छ -

तेजोमण्डल मध्येतु कुमारीं नवयौवनाम्
भास्वज्जवां प्रसूनाभां कोटिवालरविप्रभाम्
बालशीतांशुमुकुटां वस्त्रान्तर्व्यञ्जित स्तनीम्
चतुर्भिर्वरहस्तैस्तु वरपाशाङ्कुशाभयाम्।
(देवीभा. ८/२२/५२-५३)

(तेजोमण्डलका बीचवाट नवयौवना कुमारी जन्मिन्। जपाकुसुमको जस्तै लालवर्ण भएकी, कोटी वालसूर्यको कान्तिले युक्त, वालचन्द्रमाको मुकुट लगाएकी, वस्त्रले ढाकिएकी अनि सुन्दर स्तनले शोभायमान, चार हातमा पाश-अङ्कुशले युक्त वरद् र अभय मुद्राधारिणी कुमारीलाई इन्द्रले देखे।)

सम्पूर्ण कार्यकारणका पनि कारणरूप भएकी निर्मल करुणायुक्त मूर्ति हैमवती उमालाई देखेर प्रेमले गदगद भएका इन्द्रले प्रणाम गरेर तेजोमण्डलवाट प्रादुर्भाव हुनुको कारण सोधे।

उमाले इन्द्रलाई भनिन्- [४०]मेरो यो रूपलाई सम्पूर्ण कारणको पनि कारण भएको 'व्रह्मरूप' सम्झ । त्रिगुणात्मिका मायाशक्तिभन्दा पनि माथि निर्गुण अवस्थामा रहने सम्पूर्ण जगत्को साक्षीरूपा, सवैभन्दा माथि रहने सवै प्राकृत रूपवाट मुक्त निरामयरूप नै मेरो हो ।

निर्गुण र सगुण दुई किसिमका मेरा रूप छन् ।[४१] मायारहित हुँदा निर्गुण रूप हुन्छ र मायायुक्त (जगत् प्रपञ्च रूप) हुँदा सगुण रूप हुन्छ । म नै सम्पूर्ण जगत्को सृष्टि गरेर त्यसभित्र (चित्शक्तिको रूपमा) प्रवेश गर्छु । सृष्टिकाल र स्थितिकालमा व्रह्मा, विष्णु, रुद्रलाई प्रेरणा दिने प्रेरकशक्ति म नै हुँ । म नै सृष्टि गर्न, स्थिति गर्न र संहार गर्न नियुक्त गर्छु । तिम्रो पनि जय-पराजयको कारण मै हुँ । म नै तिमीहरूलाई कठपुतलीजस्तै नचाउँछु । कहिले देवताको विजय र कहिले दैत्यहरूको विजय गराउने म नै हुँ र समस्त प्राणीहरूलाई कर्मानुसार घुमाउँछु । हे इन्द्र ! तिमीले मलाई विर्सेर मैले गरें भन्ने अभिमान गर्‍यौ । तिम्रो अहम्को मोहलाई नाश गर्न तिम्रो शरीरमा रहेको मेरो तेजलाई वाहिर निकालेर त्यसैभित्र तेजोमय यक्ष (व्रह्म) रूप भएर म जन्में ।

यसरी उपनिषद्ले इङ्गित गरेको उमाको विशेषतालाई पुराणसाहित्यले विस्तारपूर्वक व्याख्या गरेका छन् । गोरो वर्ण भएकी उमाको नाम गौरी रहेको छ भने उग्ररूपदेवीलाई चण्डी, चण्डिका भनेर सम्वोधन गरेको पाइन्छ ।

सतीरूपा देवीको जन्मले सम्पूर्ण प्राणीजगत्को मङ्गल भएको कारणले सत्यको स्वरूपलाई विचार गरेर सती भन्ने नाम राखेको कुरा देवीभागवत्मा नै वर्णन गरिएको छ ।

सुन्दरी - त्रिपुरसुन्दरी :

भगवती उमाकै अर्को नाम सुन्दरी वा त्रिपुरसुन्दरी पनि हो । त्रिपुराको विषय वर्णन गर्ने त्रिपुरोपनिषद्, त्रिपुरातापिन्यूपनिषद् आदि उपनिषद्हरू पनि छन् । यी उपनिषद्हरू अर्वाचीन भनिए तापनि ई.पू. पहिलो शताव्दीभन्दा अगाडिका नै हुन् । उपनिषद्-साहित्यले व्याख्या गरेको रूप नै पौराणिक साहित्यमा पनि पाइन्छ । कालिकापुराणमा भनिएको छ-

सिन्दूरपुञ्ज सङ्काशां त्रिनेत्रान्तु चतुर्भुजाम्
वामोर्ध्वे पुष्पकोदण्डं धृत्वाधः पुस्तकं तथा
दक्षिणोर्ध्वे पञ्चवाणान् अक्षमालां दधात्यधः
चतुर्णां कुणपानान्तु पृष्टेऽन्यं कुणपान्तरम्
निधाय तस्य पृष्टे तु समपादेन संस्थिताम्
जटाजूटार्धचन्द्रेण समावद्ध शिरोधराम्
नग्नां त्रिवलिभेदेन चारुमध्यां मनोहराम्
सर्वालङ्कारसम्पन्नां सर्वाङ्गसुन्दरी शुभाम्
स्रवद्द्रविण. सन्दोहां सर्व लक्षणसंयुताम्
एनान्तु प्रथमं ध्यात्वा त्रिधात्मानं तु चिन्तयेत् ॥

(तीन नेत्र भएकी, सिन्दूरको थुप्रोजस्तै लालवर्णकी, चार हात भएकी, देव्रेपट्टिको माथिल्लो हातमा पुष्प, धनु, तल्लोमा पुस्तक, माथिल्लो दाहिने हातमा पाँच वाण, तल्लोमा रुद्राक्षमाला, चार शवको माथि शव (मुर्दा) नै राखेर त्यसमाथि वरावर पाउले टेकेर

उभिएकी, जटाजूटमा अर्धचन्द्र धारण गर्ने, नग्ना, पेटमा त्रिवलिले युक्त सम्पूर्ण गहना लगाएकी, सर्वाङ्ग सुन्दरी, असल धन वितरण गर्ने, सम्पूर्ण लक्षणले युक्त भएकी त्रिपुरादेवीको ध्यान गरेर आफूलाई तीन किसिमले चिन्तन गरोस् ।) सुभगा-सुभगाको निर्वचन गर्दै सौभाग्य भास्कर भन्ने ग्रन्थमा तान्त्रिकाचार्य भास्कर राय भन्छन् - श्री काम, महिमा-वीर्य-यत्न-कीर्त्यादयो भगपद वाच्याः । (भग शब्दले लक्ष्मी, ऐश्वर्य, कल्याण, काम, महिमा, वीर्य, यत्न र कीर्ति आदिलाई बुझाउँछ ।)

यसरी विभिन्न नामले उपासना गरिने सगुणात्मक शक्तिको विविध रूप, आयुध मुद्रा र आसनको आगम र पुराण-साहित्यले वर्णन गरे तापनि मूलभूत रूपमा कुनै न कुनै चिह्नले उमादेवीको नै प्रतिनिधित्व गरिराखेको हुन्छ ।

तान्त्रिक-साहित्यमा 'श्रीविद्या' (षोडशी) का नाउँले उपासना गरिने देवीलाई नै त्रिपुरसुन्दरीका नाउँले सम्वोधन गरिन्छ । त्रिपुरा, ललिता, वाला आदिबाट पनि श्रीविद्याकी अधिष्ठात्री देवीकै बोध हुन्छ । श्रीविद्या, जो श्रीयन्त्रका रूपमा उपासना गरिन्छ, यसको परम्परा वैदिक कालदेखि अविच्छिन्न रूपमा आजसम्म चलेर आएको पाइन्छ । ऋग्वेदको अङ्ग मानिएको साङ्ख्यायन आरण्यकमा भगवती त्रिपुराको माहात्म्य गाइएको छ । विश्वकी अधिष्ठात्री अपरा, परारूपले रहेकी, समस्त देवताद्वारा पूजा गरिएकी, ठूलो महिमाले युक्त, अजरा र अमरास्वरूपिणी आदि वर्णन गरिएको छ ।[५२]

अद्वैत वेदान्तका व्याख्याता महामहेश्वर शङ्कराचार्यका सबै पीठहरूमा श्रीविद्याको उपासना गरिन्छ । परमविद्येश्वरी पराशक्तिका रूपमा अनादिकालदेखि नै ऋषिमुनि र देवताहरूले श्रीविद्याको उपासना गर्थे भन्ने कुरा हाम्रा वेद, उपनिषद्, आरण्यक, ब्राह्मण-ग्रन्थ र प्राचीन र अर्वाचीन आगम-साहित्य तथा पुराणहरूमा वर्णन पाइने हुँदा शाक्त सम्प्रदायको सर्वमान्य उपासना-पद्धति आदिम युगदेखि नै चलेको मान्न बाधा छैन । तथापि वैदिककालको उपासना र पछिपछिका साधनाक्रमहरूको विधिविधान एकै थियो भन्नचाहिँ सकिँदैन । तथापि श्रीविद्याको उपासनाक्रममा त्यति विभिन्नता र उग्रताले स्थान पाएको देखिँदैन । वैदिक परम्पराका शास्त्रहरूको मूल दार्शनिक पक्ष हो - लौकिक आचार-विचारदेखि माथि उठेर जुन दार्शनिक चिन्तनद्वारा परमसत्ताको उपासना, साक्षात्कार हाम्रा योगी-महर्षिहरूले गरेका छन्, त्यसैले नै हिन्दूधर्म अनुप्राणित छ ।

हिन्दूदर्शनको साधनापक्ष हो योगक्रिया । योग र तन्त्रको यति घनिष्ठ सम्वन्ध छ कि त्यसलाई छुट्याउनै सकिँदैन । साथै योगसिद्धिद्वारा अनुभूत विषयले गर्दा शिवशक्तिको परम शाश्वत-सत्ताको जुन विवेचना तन्त्रशास्त्रमा भएको छ, त्यसले पूर्वीय दर्शनशास्त्रको एउटा छुट्टै महल खडा भएको छ । हाम्रा साङ्ख्य, वेदान्त, न्याय, वैशेषिक दर्शनहरूको धरातल तर्कशक्ति हो भने योगसाधनाका माध्यमबाट अनुभूत, तान्त्रिक दर्शनका द्वैताद्वैत सिद्धान्त अनिर्वचनीय र अनुभवगम्य विषय रहेको छ ।

साधनाका लौकिक पक्षको विविधता, असामाजिक क्रियाकलाप र निकृष्टतम देखिने व्रतचर्याले गर्दा तन्त्रपक्षको साधना र उपासना हेय भएको छ र गुरुमुखद्वारा मात्र जान्न सकिने गूढ रहस्य एवम् साधनाका खुड्किलाहरूको अनुभूति पनि गुप्त नै रह्यो जसले गर्दा आज असङ्ख्य रूपमा रहेको आगम-शास्त्रको ज्ञानगुणका साथै शास्त्रहरू नै लोप हुने अवस्थामा पुगेका छन् ।

हिन्दूशास्त्र वेद, पुराण, इतिहास, दर्शन, धर्मशास्त्र, साहित्य, व्याकरण, ज्योतिषशास्त्र आदिमा पूर्वीय र पश्चिमी अनेकौं विद्वान्हरूले अन्वेषण र अनुसन्धान गरी इतिहासको सिँढीमा उभ्याइदिएका छन्। परन्तु अन्य समस्त साहित्यको ग्रन्थराशिसँग मुकाविला गर्न सक्ने आगम-साहित्यको अन्वेषण, परीक्षण र ऐतिहासिक क्रम निर्धारण गर्ने अनुसन्धाताहरूको नितान्त अभाव नै छ।

ई.पू. तेस्रो शताव्दीदेखि वैदिक शिवको उपासना-पद्धतिमा साम्प्रदायिक रूपको जन्म भएको कुरा ऐतिहासिक विद्वान्हरूले अनुमान गरेका छन्। शैवधर्म तथा शिवसँग तादात्म्य राख्ने शक्तिको उपासना गर्ने क्रम के-कस्तो थियो, त्यो स्पष्ट गर्ने साधन हामीसँग छैन।

वर्तमान कालमा पाइने शैवागम, रुद्रागम, यामल र तन्त्रहरूको अध्ययन गर्दा छैठौं वा सातौं शताव्दीभन्दा अगाडि जान कठिन पर्छ। यद्यपि आगम (तन्त्रशास्त्र), निगम (वेद) दुवैको उदयकाल सँगसँगै मान्नुपर्ने आधार छन्, तथापि वैदिक साहित्यजस्तै नियमवद्ध रूपमा अपरिवर्तनीय स्वरूप आगम शास्त्रको रहेन। वैदिक धारामा कर्मविधान र चिन्तन-प्रक्रियामा आमूल परिवर्तन भएन। यद्यपि कर्ममा जटिलता थपिएको कुरा इतिहासकारले उल्लेख गर्छन्। चिन्तनधाराको विकास उपनिषद्-साहित्यमा भएको छ तापनि साधनाक्रममा विविधता नआउने र गुप्त साधनाको प्रक्रिया नभएकाले जस्ताको तस्तै रूपमा रह्यो। वरु नयाँ विचार, सम्प्रदाय र विशेष देवताका निम्ति नयाँ उपनिषद्हरू वन्दै रहे। यस्तै शाक्त सम्प्रदायलाई व्याख्या गर्ने उपनिषद् पनि वनेको पाइन्छ तापनि उपनिषद्को धारासँगै आगमको योग र साधनापक्षको समन्वय भएन।

नेपालमा शाक्त सम्प्रदायको चर्चा गर्दा आगम-साहित्यको ऐतिहासिक पक्षको पनि यहाँ चर्चा गर्नु आवश्यक भएको छ। तन्त्र-साहित्यका भेद-विभेद, साधनाक्रम, उपास्य देवीदेवता यति धेरै छन् कि तिनको नामाङ्कन र विशेषता दिग्दर्शन गर्न पनि सरल छैन। साथै तन्त्रशास्त्रका ग्रन्थहरू प्राचीन लिपिमा ताडपत्र र भूर्जपत्रमा लेखिएका र नेपाल, भारत, चीन, तिव्वत, युरोप र अमेरिका आदि देशका पुस्तकालयका निधिका रूपमा रहेका हुँदा अध्ययन-मननका निम्ति सुलभ छैनन्। तथापि महामहोपाध्याय गोपीनाथ कविराजजस्ता वरेण्य मनीषिहरूको प्रयासले नामसम्म जान्न र पढ्न पाइने भएको छ। यसका निम्ति पनि आगमशास्त्रको विकासको पृष्ठभूमि जान्नु परमावश्यक हुन्छ जसको दिग्दर्शन यहाँ गरिन्छ।

शिवको वैदिक तथा आगमिक स्वरूप

ऋग्वेदकालमा रुद्र देवता पशु र वनस्पतिका देवताका रूपमा देखिन्छन्। उनको काम डरलाग्दो हुन्छ। रोग-व्याधिवाट त्राण पाउन उनको स्तुति गरिन्छ। उनका सहचारी मरुद्गण छन्। उनी रिसाए भने आँधीवेरी, विजुली-पानीद्वारा प्राणीवर्गलाई सन्त्रस्त पार्दछन्।

यजुर्वेदमा रुद्र शिव, पशुपति, उग्र, भीम, भव, शर्व नामले चराचरका मालिक मानिन्छन्। उनी जटामुकुट लगाउने, कहिले मुण्डितकेश भएका अग्निरूप, सूर्यरूप, पृथ्वी, जल, रुख, वनौषधिरूप धारण गर्ने सर्वव्यापक र सर्वनियन्ताका रूपमा वैदिक मन्त्रले स्तुति गरिने देवाधिदेवका रूपमा देखिन्छन्। उनको डरलाग्दो धनुवाट वालकको, पशुधनको, वृद्ध नरनारीको रक्षा होस् भनेर प्रार्थना गरिन्छ। सभाका मालिक, सभापति, अश्वरूप र

अश्वपतिरूप, व्रातपति, भूतप्रेतका पति, रथकार, कर्मी, वुद्धिमान् र निकृष्ट जातिका पनि मालिकलाई नमस्कार छ इत्यादि मन्त्रले परमेश्वरका रूपमा शिव वा रुद्रको प्रार्थना गरिएको पाइन्छ ।

अथर्ववेदका शिव पृथ्वीरूप, जलरूप, तेजोरूप, वायु र आकाशरूप तथा अग्नि-सूर्य-चन्द्ररूपसमेत अष्टमूर्तिका रूपमा वर्णित छन् । यसरी ऋग्वेदका एक विशिष्ट रिसाहा देवता रुद्र उत्तरवैदिककालमा सर्वव्यापक, सर्वनियन्ता र परमेश्वरका रूपमा पूजित हुन्छन् । उपनिषद्कालको चिन्तन-परम्परामा सगुणस्वरूप सृष्टि-स्थिति-लयकर्ता देखिन्छन् । निर्गुणस्वरूप परमशिवको माया शिवको साहचर्य पाएर समस्त दृश्यजगत्को निर्माण गर्छे ।

यसरी वैदिककालमा दार्शनिक चिन्तनद्वारा उपास्य शिवले कुन समयदेखि आगमिक रूप लिए भन्ने कुराको निश्चित गर्ने आधार पाइँदैन ।

वैदिककालदेखि रामायण र महाभारतकालसम्म पाशुपतदर्शनको विकास भइसकेको कुरा भने थाहा पाइन्छ ।

सिन्धुघाटीको सभ्यतामा प्राप्त पशुपतिको मूर्ति तीन शिर भएका र श्रृङ्गमुकुटधारी योगासनमा बसेका देखिन्छन् । तीन शिरको कल्पना के आधारमा गरिएको थियो भन्ने कुरा पनि अनुमानकै भर पर्दछ ।

श्रीमद्भागवतपुराणमा दक्ष र शिवको झगडाको प्रसङ्गमा शिवव्रतीहरू जटा पाल्ने, खरानी घस्ने, मदिरा पिउने, हाडको माला लगाउने, शौचक्रिया नगर्ने पाखण्डी वनून् भनेर भृगुले श्राप दिएका थिए भन्ने उल्लेख छ । अतः पौराणिक कालभन्दा पहिलेदेखि नै शैव सम्प्रदाय जटाभस्म, हड्डीधारी, श्मशानवासी थिए भन्ने कुरा थाहा पाइन्छ ।

यस्तै दक्षप्रजापति र शिवगणको झगडा पनि अति प्राचीनकालकै कथा हो जुन वेला राजाद्वारा प्रशासित नभएर वेदविद्या पढेका विशिष्ट विद्वान् प्रजापतिका रूपमा वरण गरिन्थे । प्रजापतिको सत्तामा सबै आर्यजातिहरू रहन्थे भने अनार्यजातिका गणनायक शिव थिए । छोरी दिएर जुवाइँ बनाउँदा पनि रुद्रगण दक्षप्रजापतिको अनुशासनभित्र आएनन्, विभिन्न अनार्यगणका मालिककै रूपमा रहेर छुट्टै प्रशासन गरे । दक्षको र शिवको वास्तविक झगडा आर्यगण र अनार्यगणका बीचको वैमनस्य थियो । सती, आर्यधर्मले दीक्षित नारीले पतिनिन्दा सुन्न सकिनन् र समाधिद्वारा प्राण त्यागिन् । अवधूत योगी शिवले मृत्युलाई पनि जितेका थिए र जगद्गुरु शिवकी प्रिया सतीदेवीले पनि योगदीक्षा प्राप्त गरेर देवीरूप पाएकी थिइन् ।

आफ्नो निन्दा सुन्दैमा प्राण त्याग गर्ने सतीप्रति प्रेमले अभिभूत हुनु स्वाभाविक थियो र रुद्र लास बोकेर यत्रतत्र घुमे । सतीका अङ्गप्रत्यङ्ग पतन भएका ठाउँमा शिवकी शक्तिले आफ्नो स्थान बनाइन् । जगत्का आदिकारण भएका शिवले पनि त्यस ठाउँमा कलाले आफ्नो उपस्थिति जनाए । यो कथा कश्यप ऋषिले प्रजापतित्व प्राप्त गर्नुभन्दा अगाडिको भएकाले राजसंस्थाको सुरु हुनुभन्दा अगाडिको जानपदयुग (कविलायुग) को कथा भन्ने स्पष्ट जानिन्छ ।

शिवका पञ्चवक्त्र तथा पाँच रूपको वर्णन लिङ्गपुराणको अध्याय ११ मा गरिएको छ ।[४३]

लिङ्गपुराणको निर्माणकाललाई विद्वान्हरूले तीन कालमा बाँडेका छन् । पुरातत्त्वविद् डा. वासुदेवशरणको विचारअनुसार लिङ्गपुराणको १०८ अध्यायसम्मको परिवर्तन र

परिवर्द्धन अथवा रचनाकाल कुषाणकाल र उत्तर भागको २७ अध्यायसम्म गुप्तकाल तथा बाँकी त्यसपछिको रचना पछि भएको मानिन्छ र अधिकांश विद्वान् यसै कुरालाई समर्थन गर्दछन्। शिवको माहात्म्य, पूजापद्धति, पाशुपत व्रत आदिको वर्णन कुषाणकालकै मानिएकोले शिवको पञ्चवक्त्रको उपाख्यान पनि पुरानो नै मान्नुपर्छ।

उनन्तीसौँ कल्पमा सृष्टिको सुरुमा सन्तानको कामनाले ब्रह्माले ध्यान गरे। यसैबेला शिखासूत्रयुक्त श्वेतरक्त-वर्णको सद्योजात कुमार प्रादुर्भूत भए। ब्रह्माले ईश्वर सम्झेर स्तुति गरे। यस्तै तीसौँ कल्पको सृष्टि गर्न ध्यानमा बसेका ब्रह्माको योगबाट रातो वर्णका रातै वस्त्राभूषणले युक्त 'वामदेव' नामक कुमार जन्मे। ईश्वर भनेर चिनेका ब्रह्माले ध्यान र स्तुति गरे।

यस्तै एकतीसौँ कल्पमा सृष्टिका निम्ति तपस्यामा बसेका ब्रह्माले तेजस्वी, पहेँलो वर्णका, पहेँलै वस्त्राभूषण-माला लगाएका, सुनको जनै भिरेका कुमारको दर्शन पाए र तत्पुरुष ईश्वर भनेर चिने। फेरि ध्यान गर्दा चतुष्पदी गायत्रीको दर्शन पाए।

अर्को बत्तीसौँ असित नामक कल्पमा ध्यान गर्दा ब्रह्मा नै काला वर्णका भए। पुत्र-कामना गर्ने ब्रह्माका अगाडि कालो वर्ण भएका कालै वस्त्रालङ्कारले युक्त अघोररूप कुमारको जन्म भयो। परमेश्वरका रूपमा चिनेर ब्रह्माले स्तुति गरे। कल्पान्तरमा पुन: ध्यान र स्तुति गर्ने ब्रह्मालाई दर्शन दिएर अघोर मूर्ति शिवले 'म यही रूपले सबै सृष्टिको संहार गर्दछु। यो मेरो रूपको ध्यान, जप, स्तुति गर्नेको ब्रह्महत्यादि सम्पूर्ण किसिमकिसिमका अपराधको नाश हुन्छ र शिवलोक पुग्छ' भनेर विशेष माहात्म्य बताए।

यसपछि ब्रह्मकल्पमा, जसलाई विश्वरूपकल्प पनि भन्दछन्, ब्रह्माले पुन: पुत्रको कामनाले ध्यान गरे। यो धेरै कालको तपस्यापछि त्यो शून्य समयमा नाद (शब्द) को उत्पत्ति भयो। त्यसबाट' सेतो वर्णकी सेतै वस्त्राभरण माल्यचन्दनले भूषित सुन्दरी सरस्वती आविर्भाव भइन्।[५४] यस्तै श्वेतवर्ण श्वेतमाल्यवस्त्र आभूषणले युक्त ईशानरूप कुमार पनि उत्पन्न भए। परमेश्वर शिव ॐकारस्वरूप भनेर ध्यान र स्तुति गरे। प्रसन्न भएका ईशानरूप शिवसँग चार मुख, चार पाउ भएकी, चार स्तन, चार सिङ, चार दाँत भएकी यी विश्वरूपा को हुन्? भनी प्रश्न गरे र ईशानले भने - यी मेरी मायारूपिणी आद्य प्रकृति हुन्, बत्तीस गुणले युक्त बत्तीस वर्ण (अक्षर) ले युक्त गायत्रीस्वरूपिणी भनेर जान। लिङ्गपुराणका एघारौँदेखि सोह्रौँ अध्यायसम्ममा वर्णन गरिएका भगवान् शिवका पाँच रूपको समष्टि रूपमा कल्पना गर्दा पञ्चवक्त्र (मुख), पाँच वर्ण, पाँच प्रकारका फलदायी रूपोद्भावनाको महत्त्व धेरै अगाडिदेखि नै चलेको थाहा पाइन्छ। यसको रहस्यात्मक व्याख्या गर्ने हो भने पञ्चतत्त्वका प्रतीक पाँच मुख र सूर्य-चन्द्र-अग्निरूप नेत्रले युक्त भएका परमशिवको रूपोद्भावनामा सृष्टिका समष्टि रूपकै प्रतिनिधित्व भएको छ।

लिङ्गपुराणमा वर्णित पाँच कल्पनाका पाँच वस्त्रद्वारा प्रादुर्भूत तन्त्रशास्त्रलाई नै पाँच आम्नायका नाउँले पुकारिन्छ। गायत्री रूप महेश्वरीको उत्पत्ति तत्पुरुषरूप शिवसँगै भएको थियो भने ईशानरूप परमशिवको साथमा नाद शब्दरूपा सरस्वतीको आविर्भाव पनि पुराणकै कथनबाट ज्ञात हुन्छ।

शिवरूप परमेश्वरसँग तादात्म्यरूप पराशक्तिको उपासना वैदिककालदेखि नै थियो भन्ने कुराको उल्लेख भइसकेको छ। सृष्टितत्त्वका निम्ति प्रकृति-पुरुषरूप दुई

तत्त्वको योग चाहिन्छ भन्ने कुरा हाम्रा ऋषिमुनिहरूले जानिसकेका थिए । प्रकृतितत्त्व नै मुख्य हो भन्ने एकथरि दार्शनिक थिए भने आँखाले देखिने जगत् नाशवान् छ, नाश हुने कुरा ईश्वर हुन सक्दैन यसकारण यो सम्पूर्ण चराचर जगत् नाशिएपछि पनि केही बाँकी रहनुपर्छ त्यो अविनाशी, अगोचर तत्त्व नै ईश्वर हो, जो कर्तारूपमा रहेको छ भन्ने अनेकन् तर्कवितर्कद्वारा ईश्वरको सत्ता कायम गर्ने दार्शनिक पक्ष पनि छन् ।

सृष्टिमा परमशिवको इच्छाको स्पन्दनद्वारा उत्पन्न चितिरूप शक्तिद्वारा नै चराचरको दृष्टि भएको मान्ने दर्शन अर्थात् नाद, विन्दुरूप शिवशक्तिको सम्मिलित क्रियाद्वारा नै सृष्टि मान्ने दर्शनलाई द्वैतवादी मानिन्छ जसलाई तान्त्रिक दर्शनले व्याख्या गरेका छन् । अद्वैत वेदान्तका व्याख्याता शङ्कराचार्यको मतमा जगत् प्रपञ्चरूप माया हो, जो दृश्यरूप हुँदा अनित्य छ । उनले मायारूपी तत्त्वबाट निर्लिप्त अनिर्वचनीय तत्त्व नै ईश्वर हो जो स्वयम् सृष्टि, स्थिति गर्न समर्थ छ भन्ने सिद्धान्त प्रतिपादन गरेका छन् । उनका जीवनमा घटेका दुइटा प्रमुख घटनाका अनुश्रुति छन् - एउटा छुवाछूतका बारेमा र अर्को शक्तिको विषयमा ।

शङ्कराचार्य बनारसमा बसेका बेलामा एक दिन गङ्गास्नानका निम्ति घाटतिर जाँदा बाटामा कुकुरको बगाल लिएर बसेको पोडेलाई देखे । शास्त्रीय नियममा कुकुर पनि अपवित्र मानिन्छ । कुकुर छोएमा पनि स्नान गर्नुपर्छ र चाण्डालको छूतमा पनि यस्तै नियम छ । शङ्कराचार्यले अडिएर चाण्डाललाई बाटो छाडिदिन भने । उसले शङ्कराचार्यपट्टि फर्केर हाँस्दै भन्यो - तिमी पनि यस्तै छुवाछूतमा विश्वास गर्छौ भने तिम्रो अद्वैतवादको के गति होला ?

शङ्कराचार्य चाण्डालबाट निरुत्तर मात्रै भएनन् कि उनले ठूलो भ्रमबाट छुटकारा पाए । कुकुरसहितको चाण्डाल त्यहीँ नै लोप भयो । यसपछि शङ्कराचार्यले काशीका संरक्षक भैरव रहेछन् भन्ने कुरा थाहा पाए । अर्को घटना- उनी आफ्नो मठमा बसेर सधैँ अद्वैतको व्याख्या गर्थे र उनले ब्रह्मसूत्र तथा गीता, उपनिषद्मा भाष्य रचना गरिसकेका थिए ।

एक दिन गङ्गास्नान गर्न जाँदा अर्को घटना घट्यो । एउटी सुन्दरी तरुणी मरेको पतिको शिर काखमा राखेर संस्कार गर्नका लागि रोई रोई सहायता मागिराखेकी थिइन् । उनका पतिको लास पूरा बाटो छेकेर पसारिएको थियो । शङ्कराचार्यले विनम्रतासाथ भने - 'माता ! तपाईंका पतिको गोडा हटाएर बाटो दिनोस् ।' दुईपटकको आग्रह उनले सुनिनन् र तेस्रोपटकमा शङ्कराचार्यलाई भनिन् - 'शवलाई नै बाटो छाड्नु भन न !'

शङ्कराचार्यले सुन्दरीको जवाफमा आश्चर्य मान्दै भने - माता ! शक्तिहीन लासले कसरी सुन्छ र बाटो छोडिदिन्छ ?

सुन्दरीले हाँस्दै भनिन् - महाभाग ! तपाईंको दर्शनशास्त्रमा शक्तिले रहित अद्वैत ब्रह्म नै जगत्कर्तृत्व (सृष्टिकर्ता) मानिएको छ भने शक्ति किन चाहियो ? लास स्वयम् किन हट्दैन र !

यो सुनेर शङ्कराचार्य नाजवाफ भए । चिन्तित शङ्कराचार्यका अगाडिबाट त्यो लास र ती सुन्दरी अन्तर्ध्यान भए । त्यस ठाउँमा मुसुमुसु हाँसिरहेकी काशी सहरकी अधीश्वरी अन्नपूर्णाको दर्शन पाएर स्तुति गरे । शङ्कराचार्यकृत अन्नपूर्णास्तोत्र प्रसिद्ध छ ।

अद्वैत ब्रह्मका व्याख्याता शङ्कराचार्यका पीठहरूमा श्रीविद्याको उपासना आज पनि प्रचलित छ र श्रृङ्गेरीमठमा शङ्कराचार्यले नै श्रीविद्याको स्थापना गरेका हुन् भनिन्छ। भगवान् शङ्कराचार्यद्वारा श्रीविद्याको स्तोत्र तथा व्याख्या रूपमा रचिएको आनन्दलहरी (सौन्दर्यलहरी) नामक स्तोत्र अत्यन्त नै प्रसिद्ध छ।

आगमशास्त्रको उत्पत्ति र विस्तार :

प्राचीन आगमशास्त्रको रूप र त्यसको विषयवस्तु कस्तो थियो, त्यसको लेखाजोखा गर्ने आधार छैन। वर्तमानकालमा प्राप्त भएका केही आगमशास्त्रहरूको अध्ययन गर्दा अर्वाचीन देखिन्छन् जसलाई छैटौं शताब्दी लगभगभन्दा अगाडि लैजान सकिँदैन।

लिङ्गपुराण तथा स्कन्दपुराणका वर्णनले लकुलीशनामक शिवको अवतार भएको थियो भन्ने सङ्केत पाइन्छ। यिनै लकुलीश पाशुपत सम्प्रदायका प्रवर्तक आचार्य मानिन्छन्। इतिहासका विद्वान् डा. भण्डारकर पुरातात्त्विक अन्वेषणका आधारमा ई.पू. दोस्रो-तेस्रो शताब्दीतिर लकुलीशको अस्तित्त्व मान्दछन्। उनैका शिष्य-प्रशिष्यबाट पाशुपत सम्प्रदायका अनेक शाखा-प्रशाखा जन्मेको कुरा विद्वान्हरू स्वीकार गर्दछन्। यी मतमतान्तरको प्रसङ्ग र सम्प्रदाय-विशेषका नाउँसम्म सुन्न पाइन्छ। ती मतान्तरका ग्रन्थहरू आज अप्राप्त भइसकेका छन्।

महाभारत शान्तिपर्वमा दर्शनसम्बन्धी जुन चर्चा छ, त्यसमा पाशुपत दर्शनको नाउँ पनि उल्लेख छ। अतः शैव सम्प्रदायहरूको निरूपण गर्ने आगमशास्त्रहरू महाभारतकालमा बनिसकेको कुरा थाहा हुन्छ। चर्चा हुन लागेका प्राचीन आगमशास्त्रका विवरण प्रस्तुत गर्दा केवल शैवागम र शाक्तागमको मात्र चर्चा गरिन्छ। किनकि शिव-शक्तिको एकात्मकता प्रतिपादन गर्ने दुवै किसिमका आगम छन्।

तान्त्रिक आगमको ऐतिहासिक धरातलमा दस शिवागम र अठार रुद्रागमसमेत अट्ठाईस आगम, आगमशास्त्रका नाउँले प्रसिद्ध छन्। यसका अध्ययनकर्ताहरूका दृष्टिमा साधारणतः द्वैत र द्वैताद्वैत विचारको निर्देशन गर्दछन्। परन्तु यी आगम-शास्त्रहरू सर्वत्र प्रमाण रूपमा मानिन्छन्। सिद्धान्त रूपमा दुवै किसिमका, अर्थात् शैव र रुद्रागममा विहित शैवमत स्वीकार गरिन्छ। प्रत्येक शैवागम तथा रुद्रागममा विद्या, योग, क्रिया र चर्चा - यी चार पादको नै चर्चा हुन्छ।

आगमशास्त्रका अन्वेषक विद्वान् डा. गोपीनाथ कविराजको भनाइअनुसार सर्वाङ्गपूर्ण आगमको स्वरूप प्राप्त हुँदैन। कुनैमा ४ पादमध्ये एक-दुई पाद पाइन्छ, सबै आगममा चारै पाद ठीक-ठीक पाइँदैन। कारण, विशाल आगमसाहित्यको भण्डारका बहुशः ग्रन्थहरू लुप्त भइसकेका छन्। अध्ययन, साधना र संरक्षणका अभावमा बाँकी बचेका आगम-शास्त्र पनि लोप हुने अवस्थामा छन्।

जसरी वेदपछिका इतिहास-पुराणका धाराहरू विभिन्न पक्षमा निर्देशन गर्दछन्, त्यस्तै आगम-शास्त्रको पनि सृष्टि, स्थितिका क्रमहरू आफ्नै पाराका छन्। आगम-शास्त्रका प्रवक्ता स्वयम् शिव वा रुद्र छन् र तन्त्रका व्याख्याता पनि शिव वा पार्वती छन्।

किरणागमको कथन छ - जगत्को सृष्टिपछि परमेश्वरले सबभन्दा पहिले दस शिवको सृष्टि गरे र उनीहरूलाई अविभक्त महाज्ञान राशीमध्येबाट एक-एक हिस्सा अंश

दिए । त्यही अविभक्त महाज्ञान नै मूल शिवागम हो, अर्थात् वेदको समष्टि रूप अखण्ड महाज्ञानजस्तै हो । जसरी वेदको विभाजन र वैदिक साहित्यका कथांश र सङ्केतद्वारा अनेकन् पुराणको रचना भयो एवम् विभिन्न पौराणिक धर्मका शाखा-प्रशाखाहरूको विकास देखिन्छ, त्यस्तै मूल आगमशास्त्रलाई दस शिव र अठार रुद्रद्वारा व्याख्या हुँदा शाखा-प्रशाखाहरूको विकास भएको छ भन्ने सङ्केत किरणागमले गरेको छ ।

उपर्युक्त कथनबाट के कुरा स्पष्ट हुन्छ भने समष्टिरूप मूलागम प्राप्त गर्ने दस शिवद्वारा प्रत्येक धाराको आफ्नै परम्परा चलेको सङ्केत पनि पाइन्छ । यस सम्बन्धको पहिलो आगम हो कामिक । परमेश्वरबाट प्रणवशिव नामक शिवले उक्त आगम प्राप्त गरे । कामिकागमको कथनअनुसार यसको श्लोकसङ्ख्या परार्धतक थियो । प्रणवशिवबाट यो आगम चित्रक नामक शैवाचार्यले पाए र उनले हर नामक शैवाचार्यलाई दिए (पढाए) । कामिकागम र किरणागममा पहिलो आगमको नाउँ कामिक नै पाइन्छ । श्रीकण्ठसंहितामा भने यसको नाउँ 'कामज' भनिएको छ ।

क्रम	आगमको नाउँ	प्राप्त गर्ने व्यक्तिहरू(शिष्यक्रम)	श्लोकसङ्ख्या	भेद
१	कामिक	प्रणवशिव (१) त्रिकल (२) हर (३)	परार्द्ध ?	पाँच
२	योगज	सुधा (१) भस्म (२) प्रभु (३)	एक लाख	५ भेद
३	चिन्ता	दीप्त (१) गोपति (२) अम्बिका (३)	एक लाख	६ भेद
४	कारण	कारण (१) शर्व (२) प्रजापति (३)	एक करोड	७ भेद
५	अजित	सुशिव (१) उमेश (२) अच्युत (३)	एक लाख	४ भेद
६	सुदीप्तक	ईश (१) त्रिमूर्ति (२) हुतासन (३)	एक लाख	९ भेद
७	सूक्ष्म	सूक्ष्म (१) भव (२) प्रभञ्जन (३)	एक लाख	-
८	सहस्र	काल (१) भीम (२) खग (३)	एक लाख	१० भेद
९	सुप्रभेद	धनेश (१) विश्वेश (२) शशि (३)	तीन करोड	-
१०	अंशुमान्	अंशु (१) अग्र (२) रवि (३)		१२ भेद

टिप्पणी - यो विवरण किरणागमसम्मत छ । कण्ठसंहिताअनुसार सुप्रभेद नाउँ छैन । त्यसको ठाउँमा मुकुटागमको नाउँ छ । मुकुटागमको कथनअनुसार ३ (तीन) श्रोताको भेदले शिव ज्ञानसम्बन्धी १०X३=३० भेद मानिन्छ ।

अठार रुद्रहरूबाट व्याख्या गरिएका आगमशास्त्रहरू :

१.	विजय	अनादिरुद्र (१) परमेश्वर (२)
२.	निश्वास	दशार्ण (१) शैलजा (२)
३.	पारमेश्वर	रूप (१) उशना (२)
४.	प्रोद्गीत	शूली (१) कच (२)
५.	मुखविम्ब	प्रशान्त (१) दधीचि (२)
६.	सिद्ध	विन्दु (१) चण्डेश्वर (२)
७.	सन्तान	शिवलिङ्ग (१) हंसवाहन (२)

८.	नारसिंह	सौम्य (१) नृसिंह (२)
९.	चन्दांशु (चन्द्रहास)	अनन्त (१) वृहस्पति (२)
१०.	वीरभद्र	सर्वात्मा (१) वीरभद्र-महागण (२)
११.	स्वायम्भुव	निधन (१) पद्मज (२)
१२.	विरक्त	तेज (१) प्रजापति (२)
१३.	कौरव्य	गणेश (१) नन्दिकेश्वर (२)
१४.	माकुट	शिव ईशान (१) महादेव-ध्वजाश्रय (२)
१५.	किरण	देवपिता (१) रुद्र भैरव (२)
१६.	गलिन	आलय (१) हुतासन (२)
१७.	आग्नेय	व्योमशिव
१८.	?	

? टि.- श्रीकण्ठीमा- रौरव, विमल, विसर, सौरभेय ४ नाउँ अर्कै छन् र विरक्त, माकुट, कौरव्य, आग्नेय छैनन् भनिन्छ, तर अठार सङ्ख्या कुनैमा छैन ।

उपर्युक्त शैवागम र रुद्रागमको भेदले जम्मा ६६ आगमको उल्लेख पाइन्छ। शैवागम १० को तीन-तीन श्रोताभेदले १०X३=३० पुगेको छ भने १८ रुद्रागमको दुई दुईका भेदले १८X२=३६+३०=६६ सङ्ख्या पुगेको हो । उपर्युक्त आगमहरूको भेदसहित नामको विवरण प्राप्त भए पनि सबै आगमहरू अविकलरूपमा हाल प्राप्त छैनन् ।

भारतीय विद्वान् महामहोपाध्याय हरप्रसाद शास्त्रीले नेपाल अभिलेखालयका ग्रन्थहरूको एक सूची (बनाई) प्रकाशित गर्नुभएको थियो । त्यसमा उल्लेख भएअनुसार 'निश्वासतत्त्व संहिता' नाउँको (गुप्ताक्षर) पछिल्लो लिच्छवि लिपिमा लेखिएको ताडपत्र पुस्तकको विवरण दिइएको छ । त्यसमा लौकिकधर्म, मूलसूत्र, उत्तरसूत्र, नयसूत्र, गुह्यसूत्र नाउँका पाँच विभाग छन् र लौकिकसूत्र प्रायः उपेक्षित छ । चार सूत्रमध्येका उत्तरसूत्रलाई आदिसूत्र र नयसूत्रलाई प्रथमसूत्रका नाउँले अभिहित छ भनिएको छ । साथै उत्तरसूत्रमा अठार प्राचीन शिवसूत्रको नै नाउँ छ । जस्तै निश्वास, स्वायम्भुव, वातुल, वीरभद्र, रौरव, मुकुट, वीरस, चन्द्रहास, ज्ञान, मुखविम्ब, प्रोद्गीत, ललित, सिद्ध, सन्तान, सर्वोद्गीत, किरण, पारमेश्वर । त्यसमा दस शिवसूत्रका नाउँ हुन् - कामिक, योजल, दिव्य (चिन्ता) कारण, अजित, दीप्त, सूक्ष्म, साहस्त्र, अंशुमान्, सुप्रभेद ।

उपर्युक्त हरप्रसाद शास्त्रीको विवरणलाई श्री महाम. डा. गोपीनाथ कविराजले पनि तान्त्रिक ग्रन्थहरूका सन्दर्भमा उल्लेख गर्नुभएको छ र लिपिका आधारमा आठौं शताब्दीको उल्लेख गर्नुभएको छ ।[५५] त्यसमा भनिएको छ- मतङ्ग ऋचिक सम्वाद स्वरूप । यसको आधा भाग श्रौतसूत्र र दोस्रो भाग गुह्यसूत्र भनिन्छ । आरम्भमा ४ लौकिक धर्मपटल छन् । मूलसूत्रमा ८ पटल, उत्तरसूत्रमा ५ पटल, नयसूत्रमा ४ पटल, गुह्यसूत्रमा १८ पटल र श्लोकसङ्ख्या ४५०० छ । उत्तरार्द्ध गुह्यसूत्रमा उक्त १८ पटलभित्र सद्योजातकल्प, अघोरकल्प तथा तत्पुरुषकल्प पनि प्रतिपादित छ ।

यसरी समस्त विषय अध्ययन र सर्वेक्षण गरिएको उक्त 'निश्वासतत्त्व संहिता' भन्ने रुद्रागमको नाम पुरातत्त्व (अभिलेखालय) तथा वीर पुस्तकालयद्वारा सम्पादित र प्रकाशित

सूचीपत्रमा भने पाइँदैन । निश्वास तन्त्रान्तर्गत भनेर प्रतिष्ठातन्त्रको उल्लेख भने बृहत्सूचीपत्र चौथो भागको दोस्रो खण्डमा पाइन्छ। तर हरप्रसाद शास्त्रीद्वारा दिइएको ग्रन्थ विवरण मिल्दैन । समय पनि ने.सं. २५४+८८० (११३४ ई.) को प्रतिष्ठातन्त्रमा भएको र विषय पनि मूर्ति, मन्दिर, पाषाणलिङ्ग वृक्ष (काष्ठलिङ्ग) लक्षण, भूपरीक्षण, वास्तुविभाग, प्रासाद, भित्री द्वार गर्भगृह, पादपीठ र प्रतिष्ठासम्बन्धी विषय भएकोले यो ग्रन्थ छुट्टै हो भन्ने स्पष्ट हुन्छ। योभन्दा झन्डै चार सय वर्षअगाडि लिपीकरण गरिएको सर्वप्राचीन उक्त दुर्लभ ग्रन्थ सायद अभिलेखालयबाट अलप भयो । शास्त्रीद्वारा विवरण र तिथि १०५२ ई. दिइएको ब्रह्मयामल भन्ने ने.सं. १७२ मा लिपिकरण गरिएको ग्रन्थको भने अभिलेखालयद्वारा प्रकाशित सूचीमा नाउँ, मिति, विषय ठीकठीक मिल्दछ जसमा १८ रुद्रागमको नाउँ पाइन्छ भनिएको छ ।[५६]

यस्तै किरणागमको एउटा ग्रन्थ हरप्रसादले नेपाल दरबार लाइब्रेरीमा देख्नुभएको कुरा उल्लेख छ जसको लिपिकाल ९२४ ई. दिइएको छ अर्थात् ने.सं. ४४ मा । वेन्डाल महोदयले ८९५ ई. मा लेखिएको परमेश्वर आगम क्याम्ब्रिज युनिभर्सिटी लाइब्रेरीमा भएको उल्लेख गरेका छन् ।[५७]

तन्त्रसाहित्यका अन्वेषक डा. प्रवोधचन्द्र बागचीको विचारमा नयोत्तरसूत्र (निःश्वासतन्त्र) को रचनाकाल ईसाको छैटौं र सातौं शताब्दीको बीच हुनुपर्छ भन्ने छ ।

ब्रह्मयामलतन्त्रका अनुसार निःश्वास आदि आगमहरू शिवको मध्यस्रोतबाट उद्भूत ऊर्ध्वाम्नायको ग्रन्थ हो । यस्तै शिरच्छेद, नयोत्तर, महासम्मोहनचाहिँ नामस्रोतबाट उद्भूत हो भनिएको छ ।

डा. गोपीनाथ कविराजको विश्लेषणमा द्वैत वा द्वैताद्वैत शिवागमहरू अत्यन्त प्राचीन हुन् तर वर्तमानमा पाइने आगमहरू र मध्यकालमा पनि जुन रूपमा तिनीहरूको विवरण पाइन्छ, त्यो हेर्दा भने त्यति पुरानो भन्न सकिँदैन । कालभेद र अनेकन् ऐतिहासिक कारणले गर्दा रूपान्तर र परिवर्द्धत भयो होला । जस्तै मध्यकालमा पाइने पाञ्चरात्र आगमको पूर्वरूप महाभारत शान्तिपर्वमा पाइन्छ । यस्तै शिवागम पनि हुनुपर्छ । महाभारत मोक्षपर्वमा श्रीकृष्णले महर्षि उपमन्युबाट द्वैताद्वैत शैवागम पढेको वर्णन छ ।

कविराजजीको उपर्युक्त विवेचनालाई निश्चित रूपमा प्रामाणिक मान्न सकिन्छ । किनकि महाभारतको अन्तिम रूप ई.पू. तेस्रो शदी हो भन्ने कुरामा अधिकांश विद्वान् सहमत छन् र त्यसमा शिवमहिमा र पाशुपत दर्शनको उल्लेख पाइन्छ । तन्त्रको महिमा र साधना, उपासनाप्रकारमा भने मध्ययुगीन स्थिति थिएन भन्न सकिन्छ ।

कामिकागमको कथनअनुसार शिवका पाँच मुखमध्ये प्रत्येक मुखबाट पाँच स्रोत लौकिक (१), वैदिक (२), आध्यात्मिक (३), अतिमार्ग (४), तन्त्रमन्त्र (५) निस्के । त्यसमा पनि लौकिक पाँच प्रकारका, वैदिक पाँच प्रकारका, अध्यात्म पाँच प्रकारका, अतिमार्ग पाँच प्रकारका र तन्त्रमन्त्र पाँच प्रकारका छन् भनेर सिद्धान्तदीपिकामा आचार्य सर्वात्मशम्भुले विवरण दिएका छन् ।[५८] यसरी जम्मा भेद ५०० छन् भनेर उल्लेख भएको पाइन्छ । कामिकागम भन्ने आगमशास्त्रले उक्त भेद बताएको छ भनिन्छ ।

तन्त्रशास्त्रमा नै उच्च, मध्यम, नीच, वैदिक, अवैदिक, दक्षिण, वाम आदि विभिन्न कोटीमा गणना गरिएको पाइन्छ । यसको साधारणतया व्याख्या यसरी गर्न सक्छ - श्री शिवका उर्ध्ववक्त्रबाट उद्भव तन्त्र सर्वश्रेष्ठ मोक्ष दिने मानिन्छन् । त्यसपछि पूर्ववक्त्र (

पूर्वाम्नाय), उत्तरमुख उत्तराम्नाय, पश्चिममुख पश्चिमाम्नाय र दक्षिणाम्नाय दक्षिणमुखबाट निस्केका तन्त्रहरू क्रमैले श्रेष्ठ छन् ।

उर्ध्वमुख (ईशानरूप) बाट निस्केको सिद्धान्त ज्ञान नै सर्वोत्कृष्ट मानिन्छ । किनकि सैद्धान्तिक ज्ञान मुक्ति दिने हो । त्यसपछि पूर्व सद्योजात, उत्तर वामदेव र पश्चिम तत्पुरुष क्रमैले सर्वविषहारक गारुडज्ञान, सर्ववशीकरण प्रतिपादक ज्ञान (काम-ज्ञान) भूत-प्रेत निवारक तन्त्र र दक्षिण अघोरमुखबाट शत्रुक्षय सर्वत्र-विजयकरी भैरवतन्त्रको प्रादुर्भाव भएको मानिन्छ ।

हाम्रो यहाँ विवेच्य विषय शाक्त सम्प्रदाय थियो तर हामी शैव सम्प्रदाय विषयक चर्चा गर्दैछौँ । किनभने विनाशक्तिको शिव मूर्दातुल्य हो भन्ने कुरा नै तान्त्रिक दर्शनको मौलिक कुरा हो र शैव र आगमका विषयवस्तु नै तान्त्रिक विकासका पूर्वाधार हुन् । जसरी शिवका पञ्चमुखबाट पाँच आम्नायका सिद्धान्त एवम् विषयवस्तु प्रतिपादित छन्, त्यस्तै शक्तिलाई पनि पूर्वाम्नायकी देवी उत्तर-पश्चिम-दक्षिण आम्नायकी देवी भनेर वर्गीकरण गरिएको छ । शिव पनि एउटै हुन् र शक्तिमा पनि भेद छैन । परन्तु लौकिक साधनापक्षमा शिवका पनि नाना रूप छन् र शक्तिका पनि असंख्य रूप र लाखौँ चरित्र छन् । ती विभिन्न रूपका उपासनापद्धति पनि अनेकौँ भएकाले त्यसको व्याख्या गर्न तान्त्रिक साहित्यका ग्रन्थहरू पनि अगणित छन् । मूल तान्त्रिक ग्रन्थ (अर्थात् प्राचीन तन्त्र) कति थिए र त्यसमा के-कस्ता विषयवस्तुको समावेश गरिएको थियो भन्ने कुरा यथार्थ रूपमा भन्ने साधन प्राप्त छैनन् । तथापि विषय प्रतिपादनका हिसाबले तन्त्र-साहित्यका विद्वान्हरूले जसरी वर्गीकरण गरेका छन् तथा विषयगत विभाजन गरेका छन्, त्यसको यहाँ दिग्दर्शन हुनु पनि उपयुक्त नै होला ।

मध्ययुगमा तन्त्र-साहित्यको जसरी विस्तार भयो, त्यसको समीक्षा गर्दा विशाल तन्त्र-साहित्यको विभिन्न पक्ष- शैव, वैष्णव, शाक्त, गाणपत, सौर्य आदि सम्प्रदायको आपसी प्रतिस्पर्द्धामा विकास भएको पाइन्छ । त्यसमा पनि साधना-पद्धतिको रूप हेरेर विद्वान्हरूले वैदिक र अवैदिक रूपमा तन्त्रको परिगणना गरेका छन् । वैदिक तथा अवैदिक तान्त्रिक उपासना गर्ने समाजको प्रवृत्ति देखेर बौद्ध र ज़ैन-दर्शनजस्ता शुद्ध दार्शनिक सम्प्रदायभित्र पनि तान्त्रिक रूपले उपासना गर्ने प्रवृत्तिको विकास भएको देखिन्छ । जैनतन्त्र भन्दा बौद्ध तन्त्रशास्त्रको विकास यति धेरै भयो, जसको लेखाजोखा गर्न नै सकिँदैन । शैव तान्त्रिक साधना र बौद्ध तान्त्रिक साधनाको सम्मिलित रूप नै ८४ सिद्धको उद्भव र विकास हो । यहाँ हाम्रो आलोच्य विषय बौद्ध र जैनतन्त्रबाहेकका तन्त्रशास्त्रको दिग्दर्शन गर्नु हो । तन्त्रहरूमा ६४ त.न्त्र प्रमुख मानिन्थे भन्ने कुरा केही प्राचीन तन्त्रशास्त्रको उल्लेख र आद्यशङ्कराचार्यको आनन्दलहरी भन्ने तान्त्रिक श्रीविद्यासम्बन्धी स्तोत्रबाट पनि थाहा पाइन्छ । तन्त्रशास्त्रका मर्मज्ञ विद्वान्का रूपमा आचार्य लक्ष्मीधर, जसले आनन्दलहरीको टीका लेखेका छन् र सर्वमान्य ठहरिएका छन् । उनले शङ्कराचार्यको सौन्दर्यलहरीमा चतु:षष्ठस्यातन्त्रै भन्ने श्लोकको व्याख्या गर्दै ६४ तन्त्रको नाम लिएर यी सबै तन्त्रलाई अवैदिक भनेका छन् । अठारौँ शदीका अन्य तान्त्रिक आचार्य भास्कर रायको मतमा शैवतन्त्रलाई अवैदिक भन्नु हुँदैन भन्ने कुरा सेतुबन्ध नामक प्रबन्धमा व्यक्त गरेको पाइन्छ । यस्तै सर्वोल्लासतन्त्र, महासिद्धिसार, तोडलोत्तरतन्त्र, श्रीकण्ठीसंहिता आदि तन्त्रग्रन्थमा ६४ तन्त्रको जुन नामोल्लेख भएको छ, त्यो निम्न प्रकारको छ :

श्रीकण्ठी संहिता	लक्ष्मीधर वामकेश्वरतन्त्र	भाष्कर रायअनुसार	सर्वोल्लास तथा तोडलोत्तरतन्त्र	महासिद्धि अश्वक्रान्ता	सारतन्त्रको विष्णुक्रान्ता	अश्वक्रान्तादि रथक्रान्ता
१ स्वच्छन्दतन्त्र	महामाया	१ महामाया	१ अक्षयातन्त्र	१ उड्डामरेश्वरतन्त्र	१ उत्तर-तन्त्र	१ आकाश भैरव
२ भैरवतन्त्र	शम्बर	२ शम्बर	२ उड्डीशतन्त्र	२ क्रियासारतन्त्र	२ कालीतन्त्र	२ आचार चार
३ चण्डभैरव	योगिनी जाल शम्बर	३ योगिनी	३ उत्तर "	३ कालतन्त्र	३ कुलार्णव	३ इन्द्रजाल
४ क्रोधभैरव	तत्त्वशम्बर	४ जालशम्बर	४ उत्तम "	४ कामिनी	४ कुल प्रकाश	४ उडडामरेश्वर
५ उन्मत्तभैरव	सिद्धभैरव	५ तत्त्वशम्बर	५ उर्ध्वाम्नाय "	५ कामुकेश्वर	५ क्रियासार	५ एकजटा
६ असिताङ्ग	वटुक भैरव	६ भैरववाष्टक	६ काली "	६ कामरत्न	६ कुब्जिका	६ कंकाल मालिनी
७ महोच्छुष्म	कंकाल भैरव	७ ब्राह्मी	७ कुमारी "	७ कुरञ्ज	७ काली विलास	७ कुकलाश दीपिका
८ कपालीश	कालभैरव	८ माहेश्वरी	८ कुलार्णव "	८ गायत्री	८ कुलोड्डीश	८ कराल भैरव
यामल						
९ ब्रह्मयामल	९ कालाग्नि भैरव	९ कौमारी	९ कालिका कुल सर्वस्व (तन्त्र)	९ गुर्वर्चन	९ कुलामृत	९ कैवल्य
१० विष्णुयामल	१० योगिनी भैरव	१० वैष्णवी	१० कालिका कल्प	१० गोप्य	१० कुमारी	१० कुल सद्भाव
११ स्वच्छन्द या.	११ महाभैरव	११ वाराही	११ कुक्कुट	११ गोपी	११ कामधेनु	११ कृत्तिसार
१२ रूरू यामल	१२ शक्ति भैरव	१२ माहेन्द्री	१२ कामधेनु	१२ गौरी	१२ कामाख्या	१२ कालभैरव
	बहुरूपाष्टक					
१३ अथर्वण यामल	१३ ब्राह्मी	१३ चामुण्डा	१३ कालीविलास	१३ गुप्त	१३ कुल चूडामणि	१३ कालोत्तम
१४ रुद्र यामल	१४ माहेश्वरी	१४ शिवदुती	१४ कामाख्या	१४ गुप्तसार	१४ गणेश विमर्शिनी	१४ गरुडतन्त्र
१५ वेताल यामल	१५ कौमारी	१५ ब्रह्मयामल	१५ कुब्जिका	१५ गुप्तदीक्षा	१५ गवाक्ष विम.	१५ चिन्मय
१६ - "	१६ वैष्णवी	१६ विष्णुयामल	१६ कुल चुडामणि	१६ गोपलीलामृत	१६ गन्धर्व तं.	१६ चीनाचार
मततन्त्र						
१७ रक्ततन्त्र	१७ वाराही	१७ रुद्रयामल	१७ गुप्त साधन	१७ चूडामणि	१७ चामुण्डा	१७ छाया नील
१८ लम्पट तन्त्र	१८ माहेन्द्री	१८ लक्ष्मीयामल	१८ गणेश	१८ चींनतन्त्र	१८ ज्ञानार्णव	१८ ज्ञानभैरव
१९ रश्मिमत तन्त्र	१९ चामुण्डा	१९ उमायामल	१९ गन्धर्व	१९ जयराधा माधव	१९ तन्त्रराज	१९ देवडामर
२० मततन्त्र	२० शिवदूति	२० स्कन्द यामल	२० गौतमीय	२० तत्त्वचिन्तामणि	२० तन्त्रान्तर	२० दक्षिणामूर्ति

	यामलाष्टक					
२१ चालिका	२१ यामलाष्टक	२१ गणेश यामल	२१ चिदम्बर नट	२१ तत्त्वसार	२१ देव्यागम	२१ नवरत्नेश्वर
२२ उत्फुल्ल	२२ यामलाष्टक	२२ जयद्रथ यामल	२२ चिन्तामणि	२२ तीक्ष्ण	२२ देवीतन्त्र	२२ नागार्जुन
२३ पिङ्गला	२३ यामलाष्टक	२३ चन्द्रज्ञान	२३ ज्ञानार्णव	२३ धूमावती	२३ देवप्रकाश	२३ नारदीय
२४ विश्वाद्य	२४ यामलाष्टक	२४ वासुकि	२४ ज्ञानदीप	२४ बृहत्सार	२४ नवरत्नेश्वर	२४ पुरश्चरण चन्द्रिका
मंगलतन्त्रहरू						
२५ पिचुभैरवी	२५ यामलाष्टक	२५ महासंमोहन	२५ तोडल	२५ बृहत् चीन	२५ निबन्ध	२५ पुरश्चरण रसोल्लास
२६ तन्त्रभैरवी	२६ यामलाष्टक	२६ महोछुष्म	२६ तारा	२६ बृहत्तोडल	२६ नित्या	२६ पञ्चदशी
२७ तत मंगला	२७ यामलाष्टक	२७ वातुल	२७ तन्त्रमुक्तावली	२७ बृहन्निर्माण	२७ नील	२७ पिच्छिला
२८ ब्राह्मीकला	२८ यामलाष्टक	२८ वातुलोत्तर	२८ त्रिपुरासार	२८ बृ. कंकालिनी	२८ निरुत्तर	२८ प्रपञ्चसार
२९ विजया	२९ चन्द्र-ज्ञान	२९ हृद्-भेद	२९ निर्वाण	२९ बृहत् योगिनी	२९ फेत्कारी	२९ परमेश्वर
३० चन्द्रा	३० मालिनी विद्या	३० तन्त्रभेद	३० नील	३० बिन्दु	३० ब्रह्मयामल	३० बृहद्गौतमीय
३१ मंगला	३१ महासंमोहन	३१ गुह्यतन्त्र	३१ निरुत्तर	३१ बृहन्मोक्ष	३१ बृहत्श्रीक्रम	३१ वाला विलास
३२ सर्वमंगला	३२ वामजुष्ट	३२ कामिक	३२ नारायणी	३२ बृहन्मालिनी	३२ भाव चूडामणि	३२ बृहद्योनी
चक्राष्टक						
३३ मन्त्रचक्र	३३ महादेवतन्त्र	३३ कलावाद	३३ नित्या	३३ बिन्दु	३३ भूतडामर	३३ ब्रह्मजाल
३४ वर्णचक्र	३४ वातुलतन्त्र	३४ कलासार	३४ फेत्कारिणी	३४ ब्रह्माण्ड	३४ भैरव	३४ बीज चिन्तामणि
३५ शक्ति चक्र	३५ वातुलोत्तर	३५ कुब्जिकामल	३५ बृहत् श्रीक्रम	३५ भूतलिपि	३५ भैरवी	३५ भूतभैरव
३६ कला चक्र	३६ कामिक	३६ तन्त्रोत्तर	३६ भैरव	३६ भूतशुद्धि	३६ मत्स्य-सूक्त	३६ भूतडामर
३७ बिन्दु चक्र	३७ हृद-भेद	३७ चीनाख्य	३७ भूततन्त्र	३७ भूतेश्वरी	३७ मुण्डमाला	३७ मत्स्य-सूक्त
३८ नाद चक्र	३८ तन्त्रभेद	३८ त्रोतल	३८ भैरवी तं.	३८ भेरुण्डा	३८ मालिनी	३८ महिषमर्दिनी
३९ गुह्यचक्र	३९ गुह्यतन्त्र	३९ तोडलोत्तर	३९ भावचूडामणि	३९ भुवनेश्वरी	३९ महाकाल	३९ मातृकोदय
४० ख-चक्र	४० कलावाद	४० पञ्चामृत	४० मुण्डमाला	४० महावीर	४० मालिनी-विजय	४० महानील
बहुरूपतन्त्रहरू						
४१ बहुरूपतन्त्र	४१ कलासार	४१ रूपभेद	४१ मालिनी	४१ मन्त्रचिन्तामणि	४१ मायातन्त्र	४१ मेरूतन्त्र

४२ अन्धकतन्त्र	४२ कुण्डिकामत	४२ भूतोड्डामर	४२ महामाया	४२ महानिरुत्तर	४२ यामल	४२ महानिर्वाण
४३ रूरूभेदतन्त्र	४३ मतोत्तरमत	४३ कुलसार	४३ माया	४३ मोहन	४३ यन्त्र चिन्तामणि	४३ महाकाल
४४ अजतन्त्र	४४ वीणाख्य	४४ कुलोडीश	४४ मातृका	४४ मोहिनी	४४ योगिनी हृदय	४४ महालक्ष्मी
४५ मूलतन्त्र	४५ त्रोतल	४५ कुल चूडामणि	४५ मातृभेद	४५ मद्‌गुली	४५ योगिनीतन्त्र	४५ यक्षिणी
४६ वर्णतन्त्र	४६ त्रोतलोत्तर	४६ सर्वज्ञानोत्तर	४६ योगिनी विजय	४६ माया	४६ योनि	४६ योगश्वरोदय
४७ विडङ्ग	४७ पञ्चामृत	४७ महाकालीमत	४७ योनि	४७ महामालिनी	४७ राधातन्त्र	४७ योगसार
४८ मात्रादन	४८ रूपभेद	४८ महालक्ष्मीमत	४८ योगिनी हृदय	४८ मोक्ष	४८ रुद्रयामल	४८ यक्षडामर
४९ ज्वालिन	४९ भूतोड्डामर	४९ सिद्धयोगेश्वरीमत	४९ योगिनी	४९ महामाया	४९ ललिता	४९ राजराजेश्वरी
वागीश						
५० भैरवी	५० कुलसार	५० करूपिका मत	५० लिङ्गार्चन	५० महायोगिनी	५० विश्वसारतन्त्र	५० रेवती
५१ चित्रिका	५१ कुलोड्डीश	५१ रूपिका मत	५१ लतार्चन	५१ योगार्णव	५१ वाराही	५१ वर्णोद्धृति
५२ हंसा	५२ कुल चूडामणि	५२ सर्ववीरमत	५२ वाराही	५२ यत्रचूडा	५२ विशुद्धेश्वर	५२ वर्ण विलास
५३ कादम्बिका	५३ सर्वज्ञानोत्तर	५३ विमलामत	५३ वरदा	५३ योगतन्त्र	५३ श्रीक्रम	५३ वासुदेव रहस्य
५४ हल्लेखा	५४ महाकालीमत	५४ पूर्वाम्नाय	५४ विज्ञापन	५४ लीलावती	५४ शिवागम	५४ शक्तिक्रगम सर्वस्व
५५ चन्द्रलेखा	५५ अरुणेश	५५ पश्चिमाम्नाय	५५ वीरभद्र	५५ विशुद्धेश्वर	५५ सुकमुदिनी	५५ शक्तिसंगम
५६ विद्युल्लेखा	५६ मोदिनीश	५६ दक्षिणाम्नाय	५६ विश्वसार	५६ विद्युल्लता	५६ सिद्धेश्वर	५६ शारदा
५७ विद्युमत	५७ विकुण्ठेश्वर	५७ उत्तराम्नाय	५७ वीर	५७ वर्णसार	५७ सिद्धसार	५७ षोडा
शिखातन्त्र						
५८ भैरवी	५८ पूर्वपक्ष	५८ उर्ध्वाम्नाय	५८ वामकेश्वर	५८ शिवार्चन	५८ सिद्ध सारस्वत	५८ षडाम्नाय
५९ वीणा	५९ पश्चिमपक्ष	५९ वैशेषिकमत	५९ शिवसार	५९ शवर	५९ सिद्धि यामल	५९ स्वरोदय
६० वीणामणि	६० उत्तरपक्ष	६० ज्ञानार्णव	६० सनत्कुमार	६० शूलिनी	६० सनत कुमार	६० सरस्वती
६१ सम्मोह	६१ निरुत्तर	६१ वीरावली	६१ स्वतन्त्र	६१ शिवतन्त्र	६१ समयाचार	६१ सारस
६२ डामर	६२ विमत	६२ अरुणेश	६२ समय	६२ सिद्धतन्त्र	६२ सम्मोहन	६२ सम्मोहन
६३ अथर्वक	६३ विमलोत्थ	६३ मोहिनीश	६३ हंस	६३ सारात्सार	६३ स्वतन्त्र	६३ सिद्धितद्धरी
६४ कबन्ध शिरच्छेद	६४ देवीमत	६४ विशुद्धेश्वर	६४ ?,	६४ समीरणतन्त्र	६४ हंस महेश्वर	६४ हंस माहेश्वर

उपर्युक्त क्रमले तन्त्रशास्त्रका विभिन्न भेद भएका कुरा विभिन्न तन्त्रले उल्लेख गरेका छन् र तन्त्राचार्यहरूका मतमा विभिन्न तन्त्रमा उल्लेख गरिएका आधारमा ६४ तन्त्रको परिगणना गरिएको छ। जुन कुरा माथिको तालिकामा उल्लेख गरियो। यीमध्ये कालक्रमले अनुमान गर्दा शङ्कराचार्य (ई. ७८८-८२०) द्वारा रचना गरिएको सौन्दर्य-लहरी भन्ने ग्रन्थमा ६४ तन्त्रको उल्लेख आएकोले त्यो वेलासम्म ६४ तन्त्रको रचना भइसकेको थियो भन्न सकिन्छ। तर ती ६४ को क्रम कुनचाहिँ हो, त्यो भने निश्चय गर्न सकिँदैन।

अश्वक्रान्ता, रथक्रान्ता, विष्णुक्रान्ता नामक तन्त्रशास्त्रको जुन भेद गरिएको पाइन्छ, त्यो अर्वाचीनकालको विभाग हो। पूर्व, पश्चिम र मध्यदेश आदि ठाउँमा गरिने उपासनाको भेदले तान्त्रिक ग्रन्थहरूकै तीन विभाग गरिएको हुँदा यो पक्षलाई नयाँ भनिएको हो। प्राचीनकालमा यस्तो विभाजनरेखा पाइँदैन।

पादटिप्पणी :

१. डा. काशीप्रसाद जायसवाल- हिन्दूराजतन्त्र, भाग १-२
२. प्रा. ढुण्डीराज भण्डारी- नेपालको ऐतिहासिक विवेचना
३. वालचन्द्र शर्मा- नेपालको ऐतिहासिक रूपरेखा
४. वालचन्द्र शर्मा- नेपालको ऐतिहासिक रूपरेखा, पृ. ५६
५. प्रा. ढुण्डीराज भण्डारी- नेपालको ऐतिहासिक विवेचना, पृ. १८
६. डा. नीलकण्ठ पुरुषोत्तम जोशी- प्राचीन भारतीय मूर्ति-विज्ञान, राष्ट्रभाषा-परिषद्-प्रकाशन पटना, पृ. ११५-१६
७. डा. वासुदेवशरण अग्रवाल- भारतीय कला, पृ. १०६-१३
८. ऐ., पृ. ११५-११६
९. अश्वपूर्वां रथमध्यां हस्तिनाथ- प्रवोधिनीम्
श्रियं देवीमुपह्वये श्रीर्मा देवी जुषताम्।
- श्रीसूक्त ३ (ऋग्वेद ५/१८८)
१०. अरण्यान्यान्यसौ या प्रे व नश्यसि
कथाग्रामं नपृच्छसि नत्वा भीरिव विन्दति ।१।
वृषारवायं वदते यदुपावति चिव्वक
आघाटिभिरिव धावयन्तरण्यानिर्महीयते ।२।
आञ्जन गधिं सरभि वह्वन्नाम कृषीवलाम्
प्राहं मृगाणां मातर मरण्यानि मशंसिषम् ।३।
११. अहं रुद्रेभिर्वसुभिश्वराम्यह मादित्यै रुत विश्वदेवैः। अहं मित्रा वरुणोभा विभर्म्यहमिन्द्राग्नी अहमश्विनोभा॥ अहं सोममाहनसं विभर्म्यहं त्वष्टारमुत पूषणं भगम्। अहं दधामि द्रविणं हविष्मते सुप्राव्ये यजमानाय सुन्वते॥२॥ अहं राष्ट्रे संगमनी वसूनां चिकितुषी प्रथमा यज्ञियानाम्। तां मा देवा व्यदधुः पुरुत्रा भूरिस्थात्रां भूर्यावेषयन्तीम्। इत्यादि।
(ऋ. १०/१२५)

१२. आ याहि वनस्त सह गाव सचन्त वर्तनि यदूधभि । आयाहि
वस्व्या धिया महिष्ठो जरयन्मरव सुदानुभिः ॥२॥ पितृभृतो
तन्तुमित्सु दानवः प्रतिदध्मो यजामसि ॥३॥ उषा अप स्वसुस्तमः
संवर्तयति वर्तनि सु जाता ॥४॥ इत्यादि ।
(ऋ. ०१०/१७२)
१३. श्रद्धयाग्निः समिध्यते श्रद्धया हूयते हविः
श्रद्धां भगस्य मूर्धनि वचसा वेदयामसि ॥१॥
श्रद्धां देव यजमाना वायुगोपा उपासते
श्रद्धा हृदय्या याकूत्या श्रद्धया विन्दते वसु ॥४॥ इत्यादि ।
(ऋ. १०/१५१)
१४. वैदिक इन्डेक्स, भाग १
१५. केनोपनिषद् (३-२५) (क) १-२-४ मुण्डककोपनिषद्
१६. तामग्निवर्णां तपसा ज्वलन्तीं वैरोचनी कर्मफलेषु जुष्टाम् ।
दुर्गां देवीं शरणमहं प्रपद्ये सुतरसि तरसे नमः ॥
(तैत्तिरीय आ. १०/१८)
१७. भवानीलाई हवन गर्ने विधान छ- साङ्ख्यायन गृ. सू.
१८. भद्रकालीलाई यज्ञाहुति दिने विधान छ - हिरण्यकेशी गृह्यसूत्र
१९. 'कात्यायिन्यै विद्महे कन्याकुमारीं धीमहि । तन्नो दुर्गा प्रचोदयात्'
२०. दुर्गीदुर्गाऽभिन्नेति । सायणाचार्य आर.भा. १०/१७- तैत्तिरीय आ. याज्ञिकोपनिषद्
२१. स्वर्गादुत्तुङ्गममलं विषाणं यत्र शूलिन
स्वमात्मविहितं दृष्ट्वा मर्त्यो शिवपुरं व्रजेत् ।
(महाभा. वनपर्व अ. ८८/५०८)
२२. मोहेन्जोदारो एन्ड इन्डस भ्याली सिभिलाइजेसन, भा. १, पृ. ५९-६० मार्सल
२३. राहुल साङकृत्यायन, पुरातत्त्व निवन्धावलीमा 'वज्रयान'
२४. डा. द्विजेन्द्रनाथ शुक्ल - वास्तुशास्त्र तथा प्रतिमा विज्ञान
२५. DAK (रोजेन फील्ड जे. एम्.- डाइनास्टिक आर्ट अफ कुषानस् (क्यालिफोर्निया) भाग ८, पेज नं. १६४-१६५)
२६. डा. नीलकण्ठ पुरुषोत्तम जोशी- प्राचीन भारतीय मूर्तिविज्ञान
२७. डा. वासुदेवशरण अग्रवाल भारतीय कला
२८. वैश्यशूद्रैर्भक्तियुतैः म्लेच्छैरन्यश्वमानवैः एवं नाना म्लेच्छगणैः
पूज्यते सर्वदस्युभिः । अङ्गवङ्गकलिङ्गैश्च किन्नरैर्बर्बरैः शकैः ॥
('कृत्य कल्पतरु'मा उद्धृत, भविष्यपुराणको वचन)
२९. परिपूर्णानन्द वर्मा- प्रतीकशास्त्र, पृ. ४५
३०. डा. नीलकण्ठ पुरुषोत्तम जोशी- भारतीय मूर्तिविज्ञान
३१. यजुर्वेद १६ अ. तथा श्रीमद्भागवत् ४ स्कन्ध
३२. सिंहे व्याघ्र उत वा पृदाकौ त्विषिरग्नौ ब्राह्मणे सूर्ये वा । इन्द्रं या
देवी सुभगा जजान सा न एतु वचसा संविधाना ॥१॥ या हस्तिनि

द्वीपिति या हिरण्ये त्विषिरप्सु गोषु या पुरुषेषु । इन्द्रं या देवी जजान सा न एतु वचसा संविदाना ।
(अथर्व सं. ६/३८/१-२)

३३. भारतीत्वे सरस्वति या वः सर्वा उप व्रुवे । ता नश्चोदयत श्रिये ।
(ऋ. १/१८८/८)

३४. त्वमग्ने अदितिर्देव दाशुषे त्वं होत्रा भारति वर्धसे गिरा
त्वमिला शतहिमासि दक्षसे त्व वृत्रहा वसुपते सरस्वती ।
(ऋ. २/१/११)

३५. सरस्वती साधयन्ती धियं न इला देवी भारती विश्वनूतिः
तिस्रो देवी स्वदधया वर्हिरिदमच्छिद्रं पान्त शरणं निषद्य ।
(ऋ. २/३/८)

३६. आ भारतीं भारतीभिः सजोषा इला देवैर्मनुष्येभिरग्निः
सरस्वती सारस्वतेभिरर्वाक् तिस्रो देवीर्वर्हिरिदं सदन्तु ।
(ऋ. ३/४/८)

३७. वाग् वै सरस्वती मन्त्रांशेऽस्मिन् वाक्यमात्राधिष्ठात्री देवी सरस्वती वाग् इच्युच्यते ।
(शतपथ ब्रा. ३/९/१/७)

३८. अम्बीतमे नदीतमे देवीतमे सरस्वती ।
अप्रशस्ता इव स्मसि प्रशस्ति मम्व नस्कृधि ॥
(ऋ. २/४१/१६)

३९. चत्वारि वाक् परिमिता पदानि तानि विदुर्ब्राह्मणा ये मनीषिणः ।
गुहा त्रीणि निहिता नेङ्गयन्ति तुरीयं वाचो मनुष्या वदन्ति ॥
(ऋग्वेद)

४०. चक्रेश्वर भट्टाचार्य- शाक्त दर्शनम् पृ. ४२

४१. यद् वाग् वदन्त्यविचेतनानि राष्ट्री देवानां निषसाद मन्द्रा
चतस्र ऊर्जं दुदहे पयांसि क्व स्विदस्या परमं जगाम ।
देवीं वाचमजनयन्त देवा स्तां विश्वरूपाः पशवो वदन्ति
सा नो मन्द्रेषमूर्ज़ं दुहाना धेनुर्वागस्मानुप सुष्टुतैतु ।
(ऋग्वेद सं.)

४२. महाविद्या (१) महावाणी (२) भारती (३) वाक् (४) सरस्वती (५) आर्या (६) ब्राह्मी (७) कामधेनुः (८) वेदगर्भा (९) धीश्वरी (१०)

४३. चारवेद- ऋग्, यजुः, साम, अथर्व । षड्अङ्गहरू- शिक्षा, कल्प, व्याकरण, निरक्त, छन्द, ज्योतिष । स्मृतिशास्त्र, मीमांसा, न्याय, पुराण, आयुर्वेद, धनुर्वेद, गान्धर्ववेद, अर्थशास्त्र (दण्ड-नीति), जम्मा अठार विद्या ।

४४. ६४ कला विद्या- गीत (१) वाद्य (२) नृत्य (३) आलेख्य (चित्र) (४) चामल फूल आदि वलि विकार (५) नाटक (६) पुष्पास्तरण (फूल सज्ने कला) (७) दाँत, नङ, कपडा रङ्गाउने र अङ्गरागकला (८) मणिभूमिका कर्म (९) शयन-रचना (ओछ्यान लगाउने (वैठके) कर्म) (१०) उदक वाद्यम् (जल-तरङ्ग आदि) (११) चित्रयोग (१२) चित्रमाल्य ग्रथन विकल्प (

माला, फूलगुच्छा वनाउने कला) (१३) शेखरापीड योजना (केशरचनादि कला) (१४) नेपथ्य योग (नाटक रूपकमा हुने प्रयोग) (१५) कर्णपत्रभङ्गी (स्त्रीजन केशविन्यास कला) (१६) सुगन्धयुक्ति (अत्तर कस्तुरी लेपन विधि) (१७) भूषण योजना (गहना लगाउने कला) (१८) ऐन्द्रजाल (चटक) (१९) क्रौञ्चमार योग: (सज्जा विद्या) (२०) हस्तलाघव (हातको चटकी क्रिया) (२१) चित्रशाकापूपभक्ष्य-विकार क्रिया (अनेकथरि तरकारी रोटी आदि पदार्थ वनाउने काम) (२२) पानक रस रागासव योजना (शर्वत, सुरुवा आदि रसनिर्माण, विविध झोल, रङ्गराग र आसव, मद्य औषधि-विशेष वनाउने कला) (२३) सूचिवयन कर्म (सिउने काम) (२४) सूत्र-क्रिया (धागो वनाउने र वुन्ने काम) (२५) डमरु, वीणा वाद्यादि निर्माण-कला (२६) प्रहेलिका (कूटवचन, गाउँखाने कथाहरू) (२७) प्रतिमाला (२८) दुर्वञ्चकयोग (दृष्टिभ्रम गर्ने कला) (२९) पुस्तकवचनम् (पुस्तक वाचन कला) (३०) नाटकाख्यायिका दर्शनम् (नाटकको कथा, पात्र, रचना प्रकारको ज्ञान) (३१) काव्य-समस्यापूरणम् (काव्य-कला तथा समस्यापूर्तिको ज्ञान) (३२) पट्टिका वेत्र-वाण-विकल्प (वेत, वाँसको वुनाइ, वाण वनाउने कर्म आदि) (३३) तर्कुकर्म-तक्षण (कर्मी काम) (३४), (३५) वास्तु-विद्या (घर-मन्दिर वनाउने कलाको ज्ञान) (३६) रुप्परत्न, परीक्षा (सुनचाँदी र रत्न चिन्ने काम) (३७) धातु-विद्या (फलाम, ताँवा, पित्तल, काँसो आदि गाल्ने र वनाउने काम) (३८) मणिरागज्ञानम् (मणिरत्नहरूको रङ जाँच्ने काम) (३९) आकरज्ञानम् (भूगर्भविद्या, खानीको ज्ञान) (४०) वृक्षायुर्वेद योग (रुखपातको उपचार र विरुवा, कलमी लगाउने विद्या) (४१) मेष कुक्कुट लावक युद्धविधि: (भेंडा, कुखुरा र वट्टाई लडाउने विधि) (४२) शुक-शारिकादिप्रलापनम् (सुगा-मैनालाई पढाउने, तालिम गर्ने काम) (४३) उत्सादनम् (शरीरमा सुगन्धी द्रव्य लगाउने कला) (४४) केशमार्जनकौशलम् (केश धुने, पखाल्ने र धुवाँएर सुगन्धी वनाउने कला) (४५) अक्षरमुष्टिका कथन (चिताएको कुरा भन्न सक्ने कला) (४६) अङ्गुल्याक्षर-रचना (औंलाले लेख्ने कला) (४७) श्लोकतर्क विकल्प (अन्त्याक्षरी र अन्यार्थ कल्पना) (४८) देशभाषाज्ञानम् (देशका विविध भाषाको ज्ञान) (४९) पुष्प-शकटिका (रथ, वग्गी, गाडाहरू सिँगार्ने कला) (५०) निमित्त-ज्ञानम् (ज्योतिष, सामुद्रिक-शास्त्र-ज्ञान) (५१) यन्त्रमातृका (यन्त्रद्वारा पानी पटाउने वा आवश्यक काम गर्ने कला) (५२) धारणमातृका (वोक्ने उचाल्ने क्रिया) (५३) संवाच्यम् (वोल्ने क्रिया (५४) मानसी काव्यक्रिया (काव्यकल्पना र चिन्तन) (५५) अभिधानविद्या (शव्द-ज्ञान) छन्दोज्ञानम् (वैदिक र लौकिकादि छन्दज्ञान) (५६) क्रिया विकल्प (शिल्प रचनाका विविध फर्मुला) (५७) चलितक योग (५८) वस्त्र गोपनादि (कपडा लगाउने कला) (५९) द्युतविशेष (जुवा-पाशा खेल्ने कला) (६०) आकर्षण विद्या (मोहनी लगाउने) (६१) वालक्रीडनकादि (केटाकेटीका खेलहरू) (६२) विशेषक, क्षेद्यक, तिलकादि रचना (विशेष अञ्जन, टीका आदि जादूटुनामा प्रयोग हुने कुराको रचना गर्ने विधि) (६३) वैयासीकी वैनायकी विद्या (वेद-पुराण, तन्त्रमन्त्र, अभिचार, विघ्नवाधा अपसारण आदिको ज्ञान) (६४)

४५. अकारोकारमकारा मदीये प्रणवे स्थिता: उकारञ्च मकारञ्च
अकारञ्च क्रमेरितम् ॥ तदीयं प्रणवं विद्धि त्रिमात्रं प्लुतमुत्तमम् ।
(लिङ्गपुराण)

४६. इच्छाशक्तिरुमा कुमारी । शिवसूत्र १।१३।
४७. परानुभूतिं भव पापनाशिनीं, सदाशिवस्याप्पति शोभनाद्याम्
उमा भिधामुत्तमचित्तवृत्तिं नमामि नानाविध-लोक-वैभम् ।
(सूतसंहिता)
४८. यतो निरस्ता तपसे वनं गन्तुं तु मेनया
उमेति तेन सोमेति नाम प्राप तदा सती ।
(कालिकापुराण)
४९. सौभाग्य-भास्करका लेखक भास्कर राय भन्छन् - उ इति आमन्त्रणे, मा इति निषेधे । वाल्ये तपस्यन्ती भगवती मात्रा आमन्त्र्य निषिध्दा इति उमा वा । (सौ.भा.)
५०. रूपं मदीयं व्रह्मैतत् सर्वकारणकारणं
माया धिष्ठान भूतन्तु सर्वसाक्षि निरामयम् ॥
(देवीभा. ८/२२/६२)
५१. निर्गुणं सगुणं चेति द्विधा मद्रूपमुच्यते । निर्गुणं मायया हीनं सगुणं मायया युतम् । साहं सर्वं जगत् सृष्ट्वा तदन्तं संप्रविश्य च । प्रेरणाम्यनिशं जीवं यथा कर्म यथा श्रुतम् । सृष्टिस्थिति तिरोधाने प्रेरयाम्यह मेव ही । व्रह्माणञ्च तथा विष्णुं रुद्रं वै कारणात्मकम् । मत्प्रसादाद् भवेद् भिस्तु जयो लब्धोऽस्ति सर्वथा । युष्मानहं नर्तयामि काष्ठपुत्तलिकोपमान् । कदाचिद्देवविजयं दैत्यानां विजयं क्वचित् । स्वतन्त्रा स्वच्छया सर्वं कुर्वे कर्मानुरोधतः । तां मां सर्वात्मिकां यूयं विस्मृत्य निज-गर्वतः । अहंकारा वृतात्मानो मोहमाप्ता दुरुन्तकम् । अनुग्रहं ततः कर्तुं युष्मद्देहादनुत्तमम् । निःसृतं सहसा तेजो मदीयं यक्षमित्यपि । ऐ. ८२ ।
५२. 'तिस्रःपुर त्रिपक्ष विश्व चर्षिणी यत्रा कथापरा सन्निविष्टा अधिष्टायैनामजरा पुराणी महत्तरा महिमा देवतानाम् । कामो योनिः कमला वज्रपाणि' इत्यादि ।
(साङ्ख्यायन आरण्यक)
५३. एकोनत्रिंशकः कल्पो विशेष-नीललोहितः
तस्मिंस्तत्परमं ध्यानं ध्यायतो व्रह्मणस्तदा
उत्पन्नस्तु शिखायुक्तः कुमारः श्वेतलोहितः
तं दृष्ट्वा पुरुषं श्रीमान् व्रह्मा वै विश्वतो मुखः
हृदि कृत्वा महात्मानं व्रह्मरूपिणमीश्वरम्
सद्योजातं ततो व्रह्मा ध्यानयोगपरो भवत् ।
(लिङ्गपुराण ११/२-४)
क. ततः त्रिशत्तमो कल्पो रक्तो नाम प्रकीर्तितः
व्रह्मा यत्र महातेजा रक्तवर्णमधारयत्
ध्यायतः पुत्रकामस्य व्रह्मणः परमेष्ठिनः
प्रादुर्भूतो महातेजाः कुमारो रक्तभूषण :
वामदेवस्ततो व्रह्मा व्रह्म वै समचिन्तयेत् ।
(लिङ्गपुराण १२/१-५)
ख. एकस्त्रिशत्तमः कल्पः पीतवासा इति स्मृतः

ब्रह्मा यत्र महाभाग पीत वासा वभूवह
ध्यायत: पुत्रकामस्य ब्रह्मण: परमेष्ठिन:
प्रादुर्भूतो महातेजा कुमारो पीत-रूपधृक्-
पीतगन्धानुलिप्ताङ्ग: पीतमाल्याम्वरो युवा
हेम-यज्ञोपवीतश्च पीतोष्णीषो महाभुज: ।
(ऐ. १३/३-५)

ग. पुनरन्य प्रपृत्तस्तु कल्पो नाम्नाऽसितस्तुस:
अथापश्यन् महातेजा प्रादुर्भूतंकुमारकम् (तत्पुरुषेति)
कृष्ण वर्णं महावीर्यं अघोरघोरविक्रमम्...
(ऐ., १४/१-५)

५४. अथान्यद् ब्रह्मणा: कल्प वर्तते मति-पुंगवा:
प्रादुर्भूता महानादा विश्वरूपा सरस्वती
तथाविधं य भगवानीशानं परमेश्वरम् ।
(ऐ. १६/अ.)

५५. म.म. डा. गोपीनाथ कविराज- तान्त्रिक साहित्य, हिन्दी समिति, लखनउ, पृ. ३४२
५६. म.म. हरप्रसाद शास्त्री- नेपाल दरबार कैटलग भाग २, पृ. ५०
५७. डा. गोपीनाथ- आगम शास्त्रका दिग्दर्शन, पृ. ६२
५८. ऐ. मा उद्धृत- 'उमापति कृतं शतरत्न' पृ. ९ ।

✡

दक्षिणकालिका

(फरपिङ, काठमाडौं)

भौगोलिक स्थिति :

नेपाल उपत्यकाको दक्षिण-पश्चिमका बीच नैऋत्य-कोणतिर उपत्यकाको निम्नोच्च भूभागभन्दा अग्लो र केही पर्वतश्रेणीका काखमा उत्तर-पूर्व पसारिएको अधित्यकाको दक्षिणपार्श्वमा लिच्छविकालिक वस्ती भएको मध्यकालतिर फनपीं नामक, सामन्त-शासित सहर[1] भए तापनि वर्तमान कालमा भने ठाउँ-ठाउँमा भग्नावशेषद्वारा प्राचीन गाथालाई द्योतन गर्ने फरपिङ नामक गाउँ छ। त्यस क्षेत्रको केही अग्लो भागमा उक्त गाउँ छ भने त्यसभन्दा दक्षिणको जङ्गलले युक्त खोंचमा पश्चिमवाट र दक्षिणवाट वग्दै आएका दुइटा पहाड़ी खोलाको दोभानमा भगवती दक्षिणकालिकाको प्राचीन र प्रसिद्ध पीठ छ।

लिच्छविकालभन्दा पहिले यो गाउँको अवस्था के थियो र यहाँका वासिन्दा को-को थिए भन्ने कुरा जान्ने साधन छैन। परन्तु यस क्षेत्रमा लिच्छविकालिक अभिलेखहरू प्राप्त भएकाले त्यहाँ पाँचौ-छैठौं शतीतिर घना वस्ती भएको र मन्दिर, वौद्धविहारहरूको अवस्थिति रहेको कुरा अभिलेखद्वारा प्रमाणित हुन्छ।[2]

ठाउँठाउँमा पानीका स्रोतहरू, डाँडा, थुम्का, घना जङ्गल र पर्वतका काखमा दस्याइला टारले गर्दा उपत्यका जलमग्न भएको बेलातिर पनि यहाँ बसोबास गर्ने केही जातिहरू हुनुपर्छ। पशुचरणका लागि दम्सिलो ठाउँ, पानी र खेतीका निम्ति पनि निम्नोन्नत भूभाग भएकाले उपत्यका ओसिलो र दलदल तथा पानीले छोपिएको वेलातिर पनि यहाँ वस्नलायक ठाउँ भएकाले आदिमकालिक वसोवासको अनुमान गर्न सकिन्छ। पुराना वंशावलीका कथनअनुसार उपत्यका क्षेत्रमा पहिले आउने जाति गोपालक जाति थियो। त्यसपछि यहाँ किराँत जाति आएको वर्णन छ। किराँत राजालाई विजय गरी लिच्छविले नेपालको शासन गरे।[3]

वर्तमान कालका जातिहरू :

वंशावलीको कथनलाई प्रमाणित गर्ने लिच्छविहरूको प्राचीन अभिलेख पाइन्छ। किराँतको स्थितिलाई इङ्गित गर्ने यहाँको भाषा, (जसलाई मोनख्मेर परिवारको भनिन्छ) आदिम जातिहरूमा मङ्गोल रक्तसम्मिश्रणद्वारा भएको शारीरिक गठन, यहाँका ठाउँहरूको प्राचीन नाउँवाट र प्राचीन वैदिक साहित्य एवं अन्य साहित्यद्वारा पुष्टि

हुन्छ।[४] गोपाल जातिको आगमन र वसोवास वारेमा अभिलेख नपाइए तापनि विश्वमा नै पहिलो मानव विकास, पशुचारण गर्ने यायावर जातिका रूपमा भएको कुरा विज्ञानसम्मत र प्राचीन इतिहासविद्को निश्चित धारणा भएकाले मान्नैपर्ने हुन्छ। साथै यहाँका आदिम जातिका सन्तान भनेर मानिएका महर्जन (ज्यापू) जातिको धार्मिक र परम्परागत कृत्यहरूको अध्ययन गर्दा आर्यमूलका पशुचारक जाति, जसलाई खसगण पनि भन्दछन्, सर्वप्रथम यहाँ आए। यिनीहरू आफूलाई क्षत्रियगण मान्दथे र पूर्णतया वैदिक संस्कार स्वीकार नगरे तापनि वैदिक देवताका साथै शिव-रुद्रलाई इष्टदेवताका रूपमा मान्दथे। आर्य र मङ्गोल जाति दुवैका पशुपालक युगमा इष्टदेवता रुद्र वा महादेव थिए, जसलाई पशुका संरक्षक (पशुपति) का रूपमा सिन्धुघाटीको सभ्यताभन्दा पनि पहिलेदेखि नै मान्दै आएका थिए। यो खसगण आदिमयुगमा मध्येसियाको काशगर (खसगिरि) तथा हिन्दुकुश पर्वतमालाका अगलबगलमा पशुचारण गरी जीवन बिताउँथ्यो भन्ने कुरा प्राचीन इतिहासवेत्ताहरूले पत्ता लगाएका छन्।[५] यसको एउटा ठूलो समूह पशुचारण गर्दै ई० पू० ३००० वर्षअघि पश्चिम-एसियाभित्रका इरान, इराक, इलाम, वेविलोनियातिर झऱ्यो। ई० पू० २१०० वर्षतिर नीलनदीका किनारमा पुगेर कुश वा खस साम्राज्य खडा गरेको कुरा पश्चिम-एसियाका पुरातत्त्वविद्हरूले उल्लेख गरेका छन्।[६]

अर्को समूह पामीरको पठार नाघ्दै काश्मीर, जालन्धर क्षेत्र ढाक्न आयो र यसै समूहका व्यक्तिहरू फुटेर पशुचारण गर्दै गढवाल, कुमाउँ, जुम्ला हुँदै यस उपत्यकामा पनि आए। हिमाल सिवालिक (चुरे) पर्वतको अन्तरालका भूभाग घुम्दै पूर्वमा नागाल्यान्ड खसिया पहाडसम्म छरिन पुगे। पुरा-इतिहासविद्को यो कथनलाई अर्को सशक्त प्रमाण देखाउन वा युक्तिसङ्गत तर्क दिन नसक्नेले नकार्ने ठाउँ छैन र हाम्रा पुराना वंशावलीले गोपाल जाति यहाँ आएको र पशुपतिको प्रादुर्भावसम्वन्धी जुन कुरा लेखेका छन् त्यसलाई सावित पनि गर्दछ।

पछिल्लो कालमा अहीर मूलका गोपाल जातिको अस्तित्त्व प्राचीन अभिलेखद्वारा थाहा पाइने हुँदा हाम्रा कतिपय अनुसन्धाताहरू अनेक शास्त्रीय प्रमाणको अन्वेषण गरी यहाँ आउने प्राचीन गोपालक जातिलाई आभीर जाति देखाउन यत्नशील देखिन्छन्। किन्तु वंशावलीका आदिम गोपाल जातिको अस्तित्त्वलाई प्रमाणित गर्न ती प्रमाणहरू समुचित छैनन्।[७] लौकिक व्याकरण र कोषहरूको निर्माणभन्दा धेरै अघिको कुरा वंशावलीले चर्चा गर्दछन्। र ताम्रयुगीन समाजको प्रारम्भतिरकै कुरा भएकाले धेरै पछिल्लो कालसम्म पशुपालन गर्ने अहीर जातिसँग समन्वय गर्ने कुरा इतिहाससम्मत हुँदैन। यसमा निम्नस्थ कारणहरूको अध्ययन पनि आवश्यक छ –

(क) आभीर जातिहरू ईशाको दोस्रो-तेस्रो शतीतिर मात्रै पश्चिम-भारतको क्षेत्रवाट पूर्व लागेका हुन्।[८]

(ख) आभीर जातिहरू वैष्णव हुन् र यहाँ आउने प्राचीन गोपालक जाति शुद्ध शैवोपासक थियो।

(ग) यहाँका महर्जन जातिको विधिवत् व्रतवन्धकर्म हुन्छ। धनुर्वाण र ठोक्रो भिर्दछन् तथा क्षत्रियोचित गायत्रीमन्त्र दान गरिन्छ।

(घ) महर्जन जाति शैव र शाक्त मन्दिरका पुजारी छन् ।[९] शैव, शाक्त मन्दिरका गण भएर नृत्यमा भाग लिन्छन् ।[१०] जस्तै हरिसिद्धि, ठेचो, ब्रह्मायणी, खोकनाकी माहेश्वरी, श्वेतकाली, नवदुर्गा, महालक्ष्मी आदि ठाउँका पुजारी नर्तक गणहरू ।

(ङ) आभीरहरू पुरातनकालमा न्वारानसम्म पनि गर्दैनथे भन्ने कुरा श्रीमद्भागवत, हरिवंश, ब्रह्मवैवर्तपुराणहरूवाट थाहा हुन्छ ।

(च) प्राचीन खससमूहमा रक्तसम्मिश्रणको त्यति ख्याल नराखिने हुँदा किराँतसँग संसर्ग भएको र उनीहरूको प्राचीन भाषा पनि स्वीकार गरिएकाले हाल जातिगत अध्ययन गर्न नृतत्त्वशास्त्रले मद्दत गर्दैन, तापनि धार्मिक र सांस्कृतिक परम्पराले उपर्युक्त कुरामा अनुमान गर्न वल दिन्छ ।

फर्पिङ क्षेत्रका अधिकांश जाति यिनै महर्जन छन् । सम्भवतः महाजन शब्दको अपभ्रंश नै महर्जन होला । वौद्धधर्मको मध्यकालमा निकै प्रभुत्त्व रहेको फर्पिङ क्षेत्रका महर्जनहरू आज पनि शैव छन् ।

मध्यकालमा यस क्षेत्रका यिनै सामन्त-शासक सोलङ्की वंशका राजपूतहरू भएको कुरा अभिलेखवाट थाहा पाइन्छ । यसवाहेक वर्तमान कालमा केही श्रेष्ठ, आचाजु, ठकुजुजु, राजोपाध्याय आदि जातिको वसोवास छ ।

फर्पिङ क्षेत्रका देवताहरू र दक्षिणकाली :

फर्पिङ क्षेत्रमा निकै प्राचीन देवता गोपालेश्वर हुन् जसको लिङ्गको आकार-प्रकार हेर्दा प्राचीनताको वोध हुन्छ भने गोपालेश्वर नामवाट प्राचीन गोपालक जातिले इष्टदेवताका रूपमा मान्दै आएका शिव-रुद्र हुन् कि भन्ने शङ्का हुन्छ । यसो भन्न पुष्ट प्रमाणको अभाव छ; तापनि लिङ्गको प्राकृतिक वनौटले त्यो कुरा भन्न वाध्य गर्छ । साथै लिच्छवि राजाले सुरुमा नै स्थापना गरेका शिखरनारायणसँग सम्वन्ध जोड्ने हरिशङ्करजात्राको प्रमुखता रहेकाले पनि वैष्णवधर्मप्रति झुकेको लिच्छवि र त्यहाँका शैव आदिवासीको समन्वय गर्ने प्रयासमा हरिशङ्करजात्राको थालनी गरियो र पछिपछि स्थापना भएका अन्य देवीदेवताको पनि त्यस जात्रामा समन्वय हुँदै गयो ।[११]

ऐतिहासिक प्रमाणले ईशाको सुरु शतीतिर नै स्थापित भएका शिखरनारायणको भन्दा गोपालेश्वरको प्रमुख स्थान रहेको पाइनुले पनि गोपालेश्वरको अझ प्राचीनताको आभास पाइन्छ । फर्पिङसम्वन्धी अनुश्रुतिहरूवाट पनि गोपालेश्वर र त्यसपछि शिखरनारायणको अस्तित्त्व सुन्न पाइन्छ । नेपालका देवदेवीको वर्णन गर्ने हिमवत्खण्ड (स्कन्दपुराण) को १०६ अध्यायमा गोपालेश्वरको विशेष माहात्म्य वर्णन गरिएको छ भने शिखरनारायणको चाहिँ सङ्क्षिप्त वर्णन मात्र छ ।[१२]

दक्षिणकाली पीठ :

दक्षिणकाली पीठका सम्वन्धमा स्थानीय समाजमा एउटा महत्त्वपूर्ण अनुश्रुति छ : शिखरनारायणको मन्दिरभन्दा माथिको लम्स्याइलो डाँडो पश्चिम-उत्तरवाट दक्षिणतिर पसारिँदै गोरखनाथ, पादुका र खड्गयोगिनी मन्दिरनिर गएर टुङ्गिन्छ । त्यसपछिको समतल परेको ठाउँमा फर्पिङ सहर वसेको छ । उक्त डाँडाको वीचको

थुम्कामा पहिले दक्षिणकालीको पीठ र क्रीडाभूमि थियो, जहाँ आफ्ना गणहरूसहित दक्षिणकाली विचरण गर्थिन् । एकान्त जङ्गलमा मध्यरात्रितिर आफ्ना योगिनीगणसहित घुमेका बेलामा बाहिर निस्केका प्राणीहरू देखेमा योगिनीगण भक्षण गर्थे । फर्पिङ सहरको घना आवादी उक्त अग्लो डाँडाबाट छर्लङ्ग देखिन्थ्यो र त्यहाँका वासिन्दा वाहिर निस्कँदा रात्रीमा देवीगणका शिकार हुन्थे । यसरी मान्छेको क्षति हुन थालेकाले त्यस वेलाका तान्त्रिकाचार्यहरूले मन्त्रबलद्वारा देवीगणलाई स्तम्भन गरी उपासनाद्वारा रिझाई फर्पिङ सहरभन्दा तल खोंचमा पर्ने दुई नदीको दोभान र श्मशानघाटमा दक्षिणकालीलाई आफ्ना गणसहित आवासभूमि बनाउन वाध्य गरे । उनीलाई वेलावेलामा राँगा, हाँस, बोका, भेडा बलि गर्ने प्रतिज्ञा पनि गरे । त्यस वेलादेखि निर्जन नदीको किनार, जङ्गलभित्र दक्षिणकालीको पीठ स्थापना भएको हो । अनि त्यसपछिको उनको क्रीडाक्षेत्र त्यहीं वरिपरिको जङ्गल नै भयो । त्यहाँवाट फर्पिङको वस्ती दृष्टिगोचर नहुने भएकाले त्यसपछि त्यहाँका मानिस सुरक्षित रहे ।

उपर्युक्त अनुश्रुतिवाट जङ्गलको वीच डाँडामा रहेको पीठलाई खोलाको दोभानमा सारिएछ भन्ने कुरा थाहा हुन्छ । डाँडामा रहेका अवशेष चिह्नले पनि उक्त कथनको पुष्टि गर्छ ।

देवीदेवताहरूको मन्दिर वनाउँदा प्रायः वन, नदी, पर्वत, झर्ना, गुफा आदिको नजिकका भूमिमा बनाउनू, त्यहाँ देवता रमाउँछन् तथा उपवनयुक्त सहरमा पनि देवता वास गर्छन् भन्ने कुरा प्राचीन वास्तुशास्त्रमा लेखिएको पाइन्छ ।[१३]

हिन्दूजातिका देवीदेवताको स्थापना प्रायः यस्तै ठाउँमा नै भएको छ। त्यसमाथि पनि बलिभोजी देवीहरूको पीठ घना जङ्गल, ठूला नदीका किँनारको एकान्त ठाउँमा छन् र रातमा आवागमन नहुने श्मशानभूमिनजिक नै उग्रमूर्ति तथा देवीपीठहरूको स्थापना भएको पाइन्छ। शोभाभगवती विष्णुमतीको श्मशानभूमि तथा मान्छे काट्ने भाचाखुसीको दोभानमा निवास गर्छिन् भने पचली, रक्तकाली र कङ्कालीको पीठ पनि पहिले यस्तै एकान्त ठाउँमा थियो। मयुरकुण्डको छेउ श्मशानभूमिमा मैतीदेवी छन् । पहिले यो क्षेत्र पनि निर्जन थियो । भद्रकाली पीठ त्यस वेला टुकुचाको श्मशानभूमिनजिक एकान्त ठाउँमा नै भएको वोध हुन्छ भने गुह्येश्वरी पीठ वागमतीकिनार जङ्गलको वीचमा नै पर्थ्यो। त्यसरी नै इलामको माईस्थान, काठमाडौंका सुन्दरीमाई (सुन्दरीजल) तथा वज्रयोगिनी, छिन्नमस्ता आदि पनि त्यस्तै ठाउँमा छन् ।

तान्त्रिक साधना गर्ने योगी, सिद्ध तथा साधकहरूलाई सिद्धि प्राप्त गर्न तथा साधनारत रहन पनि यस्तै एकान्त ठाउँको आवश्यकता पर्छ । तान्त्रिक साधनाका निम्ति भीडभाड आवादीका वीचका मन्दिरहरू उपयुक्त मानिदैनन् । रात्रिमा एकान्त ठाउँ जङ्गल, श्मशानभूमिमा योगिनीगणसहित क्रीडा गर्ने हुंदा दक्षिणकालीको वर्तमान पीठ भएको ठाउँ अत्यन्त उपयोगी छ। त्यस क्षेत्रमा घाइँघुइँ हल्लाखल्ला हुने जनआवादी भएमा यस्ता पीठको महत्ता नै कम हुन्छ ।

अनुश्रुतिअनुसार डाँडावाट नदीको दोभानमा दक्षिणकालीको पीठ स्थापना गर्दा विनामूर्तिको शुद्ध पाषाणमा प्राण-प्रतिष्ठा गरी, जगाई स्थापना गरेको रहेछ भन्ने कुरा

वंशावलीहरूका कथनवाट थाहा हुन्छ। मूर्तिनिर्माण गर्दा शास्त्रोक्त ध्यानअनुसार रूप, भुजा आयुध, आसन, वाहन, मुद्राहरूको ठीक-ठीक अङ्कन गर्नुपर्ने र मूर्तिनिर्माण गर्दाको ज्योतिषशास्त्र, वास्तुशास्त्र एवं तान्त्रिक विधिविधानका नियमहरू पुऱ्याएर मात्र वनाउनुपर्ने, फेरि तदनुसार नै पूजाविधि सम्पन्न गर्ने व्यवस्था हुनुपर्ने भएकाले मूर्तिको सट्टा सादा पाषाण-प्रतिमा स्थापना गरी पीठ कायम गर्ने व्यवस्था गरिएको पाइन्छ। यस्ता शक्तिपीठहरूमा उपासकले अनेक रूपको भावना गरेर पूजा गर्न सक्छन्।

टुँडिखेलको भद्रकाली पीठ, वज्रवाराही, श्वेतवाराही र पञ्चकुमारीको नामले भावना गरिने मैतीदेवी पीठ यसका उदाहरणहरू हुन्। पञ्चकुमारीको रूपाङ्कन गर्ने लक्षण वास्तुशास्त्रमा पाइँदैन। यस्तै वर्तमान भद्रकाली पीठलाई प्राचीनकालमा वैष्णवी पीठका रूपमा उपासना गरिन्थ्यो भन्ने अनुश्रुति पाइन्छ। पछि भद्रकालीका रूपमा उपासना गर्ने चलन चलेपछि भद्रकालीको मूर्ति वनाई उक्त पीठका पछाडि पूर्वपट्टि पीठकै गारोमा जडान गरिएको देखिन्छ।

दक्षिणकाली पीठका सम्वन्धमा देवमाला वंशावलीमा पनि अघि पीठ मात्रै थियो र राजा प्रताप मल्ललाई 'मेरो मूर्ति प्रकाश गर' भन्ने स्वप्न भएको हुँदा मूर्ति वनाए,'परन्तु त्यो मूर्ति अप्रकाशित र उग्रमूर्ति हो दरवारभित्रै स्थापना गर भन्ने पुनः स्वप्नमा आज्ञा भएकाले गुरु लम्वकर्ण भट्टसँग सम्मत गरी अर्को मूर्ति वनाउन लगाई स्थापना गरिदिएका हुन् भन्ने कुरा उल्लेख भएको पाइन्छ।[१४]

उपर्युक्त वंशावलीकै कथनसँग मिल्दो कुरा भाषावंशावली भाग २ पृ० ८२ मा पनि उल्लेख भएको छ। दक्षिणपट्टि पूर्णवती गङ्गा र उत्तरपट्टि उद्धारवती गङ्गा-सङ्गम दक्षिणकालीका स्थान निकट श्मशानवासी प्रकाशस्वरूप महाकाली सुन्दरकाली कन सहस्रवलि, नरवलि, महापूजा कोट्याहुति यज्ञ गरेर प्रतिष्ठाकर्मको विधि पुऱ्याई वैशाख शुक्ल तृतीया (अक्षयतृतीया) को दिन स्थापना गरेको कुरा उक्त वंशावलीमा उल्लेख भएको छ। यही कुरालाई नेपाल देशको इतिहास नामक वंशावलीले पनि उल्लेख गरेको छ।[१५] यी दुवै वंशावलीमा काली र सुन्दरकाली तथा मातृकागणसहित स्थापना गरेको, महापूजा सहस्रवलि र कोट्याहुति गरेको कुरा उल्लेख भएकाले सवै मूर्तिहरूको प्राण-प्रतिष्ठा र वलिकर्म दक्षिणकालीको क्षेत्रमा नै सम्पन्न गरी मातृकागणसहित दक्षिणकाली त्यहाँ स्थापना गरी सुन्दरकालीको विग्रहचाहिँ ल्याएर दरवारको सुन्दर चोकमा स्थापना गरेछन् भन्ने कुरा ज्ञात हुन्छ। किन्तु वंशावलीमा स्पष्ट उल्लेख भने भएको छैन। हनुमानढोकामा अष्टमातृकागण मात्र छन्। राजा प्रताप मल्ल विद्वान् कवि, गायक र तान्त्रिक विद्या र साधनामा पारङ्गत थिए भन्ने कुरा उनका जीवन-चरित्रसँग सम्वन्ध राख्ने वंशावली, स्तोत्र, गीत आदिका अभिलेखहरू पढ्दा थाहा पाइन्छ। साथै उनका गुरु साधक लम्वकर्ण भट्ट, नृसिंह ठाकुर (मैथिल) जस्ता तान्त्रिक विद्वान्हरू थिए। त्यस्तै वौद्ध तान्त्रिकहरूको पनि यहाँ कमी थिएन। अतः प्रताप मल्ल सवै तन्त्राचार्यहरूको उत्तिकै समादर गरी काम लिन्थे भन्ने कुरा उनको अभिलेख पढ्दा थाहा पाइन्छ। गुह्येश्वरी भगवतीको प्राचीन कुण्ड भएको पीठ कालक्रमले जङ्गलभित्र लुप्तप्रायः थियो। गुह्येश्वरी पीठ वौद्धमार्गीका निम्ति पनि उत्तिकै पूज्य हुँदा र वौद्ध वंशावलीहरूमा स्वयम्भूसँग गुह्येश्वरीको सम्वन्ध रहेको हुँदा स्वयम्भूको

उत्तरतर्फ गुह्येश्वरीको पीठ कल्पना गरी स्थापना भएकाले गुह्येश्वरीको पूजा मान्यता त्यहीं हुन लाग्यो । गुह्येश्वरीको एक ठाउँ अवस्थिति भएपछि अन्यत्र पीठ भएको कल्पना समाजले गरेन ।

राजा प्रताप मल्ल शास्त्रमा प्रवीण थिए । साथै उनका सहयोगी लम्वकर्ण भट्ट तथा नृसिंह ठाकुर पनि प्रकाण्ड विद्वान् र तान्त्रिक साधक भएकाले शास्त्रीय आधारमा श्लेष्मान्तक वनभित्र पशुपतिको उत्तरतर्फ नै गुह्येश्वरीको प्राचीन पीठ हुनुपर्ने सोचियो । साधकहरूले प्राचीन केही चिह्नहरू भएको ठाउँमा अन्वेषण र साधना गरे, जसबाट प्राचीन गुह्येश्वरी पीठ त्यहाँ भएको निश्चित भएपछि त्यस कुण्डको जीर्णोद्धार गरी, साधनाद्वारा पीठ जगाएर नवनिर्माणजस्तै गरेर गुह्येश्वरी पीठको प्रकाश गरियो । वंशावलीहरूले प्रताप मल्लद्वारा पुनर्निर्माण गरिएको कुरा उल्लेख गर्छन् भने त्यसलाई प्रमाणित गर्ने राजा प्रताप मल्लको अभिलेखलाई गुह्येश्वरीको कलश रहेको पश्चिमपट्टि भैरव भनिने उच्च सुवर्णमण्डित स्थण्डिल भित्र पारेर छोपिएको छ । २०४३-४४ सालमा जीर्णोद्धार गर्दा उक्त ठाउँको उपरिभाग झिकेको वेलामा उक्त अभिलेख पढ्न पाइएको हो ।[१६] गुह्येश्वरीको प्राचीन पीठको यसरी उद्धार भएपछि एघारौं शतीदेखि गुह्येश्वरी पीठ भनिएको नागार्जुनदेखि उत्तर पर्ने पीठको दर्शनार्थीहरूको सङ्ख्या कम भयो । तर पुरानो गुह्येश्वरी भनेर त्यस पीठको नामकरण भएको छ र गुह्येश्वरीकै अनुरूप २०३६ सालमा त्यस पीठको जीर्णोद्धार भएको छ ।

राजा प्रताप मल्लका अभिलेखहरू मल्लकालिक राजाहरूमध्ये सबैको भन्दा बढी पाइन्छ र नयाँ देवदेवीको मूर्ति स्थापना गर्ने कार्यमा पनि उनी अग्रणी नै देखिन्छन् । दक्षिणकालीको प्रताप मल्लले मूर्ति वनाई स्थापना गरेका अनेक विवरण वंशावलीबाट थाहा भए तापनि निश्चित तिथिमिति पाउन सकिएको छैन ।

दक्षिणकालीको शास्त्रीय पक्ष :

भगवतीका विभिन्न रूप छन् । काली, दुर्गा, लक्ष्मी, सरस्वती, अष्टमातृकागण, ६४ योगिनीगण आदि विभिन्न नामले देवीको उपासना गरिन्छ । जे भए तापनि काली-दुर्गा आदि अधिकांश देवीहरू भगवान् शिवसँग सम्वद्ध मानिन्छन् । शिवलाई पञ्चवक्त्र शिवका रूपमा उत्तरवैदिक कालदेखि नै उपासना गरिन्थ्यो । पाँच मुख पाँच आम्नायको प्रतीक मानिन्छ । अर्थात् शिवका पाँच मुख पाँच रूपका प्रतीक हुन् । सद्योजात, तत्पुरुष, अघोर, वामदेव, ईशान पाँचमुख वा शिवका पाँच रूप हुन् । मुखका भेदसँगै उपासना गर्ने विधि-विधानमा पनि भेद छ । साथै पाँच मुखका पूर्व, दक्षिण, पश्चिम, उत्तर र उर्ध्व पाँच आम्नाय मानिन्छन् र पाँचै आम्नायका देवीहरूको नाम र साधनाक्रम पनि छुट्टाछुट्टै छ ।[१७]

शिवको दक्षिण मुखलाई अघोर मुख र भैरव रूपमा उपासना गरिन्छ । यसलाई दक्षिण आम्नाय भनेर तन्त्रशास्त्र र पुराणमा पनि उल्लेख भएको पाइन्छ ।

दक्षिण आम्नायकी देवी दक्षिणकाली हुन् । संहारकर्ता रूप अघोर वक्त्र हो भने कालीको रूप पनि संहारकालकी देवी हुन् । चाँडै खुशी हुने र खुशी भएमा अभिलषित फल दिने भएकीले दक्षिणकालीको उपासना साधकहरूले गर्छन् ।

भगवती दक्षिणकालीको मूर्ति अथवा ध्यान निम्न प्रकारको हुन्छ :

करालवदनां घोरां मुक्तकेशीं चतुर्भुजाम् ।
कालिकां दक्षिणां दिव्यां मुण्डमालाविभूषिताम् ॥

सद्यःछिन्नशिरः खड्गवामोधोर्ध्वकराम्बुजाम् ।
अभयं वरदं चैव दक्षिणोर्ध्वाधपाणिकाम् ॥

महामेघप्रभां श्यामां तथा चैव दिगम्बराम् ।
कण्ठावसक्तमुण्डाली-गलद्रुधिरचर्चिताम् ॥

कर्णावतंसतानीत शवयुग्मविराजिताम् ।
घोर, दंष्ट्रां, करालास्यां पीनोन्नत पयोधराम् ॥

शवानां करसंघातैः कृतकाञ्चीं हसन्मुखीम् ।
सृक्कद्वय गलद्रक्त धारा विच्छुरिताननाम् ॥

घोररावां महारौद्रीं श्मशानालयवासिनीम् ।
दन्तुरां दक्षिणव्यापी लम्बमान कचोच्चयाम् ॥

शवरूप महादेव हृदयोपरिसंस्थिताम् ।
शिवाभिर्घोररूपाभिश्चतुर्दिक्षु समन्विताम् ॥

महाकालेन च समं विपरीतरतातुराम् ।
सुख-प्रसन्नवदनां स्मेरानन सरोरुहाम् ॥

कोटिकालानलाभासां चतुर्वाहुं त्रिलोचनाम् ।
श्मशानाष्टकमध्यस्थां मुण्डाष्टकविभूषिताम् ॥

पञ्चप्रेतस्थितं देवं त्रिशूलं डमरुं तथा ।
खड्गं च खर्परं चैव वामदक्षिणयोगतः ॥

बिभ्रतं सुन्दरं देहं श्मशानभस्मभूषितम् ।
नानाशवैः क्रीडमानं कालिकाहृदयस्थिताम् ॥

लालयन्तं रतासक्तं घोरचुम्वनतत्परम् ।
गृद्धगोमायुसंयुक्तं फेरवीगण संयुतम् ॥

जटापटलशोभाढ्यां सर्वशून्यालये स्थिताम् ।
सर्वशून्यं मुण्डभूषं प्रसन्नवदनं शिवम् ।
एवं ध्यायेद्वन्द्वमूर्तिं परव्रह्मस्वरूपिणीम् ॥

अर्थ : डरलाग्दो मुख भएकी, डरलाग्दी, केश फैलिएकी, दक्षिणा नाम भएकी, दिव्यस्वरूपा, चार हात भएकी, मुण्ड़माला धारण गर्ने, वायाँपट्टिका हातमा तुरुन्तै काटेको रगत चुहुने शिर र खड्ग लिएकी, दाहिने माथिल्लो हातमा अभयमुद्रा र तल्लो हात वरदमुद्राको प्रदर्शन गर्ने, कालो वादलझैं श्यामवर्ण भएकी, दिगम्वरा, घाँटीमा

पहिरेको मुण्डमालाबाट ताजा रगत चुहाउने र दुवै कानमा एक-एक शव धारण गर्ने, डरलाग्दा दाँत र मुख बाएकी, ठूला र उन्नत स्तन हुने, मुर्दाका हातको काँची (माला बनाएर कम्मरपेटी) लगाएकी, वेलावेलामा हँसिलो मुख पार्ने, मुखका दुवै छेउबाट रक्तधारा चुहाउने, डरलाग्दो शब्द गर्ने, डरलाग्दी श्मशानरूपी घरमा वसेकी, दाहिनेतिर फुका केशको झाँक्रो लर्काएकी, मुर्दास्वरूप सुतेका शिवजीको छातीमा उभिएकी, डरलाग्दा श्यालका बथानले घेरिएकी, महाकालरूप रुद्रसँग विपरीत रतिमा आसक्त, यो बेलाचाहिँ प्रसन्न मुद्रा भएकी काली छन् । करोडौं कालाग्नि रुद्रको तेज भएका, तीन नेत्र भएका, चार हात हुने र श्मशानको बीचमा वस्ने, आठ मुण्डमाला धारण गर्ने, पञ्चप्रेत (विष्णु, रुद्र, महेश्वर, ब्रह्मा, शिव) रूप र पाँच प्रेत (पृथ्वी, अप, तेज आदि पञ्च महाभूतको आसन भएका) माथि बसेका, त्रिशूल, डमरु, खड्ग र खप्पर धारण गर्ने, श्मशानको खरानी घसेका, सुन्दर शरीर भएका, अनेकौं मुर्दासँग खेलवाड गर्ने, कालीलाई छातीमा वोक्ने, रतासक्त, घोर चुम्वन गर्न उत्सुक, गिद्ध, स्याल, कागको वथानले घेरिएका, जटापटलले शोभित, सर्वशून्य घरमा वस्ने मुण्डमाला धारी प्रसन्न वदन भएका शिवले युक्त कालिका दक्षिणकाली हुन् र माथि भनिएजस्तो युगल मूर्तिको ध्यान दक्षिणकालिकाको ध्यान हुन्छ ।

उपर्युक्त दक्षिणकालीको रूपवर्णनबाट प्रलयकालिक शिव र कालीको वोध हुन्छ र यस रूपको दार्शनिक अर्थ छुट्टै छ, जसको व्याख्या गर्नु यहाँ आवश्यक छैन ।

दक्षिणकालीलाई इष्टदेवता एवं कुलदेवीका रूपमा उपासना गर्नेहरूका लागि कालिकाको यो रूप जानिराख्नुपर्ने हुनाले यहाँ चर्चा गरियो । दक्षिणकालिकाका यस्तो उग्ररूपका मूर्तिहरू प्रायः गोप्य नै राखिन्छन् । यहाँ जुन दक्षिणकालिकाको मूर्तिसम्वन्धी चर्चा गरिएको छ, त्यो रूपमा मूर्ति निर्माण गरिएको छैन तापनि दक्षिणकालिकाका मूर्तिशिल्पभित्र हुनुपर्ने लक्षणको साङ्केतिक चिह्नको अङ्कन भने त्यस मूर्तिमा पनि भएकै छ ।

दक्षिणकालिकाको शास्त्रीय रूपको अङ्कन भएका चित्रहरू वजारमा प्रशस्त पाइन्छ । तद्नुरूप नै उग्ररूप मूर्ति निर्माण गरी स्थापना गर्नु वाञ्छनीय भए पनि भयावह रूप, सबैका निम्ति दर्शनीय एवं श्रद्धास्पद नहुन पनि सक्छ । अतः दक्षिणकालीको पीठमा स्थापना भएको मूर्ति सौम्य छ ।

शक्तिको उपासनामा विशेष श्रद्धा राख्ने र दक्षिणकालीको रूपको दार्शनिक तत्त्व बुझेका भक्तजनका लागि भने भयावह रूपाङ्कन भएको मूर्ति पनि श्रद्धास्पद र दर्शनीय हुन सक्छ ।

उपासना गरिने देवीदेवताको रूप प्रायशः यस्तै भयावह हुने हुंदा पीठ-देवताहरूको वास्तविक रूपका मूर्तिहरू आगमघरमा राखेर उपासना गरिन्छ र सबैलाई त्यस ठाउँमा जान दिइँदैन । वाहिर स्थापना गरिएका मूर्तिहरू सौम्य नै हुन्छन् अथवा सादा पाषाण खण्ड नै राखेर भावना गरिन्छ ।

शैवसम्प्रदायका तान्त्रिक उपासना गरिने देवीहरूको भन्दा बौद्ध तन्त्रवादका उपास्य देवीहरूका मूर्तिहरू झन् दर्शनीय हुँदैनन् । किन्तु तान्त्रिक परम्परामा यस्ता मूर्तिहरू तुरुन्तै फल दिने हुंदा सेवनीय छन् भन्ने विश्वास गरिन्छ ।

पीठदेवताका सहयोगी आवरण देवताहरू :

सवै देवताको पीठ पूजा गर्दा मुख्य देवताका वरिपरि आवरण देवताको पूजा मान्यता गर्न आवश्यक हुन्छ। सवै देवताको पूजा-उपासना गर्दा विघ्न नपरोस् भनेर पहिले गणेशको पूजा गरिन्छ। गणेशपूजा, शैवपूजा र वौद्धहरूको पूजा-पद्धतिमा पनि पूजित हुने देवता हुन्। नेपालका शक्तिपीठहरूमा भैरवरूप शिवको पूजा पनि अनिवार्य सम्झिन्छ। देवीका पीठहरूमा नित्यार्चना गर्दा अरू आवरण देवता अष्टभैरव, ६४ योगिनीगण र अष्टमातृकाको पनि पूजा गरिन्छ। सम्पूर्ण आवरण देवताका मूर्तिहरू पीठमा राख्न नसके पनि अष्टमातृकागण (व्राह्मी, माहेश्वरी, कौमारी, वैष्णवी, वाराही, इन्द्राणी, नारसिंही चामुण्डाका मूर्तिहरू) भने राखिएका हुन्छन्। गुह्येश्वरी पीठमा पनि अष्टमातृकाका मूर्तिहरू छन्। त्यस्तै जयवागीश्वरी, छिन्नमस्ता, दक्षिणकाली आदि पीठमा अष्टमातृका-गणका मूर्तिहरू स्थापना गरिएका छन्। अष्टमातृकागणमा कहीं नारसिंही र कहीं नारसिंहीको सट्टा महालक्ष्मीको गणना गरी आठ पुऱ्याइन्छ।

दक्षिणकाली पीठमा दक्षिणकालीको मूर्ति पूर्व-दक्षिणमुख गरी स्थापना गरिएको छ। दक्षिणपट्टि पूर्व-दक्षिणवाट क्रमैले व्राह्मी, माहेश्वरी आदि मातृकागणको मूर्ति स्थापना भएको छ। यस क्रममा दक्षिणकालीको नजिक चामुण्डाको मूर्ति पर्छ। चामुण्डा दक्षिणकालीकै एउटा रूप हुन्। शुम्भ-निशुम्भसँगको युद्धमा भगवती दुर्गालाई मद्दत गर्न व्रह्मा, विष्णु, शिव, इन्द्र आदिका शक्तिहरू उस्तै रूप धारण गरेर व्रह्मा, विष्णुकै जस्तो वाहन चढेर आएका थिए। चामुण्डाचाहिँ स्वयं भगवती दुर्गाकै शरीरवाट उत्पन्न भएकी कालिका थिइन्। चण्डमुण्ड नामक दानव मारेपछि उनको नाउँ चामुण्डा भएको कथा चण्डी (मार्कण्डेयपुराणअन्तर्गत सप्तशती) मा वर्णन गरिएको छ। यद्यपि अष्टमातृकागण सवैलाई वलि खाने रूपमा सम्झिन्छ तापनि सवै किसिमको वलि खाने र वलि नभई खुसी नै नहुने देवी कालिका, चामुण्डा, दुर्गा हुन् भन्ने विश्वास गरिन्छ। यसकारण दक्षिणकालीमा वलिदान गर्दा चामुण्डा, वाराही, नारसिंहीलाई अनिवार्य रूपमा नै वलिको रक्त अर्पण गरिन्छ।

दक्षिणकालीजस्तै अष्टमातृकागण पनि जीवन्यास गरी तान्त्रिक विधिले जगाई स्थापना गरिएका छन्। यसकारण दक्षिणकालीको पूजा उपासना गर्दा अष्टमातृकागणको पनि विधिवत् पूजा, वन्दना वलिदान गरिनु आवश्यक छ। भगवती दक्षिणकालीका सहचारिणीहरू, जसलाई आवरण देवताका रूपमा पूजा गरिन्छ, त्यस पीठमा समर्पण गरिएको वलिको भागीदार हुन्छन्। अतः त्यहाँ वलिदान गर्ने व्यक्तिले परम्परागत नियमानुसार सवैतिर वलि भाग (रक्त) अर्पण गर्छन्।

दक्षिणकालीको ऐतिहासिक परम्परामा केही कथन :

दक्षिणकालीको पीठ पुरानो हो भन्ने कुराको चर्चा भए तापनि निश्चित समय भन्ने प्रमाण छैन। फर्पिङ लिच्छविकालीन वस्ती हो भन्ने कुरा लिच्छवि राजा गणदेव (वि० सं० ६१४) को र राजा अंशुवर्मा (वि० सं० ६४७-६८८) को समयका शिलापत्रहरू त्यहाँ पाइएकाले निश्चय हुन्छ।[१८] सनदको काम गर्ने शिलापत्रहरू घना

वस्तीमा स्थापित गरिन्थे। यसकारण लिच्छविहरू पहिले आएर फर्पिङमा बसे भन्ने अनुश्रुतिहरूलाई सत्यको नजिक छ भन्नुपर्छ। साथै ललितपुर क्षेत्रवाट तराईतर्फ जाने मूल वाटो फर्पिङ र छालिङ हुँदै कुलेखानी भएर जान सजिलो पर्थ्यो र पछिसम्म पनि यस वाटोको प्रयोग गरिन्थ्यो भन्ने कुरा थाहा पाइन्छ। सम्भवतः लिच्छविकालमा पनि यो चल्तीकै वाटो रहेको हुनुपर्छ र यहाँको प्रशासन गर्न थिनै कारणले सामन्तहरूको नियुक्ति गर्ने गरिएको हुनुपर्छ।

लिच्छविकालपछिको अभिलेख :

लिच्छविकालका अभिलेख ठाउँ-ठाउँमा खण्डित भएकाले सबै कुरा थाहा पाइँदैन। त्यस समयमा दक्षिणकाली पीठका बारेमा पनि थाहा पाउने साधन छैन।

परन्तु दक्षिणकालीको जात्रा (हरिशङ्करजात्रा) मा रथारोहण गरी घुमाउने मूर्तिको मुकुटमा एउटा अभिलेख कुँदिएको छ। श्री लक्ष्मीपाल जीवको विजयराज्यमा श्री त्रिभुवन कनकेश्वर भट्टारकको रथमा चारढोका चढाएको कुरा त्यसमा लेखिएको छ र चढाउने टिपींटोल बस्ने दगो भारो हुन् भन्ने थाहा हुन्छ। यो अभिलेख ने० सं० ३६० (१२९७ वि० सं०) भाद्र शुक्ल पूर्णिमाको दिनको हो।[१९]

यहाँ ढोका चढाएको कुरा मुकुटमा लेखिएको र कनकेश्वर भट्टारकको उल्लेख भएकाले यो प्रश्न अचम्म लाग्ने भएको छ। दक्षिणकालीको आगमघर फर्पिङ सहरभित्रै पर्छ। यहाँ नै उक्त जात्रा गर्ने मूर्ति राखिन्छ। यो अभिलेखवाट दक्षिणकालीलाई कनकेश्वरी भनिन्थ्यो र शिवशक्तिको संयोग गरी जात्रा गरिने हुँदा कनकेश्वरीका शिव कनकेश्वर हुनुपर्छ। यही देवीविग्रहपछि दक्षिणकालीका नाउँले पूजित हुन थाल्यो होला भनेर अनुमान गर्नुपर्ने भएको छ।

लिच्छविकालपछिका अभिलेखमा सबैभन्दा पुरानो यही मुकुटको अभिलेख हो र यसपछि यक्ष मल्लका पालाका अभिलेख प्राप्त छन्, परन्तु त्यसमा दक्षिणकालीका सम्वन्धमा कुनै विषय पाइँदैन।

शक्ति पुरुषोत्तमको ने० सं० ५४१ मा ज्योतिर्मल्लको पालामा स्थापना गरेको र त्यसको दस वर्षपछि मन्दिर बनाएको कुरा त्यस अभिलेखमा परेको छ। त्यसवेला सुरङ्गी (सोलङ्गी) कुलका राजपूत रामसिंह, धर्मसिंह, देवसिंह आदि भाइहरूको संयुक्त शासन त्यहाँ चलेको थियो। उनीहरू मुख्य राजा भने उपत्यकाको मल्ल कुललाई नै मान्थे। सोलङ्गी वंशका देवसिंह सामन्तसँग सेनवंशकी राजकन्या विवाह भएको कुरा पनि त्यस अभिलेखमा छ। मकवानपुर सेनराज्यको त्यस वेला अस्तित्त्व नभएका साथै तनहुँ पनि पाल्पा अधीन नै रहेकाले पाल्पाकै सेनकन्या जयन्तलक्ष्मी हुन् भन्ने कुरा सिद्ध हुन्छ। यसवाट सेनको अस्तित्व विं० सं० १४७७ भन्दा निकै अघिदेखि भएको थाहा हुन्छ।

राजपूत सामन्तहरूको शिखरपतन (फर्पिङ) मा शासन चलेपछि नै दक्षिणकाली पीठको विशेष मान्यता एवं पूजाआजा चल्यो होला भन्ने कुरा पनि अनुमान गर्नुपरेको छ। सातौं शतीतिर काली, तारा आदि शक्तिहरूको उपासना गर्ने परम्पराले व्यापकता पाइसकेको थियो।

दक्षिणकालीदेवीको विशेष पूजा-पर्वका निम्ति गुठीको व्यवस्था श्री ५ गीर्वाणयुद्धविक्रमको पालामा वि० सं० १८५६ देखि भएको कुरा एउटा तावाँपत्र र जग्गा-जमिनको लगत तथा आम्दानी लेखिएको लालमोहर ढड्डावाट थाहा पाइन्छ। श्री ५ गीर्वाणवाट नित्यपूजा र थापूजा (महापूजा) का निम्ति ५०४ मुरी (१२६ रोपनी) जग्गा सङ्कल्प गरेर गुठी राखियो।[२०]

नेपालका शाहराजाहरू इष्टदेवताका रूपमा पहिलेदेखि नै कालीको उपासना गर्थे भन्ने कुरा गोरखा दरवारकी कालिकाको अस्तित्त्वबाट थाहा हुन्छ। मल्ल राजाकी इष्टदेवी तुलजा र कुलदेवी दिगुली तलेजु (मानेश्वरी) का उपासक थिए। नेपालको एकीकरणपछि उपत्यकामा नै बस्न थालेपछि विशेष रूपमा इष्टदेवीको पूजा-उपासनाका निम्ति गोरखासम्म पुग्ने समय मिलेन। अहिलेको जस्तो यातायातको सुविधा नभएकाले गोरखाकी कालिकाको पूजा-पर्वको व्यवस्था, त्यहींका कुल-पुरोहित र अन्य नियुक्त व्यक्तिहरूवाट चल्ने-चलाउने गरियो र उपत्यकाको नजिक पर्ने फर्पिङको दक्षिणकालीकै पूजा-पर्व चलाउने व्यवस्था गरिएको थाहा पाइन्छ।

राज्य-ऐश्वर्यप्राप्ति, शत्रुविजय आदिको कामना गरी सेवा गरिने भगवती दक्षिणकाली श्री ५ को कुलपरम्पराले मान्दै आएको हुँदा यहाँ श्री ३ को नाउँले प्रशासन गर्ने राणा परिवारले पनि इष्टदेवीका रूपमा दक्षिणकालिकाकै पूजा-वन्दना गर्ने र दीक्षा पनि दक्षिणकालीको महामन्त्र (द्वाविंशाक्षरी) नै सुन्ने गरेको कुरा पनि अनुसन्धानवाट थाहा पाइन्छ। आशुतोषा कालिकाको उपासनाद्वारा इष्टलाभ हुने हेतुले नेपालका उच्च भारदारमा पनि दक्षिणकालीको उपासना गर्ने परम्परा रहेको थियो।[२१]

उपत्यकाको विजयपछि परम्परागत आफूले मान्दै आएका इष्टदेवताहरूका साथै मल्लकुलद्वारा उपासना गरिने कुमारी तुलजा र दिगुतले आदि देवीहरूको पनि उत्तिकै आस्था र विश्वासका साथ पूजा-मान्यता गरिएको र विशेष दिनहरूमा थापूजा (महापूजा) गर्नका निम्ति शाह-राजाहरूवाट प्रशस्त गुठी राखी पूजा-पर्वको व्यवस्था वाँधेको कुरा अभिलेख र पूजा-परम्पराद्वारा ज्ञात हुन्छ।[२२]

दक्षिणकालिकाका सांस्कृतिक पर्व र जात्रा :

श्री दक्षिणकालीका निम्ति प्राचीन राजाहरूले नित्य-नैमित्तिक पूजा-पर्व चलाउन के-कति गुठी राखेका थिए त्यसको विवरण स्पष्ट थाहा हुन सकेको छैन। परन्तु श्री ५ गीर्वाणबाट गुठी राखिएको दानपत्रवाट थापूजा (महापूजा) २ र अन्य नित्यपूजाको व्यवस्था गरिएको कुरा थाहा पाइन्छ। त्यो निम्नप्रकार छ –

गुठी समर्पण गरिएको जग्गा ५०४ मुरी थियो, त्यसको वार्षिक आय जिन्सी र नगदवाट प्रत्येक वर्ष वैशाख-कृष्ण त्रयोदशी र भाद्रकृष्ण अष्टमी, दुई दिन महापूजाको दिन तोकिएको छ।

राजा-महाराजाका विशेष दिनहरूमा जन्मोत्सव, पर्व, विवाह, विजय या राज्यप्राप्ति भएको दिनजस्ता महत्त्वपूर्ण सम्झिएको तिथिमा इष्टदेवता कुलदेवताको महापूजा सम्पन्न गर्नका निम्ति विशेष गुठीको व्यवस्था गर्ने परम्परा थियो।

मल्लकालमा तलेजुको महापूजा (थापूजा) का निम्ति राजा प्रताप मल्ल, नृपेन्द्र, पार्थिवेन्द्र, भूपालेन्द्र आदिले गुठीको व्यवस्था मिलाई थापूजाको प्रवन्ध गरेका थिए। यो परम्परा शाहवंशीय राजाहरूवाट पनि निर्वाह गरियो।

श्री ५ गीर्वाणबाट तलेजुको थापूजाको पनि व्यवस्था भएको छ। त्यस्तै दक्षिणकालीका निम्ति पनि विशेष व्यवस्था गरिएको पाइन्छ।

दक्षिणकालीका निम्ति प्रतिवर्ष वैशाख कृष्ण त्रयोदशीको दिनमा थापूजा (महापूजा) र भाद्रकृष्ण अष्टमीका दिन थापूजा (महापूजा) गर्नका लागि यो गुठी राखिएको छ। नित्यपूजाको व्यवस्था पनि यसै गुठीवाट गरिएको छ।

थापूजा प्रायशः राजाहरूको जन्मोत्सवपर्वमा नै राखिएको हुन्छ। परन्तु दक्षिणकालीको यो थापूजा भने त्यसो नभएर आमाका निम्ति भनिएकाले श्री ५ कान्तवतीको जन्मदिनको दिन र अर्को पूजाका निम्ति भाकल गरिएको दिन यो महापूजाको व्यवस्था गरिएको बुझिन्छ। वैशाख कृष्ण १३ र भाद्रकृष्ण ८ मध्ये कुन दिन कान्तवतीको जन्मदिन हो, त्यो भन्ने प्रमाण प्राप्त छैन। श्री ५ गीर्वाणको जन्म १८५४ आश्विनशुक्ल द्वादशीमा भएको थियो र १८५५ फागुन १८ गते राजगद्दी आरोहण भएको मिति भएकाले आफ्नो विशेष पर्वमा यो गुठीको व्यवस्था भएको होइन भन्ने स्पष्ट छ। श्री ५ कान्तवतीको १८५६ साल कात्तिक १९ आर्यघाटमा इहलीला समाप्त भएको कुरा अभिलेखद्वारा थाहा हुन्छ। यो दक्षिणकालीका निम्ति गुठीको व्यवस्था मुमाको जीवित अवस्थामा १८५६ आश्विनकृष्ण अष्टमीका दिन सङ्कल्प गरी आश्विन शुक्ल अष्टमी (१५ दिनपछि) का दिन ताम्रपत्र टङ्कन गरिएको थियो।

भाद्र कृष्ण अष्टमी भगवतीको पर्वदिन नै मानिन्छ। यो श्रीकृष्ण भगवान्को जन्मदिन पनि हो। प्रत्येक महिनाका अष्टमी र चतुर्दशी देवीका पर्वदिन मानिने हुँदा अष्टमी पर्वदिन नै मान्नुपर्छ। वैशाख कृष्ण त्रयोदशी विशेष पर्व नपर्ने हुंदा श्री ५ कान्तवतीको जन्मदिन हुन सक्छ।

यसवाहेक वर्षदिनभित्र देवीका चार नवरात्र पर्व पर्ने कुरा शास्त्रमा उल्लेख भएको पाइन्छ।[२३] चारमध्ये वडादसैं (आश्विन शुक्ल नवरात्र) र चैतेदसैं (चैत्रशुक्ल नवरात्र) विशेष भगवतीको पर्व मानेर पूजाआजा वलिदान गर्ने अद्यावधि चलन छ। यी विशेष पर्वको दिन उक्त ताम्रपत्रमा महापूजाको उल्लेख नभए तापनि विशेष पूजा र वलिदान कर्महरू सम्पादन गरिन्छन्। यी दुई दसैं-पर्वहरूमा अरू जनताहरूवाट पनि विशेष पूजा र वलिदान सम्पन्न हुन्छ।

दक्षिणकालीलाई कुलदेवीका रूपमा मानेर श्री ५ महाराजाधिराज सरकारवाट प्रतिवर्ष स्वयं पूजा-विधान सम्पन्न गरिवक्सन्छ र विशेष कार्यको अभीष्टसिद्धिनिम्ति पनि विशेष पूजा र पञ्चवलि गर्ने परम्परा रहेको छ।

दक्षिणकालीसम्वन्धी जात्रा :

भाद्र शुक्ल द्वादशीको दिनदेखि फर्पिङ सहरमा हरिशङ्करजात्राको नाउँले १५ दिन चल्ने जात्रा सुरु हुन्छ। यसै दिनदेखि काठमाडौंमा इन्द्रको लिङ्गो उभ्याई इन्द्रजात्रा सुरु

गरिन्छ भने भक्तपुरमा पनि इन्द्रजात्राकै प्रतिरूपमा जात्रा चलेको हुन्छ। मध्यकालमा उपत्यकाभित्र वनेका तीन मल्लराज्यमा आ-आफ्ना किसिमका विशेष चाडपर्व चलाउने व्यवस्था गरेका थिए। प्राचीन तथा मध्यकालमा देशभित्र सार्वजनिक मनोरञ्जनको साधन जात्रा नै हुन्थे। खेतीपातीको कामवाट विश्राम पाएको तथा नयाँ अन्न भित्र्याई आवश्यकताको पूर्ति भएको वेलामा अथवा हिउँदे वालीहरू थन्क्याइसकेको, नयाँ वाली लगाउने समय नभएको वेला पारेर यस्ता जात्राको चलन भएको पाइन्छ।

उपत्यकाका राजालाई राजाका रूपमा मानेर सामन्त तथा महासामन्त राजाका रूपमा शासन गर्ने व्यक्तिहरू फर्पिङ, वनेपा, पनौती आदि ठाउँमा थिए। सोलङ्की राजपूत वंशका रावुत्त (राजपुत्र) हरूको परम्परागत शासन फर्पिङमा चलेको थियो र वरपरका ठकुरी राजघरानाका कन्याहरू नै यी सामन्त राजपूतले विवाह गरेका हुन्थे। तीन सहरमध्येका कुनै मल्ल राजालाई मानेर आफ्नो क्षेत्रमा स्वतन्त्र रूपमा शासन गर्ने यी सामन्त-शासित प्रदेशमा पनि अन्यत्र चाडपर्वको रमाइलोले मनोरञ्जन गरेको वेलामा कुनै महत्त्वपूर्ण जात्राको कार्यक्रम हुनु आवश्यक थियो। भक्तपुरमा एक हप्ता चल्ने विस्केटजात्रा, काठमाडौंको इन्द्रजात्रा, पाटनको कार्तिकनाच, फर्पिङको १५ दिनको हरिशङ्करजात्रा विशेष पर्वहरू हुन्।

फर्पिङका प्राचीन देवता गोपालेश्वर (शिव) र लिच्छविशासन सुरु भएको वेला स्थापित शिखरनारायणका संयुक्त नाउँमा चलेको हरिशङ्करजात्रालाई भव्यरूपमा मनाउन फर्पिङ क्षेत्रका समस्त देवीदेवताको पनि विशेष पूजाआजा गरी रथ (खट) मा राखी सहर घुमाउने र नाचगान, खानपानले मनोरञ्जन गरिन्छ।[२४]

(१) भाद्र शुक्ल द्वादशीका दिन पुरानो राजदरवार अगाडि पर्ने डवलीमा जात्रा सुरु गरिन्छ। यहाँ भङ्केश्वरीको पीठ छ, त्यहाँ तलेजु (फर्पिङ) का पुजारी र दक्षिणकालीका पुजारी मिलेर तान्त्रिक विधिले पूजा सुरु गर्छन्। यस क्षेत्रका अन्य देवताका पुजारी र छुट गुठी, निजी गुठीका गुठियार पनि भेला हुन्छन्। त्यहीं फर्पिङका समस्त देवताको आवाहन गर्ने विधि सकेपछि दुइटा वोकाको वलि दिनुपर्छ।

(२) भोलिपल्ट गोपालेश्वरको आगमघरमा पूजा गरी जात्रा गर्ने मूर्तिको रथारोहण गर्छन् र जात्रामा सरिक हुने देवताहरूको मूर्ति पनि ल्याएर गणेशको पाटीमा ल्याई पूजासम्पादन गरी रातभरि राखिन्छ। त्यसको भोलिपल्ट (चतुर्दशी) का दिन रात्रिमा शिखरनारायणका पुजारी राजोपाध्याय र जोशी गोपालेश्वर आगमका पुजारी आचाजूसमेत मिली फर्पिङका समस्त देवतालाई प्राचीन विधिअनुसार काँचो धागोको पुथिका वनाई चढाउँछन् र यज्ञ-मण्डप वनाई रातभरि होमादि कर्म गरिन्छ। यस विधिविधानका यजमान, छुट गुठीका गुठियार अमात्य (पहिलेका मन्त्री खानदान) ले गर्छन्।

(३) भाद्र शुक्ल पूर्णिमाका दिन गोपालेश्वरको रथ (खट) तयार गरी पाँच वजे जात्रा सुरु हुन्छ। चारमुखे शिवलिङ्ग जस्तै ठूलो तामामा सुवर्ण मोलम्वा गरिएको नाङलिङ (गोपालेश्वरको यात्रा गर्ने मूर्ति) रथमा राखिन्छ। सुवर्णलेपित गजुर भएको रथ सिँगारिन्छ र ८-९ वजे रात्रिमा रथमा चँदुवा टाँगी पोसाक पहिराइसकेपछि

राजप्रतिनिधि (पुरानो सामन्त राजाको खानदान), ठकुजुजु (हालका वद्रीराज मल्ल) ले सेतो जामा, फेटा लगाई पूजा सुरु गर्छन्। पुरोहित राजोपाध्याय हुन्छन्। रकमी चारजना विसेटहरूले वोलाउँछन् र कोटालटोलका ५०-६० जना मानिसले खट वोकी वाजागाजासाथ कोटालटोलदेखि माथि लाछीमा खट राखिन्छ।

(४) आश्विन कृष्ण चौथीका दिन दिउँसो कोछुटोलमा तिलविक्रमेश्वर, धलखुटोलमा अघोरेश्वरको रथ, यलखुटोलमा नन्दिकेश्वरको रथ, थषेपटोलमा शेषनारायण (शिखरनारायण) को रथ, कोटेपटोलमा महालक्ष्मीको रथसमेत ६ वटा रथ (खट) समेत ठीक पारी पीठ-पीठवाट पुजारी र रकमीद्वारा जीवघट ल्याई, स्नान गराई, पूजा सम्पादन गरी जात्राका निम्ति बनेका पीठदेवताका प्रतीक मूर्तिहरू रथारूढ गरेर अलि-अलि ठाउँ सारी राख्ने काम हुन्छ।

(५) आश्विन कृष्ण अष्टमीको दिन गोपालेश्वर, तिलविक्रमेश्वर, दक्षिणकाली, अघोरेश्वर, नन्दिकेश्वर, महालक्ष्मीको रथ र कालभैरवको मूर्ति चित्र अङ्कन भएको माटाको घ्याम्पा (जाँड भरिएको) समेत जात्रा गरिने देवता राख्ने आगमघरमा राखी वलिदानका निम्ति अर्पण गरिएका सातवटा राँगा पनि त्यहीं बाँध्नुपर्छ।

(६) आश्विन कृष्ण नवमीका दिन विहान उक्त सात राँगा पीठ-पीठमा लगी वलिदान गरी प्रसादरूपमा सातै राँगाको मासु सातै टोलमा बाँडिदिनुपर्छ। यो खट वोक्ने व्यक्ति र विसेतहरूले भागशान्ति पाउँछन्। बेलुका ९-१० बजेतिर बाजागाजाको साथ सर्वप्रथम दक्षिणकालीको खट, टिपीटोलका व्यक्तिहरूले थलखुटोलवाट वोकी ल्याई कोछुटोल, यलखुटोल, थलखुटोल घुमाई थलखुटोलमा राख्छन्। त्यसपछि नन्दिकेश्वर इन्द्रायणीको खट थलखुटोलका मान्छेले वोकी थलखु, पिटी, कोछुटोल घुमाई यलखुटोलमा लगेर राख्छन्। यो दिन ३ रथ (खट) यात्रा हुन्छ।

(७) उक्त तीन रथयात्रापछि रात्रिमा कोछुटोलका 'वौलोहँ' भनी स्वच्छन्द भैरवमा कोछुटोलका विसेतले कर्माचार्यद्वारा पूजा गराई एउटा वोकाको वलिदान गर्छन्। वोकाको छाला, खुर र टाउको जम्मा गरी (श्री तिलविक्रमेश्वर कुमारी रथको द्वाकलमुनिको भुजुङ्गोभरि भात राखेर वोकाको टाउकाको पूजा गरी सातै टोलका विसेत जम्मा भएर कसाहीलाई वाजा वजाउन लगाई फर्पिङका सातैटोलका देवीदेवताका पीठको क्षेत्र दोवाटो, चौवाटोमा उक्त भातको वलि दिन्छन्। यो वलि देवताका सान्निध्यमा रहेका भूत, प्रेत, वेताल, क्षेत्रपाल, गण आदिलाई समर्पण गरिएको हो, यसलाई 'भूया' भन्छन्।

(८) आश्विन कृष्ण दशमीका दिन विहान, कोटेपटोलका रक्तभैरवमा पूजा गरी एउटा वोकाको वलि अर्पण गरिन्छ। यिनको प्रसादरूप ताँवाको घ्याम्पामा भरी जाँड राखिन्छ र मुकुन्डो लगाएका भैरवको घ्याम्पा, वाजागाजाका साथ वोकी कोटालटोल पुऱ्याउँछन्। त्यहाँ कालभैरव (प्रचण्डभैरव) को ताँवाको घ्याम्पाभरि जाँड राखेर रक्सीसमेत घ्याम्पालाई मुकुण्ड, मुण्डमाला धारण गरेको, त्रिशूल, डमरु हातमा लिने भैरवसाथ भई रक्तभैरव र कालभैरवको घ्याम्पाको विहानभरि नै जात्रा चलाउने कार्य हुन्छ। यो जात्रा दसैंताकाको पचलीभैरव जात्राकै अनुरूप हो।

आश्विन कृष्ण दशमीको राति १०-११ वजे वाजागाजाका साथ शिखरनारायण र महालक्ष्मीको खटयात्रा गरिन्छ ।

मूल जात्रा :

२५आश्विनकृष्ण एकादशीको दिन राति १०-११ वजेतिर कोछुटोलको चक्रपूजा गरिने ठाउँमा माटाका नौवटा घ्याम्पामा जाँड भरेर राखी, भात पकाई पूजाको सामान, कुखुराको भाले १, राँगा १ समेत ठीक पारेपछि मृगस्थली गोरखनाथका महन्त वा उनले खटाएका कनफट्टा जोगीका समक्ष नौ घ्याम्पा जाँड राखेपछि भैरवहरूको आवाहन गरी चक्रपूजा गरिन्छ । पूजापछि कुखुरा र राँगाको वलि दिन्छन् र त्यसपछि भूजा (भातको वलि) छर्ने कार्य गरिन्छ । राति कुमारीसहित तिलविक्रमेश्वरको रथ र महालक्ष्मीको रथसमेत तीन रथ (खट) जम्मा गरी जात्रा प्रदर्शन गरिन्छ । यसपछि शेषनारायणको रथ वोकेर ल्याई भङ्गेश्वरीको मन्दिर घुमाई त्यस ठाउँभन्दा अलि अगाडिको चेप्टो ढुङ्गो नघाई उक्त रथ कोछुटोलमा पुगेमा जात्राको साङ्गे (समाप्ति) भएको मानिन्छ ।

भोलिपल्ट विहान फर्पिङ क्षेत्रभरिका देवीदेवतालाई 'सिन्दूरभाग' पूजा गरी रकमीहरूलाई वाँडिसकेपछि एक-एक पाउ सिन्दूरका पोका ठकुजुजु, शेषनारायणका पुजारी, दक्षिणकालीका पुजारी, वज्रयोगिनीका पुजारी, अन्य रकमी, जजमान हुने प्रधान, महाने, कसाही, कुसले, पोडे, कामी, सार्की, नाऊ, भाट, वाजाखलकी सवैलाई सिन्दुरका पोका वाँडिदिनुपर्छ । यसपछि वाजागाजा गरी सवै पुजारी, रकमी पछि लागी हरिशङ्करजात्रा गरिने सातै रथमा र अरू देवीदेवतालाई सिन्दुर चढाउने कार्य हुन्छ । पछाडि कोत तलेजुमा सिन्दुर चढाइन्छ । त्यसपछि जात्राको नवमी, दशमी, एकादशीसमेत तीन दिन वत्ती वाल्ने गोनालमा सिन्दूर चढाइसकेपछि जात्रा सकिन्छ ।

यात्राका रथमा स्थापना गरिने देवताहरू :

नन्दिकेश्वर इन्द्रायणी (१) अघोरेश्वर नीलवाराही (२) कनकेश्वर दक्षिणकाली (३) सिद्धिगणेश्वर महालक्ष्मी (४) तिलविक्रमेश्वर कुमारी (५) शेषनारायण (६) गोपालेश्वर (७) का रथहरू छन् । जात्रा गरिने केन्द्रविन्दु, जहाँ चक्रपूजा पनि सम्पादन गरिन्छ, भङ्गेश्वरी पीठ छ । यी देवी कालीकै एउटा रूप वा नाउँ हो ।

उपर्युक्त देवताका रथहरू फर्पिङका सातै टोल घुमाई भङ्गेश्वरी पीठको वायाँतर्फ पर्ने कोछुटोल घुमाई सवैभन्दा माथि गोपालेश्वर अनि नन्दिकेश्वर, त्यसपछि कनकेश्वर, अनि अघोरेश्वर र त्यसपछि सिद्धिगणेश्वर यसपछि तिलविक्रमेश्वर, कोटालटोलका शिवलिङ्ग, त्योभन्दा माथि शिखरनारायणको रथ राखी हरिशङ्करको रथ जोड्ने विधि गरिन्छ ।

आश्विन कृष्ण त्रयोदशीमा १२-१ वजे दिनमा जुलुससहित गोपालेश्वरको रथ सातै टोल घुमाई तलको पोडेटोलमा पुगेपछि पूजा गरी योमरी र फलफूलले रथलाई पर्सी प्रसाद वाँडिसकेपछि गोपालेश्वरलाई मन्दिरमा पुऱ्याइन्छ र नाङगोल (जात्रा गर्ने मूर्ति) तथा जलसिं देवता (मूल मूर्तिको प्रतीक) गोपालेश्वरको अचल लिङ्गमाथि चार

दिनसम्म राखी पूजा गरी हवन गरिन्छ । चार दिनसम्म गरिने हवन र पूजा सकी उक्त मूर्तिहरू आगमघरमा फिर्ता ल्याइन्छ ।

गोपालेश्वरको रथ मूल मन्दिरमा पुगेपछि मात्र अन्य ६ रथका मूर्तिहरूको खट ६ टोलमा लगिन्छ ।

परम्पराहरू :

गोपालेश्वरको रथयात्रा हुंदा उक्त रथ झङ्गेश्वरीको मन्दिरअगाडि पुग्यो भने या कोटालटोलका गौरगणेशको अगाडि पुग्यो भने अतिक्रमणदोषको शान्तिका निम्ति कालो भेडो एउटा ल्याई गोपालेश्वरको छाकल (धुराका भैरव) लाई भोग दिनुपर्छ। साथै ११ व्राह्मणद्वारा लघुरुद्री पाठ, चण्डीपाठ, विष्णुसहस्रनाम, गणेशसहस्रनाम पाठ गर्नुपर्छ ।

यस्तो अतिक्रम २०३४ साल र २०३८ सालमा भएको थियो । शान्ति-स्वस्तिका निम्ति गुठी संस्थानवाट सरसामानको निकासा दिनुपर्छ ।[२६]

उपर्युक्त जात्राको परम्पराको अध्ययन गर्दा शिखरनारायणभन्दा पनि अगाडिका गोपालेश्वरको फर्पिङमा प्रमुखता रहेको पाइन्छ र त्यसपछिका शिखरनारायणको सहभागिताले हरिशङ्कर जात्राको श्रीगणेश भयो ।

प्रत्येक देवताका शक्तिहरूको पनि साहचर्य आवश्यक मानिएकाले दक्षिणकाली, वाराही, कौमारी, महालक्ष्मी, वैष्णवी, इन्द्रायणी, चामुण्डा आदिको पनि भावना गरी मूर्ति राखी जात्रा चलाउने गरेको ज्ञात हुन्छ ।

कनकेश्वर शिवकी शक्ति दक्षिणकाली स्थानीय मान्यतानुसार कनकेश्वरी नाउंले पनि प्रसिद्ध रहिछन् भन्ने थाहा हुन्छ भने ने० सं० ३६० को कनकेश्वरीको मुकुटको अभिलेखले (३६० + ९३६ = १२९६ वि० सं०) भन्दा पनि निकै पहिलेदेखि नै दक्षिणकाली पीठको अवस्थिति र हरिशङ्करजात्राको परम्परा चलेको रहेछ भन्ने कुरा जान्न सकिन्छ ।[२७]

फर्पिङको विकासक्रममा दक्षिणकाली पीठको प्रमुखता :

दक्षिणकाली पीठको प्रमुखतावारे हरिशङ्करजात्रावाट ज्ञात हुँदैन। उत्तर-प्राचीनकालमा तान्त्रिक साधना पक्षको विकास र शक्तिपीठहरूको विशेष मान्यता हुन थालेपछि देशरक्षाका निम्ति आफ्ना नगर वरिपरिका क्षेत्रमा पीठ-देवताको स्थापना गर्न थालेको कुरा थाहा पाइन्छ ।

राजा गुणकामदेवले काठमाडौंलाई राजधानी वनाएको क्रममा चारैतिर पीठ-देवताको स्थापना गरिएको कुरा वंशावलीले प्रस्तुत गर्छन् । प्राचीन वास्तुशास्त्रअनुसार नगर निर्माण गर्दा देवता स्थापना गरिने क्रमको जुन उल्लेख पाइन्छ त्यो र आठौं शताब्दीपछिका नगर निर्माणमा स्थापना गरिने पीठ-देवतामा धेरै अन्तर थाहा हुन्छ ।

तान्त्रिक पक्षको विशेष उत्थान भएपछि फर्पिङ सहरको चारैतिर दक्षिणकाली पीठलाई मध्यस्थान पारी अन्य पीठदेवी अष्टमातृकाको स्थापना गरियो। त्यसको विवरण निम्नानुसार छ –

१. श्री गोपालेश्वर फर्पिङ — पीठदेवी माहेश्वरी पीठ, कटुवालदह
२. तिलविक्रमेश्वर फर्पिङ — कुमारी फर्पिङ
३. श्री अघोरेश्वर फर्पिङ — नीलवाराही फर्पिङ
४. श्री नन्दिकेश्वर फर्पिङ — इन्द्रायणी गोरख पाउका नजिक
५. श्री शिखरेश्वर फर्पिङ — चामुण्डा पीठ (शेषनारायण नजिक)
६. श्री कनकेश्वर फर्पिङ — दक्षिणकाली
७. श्री सिद्धिगणेश्वर फर्पिङ — महालक्ष्मी
८. श्री व्रह्मायणी पीठ (पावरहाउसमुनि)
९. वैष्णवी पीठ, दक्षिणकालीभन्दा माथि डाँडामा, आमाको नाउँले चर्चित ।

उपर्युक्त पीठवाहेकका तलेजु (तुलजा) राजदरवार कोतघर, झङ्गेश्वरी तुलजाको स्म्मु अगाडि र त्यसैको केही पश्चिम उग्र चण्डीपीठ छ भने वौद्ध परम्पराकी देवी वज्रयोगिनी (खड्गयोगिनी नामले चिनिने) फर्पिङ पश्चिम डाँडाको फेदीमा स्थापित छन् । यसरी विभिन्न पीठ देवता, स्थानीय देवता र क्षेत्रपाल तथा विभिन्न भैरवदेवताका पीठले युक्त गरी मध्यकालीन धार्मिक मान्यताको निर्वाह फर्पिङ सहरले पनि गरेको थाहा हुन्छ ।

पादटिप्पणी :

१. फर्पिङ यल्खुटोलको अभिलेख .... दशमी आदित्यवार कुन्हु फणपीं देश ...
२. धनवज्र वज्राचार्य, लिच्छविकालका अभिलेख, राजा गणदेव (लिच्छवि) को र भोमगुप्तको अभिलेख (ख) अंशुवर्माको अभिलेख, पृष्ठ, १८२-८४ र ३६८-३६९
३. तत्राद्यो राजा श्री भूमिगुप्त । वर्ष ८६ ...... गोपाल राजवंशावलीको पृ० १७ ख .... तत्पश्चात् गोपाल महिषपाल निर्जित्य किरात राजा प्रवर्ततः गो० वि० ऐ० पृ० १७ ख
... अथ सूर्य वम्स प्रभावात् नेपाले किरात राजा निर्जित्य ॥ लिच्छवि वंस्स प्रवर्तते ॥ ऐ० ऐ० पृ० १९ ख
४. हाना - इरानको इतिहास । उद्धरण डा० डवराल, उत्तराञ्चलका इतिहास भाग १
५. ऐ० ऐ० भाग १
६. ज्ञानमणि नेपाल, नेपाल निरुक्तको पहिलो निवन्ध
७. आर० सी० मजुमदार, भारत का प्राचीन इतिहास
८. धर्मदर्शन, वर्ष ५.., अङ्क .३., हरसिद्धिको १२ वर्षे जात्रा
९. श्वेतकाली नृत्य तथा हरसिद्धि नृत्यहरू
१०. प्रज्ञा, वर्ष १७, अङ्क ६३, लेखकको हरिशङ्कर जात्रा फर्पिङ
११. हिमवत्खण्ड, अ. १०६
१२. सलिलोद्यान युक्तेषु कृतेष्वकृतकेषु च। स्थानेष्वेतेषु सान्निध्यमुपगच्छन्ति देवताः ॥३॥ वृहत्संहिता अ० ५६ पृ० २५०
वनोपान्त नदीशैल निर्भरोपान्त भूमिषु । रमन्ते देवता नित्यं पुरेषूद्यानवत्सु च ॥८॥ वाराही, वृहत्संहिता अ० ५६, पृ० २५० । वराहमिहिर ।

१३. "यस पीठ नेपालका मुख्य भई विराजमान भैरहनुभएका अघि कहीं मूर्ति प्रकाश छैन, पीठ मात्र भएको थियो ॥ पछि प्रताप मल्ल राजाका उपर ॐ श्री दक्षिणकाली प्रसन्न भई मेरो स्वयं मूर्ति प्रकाशित छ। मलाई मूर्ति वनाई स्थापना गर भनी स्वप्नवाणी भएको याद नगरी रहँदा फेरि कन्याकुमारी प्रवेश भई मेरो स्वयं मूर्ति प्रकाशित छन्। मलाई मूर्ति वनाई स्थापना गर महा भए रोग निवारण भई आयुवृद्धि सामराज्य प्रख्यात होला भनी आज्ञा हुँदा राजाले मूर्ति वनाउन लाग्यो र तयार भएपछि त्यो मूर्ति अप्रकाशित हो दरवारभित्र स्थापना गर भनी स्वप्नवाणी हुँदा फेरि दोस्रो मूर्ति वनाउन लायो र तयार भयो र गुरु लम्वकर्ण भट्टसँग सम्मत गरी यिनै भट्टद्वारा ॐ श्री दक्षिणकालीलाई दक्षिण दिशामा स्थापना गरिदिएका हुन्। यिनी दक्षिणकाली वहुतै प्रख्यात छन्। .... देवमाला वंशावली, पृ० ६१ र ६२। योगी नरहरिद्वारा सं०

१४. नेपाल देशको इतिहास - प्राचीन नेपालको , अङ्क १८., पृ० १३, श्री ५ को सरकार पुरातत्त्व विभागद्वारा प्रकाशित

१५. स्वस्ति ॥ श्री श्री श्री गुह्येश्वरीया त प्रीतिन 'सद' 'भासु संगीत वि' (दक्षिणपट्टि) द्या पारग। महाराजाधिराज विद्वद्चूडामणि श्री श्री राजेन्द्र कवीन्द्र जयप्रताप मल्ल न धातुपत्र तया सम्वत् ७८० आषाडशुदी (पूर्वपट्टि) पू .... (उत्तरपट्टि) पशुपति ललिते राजराजेन्द्र ... संसारे सारभूते रघुपति विमले वंशराजे सुजातैः। ... रविकुल तिलक श्री कवीन्द्रै

(पश्चिम पाटो) प्रतापै गुह्येश्वर्या ... र्पितं कनकमयं पद्मपत्रं त्रपञ्च। गुह्येश्वरीको भित्र स्वर्णपातले छोपिएको कलश पश्चिम भैरव (स्थण्डिल) को अभिलेख

१६. धनशमशेर, निगमागम वैज्ञानिकसार, द्वितीय पटल, पृ० ४१-८४

१७. यसै टिप्पणीको २ नं० हेर्नोस्।

१८. ॐ श्रेयोस्तु ॥ सम्वत् ३६० भाद्रपद शुक्ल पूर्णिभ्यां ॥ श्री त्रिभुवन कनकेश्वर भट्टारकस्य सर्वरथन खतिन पत चतरद्वार २ संप्रध्यौकितम् ॥ श्री लक्ष्मीपाल जीवस्य विजयराज्ये ॥ दानपती टिपींटोल अधिवासिन दगो भारोस शुभम् ॥ श्री दक्षिणकालीको यात्रामा लैजाने मूर्तिको मुकुटको अभिलेख

१९. परिशिष्ट १ को अभिलेख

२१. राणा र अन्य भारदारका पुरोहितहरूको स्रोतवाट

२२. श्री तलजुमा रहेको ताम्रपत्रहरू (लेखकको तुलजा शोधग्रन्थ)

गुह्येश्वरी पीठ
(पशुपति क्षेत्र, काठमाडौं)

भगवती गुह्येश्वरीको शास्त्रीय मान्यता छ। इतिहासको पक्ष लिएर चर्चा गर्ने हो भने पनि नेपालका शक्तिपीठहरूमा सवैभन्दा पुरानो र मान्यताप्राप्त पीठ गुह्येश्वरीकै हो। गुह्येश्वरीलाई गुह्यकाली पनि भनिन्छ र यो उत्तराम्नायकी देवीको रूप हुँदा उग्र साधना गर्ने वागमार्गी साधकहरूको सिद्धिदायक पीठ हो। कौल समुदायका निम्ति कामाख्याको पीठ नै प्रधान मानिन्छ भने वाममार्गीका निम्ति गुह्येश्वरी नै मुख्य पीठ हो।

धार्मिक मान्यता :

दक्षप्रजापतिको यज्ञ विध्वंश र सतीदेवीको प्राणत्यागको कथा वहुचर्चित विषय हो। रामायण, महाभारत, अनेकन् पुराणसंहिता र प्रमुख आगमशास्त्र (तन्त्र) हरूमा सतीदेवीको कथा उल्लेख भएको पाइन्छ।

सतीदेवीले वावु दक्षप्रजापतिको यज्ञमा नवोलाएको कुरा सुन्नेवित्तिकै समाधिद्वारा प्राण त्याग गरेको कथा कालिकापुराण भा. २, पृ. ६५ मा वर्णित छ भने श्रीमद्‌भागवत चतुर्थस्कन्ध अ. ४ मा दक्षको यज्ञमा पुगेर शिवको निन्दा सुन्नुपरेको कारणले समाधिद्वारा प्राण त्याग गरेको कथा छ भने अन्य पुराणमा यज्ञकुण्डमा नै हामफालेर प्राण छाडेको कथा पनि पाइन्छ।

जसरी भए पनि सतीदेवीले प्राण छाडिन्। भगवान् शिवले आफ्ना वीरभद्र आदि प्रमुख गण पठाएर दक्षको यज्ञ विध्वंश गरेपछि सम्झौता भएर शिवलाई यज्ञको भाग प्राप्त भयो तथा व्रह्मा, विष्णु, इन्द्रसरह शिवले पनि देवत्त्वको मर्यादा पाए।

यो कथाको अनुशीलन गर्दा दक्षप्रजापति वेदकालको पनि प्रारम्भका व्यक्ति ठहर्दछन्। प्रजापतिको धर्मशासन थियो र यसैवाट समाज चल्थ्यो किन्तु विभिन्न जातिसँगको झगडा, युद्ध आदिमा धर्मशास्त्रवाटै मात्र काम नचल्ने भएकोले राजाको परम्परा चल्यो। आद्य राजा मनु भए। उनी दण्डधारी, युद्धविग्रहका नायकका साथै धर्मशास्त्र एवम् व्याख्याता पनि थिए। दक्षप्रजापति भएको वेला राजाहरूको छुट्टै अस्तित्व थियो। तर हिन्दूशास्त्रको नियमानुसार समाजको परिचालन गर्ने प्रजापति परम्पराको पनि पूर्णतः लोप भइसकेको थिएन।

ऋग्वेदकालमा राजाको प्रमुखता थियो। आद्यपिता भनिएका मनु महाराजका पुस्ता-दरपुस्ता वितिसकेका थिए। प्रजापतिको धार्मिक शासनको परम्परामा विदथ (धार्मिक समिति) को अस्तित्व थियो, जसका सभापतिलाई प्रजापति भनिन्थ्यो भन्ने अनुमान हुन्छ।

दक्ष र शिवको झगडा ऋग्वेदको मध्यकालतिर भएको अनुशीलनवाट थाहा हुन्छ। यजुर्वेदकालमा शिव प्रमुख देवता, सर्वव्यापी सर्वशक्तिमान् परमेश्वरका रूपमा प्रतिष्ठित भइसकेका छन्[1]। अतः ऋग्वेदको मध्यकाल यजुःसंहिताको सङ्कलनभन्दा अगाडि दक्षप्रजापति भए तथा समस्य आर्य तथा अनार्यजातिका परमेश्वर शिवलाई दक्षले आफ्नी कन्या दिए।

शिव दक्षको अनुशासनभित्र रहेनन्। दक्ष धर्मशास्ता भएकाले सबैका आफूलाई वन्दनीय सम्झन्थे। शिवले यो कुरा स्वीकार गरेनन्। यसैमा वादविवाद उठेर श्रापाश्राप गरेको कथा भागवत्मा वर्णित छ।

दक्षकन्या सती भगवान् शिवकी शक्ति आदि प्रकृतिरूपिणी थिइन्, जो पछि पार्वती भएर जन्म लिन पुगिन्।

सतीदेवीको प्रेमले पागल भएका शिव उनको लास काँधमा बोकेर संसार घुम्छन्। शिवको संसर्गमा लास नसड्ने हुँदा शिवको भ्रमणको अन्त्य नहुने सम्झेर देवताहरूको सल्लाहअनुसार विष्णुले सतीदेवीको लाशलाई चक्रद्वारा टुक्रा पारिदिन्छन्। यसपछि अङ्ग गिर्न थाल्दछ। जगज्जननीको अङ्ग भएकोले त्यस ठाउँमा प्रमुख देवीपीठ बन्दछ। त्यहाँ नै भैरवरूप भएर शिव पनि निवास गर्दछन्। लोककल्याणका निम्ति यस्ता पीठहरू ठाउँठाउँमा बन्दछन्।

पुराण तथा आगमशास्त्रहरूमा ५१ पीठ प्रमुख छन्, कहीँकहीँ पीठको सङ्ख्या ५४ पनि पुग्दछ। देवीभागवत तथा हाम्रो स्वस्थानी कथामा भने पीठसङ्ख्या १०८ छ। यी सबै पीठहरूको निश्चय हुन सकेको छैन तापनि प्रमुख पीठ रहेको ठाउँ (देशको नाउँ) बुझिने हुँदा अधिकांश पीठस्थानको निश्चय भएको छ। कतिपय पुराणहरूमा नेपालका पीठको नाउँ छैन तापनि पुराणका समकालिक नै ठहरिने कतिपय आगम (तन्त्र) शास्त्रमा भने नेपालको गुह्येश्वरी पीठको प्रशस्त चर्चा पाइन्छ। नेपालमा ५१ पीठमध्ये घुँडा पतन भएको कुराको साथै महामाया भगवती र कपाली भैरव यहाँ भएको चर्चा कुनै तन्त्रमा छ भने मेरुतन्त्र आदि निकै तन्त्रशास्त्रहरूमा यहाँ सतीदेवीको गुह्य नै पतन भएको मानिन्छ। गुह्येश्वरीको विग्रह नभएर जलाशय नै पीठ हुनु र त्यसकै मान्यता भएको परम्परा एवम् तदनुरूप नै मन्दिरको अवस्थितिले पनि यहाँ गुह्यस्थान पतन भएको कुरा निश्चित छ।

शिव र शक्तिको घनिष्ठ सम्बन्ध छ। शिवका पाँच मुखवाट पाँच आम्नाय (मार्ग) को जन्म भएको छ। त्यसमध्ये उत्तर मुखलाई वामदेव भनिन्छ, जसबाट वाममार्गद्वारा शिवशक्तिको उपासना गर्ने क्रम चल्यो। उत्तर आम्नायकी देवी भगवती गुह्यकाली हुन्, जसको अवस्थिति भगवान् पशुपतिनाथको उत्तर वक्त्र, वामदेव मुखकै सामु पर्ने गरी अर्थात् उत्तरपूर्वको कुनामा भएकोले पनि उपर्युक्त कुराको पुष्टि हुन्छ।

गुह्येश्वरीको विशेषता देखाउने तन्त्रहरू :

गुह्यकालिका सम्बन्धमा कुब्जिकातन्त्र, तन्त्रचूडामणि, बृहन्नीलतन्त्र, शाक्तानन्द तरङ्गिणी, महापीठ निरूपण, मेरुतन्त्र, महाकालसंहिता, गुह्यकालीखण्ड आदिमा विशद चर्चा भएको पाइन्छ।[2]

एघारौं शदीतिर सङ्कलित महाकाल संहिता गुह्यकालीसम्बन्धी विस्तृत चर्चा

भएको ग्रन्थ हो । त्यसमा एक, तीन, पाँच, दस, तेह्र, चौध, बीस, छत्तीस, साठी, असी, सय आदि मुख भएकी गुह्यकालीको रूप कल्पना गरी तदनुरूप ध्यान, वीजमन्त्रहरूको व्यवस्थाका साथै उपासनापद्धतिको विविध पक्षको व्याख्या पनि महाकालसंहितामा पाइन्छ । यस्ता रूपको मन्त्र, ध्यान र उपासना गर्नेहरूमा ब्रह्मा, विष्णु, वशिष्ठ, हिरण्यकशिपु, कुवेर, धर्मराज, रावण, वलि, इन्द्र, भरत आदि प्रमुख छन् । यस्तै एक अक्षरदेखि हजार अक्षरले वनेका मन्त्रहरू छन् र उपासकअनुसारका रूपकल्पना मन्त्र, पूजा-पद्धति स्तोत्र र कवचहरू पनि छन् । यी गुह्यकालीका विविध रूपमध्ये दस शिर भएकी गुह्यकालीको साधनापक्षमा विशेष मान्यता पाइन्छ । दस शीर्षरूपिणी गुह्यकालीका उपासक भरत मानिन्छन् । यस्तो मूर्ति भने नेपालमा पाइएको छैन । मिथिला नरेश (दर्भङ्गा) को दोस्रो राजधानी राजपुर (जयनगरबाट दर्भङ्गा जाँदा पर्ने तेस्रो स्टेसन) मा दस शीर्षरूपा गुह्यकालीको भव्य विग्रह भएको मन्दिर छ ।[३]

गुह्यकाली पीठ यसकारण नेपालको अत्यन्तै पुरानो र आदिम शक्तिपीठ हो भन्ने कुरा निश्चित छ ।

मेरुतन्त्र नामक ग्रन्थमा एकाउन्न पीठको वर्णन छ । यी पीठहरूमा पाँचै आम्नायका देवता र अरू तेत्तीस देवताहरूले पनि निवास गर्छन् । षडाम्नाय (अधराम्नाय) का भने उपपीठहरू छन् । अर्थात् उग्र वामाचारद्वारा उपासना गरिने क्रम अधराम्नाय मानिन्छ ।[४]

हृदयभन्दा माथिका अङ्ग-पतनवाट वनेका पीठहरूमा वैदिक मन्त्रका क्रमले उपासना गरिन्छ वा दक्षिणमार्गी तान्त्रिक क्रमले पूजा हुन्छ । त्यसभन्दा अधोभाग पतन भएका ठाउँमा वाममार्ग कौलाचारले पूजा-उपासना हुने कुरा मेरुतन्त्रमा उल्लेख छ ।

यस्तै :

अकारः कामरूपाख्यं आदिपीठं तदुच्यते,
यस्मिन् पीठे मया देवि कुलमार्गः प्रवर्तितः
तन्त्र ते पतिता योनिस्तां दृष्टा तत्प्रियं कृतम् । ८०५ ।
(मेरुतन्त्र)

(अकार कामरूप पीठ हो, यसलाई आदिपीठ भन्दछन् । जसमा कौलमार्गको मबाट प्रचार भयो त्यहाँ सतीदेवीको योनि पतन भएको देखेर उनको प्रीतिले मैले त्यसो गरें ।)

पार्वतीलाई ५१ पीठको वर्णन सुनाउने शिवले भनेको कुरा भनी मेरुतन्त्रमा उल्लेख छ । साथै त्यसैमा उक्त श्लोकपछि भनिएको छ :

आकारः काशिका पीठं...
नेपाले त इकारः स्याद् गुह्यं तमनु पार्वति
तस्मात्वामस्य मार्गस्य मूलस्थानं तदुच्यते
षट्पश्चाशल्लक्षमिता भैरव्यो भैरवास्तथा
शक्तिनांच सहस्रेद्वे पीठानांच शतत्रयम् ।
(मेरुतैन्त्र ८०७-८)

(आकाररूप काशी अन्नपूर्णापीठ हो । इकार पीठ नेपाल हो जहाँ गुह्यस्थान पतन भएको थियो । त्यसकारण, यस मार्ग (गुह्यमार्ग), जसलाई वाममार्ग पनि भनिन्छ, त्यसको मूलस्थान यही हो ।)

नेपालमा छपन्न लाख भैरव र भैरवीहरू छन्। तेईस सय अन्य शक्तिपीठ छन्।

मेरुतन्त्रको उपर्युक्त कथनबाट सतीको गुह्यस्थान पतन भएको नेपाल नै हो र यो वाममार्गद्वारा उपासना गरिने मुख्य स्थान रहेछ भन्ने कुरा पनि थाहा हुन्छ। तन्त्रको उत्कर्षकालमा यहाँ वाममार्गको निकै प्रचार थियो भन्ने कुरा पनि अनुसन्धानबाट थाहा हुन्छ।

वैदिक र अवैदिक दुवै किसिमको आगमतन्त्रहरूले मान्यता दिएको गुह्येश्वरी पीठ वाममार्गद्वारा उपासना गरिने र उत्तराम्नायकी अधिष्ठात्री देवी भए पनि अन्य किसिमबाट गरिने उपासनाक्रम यहाँ हुँदैन भन्नचाहिँ मिल्दैन। ध्यान, उपासनाक्रम, मन्त्र, पटल-पद्धति आदि विभिन्न हुन सक्छन्। वाममार्गको सफलताका निम्ति नै स्थान तोकिएको ठाउँ भने गुह्येश्वरी नै हो। तान्त्रिक क्रममा तेस्रो पीठ यसैलाई भनिएकोले निकै पुरातन र विशेष मान्यता प्राप्त गरेको पीठ भन्नुपर्ने हुनछ। अधराम्नायको उग्र उपासनाक्रम पनि यहाँ हुन्छ।[५]

ऐतिहासिक पक्ष

नेपालको प्राचीन इतिहासका आधार यहाँका वंशावली हुन्। ती पुरातन टिपोट र अनुश्रुतिका सङ्कलनहरू भएकोले सर्वांशमा सत्य नभए पनि ऐतिहासिक तथ्यको केही पक्ष उद्घाटन गर्दछन्।

नेपालका वंशावलीका आदिम कथानक दुई पाराका पाइन्छन्। पौराणिक कथाअनुसार द्वापरको अन्त्यमा यहाँ भगवान् कृष्ण तथा प्रद्युम्नले दह खोलिदिए। त्यसपछि जलमग्न उपत्यकाको भूमिबाट जल बाहिर गयो, बस्ती बस्यो।

बौद्ध पण्डितहरूद्वारा लेखिएका वंशावलीको कथा भने अर्कै छ। भगवान् बुद्ध अगाडि नेपाल आउने मानव बुद्धहरूमा पहिला बुद्ध विपश्वी। उनी वर्तमानमा नागार्जुन भनिने पर्वतमा आई बसे। अनि अलौकिक प्रेरणावश नेपाल खाल्डामा जमेको पानी, जुन 'नागदह' नाउँले पुकारिन्थ्यो, त्यसमा एउटा कमलको बीज रोपे। उनी फर्केपछि ६ महिनामा कमल फुल्यो र अज्ञात भुवनबाट अलौकिक ज्योति आई त्यस कमलको फूलमा स्वयम्भू नाउँले प्रकट भए। त्यसपछि शिखि नामक बुद्ध यहाँ आए। उनले धेरै कुराको भविष्यवाणी गरी त्यसै ज्योतिमा मिले। त्यसपछि विश्वभू नामक बुद्ध त्रेतायुगमा यहाँ आए र फुल्लोच्च गिरिमा बसे। उनले नागदहको जल निस्कने बाटो बताई आफ्ना धाममा गए।

त्यसपछि मञ्जुश्री बोधिसत्व यहाँ आई महामण्डलको पर्वतमा बसे। त्यसपछि उनले जल निकास हुने ठाउँ हेरी खड्गले काटी नागदह सुकाइदिए। पानी सुकेपछि हेर्दा सत्ययुगमा आउने विपश्वी बुद्धले रोपेको कमल बीजको फेद गुह्येश्वरीमा थियो। त्यसपछि आदि-शक्तिरुपिणी गुह्येश्वरीको पनि मञ्जुश्रीले दर्शन पाए।[६]

बौद्धपक्षको उपर्युक्त कथाबाट पनि स्वयम्भूरूप बुद्धको निम्ति पनि जन्मदात्री आदि-शक्तिरुपिणी गुह्येश्वरीको मान्यता दिएको कुरा स्पष्ट हुन्छ र शैवमार्गी तथा बुद्धमार्गी दुवै धर्मावलम्बीहरूका निम्ति उत्तिकै महत्त्व राख्ने श्रीगुह्येश्वरी पीठको प्राचीनता बारेमा कुनै सन्देह रहँदैन। यसकारण, आजसम्म पनि बौद्धतान्त्रिक र शैवतान्त्रिक, दुवै पक्षले गुह्येश्वरीमा विशेष अनुष्ठान गर्दै आएका छन्।

ई.पू. पहिलो शदीतिर जन्मेको महायान् बौद्ध सम्प्रदायले पहिला शदीतिर नै प्रशस्त मान्यता पाइसकेको र निकै क्षेत्रमा यसको विस्तार पनि भएको थियो। नेपाली इतिहासकाहरू

यहाँ तेस्रो शदीतिर महायानको प्रवेश भएको उल्लेख गर्छन्[७] र पहिलोदेखि तेस्रो शदीको बीच, कुनै समयमा यहाँ त्यो सम्प्रदायको प्रवेश भयो । महायानीहरूका प्रमुख देवता स्वयम्भूको स्थान नेपालमा नै छ । अत: स्वयम्भूसँग सम्बन्धित गुह्येश्वरीको प्रसिद्धी तेस्रो शदीतिर भइसकेको कुरा अनुमान हुन्छ ।

समयको उथल-पुथलमा वर्तमान गुह्येश्वरीको आद्यपीठ, जुन एउटा जलाशयको रूपमा थियो, त्यो जङ्गलमा नै हरायो । सम्भवत: यहाँ बुद्धिष्ट प्रभाव बढेको बेला पशुपति तथा मृगस्थली क्षेत्र उपेक्षित रह्यो । परन्तु गुह्येश्वरी स्वयम्भूकी जननीकै रूपमा मानिएकी देवीको उपेक्षा सम्भव थिएन । स्वयम्भूको उत्तरपूर्व नागार्जुन पहाडको उत्तरपट्टि गुह्येश्वरी पीठको स्थापना गरियो । त्यहीं नै साधना, उपासनाहरू हुन थाले । यो कहिलेदेखि भयो भन्ने कुरा जान्ने साधन पाइएको छैन । यसलाई पुरानो गुह्येश्वरी भन्दछन् ।

शैव पुराणहरूले सतीदेवीको गुह्य पतनद्वारा उत्पन्न गुह्येश्वरीभन्दा अलग गुह्येश्वरी आवश्यक ठानेर एक पक्षद्वारा नागार्जुन उत्तरकी गुह्येश्वरीको स्थापना भएको पनि हुन सक्छ । ०३६ सालमा यो स्थानको जीर्णोद्धार भयो ।

बौद्धतान्त्रिक परम्पराकै समकक्ष नेपालमा शैवतान्त्रिक परम्पराको पनि विकास भयो । कतिपय साधनापक्ष, मान्यतामा, जात्रापर्व उत्सवहरूमा समन्वय र आदर गर्ने परम्परा पनि हुर्क्यो । नेपालका मल्ल राजाहरू धार्मिक पक्षमा शैव, बौद्ध दुवैलाई समान आदर गर्दथे तथा दुवैका धार्मिक मान्यतालाई प्रोत्साहन र सहयोग पनि गर्दथे ।

मल्ल राजाहरूमा राजा प्रताप मल्ल विशेष विद्वान् कवि र तान्त्रिक विधिका ज्ञाता पनि थिए । उनका समयमा बाहिरबाट यहाँ आउने विशिष्ट तान्त्रिकाचार्यहरूमा लम्ब्वकर्ण भट्ट (नारायण भट्ट) र नृसिंह ठाकुर (मैथिल ब्राह्मण) प्रसिद्ध थिए । उनीहरूको सहयोगबाट श्री गुह्येश्वरी पीठ पशुपतिबाट ज्यादै टाढा नहुनुपर्ने, देवी पीठ एकान्त जङ्गल, पर्वत र नदीकिनारामा नै हुनुमर्ने अनुमान गरी खोजी गर्दा, लहरापात जङ्गलले ढाकिएको ठाउँमा एउटा पुष्करिणी फेला प्ऱ्यो । साधकहरूको साधनाले त्यसै पोखरीभित्र श्री गुह्येश्वरीको ज्योतिरूपको दर्शन पाएकोले, श्री गुह्येश्वरीको पुरातन पीठ यही हो भन्ने निश्चय गरी त्यस पुष्करिणीलाई सफा गरी गाहारो उठाई, फलामे सत्तरीको दलिन राखी छोपेर चौगिर्दा पर्खाल लगाई श्रीईश्वरीको ज्योतिर्मय जलको अधिकांश भाग छोपेर त्यसमाथि यन्त्राकाररूप अष्टदलकमल, सन्निकट भैरवको प्रतीक राखी जलको बीचभाग, जो दर्शनस्पर्शन र पूजनका लागि खाली राखिएको छ, त्यसलाई स्फटिक कलशले छोपी, वरिपरि अष्टमातृकागण, भैरव तथा श्री गुह्येश्वरीका आवरण देवताको स्थापना गरी ने.सं. ७८० (१७१६ वि.सं.) मा मन्दिर खडा गरे । वैशाख शुक्ल एकादशी (सं. (१७१६) का दिन प्रतिष्ठा सम्पन्न भयो तथा बाहिर ढोकामा सिंह मूर्तिको स्थापना पनि त्यसै बखत गरे भनिन्छ ।[८]

महाकाल संहिता नामक तान्त्रिक ग्रन्थ, जो नेपालमा नै संकलित भएको मानिन्छ, त्यसमा गुह्यकाली खण्डको नाउँले निकै ठूलो ग्रन्थ मुद्रित पनि छ ।

एघारौं शदीको लगभग संकलित उक्त ग्रन्थको स्थितिले त्यस बेलासम्ममा गुह्यकालीको पुरातन पीठको लोप भएको थिएन भन्न सकिन्छ । त्यसपछि नै यो ठाउँ विस्तृत भयो र पाँच सय वर्षपछि पुनरुद्धार भएको पाइन्छ ।

त्यसपछिका मान्यताहरू :

प्रताप मल्लपछि हुने मल्ल राजाहरूले पनि गुह्येश्वरीको उपासना, पूजा-वन्दना गरी गहना, भाँडावर्तनका साथै गुठी राखेका पनि छन्। अन्तिम मल्ल राजा जयप्रकाशले छोरा, रानी तथा भाइभारदारको षड्यन्त्रबाट राज्यहरण भएको बेला, तीन महिनासम्म गुह्येश्वरीमा बसी गुप्त साधनाद्वारा देवीलाई रिझाई उहाँबाट प्राप्त खड्गद्वारा राज्य फर्काउन सकेको कुरा वंशावलीमा वर्णन गरिएको छ।[९]

शाहकालीन भाइ-भारदारले पनि श्री गुह्येश्वरीमा भाँडावर्तन, गहनाहरू चढाएर सम्मान गरेका छन्।[१०] वि.सं. १८३६ मा श्री ५ रणबहादुर शाहबाट त्रिकाल गुजराँती बाजा बजाउने गुठी राखियो।

१९२१, २२ सालमा श्री ३ जङ्गबहादुरबाट अष्टदल भैरवसमेत सुनका पाताले छाउने नवरत्न जडित सुनको कलश, चाँदीका पूजाका भाँडाहरू चढाउने काम भयो। त्यसैताका राजवैद्य चक्रपाणिले सुनका चार नागहरू बनाई चार कुनाबाट उठाई मन्दिरको शोभा बढाइयो।[११]

१९९० सालको महाभूकम्पमा मन्दिर तथा सत्तलहरूको केही क्षति भएकोमा श्री ३ जुद्धशमशेरबाट मर्मत गरिएको थियो। त्यसपछि श्री ५ महेन्द्रबाट ०१५ सालमा अष्टदल कमल तथा भैरवको मर्मत भएको थियो भने २०४४ सालमा श्री ५ महाराजाधिराज वीरेन्द्र सरकारको हुकुम बक्स भएबमोजिम श्री राजा प्रताप मल्लद्वारा स्थापित ढलोटे अष्टदल भैरवमाथि छापिएको सुवर्ण पत्र उखाडी सुन थपी गुठी संस्थानद्वारा मर्मत गर्ने कार्य सम्पन्न भएको छ र नागहरूको मर्मत वैद्य चक्रपाणिकै सन्तानबाट भएको छ।[१३]

श्री गुह्येश्वरीको पर्व-पूजाहरू :

श्री गुह्येश्वरीको नित्य नैमित्तिक पूजा त्यहाँ परम्परागत रहेको तान्त्रिक आचाजुहरूबाट सम्पादन हुन्छ। शास्त्रीय परम्पराअनुसार वर्षमा चार नवरात्रि मानिएको छ। यी आश्विन, माघ, चैत्र तथा आषाढ शुक्लमा पर्दछन्।[१४] नवरात्रिमा देवीपीठहरूमा नैमित्तिक पूजा हुन्छन्। खास गरेर बडादसैं र चैतेदसैंमा भगवती गुह्येश्वरीमा विशेष पर्व-पूजा हुने गर्छ। दसैंमा विशेष पूजा, अष्टमीमा कालरात्रि पूजा पनि सम्पादन गरिन्छ। शुक्लपक्ष वा कृष्णपक्षको अष्टमी तिथिहरूमा भगवतीको विशेष पर्व-पूजा हुनेगर्छ। दसैंमा विशेष पूजा, अष्टमीमा कालरात्रि पूजा पनि सम्पादन गरिन्छ। शुक्लपक्ष वा कृष्णपक्षको अष्टमी तिथिहरूमा भगवतीका विशेष पर्व-दिन मानिन्छन्। त्यस्तै कृष्णपक्षमा चतुदर्शी, कुनै नवमी, पूर्णिमाहरू पनि पर्वदिन पर्दछन्।

श्री गुह्येश्वरीको ठूलो जात्रा हुने पर्वदिन मंसिर कृष्ण नवमी र दशमी पर्छ। वंशावलीकारहरूले गुह्येश्वरीको मन्दिर बनाई नेपाल संवत् ७४४ वैशाख एकादशीमा उक्त मन्दिर निर्माण गरेको कुरा लेखे तापनि उक्त कथनमा त्यति सत्यता देखिँदैन। मन्दिरभित्र अष्टदल कमल र गुह्येश्वरीको कलशभन्दा दक्षिणपट्टिको भैरवको स्वर्णमण्डित पाताभित्र ढलौटे धातुको ढकनी छ र त्यसमा ठूलाठूला टाँसिएका अक्षरको एउटा अभिलेख छ, जुन सुनको पाता मर्मतको निम्ति झिकेको बेलामा मात्र पढ्न पाइन्छ। त्यसमा ने.सं. ७८० आषाढ सुदी, स्पष्ट पढ्न सकिने र त्यसपछिका केही अक्षर उखडेका छन्। अतः यो मन्दिरको प्रतिष्ठा वैशाख एकादशीमा गरेको भए ७८१ सम्वत् हुनुपर्छ।[१५]

वंशावलीकै उद्धरणलाई प्रमाण मानी श्री धनशमशेरज्यूले पनि लेख्नुभएको छ। परन्तु त्यो विश्वसनीय नहुँदा अनुसन्धान गर्न बाँकी नै रह्यो।

जात्राको अघिल्लै दिन लिङ्गो काटी ल्याइन्छ र नवमीका दिन खडा गरी श्री गुह्येश्वरीको विशेष पूजा, उपासना, वलिदान गरिन्छ।

मल्लकालदेखि नै सर्वदेव समन्वयको नीतिअनुसार, देव-देवीहरूको एकात्मकता स्थापित गरी जात्रा गर्ने परम्परा रहेको छ। कर्णाटक कुलदेवी तुलजा भक्तपुरमा ल्याई स्थापना गरेपछि राजाहरूकी इष्टदेवीको रूपमा पूज्य भइन्। त्यसपछि देशका प्रत्येकजसो महत्त्वपूर्ण देवताहरूको प्रतीकको रथयात्रा गरी राजदरबारमा ल्याउने तथा तुलजा भवानीसँग समन्वय गर्ने र फर्काउने वा देवीका प्रतीकहरू तुलजामा राख्ने व्यवस्था चल्यो। तदनुसार गुह्येश्वरीको प्रतीक कलश दैनिक दर्शन र पूजाको लागि तुलजा मन्दिरमा नै रहने भयो।

नेपालका प्रमुख देवताको विशेष पर्व-जात्राको दिन राजा स्वयम् उपस्थित हुने चलन थियो। यो परम्परा सबै दिन सम्भव भएन। अतः राजप्रतिनिधिको रूपमा राजाको खड्ग लैजाने व्यवस्था भयो।

उक्त परम्पराअनुसार श्री गुह्येश्वरीको कलश खटमा राखी गुह्येश्वरी लाँदा राजप्रतिनिधि खड्गसँगै लगिन्छ। बाजागाजाको साथ गुरुज्यूको पल्टन (शार्दूलजङ्ग) पनि जानुपर्छ। मार्ग कृष्ण नवमीमा यो खटयात्रा हनुमानढोकाबाट गुह्येश्वरी पुऱ्याइन्छ र विशेष पूजा हुन्छ। दशमीका दिन विशेष पूजापछि भक्तहरूको दर्शन र पूजाको लागि भीड लाग्छ। त्यसपछि साँझमा पूजा गरी गुह्येश्वरीको रथ तल ल्याएपछि लिङ्गो ढाल्ने काम हुन्छ। अनि गुह्येश्वरी तथा भैरवको रथ (खट) बोकी बाजागाजाको साथ श्री पशुपतिनाथका मन्दिरमा पुऱ्याइन्छ। बाटामा भक्तजनले पूजा-वन्दना गर्दछन्। गुह्येश्वरीको रथ अमालकोट अगाडिको डबलीमा राखी वायवसान पूजा हुँदा राजाको खड्गलाई श्री पशुपतिनाथ अगाडि राखी पूजा गरिन्छ।

श्री गुह्येश्वरीको रथ श्री पशुपतिनाथ ल्याउँदा पश्चिम ढोकाबाहिर सदावर्त घरअगाडि ल्याएर राखेको बेला १५/१६ ओटा हाँडीमा विभिन्न किसिमका मिठाई, दही र कुनैमा गोबर, सिस्नु, फोहोर राखेर मुख छोपिदिएको हुन्छ।

यो प्रथा श्री ५ रणबहादुर शाहबाट चलेको हो। श्री ५ मौसूफका बडामहारानी कान्तवती सदावर्त घरको झ्यालमा बसेर जात्रा नजर हुन्थ्यो। राजाज्ञा पाएका जात्रुहरूले हतपतमा हाँडीभित्र हात हाल्दा कसैले मिठाई पाउँथे भने कसैले गोबर र फोहोर। सिस्नामा हात पर्ने पोलेर कराउँथ्यो। यो मनोरञ्जनको परम्परा कायम नै छ। यसबेला चामल र पैसा छर्ने चलन आजभोलि पनि छ।

यसरी पशुपतिका सन्निकट पूजा समाप्त भएपछि खड्ग हनुमानढोका दरबारमा र गुह्येश्वरी तथा भैरवका प्रतीक बोकेको खट, तुलजा भवानीको मन्दिरमा भित्र्याइन्छ।

यो जात्रा चलाउने खर्च, गुठी संस्थानअन्तर्गत खर्च अड्डाले गर्दछ। यस पर्वमा विशेष पूजा र जात्राको निम्ति श्री ५ रणबहादुर शाहबाट विशेष जग्गा गुठी राखिबक्सेको छ।

नेपालका मठमन्दिरका जात्रामा मन्दिरका रकमीहरूले भोज खानु आवश्यक कुरा हो। गुह्येश्वरीको यो जात्रामा तलेजुका सबै रकमीहरूको उपस्थिति हुन्छ।[१६]

विश्वब्रह्माण्डरूपी श्रीचक्रकी नायिका तुलजा र विराटस्वरूपा पराशक्ति मानिएकी

गुह्यकालीको एकरूपतामा अन्तर छैन भन्ने कुरा यस जात्राले देखाउँछ र तुलजाको प्रतीक चक्र छ भने गुह्येश्वरीको प्रतिकृति कलश छ । गुह्येश्वरीको गुठी रकमी र अन्य व्यवस्थाको चर्चा गर्नु यहाँ सम्भव छैन । यो मन्दिरको मर्मत गुठीवाट ४४ सालमा भयो । प्रति वर्ष दसैंको अष्टमीमा श्री ५ महाराजाधिराज सरकार दर्शन गर्न सवारी हुने परम्परा छ ।

सन्दर्भस्रोत

१. यजुर्वेद अध्याय १६
२. विद्यानाथ उपाध्याय, ध्येय चिन्तन
३. महाकालसंहिता गुह्यकाली खण्ड ३ र त्यसको भूमिका
४. पीठानि चैक पञ्चाशत् पञ्चाम्नायस्थ देवता
तत्र तिष्ठन्ति ये दवा त्रय त्रिशन्मिता निच
उपपीठानि यत्प्रोक्ता षडाम्नायस्थ देवता
तत्तेषां तु समुद्दिष्टं तत्राथ हृदयोर्ध्वत:
तेङ्गपातो यत्रजात स्तत्र तिष्ठन्ति वैदिका:
तत दक्षिणमार्गश्च सिद्ध यन्यंत्रवामक:
(मेरुतन्त्र ८०४-५ श्लो.)
५. हिमवत्खण्ड
६. नेपालको ऐतिहासिक रूपरेखा, पृ. ५५-५८
७. बाबुराम आचार्य, नेपाली, ४२ अङ्क
८. देवमाला वंशावलीको पृ. १५, गोरक्ष ग्रन्थमालाको ८८ औं पुष्प, प्र. पीर महन्त क्षिप्रनाथ योगी मृगस्थली
९. ऐ.ऐ., पृ. १६
१०. गुह्येश्वरीमा रहेको पानस आदि भाँडावर्तनका अभिलेख
११. देवमाला वंशावली र गुह्येश्वरीमा भएको अभिलेख
१२. ऐ.ऐ., पृ. १६
१४. देवमाला वंशावली तथा मठमन्दिरको जीर्णोद्धारपछि लेखिएको पुस्तक, सं. पण्डितराज सोमनाथ, संकलनकर्ता कृष्णप्रसाद घिमिरे
१४. नवशक्ति समायुक्तं नवरात्रं तदुच्यते ।
एकैव देवदेवेशी नवधां परिनिष्टिता, वोधनं भोजनं चैव शयनं परिवर्तनम् । चतुर्धा नवरात्रंतु भोग मोक्षप्रदं भवेत् । इषे प्रवोधनं चैव माघमासेऽथभोजनम् । चैते तु रापनं प्रोक्तं आषाढे परिवर्तनम् ॥ प्रवुद्ध सनातनरहस्यम् ४ पटल, पृ. २३३
१५. पशिचमपट्टि र दक्षिणपट्टि स्वस्ति ॥ श्री श्री गुह्येश्वरी यात प्रीतिन सद.. मासु संगीत विद्या पारंगत् महाराजाधिराज विद्वत् चूडामणि श्री श्री राजेन्द्र कवीन्द्र जय प्रताप मल्लेन धातुपत्र तया संवत् ७८० आषाढ शुदी पूर्वपट्टि पू.
उत्तरपट्टि- पशुपति लालिते राज राजेन्द्र संसारे सारभूते रघुपति विमले वंशराजे सुजातै: । रविकुल तिलक श्री कवीन्द्रे
पुन पशिचम प्रतापै गुह्येश्वर्यार्पित कनकमयं पद्मपत्र त्रयं च ॥
(यो अभिलेख सुनका पाताले छोपिएको छ । जीर्णोद्धार गर्दा मोहन खनाल र म भएर पढिएको हो ।)
१६. प्रज्ञा, ने.रा.प्र.प्र.

शोभा भगवती

(भाचाखुसी, काठमाडौँ)

काठमाडौँ नगरको पश्चिमपट्टि विष्णुमती नामकी नदी वग्छिन्। ती नदीमा भाचाखुसी भनी लोकभाषामा चर्चित एउटा नदी पश्चिमपट्टिको पार्वत्य-क्षेत्रवाट वग्दै आएर मिल्छिन्। काठमाडौँ सहरको घना आवादीको नजिक पर्ने हुँदा विष्णुमती स्नान-सन्ध्याको लागि उपयोगी त छँदैछन्, साथै पुरातन बस्तीको नगीच पर्ने हुँदा मुख्य स्मसानघाटको रूपमा विष्णुमती र भाचाखुसीको संगमस्थललाई करवीर स्मसानको नामले इतिहासकालदेखि नै पुकारिन्थ्यो भन्ने कुरा पनि थाहा पाइन्छ। स्मसानघाट नजिक जङ्गल पनि हुन्थ्यो र त्यस्तो क्षेत्रको अगल-बगल मानिसको बस्ती पनि नवस्ने हुँदा निर्जन एकान्त स्थल भएकोले सिद्ध तान्त्रिकहरूले आफ्नो साधनास्थल पनि वनाएका थिए। आठौँ शताब्दीको मध्यान्तरतिर पद्मसम्भव नामक घोर वौद्ध तान्त्रिकाले यस क्षेत्रमा वसी तान्त्रिक साधना गरी सिद्धी लाभ गरेको करा हामी तिब्वती वौद्धस्तोत्रबाट थाहा पाउँछौँ।

काठमाडौँको करवीर स्मसान उग्र मानिन्छ र यसले प्रशस्त लोककथाको पनि जन्म दिएको छ। यसको विचरण क्षेत्र टेकु दोभान (वागमती-विष्णुमतीको संगमस्थल) सम्म मानिएको हुँदा पुरातन कालमा त्यस क्षेत्रमा वस्ती थिएन।

उग्र स्मसानको निवासभूमि मानिएको ठाउँमा स्नान, सन्ध्या आदिको निम्ति सर्वसाधारण स्त्री पुरुष जान पनि डराउँथे होलान्। यसकारण, त्यस खराव ठाउँलाई शुभस्थान वनाउन त्यस बेलाका विद्वान् वुद्धिजीवीहरूले सोचेर विष्णुमती र भाचाखुसीको संगमस्थलमा शोभा भगवतीको स्थापना गरे। देवीले भूत, प्रेत, पिसाच, स्मसान, बेताल तथा राक्षस गणलाई दमन गर्ने र तिनै गणलाई साथी वनाई क्रीडा गर्ने शक्तिको रूपमा हामीले परापूर्वकालदेखि मान्दै आएका छौं। भूत, प्रेत, पिस।८ गणलाई साथमा लिएर स्मसानमा बस्ने देवता भगवान् शंकर पनि हुन्। शंकरकै सहचारिणीको रूपमा भगवती दुर्गा, शिवा, काली आदि देवीगण भएकोले र महिषमर्दिनी, असुरदर्पदलनीको रूपमा देवीको मान्यता भएकोले देश रक्षाको निम्ति भगवतीको स्थापना हुनु जरुरी थियो। फेरि करबीर स्मसान खेल्ने यो क्षेत्र आफैंमा उग्र भएकोले यहाँ अरू उग्रता बढाउने काली, महाकाली आदि उग्ररूपा भगवतीको स्थापना गर्नुभन्दा शुभरूपा भगवतीको स्थापना गर्नु आवश्यक थियो। यद्यपि शिव र भगवतीको विविध रूपहरू अर्चना, वन्दना, उपासनाले गर्दा सबै शुभकारक नै हुन्छन्। उग्रस्थानमा उग्ररूपा भगवतीकै स्थापना गर्ने चलन पनि छ र शान्त मूर्तिहरू पनि। वर्तमान काठमाडौं सहर पहिले दुईटा गाउँमा वाँडिएको

थियो । हनुमानढोकाको दरवार क्षेत्रबाट दक्षिणको उँचो भूमि लगनसम्म, दक्षिण कोलिग्राम र मखन टोलको उत्तरी भाग नरदेवीसम्म तथा पूर्वपट्टि जमलसम्म, उत्तर कोलिग्राम थियो भन्ने संकेत पाइन्छ । भगवान् बुद्धका समयमा वर्तमान उत्तर-भारत र नेपालको क्षेत्रमा साना-ठूला गणराज्यहरू थिए । कपिलवस्तु जनपदका शाक्यगण, कुशीनाराका मल्लगण, पीप्पली वनका मोरियगण, रामग्रामका कोलीय गण, विदेहका वैदेहक गण, वैशालीका लिच्छवि, कुण्डिन ग्रामका ज्ञातृकगण, वैशालीसँगै जोडिएको पश्चिम-उत्तरमा आवाद रहेका वृजिक (वज्जि) गण मुख्य थिए ।

महात्मा बुद्धको परिनिर्वाणपछि, साम्राज्य विस्तारमा लालायित मगध नरेश अजातशत्रुद्वारा वैशालीगण र त्यसमा सम्मिलित गण्डकी पूर्वका अन्य जनपदका गणराज्य ध्वस्त भए भने, गण्डकी पश्चिमका शाक्य, मोरिय, कोलिय, मल्लगणहरू अवध-नरेश विडुडभद्वारा ध्वस्त गरिए । यो नरसंहारक युद्धमा अगणित शाक्य, कोली मल्लहरूको संहार भयो । भागेर लुकेर बाँच्न सफल भएका शाक्य, कोली आदि केही व्यक्तिको सानो समूह उत्तरको वनपाखा दुर्गम डाँडाकाँडा चहार्दै सुरक्षित ठाउँ खोज्दै काठमाडौं उपत्यकाभित्र र मल्ल गण चाहिं आफ्नो नजिक पर्ने बुटवल क्षेत्रको बाटो उत्तर लागेर नेपालको कालीपारका पहाडी क्षेत्रमा आवाद भएको कुरा अनुशीलनबाट थाहा हुन्छ ।

शाक्य, वृजिक (वज्जी) तथा कोलीहरू यस उपत्यकाभित्र आएर आवाद भएका रहेछन् भन्ने कुरा प्राचीन शिलाभिलेखबाट ज्ञात हुन्छ । त्यसमध्ये वर्तमान काठमाडौं सहरचाहिँ कोलीग्रामको नाउँले पछिसम्म प्रख्यात रहेकोले, यी गाउँ कोलीहरूले नै बसाएका रहेछन् र दुई गाउँमा बाँडिएका कोलीहरूको संख्या पनि निकै रहेछ भन्ने थाहा हुन्छ । यिनै कोलीहरूको पानीघाट, स्मसानघाटको रूपमा रहेकी विष्णुमतीको करवीर स्मसानको इतिहास पनि त्यतिकै पुरानो मान्नुपर्छ । किन्तु शोभा भगवतीको स्थापनाको इतिहास भने त्यतिकै पुरानो मान्न सकिँदैन अर्थात् ई.पू. जान्न सकिँदैन ।

नेपालमा प्राप्त यौटा वंशावलीको कथन भने निम्नप्रकारको छ- अघि द्वापर शेष वर्ष १०५०-१००० भित्र राजा विक्रमकेशरीकी रानी नवसागरबाट राज चलाइरहेको बखत विश्वकर्माका अवतारी एक कालिगढले १ भगवतीको मूर्ति बनाई र श्री विष्णुमती र भद्रमतीको संगममा स्थापना गरी 'शोभा भगवती' नाम प्रख्यात गरिदिए, पछि यी भगवतीको मन्दिर बिग्रियो र राजा शंकरदेवले ६८४ मा जीर्णोद्धार गरी बनाइदिए । यसभन्दा केही बढी कुरा राजा भोगमाला वंशावलीले पनि भन्दछ । पछि विक्रमसम्वत् १८७२ सालमा घाट र पूर्व मोहोडाको पाटी, १८८२ सालमा चौघरा पाटी तथा सत्तल दुनियाँले नै बनाए । १९८४ सालमा चौघरा पाटी तथा सत्तल दुनियाँले नै बनाए । १९८४ सालमा सरकारसँग ढुंगा मागी पुजारी सानु बज्राचार्यले घाट जीर्णोद्धार गरे । फेरि १९८४ सालमा नै न्ह्यौखा टोलका गणेश श्रेष्ठले देवालयभित्र देशी टायल टाँसी बडा शोभा बढाइदिए । १९९० सालको भूकम्प हुँदा केही भएन । १९९५ सालमा बिजुली बत्ती जडान गरियो ।

देवमाला वंशावली र राजा भोगमालाको उक्त कथनबाट पलाञ्चोक भगवतीको मूर्ति कुद्ने कालिगढले नै नक्साल भगवती र त्यसपछि शोभा भगवतीको मूर्ति पनि बनाए भन्ने लोकोक्तिसँग मेल खान्छ, तापनि केही मूर्ति विशेषज्ञको विचारमा भने यो बाह्रौं शतीतिरको मूर्ति हुनुपर्छ भन्ने छ । विक्रमकेशरी राजा र नवसागर नामकी रानीको

वंशावलीहरूमा चर्चा भए तापनि यो कुरा इतिहाससम्मत मानिँदैन।

मूर्ति शिल्प विधा एवम् पाषाण खण्डको सादृश्य हेरेर नक्साल भगवतीको लगत्तै पछिको मूर्ति शोभा भगवतीको हो भन्ने वंशावलीको कथन र अनुश्रुति भए पनि पलाञ्चोक भगवतीकै जस्तो शिलालेख किन पाउन सकिँदैन, यो पनि एउटा प्रश्न नै बनेको छ। यत्तिकैले मूर्तिलाई पछिको भन्न मिल्ने देखिँदैन।

आफ्नो कीर्ति-पताका फहराउन सम्राट अशोककै पालादेखि ढुङ्गाको अक्षर लेख्ने, लेखाउने परम्परा चल्दै आएको थियो भन्ने कुरा छिमेकी भारतका अभिलेखबाट थाहा हुन्छ र नेपालमा पनि मानदेव प्रथम (लिच्छवी राजा) को सम्वत् ३८६ को अभिलेखपछि ढुंगे अक्षरको सिलसिला चल्दै आएको छ। तथापि सबै मन्दिरमा शिलापत्र नहुनु आश्चर्य हुँदैन।

वेदकालीन समाजदेखि नै तान्त्रिक परम्पराको क्षीण धारा बग्दै आएको अनुशीलनबाट थाहा पाइन्छ, तापनि यसको विकास, शैव तथा वैष्णव धर्म सम्प्रदायले धर्मको रूप लिएपछि नै भएको हो भन्ने इतिहासकारहरूको विचार छ। ईसापूर्व दोस्रो वा तेस्रो शतीतिर शैव तथा वैष्णव धर्मको सम्प्रदायको रूपमा विकास भएको मान्ने हो भने तन्त्रवादको स्वीकृति पनि यसै बेलातिर भयो।

ऐतिहासिक विश्लेषण गर्दा पहिले हामी शैव तन्त्रको नाम लिन सक्छौँ। जसको आविर्भावकाल तेस्रो शतीको सुरु मानिन्छ। शैवागम र रुद्रागमको साथै वैष्णव धर्मसम्बन्धी आगमहरूको विकास पनि यसै कालतिर मान्न सकिन्छ। यद्यपि वैष्णव धर्मको व्याख्या गर्ने पाञ्चरात्र मत्र ई.पू. मा नै प्रचलित भइसकेको थियो।

वैष्णव सम्प्रदायमा राधा वा लक्ष्मीको साहचर्यको कथा पाइन्छ भने, शैव सम्प्रदायमा गौरी (उमा) को। किन्तु, धन तथा ऐश्वर्यकी देवी लक्ष्मीको उपासना, ईसापूर्वकै समयमा प्रचलित थियो तापनि स्वतन्त्र रूपमा शक्तिको उपासना गरिने र शक्तिको महिमालाई विशिष्ट रूप दिने मन्त्रहरूको निर्माण तथा विकास ईसाको तेस्रो शतीपछिकै मान्नुपर्ने हुन्छ।

ईसापूर्वका समयमा विकसित पुरातन सभ्यताका देश- बेविलोन, असीरिया, मिश्र क्रीट, उर आदि देशमा मातृशक्तिको मान्यता, पूजाआजा चलेको थियो भन्ने कुरा प्राचीन इतिहासविद् तथा पुरातत्त्वविद्हरूले स्वीकार गरेका छन्। सिन्धुघाटी सभ्यतामा प्राप्त कतिपय मूर्तिहरूले पनि मातृदेवीको मान्यतालाई स्पष्ट गरेका छन्। श्रीयन्त्रको प्रारूप मानिने चक्काहरू, जसमा मातृदेवीका मूर्ति अङ्कित छन्, त्यसलाई पुरातत्त्वविद् डा. वासुदेव अग्रवालले ई. पूर्व तेस्रो, चौथो शतीको समय निर्धारण गरेका छन्। केही पुरातत्त्वविद्हरू बेविलोनकी देवी इयन्ना, जसको विकसित रूप फारसमा आइपुग्दा नैनादेवी भइन् र पश्चिमोत्तर भारतमा प्रसिद्ध भएकी नैनादेवी, नेपालमा पनि गुल्मीसम्म आइपुगेकी छन्। तिनको र भारतीय पुराण-साहित्य एवम् शाक्ततन्त्रहरूमा वर्णित भगवती दुर्गाको रूपसादृश्य एवम् कर्मसादृश्य भएको कुरा इतिहासविद्हरूले स्वीकारेका छन्। ईसापूर्वको पहिलो सहस्राब्दीदेखि नै भारत र पश्चिम एसियाको बेविलोन, असीरिया, मेसोपोटामिया, फिनिसिया एवम् रोमसम्म सार्थहरूको आवागमन, व्यापारिक सरसामानको आदानप्रदान र व्यापारिक सहरमा महिनौँसम्म सार्थ (व्यापारी) को वसोवासले गर्दा त्यहाँको सभ्यता, संस्कृतिको कोसेली भारतीय व्यापारीहरूले ल्याए भने भारतबाट धेरै

कुरा त्यहाँ पनि गए । बेबिलोनका सर्वशक्तिमान् देवता मर्दुक, देवी इयन्ना आदिको दर्शन, स्पर्शन भारतीय व्यापारीले गरे भने उनका प्रतीकहरू यहाँ पनि ल्याए । भाषागत भिन्नताले नामान्तर भए पनि उनको प्रभावक्षेत्र, मान्यता, पूजा एवम् उपासनाका प्रकारहरू यहाँ पनि आए र यहाँका उता पनि गए । यस आधारमा भारतीय पुरातात्विक इतिहासविद् मनीषीहरू तन्त्रसाधना-पद्धति पश्चिमबाटै भारतमा आएको हो भन्ने कुरामा विश्वस्त छन् ।

वैदिककालको साहित्यको अनुशीलन गर्दा मूर्तिपूजाको प्रसङ्ग पाइँदैन । सूत्रकालमा केही देवताको नाम तथा यज्ञमा स्वर्णमूर्तिको पूजा-प्रसङ्ग थोरबहुत पढ्न पाइन्छ। तापनि आजको जस्तो मूर्ति र मन्दिरको अस्तित्व त्यस कालमा थिएन ।

तर मिश्र, बेबिलोन, यूनानमा मूर्तिपूजाको प्रधानता थियो भने भव्य मन्दिरको निर्माण तथा पुजारीहरूको सत्तामा पनि वर्चस्व रहेको कुरा इतिहासमा पढ्न पाइन्छ। सम्भवत: मन्दिरका देवतालाई सेविका कन्या चढाउने देउकी प्रथा) र ती कन्याले पूरापूरा जीवन ब्रह्मचर्यमा बिताउने परम्परा पनि हामीले बेबिलोनबाटै आयात गरिएको प्रथा भनेर मान्न सक्छौँ ।

यसरी मानिसको आवागमन बस-उठले संस्कृति तथा सभ्यताको आदानप्रदान भएर संस्कृति-सङ्गमको नयाँ धारा प्रवाहित हुन्छ, जो विकासक्रम हो । बाहिरबाट आएका कतिपय असल र कमसल कुराको पनि समागम भएर निर्माण भएको संस्कृति पछि गएर छुट्याउन असम्भवप्राय: नै हुन्छ । आज हाम्रो देशमा तान्त्रिक संस्कृतिबाट जन्मेका वास्तुकला, चित्रकला एवम् मूर्तिकलाको विविधता नै हाम्रो सांस्कृतिक निधि बनेका छन्, जसबाट नेपाली कला संस्कृति जीवन्त रहेको छ ।

उपर्युक्त हाम्रो सांस्कृतिक परिवेशको सिंहावलोकनपछि विषयवस्तुको निर्धारणपट्टि लागौँ ।

शक्ति साधनाको पक्ष, विस्तार-विस्तार समाजमा हुर्कंदै गएको भए पनि लिच्छवि कालको प्रथम कालखण्डमा यसको त्यति महत्ता रहेको पाइँदैन, जति शिव र विष्णुको पाइन्छ ।

गुप्तकालीन भारतमा मूर्तिकलाको प्रशस्त विकास भयो । किन्तु, देवताको उपासना-पक्षमा शिव, विष्णु तथा स्कन्दको महिमा नै विशेष थियो भन्ने कुरा तत्कालीन साहित्यबाट बुझ्न पाइन्छ। दुर्गाका मूर्तिहरू चाहिँ कमै पाइन्छन् ।

भारतसँग व्यापारको आदान-प्रदान, तीर्थयात्रीहरूको आगमन र यहाँ लिच्छविहरू आएर शासन गर्न थालेपछि भारतबाट धर्म, धार्मिक ग्रन्थ तथा कला, साहित्य, संस्कृतिहरू पनि पसे । साधु, सन्त, बौद्ध भिक्षु, शैवाचार्यहरूको यहाँ प्रशस्त जमघट शैव शाक्त-साधनाका अनेक रूप र त्यसलाई मार्गनिर्देशन गर्ने तान्त्रिक ग्रन्थहरू पनि यहाँ बने र प्रचारार्थ दक्षिण तथा उत्तर गए भन्ने कुरा साहित्यको अन्वेषण र विश्लेषणबाट सजिलै बुझ्न सकिन्छ ।

शैव तथा शाक्त सम्प्रदायको वाममार्गको प्रचार-प्रसार बंगाल, उडिसा, कामरूप र दक्षिण भारतका देशहरूमा पनि थियो । तर नेपाल चाहिँ वामाचारकै गढ बनेको कुरा हामी तन्त्रसाहित्यबाट थाहा पाउँछौँ ।[१०]

बौद्ध तन्त्रवादको प्रारम्भिक काल विद्वान्हरूले तेस्रो शती मानेका छन्, जसको

साधना-पक्षको विकास दक्षिण भारतको श्रीशैल र धान्यकटकमा भयो । साथै शैवतन्त्रको साधना-पक्षको विकास पनि त्यहीँ भएको मानिन्छ र छैटौँ शतीमा नेपालभित्र पनि प्रवेश पाइसकेको अनुमान हुन्छ । बौद्धतन्त्रवादमा विकसित भएको बज्रयान पनि यसै बेलातिर यहाँ आयो होला भन्नुपर्छ । किन्तु पुरातन अभिलेखबाट भने त्यसको अस्तित्व यहाँ छैटौँ शतीमा भएको प्रमाण पाइँदैन । सम्भवत: यो उग्र साधनापक्ष भएकोले पनि सुरुमा फस्टाउन सकेन होला । भित्रभित्रै कहींकहीं अध्ययनको विषय भए पनि समाजमा त्यति रुचिकर भएन होला ।

मानदेव प्रथमकै पालामा पलाञ्चोककी महिषमर्दिनीको स्थापनाले चाहिँ के संकेत गर्दछ भने, शाक्त तन्त्रवादको प्रवेश चाहिँ भएको थियो । हुन त दुर्गा महिषमर्दिनीको यो रूप पुराणमा पनि पाइन्छ भन्ने तर्क उठ्न सक्छ । तर पुराणले तन्त्रका राम्रा पक्षलाई मान्यता दिएर वैदिक धाराको विपरीत जान लागेका आगमिक धारालाई समेटेर समन्वय गर्न खोजिएको कुरा पुराणहरूको अध्ययनबाट थाहा हुन्छ ।

मूर्ति र मन्दिरको विकास भएपछि सबै देवताको मान्यता र स्थापना आवश्यक नै हुने भयो । साथै डर, त्रासबाट जोगिन र यसै जन्ममा भुक्ति र मुक्ति चाहेमा पनि पाउन सकिने देवीको साधना पक्षले मानिसको मन जित्दै लैजानु स्वाभाविक हुँदा नेपालमा शैव तथा वैष्णव तन्त्रवादलाई उछिनेर शाक्ततन्त्रले प्रभुत्व जमाउन सक्यो । फेरि शैव सम्प्रदायका कापालिक, कालामुख, सिद्धान्तका अनुयायीका जस्तो बहुरूपी भेष, वैष्णव सम्प्रदायको अहिंसा र वैरागी भेषको पनि आवश्यक परेन । न खानपान र व्यावहारिक जीवनमा नै भिन्नता आयो । यसकारण पनि शाक्त सम्प्रदायको यहाँ विकास भएको मान्न सकिन्छ । हुन त यस पक्षको उग्र साधना गर्ने भन्ने व्यक्तिहरू बहुरूपी पनि हुन्थे ।

अब लागौँ आफ्नो विषयतिर । पलाञ्चोकको मूर्ति स्थापनापछि दोस्रो भगवतीको स्थापना नक्साल भगवतीको हो भनिन्छ ।

त्यसपछि शोभा भगवतीको स्थापना मान्न सकिन्छ । यससम्बन्धी अभिलेख प्राप्त नभएकोले तिथिमिति निश्चित रूपमा भन्न सकिँदैन तापनि यस मूर्तिलाई सातौँ शतीभन्दा पछिको भनेर मान्न पनि मिल्दैन । दुर्गा, पार्वती र मातृकाहरूका मूर्तिहरू गुप्तकालीन भारतमा प्रशस्त बनेका पाइन्छन् र नेपालमा पनि पहिलो, दोस्रो शतीतिरकै मूर्ति पनि पाइने हुँदा र पलाञ्चोकको दुर्गा मूर्तिले पनि पाँचौँ, छैटौँ शतीमा नेपाली मूर्तिकलाले उच्चता प्राप्त गरेको कुरा प्रमाणित हुने भएकोले यो शोभा भगवती पनि समकालीन मान्नुपर्छ ।

शोभा भगवतीको मूर्तिलाई कसैले बंगलामुखी र कसैले मातङ्गी पनि भन्छन् । जङ्गल र नदीकिनारमा स्थापना गरिएको यस मूर्तिलाई नवदुर्गा भन्ने पनि छन् । किन्तु उल्लिखित देवीहरूको ध्यानसँग यस मूर्तिको निर्माणशैली मिल्दैन ।

आठ हात भएकी, राँगाको टाउकोमा बायाँ पाउले टेकेकी, दाहिनेपट्टिका हातमा माला, खड्ग, परशु र तर्जनी मुद्रा तथा बायाँपट्टि घण्ट, ढाल, त्रिशूल र एउटा हातले राँगाको पुच्छर समातेकी प्रत्यालीढासना भगवतीको यो मूर्ति महिषमर्दिनी दुर्गाको हो भन्ने थाहा पाइन्छ । यद्यपि आठ हातका आयुधको शास्त्रीय लक्षण भने मिल्दैन ।

आठौँ, नवौँ शतीतिर नै तान्त्रिक साधनापक्षमा उग्र पक्ष, जसलाई वेदवाह्य भनिन्थ्यो, त्यसको निकै प्रचार भएकोले त्यसलाई वैदिक मार्गसँग यथासम्भव मेल गराउन

विद्वान्‌हरू प्रयत्नशील थिए । पुराणहरूले पनि यस कार्यमा प्रयत्न गरेको देखिन्छ । यस्तै प्रयत्नमा (लक्ष्मण गुप्त) जो काश्मीरका प्रकाण्ड विद्वान् अभिनव गुप्ताचार्यका गुरु हुन्, उनले 'शारदा तिलक' नामक तन्त्रग्रन्थको निर्माण गरेका छन् । त्यसमा महिषमर्दिनीको निम्नस्थ रूपको उल्लेख भएको छ-

गारूडोपल-सन्निभां मणिमौलिकुण्डल- मण्डिताम्
नौमि भालविलोचनां महिषोत्तमाङ्ग निषेदुषीम् ।२५।
चक्र-शंख-कृपाण-खेटक-वाण-कार्मुक-शूलकान्
तर्जनीमपि विभ्रतीं निजबाहुभि शशिशेखराम् ।२६।
शारदातिलक ११ पटल ।

(पन्नाको जस्तो वर्ण भएकी, मणि शिरमा धारण गरेकी र मणिमय कुण्डल लगाउने, निधारमा पनि नेत्र (त्रिनेत्र) भएकी, महिषको टाउकोमा टेकेर उभिएकी, चक्र, शंख, खड्‌ग, ढाल, वाण, धनु, त्रिशूल तर्जनी मुद्रा बाहुमा धारण गर्ने शशिशेखरा शिरमा अर्धचन्द्र लगाएकी दुर्गालाई नमस्कार गर्छु ।)

कुनै पनि मूर्तिका आयुध तथा मुद्राको धारण गर्ने क्रम खुलेको छैन भने दाहिने हातको माथिबाट क्रमशः तलतिर र त्यस्तै बायाँमा पनि त्यसैगरी राख्ने नियम छ ।

किन्तु यो शारदा तिलकको ध्यानमा पनि शोभा भगवतीका सबै आयुधहरू मिल्दैन । ढाल, त्रिशूल, खड्‌ग, तर्जनीमा चाहिँ पाइन्छ । पाँचौं शतीतिर सङ्कलित ईशान संहिता भन्ने ग्रन्थमा श्यामा दुर्गाको ध्यानको उल्लेख पाइन्छ, जोसँग शारदातिलकको कथन मिल्दछ । जो निम्नस्थ छ :

ध्यायेच्छ्यामां महादुर्गां सर्वाभरणभूषिताम्
जटा-मुकुट-शोभाढ्यां फुरच्छन्द्र- कलान्विताम्
चक्र धरां देवीं पीनोन्नत-कुचद्वयाम्
शंख-लसद् हस्तां तदधः खड्‌गखेटकौ
वाण-चापौ च तदधः सशूलां तर्जनीमध : ॥ ईशान सं. (ऊर्ध्व पदार्थदर्श २८५ पृ.)

(श्यामवर्णकी, सबै किसिमका गहना लगाएकी, जटाको मुकुट बनाएकी, उज्ज्वल कान्तियुक्त चन्द्रकला धारण गर्ने, पहेंलो वस्त्र लगाएकी, स्थूल र उन्नत स्तनले शोभित, चक्र, शङ्ख, ढाल दाहिनेतिर क्रमैले र वाण, धनु, त्रिशूल र त्यसभन्दा तल तर्जनी मुद्रायुक्त महादुर्गाको ध्यान गर्नू ।)

उपर्युक्त कथनबाट पनि अष्टभूजा भएकी महादुर्गाको शारदा तिलकवाला ध्यानसँग मेल खान्छ । यस्तै ध्यानसँग मिल्ने बिन्ध्यावासिनी दुर्गाको रूप कथन श्रीमद्‌भागवतमा पनि छ, जो निम्नस्थ छ :

सा तद्धस्तात् समुत्पत्य सद्यो देव्यम्बरङ्गता
अदृश्यतानुजा विष्णोः सायुधाष्टमहाभुजा ।९।
दिव्यस्त्रगम्बरालेपरत्नाभरणभूषिता
धनुः शूलेषु- चर्मासि-शङ्खचक्र-गदाधरा ।१०।
श्रीमद्‌भा. दशम स्क. अ. ४

(ती कंसको हातबाट फुस्केर तुरुन्तै आकाशमा पुगेर अष्टभुजा भएकी, हातमा

आयुधहरू लिएकी, सुन्दर वस्त्र, माला र चन्दनले युक्त रत्नहरूको आभूषण लगाएकी, धनु, त्रिशूल, ढाल, तरवार, शङ्ख, चक्र, गदा लिएकी, गन्धर्व, अप्सरा, किन्नर अदिले पूजाको सामान चढाएर स्तुति गरिएकी आदि)

यिनै योगमाया भगवतीलाई विन्ध्यवासिनीको रूपमा पुराणहरूले वर्णन गरेका छन् भने तन्त्रले वनदुर्गाको रूपमा उल्लेख गरेका छन् ।

बृहत्संहिताका लेखक वराहमिहिर (छैटौं शती) ले दुर्गा मूर्तिको बारेमा केही उल्लेख गरेका छैनन् । मातृका मूर्ति भने तत्तत् देवताअनुरूप अर्थात् ब्रह्मा जस्तै ब्रह्माणी, शिवजस्तै रुद्राणी, विष्णु जस्तै वैष्णवी र इन्द्र जस्तै इन्द्राणी एवम् वाराही, नारसिंही पनि त्यस्तै भनेका छन् । अग्नि पुराणमा पनि शोभा भगवतीको रूपसँग मेल खाने देवी प्रतिमाको उल्लेख छैन ।

त्यस मूर्तिमा दाहिनेपट्टि दुइटा देवीमूर्तिहरू मूल मूर्तिसँगै छन् । जसलाई पुजारीहरू ज्वालामुखीदेवी र अंगलामुखीदेवी भनेर पूजा गर्छन् । तथा मूल मूर्तिको बायाँपट्टि सान्निध्यमा रहेको मूर्तिलाई चाहिँ बगलामुखी भनेर पुज्ने चलन छ । दुर्गाका सन्निकट त्यस्ता देवी मूर्तिको अङ्कन गर्ने उल्लेख पाइएको छैन । ढाल-तरवारयुक्त सेविकाको अङ्कन् भने गरिन्छ । सप्तशती (चण्डी)मा दुर्गाको एउटा ध्यान पाइन्छ । त्यो यस प्रकार छ : विजुली चम्केजस्तो तेज भएकी, सिंहमा चढेकी, डरलाग्दी, ढालतरवार लिएका कुमारीहरूले सेवा गरिएकी, हातमा चक्र, गदा तरवार, ढाल, वाण, धनु, पाश तथा तर्जनी मुद्रा युक्त, अग्निमय रूप भएकी, शिमा अर्धचन्द्र मुकुट धारण गर्ने, तीन नेत्र भएकी दुर्गाको ध्यान गर्छु ।

यो ध्यान सप्तशतीमा भए पनि मार्कण्डेय पुराणमा पाइँदैन । यसरी भगवती दुर्गाको रूपको वर्णनमा विभिन्न रूपको वर्ण र बाहु एवम् आयुध (हतियार) को उल्लेख्य पाइन्छ । तर्जनी मुद्रा देवीको प्रमुख मुद्रा हो र यो दुई किसिमबाट व्यक्त हुन्छ :-

तर्जन्येकाकिनी चतूर्ध्वा ज्ञेयासंमिलितास्त्वधः
मुद्रेयं तर्ज्जनी प्रोक्ता वक्तृश्रोत्रोस्त्वभीतिदा,-इति ।

(चोर अम्लो ठाडो पारेको र मुठी बाँधेको सबै अम्ला जोडिएको हात तल फर्काएर हात देखाएको छ भने पनि 'तर्ज्जनी' मुद्रा हुन्छ, जो वक्ता र स्रोतालाई अभय दिने मानिन्छ ।)

यी उपर्युक्त व्याख्या गर्नुको आवश्यकता किन पऱ्यो भने, मूर्ति स्थापनाको तिथिमिति निश्चित नभएकोले मूर्तिको कालनिर्धारण गर्नु आवश्यक थियो । नवौं शतीभन्दा पछिको तान्त्रिक ग्रन्थबाट मूर्तिको बाहु तथा आयुधहरूको निश्चित गर्न नसकिएकोले यस मूर्तिको बनोटबारे अध्ययन गर्नु आवश्यक पऱ्यो । भारतमा महिषमर्दिनीको मूर्ति दोस्रो शतीदेखिको फेला परेको छ भने नेपालमा हाँडीगाउँको एउटा पुरातन मूर्तिलाई श्रीवाङगदेलजीले तेस्रो शतीमा राखेका छन् । किन्तु ती महिषमर्दिनी मूर्तिबाट शास्त्रीय पक्षको अभिव्यक्ति छुट्याउने कुरा सम्भव छैन । यसबाट यति मात्र भन्न सकिन्छ, हामी कहाँ पनि तेस्रो शतीदेखि नै महिषर्दिनी मूर्तिको निर्माण हुन थालेको थियो । पछिल्लो काल अर्थात् आठौं-नवौं शतीभन्दा पछिका तान्त्रिक गन्थ तथा मूर्तिविज्ञानसँग मेल नखाने लक्षणयुक्त शोभा भगवतीको मूर्ति भएकोले र त्यस्तो मूर्ति छैटौं शती अगाडि मूर्ति निर्माणमा मात्र प्रयोग भएको लक्षण देखिएकोले पलाञ्चोक भगवती तथा नक्सालको मूर्ति

भन्दा ज्यादै पछिल्लो भन्न नसकिने भएको छ । ५६० वि.सं. मा पलाञ्चोक भगवती मूर्ति स्थापना भएको देखिनाले ५८० वि.सं. तिर नक्साल भगवतीको मूर्तिलाई स्थान दिनुपर्ने हुन्छ । त्यस्तै ५९० वि.सं. तिर नै शोभा भगवतकिो पनि स्थापना भएको मान्न आपत्ति हुँदैन । यहाँ के कुरा स्मरणीय छ भने, विन्ध्यवासिनी भगवतीको मूर्तिलाई वनदुर्गाको रूपमा तन्त्रहरूले पनि उल्लेख गरेका छन् । कृष्ण वा विष्णुको योगमाया शक्तिको रूपमा पुराणहरूले वर्णन गरेपछिको मूर्ति कल्पनामा शङ्ख, चक्र, वैष्णव आयुधले युक्त भएको मूर्ति कल्पना हुनु स्वाभाविक हुन्छ । यसलाई तन्त्रले पनि स्वीकार गरेका छन् ।

शोभा भगवतीमा मूर्तिमा अङ्कित आयुधहरू धेरै खिइसेका हुँदा निश्चय गर्न त सकिँदैन । तथापि एउटा हातले राँगाको पुच्छर पक्रेर पाउले महिष शिर टेकिएको दुर्गामूर्तिलाई प्रारम्भिक काल, अथवा कुषाणकालीन मूर्तिको सङ्ज्ञा भारतीय मूर्ति विशेषज्ञहरूले दिएको र कुषाण कालदेखि नै नेपालमा पनि मूर्तिकलाको विकास भएको मूर्ति विशेषज्ञहरूको मन्तव्य पाइने हुँदा, त्यहीँ अनुशरणमा शोभा भगवतीको मूर्तिलाई मान्न सकिन्छ र मूर्तिकलाको अध्ययनबाट पनि पुरातन मूर्तिमा गणना गर्न बाधा छैन ।

अब बाँकी रह्यो नामको कुरा- उग्रस्थानमा उग्र मूर्तिको स्थापनाले झन् उग्रता नै बढाउँछ भन्ने धारणा रहेको पाइन्छ । अतः करवीर श्मशानमा स्थापना गर्ने मूर्ति शुभ मूर्ति हुनुपर्ने थियो अष्टादश भुजा दुर्गा कमलासन भए महालक्ष्मीको रूप हुन्छ र सिंहारूढा महिष शीर्षयुक्त अङ्कन भए उग्रचण्डा मूर्ति हुन्छ । अतः शोडष भुजा (भद्रकाली) अष्टभुजा (श्यामादुर्गा) र चतुर्भुजा दुर्गामूर्ति शुभ-मूर्तिभित्र पर्दछन् । दुर्गाको उपासना सबै आम्नायबाट हुने हुँदा उग्रसाधना पनि शुभ-मूर्तिमा गनिन्छ । उग्रस्थानमा स्थापित दुर्गाको शुभ-मूर्तिलाई 'शोभा भगवती' भन्ने नामकरण हुँदा लोकजिब्रोबाट शोभा भगवतीको नाम प्रचलन भएको मान्न सकिन्छ ।

पुरातन मूर्तिकलामा दुर्गा मूर्तिमा अगलबगल परिचारिका योगिनीहरूको मूर्ति अङ्कन गरिन्थ्यो । पलाञ्चोक भगवतीको मूर्तिमा पनि परिचारिका योगिनीको अङ्कन भएको छ । त्यहाँ यी मूर्तिलाई के भनेर पुज्दछन्, त्यो अध्ययन गर्न बाँकी नै छ । शोभा भगवतीको अगलबगलका मूर्तिलाई अगला, ज्वाला, बगलामुखी नामकरण कसरी गरियो, त्यो पुजारीलाई थाहा छैन र शास्त्रीय आधार पनि निश्चित छैन ।

वर्तमान मन्दिर तथा मूर्ति आदिको विवरण :

शोभा भगवतीको वर्तमान मन्दिरको लम्बाइ १५ फिट र चौडाइ १४ फिट ६ इन्च छ । तल्ली भागको उचाइ ७ फिट ९ इन्च छ र यो मन्दिर कुन-कुन बेलामा कसले-कसले बनाए वा जीर्णोद्वार गरे, त्यसको विवरण पनि प्राप्त छैन ।

छानाको आकार नेपाली शैली (मण्डप शैली) मा छ र धातुद्वारा निर्मित छाना छन् । सुनको मोलम्बा लागेको गजूर छ । मूर्ति १/१०/१/११. कडा पत्थरबाट निर्मित छ । पूजाले गर्दा मूर्तिका अङ्गहरू खिएका छन् । आयुधको निश्चय गर्न पनि सूक्ष्म निरीक्षण गर्नुपर्ने छ ।

वरिपरि सत्तल निकालेका पाटी (चौपार) ले मूल मन्दिर घेरिएको छ । मन्दिरमा जाने सिंढी १८ फिट, चौडाइ ४ फी., उचाइ १५ फी. छ ।

मूर्तिमाथि स्वर्णिम धातुको तारेण छ। मूर्ति वरिपरि कलात्मक सुनौला धातुपाताले बेर्हेको देखिन्छ। वेला बेलाको मर्मत, पाटीसत्तल, घाट, एवम् मन्दिरको जीर्णद्वार सम्बन्धी कथन देवमाला वंशावलीकै प्रमाणित देखिन्छ।

यस मन्दिरका पुजारीलाई गुठी खर्च अड्डाबाट खानगी जाने र पूजा खर्च जाने हुँदा राजगुठीमा दर्ता भएको मन्दिर भन्ने देखिन्छ। त्यसबाहेक नीजिरूपमा पनि गुठी-जग्गा होलान् जसको आँकडा थाहा भएन। केही वर्ष अगाडिदेखि यस मन्दिरको मर्मत सम्भार र विस्तृतीकरण गर्ने उद्देश्य लिएर स्थानीय भक्तहरूको एउटा समिति बनेको छ। जसले गुठी संस्थानको सहयोग लिएर मन्दिरको क्षेत्र फराकिलो बनाउने र अन्य पाटी-सत्तलको मर्मत सम्भार एवम् विस्तृतीकरण गर्ने कार्यहरू हुँदैछन्। मन्दिरको रङ्गरोगन र साधारण मर्मतको काम गुठी संस्थानबाट हुँदै आएको छ।

अन्त्यमा, मूर्तिकलाको निर्माण प्रक्रियाबाट र पुरातनकालका मूर्ति, जसलाई कुषाणकालीन प्रतिमा भनेर निश्चित गरिएका मूर्तिशिल्पसँग सादृश्य राख्ने हुँदा छैटौं शतीभन्दा अगाडिकै शिल्प विधाभित्रको शोभा भगवतीको प्रतिमा रहेछ भन्ने कुरा सावित भएको छ। मूर्ति नभएका पीठहरूको अस्तित्व पनि नेपालमा भएकोले त्यस्तै पुरातन पीठमा यो मूर्ति स्थापना गरिएको मान्न पनि आपत्ति छैन।

✡

नक्साल भगवती

(नक्साल, काठमाडौँ)

पूर्व लिच्छविकालका अभिलेखहरूको अनुशीलन गर्दा शैव-पीठ र वैष्णव मन्दिरको प्रमुख स्थान रहेको पाइन्छ। छिमेकी भारतमा वैष्णव धर्म र पश्चिमी क्षेत्रमा शैव धर्मकै प्रधानता थियो त्यसबेला। पूर्व लिच्छवि समकालीन गुप्तसम्राट्हरूको राजधर्म वैष्णव थियो यसकारण पनि उनीहरूका अन्तर्गत पर्ने सामन्त राजाहरू पनि वैष्णव धर्म मान्ने थिए। परन्तु गुप्तभन्दा अगाडिका राजा, नागवंशी राजा र दक्षिण भारतका अधिकांश राजाहरूको राजधर्म शैव थियो भन्ने थाहा पाइन्छ।

किन्तु कुषाण र शक राजाहरूको राज्यकालतिर जब मूर्तिकलाको विकासकाल शुरु भयो, त्यसबेला शिव, विष्णु, स्कन्द, लक्ष्मी, राजलक्ष्मीहरूका पनि प्रशस्त मूर्तिहरू बने। दुर्गा, लक्ष्मी, सरस्वती, अष्टमातृका अदिका मूर्ति पनि मूर्तिकलाको प्रारम्भिक कालतिरै बने र स्थापित भए।

नेपालमा मूर्तिकलाको प्रारम्भ कहिले भयो भन्ने निश्चय गर्न सकिँदैन तापनि पाँचौं छैटौं शतीतिर यहाँको मूर्तिशिल्प निकै उन्नत अवस्थामा पुगेको थियो भन्ने कुरा अध्ययनबाट थाहा पाइन्छ। शिवप्रतिमाहरू अधिकांश लिङ्ग रूपमा बनाएर स्थापना गरिने हुँदा कलात्मक समीक्षा गर्ने त्यति ठाउँ पाइँदैन। वैष्णव मूर्ति पनि धातु निर्मित चाहिँ आज त्यति प्राप्त छैनन्। तर बूढानीलकण्ठ भनिने जलशायी नारायण, बालाज्यूको जलशायी हरिहर मूर्ति आदि केही मूर्तिहरू भव्य कलात्मक मूर्तिका नमूना हुन्।

अभिलेखहरू राजा मानदेवका पाला वि.सं. ५०० देखि पछिका मात्र प्राप्त भएका र त्यसमा अधिकांश शैव तथा वैष्णव मूर्तिकै विषयसँग सम्बन्धित हुँदा शक्तिपीठहरूको के स्थिति थियो, के कस्तो थियो भन्ने कुरा थाहा हुँदैन। किन्तु राजा मानदेवकै पालामा सं. ४२५ उल्लेख भएको (वि.सं.५६०) अभिलेख पलाञ्चोकमा पाइएकोले शक्तिपीठको स्थिति थिएन भन्न मिल्दैन। तर यत्रो राजधानीको घना बस्ती उपत्यकामा पर्वत, पाखा तथा गाउँहरू छाडेर पलाञ्चोक डाँडामा कि विजयस्वामिनीले विजयेश्वरी (पलाञ्चोक भगवतीको नाउँले प्रसिद्ध) को स्थापना गरिन्, त्यो अनुसन्धानकै विषय भएको छ। मजबूत शिलाखण्डमा कलात्मक भव्यता बोकेको विजयेश्वरीको त्यो मूर्तिको ताजापन देखेर हाम्रा एकजना विद्वानले त्यस मूर्तिलाई मल्लकालिक मूर्ति हो भनेका छन्। किन्तु मल्लकालीन मूर्तिकला र लिच्छविकालीन मूर्तिकला दाँजेर हेर्दा स्पष्टै जान्न सकिने हुनाले वढी तर्क गर्नुपर्ने आवश्यक छैन।

त्यहाँको अभिलेखमा सम्राट् गृहपतिकी पत्नी विजयस्वामिनीको नाउँ पढेर हाम्रा विद्वान्हरूले मानदेवकी रानी भन्ने अड्कल काटेका थिए । तर अब त्यसको स्पष्टीकरण, शास्त्रीय प्रमाण जुटाएर विद्वान् ज्ञानमणि नेपालले गरिदिएका छन् र यहाँ एउटा जिउँदो प्रश्न चाहिँ उभिएकै छ । वैदिक यज्ञ-सम्पादन गर्ने विद्वान् ब्राह्मण-पत्नी विजयस्वामिनी, भगवतीको मूर्ति स्थापना गर्न किन प्रवृत्त भइन् ? साथै उपत्यकाभन्दा टाढा पर्ने पलाञ्चोकको डाँडामा गएर स्थापना गर्नुमा के रहस्य थियो, त्यो खोजिकै विषय भएको छ ।

हामी शक्तिपीठको स्थापनाको इतिहास शुरु गर्दा त्यसभन्दा अगाडि जान सक्तैनौं । हुन त वाङ्गदेलजीले नेपालमा पाइने केही मूर्ति जयवागीश्वरीमा स्थापित अष्टमातृकाको मूर्तिलाई तेस्रो शतीतिरको भन्ने अनुमान गरेका छन् । तर अभिलेख प्रमाणको अभावमा, थोत्रिएको देखिँदैमा पुरानो भनेर स्वीकार गर्न सकिँदैन । भारतमा भने तेस्रो शतीतिर मातृकामूर्ति बनिसकेका हुँदा र लिच्छवि कालभन्दा पहिलेदेखि नै भारत र नेपालको सम्बन्ध भएको प्रमाण पाइनुले दोस्रो-तेस्रो शतीतिर नेपालमा मूर्तिहरू बनेनन् भन्न सकिँदैन ।

उपत्यकामा चलेको किम्बदन्तीअनुसार जुन कलाकारले पलाञ्चोक भगवतीको मूर्ति बनाए त्यसै व्यक्तिले नक्सालकी भगवतीको मूर्ति पनि बनाए । पलाञ्चोकको सुन्दर मूर्ति बनाएपछि त्यस्तै मूर्ति अन्यत्र बनाउन नपाओस् भनेर कलाकारको दाहिने हातका औंला काटिदिए । त्यसपछि बायाँ हातले नक्सालको सिंहवाहिनी मूर्ति कुँदे, त्यसमा पनि देब्रे हातका औंला काटिए , त्यसपछि गोडाको सहायताबाट तेस्रो शोभा भगवतीको मूर्ति बनाए भनिन्छ ।

लिच्छविकाललाई स्वर्णयुग भनिन्छ । जुन समयमा उत्कृष्ट कलाकृति जन्मे, सभ्यताको विकास भयो । सम्पूर्ण धर्मालम्बीहरूले संरक्षण र प्रोत्साहन पाए । विद्वान्, कलाकारको सर्म्मान नगरीकन कला, शिक्षा, सभ्यता फष्टाउन सक्दैन, त्यसबेला राम्रो कलाकारको हात काटिएको कुरा कसरी पत्याउने ? जुन कालमा बनेका कलात्मक सौन्दर्यको प्रतिस्पर्धा पछिका कलाकारहरूले गर्न सकेनन् । मूर्तिशिल्प देख्नेबित्तिकै लिच्छविकालिक भनेर प्रष्ट चिन्न सकिन्छ । त्यस बेलाका मूर्तिकारका बारेमा उडेको यो कथन सत्यभन्दा निकै टाढा छ । पलाञ्चोकका मूर्तिकारकै यी कृति हुनु सम्भव छ र उनी वृद्ध भइसकेपछि वा रोगी भएपछि बनाएका यी मूर्तिहरूले पहिलेको स्थान लिन नसकेपछि यो किम्बदन्तीको जन्म भएको हुनुपर्छ ।

कलात्मक दृष्टिले हेर्दा भने पलाञ्चोकपछि नक्साल भगवती र त्यसपछि शोभा भगवतीको मूर्ति हो भन्ने पारख गर्न नसकिने चाहिँ होइन । शिल्पविद्याको शैली, कलात्मक अभिव्यक्तिको सूक्ष्मता, विदग्ध शिल्प र शुद्धताको दृष्टिले यी मूर्तिहरू लिच्छविकालका हुन् भन्ने कुरामा द्विविधा रहँदैन । अभिलेख नपाइनुले निश्चित तिथिमिथि भन्न नसकिए तापनि पलाञ्चोकको तिथिमितिभन्दा २०/३० वर्ष पछिको मानेमा त्यति अन्तर पर्दैन होला ।

देवीपीठ र शिव मन्दिरहरू नदी, एकान्त ठाउँ किनार जङ्गलभित्र, पर्वत- शिखरमा स्थापना हुनुपर्ने शिल्पशास्त्रिहरूको मत पाइन्छ । नक्साल भगवतीको स्थापना पनि शहरको बस्तीबाहिर नै भएको अनुमान हुन्छ र सम्भवतः यो कुनै ठूलो पोखरीको भित्री भागको भूमिमा भएको हुनुपर्छ । वंशावलीले यिनलाई नवसागर भगवती भन्ने नाम

दिएका छन् र आजभन्दा सवाशय वर्षअघि आउने अङ्ग्रेज विद्वान्ले जमलबाट नक्साल हुँदै पशुपति जाने पुरानो बाटाका अगल-बगलमा नौभन्दा बढी पोखरी देखेको कुरा लेखेका छन्, जसमध्ये कमलपोखरी र नागपोखरी बाँकी छन्। जुनबेला पुरातत्त्विक विषयको महत्व थाहा थिएन र बस्तीहरू बढ्दै गए, तथा राणाहरूका ठूला दरवार बन्न थाले, त्यसपछि धारा, पोखरी पुरिन थाले। कुनै कुनै पोखरी दरवारका क्याम्पभित्र पनि परे। नक्साल भगवती नजिकको पोखरीको पनि यही हाल अनुमान हुन्छ। जमीनको सतहभन्दा निकै होचो खाल्डो जस्तोमा यो मन्दिर बनेको छ र वंशावलीले यो मूर्ति खाल्डोमा भएकोले छोपिएको थियो भन्ने कुरा लेखेका छन्। वर्तमान कमलपोखरीको भित्री होचो भागमा जसरी प्रहरी चौकि बनाइएको छ त्यस्तै भित्री डीलमा यो मन्दिर थियो होला। बरती बाहिरको पोखरी हुँदा त्यसको भित्री डिलमा श्मशानाभूमि पनि हुँदो हो। वरिपरि जङ्गल पनि थियो होला, जो १५ सय वर्षको इतिहासमा पुरियो, मेटियो र आज अनुमानगम्य मात्र छ। केही वर्ष अगिसम्म भगवती मन्दिरकै पंक्तिमा उत्तर तर्फ लामो आकारको कामलपोखरी चाहिँ थियो नै हुन सक्छ त्यो पोखरी भगवतीको मन्दिर परिसर सम्मै पनि थियो कि भन्ने पनि अनुमान हुन्छ।

स्थापनाकालदेखि मन्दिर कस्तो थियो र कसको कृति थियो, त्यो कुरा जान्ने साधन छैन। इतिहासको यो लामो अवधि भित्रका आँधी, पानी, भूकम्प आदि प्रकृति-प्रकोपबाट कतिपल्ट मन्दिर बिग्रे, भत्के र पुनः निर्माण भए, त्यसको लेखा लाउने साधन प्राप्त छैन। किन्तु लिच्छविकालीन कलाको सुन्दर नमूनाको रूपमा अष्टादश भूजा भएकी महिषमर्दिनी, सिंहवाहिनी दुर्गाको मूर्ति श्रद्धालु भक्तहरूका निम्ति आस्था र विश्वासको केन्द्रको रूपमा जीवन्त छ। शान्त, एकान्तस्थलमा भव्य मन्दिरका बीच रहेकी दुर्गाको प्रतिमाले जति आत्मिक शान्ति दिन सक्थ्यो र आस्थामा विश्वास जगाउँथ्यो, त्यो त सहरी बस्तीको चौबाटामा हुने भीडभाडले गर्दा कमी महसुस हुन्छ। तथापि श्रद्धालु भक्तहरूको भीढ दर्शन, पूजन गर्ने क्रमको निरन्तरताले गर्दा र नेपाली कला बाकेर उभिएको मन्दिरको सौन्दर्यले पनि मन्दिरलाई शिर झुकाएर नमन गर्न र दर्शनको निम्ति प्रेरणा प्रदान गर्न चुक्दैन।

मन्दिर तथा देवताको प्राचीनता :

भगवतीको मूर्तिको स्थपनाकालतिर यहाँ शैव र वैष्णव धर्मको प्रधानता रहे पनि शक्ति-पीठहरूमा जनताको आस्था र विश्वास थिएन भन्न मिल्दैन। देवीका चरित्रको माहात्म्य बर्णन गर्ने पुराणहरू, तन्त्रग्रन्थहरू त्यसबेलासम्म उपाख्यानयुक्त कथा, मार्कण्डेय पुराणको सप्तशती (चण्डी), वैदिक कालदेखिकै महिमायुक्त लक्ष्मी, सरस्वती, काली, भद्रकालीका विविध कथा र महिमालाई व्यक्त गर्ने रूपाङ्कन भएका प्रतिमाले भव्य मन्दिरमा स्थान पाउन लागेका थिए।

नेपालका प्राचीन आराध्यदेव भगवान् पशुपतिनाथको मूर्ति मन्दिरको अस्तित्व लिच्छवि कालभन्दा पहिलेदेखि नै थियो। पशुपति क्षेत्र विभिन्न शिवलिङ्ग एवम् अन्य वैष्णव तथा शक्तिपीठहरूले भरिन लागेको थियो। त्यस बेलातिर यो महिषमर्दिनीको यहाँ स्थापना गरियो भन्न सकिन्छ।

वर्षमा एकपटक, वर्षारम्भमा श्री पशुपतिनाथमा जात्रा लाग्छ। त्यसबेलामा

भगवान् पशुपतिनाथको मूर्तिलाई खटमा राखेर कान्तिपुरका प्राचीन पीठहरूमा पुगी जात्राको निम्ति जम्मा हुने निम्तो दिने चलन थियो ।

वंशावलीको कथनअनुसार राजा शिवदेवका पालामा श्री ५वत्सलेश्वरी (पार्वती) को यन्त्रहरूमा स्थापना गरी नरबलि चढाई जात्रा गर्ने परम्परा चलाएको कुरा थाहा हुन्छ। इतिहासमा थुप्रै शिवदेव नामका राजा भएका छन् । कसका पालादेखि जात्रा चल्यो त्यो निश्चय भन्न सकिँदैन तापनि यो प्रथा निकै पुरानो हो भन्न सकिन्छ । चैत्रकृष्ण अष्टमीका दिन श्रीपशुपतिनाथको जात्रा गर्नको लागि बनेको धातुमूर्ति खटमा राखी भण्डारी, विशेष नाइके, भट्ट-पुजारी समेत भई बाजागाजा सहित सन्ध्याकालमा श्री भुवनेश्वरी भण्डारेश्वर (धोबिखोलानिर), ज्ञानेश्वर, नक्साल भगवतीलाई दिपदान-पूजा गरी निम्ता दिई जमल, कमलादी, असन, इन्द्रचोक हुँदै लगनको डबलीमा पुगी खट फर्काइन्छ । यो परम्पराको अध्ययन गर्दा निम्ता गरिने देव-पीठहरू निकै पुराना छन् भन्ने अनुमान गर्न सकिन्छ । सहरका बाहिरी भागमा स्थापित उपर्युक्त देवाताहरूको मूर्ति परम्परागत अस्तित्वको अनुशीलन गर्दा पनि प्राचीन पीठ हुन् भन्ने कुरामा शंका छैन.।

लिच्छविकालिक मन्दिर र विहारहरूलाई पनि राजा श्री अंशुवर्माले जनताबाट आउने केही विशेष आम्दानीबाट भाग छुट्याएका छन्, त्यस गणनाभित्र भने यो मन्दिर र बाहिरका अन्य शक्तिपीठहरू पर्दैनन् । श्रीदेवी (लक्ष्मी), जसको स्थापना र पूजाआजा दरबारभित्रै नै हुन्थ्यो, उनको भने भाग छुट्याएको पाइन्छ । अष्टादश भुजायुक्त मूर्तिलाई महालक्ष्मी पनि भनिन्छ र उग्रचण्डी अथवा दुर्गा भनिन्छ । साधना प्रकारको पनि नामान्तर भएको छ। दुर्गाको यो रूप सर्वपूज्य र विशेष मान्यता प्राप्त छ ।

यस सन्दिर र देवताको बारेका देवमाला वंशावलीमा यस्तो लेखिएको छ :- अघि द्वापार शेष १०५०-१००० वर्षभित्र राजा विक्रमकेशरी , रानी नवसागरबाट राज चलिरहेको बखत विश्वकर्माका अवतार कालिगढले १ भगवतीको मूर्ति बनाई महारानीलाई चढायो र रानी खुशी भै आफ्ना नाउँमा मिलाई विशाल नगरका मध्य, नवसागर भगवती भनी स्थापना गरिदिएका हुन् । पछि यी भगवती बहुतै उग्र हुँदा खाडलमा राखी, ढुङ्गाले छोपी राजा शङ्करदेवले वि.सं. ६६४ मा अर्को मूर्ति बनाई, स्थापना गरी, प्रेतुचतुर्दशीका दिन रथारोहण गरी यात्रासमेत चलाइदिएपछि नेपाली राजाले बनाइराखेको तीनतले देवल १९९० सालमा ठूलो भूकम्प हुँदा माथिल्लो १ तला गजूरसमेत छानो र तल्लो तलाको पश्चिमपट्टिको छानो भत्कियो । पछि १९९५ मा श्री ३ महाराज जुद्धशमशेर जङ्गबहादुर राणाबाट बनाइदिएका हुन् ।

वंशावलीको उपर्युक्त कथन तथा मितितिथि र विक्रमकेशरी राजाको अस्तित्वबारे ऐतिहासिक प्रमाणको अभावमा सत्य मान्न सकिँदैन ।

गुप्तकाल र त्यसपछि पनि भारतीय राजाले "विक्रमादित्य" जस्ता पदवी धारण गर्ने र त्यसैको देखासिकीमा उहाँका पनि कुनै राजाले त्यस्तो पदवी धारण गरेका थिए कि त भन्ने अनुमान गर्न नसकिने चाहिँ होइन । यहाँका धेरै वंशावलीकारले राजा विक्रमादित्य, राजा धर्मागत आदिको उल्लेख गरेका छन् । किन्तु यस सम्बन्धी प्रमाण छैन, मूर्ति छोपी नयाँ मूर्ति बनाएको कुरा भ्रमवश लेखिएको होला । खाल्डामा रहेको मूर्ति, मन्दिरको अभाव भएको बेला ढुङ्गाले छोपेर राखेको पनि हुन सक्छ ।

प्रायशः नेपालका प्राचीन पीठहरू नकुँदिएका शिला श्रीखण्डको स्थापना गरी भावनात्मक रूपमा पूजिँदै आएका छन्। भद्रकाली, मैतीदेवी आदिको यस्तै रूप आफैँ देख्न सकिन्छ। पुरानो देवीपीठको साधारण रूप छोपी कुँदिएको मूर्ति पछि स्थापना गरिएको पनि हुन सक्छ। जे होस्, यो मूर्ति प्राचीन हो र मूर्ति लिच्छविकालिक हो भन्ने कुरा शङ्का छैन।

मन्दिरको स्थापत्य :

लिच्छविकालका मन्दिरको अवशेष वा प्रामाणिक लेख यस बारेमा प्रायः अप्राप्य छन्। तथापि मन्दिर निर्माण गर्दा यथासम्भव पुरानै ढाँचामा बनाउने पुरानो धार्मिक परम्परा हो। स्वर्णमन्दिर छाना, स्वर्णगजूर राखेर घर तथा मन्दिरको निर्माण गर्ने परम्परा लिच्छविहरूले नै यहाँ ल्याएको मान्नुपर्छ। यो छाना, गजूर राखेर बनाउने वास्तुकला वेदकालिक हो, जो मण्डपशैलीको रूपमा विकसित हुँदै अयो। बौद्धसाहित्यमा वैशाली नगरको वर्णनमा यस्तै छाना, गजूर भएको भव्य महलले सिँगारिएको वंशावलीको वर्णन पाइन्छ। आफ्नो सहर, वास्तुकला, संस्कृतिको मोह बिर्सन सकिने कुरा हुँदैन। यसैले वैशाली वा विशालाको सम्झनामा यहाँ विशाल नगर, विशाला नदीको नामकरण हुन्छ भने वास्तुशिल्पले मुख्य स्थान नपाउने कुरै हुँदैन। अतः मण्डपशैलीका मन्दिर, महल बनाउने काम लिच्छविहरूबाटै सुरु भयो र त्यही परम्पराको शैलीलाई पछि-पछिका राजा, शिल्पकारहरूले पनि अपनाउँदै गए। उत्तर-भारतमा पनि चलेको यो वास्तुशैली वहाँ हराए पनि यहाँ विकसित हुँदै गएर आज नेपालको पेवा शैली बनेको छ, र यहीँबाट अन्य एसियाली मुलुकमा केही परिर्वतनका साथ प्रयोगमा आएका छन्।

नक्साल भगवतीको मन्दिर कतिपल्ट बिग्रियो र बन्यो त्यो त थाहा छैन। तर वर्तमानको मन्दिरको रूपमा चाहिँ टक्सारी भीम भन्ने व्यक्तिले दिएका हुन् भन्ने कुरा परिशिष्टमा रहेको अभिलेखबाट थाहा पाइन्छ।

टक्सारी भीम (टक्सारका हाकिम) जो-कुनै बेला मुलुकी देवान पनि भएर काम गर्थे, यसै क्षेत्रमा बस्तथे र यी भगवतीलाई इष्टदेवीको रूपमा मान्दथे। उनले १८३२ वि.सं. मा यो मन्दिर बनाएर प्रतिष्ठा गरे। अभिलेखमा इष्ट विरचित भन्ने वाक्य परेकोले त्यसभन्दा अगाडिको मन्दिरको ईंटा गाह्रो रहेनछ भन्ने थाहा हुन्छ र "जीर्णोघृतं" भन्ने शब्दले पुरानो मन्दिर थियो भन्ने पनि थाहा हुन्छ। अतः छाना भएकोले काठद्वारा निर्मित मन्दिर थियो होला र त्यसलाई तोडी ईंटको गाह्रो लगाएर तीन तले छाना भएको मन्दिर बनाएको कुरा थाहा हुन्छ।

९० सालको भूकम्पपछि बिग्रेको , १९९५ सालमा श्री ३ जुद्धले बनाए र त्यसपछि श्री ५ महेन्द्रको पालामा मर्मत गरियो त्यसपछि गुठी संस्थानबाट मर्मत र रङ्गरोगन को काम भएको छ।

मन्दिरको स्वरूपको विवरण :

१) मन्दिरको १७ फुट ९ इन्चको लम्बाइ, १७ फुट ३ इन्च चौडाइ छ भने तल्लो तलाको उचाइ ९ फूट छ।

२) वरिपरि पेटीको चौडाइ ४ फूट।

३) सुनको मोलम्बा लगाएको गजूर र धातुनिर्मित ३ तले छाना भएको मण्डपशैलीको दक्षिण मोहडामा प्रवेशद्वार भएको, तीनतिर ईंटको गाह्रो भएको मन्दिर। चतुर्वर्गाकार तथा वास्तुशास्त्रीय पद्धतिद्वारा निर्मित छ।

४) विग्रह (मूर्ति) २"/२" फूटको मजबूत पाषाणखण्डमा कुँदिएको बाहिरबाट १६ हात मात्र देखिने भए तापनि मूर्तिको निर्माण शास्त्रीय, जसलाई महालक्ष्मी तथा उग्रचण्डी पनि भनिन्छ, को मूर्ति हो भन्ने स्पष्ट थाहा हुन्छ। नक्साल भन्ने टोलमा यो मन्दिर भएकोले नक्साल भगवती नाम नै आजभोलि प्रसिद्ध छ।

साँस्कृतिक पर्वहरू :

अष्टमी र चतुर्दशी देवीका पर्वदिनमा गनिन्छन्। चैत्रकृष्ण चतुर्दशी (प्रेत-चतुर्दशी) का दिन काठमाडौं उपत्यकाका सबै शक्तिपीठहरूमा विशेष पूजा हुन्छ र केही मन्दिरको खटयात्रा पनि हुन्छ। नक्साल भगवतीमा पनि यो साँस्कृतिक पर्व मनाइन्छ। दशैं (नवरात्र) आश्विन र चैत्रशुक्ल दुवै भगवतीको आराधना गरिने पर्वहरू हुन् र यहाँका मन्दिरमा विशेष पूजा-पर्व सम्पादन गरिन्छन्। भक्तहरूले पनि यसबेला विशेष पाठ-पूजा, वलिदान गर्दछन्, राष्ट्रबाट पनि यी पर्वलाई विशेष पूजा, बलिदानको व्यवस्था गरिन्छ।

१८४२ सालमा टक्सारी भीमले एउटा धर्मशाला पनि त्यस ठाउँमा बनाएर देवी प्रीतये गरेका छन्। मखन टोल भेलाछि बस्ने टक्सारी मुलुकी देवान भीम खवासले धर्मशाला बनाएर वैशाख शुक्ल एकादशीका दिन प्रतिष्ठा गरी समर्पण गरेको कुरा अभिलेखमा परेको छ।

नेपालमा शाक्त-सम्प्रदायको ऐतिहासिक महत्ता बुझाउने प्राचीन मूर्तिहरूमा पलाञ्चोक भगवतीको विग्रहपछि, नक्सालकी महिषमर्दिनीको दोस्रो स्थान र त्यसपछि शोभा भगवतीको पौराणिक उपाख्यानले गुह्येश्वरी पीठ आद्य-पीठ भए पनि, विग्रहरहित भएको र वर्तमान अवस्थाको मन्दिर-स्थापत्य मल्लकालीन भएकोले, मूर्तिरूपमा शास्त्रीय विधाले रूपाङ्कन भएको मूर्ति उपत्यकाभित्र चाहिँ यही पहिलो देखिएको छ। यद्यपि काठमाडौं विशाल बजारभित्र दक्षिणपूर्वमा रहेको श्रीमहालक्ष्मीको मूर्ति पनि शास्त्रीय विधानकै छ तर पनि त्यति प्राचीन भने मानिदैन।

सन्दर्भ-स्रोतहरू :

परिशिष्ट नं. १

श्रीमहिषमर्दिन्यै नमः ॥

१) संयातेग्रहरामवारणविद्यौ श्रीविक्रमाद्वे गुरौ ज्येष्ठ मासिव-
२) लक्ष्यपइक (ग) ते यामे तिथौ त्वाष्ट्रभे ॥ श्रीमच्छीरण बाहादुराख्य नृपतेःसा
३) न्मुद्रिकोत्पादकः स्वेष्टेशी परितुष्टये समकरोद् देवालयोद्यापनं ॥१॥
४) श्रीमद्राजेन्द्र लक्ष्मी चरण परिचरो राज भारा समर्थो भीमो कारयदंविका -
५) सदनकं रम्यञ्च जीर्णोधृतं ॥ देव ब्राह्मण पूजनं च हुत भूक्संस्थापनंचाद्धरं
६) कृत्वा सम्यगुदीरितं बहुविधं दत्वा शुभां दक्षिणं (२) ओं अद्य ब्रह्मणो।
७) द्वितीय परार्धे श्वेतवराहकल्पे वैवस्वत मन्वन्तरे, अष्टा विंशतितमे कलि-

८) युगस्य प्रथमपादे जंवुद्वीपे भारतवर्षे आर्यावर्त देशे हिमवद्दक्षिण पार्श्वे नेपा
९) ल देशे श्री श्री पशुपति सन्निधाने वासुकी क्षेत्रे वाग्मत्या: पश्चिम कुले विष्णुम-
१०) त्या पूर्व्वकूले कांतिपुर महानगरे इहैव पुण्य भूमौ ज्येष्ठ मासे शुक्लपक्षे दशम्यां ति-
११) थौ चित्रा नक्षत्रे परिभर्यगे यथाकरण महर्तेके मुहुर्ते राशिगते सवितरि
१२) कन्या राशी गते चन्द्रमसि धनु राशी गते देवगरौ अन्येषु ग्रहेषु यथा स्थान -
१३) .. स्थितेषु सत्सु काश्यप गोत्रेण भीम वर्मणा श्री श्री श्री श्वेष्टदेवता प्रीति पू-
१४) र्व्वक शास्त्रोक्त फल प्राप्ति कामनया श्री श्री श्री महिषमर्दिनी भग-
१५) वतीदेव्या इष्टकादि रचित देवालयं निर्माया अस्मिन्दिने प्रतिष्ठापितं ॥ ॥
१६) अथदेश भाषा ॥। स्वस्ति श्री ५ रणवहादुर जंगदेव महाराजा-
१७) धिराजका राज्योद्योत हुँदा महा भीम टक्सारिले नंसारै गाउँका श्री श्री श्री भगवती देवीका देवल जीर्णोद्धार गरी देवालय बनाईकन प्रतिष्ठा गऱ्या ॥ विक्रम संवत् १८३९
१८) ज्येष्ठ शुद्धि दशहरा १० दिन बृहस्पतिवारका शुभम् ॥ यो देवल बना-
१९) उदा महा चिताइ गर्न्या श्री प्रेम गिरी, गुसाँई श्री नेपाल संवत् ९०२ शुभम् ।

(पूर्णिमा तथा शाहकालीन अभिलेखमा प्रकाशित)

१) स्वस्ति अद्य ब्रहमणे द्वितीय प्रहरार्धे स्वेत बराह कल्पे वैवस्वत-
२) मन्वन्तरे अष्टाविंशति तमे चतुर्युगस्य करे प्रथम पादी जम्बुद्वीपे भ-
३) रतखंदे भारतवर्षे आर्य्यावर्तदेशे हिमवत् दक्षिण पादे नेपाल मं
४) डले श्री ३ पशुपति सन्निधाने वाग्मत्या पश्चिम कुले विष्णुमत्या ।
५) पूर्व कुले श्री मत्कान्तिपुर नगरे श्री गांगुलङ्के श्रीयं-
६) बुजमलेश्वर भट्टारक स्थाने एहैव पुण्य भूमौ वैसाष-
७) सुदि ११ बृहस्पतिवार एतास्मिन् दिने मखन टोल भेलाछि
८) को श्री मुलुक देवान भीमष्वासले स्वहस्तेन स्वविद्य
९) मानेन स्ववांचा प्रति पन्न भुक्तेन पूर्वक यथा शास्त्रोक्त फ-
१०) ल प्राप्ति कामनया आस्मिन्धर्मसरा मन्दिरं कृत्वा
११) ... प्रीति संप्रदतं॥ अतष्पर देश भाषा यो दत्त कसै-
१२) ले नासुनु छैन नासिदिया पंच महापातक लागछ, वे
१३) स गरि दत्त वनयादेषि आयुरारोग्यमैश्वर्य जन-
१४) धन संतान बृद्धि होला ॥ दत्त बनाउँदा चिंताकारी
१५) असन टोल नासल ननिको धन दन्त नेवार ॥
१६) सम्वत् १८४२ साल वैशाख सुदि ११ रोज ।
१७) ५ प्रतिस्था दिंन, शुभम् ।
(यो पनि प्रकाशित भएको छ)

नक्साल भगवतीको मन्दिर बनाई १८३९ सालमा प्रतिष्ठा गरेपछि १८४२ सालमा मन्दिर अगाडि धर्मशाला बनाई देवी प्रीतये गरी यो अभिलेख राख्न लगाए । यिनी धेरै कालसम्म टक्सारको हाकिम रहे । देशको आम्दामी- खर्च बुझ्ने र फारक दिने अड्डाका हाकिमलाई मुलुकी देवान भन्ने चलन थियो । यो अभिलेख राख्दा उनीले त्यो पदको काम पनि पाएको देखिन्छ ।

श्वेतकाली
(नरदेवी, काठमाडौँ)

ऐतिहासिक पक्ष

नरदेवी नामले प्रसिद्ध मन्दिर काठमाडौं मूलमण्डपको उत्तर दिशामा अवस्थित छ। वर्तमान कालमा यस क्षेत्रको नाउँ नै नरदेवी भएको छ। नरदेवी नामकी देवीको वास्तविक नाम श्वेतकाली भनिन्छ र यिनको स्थापनाका विषयमा जान्ने प्रामाणिक अभिलेखहरू प्राप्त छैनन्। नेपालमा प्रचलित केही वंशावलीहरूले राजा गुणकामदेवले स्थापना गरेका हुन् भनेका छन्।

नेपाल उपत्यकाभित्र तान्त्रिक विधि-विधान र शक्तिको विशेष उपासना क्रम सुरु भएको आठौं शतीपछि नै भन्नुपर्ने स्थिति छ। लिच्छविराजा मानदेव प्रथमका समयमा स्थापना भएको देवीपीठ पलाञ्चोककी विजयेश्वरी भगवती हुन् भन्ने कुरा प्राचीन अभिलेख अध्ययन गर्दा थाहा हुन्छ। लिच्छविकालिक शिलालेख अध्ययन गर्दा अधिकांश शिव र विष्णुकै मान्यता रहेको पाइन्छ।

वैदिक कालमा नै लक्ष्मी, कुमारी आदि शक्तिहरूको परिचर्चा भए पनि देवी-पीठहरूको अत्यधिक मान्यता र विभिन्न लक्षणका मूर्तिहरू निर्माण गरी स्थापना गर्ने चलन भने गुप्तकाल (तेस्रो शती) देखि नै प्रशस्त चलेको पाइन्छ। प्राचीन ग्रन्थ मानिएको मत्स्यपुराणमा मूर्तिकलाको विवरण पाइनु, मार्कण्डेयपुराणको देवीमहात्म्य 'चण्डी' ले देवीको व्यापक र परमतत्त्वरूपमा व्याख्या गर्नुले के थाहा हुन्छ भने ईशाको सुरुभन्दा अगाडि नै शक्तिहरूको विशेष मान्यता रहेको थियो।

पौराणिक कथामा विशेष महत्त्व बखान गरिएका देवीहरूको तान्त्रिक साधना गर्नेहरूले सौम्यभन्दा उग्र रूपको उपासना गर्ने परम्परा चलाए। तान्त्रिक साधनापक्षको उत्कर्ष भएकै बेलामा पुरानो कोलिग्राम नाउँले प्रसिद्ध रहेको वर्तमान काठमाडौंलाई राजधानीको रूप दिन वास्तुशास्त्रअनुकूल खड्गबन्ध वास्तुचक्रको चिन्तन गरी दक्षिण र उत्तर कोलिग्रामको बीचमा रहेको खाली ठाउँमा राजाले दरबार बनाए। यस कुराको ठोस अभिलेख तथा प्रमाण प्राप्त नभए तापनि नेपालको प्राचीन वंशावलीको कथन र वर्तमान हनुमानढोका भनिने राजदरबारको प्राचीन नाउँ गुन-पो (गुणकामदेवको दरबार) हुनुले पनि यो निष्कर्षमा पुऱ्याउँछ।

राजा गुणकामदेव प्रथमको अस्तित्व नेपाल सम्वत्को पहिलो शती अर्थात् ई. १००० को लगभग प्रमाणित भइसकेको छ। उनै राजाले काठमाडौं (कान्तिपुर) सहर विस्तार गरी

राजधानी बनाउँदा देशरक्षा निम्ति सहरका चारै दिशामा रक्षक देवीदेवताको स्थापना गर्दा उत्तरपट्टि सहरछेउ श्वेतकालीको रूपमा देवी-पीठ स्थापना गरे । यो बेलातिर शाक्त-तन्त्रको प्रशस्त विकास भइसकेको थियो र पीठहरू पनि स्थापना भइसकेका थिए ।

उपर्युक्त विषयको उल्लेख देवमाला वंशावली भन्ने पुस्तकमा पनि यसरी उल्लेख गरिएको छ :-

"सूर्यवंशी राजा गुणकामदेवलाई श्री महालक्ष्मीबाट स्वप्नमा वाणी भएबमोजिम कलिगत ३८२५ मा कान्तिपुर सहर बनाइसकेपछि देशरक्षाखातिर यी श्वेतकाली तन्त्रोक्त विधिले स्थापना गरिदिएका हुन् । पछि राजा अमर मल्लले बाह्र वर्षमा एकपटक नचाउने गरी सबै सहरमा वर्ष-वर्षमा श्री श्वेतकालीको स्थान दक्षिण डबलीमा प्रेत-चतुर्दशीका दिन नचाउने गरी नृत्यलीला बनाइदिएकोमा अद्यापि चलेकै छ । १९९० साल माघ वदी ३० रोज २ का दिन ठूलो भूकम्प हुँदा ईश्वरीको देवल केही भएन, अरू घरहरू भत्की बिग्रेको मात्र थियो । पछि १९९५ सालमा श्री ३ जुद्धशमशेरबाट बनाइदिए ।" [१]

उपर्युक्त वंशावली १९९० सालपछि लेखिएको देखिए तापनि प्राचीन वंशावलीका कथन, अनुश्रुति र केही पौराणिक कथाको सम्मिश्रण गरी परिवर्तित रूपमा तयार गरिएको रहेछ भन्ने कुरा थाहा हुन्छ । यसमा उल्लिखित पछिल्ला कालका कुराहरू निश्चित प्रमाण हुन् भन्न बाधा छैन भने प्राचीन कथन पनि सत्यको नजिक छ । अरू ठोस प्रमाण नपाएसम्म यसैलाई प्रमाण मान्नु परेको छ ।

सांस्कृतिक पक्ष

श्वतेकालीको रूपमा प्रसिद्ध यो पीठको प्रचलित नाउँ 'नरदेवी' हो । सायद मानिसहरूको बलि दिने परम्परा प्राचीनकालदेखि मध्यकालसम्म चल्दै आएकोले र सहरको नजीक पर्ने यो पीठमा नरबलि दिएको सबै जनताले थाहा पाउन सक्ने हुनाले 'नरदेवी' भन्ने नाउँ प्रसिद्ध भएको हुन सक्छ । देवीहरू प्रायशः नदीकिनारा, वनजङ्गल, पहाडको एकान्त ठाउँ अथवा श्मशानघाटनजिक स्थापना गर्ने परम्परा छ ।[२] भूतप्रेत, पिशाच र योगिनीगण साथमा लिएर एकान्त स्थलमा रात्रिमा देवीहरू क्रीडा गर्दछन् भन्ने लोकधारणा रहेको छ र तान्त्रिक साधकहरू पनि यस्तै एकान्त पीठमा बसी उग्र-साधना गर्दथे । गुणकामदेवले यो पीठ स्थापना गर्दा बस्तीको अन्त्यमा नै स्थापना गरेको हुँदा हुन् र बस्तीबाहिरका खाली चउरमा श्मशान बनाएर शवदाह गर्ने उपत्यकाका केही जातिमा अद्यावधि नै चलन छ । पचलीभैरव नजिकको चउर र मैतीदेवीको उत्तरपट्टिको चउर, पाटनको सहर बाहिर शङ्खमूलभन्दा पश्चिमको चउर यस्ता श्मशानका उदाहरण हुन् । श्मशानवासी भूतप्रेत, शाकिनी-डाकिनी, बेतालहरू भगवतीका सहचारी गण मानिन्छन् ।

सहरको उत्तर दिशामा स्थापना गरिएको पीठ नदीको सन्निकट हुन नसके पनि श्मशाननजिक थियो भन्ने कुरामा शङ्का गर्ने ठाउँ छैन । उच्च भूमि भएकोले नरदेवीभन्दा उत्तरपट्टि बस्तीहरू बढ्दै गएर श्मशानस्थल पनि मासियो तथा दक्षिणको बस्ती बढ्दै गएर सहरको बीच भागमा नै आज उक्त मन्दिरको अवस्थिति हुन पुगेको छ । देवी-पीठ र शैव-पीठ सहरबाहिर नै हुन्छन् । वन, पर्वत, नदीकिनार, झील, सरोवरनजिक एकान्त ठाउँमा देवताको स्थापना गरिन्छ । यो शास्त्रोक्त परम्परा नै हो ।

पूजा-पर्व

प्रायशः देवीपीठहरूमा पूजा दैनिक नै गरिन्छ। शुद्ध, पवित्र भएर परम्परागत तान्त्रिक विधिले पूजा हुन्छ। अन्य देवीपीठका जस्तै- बडादसैं पर्व, अष्टमी, चतुर्दशीका दिन विशेष पर्वहरू हुन्छन्। प्रेत-चतुर्दशी (घोडेजात्राको अघिल्लो दिन) मा उपत्यकाभित्रका सबै देवीपीठहरूमा विशेष पर्वको रूपमा पूजाआजा र बलिदान हुन्छ। श्वेतकालिकाको नृत्यमहोत्सव यसै दिन सुरु हुने हुनाले नृत्यसम्बन्धी विशेष पूजा-पुकारा लगायत तान्त्रिक अनुष्ठान यस चतुर्दशीभन्दा अगाडिदेखि नै सुरु हुन्छ। नृत्यपरिचालन गर्ने गणहरूले श्वेतकालीको आगमघरमा तान्त्रिक विधि-विधान सम्पादन गर्दछन्। तान्त्रिक विधिले देवी जगाई आवेश गरी नृत्य गरिने हुनाले यो विद्या उग्र मानिन्छ। श्रद्धाले सिद्धि र उपेक्षाले मरण पनि हुन सक्छ सायद नृत्य सुरु गर्दा नरबलि दिइन्थ्यो। लोकोक्ति यस्तै छ।[३]

नृत्य

मध्यकालीन नेपालमा तान्त्रिक साधनाको निकै नै महत्त्व थियो। साथै धार्मिक दृष्टिले महत्त्वपूर्ण सामाजिक जीवनमा भोजभतेरमा साथै नाचबाट मनोरञ्जन पनि हुने हुँदा यसको विशेष स्थान रहेको देखिन्छ। देवीका मन्त्रद्वारा दीक्षित भएका तान्त्रिक विधि-विधानका ज्ञाता व्यक्तिहरूलाई देवीका विभिन्न मुद्रा प्रदर्शन हुने नृत्यकला सिकाई विभिन्न ठाउँमा लगी नृत्य प्रस्तुत गर्ने परम्परा चल्यो। गणेश, भैरव र अष्टमातृकासहितकी दुर्गाभवानीसहित नवदुर्गाका रूपमा आवाहन गरी नाच्ने परम्परा छ। यी नृत्य गर्ने व्यक्तिलाई गण भनिन्छ। प्रायशः यस्तो बाह्रवर्षे नृत्यका बेलामा शास्त्रीय परम्परामा आधारित विभिन्न धुनमा वाद्यवादन गर्नुपर्ने हुनाले वाद्यवादनका लागि पनि नृत्यमुद्राको अनुकूल धुन निस्कने गरी तान्त्रिकाचार्यहरूले नै तालिम दिनपर्छ। यो परम्परा चल्दैछ।

बौद्ध तान्त्रिक प्ररम्परामा मुद्रा प्रदर्शन र मुद्रा जागरण गर्ने वाद्यवादनको विशेष महत्त्व रहेको छ। यो परम्परालाई केही विशिष्ट तान्त्रिकाचार्यहरूले आजसम्म चलाउँदै ल्याएका छन् र तालिम दिँदैछन्।[४]

शैवतान्त्रिक परम्परामा भने तान्त्रिक साधकहरूको अभाव हुँदै गएको छ। बाबुको उत्तराधिकारी छोरो हुने हुँदा उनीहरूबाटै परम्परागत दीक्षित गर्ने व्यवस्था छ। नर्तकगणका साथै बाजा बजाउने, गणदेवताको पोसाक, मुकुन्डो र अन्य सामान बोक्ने सहायकसमेत गर्दा कहीं-कहीं यो सङ्ख्या ३३ सम्म पुगेको पनि पाइन्छ। श्वेतकालीका गणहरूको सङ्ख्या २१ छ।

वंशावलीहरूको कथनअनुसार काठमाडौंका अधिकांश जात्रा र नृत्य-महोत्सव चलाउने राजा अमर मल्ल हुन्। राजा रत्न मल्लले भक्तपुरबाट फुटेर काठमाडौं राजधानी बनाएपछि राज्य-व्यवस्था बाँध्दै उनको समय गयो। उनका पुत्र सूर्य मल्लको शासन पनि छोटै रह्यो। उनका छोरा अमर मल्ल, जसको अर्को नाउँ नरेन्द्र मल्ल पनि हो, उनले नै धेरै जात्रा पर्वहरू चलाए र श्वेतकाली नृत्य त्यसमध्ये एक हो भनिन्छ।[५]

देवी-पीठहरूको विशेष महत्वका साथै १२ वर्षसम्म ठाउँ-ठाउँ घुमी-घुमी नृत्य गर्ने परम्परा धेरै ठाउँमा पाइन्छ। हरसिद्धि (पाटन), ठेचोको नवदुर्गानृत्य (पाटन), श्वेतकाली (नरदेवी, काठमाडौं), महालक्ष्मीनृत्य बोडे (भक्तपुर), नवदुर्गानृत्य (भक्तपुर) आदि प्रसिद्ध नृत्यहरू पर्दछन्। देवीगणहरूको यो नृत्य-साधनामा विशेष विधिसँग नासः

द्यानाथै (नृत्य शिव) को पूजा गरिन्छ। शास्त्रीय परम्परामा १०८ नृत्यविधाका प्रर्वतक नाट्येश्वर शिव हुन्। नाट्येश्वरको उपासनाबेगर नाट्यसिद्धि नहुने हुनाले कसैको मन्दिरमा नै र कसैको आगमघरमा नाट्येश्वर शिवको स्थापना र पूजा हुन्छ। शिव र देवीहरूको अन्योन्याश्रय सम्बन्ध पनि छ।

नर्तक गणले लगाउने गणेश, भैरव, काली, दुर्गा आदि देवीदेवताको शास्त्रमा वर्णन गरिएअनुसारको रूपाङ्कन हुने मुकुन्डो बनाई त्यसमा रङ्गरोगन गरी तान्त्रिक विधिद्वारा त्यस मुकुन्डोरूप मूर्तिमा तत्तत् देवताको आवाहन र जीवन्यास गरी जगाई, पूजाबलिदान गरी तोकिएका गणले पहिरन्छन्। परम्परागत जुन व्यक्ति जुन देवताको प्रतिनिधि भएर नृत्य गर्छ, त्यसबाहेक अरूले त्यो देवताको प्रतिरूप मुकुन्डो लगाउँदैन। आगो, पानीको चोटपटक नलागेको, घाउचोट नभएको, अङ्गहीन नभएको, बाबुको जेठो छोरो नै उत्तराधिकारी हुन्छ। जेठोमा उपर्युक्त दोष छन् भने मात्र माहिँलो, साहिँलो छोराले उत्तराधिकार पाउँछन्। यी गण हुने व्यक्तिले दीक्षा लिएर गणमा सामेल भएपछि कपाल काट्न नहुने, निषेध गरिएको वस्तु खान, लाउन नहुने पनि परम्परा छ। यसैले च्याबु, गठे, नरदेवीका गणले कपाल पाल्छन्, परम्परागत जामा लगाउँछन् र निष्ठामा बस्छन्।

मन्दिर तथा देवताहरू

१) मन्दिर नेपाली परम्पराको मण्डपशैलीमा निर्माण गरिएको छ। चारपाटे साइजमा लम्बाइ २६ फिट र चौडाई २६ फिट छ भने तल्लो तल्लाको उचाइ ८ फिट छ। पूर्व र दक्षिण ईंटको गारो छ, बाहिरी भित्तामा पित्तलको पाताले ढाकिएको छ।

२) मन्दिरको जगवरिपरि पेटी छ। यसको चौडाई २ फिट छ। छत्रसहितको सुनको मोलम्वा लागेको एउटा गजुर छ। तीनतल्ले छाना भएको यस मन्दिरमा सुनको मोलम्वा भएका छाना छन्। टुँडालहरूमा तान्त्रिक देवीदेवताहरूको मूर्ति कुँदिएका छन्। अष्टमातृकाका प्रतिमूर्तिहरू शास्त्रीय परम्पराअनुसार टुँडालहरूमा अङ्कित छन्। मन्दिरभित्र९-९ इञ्चका चाँदीका तीन मूर्ति छन्। बीचमा श्वेतकाली, दायाँ इन्द्रायणी र बायाँ वाराहीको मूर्ति स्थापित छ। सहर बृद्धि हुँदै गएर साँगुरो ठाउँमा बनेको देखिने यो मन्दिर कलात्मक भव्यताले भने युक्त छ। यो मन्दिर पहिले कसले बनायो र कहिले-कहिले मर्मत-सम्भार हुँदै आयो भन्ने कुरा खोजीकै विषय छ। वर्तमान मन्दिरको रूपचाहिँ तुलाराम पाँडेका छोरा भोटु पाँडेले दिएका थिए।

सम्वत १८४९ को चीनसँग भएको युद्धमा कपर्दार (खजाञ्ची, अर्थमन्त्री, कोषपाल) भोटु पाँडे पनि गएका थिए र केही समय चिनियाँ सेनाका वन्दी पनि बने। पछि सन्धि भएकाले छुटेर आए। बन्दी जीवनमा नरदेवी (लोकभाषामा ङठ देवी) (नृत्यदेवी) लाई भाकल गरेका रहेछन् र पछि आएर चाँदीका भाँडावर्तन चढाए, ध्वजापातका चढाएर गुठी राखे। भोटु पाँडे दरवारका कपर्दार (महाकोषाध्यक्ष) थिए। हीरा, मोती, जुवाहरात, सुन-चाँदीका भाँडावर्तनहरू कपर्दारको जिम्मा हुन्थ्यो र अन्य दरबारसम्बन्धी तैनाथी काम पनि उनको जिम्मा पर्दथ्यो। युद्ध लड्न पनि जान्थे।

उनी धार्मिक र सामाजिक काममा रुचि राख्ने व्यक्ति थिए र धेरै त्यस्ता कीर्तिशाली काम पनि गरेका थिए।

उनले झिँगटीका दुई छाना भएकी मन्दिर जीर्णोद्धार गरी तीन छाना गरी सुवर्णको मोलम्वावाला छानासमेत १८५५ साल फागुन चतुर्दशीका दिन तयार गरी गुठी राखेका थिए। उनको घर पनि यही टोलमा थियो। त्यसपछि भाँडाकुँडा चढाउने, ध्वजापताका राख्ने, १२ वर्षे जात्रा चलाउन केही खेत गुठी राख्ने काम १८४९ साल कार्तिक शुक्ल पूर्णिमाको दिन गरी एउटा शिलापत्र राखेका थिए।

भोटु पाँडेद्वारा जीर्णोद्धार गर्दा निर्मित मन्दिरको मर्मत-सम्भार सरकारबाट हुँदै आयो। १९९० सालको भूकम्पद्वारा भएको क्षति श्री ३ जुद्धवाट मर्मत भयो भने हाल २०४३ सालको मर्मत-सम्भार रङ्गरोगन गर्ने काम गुठी संस्थानबाट भएको छ।

सन्दर्भ स्रोतहरू :-

१. देवमाला वंशावली सं. योगी नरहरिनाथ, प्र. योगी देवीनाथ, पृ. ६३
२. वाराही बृहत्संहिता, आचार्य वराहमिहिर, अ. पृ.३
३. मेरुतन्त्र, अध्याय १०, श्लोक ४०९।
४. नेपालका बाह्रवर्षे जात्राहरू, कुलचन्द्र कोइराला (अप्रकाशित)।
५. वंशावलीहरू

✡

भद्रकाली
(लुमडीस्थान, काठमाडौँ)

वर्तमान काठमाडौं सहरको प्राचीन स्थिति एउटा गाउँका रूपमा थियो। यहाँ ई. पूर्वकै वर्षहरूमा भारतको मगध र कोशल साम्राज्यको चपेटामा परेर भागेका कोलिय जातिहरू यी उपत्यकामा पसेर वर्तमान काठमाडौं सहरको क्षेत्रमा आवाद भए। यो जाति पश्चिमी नेपालको क्षेत्रमा एउटा सानो गणराज्यका रूपमा आवाद थियो। छिमेकी शाक्य, मल्ल, मोरिय आदि गणराज्यसँग यो पनि ध्वस्त भएकाले यहाँ पसेको अनुमान हुन्छ। ने. सं. १०० तिर कोलियहरूको वस्ती वढेर उत्तर र दक्षिण कोलिग्रामका रूपमा विभाजित थियो। वीचको केही भाग खाली भएको ठाउँमा राजा गुणकामदेवले राजदरवार वनाए।

वंशावलीहरूको कथनअनुसार स्वप्नमा महालक्ष्मीको दर्शन पाई आज्ञावमोजिम यो उंनले कोलिग्रामलाई नै वढाई खड्गाकार रूपमा कान्तिपुर नाम राखी नगर विस्तार गरे।

घर, गाउँ, सहर वनाउँदा प्राचीनपरम्परा अनुसार पद्मवन्ध, खड्गवन्ध, सर्वतोभद्र, त्रिभुज आदि आकार कल्पना गरी त्यसभित्र वास्तुपुरुषको, मानव स्वरूपको परिकल्पना गरिन्थ्यो र वास्तुपुरुषका कुन अङ्ग छोड्ने, कुन अङ्गमा आवास वनाउने, कुन जातिलाई कहाँ वसाउने भन्ने कुराका साथै गृहदेवता, देवकुल, देशरक्षकदेवता नित्य दर्शन-पूजन गर्ने देवता आदिको पनि स्थान निश्चित हुँन्थ्यो।

नवौं र दसौं शतीतिर शैव तथा वौद्ध परम्पराभित्र जोडतोड तान्त्रिक देवीदेवताको मान्यता, पूजा-उपासना चलेकाले शक्तिको प्रतीक खड्गाकार रूपमा कान्तिपुर सहरको विकास गर्न गुणकामदेवलाई प्रेरणा मिलेको थाहा पाइन्छ।

सहरको मङ्गलमय कामना गर्ने धार्मिक राजाले चारै दिशामा पीठ-देवता स्थापना गर्नु आवश्यक थियो। यसै सिलसिलामा सहरभन्दा पूर्व दिशामा भद्रकालीपीठ जगाई पूजा-मान्यता गरेको थाहा हुन्छ।

सहरको वाहिर पारेर रक्षादेवका रूपमा स्थापना गरिने देवीपीठ वस्तीभन्दा आज पनि यत्ति टाढा देखिने गरी किन स्थापना गरे भन्ने शङ्का हुन सक्छ। परन्तु उग्ररूप शक्तिदेवताहरू, वनजङ्गल, एकान्त नदी, किनार, श्मशानघाट वा एकान्त पर्वत शिखर नै मन पराउँथे। वर्तमान भद्रकालीनजिक त्यसवेला टुकुचा (इक्षुमती) वगदथिन् र यो क्षेत्र केही जङ्गल भएको एकान्त र श्मशानघाट थियो भने पछि चन्द्रशमशेरको पालासम्म त्यो स्थिति रहेको पनि कल्पना गर्न सकिन्छ।

राजा गुणकामदेवको समयमा मूर्तिकलाको व्यापक प्रचार थियो। उनले नै यो पीठ स्थापना गरेका भए यहाँ कलात्मक मूर्ति नै हामी देख्न पाउँथ्यौं। किन्तु यहाँ कुँदिएका मूर्ति नभए प्राकृतिक शिलाकै मान्यता रहेकोले श्मशानघाट नदी-तीरमा पहिलेदेखि नै देवीको आराधना हुँदै आएको रहेछ र राजा गुणकामदेवले यो पीठलाई जगाई भद्रकालीका रूपमा पूजा र मान्यता गरेछन् भन्ने थाहा हुन्छ।

यस पीठका वारेमा वंशावलीमा लेखिएको छ - "सूर्यवंशी राजा श्री गुणकामदेवलाई श्रीमहालक्ष्मीवाट स्वप्नविषे वाणी भएबमोजिम कलिगत ३८५५ मा कान्तिपुर बनाइसकेपछि देशरक्षा खातिर नीलपीठवाट आवाहन गरी ... श्री भद्रकाली पीठदेवी पूर्वतिर स्थापना गरिदिए। फेरि पछि नेपाल सम्वत् ५८० मा श्रीराजा अमर मल्लले साल बसाल प्रेत चतुर्दशीका दिन रथारोहण यात्रा देश घुमाउने रीत चलाई १२ वर्षमा एकपटक नचाउने गरी नृत्यलीलासमेत बनाइदिएका अद्यापि चलेकै छ।" (दे.मा. वंशावली पृ. ४० योगी नरहरिद्वारा सम्पादित)

उपर्युक्त वंशावलीको कथनवाट भद्रकालीनाच, वाह्रवर्षे पर्व तथा जात्राको परम्पराका वारेमा यथेष्ट कुरा थाहा पाइन्छ।

वर्तमान भद्रकाली पीठमा पछिल्तिर (पूर्वतिर) कुँदिएको जुन कलात्मक मूर्ति देखिन्छ त्यो एघारौं शतीको गुणकामदेवद्वारा स्थापित मूर्ति होला भनेर अनुमान गर्न सकिन्छ र पीठको प्राचीनताका वारेमा पनि यस कुराले नै झन् पुष्टि गर्दछ।

पीठको प्राचीनताले नै पीठको महत्ता थाहा हुन्छ र तान्त्रिक साधना गर्ने व्यक्ति छ भने यो पीठको विशेषताको वारेमा झन् बढी थाहा पाउन सक्तछ।

यो पीठ वर्तमान अवस्थामा केन्द्रस्थलमा परेको छ र यसको मर्मत-सम्भार वरावर भइरहेको छ। २०४२-४३ सालमा श्री ५ बाट हुकुम बक्स भएअनुसार स्थानीय विकास मन्त्रालयवाट केही मर्मत-सम्भारको काम सुरु भयो र अधुरो रहेको कार्य २०४४ सालमा हुकुम बक्स भएबमोजिम गुठी संस्थानवाट पूरा भएको छ।

✡

सङ्कटास्थान
(टेवहाल, काठमाडौँ)

भगवती सङ्कटाको मान्यता वैदिक तन्त्र-परम्परा र बौद्ध-तान्त्रिक परम्पराभित्र पनि पाइन्छ। सङ्कटादेवी राहु-ग्रहका शक्तिको रूपमा पनि प्रसिद्ध छन् जसको दशा प्रारम्भ हुँदा प्रशस्त कष्ट हुन्छ भन्ने कुरा फलित ज्योतिषका आचार्यहरूले व्याख्या गरेका छन्।

वहाल विहारको अपभ्रंश हो। टेवहालको नाउँले प्रसिद्ध यो ठाउँ वरिपरि विहार भएको, वीचको चोक भएको सहर भन्दा पूर्वको छेउ हो। सङ्कटाको मन्दिर पनि लाम्चो गृहशैली आकारमा वनेको छ र माथिल्लो तल्लामा उत्तर फर्केको सङ्कटाको विग्रह छ। माथि नै वरिपरि परिक्रमापथ र भजन-कक्षका रूपमा पूर्वपट्टि कोठा बनेको छ र सङ्कटाको मूर्ति भित्री भाग (गर्भगृह) मा अवस्थित छ।

नेपाली गृहवास्तुशैलीमा वनेको यो मन्दिरले मन्दिरभन्दा घरको रूप प्रकट गर्दछ।

यी देवीको स्थापना कहिले, कसले गरे भन्ने विषयमा वंशावली वाहेकका अन्य प्रमाण पाउन सकिएको छैन। वंशावलीमा भने राजा गुणकामदेवले कलिगत ३८२८ देशरक्षाखातिर मन्त्र जान्ने गुभाजुसँग सम्मत गरी तन्त्रोक्त मूर्ति वनाई कटुवालदहमा गई बर्हुत दुःखले कामरूप पीठवाट आवाहन कलशमा प्रवेश गराई सो कलश उदरमा राखी टेबहालमा देवालय वनाई स्थापना गरिदिए र बाह्याभ्यान्तरको पूजा चलाइदिए। यी परमेश्वरी वडो प्रत्यक्षकी छन् मानिएको छ। उपर्युक्त कथनले के थाहा पाइन्छ भने वौद्ध तान्त्रिकद्वारा कटुवालदहको निर्जन जङ्गलमा तान्त्रिक पद्धतिद्वारा कामरूप पीठाधीश्वरीको आकर्षण गरी आवेशित कलश पेटमा राखी मृण्मय मूर्ति वनाई स्थापना गरेका हुन्।

मत्स्येन्द्रको आकर्षण गर्दा पनि वन्धुदत्त आचार्यले कटुवालदहलाई नै आफ्नो साधनाक्षेत्र वनाएका थिए। कटुवालदहको कुन वस्तु वा ठाउँ यस्तो छ, जसमा तान्त्रिक सिद्धिका लागि उपयुक्त थियो, त्यो कुरा आज जान्न सकिँदैन। यद्यपि कटुवालदह र कामरूप पीठको गूढ सम्वन्ध रहेको कुरा भने थाहा पाइन्छ।

गुणकामदेवले कान्तिपुर सहर निर्माण गरेको कलिगत सम्वत् प्रामाणिक छैन। प्रामाणिक गुणकामदेव राजा प्रथम एघारौं शतीको सुरु र दोस्रा बार्‍हौं शतीमा भएका थिए। वंशावलीले आठौं शतीलाई इङ्गित गर्दछ, जो प्रामाणिक ठहर्दैन। अतः टेवहालकी सङ्कटाको आवाहन र स्थापना पनि बार्‍हौं शतीपछिको हो भन्ने देखिन्छ।

वौद्ध तान्त्रिक परम्पराले आवेशित गरिएकी देवी सङ्कटा वहाल (विहार) कै चोकमा स्थापित छन्। सङ्कटादेवीको शैव-तान्त्रिक परम्पराभित्र पनि स्तोत्र, मन्त्र, यन्त्र पाइने हुनाले र नेपाल पहिलेदेखिकै धर्म-समन्वयवादी देश हुनाले दुवै पक्षले उत्तिकै श्रद्धाभक्तिका साथ सेवा-अर्चना, वन्दना गर्दछन्। केवल पुजाहारी परम्पराका केही कुरावाट मात्र वौद्ध वा शैवपरम्पराको पृथकता वोध हुन्छ।

पञ्चकुमारी
(मैतीदेवी, काठमाडौँ)

ऐतिहासिक एवं धार्मिक पक्ष

अति प्राचीनकालमा नै देवताहरूजम्मा भएर शिवको आराधना गर्दा ज्ञानेश्वर लिङ्ग उत्पन्न भएको कथा वंशावलीमा र स्कन्दपुराण हिमवत्खण्डमा वर्णित छ।

उक्त स्वयम्भू लिङ्ग मानिने ज्ञानेश्वर महादेवसँग सम्बन्धित मयूरतीर्थ नामक पोखरी वर्तमान मैतीदेवीभन्दा उत्तरपट्टि श्मशानघाटको नजिकवाट रुद्रमती नदी वग्ने हुँदा नदीकिनाराको श्मशानभूमि नजिक शक्तिपीठका रूपमा मैतीदेवीको स्थापना भएको ज्ञात हुन्छ। वस्तीभन्दा टाढा नदीकिनार, जङ्गल र श्मशान नै शक्तिपीठहरूका निम्ति उपयोगी ठहर्दथ्यो जहाँ भूत-प्रेतगणसहित, आफ्ना योगिनी-गणसहित देवीहरू निर्वाधरूपले विचरण गर्दथे।

मयूरतीर्थलाई पहिले जेष्ठिलतीर्थ भनेको पाइन्छ। दानवहरूको विजयका लागि ज्ञानेश्वर स्वयम्भू ज्योतिर्लिङ्गमा कुमारसहित देवताहरू आई शिवको उपासना गरे। माघ कृष्ण चतुर्दशीका दिन विशालकाय ज्ञानेश्वरको लिङ्ग प्रकट भयो र देवताहरू खुसी भई धुमधामसाथ लिङ्गको पूजा गरे। लिङ्गवाट स्वयं शिव प्रकट भएर दर्शन दिँदै भने - यहाँवाट पूर्व जेष्ठिलतीर्थ कुण्ड छ, त्यहाँ स्नान गरी सङ्कल्प गर, तिमीहरूको जय होला।

शिवको आज्ञा पाएका देवताले उक्त तीर्थमा स्नान गरे। देवसेनालाई देखेर त्यहाँका मयूरहरू नाचे। त्यसपछि तीर्थको नाउँ मयूरतीर्थ भयो। यो तीर्थमा पछि एउटा ब्राह्मण लाटो छोरो साथमा लिई आएर स्नान गरे। तीर्थको प्रभावले ब्राह्मणको लाटो छोरो तुरुन्त वोल्ने भयो। यो कथा स्कन्दपुराण हिमवत्खण्डको १४८ अध्यायमा वर्णित छ।

उक्त पवित्र तीर्थको नजिक मैतीदेवीको स्थापना कहिले भयो भन्ने कुराको प्रमाण पाउन सकिएको छैन। देवीको मूर्तिको सट्टा यहाँ शुद्ध शिला मात्र स्थापना भएको देखिनाले यो पीठ मूर्तिकलाको व्यापक प्रचार हुनुभन्दा अगाडि नै स्थापना भएकोले मूर्तिनिर्माणको प्रक्रिया सुरु भए तापनि यहाँ परम्परागत मान्यताप्राप्त शिलामय रूप वदलिएनछ भन्नुपर्छ। परापूर्वमा नदीकिनार, खेत, श्मशान, जनआवादी नभएको उक्त क्षेत्र हुँदा यसको महिमा प्रचार हुन नसेके वुझिन्छ। पीठको पहिलो स्थापनाचाहिँ लिच्छविको उत्कर्षभन्दा पनि अगाडिको हुन सक्छ।

अनुश्रुति भने अनौठो छ - "पञ्चकन्याहरू आकाशमार्गवाट उडेर माइत जान हिँडेका थिए। वाखा चराउन लागेका एउटा तान्त्रिकले यी देवीलाई स्थापना गर्न पाए

देशरक्षा हुन्थ्यो भन्ठानेर मन्त्रका बलले स्तम्भन गरी यहाँ बस्न बाध्य गरे । माइत जान हिँडेका मञ्चकुमारीको नाउँ यसैकारणले माइती देवी रह्यो ।"

उक्त कुरामा कति सत्यता छ, त्यो त भन्न सकिँदैन । किन्तु तान्त्रिक परम्परामा कुनै देवीदेवतालाई आकर्षण गरी व्यक्ति, मूर्ति वा शिलामा आवेश गराउने विधि छ र आज पनि उच्च तान्त्रिकहरू यो प्रविधिको प्रयोग गर्दछन् ।

पञ्चकुमारी-पंचकुमारी भनेका कुन-कुन हुन् त्यो स्पष्ट पार्ने साधन प्राप्त छैन । अनुमानत भन्ने हो भने ब्रह्मणी, माहेश्वरी, वैष्णवी, कौमारी र वाराहीको समष्टिरूपको भावना गर्न सकिन्छ । एकोऽहं बहुस्याम" एउटैबाट धेरै हुन्छ भन्ने वेदको वचनअनुसार एउटै आदिशक्तिका विविध कार्यरूपले अनेकौं नाउँ भएको कुरा शास्त्रसम्मत छ । कुमारीको रूपकल्पना पनि वैदिक मान्यताभित्रै हो । बाला त्रिपुरासुन्दरीको पनि कुमारी, किशोरी र तरुणी रूपको भावनामा आधारित छ । देवताहरू अजर (बूढा नहुने) र अमर रहने हुनाले यौवनावस्थाभन्दा परको रूपकल्पना नै हुँदैन । इच्छाले क्षणिकरूपमा नानारूप धारण गर्ने कुराचाहिँ अर्कै हो ।

वंशावलीको कथनअनुसार पनि 'यी देवी सत्ययुगमा नै विराजमान भएकी पञ्चकुमारी हुन्, यसकारण स्थापना भएको मिति, काल कहीं उल्लेख छैन । पछि राजा प्रताप मल्लले मन्दिर बनाई नित्यार्चनका लागि गुठी राखेका थिए । पछि १९६५ सालमा राजा चन्द्रशमशेरले स्वर्णमण्डित छाना बनाइदिए । १९९० सालको भूकम्पमा केही भएन । (देवमाला वंशावलीको कथन । पृ. १०१)

त्यसपछि मन्दिरको जीर्णोद्धार कार्य बराबर हुँदै रह्यो । २०४२ सालमा हुकुम बक्सेबमोजिम स्थानीय विकास मन्त्रालयमार्फत् केही कार्य भए तापनि पूरा नभएकोले हुकुम बक्स भएअनुसार सरकारबाट रकम प्राप्त गरी गुठी संस्थानबाट आवश्यक मर्मत कार्य २०४४ मा सम्पन्न भएको छ ।

✡

टुँडालदेवी

(हाँडीगाउँ, काठमाडौँ)

तुनाल वा टुँडालदेवीको मन्दिर भएको ठाउँ प्राचीन विशालनगरको क्षेत्रभित्र नै पर्दछ र वर्तमान टुँडालदेवीको वरिपरिका क्षेत्रमा प्रशस्तै प्राचीन वस्तुका अवशेषहरू पाइन्छन्। यसकारण यो ठाउँको विचार गर्दा लिच्छविकालिक बस्ती हो भन्ने कुरामा विवाद छैन।

लिच्छविहरू विशाल (वैशाली) का थिए। उनीहरूको राजधानीनजिक विशाला नाउँ गरेकी नदी बग्दथिन्। नदीकै नाउँबाट लिच्छवि राजधानीको नाउँ रहेको थियो।

पुर्ख्यौली ठाउँबाट कारणवश नयाँ ठाउँमा जाँदा पनि परम्परागत राजधानीकै नाउँमा नयाँ राज्य खडा गर्थे। सूर्यवंशी राजाहरूका सन्तानले अयोध्या छाडेर इन्डोनेसिया, थाइल्यान्ड पुगेर शासन गर्दा पनि त्यहाँको राजधानीको नाउँ अयोध्या नै राखेका थिए। यस्तै वैशालीबाट आउनेले विशालनगरको आवादी बसाएको कुरा धोबीखोलाको नाउँ पुराणमा विशाला भएकोले पनि जान्न सकिन्छ।

त्यस क्षेत्रमा रहेको पीठ उपर्युक्त कारणले प्राचीन पीठ हो कि भन्ने अनुमान गर्नुपरेको छ। टुँडालदेवीका नजिक दुई अभिलेख पाइएका छन्, त्यसमा एउटा लिच्छविकालको सं. ३९७ (वि.सं.५३२) को हो भन्ने कुरा सम्वत् पढ्न सकिने भएकोले थाहा हुन्छ। किन्तु यस अभिलेखको वाक्य "संवत् ३९७ ज्येष्टमासे शुक्ल दिव २ सँग मन्दिर तथा देवताको स्पष्ट सम्बन्ध रहेको थाहा पाइँदैन। तथापि उक्त अपूर्ण टुटफुट भएको अभिलेख टाढाबाट बोकेर ल्याएको चाहिँ अवश्य होइन र मन्दिरका आसपासकै कुनै मूर्तिको पादपीठको अभिलेख हो भन्ने कुरा चाहिँ निश्चय भन्न सकिन्छ। यदि यो देवीकै पादपीठको अभिलेख हो भनेर मानेमा यो शक्तिपीठ नेपालको पहिलो पीठ हो भनेर मान्नुपर्ने हुन्छ।

नेपालमा पाइने विभिन्न वंशावलीअनुसार, विशालनगर ठूलो सहरको रूपमा विकसित भएर पछि दैवी-प्रकोपबाट आगलागी भएर समाप्त भएको उल्लेख पाइन्छ। त्यसै बेला यो प्राचीन पीठ पनि दग्ध-भग्न भएर रहेको हुँदो हो। विशालनगरकै दक्षिणी भाग लिच्छविकालमा नै हरिगाउँको नाउँले आवाद भएको थियो। यसै क्षेत्रमा अंशुवर्मा उल्लिखित ईंट, शिलापत्र तथा मूर्तिहरू प्राप्त भएकाले तथा अन्यान्य प्रसङ्गले पनि यो ठाउँ प्राचीन सिद्ध भएको छ।

टुँडालदेवीका सम्बन्धमा देवमाला वंशावलीको कथन निम्न प्रकारको छ :- नेपाली

सम्वत् ७०६ (वि.सं. १६४२) सालमा श्री राजा शिवसिंह मल्लको पालामा हाँडीगाउँको वाराहीदेवी चोबाहारका नागले रुद्रमतीको बाटो बगाई ल्याएको वाग्मतीमा अड्केपछि नन्दीग्रामको रक्षक देवता हुँदा देशरक्षाखातिर सहरका उत्तरमा रहेको वैष्णवी पीठ जगाई सूवर्णको मूर्ति बनाई प्रतिष्ठा गरी प्रतिवर्ष जात्रा गर्ने रीत चलाएको अद्यावधि चलेकै छ। यसलाई आजकल तुनादेवी भन्छन्, नेवारीमा तोरी ड्यो (द्यो:) भन्छन्।

उक्त वंशावलीका कथनले धोबीखोलाको किनारमा रहेकी वाराहीको मूर्ति बगाएपछि देशरक्षानिम्ति यो प्राचीन वैष्णवी पीठ जगाई सुवर्णमूर्ति बनाई स्थापना गरेको कुरा थाहा हुन्छ। साथै मन्दिरको बनोट-शैली र कलात्मक अभिव्यक्तिले पनि यो पीठ जगाउने (पुनर्निर्माण), जात्रा चलाउने र मन्दिर बनाउने शिवसिंह नै हुन् भन्ने अनुमान हुन्छ।

तुनाल-टुँडाल आदि शब्दको अर्थबाट केही बुझिँदैन। कसैले तोरणको अपभ्रंश टुँडाल वा तुनाल हुनुपर्छ भन्ने अर्थ गरेका छन्। परन्तु तोरणदेवीको संस्कृतीकरण नाउँ कल्पना गरे पनि तोरणदेवी तारणमैं हुनुपर्छ, न कि छुट्टै मन्दिरमा।

अत: नेवारी भाषाको उच्चारण 'तोरीद्यो' को भाषागत विश्लेषण गर्दा 'त्वरिता' देवीको विकृत रूप नै तोरी द्यो भन्ने थाहा पाइन्छ।

यससम्बन्धी विशेष अनुसन्धानको कार्य हुँदै रहेकोले वर्तमानमा योभन्दा बढी भन्न सकिँदैन। सम्भवत: तुण्डाली अर्थात् तुण्डमाला (टाउकाहरूको माला लगाएकी) देवी अथवा गणेशलाई काखमा लिएकी (तुण्डाह्लादिनी) देवी भन्ने नामबाट टुँणालदेवी या टुँडालदेवी हुन गएको होला भन्नचाहिँ सकिन्छ।

✡

इन्द्रायणी

(विष्णुमती, काठमाडौं)

इन्द्रायणीका सम्बन्धमा पनि अन्य अभिलेख, प्रमाण प्राप्त गर्न सकिएको छैन। इन्द्रायणीको सम्बन्धमा मार्कण्डेयपुराण अन्तर्गत सप्तशतीको आठौं अध्यायमा शुम्भ-निशुम्भ बध गर्न पार्वतीका शरीरबाट उत्पन्न भएकी दुर्गाभवानीको सहायतार्थ ब्रह्मा, विष्णु, शिव, इन्द्रका शक्तिहरू उनै देवताको जस्तै रूप र आयुध भएका, उस्तै वाहनमा चढी चण्डिकाको सहायतार्थ आए भन्ने उल्लेख भएको पाइन्छ। इन्द्रायणीका विषयमा यस्तो लेखिएको छ :-

वज्रहस्ता तथैवैन्द्री गजरजोपरिस्थिता।
प्राप्ता सहस्रनयना यथा शक्रस्तथैव सा॥
मा.पु. चण्डी अ.२ श्लोक २१

(अर्थ - वज्र हातमा लिएकी, ऐरावत हात्तीमा चढेकी, हजार आँखा भएकी, जस्तो इन्द्रको रूप छ, त्यस्तै रूपकी शक्ति (इन्द्राणी) आइन्।)

उपर्युक्त पौराणिक कथाअनुसार नै इन्द्रायणीको प्रतिमा बनाएर स्थापना गरिन्छ। गुप्तकाल (तेस्रो शती) तिर अष्टमातृकाका मूर्तिहरू प्रशस्त निर्माण भइसकेका थिए र प्रत्येक देवी-पीठहरूमा अष्टमातृकाको विग्रह राख्ने चलन चलिसकेको थियो।

नेपालमा पहिले वा दोस्रो शतीतिरका अष्टमातृकाका मूर्तिहरू भनेर मूर्तिविशेषज्ञहरूले अनुमान गरिएका केही मूर्ति जयवागीश्वरी पीठ (देवपत्तन) मा छन्। चाँगु छिन्नमस्तामा, गुह्येश्वरीमा पनि अष्टमातृकाका मूर्तिहरू राखिएका छन्। अष्टमातृकाका ब्राह्मी (ब्रह्मायणी) १) माहेश्वरी २) कौमारी ३) वैष्णवी ४) वाराही ५) नारसिंही ६) इन्द्रायणी र ७) चामुण्डा (काली) ८) पर्दछन्। कहीँ नारसिंहीलाई छाडेर सातको मात्रै गणना गरेको पाइन्छ, जसलाई सप्तमातृका भन्दछन्।

प्रायः सबै देवीहरूका मन्दिरमा र यन्त्रमा पूजा गर्दा आवरण देवताका रूपमा अष्टमातृकागणको पूजा अनिवार्य सम्झिन्छ। यिनै अष्टमातृकागण र मूल दुर्गाभगवतीसमेतलाई नवदुर्गा भन्ने चलन छ। कुनै तन्त्रशास्त्रमा भने शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्री, महागौरी, सिद्धिदातृ (दुर्गा) समेतको नाउँ नवदुर्गाको रूपमा उल्लेख भएको पनि पाइन्छ।

इन्द्रायणीदेवीको स्थापना बारेमा पनि वंशावलीकारहरू राजा गुणकामदेवले देशरक्षाखातिर स्थापना गरेका हुन् भनेर लेख्दछन्। यस कथनबाट वि.सं. १००० तिरको

स्थापना भन्ने जान्न पाइन्छ । निश्चित गर्ने अभिलेखहरू भने प्राप्त छैनन् । रत्न मल्लपछिको स्थापना भएदेखि अवश्य नै प्रामाणिक अभिलेखहरू प्राप्त हुने थिए ।

देवीमन्दिरहरू स्थापना गर्दा बस्तीबाहिर, नदीकिनार, एकान्त ठाउँ, श्मशानघाट पारेर स्थापना गर्ने परम्पराअनुसार सबै कुराले युक्त भएको ठाउँमा इन्द्रायणीको स्थापना भएको छ ।

देशरक्षाका खातिर देवीहरूको स्थापना गर्दा ब्रह्मायणी, माहेश्वरी आदि क्रम मिलाई स्थापना हुनुपर्ने हो । परन्तु त्यस्ता क्रमिक पीठहरू देखिँदैनन् । इन्द्रायणीको वर्तमान अवस्थामा प्राप्त मूर्तिको अध्ययनबाट पनि उपर्यक्त कुराकै पुष्टि हुन्छ । मन्दिरको वर्तमान विवरण निम्नस्थ छ :-

लम्बाइ १४' फिट, चौडाइ १४' फिट, उचाइ ९' फुट(तल्लो तला), पेटी २' फिट ८ इन्च वरिपरि, ३' फिट ।

पेटी २' फिट २ इ. वरिपरि ।

सुनको मोलम्बायुक्त छाना र गजुर ।

पछिल्लो २०४४ सालमा गुठी संस्थानद्वारा मर्मत-सम्भार भएको ।

✡

वनकाली भगवती

(पशुपति क्षेत्र, काठमाडौं)

परापूर्वकालदेखि नै वन क्षेत्र रहेको भगवान् पशुपतिनाथ जाने बाटो गौशाला चोकबाट केही पर पुगेपछि एउटा सडक फाटेर दक्षिणतर्फ ओह्रालो लाग्दछ। चक्रपथको छेउबाट पशुपति धर्मशाला तथा राजेश्वरीघाटतर्फ पिच-सडकमा पुग्दै सडकबाट उत्तरपूर्वपट्टि एउटा छाना नभएको मन्दिर र त्यसको अगाडि एउटा दुईतले सत्तल (धर्मशाला) छ। जङ्गलको बीचमा रहेको यो मन्दिर देवी वनकाली भन्ने नामले प्रसिद्ध छ भने त्यस क्षेत्रलाई वनकाली भनिन्छ।

छाने मन्दिरको व्यवस्था नभएको यो पीठ किम्वदन्तीले ज्यादै पुरानो पीठ हो भन्ने थाहा पाइए तापनि त्यो पीठ कहिले र कसरी स्थापना भएको हो भन्ने कुरा जान्ने अभिलेखहरू प्राप्त छैनन्।

मूर्तिको कलात्मक परीक्षण गर्दा अलि पछिल्लो कालको हो कि भन्ने देखिन्छ तापनि वंशावलीको कथनले चाहिँ सूर्यवंशी राजा शिवदेवले स्थापना गरेको भन्ने छ।[1] अघि देवतासँग युद्ध गर्दा दाँतमा अड्केको कुरा झिक्न लागेको ध्यानले युक्त गरी आरण्य (वन) भित्र गुप्त गरी वनकाली मूर्ति प्रतिष्ठा गरी स्थापना गरेको कुरा देवमाला वंशावली पृष्ठ ३६ मा उल्लेख छ।

वंशावलीकारले यसलाई राजा शिवदेवको पालामा स्थापना भएको भनेर उल्लेख गर्नु र वनकालीमा पाइएको लिच्छविकालका अभिलेखमा श्री कलहाभिमानी राजा (अंशुवर्मा) की पत्नीले पतिपुण्य वढोस् र आफ्नो मोक्ष होस् भनेर स्थापना गर्नुभयो भन्ने वाक्यका साथै अमृतवर्मा नामक व्यक्तिले मन्दिर रहेको ठाउँमा ढुङ्गाको पर्खाल लगाएको उक्ति परेको छ।[2] शिलापत्र फुटेर सबै अक्षर पढ्न नसकिने हुँदा मिति पनि थाहा हुन नसकेको भन्ने कुरा धनवज्रले उल्लेख गरेका छन्। त्यस ठाउँमा उक्त कालीको मन्दिर, मूर्तिबाहेक अरू देवमूर्तिको तथा मन्दिरको स्थिति त्यहाँ नभएको र अवशेष पनि नदेखिएकाले अंशुवर्माकी पत्नीद्वारा स्थापना गरिएकी कालिका नै हुनुपर्छ भन्ने अनुमान गर्न सकिन्छ।

प्राचीन घरद्वार, राजभवनहरू जीर्णशीर्ण भएर विलुप्त हुने स्थितिमा पुगे पनि धार्मिक भावनाले सधैं अनुप्राणित रहेका नेपालका राजा-प्रजाले देवमन्दिरको भने सुरक्षा र मर्मत-सम्भार गर्दै आएका छन्। वस्ती उठेर जङ्गल भएको ठाउँ पनि यो होइन र भगवान् पशुपति क्षेत्र भनेर प्रसिद्ध भएका अनेकन् लिच्छविकालीन देवता र मन्दिरहरू

भएको ठाउँमा कुनै मन्दिर बनेर देवता स्थापना भएको भए अवश्य नै त्यहाँ अरू मन्दिरको परिवर्तित रूपमा अवस्थित देख्न पाइने थियो ।

अंशुवर्माको शासनकालतिर कालिका, दुर्गा, अष्टमातृका, लक्ष्मी र सरस्वतीको उपासना गर्ने क्रम प्रशस्त चलिसकेको थियो । तान्त्रिक पूजा-पद्धति र साधनाका विभिन्न पन्थको विकास भइसकेको त्यस युगमा भगवती कालिकाको स्थापना आवश्यक थियो र त्यसबेला घना जङ्गलका बीचमा यो पीठ स्थापना भएको बुझिन्छ ।

वनकालीको पादपीठको अभिलेख भनेर गौतमवज्रले कैलाश पत्रिकामा छपाए भनी धनवज्रले लिच्छविकालका अभिलेख ५९५ पृष्ठमा एउटा अभिलेख दिएका छन् ।[३] सबै पढ्न नसकेको उक्त अभिलेखको पढिएको भागबाट कुनै पनि अर्थ बोध हुँदैन ।

लिच्छविकालिक अभिलेखमा कुँदिएको मूर्तिको पादपीठ र अंशुवर्माकी रानीले देवालय बनाएको, अमृतवर्माले पर्खालले घेरेको सबै कुरा मिलाएर हेर्दा अंशुवर्माकालीन (सातौंशती) तिरको यो पीठ हो भन्ने स्थितिमा पुगिन्छ ।

यस ठाउँको मर्मत-सम्भार कहिले-कहिले भयो त्यो विवरण प्रस्तुत गर्न सकिँदैन । पछिल्लो मर्मत श्री ५ महेन्द्रको समयमा २०१५ सालमा भएको कुरा त्यहाँ रहेको अभिलेखबाट थाहा हुन्छ ।

वनकालीको पूजा-पर्व सञ्चालन गर्न पहिले ठेकेदारी व्यवस्था गरिएको प्रमाण पाइन्छ । पछि गुठीखर्च अड्डा खडा भएपछि ठेक्का प्रथा तोडी गुठी खर्चबाट पूजा-पर्व चलाउने व्यवस्था गरिएको पाइन्छ ।

खुला छाना भएको, वरिपरि गारो उठाएर मन्दिरको आकार बनाई त्यसको बीचमा कालिकाको उक्त मूर्ति स्थापित छ । अगाडि दक्षिणपट्टि दुईतले पाटी छ र त्यसभित्र बगैंचाका निम्ति केही जमिन घेरिएको छ ।

सांस्कृतिक पर्वहरू :

वैशाख शुदी तृतीया पर्व :-

यसै पर्वमा बलिदानका निम्ति राँगा दुई र बेचोखा बोका दुई बलिदान गर्नुपर्छ भने तदनुसार परिशिष्टमा रहेको लगतबमोजिमका अन्य रकम पनि पर्वका निम्ति दिनुपर्छ । उक्त समानहरू जिन्सीतर्फ ४४ कलम छ र नगदी एक कलम मात्र ठेकिएको छ ।

आश्विन शुक्ल ९ (महानवमी) पर्व :-

यस पर्वमा भोज खानका निम्ति रकम दिइने कुरा लगतबाट थाहा पाइन्छ

श्रावण कृष्ण चतुर्दशी पर्व :-

यस पर्वमा बलिदानका निम्ति एउटा थुम्बा (भेडा) र अन्य रकमीहरूलाई भोज खाने दरबन्दीको व्यवस्था भएको लगतबाट देखिन्छ ।

यसबाहेका अन्य पर्वका दरबन्दी गुठी संस्थानमा नभएकाले केही अन्य पर्वहरू पुजारीले नै चलाउने व्यवस्था भएको थाहा पाइन्छ ।

पादटिप्पणी

१. कलिगत वर्ष ३४८९ सूर्यवंशी राजा श्री शिवदेवले नेपालको राज गरेका र यिनै राजाले देउपाटनको दक्षिण भागमा वनकाली प्रकट गर्ने मनसाय गरी अघि धर्मदत्तका पालामा देवतासँग युद्ध गर्दा दाँतमा अड्केको झिक्न लागेको ध्यानले युक्त गरी आरण्यभित्र गुप्त गरी वनकाली मूर्ति प्रतिष्ठापूर्वक स्थापना गरी प्रख्यात गरिदिए, १९९० सालको भूकम्प हुँदा पनि केही भएन। देवमाला वंशावली पृ.३६, योगी नरहरिनाथद्वारा सम्पादित ।

२, ... प्रासाद पिण्डं स्थलं सद्‌मित्या मृत वर्मण।
... ... प ... ... शिला पट्टकम् ॥

२. (भर्तुपुण्य) विषद्धये भगवती क्लेशक्षयायात्मनः
भार्यां श्री कलहा भिमानि नृपते र्लब्ध्वा प्रसादोदयम्
लिच्छविकालको अभिलेख पृ. ३६६), धनवज्र ।

३, ... सान्यः ऋकशारिः सोमोम्वचः दत निति
धनवज्र, लिच्छविकालको अभिलेख पृ. ५९७,
सं.व. १८७ को वनकाली अभिलेख ।

४ गुठी खर्चको लगत, परिशिष्ट नं. १

परिशिष्ट १

श्री पशुपति क्षेत्रको वनकाली गुठीबाट चलाउनुपर्ने पूजा-पर्व वैशाख शुदी ३ (अक्षय तृतीया पर्व) :

१	चौध-पन्ध धार्नीको बेचोखा राँगो एक	१
२.	राँगाको मासु एक धार्नी	१
३.	नौ-दस धार्नीको बेचोखा राँगो एक	१
४.	बेचोखा बोका गोटा दुई	२
५.	एक माने दही	१
६.	एक कुरुवाका दही कहतारा आठ	८
७.	भिजाएको केराउ दुई माना	॥ २
८.	अमला पाँच मुठी	।॥५
९.	बेल मोटा एक	१
१०.	अदुवा धार्नी एक	१
११.	स्याबली एक मुरी	१
१२.	असल पश्चिमा घ्यू एक पाउ	।
१३	तोरीको तेल ६ माना	॥६
१४.	ठूलो केराउ पाँच मुठी	।॥५
१५.	गुराँस चार माना पाँच मुठी	॥४॥५
१६.	सेतो बोडी चार माना पाँच मुठी	।४॥५
१७.	गेडामास पाँच मुठी	।॥५

१८.	जुगे धान पाँच मुठी	।।।५
१९.	मुगी मास पाच मुठी	।।।५
२०.	नून चार माना	।।४
२१.	कालो भटमास दुई माथी पाँच मुठी	।२।।५
२२.	हाँसको फुल गोटा आठ	८
२३.	गहत पाँच मुठी	।।।५
२४.	मासको दाल चार माना	४
२५.	बेसार एक माना	१
२६.	सानो केराउ पाँच मुठी	।।।५
२७.	नगदी सोन्ह रूपियाँ पचहत्तर पैसा	१६।७५
२८.	गहुँ पाँच मुठी	।।।५
२९.	सेतो तील पाँच मुठी	।।।५
३०.	कैलो तील पाँच मुठी	।।।५
३१.	जौ पाँच मुठी	।।।५
३२.	रायो पाँच मुठी	।।।५
३३.	सरस्युँ पाँच मुठी	।।।५
३४.	काला तील पाँच मुठी	।।।५
३५.	माटोका सलीपाला दुई सय	२००
३६.	सखर दुई पाउ	।।
३७.	हों वि मुठा एक	१
३८	चुन चार पाथी	४
३९.	सिन्दूर दुई पाउ	।।
४०.	एघार धार्नीको दाउरा भारी दुई	२
४१.	धान चार पाथी पाँच मुठी	।४।।५
४२.	सवा चामल एघार पाथी	।११
४३.	फलुवा चामल पाँच पाथी	।५
४४.	चिउरा दुई मुरी चार माना	२।।४
४५.	नगदी सोन्ह रूपियाँ पचहत्तर पैसा	१६।७५

आश्विन शुदी ९ (महानवमी) पर्व :-

१.	राँगाको मासु ६ पाउ	१।।
२.	सरुवा चामल तेन्ह पाथी	।१३
३.	चिउरा एक पाथी तीन माना सात मुठी	।१।३।७
४.	नगदी एक रु. बहत्तर पैसा	१।७२

श्रावण कृष्ण १४ (चतुर्दशी पर्व अड्डाबाटै चलाउने):-

१.	स्याबजी दुई पाथी	२

२.	हाँसको फुल एक	१
३.	नुन एक माना	१
४.	रातो बोडी एक माना	१
५.	कालो भटमास एक माना	१
६.	तोरीको तेल दुई माना	२
७.	राँगाको मासु एक धार्नी	१
८.	४ धार्नीको थुम्बा (भेडा) एक	१
९.	अदुवा एक पाउ	।
१०.	एक कुरुवा कहतारा दही	२
११.	सरुवा चामल बाह्र पाथी	।१२
१२.	चिउरा दस पाथी	।१०
१३.	नगदी पैसा	।२४

✡

हरसिद्धि
(ललितपुर)

श्री हरसिद्धिको ख्याति पनि पशुपति गुह्येश्वरीको प्रसिद्धिजस्तै नेपालव्यापी छ। वास्तवमा हरसिद्धि (हरिसिद्धि) कुन देवता हुन्, उनको रूप, गुण, आकार-प्रकारको विषयमा धेरै नै नेपालीलाई थाहा छैन। हिन्दूहरूका देवीदेवताका चरित्र, गुण र रूप-विधानलाई पौराणिक ग्रन्थले व्याख्या गरेको हुन्छ। पुराणका कथाहरू बराबर सुन्ने-सुनाउने चलन भएकाले पनि धेरै मानिसले विभिन्न देवदेवीका विषयमा जानकारी राख्दछन्। परन्तु हरसिद्धिका विषयमा पुराणहरूले पनि त्यति वर्णन गरेको पाइँदैन।

हरसिद्धि शुद्ध तान्त्रिक ग्रन्थमा वर्णित नाउँ भए पनि वर्तमानमा हरिसिद्धि नै प्रसिद्ध छ। हरिसिद्धिको परम्परा र कथा खोज्ने हो भने झन् अन्योलमा पर्नुपर्छ। साधारणतया नाउँको अर्थ गर्दा हरिसिद्धि लक्ष्मी हुन सक्दछिन् र हरसिद्धिचाहिँ काली वा पार्वती। किन्तु नेपालको ललितपुर जिल्लाको दक्षिण-पूर्व कोणमा विराजमान हरिसिद्धि श्री श्री श्री हरसिद्धि त्रिशक्ति देवता भनिन्छ। त्रिशक्तिको साधारणतया अर्थ हुन्छ काली, लक्ष्मी, सरस्वती। अथवा तमोगुणी, रजोगुणी र सत्वगुणी रूपमा त्रिशक्तिलाई लिन सकिन्छ।

हरसिद्धिको कुनै तन्त्रशास्त्रमा ६४ योगिनीमध्येमा ३८ औं नाउँ रहेको पाइन्छ भने अपराजित पृच्छा भन्ने वास्तुशास्त्रको गन्थ-(सू.२२२-२२३) मा प्रतिमासम्बन्धी प्रकरणमा नवदुर्गाको नाम परिगणन गर्दा अन्तिम दुर्गा-हरसिद्धिको मूर्तिले कालीको रूपाङ्कनसँग समानता राख्दछ। त्रिशक्तिको विग्रह नै नृत्यमुद्रामा रहेको अध्ययनमा थाहा भएको छ। यहाँ हरसिद्धिको प्रतीकात्मक तीन मूर्तिको परिकल्पना गरिएको छ र हरसिद्धिसम्बन्धी प्राचीन परम्पराको विवरण लेखिएको पुस्तिकामा पनि श्री श्री श्री हरसिद्धि त्रिशक्ति देवी भनी उल्लेख भएको छ। यसकारण यहाँ हरसिद्धि देवीको जुन स्थापना र अन्य परम्परा छ, त्यो त्रिशक्तिकै रूपमा पाइन्छ।

नेपाली मन्दिरको वास्तुशैली आफ्नै किसिमको छ, जसलाई विद्वान्हरूले प्यागोडा भन्ने नाम राखेका छन्। प्यागोडा शैलीको प्रारूप वैदिककालकै वास्तुकला हो जसमा अधिकांश काठको प्रयोग हुन्छ।

वास्तुशास्त्रको निर्देशनअनुसार निर्मित यहाँका मन्दिरहरूले वैदिक परम्पराका देवता भए पनि तान्त्रिक पक्षको कलात्मक अभिव्यक्ति दिन्छन्। यहाँका ढोका, झ्याल, टुँडाल र सिंहद्वारको रचनाशैलीको अध्ययन गर्दा देवता कुन आम्नायका मानिन्छन् भन्ने कुरा जान्न सकिन्छ र त्यसमा अङ्कित कामकलाको अङ्कन प्रणालीबाट विद्वान्

तान्त्रिकाचार्यहरूले मूलदेवताको बीजयुक्त मन्त्रोद्धार पनि गर्दछन् ।

नेपालका अधिकांश प्रसिद्ध पीठहरूका मन्दिर यसै प्रकारले बनेका छन् । मध्यकालीन नेपालमा तान्त्रिक पक्षको चरमोत्कर्ष थियो ।

मल्लकालीन वास्तुकलामा तान्त्रिक रूप नै देख्न पाइन्छ । पशुपतिनाथको मन्दिरमा पनि आगमिक वास्तुशास्त्रकै शिल्पविधा पाइन्छ । ।

यी त्रिशक्ति हरसिद्धिको वास्तुकलाले पनि उपर्युक्त कुराकै अभिव्यक्ति गर्दछ । यहाँको द्वार- कल्पनामा त्रिशक्तिकै नृत्य-मुद्रामा रूपोद्भावना भएको छ तथा प्रत्येक छानामा तीन-तीन गजुरहरू राखिएकाछन् र मूल गजुर भने एउटै देखिन्छ । त्रिशक्तिरूप हरसिद्धिको समष्टिरूप पनि अदिशक्ति महाकाली हुन् । यसकारण अन्तिम छानामा एउटै गजुरद्वारा समष्टिरूपको अभिव्यक्ति भएको छ ।

पराशक्तिरूपिणी जगज्जननी महाकाली ऊर्ध्वमेढ महाशिवको छातीमा विराजमग्न भएर जुन उग्र नृत्य गर्दछिन् उनको संहारकारी उग्र रूपलाई शान्ति गर्ने पर-पुरुष शिव मात्रै छन् । यिनै शिव प्रलयकालमा रुद्र वा सङ्कर्षण मूर्ति भएर संहार गर्दछन् । यही प्रलयकारी शिवको महान् रौद्री नृत्यलाई ताण्डव नृत्य भनिन्छ ।

भरतमुनिले आफ्नो नाट्शास्त्रमा १०८ प्रकारको नृत्यका अधिपति परमाधिदेव शिव हुन् भनेका छन् । कुनै पनि नृत्यसमारोहमा नाट्येश्वर शिवको आराधना गरिन्छ । जगत्मा नाट्यलीला गर्ने शिवका शक्तिहरू पनि शिवका सहचारिणीका रूपमा नृत्य गर्दछन् ।

प्राचीनकालमा समाजका प्रत्येक कामकुराहरू धर्मसँग नै सम्बन्धित हुन्थे । देवी देवतामा अटुट विश्वास राख्ने समाजका निम्ति धर्मसँग नाता नजोडिएका कर्महरूको कल्पना नै गर्न सकिँदैन । समाजका निम्ति त्यो बेला मनोरञ्जनका साधनहरूमा मेला, जात्रा, पर्व, नृत्य-गीत, वाद्यवादन नै हुन् । देव-मन्दिरमा विशेष उत्सव हुँदा जम्मा भएका मानवसमूहका निम्ति नृत्य, गीत, नाटक प्रदर्शन गरिने परम्परा ज्यादै पुरानो हो । वैदिककालमा पनि नाटकका रूपमा परिसंवाद, नृत्य र साम-गायन तथा मनोरञ्जन हुने प्राचीन कथा, आख्यान, उपाख्यान अदि हुने कुरा वैदिक साहित्यबाट थाहा पाइन्छ । अश्वमेध यज्ञका अवसरमा परिप्लवोपाख्यान नामक १० दिनमा दस किसिमका प्राचीन कथा भन्ने परम्परा रहेको कुरा शतपथ ब्राह्मणबाट जान्न पाइन्छ । यज्ञयागादिका अवसरमा सामस्तोम (स्तुति) लयबद्धरूपमा गाइन्थ्यो । वाद्यवादनमा सप्त-स्वरको वर्गीकरण, सप्तस्वर, शततंत्री (सय तारले युक्त) वीणा, ढोलक, मृदङ्ग, शङ्ख आदि प्राचीन कालमा नै थिए र उक्त सात स्वर, लयको विकासमा राग-रागिणी, ताल-तरङ्ग, लयको विकास भए पनि प्राचीन वाद्य र सप्तस्वरको महिमा आजसम्म कायम छ ।

वैदिककालको साम-गायनमा पनि प्रत्येक स्तोमको छन्द, लय र देवता अलग-अलग हुन्थे । त्यस्तै राग, रागिणीका देवताको पनि अलग परिकल्पना छ । हिन्दूहरूको परम्पराभित्र देवत्वको छत्रछायाँ विना कुनै पनि कृत्य नहुने र गरिएका सम्पूर्ण कर्म ईश्वरार्पण गरिने पुरानै नियम हो ।

सर्वव्यापक, सर्वमय देवत्वको कल्पना हिन्दूदर्शनको मूलभूत कुरा हो । वैदिक, पौराणिक, तान्त्रिक र सम्प्रदायवादी जुनसुकै धार्मिक पक्षमा पनि उच्च दार्शनिक भावना नभएको बाटो आर्यसन्तानका निम्ति ठीक हुन सक्तैन ।

देव-मन्दिरहरूमा विशेष रूपले गरिने पूजा, उपासनाहरूमा नृत्यगान पनि एउटा विशेष चर्या हो र यो पनि पूजा-आराधनाकै अङ्ग हो । यस कार्यका निम्ति देवदासीहरू रहेका हुन्थे र नगरवधू (वेश्या) हरू पनि देव-मन्दिरमा नृत्य गर्थे भन्ने कुरा प्रथम शतककालीन महाकवि कालिदास विरचित मेघदूत भन्ने खण्डकाव्यमा पनि उल्लेख भएको छ । मेघलाई वियोगिनी प्रेयसीलाई भेटेर सन्देश भनिदिन अलका सहर जाऊ भनेर प्रार्थना गर्ने यक्षले सुन्दर उज्जयन सहर हेर्दै जाऊ र त्यहाँ भगवान् महाकाल (शिव) को मन्दिर छ त्यहाँ साँझ परुञ्जेल पर्खेर बसी र बेलुकाको पूजा-उपासना सकेपछि भगवान् महाकालले ताण्डव नृत्य गर्न इच्छा गर्लान्, त्यो बेलामा तप्तप् रगत चुहुने गजासुरको चर्म (छाला) ओड्ने इच्छा गर्लान्, तिमी जपाकुसुमको जस्तै लाल रङ्गका भएर नृत्य गर्ने शिवको माथि उठेको हातमा गजचर्मजस्तै भएर बसिदिनू तिम्रो भक्ति-भावनालाई निश्चल नेत्रले पार्वतीले हेरिदिनेछन् र कृतार्थ हुनेछौ[1] भनेको कुरा यक्षका मुखबाट कालिदासले भनाएका छन् ।

यस्तै, त्योभन्दा पहिलो श्लोकमा भनिएको छ -

महाकाल स्थानमा नृत्य गर्दा वेश्याको कम्मरमा बाँधेका घुँघुँरा शब्द गर्दछन्, नृत्यमा पाउ चाल्दा र रत्नजडित चमरका डाँठले हात गलेका वेश्याहरूले नखक्षतले टट्टाइरहेका ठाउँमा तिम्रो तपक्क बूँद पर्दा शीतल अनुभव गरी भमराजस्तै काला आँखाले एकैचोटी धेरैले तिमीलाई कटाक्ष गर्लान् ।[२]

उपर्युक्त प्रसङ्गबाट देवमन्दिरमा नृत्य गर्ने परम्परा पुरानो हो भन्ने र शिवको ताजा गजासुरको छाला ओडेर गर्ने ताण्डव नृत्यको कथा अथवा तदनुरूप नृत्यको परम्परा पनि ईशापूर्व नै विकसित भइसकेको थियो भन्ने थाहा पाइन्छ ।

ईशापूर्व दोस्रो शतकतिरको रचना भनेर विद्वान्हरूले ठहराएको भरतको नाट्यशास्त्रमा १०८ किसिमका नृत्यको वर्णन छ । आगमसाहित्यको भनाइअनुसार नटराज शिव यी १०८ प्रकारका नाट्यविधाका अद्वितीय नट हुन् । नृत्य-काल यद्यपि समस्त आर्य धर्मावलम्बीहरूका निम्ति उत्तिकै समादरको विषयवस्तु हो र आ-आफ्नो पाराले नृत्य-कौशल, वाद्यकौशलको विकास पनि गरेका थिए तथापि नाट्य-कलाको चरम विकास र नटराज शिवको सर्वाधिक मान्यता दक्षिण-भारतमा पाइन्छ ।

मूर्तिकलाका अन्वेषक विद्वान्हरूले दक्षिण भारतमा पाइने शिवालयमा प्रायशः शिवको नटराज मूर्तिकै बहुलता भएको उल्लेख गरेका छन् । आगमशास्त्रमा शिवलाई १०८ नृत्यकलाका ज्ञाता भएको भनेर माने पनि नाट्यविधाको साङ्गोपाङ्ग अभिव्यक्ति गर्नु पनि साधारण कुरा होइन र स्थापत्यकलामा निदर्शन गर्नु पनि अझ कठिन कार्य हो ।

दक्षिण भारतका शिवयतनमा नाटक-मण्डप वा सभाको कक्ष राखिएको पाइन्छ । त्यसमध्ये 'चिदम्बरम्' को कनक सभाका सभापति नटराज शिव छन् । यसै ठाउँको गोपुरका दुवैपट्टि भित्तामा नाट्यशास्त्रमा उल्लिखित १०८ लक्षणयुक्त नृत्यकलाको स्थापत्य-चित्र अङ्कित छ भनिन्छ ।

नटराज शिवका नृत्यकला विशेष ४ किसिमका छन् ।

१. कटिसम-नृत्य

२. ललित-नृत्य

३. ललाट-तिलकम्

४. चतुरम्

भरतनाट्यम्, कुडिमलकथ्थक आदि शास्त्रीय नृत्यकलाको प्रचार र विकास पनि दक्षिण भारतमा नै भएको छ। नृत्यकलाका विविध प्रकार नेपालभित्र पनि दक्षिणबाटै आएका हुन सक्छन्। यसमा कति नेपालीको कलात्मक विकास छ अथवा स्वतन्त्र शैली छ, कति बाह्य प्रभाव छ भन्ने कुरा नाट्यविधाको विधिवत् अनुसन्धान नगरी भन्न सकिँदैन।

नाट्यविधामा मुद्राको औचित्य

मूर्तिकला, चित्रकलामा देखिने नाना मुद्राहरूका आफ्नै व्याख्या हुन्छन्। अभिनयमा मुद्राको योग अत्यन्त आवश्यक हुन्छ र भावाभिव्यक्तिका निम्ति मुद्रा-प्रदर्शन नभइनहुने कुरा हो। मुद्रा-प्रदर्शन आर्यपरम्परामा नौलो र नयाँ कुरा होइन। आदिम मानवको भावाभिव्यक्ति गर्ने भाषाका रूपमा यसको सुरुवात भयो होला। तर हाम्रो वैदिक साहित्यको संहितावाचनमा हस्तमुद्रा, शीर्षमुद्रा अनिवार्य विषय हो। ध्वनि र मुद्राको समरसताले ध्वन्यार्थको स्पष्टता बोध हुन्छ।

डा. शुक्ल भन्दछन् - आधुनिक मनोविज्ञानमा मन र तनको नैसर्गिक सम्बन्ध छ भन्ने कुरालाई अब मान्न थालिएको छ। जुन प्रत्येक भावावेशमा दुवैको समान प्रतिक्रिया उत्पन्न हुन्छ, यसैलाई 'रिफ्लेक्सन ऐक्सन' भन्दछन्। यो तथ्यबाट हाम्रा प्राचीन कलाकार परिचित थिए।

उनी अगाडि भन्दछन् - काव्यमा अभिधा, लक्षणा र व्यञ्जना तीन किसिमको शब्दार्थ मानिन्छ, त्यस्तै प्रतिमाशिल्पमा पनि मुद्रा र विनियोग तथा त्यसबाट हुने भावाभिव्यञ्जनले पनि काव्यकलाको ध्वनिकै प्रतीति हुन्छ।

नेपालका जात्रामा हुने नृत्यकलाको पृष्ठभूमि

वैदिक तथा उत्तरवैदिककालमा आगमिक धाराका रूपमा बग्दै आएको तान्त्रिक पक्षले आन्तरिक साधना-पद्धतिको विकास गर्दै सम्प्रदायवादी धर्मको जन्म दियो भने बाह्य जगत्को प्रभाव र अनुदानरूपमा आएको वाममार्गी तान्त्रिक पक्षले ईशाका सुरु वर्षतिर आएर आफ्नो विस्तार गर्‍यो।

ईशापूर्व १००० वर्षतिर दक्षिणभारत र पश्चिमएसियां एवं उत्तर अफ्रिकासँग व्यापारिक आदान-प्रदान भएको कुरा ऐतिहासिक तथ्य हो। जहाँको व्यापार-विनिमयमा आदान-प्रदान हुन्छ, त्यहाँ धर्म, संस्कृतिका मान्यता र अनेकन् राम्रा-नराम्रा परम्परा पनि आवत-जावत गर्दछन्। यही विनिमयमा भारतबाट कैयौँ कुरा उता गए र तन्त्र-मन्त्र, जादू, टुना, गणित, ज्योतिषका कैयौँ विषय यहाँ पैठारी भए।

विद्वान्हरू तान्त्रिकसाहित्यको विकास भएको श्रीशैल र धान्यकटक (दक्षिणभारत) लाई मान्दछन्। बौद्ध तान्त्रिक नागार्जुनले महायान सम्प्रदायभित्र मन्त्रयानको बीजारोपण पनि धान्य-कटकमै गरे।

नागार्जुनलाई राहुलजी तेस्रो शतकका मान्दछन् भने अन्य इतिहासकारहरू अश्वघोषका समकालिक पहिलो शतकका हुन् भन्दछन्।

मन्त्रयानभित्र वज्रयानको उदय छैटौं शताब्दीको मध्यतिर भएको मानिनुले राहुलजीको

विचार ठीक हुन सक्छ । अथवा पहिलो शतकदेखि सातौं शदीसम्म विभिन्न नागार्जुनका नाम आएकोले कतिवटा के-के विशेषतायुक्त नागार्जुन भए भन्न कठिन छ । वज्रयानमा आदि आचार्य भने नागार्जुन हुन् । आगम-साहित्यको वर्तमान रूप पछाडिएको भए पनि महाभारतमा पाशुपत सम्प्रदाय, सात्वतधर्म पञ्चरात्र- आगमको नामोल्लेख भएकाले यसको प्राचीन रूप निकै अगाडिको हो भन्नुपर्छ। ई.पू. दोस्रो शतक वा त्योभन्दा अझ अगाडिकै लकुलीश पाशुपतको जन्म मानिएकोले[३] र पाशुपतधर्म प्राचीन भए पनि (सिन्धुघाटीमा नै शिवपाशुपत मूर्ति प्राप्त भएकोले) सम्प्रदायवादी शैवधर्मका व्याख्याता यिनैलाई मान्नुपर्छ ।

शैव, पाशुपत, कालामुख, कापालिक आदि सम्प्रदायमा शुद्ध तान्त्रिकपक्ष र वाममार्ग दुवै रूप देख्न पाइने हुँदा अवैदिक तन्त्रहरूको पनि ई.पू. पहिलो शतीदेखि नै बोलवाला बढ्दै गएको थाहा हुन्छ। किन्तु तान्त्रिक पक्षको व्यापक प्रभुत्व छैटौं शताब्दीसम्म दक्षिणभारत, उडिसा र बङ्गालमा फैलिएकोले सातौं शदीको सुरुतिर नेपाल उपत्यकाभित्र पनि पसेको प्रमाण पाइन्छ ।[४]

तन्त्र-साहित्यको व्यापक प्रचार-प्रसार र साधना गर्ने प्रक्रिया विक्रमशिला-विहार (बङ्गाल) मा भयो भनिन्छ। तान्त्रिक मार्गको अध्ययन-अध्यापन र साधना नालन्दामा पनि हुन्थ्यो र सातौं शदीमा तिब्बतमा महायान सम्प्रदाय पसिसकेकोले आठौं शदीमा वज्रयानको पनि तिब्बतमा प्रवेश भयो ।

नेपाल उपत्यकामा छिमेकी बङ्गाल विहारको आवागमन हुनु सहज थियो र तिब्बत जाने बौद्धहरूले वज्रयान पनि यहाँ ल्याए ।

एघारौं शदीतिर विक्रमशिला, नालन्दाको ध्वंश भएकोले त्यहाँका भिक्षुद्वारा तान्त्रिक ग्रन्थहरू नेपाल र तिब्बत पुऱ्याइए तथा विपुल तन्त्र-साहित्य त्यहीं स्वाहा पनि भए । नेपालमा पाइने तन्त्रहरू निकै छन्, जो अप्रकाशितै छन् । नालन्दा र तक्षशिलाको विनाशबाट बचेको नेपालबाहेक तान्त्रिक मार्गको प्रमुख स्थान काश्मीर, काञ्ची र कामरूप मानिन्छन् । आठौं शताब्दीका शङ्कराचार्यको गुरुस्थान पनि शक्ति र शिवलाई मान्ने थियो । उनले उग्रवाममार्गी शैव र बौद्धहरूको विरोध गर्दै तन्त्रशास्त्रलाई शुद्ध साधनाको रूप दिन खोजेको पाइन्छ । आजको काञ्चीमा पनि शाक्ततन्त्रको नै स्थान छ ।

नेपाल उपत्यकाभित्रको गह्येश्वरी पीठ निकै प्राचीन मानिन्छ । त्यसपछि लिच्छविकालीन शक्तिहरूमा पलाञ्चोक भगवती, नक्साल र शोभाभगवतीको नाम लिन सकिन्छ । मानेश्वरी पनि प्राचीन कालकै देवी हुन् ।

दक्षिण भारतमा ईशाका सुरु वर्षदेखि नै मान्यताप्राप्त 'श्रीचक्र' पूजा र देवीको उपासना एवं तान्त्रिक साधनापक्षले व्यापकता पाएकोले कर्णाटकवंशी नान्यदेवसँगै तुलजा (श्रीयन्त्र) पूजा-साधना सिमरौनगढमा आयो । हरिसिंहदेवको पराभवपछि उनकी कुलदेवी तुलजाको नाउँले नेपालका राजवंशकी कुलदेवी हुन आइन् ।

छैटौं र सातौं शतकतिर नै पाशुप्त सम्प्रदायका शाखा-प्रशाखा उपत्यकाभित्र पसेको थाहा पाइन्छ । पशुपति शिवको उपासनामा शक्तिको संयुक्त पूजाप्रकार अथवा विश्व स्थावरजङ्गमय महाशिवका छातीमा बसेर नृत्य गर्ने प्रकृति नटीरूप महाकालीको भावनामा गरिने तान्त्रिक पूजा प्रकार र वैदिक पूजाको मिश्रित परम्परा नेपालका राष्ट्रिय-देवको उपासनामा पाइन्छ भने उग्ररूपा तथा शान्तिरूपा, महामायारूपिणी नटीको आराधनामा

शिव वा अघोर रूप शिव (भैरव) को पूजा पनि अनिवार्य नै हुन्छ। यसको व्यापकता पनि नेपालभित्रै छ। तन्त्र र वैदिक मन्त्रको मिश्रित परम्परा पनि पुरानो नै हो। श्रीमद्भागवत्को स्कं. ११ मा विष्णुको पूजाबारेमा वैदिक, तान्त्रिक र मिश्र तीनै किसिमको उल्लेख पाइन्छ। परन्तु पूर्ण तान्त्रिक धारा र पूर्ण वैदिक धाराको दैनन्दिनी सङ्गमचाहिँ सायद नेपालको विशेषता हो। त्यसैकारण यो देशलाई नै शिवशक्तिको देश भनिन्छ।

नृत्य-साधनाकी देवी हरसिद्धि

हरसिद्धि देवीको चर्चा नेपालमा व्यापक छ। यसमा देवीको भयावह पूजा-परम्परा छ भन्ने लोक धारणा पनि हो। उग्र पीठको साधना गर्नेहरूले देवीका निम्ति नरबलि दिन्छन् भन्ने कुरा परापूर्वदेखि नै चर्चित विषय हो। कपाल पालेका, सेतो जामा लाएका हरसिद्धिका पुजारी तथा नर्तकगण देख्दा आज पनि सहर र गाउँघरमा केटाकेटी भाग्दछन्, ठूला व्यक्तिहरू तर्सन्छन्। यसकारण हरसिद्धिको नाउँ नसुन्ने कोही छैनन् तर मन्दिरमा पुगेर दर्शन गर्ने व्यक्ति विरलै होलान्। यद्यपि उग्र शक्तिपीठमा नरबलि अग्राह्य हुँदैन। समस्त संसारको लय-विलय, संहार गर्ने देवीका रूपमा स्तुति गरिने देवी महिषासुर, चण्डमुण्ड, शुम्भनिशुम्भघातिनी, रक्तपायिनी देवीका निम्ति क्षुद्र मनुष्य-बलिको कुरा साधारण हो। यस्तो साधना-पद्धतिमा अखण्ड विश्वास राख्ने साधकहरूको बाहुल्य भएको बेला यस्तो कुरा आश्चर्यजनक पनि हुँदैन।

परन्तु आजको स्थिति अर्कै छ। उग्र तान्त्रिक साधनापक्ष पनि बेला-बेलामा कम हुँदै गएको र यस्तो कठिन दायित्व बोक्ने समाज पनि नभएको तथा राष्ट्रबाट पनि प्रश्रय पाउन नसक्ने स्थितिमा उक्त जनमानसमा रहेको धारणा पूर्णरूपले गलत भन्नुपर्दछ।

विभिन्न पशुबलिको सट्टामा पनि सात्विक बलिको विधान शास्त्रमा पाइन्छ। त्यस्तै नरबलिको सट्टा अन्य बलि दिन सकिन्छ।

हरसिद्धि बलि-विधानमा थुम्बा (भेंडो), बोको र हाँसबाहेक कुखुरा, राँगा र कुखुराको फुलसम्म पनि बलि चढ्दैन। भोजमा हरसिद्धिका गणहरू महर्जन जातिका मात्र भएकाले राँगो, जाँड-रक्सी खान्छन्। तर राँगा तलै काटिन्छ, देवीको स्थानमा लगिँदैन। यस्तै बँदेल र सुँगुर पनि चढ्दैनन्।

च्या-बु (हरसिद्धिका गण र नाइकेहरू) हरू पनि कुखुराको फुल र लहसुन खाँदैनन्। गण हुनेबाहेकका व्यक्तिलाई भने यो निषेध छैन।

हरसिद्धि देवी नृत्य-साधनाकी देवी हुन्। यिनको उपासना-पद्धति नाच नै हो। त्रिशक्ति हरसिद्धिको नृत्यरूप आराधना गर्न नटेश्वर शिवको पनि सँगै स्थापना र पूजा हुनु अनिवार्य छ। विना नाट्येश्वर नटीको नृत्य पनि सम्भव छैन। यसकारण १२ वर्षे जात्रामा नाट्येश्वरको कलेवर बदलेर पुनः स्थापना पनि हुन्छ।

नेपालका विशिष्ट जात्रामा नृत्य

नेपाल उपत्यकाभित्रका प्रसिद्ध १२ वर्षे जात्रा र विशेष पर्वमा गर्ने जात्रामा नाचहरू शास्त्रीय परम्परामा आधारित छन्। नृत्यका आफ्नै मुद्रा छन्, नृत्य अनुसार बाजा, लय, ताल, ध्वनि र गीत छन्। तान्त्रिक पक्षको विशेष अध्ययन भएका व्यक्तिले

मात्र नृत्यको रूप, भावना, कामना र यो नृत्य कुन आम्नायको हो तथा हादि-कादि कुन वर्गमा पर्ने देवीको उपासना हो भन्ने कुरा छुट्याउन सक्छ । प्रतिमाको मुद्रा, आसन र नृत्यमुद्राले सामञ्जस्य राखेको हुन्छ ।

यी नृत्यविधाहरूको विशेषता के छ भने कुन आम्नायकी कुन देवी कुन मुद्रामा स्थापना गरिएकी छन् वा भावना गरिएकी छन् त्यो नृत्यमुद्राबाट जान्न सकिन्छ । अर्थात् पीठदेवीको र नाट्यविधाको अत्यन्त घनिष्ठ सम्वन्ध छ । विना नाट्यविधाको उपासना नै अधुरो हुन्छ । सङ्क्षेपमा भनिदिऊँ मारण, मोहन, उच्चाटन, वशीकरणका विधा पनि नाट्यकलाभित्र पर्दछन् । बाली मार्ने, वर्षाद् गराउने, सहकाल पार्ने, महामारी फैलाउने र रोक्ने, राष्ट्रको सुभिक्ष-दुर्भिक्ष, शान्ति र सङ्घर्ष, राष्ट्रको कल्याण, राष्ट्राधिपतिको कल्याण आदि विभिन्न नृत्यकलापक्षको सङ्गम यी तान्त्रिक नृत्यविधाभित्र समावेश छन् । यसकारण यिनीहरूलाई प्रशस्त जग्गा-गुठी राखिदिएर राष्ट्रकल्याणका निम्ति पर्व, जात्रा र नृत्योपासना चलाउन छुट दिइएको छ । यस दृष्टिमा नृत्य मनोरञ्जनका साथै आभिचारिक पनि छ ।

यस्ता तान्त्रिक नृत्यहरूमा हरसिद्धिको नृत्य, ठेचोको नृत्य, बोडेको नृत्य, नवदुर्गाको नृत्य, नरदेवीको नृत्य, खोकनाको नृत्य आदि १२ वर्षे नाचको नाउँले प्रसिद्ध भएका जात्राहरूको आफ्नै विशिष्ट तान्त्रिक परम्परा रहेको छ । यी नृत्य-प्रणालीका अतिरिक्त लाखेनाचको अभिनय, भैरव भएर नाच्ने भक्कुको अभिनय, इन्द्रजात्राको अवसरमा प्रदर्शन हुने देवीनाच आदि नृत्यहरूका आफ्ना मान्यता र धारणा छन् । आफ्नै परम्परागत आसनमा कुन गोडा उचालेर, कुन देवतासँग गुहार मागेर नृत्य सुरु हुन्छ र कुन नृत्यमुद्रामा यसको परिसमाप्ति हुन्छ भन्ने कुराको लेखाजोखा हुनु र लिपिबद्ध हुनु अत्यावश्यक भएको छ ।

नाचमा मुद्रा-प्रदर्शनका साथै गाउने गीत हुन्छन्, धुन हुन्छ र विशिष्ट बाजा हुन्छन् । यी बाजा पनि नृत्यमण्डलीकै व्यक्तिहरूबाट बजाइन्छ । नृत्यका बेलामा जुन भाषाका शब्दहरू बोलिन्छन्, त्यो कुन कालको भाषा हो तथा त्यसको ध्वनिगत भावले नृत्यको कुन पक्षलाई सङ्केत गर्छ भन्ने कुरा पनि अनुसन्धेय छ । किनभने त्यो बेलामा बोलिने भाषा, गीत र इङ्गित मुद्रा-विशेषको शास्त्रीय परम्परा जान्ने व्यक्तिहरूको अभाव हुँदैछ ।

बौद्ध तान्त्रिक परम्परामा पनि नृत्य, मुद्रा, बाजा, ध्वनि, ताल, लय आदिको परम्परा अलिखित रूपमा नै आएको छ । आफ्नो समाजभित्र त्यस कुराको तालिम दिइन्थ्यो र जीवित राखिएको थियो अब के स्थिति छ, भन्न सकिँदैन । नृत्य-प्रणाली र मुद्रा-प्रदर्शन शैवहरूको भन्दा बढी बौद्धपरम्पराभित्र पाइन्छ ।

हरसिद्धि त्रिशक्तिको प्राचीन लिखित र अलिखित परम्परा

हरसिद्धिको त्रिशक्ति-स्थापना पूर्णघट (कलश) मा गरिन्छ । पूर्णघट माङ्गलिक वैदिक प्रतीक हो । पूर्णकलशमा ब्राह्मण पुरोहित (राजोपाध्याय) द्वारा देवीको आवाहन, प्राण-प्रतिष्ठा, साधारण पुरश्चरण, हवन आदि गरिन्छ । पूर्णकलश सूर्यविम्बमा रूपकल्पना गरेर जलमा र स्थलमा देवीदेवताको आवाहन गर्ने वेदकालीन परम्परा थियो । पछिपछि मात्र चित्र, प्रतिमा आदि निर्माण गरेर मन्दिरमा स्थापना गर्ने परम्परा चल्यो ।

वास्तुशास्त्र तथा प्रतिमानिर्माणविधिमा प्रायशः ७ किसिम मानेको पाइन्छ - सुवर्ण, ताम्र, रजत, पाषाण, दारु लेप्प (माटो), लेख्य (चित्र) । भविष्यपुराणले पनि उक्त सातै

कुरालाई मानेको छ। शुक्रनीतिमा भने ८ प्रकार छ-

प्रतिमा सैकती, पैष्ठी, लेख्या, लेप्पा च मृण्मयी ।
वार्क्षी, पाषाण, धातूत्था, स्थिरा, ज्ञेया यथोत्तरा ॥

बालुवाको, पीठाको, लेखेको, लिपेर बनाइएको, माटाको, काठको, पत्थरको, धातुहरूको अचल प्रतिमा बनाउन जनु क्रमैले उत्तरोत्तर बलियो हुन्छ।

उक्त प्रतिमा प्रकारमा पीठो वा चामलको, माटोको, बालुवाको, लखेको र लिपेको क्षणिक हुन्छन्। पर्व सकेपछि सेलाउने प्रथा छ। काष्ठनिर्मित तथा माटाका मूर्तिहरू १२ वर्षमा बदल्ने प्रथा पाइन्छ, जसलाई कलेवर फेर्ने भन्दछन्। भारतमा प्रसिद्ध जगन्नाथको मन्दिरको प्रतिमा काष्ठमय छ र १२ वर्षमा फेरिन्छ। काठमाडौंमा यसरी १२ वर्षमा कलेवर बदल्ने मन्दिरहरू निकै छन्। हरसिद्धिको बाऱ्हवर्षे पर्व पनि कलेवर वदल्ने नै हो। प्रयोगमा आएका भाँडा, अन्य अस्थायी सामान, पूर्ण कलश, कलशमाथि राखेको त्रिशक्तिको प्रतीक मुकुटहरूको कलेवर बदलिन्छ। पूरा एक वर्षसम्म यससम्बन्धी कार्य हुन्छ र पुनः प्राणप्रतिष्ठापछि नृत्यारम्भ पनि गरिन्छ। पौष पूर्णिमादेखि नृत्य सुरु भएर फाल्गुन पूर्णिमासम्म चल्दछ। नृत्य गर्ने प्रमुख ठाउँ निम्नस्थ छन् :-

मन्दिर अगाडिकै डबलीमा, बुङ्मती (मत्स्येन्द्रनाथ) मा, कीर्तिपुर, पाँगा, पाटन, देवपाटन, भक्तपुर, बनेपा तथा पनौतीमा। यी ठाउँहरूमा व्यापकरूपमा गरिने नृत्यपरम्परा, मानिसहरूको रुचि, बेफुर्सदी अवस्था, अपेक्षित भावनाले नृत्य-परम्परा साँघुरिदै आएको छ।

इतिहास

यसको प्राचीनताबारे विशेष अनुसन्धान हुन बाँकी नै छ। पूर्णकलशलाई प्रतीक बनाउनु, आगमिक साहित्यले नवदुर्गाभित्रकी एक देवी अथावा ६४ योगिनीभित्रकी एक योगिनीको नाम हरसिद्धि भनिए तापनि त्रिशक्ति (काली, लक्ष्मी, सरस्वती) को प्रतीक पूर्णकलशमा आवाहन गरिनु र पूर्णकलश भए पनि अचल-प्रतिमाका रूपमा स्थापना गरी नाट्योत्सवमा लैजान छुट्टै पूर्णकलशको (चौथो कलश) स्थापना गर्नु, पूरा शैवमार्गी महर्जनले पूजा, नृत्य चलाउनु, राजोपाध्यायले विधि गराउनु र मन्त्रदान गर्नु, होमादि यज्ञ गराउनु, च्याबुहरू नयाँ भर्ना गर्नुपर्दा ठीक-बेठीक जाँचेर स्वीकृति दिनु, उनको निश्चित दान-दक्षिणाको व्यवस्थाको पनि अभिलेखमा उल्लेख हुनु, विधि-विधानमा पनि शुद्ध शैव तान्त्रिक रूपमा दृष्टिगोचर हुनु आदिले गर्दा यसको प्राचीनताबारेमा सन्देह छैन। परम्परागत अनुश्रुतिअनुसार पनि बीचमा २।३ पटक यसको परम्परा लोप भएको र बेला-बेलामा पुनःस्थापना गरिएको कुराले यो परम्परा प्राचीन-स्थापना र मान्यता हो भन्नुपर्छ।

आजसम्म प्राप्त भएका प्राचीन अभिलेखमध्ये पाटनका राजा योगनरेन्द्र मल्लका पालाको ने.सं. ८२० को तावापत्र र ऐ ८२१ को परम्परा र गर्नुपर्ने कामको तपसिलवार व्यहोरा लेखिएको हरसिद्धिकै च्याबुगणसँग रहेको ठ्यासफूबाट के-कस्तो परम्परा रहेको थियो भन्ने कुरा जान्न पाइन्छ। यससम्बन्धी विस्तृत अनुसन्धान गरेर व्यापकरूपमा छानबिन गर्न बाँकी नै छ। नृत्यमा गाइने गीत, बोलिने भाषा, जसको अर्थ उनीहरूलाई पनि थाहा छैन, नृत्यकै बेलमा मात्र देख्न, सुन्न पाइने हुँदा त्यसको निरीक्षण, परीक्षण र समीक्षण गर्न बाँकी नै छ।

राजसंस्था र हरसिद्धिको सम्बन्ध

१) जुन वर्ष १२ वर्ष पुग्ने हुन्छ त्यसको केही समयअगाडि नै च्याबुहरूले यो वर्ष १२ वर्षको जात्रा पर्दछ, नियमबमोजिम हामी सलामी लिएर उपस्थित हुन्छौं भन्ने कुरा पहिले गुठीअड्डामार्फत् सरकारलाई हाल गुठी संस्थानलाई लिखित जानकारी दिन्छन्।

२) जम्मा च्याबु र गणसमेत हरसिद्धिको कार्यमा नियुक्त हुने २१ जवान नर्तक, गायक र वादक हुन्छन् । च्याबुहरू १२ वर्षको अवधिभित्र कारणवश खाली भएमा बीचमा भर्ना गर्नु हुँदैन । कसको वंशमा च्याबु हुन कुन योग्य छ, चोटपटक, दाग नलागेको, अङ्गहीन नभएको र कुल-मर्यादा नछोडेको छानेर गुरु (राजोपाध्याय) कहाँ जचाउन लैजानुपर्छ । राजोपाध्यायले अङ्ग-प्रत्यङ्ग जाँची ठीक ठहराएर स्वीकृति दिएपछि च्याबुमा भर्ना हुन गुठी संस्थानमा अनुरोध गरिन्छ ।

३) गुठी संस्थानको परम्पराअनुसार च्याबुहरूबाट सलामी रुपियाँ लिएर भइरहेका च्याबुहरूको थमौती र नयाँ भर्ना हुने व्यक्तिका निम्ति साधारण स्वीकृति दिनुपर्छ। यो काम १२ वर्षको कार्य सुरु गर्नुपर्ने वर्षको वैशाख शुदी प्रतिपदाभन्दा अगाडि नै सम्पन्न भइसक्नुपर्दछ ।

४) च्याबुहरूको अन्तिम स्वीकृति र बहाली श्री ५ महाराजाधिराज सरकारको बाहुलीबाट च्याबुहरू १० जवानलाई फेटा बाँधिबक्सी, तिलक (टीका) लगाइदिबक्सेपछि विधिवत् च्याबुहरूको नियुक्ति र थमौती भएको मानिन्छ ।

५) च्याबुहरूले पालामा अक्षता, सिङ्गो सुपारी, सिन्दूर र १।- रु. दाम सलामीवापत १० जवानले छुट्टछुट्टै राखेर सरकारमा चढाउँछन् ।

६) श्री ५ महाराजाधिराज सरकारबाट मौन रहीबक्सी चामल, सुपारी, सिन्दूर र रूपियाँ (१ रु. भन्दा बढी जति पनि) थप बक्सिएमा त्यो पर्व, जात्रा गर्न अनुमति बक्सेको सम्झिइन्छ र जात्रा गरिन्छ। थप गरी नबक्सेमा १२ वर्षे जात्रा गर्नु भन्ने हुकुम नबक्सेको सम्झनुपर्ने लिखित परम्परा छ ।

७) आगमको नियमले च्याबुहरूले बोलेर बिन्ती गर्न नहुने, सरकारबाट पनि शब्दद्वारा हुकुम बक्सनु नहुने परम्परा छ।

८) यो समारोह वैशाख शुक्ल प्रतिपदाभन्दा अगाडि श्रीमत्स्येन्द्रनाथको रथारोहण पर्वभन्दा अगाडि नै सम्पन्न भइसक्नुपर्ने परम्परा छ ।

९) यो परम्पराको व्याख्या गर्ने नेपाल सम्वत् ८२१ विक्रम सम्वत् १७५७ को पाटनका राजा योगनरेन्द्र मल्लका पालाको अभिलेख (ठ्यासफू) उपलब्ध छ । नवारी लिपि र भाषामा लेखिएको उक्त अभिलेखमा राजाबाट गरिबक्सने माथि लेखिएबमोजिमको परम्परा र वर्षदिनभरि १२ वर्षे जात्रामा गर्नुपर्ने काम कर्तव्य, बेला-बेलाका पर्व, बलिप्रथा, पूजा-विधानसमेतको दिग्दर्शन गरिएको छ ।

१०) बाह्र वर्षे पर्वमा बाली उठाउन ताकेता गरिदिनू भनेर अमालीलाई लेखिएको रुक्का तथा बाह्रवर्षे मेलालाई २ वटा केटा चाहिन्या रहेछ, गुठीयार अमाली बसी खटन गरिदिनू भन्ने १८९९ सालको लालमोहरको नक्कल गुठी तहबिल अड्डामा छ ।

हरसिद्धिको नित्यपूजा सम्पन्न गर्न निखुनी ८ वर्षभन्दा मुनिको कुमार केटो चाहिन्छ । १२ सम्ममा २० वर्षको हुन्छ । त्यस बेलासम्म विवाह गर्दैन । अर्को बाह्र वर्षमा

नयाँ केटो भर्ना भएपछि पुरानाले फुर्सद पाउने परम्परा छ। हरिसिद्धिका पुजारी (गठे) ले १२ वर्षमुनिका केटाकेटी लान्छन् भन्ने जनश्रुति यसै कारणले चलेको हो।

हरसिद्धिको बाह्रवर्षे नाच, जात्रा-पर्वको छोटो विवरण पनि यहाँ उल्लेख गर्नु आवश्यक सम्झी प्रस्तुत गरिएको छ।

क) भाद्र वदी १ का दिनमा आराम पूजा-पर्व।

ख) भाद्र शु. ६ का दिन श्री ३ देवताका निम्ति माटाका भाँडा बनाउने कुमालेसँग सर-सल्लाह गर्ने पर्व।

ग) भाद्र शुक्ल ८ का दिन उनै कुमालेसँग दोस्रोपटक सरसल्लाह गर्ने पर्व।

घ) आश्विन वदी २ का दिन विशेष पूजा।

ङ) जोशीले साइत हेरी तोकिदिएको दिनमा स्थापूजा गर्ने र यसै दिन तेस्रोपटक कुमालेसँग सरसल्लाह गर्ने पर्व।

च) ऐ ऐ चासीपका पूजा-पर्व।

छ) ऐ ऐ देवताको मुकुटमा रङ्ग चढाउने (आवश्यक परेको बदल्न पनि) पाटनको कोटीबही लगी चित्रकारी गरी पूजा गर्ने पर्व।

ज) चित्रकार र च्याबुहरू बसी दोस्रोपटक सरसल्लाह गर्ने पर्व।

झ) जोशीले तोकिदिएको साइतमा चित्रकारको घरमा गई (मुकुट) पूजा गर्ने पर्व।

ञ) नाट्येश्वर (चित्रको निर्माण गरी) स्थापना गर्ने, प्राण-प्रतिष्ठा, पूजा, होम (दशकर्म) विधि गर्ने पर्व।

ट) ऐ ऐ मैखासी लिन जानेलाई छोयला-भू पर्व।

ठ) मेखासी ल्याउने हरसिद्धि गाउँभरिका जनतालाई भोज खुवाउने पर्व (यो गाउँमा हालसम्म ७०० घरजति महर्जन छन्)

ड) श्रीको माटाका भाँडा बनाउने कुमालेहरूलाई भोज खुवाउने पर्व।

ढ) जोशीले साइत दिएको दिनमा पीठपूजा-पर्व।

ण) चित्रकारहरूसँग १२ वर्षको रङ्ग चढाउने सल्लाह गर्ने पर्व (यो श्रीको मुकुटमा नयाँ रङ्ग भर्ने पर्व हो।)

त) ऐ ऐ पाटन कोटीबहीमा गई चित्रकारी र अधिका सबै जहान, च्याबुहरू भरियासमेतलाई भोज खुवाउने पर्व।

थ) ऐ ऐ धासी पूजा-पर्व।

द) ऐ ऐ मूल सिठी पर्व (यो १२ वर्षे पर्वलाई पनि सिठी पर्व भन्ने परम्परा छ)

ध) पाटन कोटीबहीबाट मुकुट ल्याई भोज खुवाउने पर्व।

न) १२ वर्षको मिखाभू पर्व।

प) ऐ ऐ मि. ज.भू. पर्व।

फ) मूल सिठीमा ठाउँठाउँमा बाघ नचाउने पर्व (पाटन इलाछें र बुङ्मतीजात्रा)

ब) मूल सिठी सकिएपछिको विशेष पूजा-पर्व।

भ) सिठी शाङ्कोला भएपछि देवताको प्रायश्चिगेत्त होम (जग्गे) गर्ने पर्व।

म) मेकासी लिने पर्व।

य) मेकासी बोकी ल्याउनेलाई भोज खुवाउने पर्व।

र) माटाका भाँडा ल्याउनेलाई भोज खुवाउने पर्व ।
ल) कोल सिठी पूजा र यज्ञ गर्ने, पूजा गर्ने पर्व ।
व) वाह्र वर्षको कोल सिठीको अक्षय ओगन भोज पर्व ।
श) कोल सिठी पर्व १ को शाङ्के गरेपछि देवताको प्रायश्चिगेत्त पर्व-पूजा ।
ष) १२ वर्षको नाच-जात्रा सकेपछि पुलचोक देवताको पूजा-पर्व ।
स) १२ वर्षमा पर्ने गोदावरी मेलामा गैरगाउँलेहरूलाई मेला जाँदा भोज खुवाउने पर्व।
ह) मूल सिठी र कोल सिठीको होम यज्ञको दुई वर्षको दस्तरु (दक्षिणा) दिनुपर्ने (लगतवमोजिम)

उक्त माथि लेखिएवमोजिम 'क' देखि 'ह' सम्मको पर्व-पूजा चलाउनका निम्ति १९९६ सालको लगतवमोजिम धान ३५५ मुरी, गहुँ ४२ मुरी र मकैसमेतको व्यवस्था भइरहेकोमा भूमिसुधारपछि धान ३३० मुरी मात्र आउने र गहुँ नपाउने हुँदा लाग्ने खर्च छुट गुठी भएकोले च्या-वु (आठजना खेतवाला या गुठीयारहरूले) व्यहोर्नुपर्ने ।

उक्त व्यहोरा श्री ५ महाराजाधिराज सरकारका हजुरमा जाहेर हुँदा यो वर्षको १२ वर्षे पर्व सम्पन्न गतेका निम्ति च्यावुहरूको वहाली गरिवक्सेको दिन नपुग रकम पनि सहायतास्वरूप वक्सेको छ र यो परम्परा नै रहन गएको छ ।

पादटिप्पणी :

१ पश्वादुच्चैर्भुजतरवनं मण्डलेनाभिलीनः
सान्ध्यं तेजः प्रति नव-जपापुष्प-रक्तम् दधानः ।
नृत्यारम्भे हर पशुपतेरार्द्र-नागाजिनेच्छाम्
शान्तोद्वेग-स्तिमित-नयनं दृष्ट-भक्तिर्भवान्या । मेघदूत । ३६

२) पादन्यासैः क्वणित-रशनास्तत्र लीलावधूतै
रत्नच्छाया-खचित वलिभिश्चामरैः क्लान्त-हस्ताः
वेश्यात्तवत्तो नखपदसुखान् प्राप्य वर्षाग्रविन्दू
नोमाक्ष्यन्ते त्वयि मधुकर श्रेणि-दीर्घान् कटाक्षान् । ऐ । ३५

३) वैष्णव, शिव तथा अन्य धर्म - डा. भण्डारकर ।

४) सातौं शदीको निश्वासतन्त्र - दरवार लाइब्रेरीको सङ्कलनमा ।

कँडेलचोक भगवती
(हनुमानढोका, काठमाडौं)

ऐतिहासिकता :

शिव-पार्वती झ्यालमा वसेको आयताकार नवयोगिनी मन्दिरको पूर्व भागमा सडक-पूर्व दरवारकै बाह्य भवनका रूपमा रहेको घरको माथिल्लो तलामाथि मन्दिरको आकारमा उठाएको सानो मन्दिर छ । यो मन्दिर भएको भवनको लङभित्र चोक छ, जुन चोकलाई स्थानीय भाषामा कोहोलचोक भन्दछन् । उक्त शब्दको अपभ्रंशरूप कह्नेल वा कँडेलचोकको नाउँले आजभोलि उक्त चोक प्रसिद्ध छ । यसै चोकको नाउँले चोकलाई भित्र पारेर वनेको घरमाथि वनेको उपर्युक्त सानो मन्दिर पनि आजकल कँडेलचोक भगवतीकै नाउँले प्रसिद्ध छ । यही कोहोलचोकभित्रवाटै देगुलितले मन्दिरमा पनि जानुपर्छ ।

कँडेलचोक भगवतीको पूजाआजालाई पनि पहिले भित्रकै चोकवाट जान हुने गरी यो मन्दिर वनेको थियो । पछि मात्र यस मन्दिरमा जान वाहिरी लङवाटै भऱ्याङ राखी भित्रबाट वन्द गरिएको छ ।

श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाह विशेष रूपले भगवतीका उपासक भएको कुरा सल्यानकोटकी देवीले कन्या रूपमा दर्शन दिएको कुरावाट थाहा पाइन्छ ।[१] यस मन्दिरमा स्थापना गरिएको महिषमर्दिनी भगवतीलाई नुवाकोट भगवती भन्ने पनि चलन छ र उक्त देवीको आजसम्म पनि वर्षमा एकपटक नुवाकोट यात्रा गराउने चलन छँदैछ ।

किम्वदन्तीअनुसार नित्य उपासना गरिने उक्त महिषमर्दिनीको मूर्तिलाई श्री ५ पृथ्वीनारायण शाहको जहाँ सवारी हुँदा पनि साथै लाने चलन थियो, अर्थात् श्री ५ को खोकिलामा सधैं इष्टदेवीको सानो मूर्ति रहन्थ्यो ।

नुवाकोट विजय भएपछि श्री ५ पृथ्वीनारायणको प्रमुख राजधानीकै रूपमा नुवाकोटले स्थान पायो । प्राचीन वास्तुशास्त्रअनुसार राजदरवार तथा विशिष्ट व्यक्तिका महलहरू विमान कहिन्थे । सात तला र त्यसभन्दा वढी १० तला भएका राजप्रासाद हुन्थे । यस्तै भवनलाई विमान-प्रासाद भनेको पाइन्छ ।

राजधानीको दर्जा पाएपछिको नुवाकोट निकै विकसित भयो । यहाँ सात तलाको दरवार पनि वन्यो । १९९० सालको भूकम्पवाट भग्न भएपछि यसलाई तला होच्याई नवनिर्माण गरियो भनिन्छ । यो दरवार आज पनि स्मारकका रूपमा छँदैछ ।

नुवाकोटमा प्रसिद्ध भैरवीको मन्दिर छ । उपासना गरिंदा तत्काल फल दिने भनेर मानिएकी देवी भैरवीप्रति पनि श्री ५ वडामहाराजाधिराजको असीम श्रद्धा र विश्वास थियो भन्ने कुरा त्यहाँका पुजारी, धामीको परम्परा, प्राचीन अभिलेखहरूद्वारा थाहा पाइन्छ । आज पनि वार्षिक फलाफल धामीले दरवारमा जाहेर गरी पठाउँछन् ।

वाहिरका प्रसिद्ध देवताको पूजा-दर्शनको दैनिक कार्यक्रम भए पनि घरमा इष्टदेवताका रूपमा साना प्रतिमाहरू राखी पूजा गरिने पुरानो परम्परा रहेको छ । अचल प्रतिमाहरू वोकेर वाहिर लान हुँदैन र सकिँदैन पनि । उनकै प्रतिरूप साना मूर्तिहरू वनाएर घरमा पनि नित्य पुज्ने र वाहिर जाँदा पनि साथै लैजाने व्यवस्थाका लागि यस्ता मूर्ति वनाइन्थे । यस्तै नित्य उपासना गरिने र जहाँ जाँदा पनि साथै लाने भगवतीको मूर्ति काठमाडौं विजय भएपछि नित्यपूजा र दर्शन गर्न दरवारभित्रैवाट जान-आउन हुने गरी स्थापना गरियो ।

मल्लराजाहरूकी इष्टदेवी तुलजा भवानी, कुलदेवीकै रूपमा उपासिता देगुलितले भगवती पनि दरबार क्षेत्रभित्रै स्थापना गरेर राजपरिवारले दैनिक पूजा-वन्दनामा सम्मिलित हुन सक्ने व्यवस्था गरिएको पाइन्छ । त्यस्तै व्यवस्था मिलाएर कँडेलचोक भगवतीको पनि स्थापना गरियो ।

मन्दिरको निर्माणकालसम्बन्धी इतिहास :

यस मन्दिरको निर्माण भगवतीको मन्दिरका रूपमा नभएर महीपतीन्द्र नारायणको मन्दिर थियो भनेर अनुसन्धानकर्ताहरूले उल्लेख गरेका छन् ।[२] यसो भनिनुको कारण यस देवलको छानाको किनारमा अङ्कित अभिलेख हो । १८१३ वि० सं० मा मल्लराजा जयप्रकाशले महीपतीन्द्र नारायणको उक्त मन्दिरमा सुनको छाना हालेको कुरा लेखिएको छ ।[३]

राजा प्रताप मल्लका कान्छा छोरा महीपतीन्द्र नाउँका थिए । मन परेका छोरा भएर होला, उनलाई दाजुहरू नृपेन्द्र र पार्थिवेन्द्रभन्दा अगाडि राजा हुने क्रममा राखेका थिए । प्रताप मल्लको निधनपछि भक्तपुर, पाटनका राजासहित भारदारलाई जेठो क्रम छाडेको मन परेन । अतः वाँचेका छोराहरूमध्ये जेठा नृपेन्द्र राजगद्दीमा वसे ।

नृपेन्द्र पनि सन्तान नजन्मँदै परलोकगामी भएकाले पुनः उनका भाइ पार्थिवेन्द्रले राज्य पाए । पार्थिवेन्द्रको पनि विषद्वारा चाँडै मृत्यु भएकाले महीपतीन्द्र गद्दीको हक खोज्दथे किन्तु पार्थिवेन्द्रको छोरा भूपालेन्द्र मल्ल जन्मिएकाले केही वलिया भारदारहरू छोरापट्टि रोल दिने पक्षमा थिए । आखिर भूपालेन्द्रले नै गद्दी पाए; महीपतीन्द्र कैद गरिए । त्यहाँवाट उम्की उनी पाटनका राजाका शरणमा गए । त्यहाँ पनि महीपतीन्द्रमाथि हमला गरियो । त्यहाँवाट भागेर उनी पशुपतिको शरणमा पशुपतिका रावल (मूल पुजारी) स्वामी राघवानन्दको शरणमा लुकेर वसे ।[४]

राजा भूपालेन्द्रका प्रधानकाजी हुन पुगेका लक्ष्मीनारायण प्रधानको[५] दृष्टिमा महीपतीन्द्र ठूलो काँडा ठहरिए । उनले मानिस पठाई पशुपतिवाट लछारपछार र कुटपिट गरेर ल्याउँदै १७४४ साल भाद्रमा महीपतीन्द्रको ज्यान गयो ।

राजा भूपालेन्द्र पनि तरुणावस्थामा नै मरे । उनका छोरा भास्कर मल्ल निःसन्तान थिए र उनका शेषपछि उत्तराधिकारी हुने अरू नभएकाले महीपतीन्द्रका छोरीपट्टिका सन्तान जगज्जय मल्लले काठमाडौंको गद्दी पाए ।

सूर्यवंशी भनिने दोस्रो मल्ल राजवंश जो आफूलाई कर्णाटकवंशी नान्यदेवका सन्ततिमा गणना गर्थ्यो, समाप्त भयो । अव राजवंशको उत्तराधिकारी पुत्रिकापुत्र[६] मावलीपट्टिको वंश चलाउने छोरीका छोराका रूपमा जगज्जय मल्लले काठमाडौं राज्य पाए ।

आफ्नो अधिकारमा विघ्न पार्न सक्ने शत्रु सम्झिएका महीपतीन्द्रलाई क्रूरतापूर्वक मारेर पनि सन्तोष नपाएका लक्ष्मीनारायण प्रधानले महीपतीन्द्रको लासलाई अग्निसंस्कार गर्नसम्म पनि दिएनन् ।[७] काजक्रियाको त कुरै हरायो । उनको मृत्यु भएको २४ वर्षपछि राजा भास्कर मल्लको पालामा उनको जन्मपत्रिकाको अग्निसंस्कार गरी क्रिया गरियो । सायद अपुता राजा भास्कर मल्लले उत्तराधिकारीका रूपमा जगज्जयलाई चयन गरेपछि नै यो कार्य भएको होला ।

महीपतीन्द्र मल्लको सन्तान भएको नाताले गद्दीको हकदार हुँ भन्ने पुष्ट प्रमाण पाउन सकिएको छैन । तथापि उत्तराधिकारका निम्ति शुद्धकुलको अपेक्षा गरिने त्यो बेलामा पनि परम्परा रहेको र पुत्रिकापुत्रले निर्विवाद रूपमा मातृकुलको गोत्र धारण गरी वंश चलाउने मान्यता शास्त्रद्वारा नै प्राप्त भएको हुँदा छोरीकै छोरा रहेछन् भन्न सकिने अवस्था छ । साथै प्रताप मल्लका रानीहरूमध्ये दुई रानी कुचविहारका राजाकी छोरी र एउटी कर्णाटक वंशका क्षत्रिय पुत्री थिइन् । सायद मन परेकी रानी कर्णाटक कुलपुत्रीकै सन्तान महीपतीन्द्र थिए । उनका छोरीपट्टिका नाति राजा जगज्जय मल्लकी रानी कुमुदिनी पनि कर्णाटक कुलकै थिइन् ।

जसको नाताले जगज्जयले गद्दी पाए, उनै मातामहका प्रति श्रद्धा राखेर मुक्ति मिलोस् भन्ने उद्देश्यले दरबारभित्रबाटै प्रतिदिन पूजाआजा गर्न पाइने गरी यो मन्दिर बनाई महीपतीन्द्र नारायणको स्थापना गरेका रहेछन् भन्ने जानिन्छ । राजा जगज्जयका छोरा अन्तिम मल्ल राजा जयप्रकाशले उपर्युक्त मन्दिरमा सुनको छाना हाली आफ्नो श्रद्धा प्रकट गरेका थिए भन्ने कुरा थाहा हुन्छ ।

यस मन्दिरभित्र भगवतीका मूर्तिसँगै अगलबगलमा राजा प्रताप मल्ल र उनकी रानी इन्द्रमती एवं अनन्तप्रियादेवीको सम्झनामा स्थापना गरिएका तान्त्रिक देवदेवीका स्वर्ण प्रतिमाहरू अझ पनि त्यहाँ छन् । किन्तु नारायणको प्रतिमा भने त्यहाँ छैन । गौतमवज्रले यो रहस्यको उद्घाटन गर्ने एउटा ठ्यासफुको पूर्णिमा (वि० सं० ०२४ कार्तिक, पृ० १९४) मा उल्लेख गरेका छन् र आफ्नो हनुमानढोका राजदरबार भन्ने पुस्तकको पृ० ५८ को टिप्पणीमा ठ्यासफुको अंश उद्धृत गरेका छन् ।[८]

नारायणको मूर्ति हराएर ठाउँ खाली थियो, त्यो ठाउँमा भगवतीको मूर्ति स्थापना गरियो । मूर्ति चोरी भएको रहस्यात्मक कुरा राजा जयप्रकाश मल्लका पालामा लेखिएको एउटा ठ्यासफुमा लेखिएको छ । १८२३ वि० सं० को वैशाखमा महीपतीन्द्र नारायणको मूर्ति चोरले चोरी गरी लगेकाले त्यसको शान्ति-स्वस्ति गरिएको वर्णन उक्त ठ्यासफुमा उल्लेख भएको कुरा गौतमवज्रले उल्लेख गरेका छन् ।[९]

नेपालका केही पश्चात्कालीन वंशावलीमा उक्त मन्दिरका सम्बन्धमा श्री ५ पृथ्वीनारायण शाहले वि० सं० १८२५ मा काठमाडौं विजय गर्दा खल्तीमा राखी ल्याएकी भगवतीलाई हनुमानढोका दरवारमा तीन छाना भएको मन्दिर बनाई स्थापना गरेका तथा प्रतिवर्ष काठमाडौंबाट नुवाकोटसम्मको जात्रा गर्ने चलन चलाई गुठी राखेको कुरा उल्लेख गरेको पाइन्छ । परन्तु उपयुक्त ठ्यासफुको प्रमाणबाट खाली ठाउँमा नै भगवतीको पूजा स्थापना गरेको कुरा सिद्ध हुन्छ । नुवाकोटसम्मको खटजात्रा भने अद्यावधि चलेकै छ र भगवतीको पूजाआजा र जात्रापर्व चलाउन प्रशस्त गुठी राखिएकाले श्री ५ बडामहाराजाधिराजकी श्रद्धेय इष्टदेवी हुन् भन्ने कुरामा विवाद छैन ।

ने० सं० ८८६ मा मूर्ति चोरी भएको कुरा लेखिएकाले भास्कर मल्लको निधनपछि जगज्जय मल्ल राजा हुनेबित्तिकै मन्दिर निर्माण गरी महीपतीन्द्र नारायणको स्थापना भएको मान्न सकिन्छ ।

श्री ५ पृथ्वीनारायण शाहले काठमाडौंमा नुवाकोट भगवतीलाई गुठी राखिदिएको कुरा इङ्गित गर्ने सं० १८५२ को कागजको गौतमवज्रले उल्लेख गरेका छन् । यससम्बन्धी लगत तथा लालमोहरहरू गुठी संस्थानमा पनि छन्, जो यसैको परिशिष्टमा उल्लेख भएको छ ।

हनुमानढोका राजदरबारकै अङ्गका रूपमा गद्दीबैठकदेखि श्वेतभैरवसम्म दक्षिणबाट उत्तर हुँदै बनेको पुरानो नेपाली शैलीमा लामो भवनपट्टिकै उपरि अङ्गका रूपमा बनेको यो मन्दिरको भुइंतलामा कलात्मक मल्लकालीन ढोका छ । होचो किसिमले बनाएको त्यस ढोकाको माथिल्लो भागमा गरुडासन विष्णुको मूर्ति कुँदिएको देखापर्छ । मल्लकालमा बाहिरबाट महीपतीन्द्र नारायणको मन्दिरमा पस्ने द्वार यही नै होला भन्ने कुरा गौतमवज्रले उल्लेख गरेका छन् । किन्तु आजभोलि भने त्यो ढोकाबाट मन्दिरमा जान पाइँदैन । बायाँतिर अग्लो पेटीमाथिको अर्को सानो ढोकाबाट भगवतीको मन्दिरमा जाने बाटो छ । ढोकाबाट भित्र पस्नासाथ काठको ठाडो भऱ्याङ छ ।

यस मन्दिरको पहिलो तहको छानामुनि विधिभ्याल भएको तलाको सानो ठाउँमा नुवाकोट भगवती र अरू देवताका स्वर्णमय मूर्तिहरू छन् । यस मन्दिरका माथिल्लो दुई छानाचाहिँ सुनको मोलम्वा लागेका छन् र बाहिरबाटै देखिने गजुर पनि स्वर्णिम नै छ ।

यस मन्दिरको वि० सं० १८८८ तथा वि० सं० १९०४ मा मर्मत भएको थियो भन्ने कुरा उक्त मन्दिरको दोस्रो छानाको किनारमा अङ्कित गरिएको अभिलेखबाट थाहा हुन्छ ।[१०]

मन्दिरमा स्थापना गरिएका दुई स्वर्णिम प्रतिमा र भगवतीको विग्रहबाहेक इन्द्रजात्रापर्वमा प्रदर्शन गरिने धातुको भैरवमूर्ति पनि राखिएको छ । मन्दिरको बायाँतिर भऱ्याङसँगै रहेको सानो वेदिकामाथि त्यो मूर्ति विराजमान देखिन्छ । इन्द्रजात्रामा त्यो मूर्ति त्यहाँबाट झिकी माजुदेवलको मुनि दोबाटोमा राखेर उक्त मूर्ति प्रदर्शन गरिन्छ ।

गौतमवज्रको कथनअनुसार कलाको दृष्टिले यो भैरवमूर्तिको निर्माणकाल अठारौं शताब्दी मानिन्छ । इन्द्रजात्रा पर्वमा इन्द्रचोकका आकाश-भैरवलगायतका

भैरवमूर्तिको प्रदर्शन र पूजाआजा गर्ने परम्परा छ । मनोरञ्जनका आधुनिक साधन नभएका वेलामा विशेष चाडपर्वलाई आकर्षक बनाउन, कलात्मक देवदेवीका मूर्ति प्रदर्शन गर्ने देवदेवीकै शास्त्रीय कथनका रूपअनुकूल बनाइएका मकुण्डाहरू लगाएर नृत्य प्रदर्शन गर्ने चलन थियो । देवीनृत्य, श्वेतकालीनृत्य, दशावतारनृत्यजस्ता नाचहरू यो इन्द्रजात्रापर्वमा प्रदर्शन गर्दछन् ।

इन्द्रजात्रापर्वमा भगवतीका नुवाकोट भगवतीका मन्दिरमुनिको कोष्टागारवाहिर अरू देवदेवताका मूर्तिहरू प्रदर्शन गरिन्छ । धातुका ती प्रदर्शन गरिने मूर्तिहरू, नुवाकोट भगवतीको मूल चोकमा रहेको भण्डार कोठावाट झिकी सिंहढोकाको बाटो गरी ल्याइन्छन् । ती प्रदर्शन गरिने मूर्तिहरूमध्ये एउटाका पादपीठको अभिलेखवाट आनन्द भैरव, आनन्द भैरवी र कुमारका मूर्तिहरू भन्ने कुरा जानिन्छ । मल्ल राजा भूपालेन्द्रकी रानी भुवनलक्ष्मीले राजाको देहावसान भएपछि वि० सं० १७५९ भाद्रमा आफ्नो पति, आफू र बालक छोरा राजा भास्कर मल्लको प्रतीकका रूपमा यी देवमूर्तिहरूको निर्माण गराएकी थिइन् । इन्द्रजात्राको दिन वाहिर सवैले दर्शन पाउने ठाउँमा ल्याएर ती मूर्तिहरू प्रदर्शन गर्नुपर्ने कुरा पनि मूर्तिका अभिलेखमा नै उल्लेखित भएको छ ।[११]

गौतमवज्रको उल्लेखअनुसार एउटा कागजपत्रमा लेखिएको कुरावाट थाहा पाइन्छ कि इन्द्रजात्राको दिन मूर्तिहरू प्रदर्शन गर्न लैजाँदा पूजासामग्री आफैं वाहुलीवाट सङ्कल्प गरी ती मूर्तिहरूको श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायणवाट स्वयं पूजासम्पादन भएको थियो ।[१२]

सांस्कृतिक जात्रा-पर्वहरू :

साधारण तथा भगवतीका पर्वहरू वडादसैं, चैतेदसैं र काठमाडौंको विशेष चाड इन्द्रजात्रा, साउनेसङ्क्रान्ति, माघेसङ्क्रान्ति, प्रत्येक महिनामा अष्टमी, चतुर्दशी आदि छन् भने इष्टदेवताको विशेष पूजाको व्यवस्था राजा, राजकुमारहरूका जन्मोत्सव पर्वहरूमा पनि गरिन्छ ।

नुवाकोट भगवतीका लागि पूजा-पर्व सम्पादन गर्ने गुठीको व्यवस्था गर्दा उक्त गुठीकै आम्दानीवाट मनकामना भगवती तथा काठमाडौं गणेश, भैरव आदिको विशेष पूजा र इन्द्रजात्रापर्वका दिनहरूमा यहाँका देवताहरूको पनि पूजा गर्ने दरवन्दी वनाइएको पाइन्छ ।

पर्वहरूको गणना गर्दा देखिने पर्वहरू :

१) वैशाख कृष्ण चौथी पर्व (२) ऐ० अष्टमी र द्वादशी पर्व (३) वैशाख शुक्ल चतुर्दशी र पूर्णिमा पर्व (४) वैशाखपूर्णिमादेखि ज्येष्ठ कृष्ण पञ्चमीतक र ऐ० को अष्टमी पर्व (गोरखाकी मनकामनामाईको पर्व काठमाडौंवाट नै गई चलाउनुपर्ने) (५) ज्येष्ठ शुक्ल पूर्णिमा (वर्ष बन्धनपूजा) (६) श्रावणसङ्क्रान्ति पर्व (७) भाद्र कृष्ण-अष्टमी पर्व (८) भाद्र शुक्ल तृतीया पर्व, भाद्र शुक्ल ११ देखि ऐ० पूर्णिमातक (इन्द्रजात्रापर्व) (९) कुमारी, गणेश, भैरवसमेत (इन्द्रजात्रा पर्व) (१०) आश्विन कृष्ण

परेवादेखि पञ्चमीतकको पर्व (११) आश्विन परेवा (घटस्थापनादेखि दशमीतकको पर्व) (१२) कार्तिक वदी ३० (औंसी) लक्ष्मीपूजाको दिनको पर्व (भगवती तथा लक्ष्मीपूजा) पर्व (१३) कार्तिक शुक्ल चतुर्दशी र पूर्णिमा पर्व (१४) कार्तिक चतुर्दशी तथा पूर्णिमादेखि मङ्सिर कृष्ण पञ्चमीसम्म र ऐ० को अष्टमी पर्व (गोरखा मनकामनामा यहींबाट चलाउनुपर्ने) (१५) कँडेलचोक नुवाकोट भगवतीकै कार्तिक शुक्ल पूर्णिमाको पर्व (१६) फागुन कृष्ण १४ (शिवरात्री) पर्व (१७) चैत्र शुक्ल परेवादेखि अष्टमीतक (चैतेदसैं) पर्वसमेत गरी सत्र पर्वहरू पर्दछन् । पर्व-पूजा गर्ने दरवन्दी मल्लकालको तलेजु, दिगु-तलेजुकै दरवन्दीसँग मिल्दोजुल्दो देखिन्छ।

यात्रा :

वैशाख कृष्ण चतुर्थीका दिन काठमाडौंमा नुवाकोट भगवतीको विशेष पूजा गरी खटमा राखी नुवाकोटका लागि प्रस्थान हुन्छ । वैशाख कृष्ण चौथीदेखि ऐ० द्वादशीसम्म नित्यपूजाका साथै प्रतिदिनको पर्वपूजासमेतका लागि दरवन्दी गरिएको छ । द्वादशीका दिन विशेष पूजा सम्पादन गरी रथ (खट) नुवाकोटवाट काठमाडौं फर्काइन्छ । खट बोकेर लाने रकमी-पुजारीको विवरण परिशिष्टमा उल्लेख भएवमोजिम छ ।

पादटिप्पणी :

१) नयराज पन्त र अरू, श्री ५ पृथ्वीनारायण शाहको दिव्योपदेश
२) गौतमवज्र वज्राचार्य, हनुमानढोका राजदरवार, पृ० ५७
३) ऐ० पृ० मा उद्धृत, ६९ सङ्ख्याको अभिलेख – सम्वत् ८७६ ज्येष्ठमासे शुक्लपक्षे अष्टम्यान्तिथौ उत्तर फाल्गुनी नक्षत्रे शुध्दि योगे आदित्यवासरे यथा कर्ण्ण मुहूर्ते वृष राशिगते सवितरि कन्याराशि....जयप्रकाश मल्लन थ्व कुन्हु श्रीश्री महीपतीन्द्र नारायण प्रीतिन थ्व लुया श्रीश्री ......देवमल्लन प्रभु ठाकुलसन नारायणमहीपते....जयप्रकाश देवेन कृत हेम (उद्धरण पृ० २६१ बाट)
४) देवीप्रसाद लम्साल र अरू, भाषा वंशावली
५) लक्ष्मीनारायण जोशी भन्ने वंशावलीमा लेखिएको भए तापनि उनी प्रधान थिए भन्ने कुरा मेरो सङ्ग्रहमा भएको भूपालेन्द्र मल्लको १७४५ को लालमोहरवाट जानिन्छ ।
६) लेखकको तुलजासम्वन्धी लेखमा पुत्रिकापुत्रको शास्त्रीय विवेचना गरिएको छ ।
७) भाषावंशावली र ठयासफुहरूको ऐतिहासिक व्याख्या, पूर्णिमा ४ वर्ष अङ्क ४, ३८०-८२ पृ०
८) "सं ८८६ वैशाख शु. ६ थ्व कुन्हु श्री ३ महीपतीन्द्र नारायण जुस्के खुयाओ यन, थ्वया शान्ति याङा देवपूजा वरी पूत तया ङान्हु कुन्हु वेनका होम याङा समुद्र कलश ग्व ४ मूर्ति चोया शिवभक्ति ताहाप्वंन तया मृत्तिका

जोरग तीर्थलख गंगाजल दयकाओ प्रतिष्ठा कथनं शान्ति कथनं याङा दान तिलपात्र लुँ ८१ रत्ति । षतिशत्तत्वन सोधन याङा देवस्त" – ऐतिहासिक घटनावली, गौतमवज्र – पूर्णिमा । वि० सं० २०२५ कार्तिकको पृ० १९५ वाट

९) उपर्युक्त लेख नै, हनुमानढोका राजदरवार, पृ० ५८ मा उद्धृत

१०) यो लेख साभार 'हनुमानढोका राजदरवार' को आधारमा छ

११) गौतमवज्र वज्राचार्य, हनुमानढोका राजदरवार, पृ० ५९ र ५१ सं० अभिलेख –

१. सम्वत् ८२८ आशिवनमासे शुक्लपक्षे महाष्टम्यान्तिथौ शुक्रवासरे थ्व महाष्टमी पर्व दिन

२. कुन्हु श्री ३ तलेजु माजु प्रीतिन श्री २ भुवनलक्ष्मीदेवीन थ्व श्रीमूर्ति दुन्ता जुलो शुभ भूल चुक न्हुल दयकं ।

१२) गुठी खर्च अड्डामा रहेको दरवन्दी किताव

✡

न्हुच्छे भगवती
(हनुमानढोका, काठमाडौं)

हनुमानढोका राजदरवारको दक्षिणपट्टि कुमारीको भवनभन्दा उत्तरपट्टि वैठक छ। गद्दीवैठकमा पस्ने ठूलो ढोकावाट सोझै भित्रपट्टि पस्ता एउटा चोक आउँछ। यस चोकलाई न्हुच्छेचोक भन्दछन्। यस चोकमा भित्र पस्ता वायाँपट्टि एउटा सानो स्वर्णलेपित छाना भएको मन्दिर छ। यो भगवतीको मन्दिर हो र यसलाई न्हुच्छे भगवतीको सङ्ज्ञाले जानिन्छ।[१] नेवारी भाषामा न्हुल भनेको नयाँ भन्ने र छे भनेको घर हो भन्ने वुझिन्छ। त्यस्तै न्हुच्छे चोकको अर्थ नयाँ घर भएको चोक भन्ने हुन्छ।

यस चोकको पश्चिमछेउमा रहेको न्हुच्छे भगवतीको मन्दिरको छानामुनि अङ्कित वि० सं० १७९९ आषाढको अभिलेख राजा जयप्रकाशको हो।[२] यसपछि उक्त समयभन्दा अगाडि नै यस चोकको निर्माण भइसकेको कुरा थाहा हुन्छ।

श्री ५ पृथ्वीनारायण शाहदेव १८२५ आश्विन १३ गते इन्द्रजात्रापर्वमा उपत्यकाको मुख्य राजधानी काठमाडौं प्रवेश गरी हनुमानढोका राजदरवारमा विश्राम गर्न जाँदा यही चोकवाट पसेको कुरा भाषावंशावलीवाट ज्ञात हुन्छ।[३] किन्तु यो चोक कहिले वन्यो वा कसले वनायो भन्ने कुराचाहिँ जान्न सकिएको छैन। १९०४ सालमा यस चोकको दक्षिण भाग सवै भत्काई नयाँ घर वनाइयो।[४] पछि वि० सं० १९६४ सालमा त्यो पनि भत्काई युरोपीय शैलीमा गद्दीवैठकको नाउँले अद्यापि चर्चित भवन वनाइयो।

जङ्गवहादुरको पालामा वनेको भवनको फोटो प्राप्त भए तापनि त्यसभन्दा पुरानो भवनको रूपरङ्ग थाहा पाउने साधन भने उपलब्ध छैन। तथापि उत्तर र पूर्व लङ्गका घरहरू भने प्राचीन शैलीको नमुनाका रूपमा अझै देख्न पाइन्छ। हाल यस चोकको तल शाही सेनाका केही जवानहरू वस्तछन्। माथिल्लो तलामा अड्डा छ। तलका कोठाहरूमा गुठी संस्थानले ढुकुटीको काममा प्रयोग गर्दछ। उत्तरपट्टिको लङ्गमा पाँचमुखे झ्याल निकै आकर्षक देखिन्छ र पूर्वपट्टिको तलामा कौसी तोसाखाना भन्ने अड्डा भीमसेन थापाले राख्न लगाएका थिए।[५] आज पनि उक्त अड्डा त्यहीं नै छ।

कौसी तोसाखाना रहेको ठाउँभन्दा माथिल्लो तलामा श्री ५ पृथ्वीनारायण शाहको शैया रहेको छ। रातो चर्दुवामनि कपासका वाक्ला डस्ना राखेर तकियासहितको उक्त विस्तरालाई स्मृतिका रूपमा संरक्षण गरिएको छ जहाँ श्री ५

पृथ्वीको काठमाडौं विजयपछि केही समयसम्म शयनागारका रूपमा यो ठाउँले सौभाग्य पाएको थियो ।

नयाँ भवन र नयाँ चोक वनाएपछि वाहिर निस्कँदा दाहिने पर्ने गरी न्हुच्छे भगवतीको यो सानो मन्दिर वनाएको थाहा हुन्छ । चोकहरूमा कुनै न कुनै देवताको मूर्ति स्थापना गर्ने वा सानो सुन्दर मन्दिरको निर्माण गर्ने परम्परा रहेको थियो । देवीको स्थापना कहिले भयो त्यो थाहा पाइँदैन; तापनि त्यस मन्दिरको छानामुनिको ने० सं० ८६२ को अभिलेखवाट देवी प्रीतये गरी स्वर्ण छाना लगाएको चाहिँ राजा जयप्रकाश मल्लले हो भन्ने कुरा थाहा पाइन्छ ।

राजाद्वारा निर्माण गरिएका मन्दिरहरूको पूजा-पर्व चलाउने व्यवस्था सरकारवाटै गरिन्थ्यो र यस कामका लागि स्थायी सम्पत्तिका रूपमा नगद वा जिन्सी आम्दानी आउने जमिन गुठी राख्ने व्यवस्था थियो । त्यही आम्दानीवाट देवालयको मर्मत-सम्भारका साथै पूजा-पर्व पनि चलाउने व्यवस्था गरिएको हुँदा गुठी संस्थानले दरवन्दी वनाई पूजा-पर्व चलाउँदै आएको छ । भगवतीका विशेष पर्वहरूमा यहाँ पनि पर्वपूजा सम्पन्न गरिन्छ ।

पादटिप्पणी :

१. गौतमवज्र वज्राचार्य, हनुमानढोका राजदरवार, पृ. १३८

२. श्री ३ भगवतीदेखि प्रीतिन श्री २ जयप्रकाश मल्ल देव सन थ्व लुया पलिन चितका, सम्वत् ८६२ आषाढ शुक्ल त्रयोदशी आदित्यवार कुन्हु शुभ ॥
छानामुनिको अभिलेख, गौतमवज्रको उद्धरणवाट

३. नयराज पन्त र अरू, पृथ्वीनारायण शाहको दिव्योपदेश, पृ० ८७९

४. गद्दीवैठकको छानानिर रहेको श्री ५ पृथ्वीवीरविक्रम शाहको अभिलेख (अङ्ग्रेजीमा) A. D. १९०८ । हनुमानढोका राजदरवारको २७१ पृ० हेर्नोस्

५. हनुमानढोका राजदरवारको पृ० १३९ को पादटिप्पणीअनुसार संशोधनमण्डलको अप्रकाशित भाषावंशावली ३६७ पृ०

✡

राजकुट नृसिंह भगवती

(बाग्लुङ)

यो राजकुट नृसिंह भगवती मन्दिर बाग्लुङको राजकुट गाउँ विकास समिति वडा नं. २ मा पर्दछ । यहाँ कुनै समयमा मल्लनामधारी राजाले राज्य गर्दथे । यिनै राजाहरूले इष्टदेवी सिंहवाहिनी दुर्गाको स्थापना गरेका थिए ।

यस ठाउँमा मगरकुत, पञ्चवलकुत, वार्षिककुत आदि रकम तिर्नूपर्ने र वडादसैंमा पालो वस्ने तथा पञ्चवलि पनि ल्याउने चलन थियो । सोर्‍हौं शतीमा यो ठाउँ सेनराज्यमा मिलेपछि त्यो परम्परा लोप भयो । हाल चन्दाद्वारा पञ्चवलि र अन्य कार्य गरिन्छ ।

२००६ सालमा गुठी लगत अड्डाबाट तयार भएको इस्तिहारमा १८५४ सालमा यस मन्दिरको निम्ति गुठी-जग्गाको व्यवस्था भएको छ ।

पुरानो मन्दिर भग्नावशेष छ । हाल नयाँ मन्दिर ८ फिट उचाइ, ३४ फिट चौडाइ, १५ फिट लम्वाइको ढुङ्गाको छाना भएको दुईपाखे बनाइएको छ । यहाँ देवीका रूपमा पूजा गरिने शिलामय प्रतीक छ । अन्य मूर्तिहरू यहाँ छैनन् ।

१८५४ सालमा ३० मुरी माटो गुठी राखिएको थियो । पूजा सञ्चालन गरी वचत पुजारीले खाने लालमोहरअनुसार आज पनि सो चलन चल्दै आएको छ । लालमोहर प्रतिमनका नाउँमा भएकोले उनैका सन्तान लक्ष्मीधर तथा गङगाधर हाल पुजारी छन् । वडादसैं, चैतेदसैं, चण्डीपूर्णिमामा मात्र यहाँ पूजा चल्दछ ।

✡

बाग्लुङ कालिका
(बाग्लुङ)

यो वाग्लुङ जिल्ला कालिका गाउँ विकास समिति वडा नं. १ मा पर्दछ । यहाँका वासिन्दा खड्काहरूले आफू पश्चिमतिरबाट यहाँ आउँदा साथमा ल्याएकी कुलदेवी नै कालिका हुन् । उनीहरूवाट देवीका साथै देवीको खड्ग पनि ल्याइएको थियो । यहाँ ल्याई जङ्गलका वीचमा स्थापना गरिएकी उक्त देवीको मान्यता वढ्दै गएकोले मन्दिर निर्माण गरियो । सं. १८५९ मा वाग्लुङ कालिकामाईका पूजा चलाई शेष भाग गर भनी चौकिल्ला तोकी तत्कालीन जयगोविन्दकृष्ण खड्काका नाउँमा लालमोहर भएको थियो । वि.सं. १८८२ मा दुलाल खड्काका नाउँमा पुनः लालमोहर भई जग्गा नाप-जाँच गरी खड्काहरूबाट रैकरसरह मालपोत असूल गरी ५९। पूजा-खर्च पर सारी वाँकी अदालतमार्फत गुठी देवीस्थानमा दाखिल गर्ने परम्परा पनि चलाइएको थियो । गुठियारवाट पूजापाठ नचल्दा हाल अस्थायी समिति खडा गरी त्यसैवाट पुजारी भर्ना गरी पूजा चल्दै आएको छ ।

कालिका मन्दिरको पूर्वपट्टि कालीगण्डकी र पश्चिमपट्टि काँठ खोलाले छेकेको जङ्गल छ । त्यसका डाँडाको वीचमा यो कालिका मन्दिर छ । घना जङ्गलका वीचमा वनेको यो मन्दिर निकै भव्य छ । तलेशैली (मण्डप-शैली) मा निर्मित तीनतले यो मन्दिरका २ छाना छन् । ३ फिट अग्लो सुनको-मोलल्म्वा भएको गजुर छ । गजुर समेत गर्दा मन्दिरको उचाइ ३० फिट छ । मन्दिरको परिश्चमपट्टि ३० फिट लम्वाइ, १० फिट चौडाइ र १५ फिट उचाइ भएको २ तले ढुङ्गाले वनेको पाटी छ । मन्दिरको तल्लो भागको गर्भगृहमा देवीको मूर्ति राखिएको छ । वाहिरी प्रतीकस्वरूप मुकुट राखिएको छ । पटीमाथि १०८ काँसका घण्टी छन् । मन्दिरमा सुनचाँदीका गहना निकै भएकोले राती प्रहरीको पालोको व्यवस्था छ । यो व्यवस्था हुनुभन्दा अगाडि केही गहना हिनामिना भएको थियो ।

मन्दिरमा वलि चढेका टाउकाको ठेक्का ५३,०००।- मा लागेको छ । यसैवाट मन्दिरको खर्च चल्दछ । पुजारी मासिक २००।-, मन्दिर सफाई गर्ने १००।-, प्रतिमहिना होम गर्ने व्राह्मण रु. ३०।-, चण्डीपाठ गर्नेलाई मासिक रु. ६०।-, दैनिक पूजाका निम्ति मासिक १२०।- दिइन्छ । २ माना घिउ, १० माना अक्षता, ४ माना धूलो धूप, चैतेदसैंमा रु.२०००।- ३ पाठा, १ राँगो, २ सुँगुर वलि चढाइन्छ । पहिले यस मन्दिरका पुजारी खड्का थिए । हाल उनीहरूका भान्जा खलक पुजारी छन् । गणेश, शिव, भगवती, भैरव, महालक्ष्मीको पनि मन्दिरमा पूजा हुन्छ । वालाचतुर्दशी, कृष्णाष्टमी, औंसी, एकादशी तथा श्रावण र माघमा यहाँ वलि चढाइँदैन ।

✡

रम्भादेवीस्थान

(पाल्पा)

पाल्पा जिल्लाको तनहुँ गाउँ विकास समितिअन्तर्गत ८ नं. वडामा रम्भादेवी मन्दिर छ। यसको उत्पत्ति-कथा पौराणिक कालसम्म पुग्छ, तापनि १८ औं शतीतिर यो मूर्ति वनेको अड्कल गरिन्छ। वि.सं. १९५८ सालमा यहाँ कृष्णप्रसाद ढलौटले तोरण वनाई चढाएको अभिलेखबाट यो कुरा थाहा हुन्छ। मूर्ति स्थापना हुनुभन्दा धेरै अगाडिदेखि रम्भादेवीपीठको मान्यता रहेको अनुश्रुति छ।

यहाँ मन्दिर छैन। जङ्गलका बीचमा वरिपरि ग़ाहारो लगाई ४ फिट लम्बाइ, ८ फिट चौडाइ भएको कम्पाउन्ड बनाइएको छ। त्यहींभित्र अग्ला चौका उठाई मूर्तिहरू राखी पूजा गरिन्छ।

यसको पूजा-पर्वका लागि गाउँलेहरूले आपसमा उठाई केही अनाज दिन्छन्। यो रम्भादेवीस्थानको ५ मुरी धान र १० पाथी मकैजति आउने जग्गा गुठी पनि छ।

✡

रणउजरेश्वरी

(पाल्पा)

तानसेन नगरपालिका वडा नं. ८ मा 'रणउजरेश्वरी' भगवतीको मन्दिर छ। पाल्पाका प्रशासक भएर आएका काजी उजीरसिंह थापाले अङ्ग्रेजसँगको वुटवल युद्धमा सफलता पाएपछि यो मन्दिर वनाएका थिए र भगवतीको स्थापना गरी राजकीय जात्राका रूपमा जात्रा पनि चलाएका थिए। वि. सं. १८७१ को युद्धपछि १८७२/७३ तिर यो मन्दिर वनेको थाहा हुन्छ। यसपछि १८८६ मा माथवरसिंह थापावाट यसको मर्मत भएको थियो। १९९२ सालतिर पुरानै जगमा नयाँ मन्दिर वनेको हो। पुरानो मन्दिरमा तीनतले छाना थियो तर हाल दुई छाना मात्र छन्।

पाँच तह पेटीमाथि नेपाली शैली (मण्डप-शैली) मा २५×२५ फिट वर्गाकारमा यो मन्दिर वनेको छ, स्लेटको छानामाथि धातुको गजुर छ। यसका भित्ता र टुँडालहरू राम्रा छन्।

आठ भुजा भएकी विभिन्न आयुधयुक्त महिषमर्दिनी शिलामूर्ति यहाँको मुख्य विग्रह हो। भगवतीको यस मन्दिरको भित्रपट्टि वायव्य कोणमा १८ हात भएकी महिषासुरमर्दिनी (उग्रचण्डा) भगवतीको सानो तर निकै सुन्दर धातुमूर्ति छ। यसै मूर्तिमा वलि चढाइन्छ। यही मूर्तिलाई खटमा राखी रथयात्रा पनि गरिन्छ। कृष्णाष्टमीको भोलिपल्ट यहाँ खटयात्रा हुन्छ।

यस मन्दिरको गुठीमा २०० मुरी धान आउने खेत छ। स्थानीय मालपोत कार्यालयवाट रु. ६०० आर्थिक सहयोग पनि आउँछ। नित्यपूजा त्यसैवाट चल्छ। यस मन्दिरको गुठीयार पुजारी पनि वोर्लाङ थापा (उजीरसिंहका सन्तान) वाट व्यवस्था गरिन्छ। गुठी छुटगुठीको रूपमा भए तापनि हाल निजीरूपमा उपभोग भइरहेको छ।

यहाँको अन्य प्रवन्धका लागि जिल्ला विकास समितिको सभापतिको मातहतमा व्यवस्था समिति वनेको छ। केही रकम वैङ्कमा राखी व्याजवाट काम गर्ने पनि व्यवस्था गरिएको छ। हाल प्रेममान शाक्य गुठियार र कृष्णगोपाल, मुकुन्दराज, हिम्मतवहादुर, कृष्णवहादुर वज्राचार्यहरू पुजारी छन्।

✡

कोकलीदेवी

(पाल्पा)

पाल्पा जिल्लाको मदनपोखरा गाउँ विकास समिति वडा नं. ४ मा पर्ने अग्लो थुम्कामा कोकलदेवीको स्थान छ।

यसको ऐतिहासिकताबारे केही थाहा पाइँदैन। मगरकी पूज्य देवी भएकी र यहाँ मगर जाति परापूर्वकालदेखि नै बसेका हुनाले यो मगरहरूको पुरातन पीठ हो भन्नेसम्म अनुमान हुन्छ।

जङ्गलका बीचमा साधारण पर्खालले घेरिएर यो स्थान बनेको छ। यहाँ मन्दिर छैन। मगर जातीबाहेक अरूलाई कोकलदेवीको दर्शन गर्न पनि मनाही छ। मन्दिरमा गुठीको व्यवस्था छैन।

✡

कालिका
(पोखरा)

पोखराको फेवातालमाथिको पाखामा कास्कीकोट पर्दछ। यहाँ राजा कुलमण्डन शाहकै पालादेखि राजधानी (कोट) रहेको थियो। राजाहरू किल्लाभित्र बस्ने हुँदा किल्लाको नाम कोट भनिन्थ्यो।

त्यहाँ रहेको राजभवनमा कालिकाको मूर्ति छ। हाल त्यस ठाउँको महत्त्व पनि यिनै कालिकाको नाउँले बढेको छ।

कुलमण्डन शाहभन्दा अगाडिको राजनीतिक इतिहास पाउन सकिएको छैन। अतः यो कोटको इतिहास र कालिकाको ऐतिहासिक स्थिति पनि त्यहीँ नै टुङ्गिन्छ।

यी कालिकाको प्रशस्त जग्गा-जमिन गुठी भएको चर्चा सुनिन्छ। तर हाल त्यति छैन। सरकारी अनुदानबाट पूजा-पर्व चल्छ। कालिकागुठीको जग्गा-जमिन स्थानीय मानिसले आफ्ना नाउँमा दर्ता गरेको कुरा सुनिन्छ। यो खोजीको विषय हो। हालसम्म कायम भएको केही जग्गाबाट पुजारीको भने व्यवस्था भएको छ। साह्रै जीर्ण भएको कोटघर तथा मन्दिरको साँचो र अन्य सामान पुजारीको जिम्मामा छ। केही मर्मत-संम्भार स्थानीय व्यक्ति एवं गाउँ विकास समितिवाट हुने गरेको छ। पुरातत्त्व विभागवाट पनि यसको मर्मत भएको छ।

✡

वाराही
(पोखरा)

पोखरा नगरपालिका वडा नं. ६ मा फेवातालको बीचमा रहेको ढिस्कोमाथि वाराही मन्दिर छ । ३०० वर्षअघि कास्कीकी एक रानीले ढिस्कोमाथि रहेको एउटा शिला, जसलाई अर्घौतो भनिन्थ्यो, वाराहीको प्रतीक मानेर मन्दिर बनाएकी थिइन् । हालको मन्दिर २०१७ सालमा निर्माण भएको हो । २०३७ सालमा यसको पुनः मर्मत-सम्भार भएको छ ।

नेपाली शैलीमा ८ फिट वर्गाकारमा यो मन्दिर बनेको छ । मन्दिरको उचाइ करिब २० फिट छ । मन्दिरको बीच भागमा वाराहीको मूर्ति छ । यसको २० मुरी धान आउने गुठी छ । यसैबाट पूजा-पर्व चल्दछ । हाल यसको पुजारी बुद्धिनाथ पहाडी (पोखरेल) छन् ।

यस मन्दिरमा बडादसैंमा बलिसहितको पूजा पनि हुन्छ ।

✡

विन्ध्यवासिनी

(पोखरा)

विन्ध्यवासिनी मन्दिर पोखराको प्रसिद्ध मन्दिर हो। यसको ऐतिहासिकतावारे दुई किसिमको अनुश्रृति सुनिन्छ। एउटा अनुश्रुतिमा कास्कीका राजा सिद्धिनारायणले विन्ध्याचलवाट यी देवीलाई ल्याएका हुन् भन्ने छ। तर यस कुराको प्रमाण भने छैन। यो मन्दिरको नित्यपूजाको व्यवस्थाका निम्तिं पुजारीको प्रवन्ध गरिएको छ। वि.सं. १८७२ को लालमोहरबाट यो कुरा थाहा हुन्छ।

अष्टकोणकार गुम्वज शैलीमा यस मन्दिरको निर्माण भएको छ र यसको वाहिरी व्यास २४ फिट छ। चतुष्कोण ढुङ्गाको पेटीमाथि ७×८ फिटसम्म अष्टकोण परेको छ। ८ फिटपछि व्यास कम हुँदै टुप्पामा गंजुर जडान गरिएको छ। भित्री भुइँमा सङ्गमर्मर छापिएको छ। पहाडको थुम्कोमा रहेको यो मन्दिरको प्राङ्गण पुग्न पूर्व र उत्तरतर्फवाट ढुङ्गाको खुड्किला बनेका छन्।

मन्दिरभित्र १८७२ तिर बनेको अष्टभुजा भगवतीको मूर्ति छ। मन्दिरको चोकमा शिव, हनुमान, सरस्वती आदि देवदेवीका मूर्तिहरू पनि छन्। राजा सिद्धिनारायणवाट रहेको ४० मुरी चाहार खेत र ४ पाथी विजन जाने पाखोबारी गुठी छ। यस मन्दिरका लागि वडादसैंमा रु. ३२०।- र चैतेदसैंमा रु.३२०।-। स्थानीय मालपोत कार्यालयवाट दिइन्छ। रु. ३।२७ पुजारीले शेष कसर बुझाउँछन्।

श्री ५ महेन्द्रबाट निर्देशन वक्स भएबमोजिम नगर-विकासवाट यस क्षेत्रमा ४।५ लाख खर्च गरी पार्क निर्माण भएको छ। गाउँ विकास समिति र पुर्जारी पनि सरसफाईमा संलग्न भएकाले मन्दिर सफा छ।

✡

भद्रकाली

(पोखरा)

पोखरा नगरपालिका वडा नं. १२ मा भद्रकाली मन्दिर छ । यसलाई मुडुल थुम्के पनि भनिन्छ । भद्रकालीको पीठ पुरानै भए तापनि मन्दिरचाहिँ पछि बनेको हो भन्ने कुरा त्यहाँ भएका १९७४ तथा १९७७ सालका घण्टाको अभिलेखबाट थाहा हुन्छ ।

यो मन्दिर दुईतले स्लेटको छाना भएको नेपाली शैलीमा छ । वर्तमान मन्दिर केही वर्षअगाडि मात्र बनेको हो । थुम्कामा भएको यस मन्दिरमा जान फेदीबाट २२७ खुड्किला चढ्नुपर्छ । ढुङ्गाको सो सिँढी जनसहयोगबाट बनेको हो ।

मन्दिरमा अष्टभुजा भएकी २७ इन्च भद्रकालीको मूर्ति छ । यहाँ पहिले साधा पीठ थियो, पछि यो शिलाको मूर्ति बनेको भनिन्छ । यस मन्दिरको ६ रोपनी खेत र २० रोपनी पाखो गुठी छ । यसबाट १५×२० मुरी धान र ५×६ मुरी मकै-कोदो आउँछ । यसैबाट एक पुजारीको व्यवस्था गरिएको छ । घनश्यामदास काफ्ले हाल यसका पुजारी छन् । विहान नित्यपूजा र चण्डीपाठ हुन्छ भने बेलुका आरती हुन्छ । विन्ध्यवासिनीपछि अर्को चल्तीको मन्दिर यही हो ।

✡

कालिकास्थान

(पोखरा)

पोखरा नगरपालिका वडा नं. १६ बाटुलेचौरमा कालीको मन्दिर छ। यो मन्दिर भएको ठाउँमा कास्कीका राजाहरूको शरद्कालीन दरवार थियो भनिन्छ। सायद यो मन्दिर दरबारको हाताभित्रै थियो।

पहिले दरवार भए पनि पछि त्यसको नामोनिशान मेटियो। पछि खनेर हेर्दा एउटा खड्ग फेला परेकोले त्यसैलाई कालिकाको आयुध मानी मन्दिर बनाई मूर्ति स्थापना गरियो र एक शतीपूर्वदेखि नित्य पूजा-पर्व चल्दै आएको छ।

८×९ फिट वर्गाकारको नेपाली शैलीमा यो मन्दिर निर्मित छ। यसमा स्लेटको छाना र धातुको गजुर छ। पुरानो मूर्ति हराएकोले नयाँ मूर्ति बनाई केही वर्षदेखि शिलामूर्ति पुनः स्थापना भएको छ।

यसका पुजारी देवकोटा छन्। उनीहरूले नै यहाँ गुठी राखेका छन्। त्यसैवाट पूजा-पर्व चल्छ। नारायण देवकोटा वर्तमान पुजारी छन्।

✡

तुरलुङ कालिका
(लमजुङ)

लमजुङ जिल्ला चन्देश्वर गाउँ विकास समितिमा तुरलुङ कालिकाको मन्दिर छ। जिल्लाभरिका व्यक्तिले मानिएकी हुँदा भाकल गरी यहाँ वलि चढाउन पनि ल्याउँछन्। ४००० फिट अग्लो वनले ढाकिएको थुम्कामा यो मन्दिर छ। करिव १५ फिट उचाइ र ७×७ को वर्गाकारका रूपमा यो मन्दिर वनेको छ। ढुङ्गाको गाहारो र छानो भएको यो मन्दिर नेपाली तलेशैलीमा बनेको छ।

सुरुमा नित्यपूजाको परम्परा नभए पनि ४०/४५ वर्षयतादेखि ब्राह्मण राखी नित्यपूजा गरिन्छ। वडादसैंमा पर्वपूजा, कालरात्री नवै दिन चण्डीपाठ आदि हुन्छ। नवमीमा काला बोका तथा राँगो कालिका र कोटको मौलोमा पूजा गरिन्छ। चैतेदसैंमा मौलोमा कोलो बोको र कालिकामा राँगो वलि दिइन्छ।

यो मन्दिर यशोव्रह्म शाहको समयको हो भन्ने अनुश्रुति छ। पुरानो अभिलेख भएको मूर्ति चोरी भइसकेकोले यस सम्बन्धमा निश्चय गर्न सकिँदैन। यो मन्दिरको साधारण मर्मत-सम्भार गर्नुपर्ने देखिन्छ।

✡

मनोकामना
(गोरखा)

यो मन्दिर मनोकामना गाउँ विकास समिति वडा नं. ३ मा छ। कथानकअनुसार भगवान् शिवबाट भष्मासुरले वरदान पाएपछि शिवमाथि नै वरदानको परीक्षा गर्न खोज्यो। महालक्ष्मीले शिवलाई जोगाइन्। यसबाट खुसी भएका शिवले मानिसहरूको मनोकामना सिद्ध गर्ने आशीर्वाद दिए। यिनै महालक्ष्मी राजा राम शाहकी रानीका रूपमा जन्मिन्। राम शाहसँग सती जाँदा सिद्ध लखन थापालाई आफू दूध र रगत बग्ने शिलामा प्रविष्ट भई लोककल्याणका लागि रहने कुरा भनेकी थिइन्। उनको त्यस वचनअनुसार वर्तमान मनकामनाको मन्दिर भएको ठाउँमा त्यस्तो शिला उत्पन्न भयो। सिद्ध लखन थापाले यो कुरा थाहा पाई त्यहाँ पूजापाठ सुरु गरे। अद्यावधि उनकै सन्तान पुजारी भएर त्यहाँ पूजा गर्दैछन्।

अन्दाजी ३०० फिट चौकोण ढुङ्गाको आँगनको पश्चिम-उत्तर कुनामा यो मन्दिर छ। पेटीमाथि मन्दिरको जग छ र मुख्य द्वार दक्षिण फर्केको छ।

मन्दिर प्रचलित नेपाली तलेशैली (मण्डपशैली) मा निर्मित छ। मन्दिरको माथिल्लो छाना श्री ५ सुरेन्द्रवीरविक्रम शाहको पालामा मर्मत भएको थियो।

मन्दिरको तल्लो छाना थेग्ने टुँडालमा दक्षिणबाट इन्द्र, वराह, विष्णु, कुमार र उत्तरपट्टिको पूर्वबाट शिव, सरस्वती, दुर्गा, काली एवम् पश्चिम-उत्तरपट्टिबाट इन्द्रायणी, वाराही, लक्ष्मी, कुमारी र दक्षिणपट्टिको पूर्वबाट वैष्णवी, सरस्वती, दुर्गा र कालीका मूर्ति अङ्कित छन्।

गर्भगृहमा शिलाका पाँच प्रतिकृति छन्। सबैभन्दा ठूलो मनकामना, दुवैपट्टि छेउमा गणेश र भैरव, गणेशका छेउमा कुमारी र तीभन्दा पछाडिको शिलामा चामुण्डाको प्रतिकृति छ। पश्चिमपट्टि पानी जाने ठाउँमा वेतालको शिला-मूर्ति छ।

मनोकामनाको पूजापर्वका निम्ति गुठी जग्गा छ। त्यसबाहेक पूर्व-पूजा चलाउन काठमाडौं गुठी खर्च अड्डाबाट पनि कर्मचारी गई पूजापर्व चलाउँछन्। यसै गुठीबाट त्रिवेणीमा र वक्रेश्वरमा पनि पूजा चलाइन्छ। महाअष्टमीमा वक्रेश्वरको पूजामा नगरा बजाएर राँगोसमेत लैजान्छन्। विजयादशमीमा गोरखकालीबाट फूलपाती र टीका मनोकामनामा ल्याइन्छ।

✡

वारपाक कोटदेवी

(गोरखा)

वारपाक गाउँ विकास समिति वडा नं. ८ वारपाक कोटदेवीको स्थान छ । गोरखा जिल्लाका ३६ कोटमध्ये यो शक्तिशाली कोट थियो । यो शक्तिशाली थियो र भोटको व्यापारिक मार्गमा पर्थ्यो भन्ने कुरा वंशावलीवाट थाहा पाइन्छ ।

यहाँ घले राजाका पालामा कोट्देवीको पूजा चलेको थियो । पुरातन कालमा कोट (किल्ला) भित्र नै राजदरबार तथा फौजी अखडा हुने भएकाले त्यहींभित्र देवदेवीको स्थापना गरी पूजा गर्ने चलन थियो । यो कोट गोरखामा मिलेपछि पनि पूजाआजा चल्थ्यो । यसका निम्ति गुठी जग्गा थियो र गुठीको आम्दानी आउन छाडेकोले राणाकालमा नै पुनः गुठीको प्रवन्ध मिलाई पूजाआजा चल्यो । गुठीवाट आउने ६० मुरी आम्दानीमध्ये ४० मुरीको आम्दानी उठेको छैन भनिन्छ । विशेष पर्व-पूजाका लागि चैतेदसैं तथा वडादसैंमा ३००×३०० रुपैयाँ मालवाट दिइन्छ ।

वारपाकमा तल्लो र माथिल्लो गरी २ कोट किल्ला छन् । माथिल्लो कोटभन्दा २०० फिट तल तल्लो कोट छ । तीनपट्टि भीरवाट गाह्रो उठाएर १५ फिटजति भागमा ढुङ्गाको गाह्रो र टिनको छानाको दुईपाखे घर छ । त्यसको भित्र साना-ठूला गरी सातओटा शिला स्थापना गरिएका छन् । यिनैलाई ७ औंला देवी भनी पूजा गर्दछन् । पहिले अम्विकेश्वरी देवी भनी पूजा गरिन्थ्यो भनिन्छ । अम्बिका, दुर्गा, काली, सरस्वती, लक्ष्मी, महाकाली, कौमारी आदिको क्रममा पूजा हुन्छ र राँगा-वोकाको वलि दिन्छन् ।

यहाँका पुजारी घले छन् । चैतेदसैं र वडादसैंमा पर्वपूजा गरिन्छ । यसवेला पञ्चवलि वोका, सुँगुर पनि वलि चढाइन्छ ।

✡

लिगलिगकोट कालिका

(गोरखा)

आँप-पीपल गाउँ विकास समितिमा लिग्लिगकोट पर्छ। यसैलाई श्री ५ द्रव्य शाहले पहिलो विजय गरेका थिए।

ऐतिहासिक लिग्लिगकोटमा दरबारभन्दा दुई सय फिट दक्षिणमा कालिकाको मन्दिर छ। १० फिट चौडाइ, २० फिट लम्बाइ, पाँच फिट उचाइको पर्खालभित्र कालीको शिला छ।

यसमा छानो लगाउन नहुने कथन छ। त्यसभित्र रहेको शिलामा कालिकाको आवाहन पनि गर्ने गरिन्छ।

यसको पूजापर्वका लागि ३ खेत (३०० मुरी) गुठी राखिएकोमा इन्द्रविक्रमलाई पूजा चलाउन दिइएको र पूजा नचलाएकोले १९४२ सालमा ५५ रु. पूजा खर्च छुट्याई बाँकी मात्र खान पाउने सनद भएबमोजिम पूजा चलेकोमा हाल खर्च थोरै र गुठी आफ्ना नाउँमा दर्ता गराएकोले पूजा र भवनमा बाधा परेको कुरा जानकारीमा आएको छ।

नित्य पूजा गर्ने नेउपाने बाहुनहरू छन्। नित्य बिहान-बेलुका पूजा हुँदैछ नजिकै भूमेस्थान छ। भूमिदेवीको पनि पूजा हुन्छ। त्यहाँ २ वटा शिला छन् पुजारी उनै हुन्।

✡

समयमाई
(तौलिहवा)

तौलिहवा नगरपालिका वडा नं. २ को आनन्दवाग भन्ने ठाउँमा एउटा ठूलो भग्न स्तुपमाथि समयमाईको मन्दिर वनेको छ। यसलाई जग १०० फिट गोलाइको छ। यो स्तुपमाथि कहिले र कसले मन्दिर वनायो, पत्ता लाग्दैन। छाना नभएको १५ × १५ फिट वर्गाकारको ५ फिट उँचो यो मन्दिर इँटा, पत्थर र सिमेन्टले वनेको छ। यसभित्र सरस्वतीजस्तो देखिने २ फिट अग्लो १ मूर्ति र ३/४ ओटा अरू अस्पष्ट मूर्तिहरू छन्।

यस मन्दिरमा पुजारीको खास व्यवस्था नभएको हुनाले भक्तहरूद्वारा नै वेलावखत पूजा हुन्छ। यस मन्दिरमा गुठी पनि छैन।

✡

कोटकाली भगवती

(नवलपरासी)

पाल्ही गाउँ विकास समिति वडा नं. २ मा स्थित पाल्ही गाउँमा नवलपरासी भगवतीको मन्दिर छ। यी भगवती पालवंशी राजाले ४०० वर्षभन्दा पनि पहिले स्थापना गरेका थिए। राजाको कोट (किल्ला) भित्र स्थापना गरेका हुनाले यसलाई कोटकाली भन्न चलन पनि छ।

यहाँ पाल्ही माल खडा भएपछि सं. १९०० मा लालमोहर गरी यसको गुठीको व्यवस्था भएको थियो। तर हाल मन्दिरको आयस्ता छैन र गुठी खोज्नुपर्ने भएको छ।

इँट, काठ, सिमेन्टद्वारा गुम्वज शैलीमा यो मन्दिरको निर्माण भएको छ। कालो पाषाणको १० इन्चजति अग्लो केही खिएको मूर्ति उक्त मन्दिरभित्र छ। शिवको लासमाथि खडा चार वाहुकी मुण्डमाला लगाएकी कालिका ३ × ३ फिट वर्गाकार आसनमा आसीन छिन्। त्यही पीठमा ५ पीठका प्रतीक अरू शिला पनि छन्। मन्दिरको हातामा ६ इन्च अग्लो गणेशको र एक फिट अग्लो हनुमानको मूर्ति छ।

यो मन्दिर १५ × १५ फिट वर्गाकारको २० फिट अग्लो छ। यसको वाहिर नागर शैलीको वरन्डा निकालिएको छ। १०० फिट लम्वाइ, ७० फिट चौडाइको हाताभित्र यो मन्दिर बनेको छ। पुजारीलाई खानगीवापत दिइएको ४ विगाहा जग्गामध्ये २ विगाहा नहर योजनामा परेकाले २ विगाहाको १३ मन धान आयस्ता छ। यसैबाट पूजा चलेको छ। यहाँ नित्यपूजा हुन्छ। वडादसैंको नवमी र चैतेदसैंको अष्टमीमा यहाँ पञ्चवलि चढाइन्छ। पञ्चवलिमा वोका, राँगो, हाँस, कुखुरा र सुँगुर चढाइन्छ। देवीभागवतवाट हवन र भोजनसमेत गर्ने व्यवस्था छ। यसको खर्च पृथ्वीराज कणेलले व्यक्तिगत रूपमा वेहोर्दै आएका छन्।

वर्षको २ पटक हुने दसैंपर्व खर्च १० वर्ष अगाडिसम्म श्री ५ को सरकारको तर्फवाट जिल्ला कार्यालयले दिने गर्थ्यो। हाल सो व्यवस्था टुटेको छ।

✡

दाउन्नेदेवी

(नवलपरासी)

नवलपरासी जिल्लाको दाउन्नेदेवी गाउँ विकास समिति वडा नं. ७ र ८ को सीमामा पर्ने घना जङ्गलका बीचमा दाउन्नेदेवीको मन्दिर छ।

मन्दिरको अस्तित्व करिव २०० वर्षभन्दा पहिले नै रहेको पाइन्छ। त्यसवेला चितौनका थारू राजाहरूले यिनलाई इष्टदेवीका रूपमा पूजा गर्थे। हाल पनि हजारौं सङ्ख्यामा थारूहरू गई त्यहाँ पूजा गर्छन्। दाउन्ने पहाडको ३०० फिट जङ्गली इलाकामा ९ वटा अन्य देवस्थलहरू पनि छन्। ती हुन्- अष्टयोगाश्रम १, आर्यलोकेश्वर २, बोधिसत्व चैत्य ३, वज्रकुटी गुफा ४, हनुमानको मूर्ति ५, भयनाश देउराली मन्दिर ६, सरस्वती पञ्चयोगाश्रम ७, थाङनेदेवी ८, शङ्करमूर्ति ९।

राजमार्गबाट मन्दिरमा पुग्न आधा घण्टा उकालो चढ्नुपर्छ। डाँडामा जङ्गलको बीचमा देवीको १ तले सुन्दर मन्दिर छ। नेपाली शैलीको इँट, काठ र फलाम प्रयोग गरी ५ × ५ फिट वर्गाकारमा बनेको यो मन्दिर १० फिट अग्लो छ।

दैनिक १०/१५ दर्शनार्थी यस मन्दिरमा आउने हुँदा त्यही आयवाट मन्दिरको नित्यपूजा चलेको छ। मन्दिरमा देवीको प्रतीक साधा १ शिला पनि छ। पछि राजमार्ग बनाउँदा ३ फिट अग्लो अष्टभुजा भएको सिंहवाहिनी मूर्ति सिमेन्टद्वारा निर्माण गरी स्थापना गरिएको छ।

✡

छत्रदेवी
(गुल्मी)

गुल्मी जिल्लाको हर्दिनेटा गाउँ विकास समिटि वडा नं. ५ मा छत्रमन्दिर छ। यो गाउँ विकास समितिको वस्ती निकै पुरानो मानिन्छ। हर्दिनेटा गाउँको पुछारमा नै पाँच हजार फिट अग्लो, २०० फिट वर्गाकार थुम्कोमा छत्रदेवताको मन्दिर निर्माण भएको छ।

ग्रामीण समाजमा देवी-देवताप्रति जनविश्वास वढी रहेको छ। चिताएको कुरो पुगेमा यस्तो वलि चढाउँछु भनी यहीँको भाकल गर्दछन्।

यो मन्दिर नेपाली शैलीमा ढुङ्गाको गाहारो भएको १५ फिट अग्लो छ। मन्दिरको छाना जस्ताको छ। मन्दिरको उत्तरपट्टि २० × १० को धर्मशाला छ, जसमा पुजारी र यात्रीहरू वस्छन्।

मन्दिरको गर्भगृहमा डेढ फिट उच्च समभङ्ग आसनमा दौराको तुना टोकिरहेको अवस्थाको मूर्ति छ। शैलीको आधारमा मूर्ति मध्यकालतिरको मानिन्छ। प्रत्येक आइतवार चारजना पुजारीले पूजा-पाठ गर्छन्। यसमध्ये ३ व्राह्मण र १ जना कार्की क्षत्री छन्। आइतवार चारै पुजारी उपस्थित हुनु आवश्यक छ। पूजापूर्व भेटीघाटीवाट चल्छ। रकम नपुगे चन्दाद्वारा पूर्ति गरिन्छ।

मन्दिरको पूजा तान्त्रिक विधिद्वारा हुन्छ। यहाँका पुजारी आइतबार उपवास वसी पूजा गर्छन्। पूजापछि मात्र वलि चढ्दछ। वलि जुन दिन पनि चढ्दछ। वडादसैंमा औंसीदेखि नै पूजापाठ सुरु गरी नवमीका दिनदेखि वलि चढ्दछ। कार्कीको वलि पहिलो चढेपछि मात्र अरूको चढ्छ। पञ्चवलिमा राँगो, कुखुरा, परेवा, भेंडो, कुभिन्डो राखी चढाइन्छ। पूर्णिमामा मन्दिरको वलि चढेपछि मात्र अरूको चढ्छ।

वडादसैंको टीकाको दिनमा ५ गाउँ विकास समितिका मानिस भेला भएर सरायँ (खुँडा-तरवारको युद्ध) खेल्छन्। तरवार-खुँडाका साथै लठ्ठीको पनि खेल हुन्छ। नवमी र पूर्णिमामा आ-आफ्ना गाउँ विकास समितिवाट सरायँ खेल्ने मानिस वाजा-गाजाका साथ आउँछन्। पूर्णिमाकै दिन सरायँ खेल्दै भलादमी भएर चोएमा जमरा सेलाउँछन्। चैतेदसैंमा पनि वडादसैंको जस्तो पूजा-पाठ त हुन्छ, तर खेलवाड भने हुँदैन।

✡

त्रिपुरासुन्दरी
(गुल्मी)

गुल्मी जिल्ला वामी टक्सार गाउँ विकास समिति वडा नं. २ मा यो मन्दिर पर्छ। यसलाई नाग बद्रीको मन्दिर पनि भनिन्छ। यो मन्दिरको निर्माण स्थानीय व्यक्ति बुद्धिप्रसाद श्रेष्ठ र गङ्गाप्रसाद श्रेष्ठको सहयोगले १९०४ सालमा वनेको थियो। यस सम्बन्धी धर्मपत्र आगलागीमा परेकोले अन्य विवरण थाहा पाउन सकिएन।

नेपाली तले (मण्डल) शैलीमा बजारको चोकमा १ रोपनीजति जग्गामा यो मन्दिर बनेको छ। २ तले झिँगटी छाना भएको, तीनतिर गाहारो उठाएको, एकातिर पूर्व खुला, उत्तर-दक्षिण बुट्टेदार आँखीझ्याल, सुन-मोलम्बा भएको ३ फिट अग्लो गजुरले युक्त यस मन्दिरका वरिपरि १०८ वटा काँसका वत्ती बाल्ने पाला छन्, ठूला-ठूला घण्ट पनि छन्।

गर्भगृहमा रहेको त्रिपुरासुन्दरीको मूर्ति २०३४ सालमा चोरी भएकोले हाल त्यो स्थान खाली छ। नित्य पूजापाठका निम्ति पुजारीको व्यवस्थाचाहिँ छैन। सुसारेले ढोका खोलेपछि भक्तहरूले पूजा गर्छन्।

देवीको मूर्ति रहेको ठाउँबाट दाहिनेपट्टि गणेश र बायाँपट्टि खड्गमाथि भैरवको मूर्ति छ।

चैतेदसैंमा विशेष पूजा-पर्व हुन्छ। वजार ३ भागमा बाँडी हरेक क्षेत्रका नाइकेले पालो-पालो गरी यो पर्व चलाउँछन्। नपुग खर्च थकाली (नाइके) ले व्यवस्था गर्छन्।

✡

अर्घा र खाँची कोटदेवी
(अर्घाखाँची)

अर्घा गाउँ विकास समिति वडा नं. ३ मा अर्घाकोट र कालिका गाउँ विकास समिति वडा नं. ९ मा खाँचीकोट अवस्थित छ। अनुश्रुतिअनुसार यी दुवै कोटका राजाको वीच लामो सङ्घर्ष भइरह्यो। पछि दुवै पक्ष चुगावेसीमा आई मित्रता गरे। त्यसपछि अर्घाखाँची नाम रह्यो भन्दछन्।

खाँचीको मूल दरवार १५×१५ फिट तथा १९ फिट उचाइको छ। पेटीमाथि उठाइएको पर्खाल तेलिया इँटको छ। दरवारको छानो हाल टिनको छ। अर्घाको पनि खाँचीकै अनुरूपको दरवार छ। खाँचीमा मूल दरवारवाहेक पित्तलको छाना भएको तले शैलीको २१ फिट उचाइको इँटको गाहारो भएको तीनतिर बन्द भएको पौवा (पाटी) छ। उक्त पौवा कोटको वार्षिक पूजामा पुजारी वस्नका निम्ति प्रयोग हुन्छ। अर्घाकोटमा पनि उपासे बस्नका निम्ति ७ फिट लम्वा, ७ फिट चौडा र १३ फिट उँचो पौवा छ। यसको शैली पनि खाँचीकै जस्तो मध्यकालीन छ।

(दुवै कोटमा नित्यपूजाको व्यवस्था छ। वडादसैं र चैतेदसैंमा पर्व-पूजा हुन्छ। वडादसैंमा औंसीदेखि नै पर्व सुरु हुन्छ। खड्का थर हुने एकजना मूल पुजारी र दुईजना उपासकसमेतले परेवादेखि त्रयोदशीसम्म पूजा-पर्व चलाउँछन्। ७ जना व्राह्मणद्वारा वेद र चण्डी पाठ गरिन्छ। नवमीका दिन कोटमा पञ्चवलि चढाएपछि अरूका निम्ति वलि खुल्छ। गुठीवाट दिइने पञ्चबलीमा भेंडा हुनैपर्छ। टीकापछिको त्रयोदशीमा मेला लाग्छ। चैतेदसैंमा पनि विशेष पूजा र नवमीमा गुठीवाट दिएको एउटा भेंडा वलि चढाई पर्व सकिन्छ।)

दुवै कोटका कोटदेवीको यसरी पूजा पर्व गर्ने चलन चौवीसी राज्यकै समयदेखि चलेको भनिन्छ।

✡

पाटेश्वरी भगवती

(सल्यान)

सल्यान जिल्लाको हेवल्चा गाउँ विकास समिति वडा नं० ३ खैरावाङमा खैरावाङ भुवनेश्वरी पाटेश्वरी भगवतीको मन्दिर छ । भूमिबाट आफैं उत्पत्ति भएकी देवी भगवती भएकीले भुवनेश्वरी भनिने गरिए तापनि सरकारी कागजातहरूमा पाटेश्वरी कालिका भगवती भनी उल्लेख गरिएको छ ।

यस पीठको उत्पत्ति एवं स्थापनाकाल बारेमा यकिन गर्ने प्रमाण फेला पार्न सकिएको छैन तापनि १८ औं शताब्दीभन्दा अघिदेखि यस पीठको अस्तित्व र गुठीसमेत व्यहोरा भीमसेन थापाको समयमा यस मन्दिरको फूलवारी पुनः कायम गरिदिएको लालमोहरवाट थाहा हुन्छ ।

मन्दिर प्रचलित नेपाली शैलीको ३० x ३० फीट वर्गाकारको ,करिब ५० फीट अग्लो छ । मन्दिरको १२ सिंढी चढेपछि देवीको मूर्ति भएको कोठामा प्रवेश गरिन्छ । मन्दिरको चारैतर्फ प्रवेशद्वार छ । मन्दिर अगाडि एउटा मौलो छ, त्यसमा बलि चढाइन्छ ।

२०४० सालमा श्री ५ महाराजाधिराज सरकारबाट उक्त मन्दिर जीर्णोद्धारका लागि बक्स भएको एक लाख रुपियाँबाट मन्दिरको जीर्णोद्धार भएको छ ।

(मूर्तिहरूमा मुख्य खैरावाङ भगवतीको मूर्ति गुह्येश्वरी भगवती (काठमाडौंको) जस्तै केवल खाल्डो (प्वाल) मात्र छ, तर पूजा गर्न अष्टकोण परेको करिब छ इन्च अग्लो र ३ x ३ फीटको तामाको आसन 'चक्की' मा भगवतीको प्रतीक एउटा त्रिशूल छ र त्यसमा सानो छत्र लगाइएको छ । यसैगरी मन्दिरभित्र सयौंको सङ्ख्यामा साना-ठूला त्रिशूल र घण्टाहरू भगवतीको प्रतीक स्वरूप छन् ।) एकजना जोगीले चढाएको सहस्रबाहु भगवतीको करिब २ x १ १/२ फीटको पत्थरको मूर्ति पनि छ ।

नित्यपूजा पञ्चोपचारविधिअनुसार धूप, दीप, नैवेद्य, फलफुल, अक्षता आदि र रक्तचन्दन, सिन्दूर, अवीर, केशरी आदिले पूजा गरिन्छ भने रोटी पनि चढाइन्छ र पर्व-पर्वमा बलि पनि चढाइन्छ ।

✡

लक्ष्मीपुर पीठ
(सल्यान)

सल्यान जिल्लाको लक्ष्मीपुर गाउँ विकास समिति वडा नं० ८ देउरालीकोटीमा उच्च पहाडको पहरोमा आफैं उत्पत्ति भएको भनिने त्रिखुट्टेश्वर महादेवको शिवलिङ्ग छ। यहाँ तीनवटा शिवलिङ्ग छन्। पहराको वीचमा जान नसकिने ठाउँमा छ तापनि नजीकैवाट हेर्दा चुनढुङ्गा जमेर वनेको जस्तो देखिन्छ र यसमध्ये एउटा शिवलिङ्ग फुटेको छ।

यही शिवलिङ्ग भएको पहराभन्दा ५० फीटजति तलतिर अर्को पहरा छ। त्यसको भित्र वीचमा सतीदेवीको करङ्ग पतन भएको लक्ष्मीपुर पीठ छ। यहाँ हेर्दा करङजस्तै पत्रैपत्र परेको पत्थरको घाँटीदेखि ढाडसम्मको आकृति र करङजस्तो प्रस्ट देखिन्छ। यो पहरा पनि चुनढुङ्गाले वनेको विशाल पहाडको वीचमा अवस्थित छ।

यस पहरासँगै एउटा गुफा पनि छ। त्यसभित्र वाघ, भगवती, विष्णु आदिको चुनढुङ्गाका आकृति देखिन्छन्। पहरासँगै अर्को पहरा पनि छ, जसमा एउटा शिवलिङ्ग छ। यी तीनवटै ठाउँमा प्रत्येक वर्ष शिवरात्रिमा मेला लाग्दछ र यस वखत मात्र पूजा हुन्छ। त्यसपछि अरू दिनहरूमा वर्षभरि कहिल्यै पूजा हुँदैन।

✡

छायाछत्र पीठ

(सल्यान)

सल्यान जिल्लाको छायाछत्र गाउँ विकास समिति वडा नं० १ छायाछत्र सतीदेवीको शेष अङ्ग पतन भएको ठाउँमा छायाक्षेत्र छत्रेश्वरीदेवीको पीठ छ । यस पीठस्थान पवित्र शारदा नदी र लङ्गिनी नदीको सङ्गमस्थल शङ्खमूलबाट अलिकति टाढा पहाडमा रहेको छ । यहाँ प्रत्येक वर्ष शिवरात्रिमा एक दिन विशाल मेला लाग्छ । यो ठाउँ सल्यान सदरमुकामबाट ४ कोसजति टाढाको दूरीमा पर्दछ ।

यो मेला लाग्ने डाँडाको झन्डै टुप्पामा मुख्य छायाक्षेत्र सतीदेवीको शेष पतन भएको ठाउँ छ । यहाँ एउटा विशाल पत्थर छ जसमा एकदम पातलो सङ्गमरमरको पत्र लागेको छ । त्यसैलाई सतीदेवीको शेष भनिन्छ । यसको एक भाग फुटेर डाँडाको फेदीमा झरेको छ । यी दुवैमा भगवतीको शक्ति भएकाले यसमा हेर्दा धेरै टाढाका मानिस, खेत, गाईवस्तु सबै प्रस्ट देखिन्छ । पहिले यो ज्यादै राम्रो र ऐनाजस्तै टल्किने थियो । एकपटक सल्यान जिल्लावासी कुनै एक व्यक्तिको गोरु एकजना सार्कीले चोरेर सुर्खेत पुऱ्याएछ । गोरुधनीले गोरु खोज्दा नपाएर यही छायाक्षेत्रमा आई हेर्दा उसले सुर्खेतमा खेतमा सार्कीले आफ्नो गोरु जोतिरहेको देखेछ र त्यहाँ गई आफ्नो गोरु फिर्ता ल्याएछ । अनि सार्कीले कसरी थाहा पायो भनी सोध्दा उसले छायाक्षेत्रमा छायाँमा हेर्दा देखेर आएको भनेपछि सार्कीले सुँगुरको सपेटा लगेर त्यस छायाँमा दलिदिएपछि छायाँ फुटेको र टल्किनेपना पनि अलिअलि गर्दै घट्यो भन्ने भनाइ छ ।

पहाडको फेदीभन्दा अलिकति अगाडि घर-बजार भएको ठाउँमा पिशाचेश्वर महादेवको मन्दिर पनि छ । यो पवित्र छायाक्षेत्र छत्रेश्वरीदेवी, पिशाचेश्वर महादेवको मन्दिरमा र छायाक्षेत्र भएको डाँडाको टुप्पोमा शिवरात्रिमा मेला लाग्दछ । यो मेला मनाउन हजारौंको सङ्ख्यामा दाङ, प्युठान, डोल्पा र आसपासका अन्य जिल्लाहरूबाट र भारतबाट पनि थुप्रै हिन्दूधर्मावलम्बीहरू आउँछन् ।

शिवरात्रिको अघिल्लो दिन चारैतिरबाट आएका भक्तजनहरू शङ्खमूलको घाटमा जाग्राम बसी शिवरात्रिको दिन बिहानीपख नुहाइ-धुवाइ गरी यहाँ आएर शिवलिङ्गमा जल, बेलपत्र आदि चढाई पूजापाठ गर्दछन् । यहाँ यस दिन हाटबजार पनि लाग्ने भएकाले श्रद्धालुहरू आ-आफूलाई चाहिने किनबेच पनि गर्दछन् । यसरी शिवरात्रिको दिन हजारौं श्रद्धालुहरू जम्मा भई श्रद्धाका साथ छायाक्षेत्र छत्रेश्वरीदेवी र पिशाचेश्वर महादेवको समेत पूजापाठ र आराधना गरेर घर फर्कन्छन् ।

✡

शैलेश्वरी मन्दिर

(डोटी)

यो मन्दिर दिपायल नगरपालिका वडा नं० १ सिलगढी वजारमा अवस्थित छ। यस मन्दिरलाई शिलादेवी पनि भनिन्छ। शैलेश्वरी नाम कसरी रहन गयो, त्यस विषयमा जनश्रुतिअनुसार परापूर्वकालमा स्थानीय गाउँलेकी एउटा गाईले सधैं साँझ दूध नदिएकाले एउटी बूढी गोठाल्नीले सो कुरा पत्ता लगाउने विचारले गाईको सेवा गरी हेर्दा उक्त गाईले वर्तमान पीठमा दूध चढाइरहेको देखिन्। उनले सो कुराको प्रचार गाउँभरि गरिन्। यो कुरा उक्त समयका राजाले थाहा पाई त्यस डाँडामा भएको लिङ्गको महिमा बुझी पूजा-पाठ गराई मन्दिरको निर्माण गरी गुठी पनि राखिदिए। यो ठाउँ शैल अर्थात् डाँडोमा भएको हुँदा यसको नाम शैलेश्वर रहन गयो। कारण संस्कृतमा डाँडालाई शैल भनिन्छ र यो नाम सर्वप्रथम कुनै पण्डितले जनतासमक्ष राखेको हुनुपर्दछ, जो पछि गएर सार्वजनिक रूपमा प्रचलित भयो।

प्रमाणित्र रूपमा यस मन्दिरको निर्माण डोटेली राजा पहाडी शाहीले गराएका थिए। उनले मन्दिरमा पूजा-पाठको व्यवस्था राम्रो होस् भनेर तीन गाउँको गुठीसमेत राखेका थिए। सो तीन गाउँको गुठी हालसम्म पनि यथावत् छ। पछि डोटीलाई वृहत् नेपालमा मिलाइसकेपछि चौतारिया पुष्कर शाहले मन्दिरलाई जीर्णोद्धार गरी ठूलो बनाई धर्मशाला र पोखरीसमेत निर्माण गराएका थिए। आफूले गरेको कीर्ति संस्कृतमा लेखी शिलापत्रमा उल्लेख गराए, जुन शिलापत्र हाल गीता पुस्तकालय भएको घरको भित्तामा सुरक्षित छ।

हालको उक्त मन्दिर श्री ५ महाराजाधिराज सरकारबाट सुदूर पश्चिमाञ्चल भ्रमण गरिबक्सँदा अनुदान वक्स भएपछि स्थानीय जनताको पनि सहयोगमा जीर्णोद्धार गरिएको हो।

यो मन्दिर ढुङ्गा, माटो, काठ, सिमेन्ट, वालुवा, ताँवा, चिप्स र रङ्गरोगन आदिवाट प्रचलित नेपाली शैलीमा दुई तला गरी निर्माण गरिएको छ। मन्दिरका आफ्नै पाटीपौवाहरू, चौर, वगैंचा र अन्य जग्गा पनि छन्। मन्दिर ३२ फीट लम्वाइ र २१ फीट चौडाइ पूर्व-पश्चिम लम्विएको, पहिलो तलाको उचाइ करिव २० फीट र दोस्रो तलाको १० फीटजति छ। गजुर १८ इन्चजति अग्लो पित्तलमा सुनको मोलम्वा लगाई वनाइएको छ। मन्दिरको छाना ताँवाको पाताले छाइएको छ। मन्दिरको मुख्य द्वार पूर्व फर्किएको छ। पहिलो तलामा तीन कोठा पूर्ववाट क्रमशः भजन-कीर्तन गर्ने,

दोस्रो हवन कुण्ड र तेस्रो कोठमा मुख्य देवताको मूर्ति राखिएको छ ।

जीर्णोद्धार गरिएको मन्दिरको टुँडालहरू साधारण छन् । छानाका चारै कुनामा पाँचटाउके ताँवाको नाग राखिएका छन् । प्रदक्षिणापथसँगै फलामको रेलिङ हालिएको छ । मन्दिर अगाडि शिवलिङ्ग, काठको चतुर्भुज भगवान् र त्यसभन्दा केही पर वसाहा र त्रिशूल गाडिएको छ । यो सँगै तीनवटा ५ फीट लम्वाइ आकारमा ढुङ्गा छापिएको छ जसमा राम, सीता र लक्ष्मण घुम्दै आउँदा उक्त ढुङ्गामा वसेका थिए भन्ने पौराणिक आख्यान छ । मन्दिरको वरिपरि चौर, पूर्व र पश्चिम भागमा फलामको ढोका र चारैतिर पर्खाल र पर्खालमाथि फलामको वार लगाइएको छ । मुख्य द्वारको वाहिर हालसालै हनुमानकै प्रस्तरको मूर्ति चौतारो (ढुङ्गाको) माथि निर्माण गरिएको छ ।

शैलेश्वरी मन्दिरको ठीक पछिल्तिर प्राचीनकालदेखि पुजिंदै आएको चण्डेश्वर भैरवको मन्दिर छ । यहाँ पहिले शिला र त्रिशूल मात्र भएकोमा हालसालै मात्र मन्दिर निर्माण गरिएको छ । यो मन्दिर १० फीट लम्वाइ, ८ फीट चौडाइ र १२ फीट अग्लाइमा ढुङ्गा, माटो र सिमेन्ट प्लास्टर गरी बनाइएको छ । वाहिर भित्तामा भैरव, काली र वाघका चित्रहरू कुँदिएका छन् ।

शैलेश्वरी मन्दिरको अगाडि ५० मिटरजति फासलामा मष्टो देवताको ढुङ्गा, माटो र काठद्वारा २५ फीट लम्वाइ, १८ फीट चौडाइ र १० फीट अग्लो ढुङ्गाकै छाना हाली वनाइएको नेपाली शैलीको मन्दिर छ । यी मष्टो देवतालाई शैलेश्वरी देवीको क्षेत्रपाल वा विचारक देवता पनि भनिन्छ । यिनीलाई दूधले मात्र पूजा गरिन्छ । कृष्णाष्टमीका दिन १२ गाउँहरू मिली वाजागाजासहित जात्रा मनाइन्छ ।

यो मन्दिरदेखि केही दक्षिण पश्चिममा १० फीट लम्वाइ र ९ "फीट चौडाइको करिव १२ फीट अग्लो गुम्वज आकारको गणेश मन्दिर छ, जसमा वि० सं० १९९६ सालका तत्कालीन वडाहाकिम लोकजङ्ग राणावाट निर्माण गरिएको सुन्दर गणेशको प्रस्तरको मूर्ति छ । यसैको केही पूर्व तत्कालीन समयका वडाहाकिम कृष्णध्वजले हनुमानको मूर्ति स्थापना गरेका छन् । उनले यो मन्दिरको पूजापाठको बन्दोवस्त शैलेश्वरीको पुजारीबाट गर्ने व्यवस्था गरेका थिए ।

शैलेश्वरी मन्दिरदेखि वाटोको उत्तरी छेउमै गुम्वज शैलीमा निर्मित नर्मदा नदीवाट ल्याई राखिएको विशेष ढुङ्गाका शिवलिङ्ग छ । मन्दिरका आफ्नै पाटीपौवाहरू छन् । तिनमा मुख्य पाटी चौतरिया पुष्कर शाहले निर्माण गराउन लगाएका दुई तले मुख्य मानिन्छ । डोटी जिल्लाभरिमा इँटाद्वारा कालीगढीपूर्ण झ्याल राखी निर्मित मन्दिर यही एउटा मात्र हो ।

शैलेश्वरी मन्दिरभित्र मुख्य मूर्तिमा प्राचीनकालदेखि पुजिंदै आएको ६ इन्च अग्लो र १ फुटेघेराको गोलाई भएको कालो प्रस्तरको शिवलिङ्ग छ । अन्य सहायक मूर्तिहरूमा ४ इन्चको विशेष ढुङ्गाको नर्मदा नदीवाट ल्याएको शिवलिङ्ग र ३-४ वटा शालिग्राम छन् । शिवलिङ्गलाई चाँदीको पाँच टाउको नागले पेंडा उठाई माथिवाट छत्रजस्तै गरी राखिएको छ । यसमाथि सानो गजुर छ । त्यसमाथि १४ इन्चजतिको चौकोण आकारको चाँदीको छत्र छ । त्यसभन्दा माथि २ फीट चौकोण आकारको ताँवाको छत्र राखिएको छ । तलपट्टि एक इन्च घेराको ताँवाको पट्टी चारैतिर छ । यो

शिवलिङ्गसँगै चाँदीको बसेको गणेशको एक फूट अग्लो मूर्ति छ। गणेशको टाउकोमा मुकुट, शरीरमा जनै, एक हातले वन्चरो र अर्को हातले माला समातेको छ। अरू हातहरूमा एउटा खुट्टा र अर्को सुँढनिर छन्। गणेशको मूर्तिसँगै शिर मात्र भएको चाँदीको भैरवको मूर्ति र अन्य पित्तलका घोडा, त्रिशूल आदि छन्।

मन्दिरको पूजाका लागि गुठीको व्यवस्था गरिएको छ। गुठियारहरूमा धामी, पुन्न र सिल गाउँका निवासीहरू छन्। पुजारीहरूमा आपसमा झैझगडा हुन नदिन गुठी ऐनवमोजिम प्रत्येक २-२ वर्षमा पुजारी फेरिने व्यवस्था छ।

यस मन्दिरको गुठीवाट उठ्ने आम्दानी र भक्तहरूले चढाएको भेटीवाट पूजा र पुजारीको खर्च व्यहोरिन्छ। स्थानीय शैलेश्वरी विकास समितिले पनि मन्दिरको सञ्चालनमा सहयोग पुऱ्याउँदै आएको छ।

यहाँ नित्यपूजा र पर्वपूजा गरिन्छ। पर्वपूजाअन्तर्गत कार्तिक शुक्ल पूर्णिमा र हरेक १२ वर्षको कर्कटमा बृहस्पति भएको शुक्ल पञ्चमीदेखि द्वादशी अर्थात् १२ दिनसम्म विशेष रूपमा पूजा गरिन्छ र मेला पनि लाग्दछ। शैलेश्वरी मन्दिरको पाटी घरमा भएको कलात्मक झ्यालहरूलाई संरक्षण गरिनु आवश्यक छ।

✡

दुर्गामाडौं
(डोटी)

डोटी जिल्लाको दिपायल नगरविकास समिति वडा नं० ९ मा दुर्गामाडौं छ। यो मन्दिरको ऐतिहासिक विवरणका रूपमा पौराणिक कालका राजा दिलीपले यो मन्दिर निर्माण गराएका थिए भन्ने किंवदन्ती छ। पछि कसले, कहिले मन्दिरको निर्माण गराए, सोबारे विस्तृत अनुसन्धान गर्नु आवश्यक छ।

यो मन्दिर प्रचलित नेपाली शैलीको पूर्व मोहडा भएको एकतले ढुङ्गा, काठ र माटोबाट निर्मित २२ फीट उचाइ र १८ फीट चौडाइको होचो जीर्ण अवस्थाको छ।

मन्दिरबाहिर पूर्व मोहडाको दाहिने खोपामा १३ इन्च उचाइ र ८ इन्च चौडाइको विष्णुको मूर्ति छ। विष्णुको यस मूर्तिको शिरमा मुकुट, गलामा हार, नाडीमा बाला, छातीमा जनै, दाहिने हातले गदा समातेका र वनमाला पहिरेका छन्।

यसअतिरिक्त मन्दिरभित्रका (क) मुकुटधारी द्विभुज मूर्ति लम्बाइ २४ से० मि०, चौडाइ साढे बाह्र से० मि० (ख) चतुर्भुज विष्णुमूर्ति लम्बाइ २४ से० मि०, चौडाइ १४ से० मि० (ग) चतुर्भुज विष्णुमूर्ति लम्बाइ साढे बाईस से० मि०, चौडाइ साढे तेह्र से० मि० (घ) देवीमूर्ति लम्बाइ २३ से० मि०, चौडाइ १६ से० मि० (ङ) देवीमूर्ति लम्बाइ साढे तीस से० मि०, चौडाइ २० से० मि० (च) चतुर्भुज विष्णुमूर्ति लम्बाइ ३४ से० मि०, चौडाइ २१ से० मि० (छ) द्विभुजमूर्ति लम्बाइ २७ से० मि०, चौडाइ साढे उन्नाईस से० मि० (ज) यसै मन्दिरभित्र शिवशक्तिका लिङ्ग छन्।

यो मन्दिर पहिले ५ रोपनी जगगाले चर्चेको ठाउँमा अवस्थित थियो। तर हाल एक रोपनी मात्र बाँकी छ। मन्दिरमा लाग्ने पर्वमा गाउँलेहरूले पूर्ण सहयोग गर्छन्। ती गाउँलेहरूले सहयोगस्वरूप उपलब्ध गराउने नगद र जिन्सी पर्वमेलामा खर्च भएर बाँकी रहेको मन्दिरमा लाग्ने मेलामा कार्य गर्नेहरू, पुजारी, भण्डारी, धामी, माझी आदिले बाँडेर लिने चलन छ।

मन्दिरमा नित्यपूजाको प्रचलन छैन। त्यसैले सरसफाइ पनि हुँदैन। पूर्वपूजामा हरेक चतुर्दशीका साथै वैकुण्ठचतुर्दशीमा भव्य मेला लाग्दछ।

यस मन्दिरलाई जीर्णोद्धार गरी यहाँ भएका मूर्तिहरू यथास्थानमा प्रतिष्ठापित गरी संरक्षण गर्नु आवश्यक छ।

✡

ज्वालादेवी

(डोटी)

डोटी जिल्ला सरस्वतीनगर गाउँ विकास समिति वडा नं० १ र २ को माझमा चन्दट्टे गाउँदेखि पूर्व-उत्तर डाँडामा ज्वालादेवीको मन्दिर छ । यहाँ कार्तिक शुक्ल चतुर्दशीको दिनदेखि मेला लाग्दछ । मेला दुई दिन लाग्दछ ।

मन्दिरमा मेलाको एकदिन अगाडि साँझ पुजारी, भण्डारी, धामी, खट वोक्ने, वाजा वजाउनेहरू आई मन्दिर वरिपरि सरसफाइ गरी पूजा-पाठ, धूप-वत्ती आदिको आवश्यक तयारी गरिन्छ । विहान दुर्गाको गाँज वनाई भक्तजनहरूलाई फूल-प्रसाद वाँडिन्छ । त्यसपछि गाँजलाई मन्दिरवरिपरि घुमाई त्यसलाई सेलाउन नदीमा लगिन्छ । कार्यकर्ताहरूले गाँज वनाउन अघिल्लो दिन ल्याएका डोली, छडी र अन्य सामानहरू थन्क्याउन गाउँघर नै लग्दछन् । मन्दिरको प्रशस्त गरगहना, नगद, सामानहरू भएको कुरा स्थानीय जनताले वताए । ती सवै कुराहरू 'काली पेटी' मा थन्क्याइएका छन् भनिन्छ ।

यो मेलामा टाढाटाढाका गाउँलेहरू भेला हुन्छन् । रात पर्दै गएपछि पुजारी र व्राह्मणहरूवाट होम गर्ने, वेदपाठ र अन्य धार्मिक भजन-कीर्तन गर्ने गर्दछन् । यी कार्य उमेर पुगेका वूढापाका र यस्तै कार्य गर्न आएका अन्य भक्तजनहरूवाट हुन्छन् भने युवायुवतीहरू मन्दिरदेखि केही पर द्यौडा गीत गाई रात विताउँछन् । मन्दिरको मेलामा सामेल भई दुर्गाको पूजा गर्नाले इच्छा गरेको पुग्दछ भन्ने विश्वास गाउँलेहरू गर्दछन् ।

✡

मालिकास्थान

(डोटी)

डोटी जिल्लाको सिलगढी वजारदेखि ६ कोस पूर्व काँडामाडौं गाउँ विकास समितिको वटालागाउँ वार्ड नं० ४ मा मालिकास्थान छ । यो मन्दिरमा भाद्र शुक्ल चतुर्दशी, वडादसैंको अष्टमी र चैत्राष्टमीका दिनहरूमा भव्य मेला लाग्दछ ।

यी मेलाहरूमा वरिपरि र केही टाढाका गाउँलेहरूले पनि भाग लिन्छन् । यी मेलाहरू निकै भव्य रूपमा पनि मनाइन्छन् । मेलाको दिन मन्दिरभित्र र वाहिर सरसफाइ गरी पुजारी र व्राह्मणहरूवाट भगवतीको पूजा, हवन गरिन्छ । श्रद्धालु भक्तजनहरू भगवतीलाई दर्शन गर्न र भाकल गर्नेहरू भोगमा वोका, राँगा आदि दिई भाकल पूजा गर्छन् ।

यसरी भगवतीको पूजा गरी भोग दिई भगवतीलाई प्रसन्न पारी आफ्नो कार्यसिद्धि प्राप्त गर्न खोज्नु नै मेलाको महत्त्व भएको छ । यो मेला मनाउन वटाला, वोगटी, नवाघर र उपर काँडासमेत चार गाउँका प्रत्येक घरवाट उठ्ने प्रत्येक रोपनीको ४ माना चामल, ४ माना तेल र २ माना घ्यू उठाउने प्रचलन छ र यसैवाट नित्यपूजा, अखण्ड वत्ती वाल्ने र चाडपर्व सम्पन्न गरिन्छ ।

✡

रैनादेवी

(पाल्पा)

यो देवीस्थान पाल्पा जिल्लाको भुवनपोखरी गाउँ विकास समितिमा रहेको छ । यस देवीलाई रैनादेवी र गोखुङ्गादेवी पनि भनिने गरेको पाइन्छ । यस्तो नाम रहनाको कारण थाहा हुन सकेको छैन ।

यहाँ खास कुनै मूर्ति छैन । प्रतीकात्मक शिला र श्रीखण्डको अचानो छ जुन अचानोमा वलि चढाउनेहरूले वोका आदि त्यहाँ राखी काट्ता त्यसको पनि केही भाग काटिन्छ र झन्डै आधाजति काटिएको हुन्छ र अर्को वर्ष जाँदा सो काटिएको ठाउँ फेरि पुरिई सो अचानो जस्ताको तस्तै भइरहन्छ भन्ने जनश्रुति रहेको पाइन्छ ।

यहाँ नित्यपूजाको व्यवस्था भएको जानकारी पाउन सकिएन । स्थानीय किसानहरू यी देवीलाई नचढाई नयाँ वलि खाँदैनन् तथा न्वागी खाँदा सारेर मात्र खाने गर्दछन् । न्वागी खाने पूर्णिमाको दिन यहाँ ठूलो भीड लाग्दछ ।

✡

थन्थाप भगवती

(बागलुङ)

यो माईस्थान बागलुङ जिल्लाको सर्कुवा गाउँ विकास समिति वडा नं० ५ मा रहेको छ । यस जिल्लाका देवीस्थानहरूमा थन्थाप माईस्थानको पनि महत्त्वपूर्ण स्थान छ । सुरुमा शिला राखी स्थापना गरिएको हुनाले थन्थापदेवी भनी नामाकरण गरिएको हुनुपर्छ भन्ने जनधारणा छ । यस मन्दिरको स्थापना वि० सं० १८६६ भन्दा अघि नै भएको हुनुपर्दछ । वि० सं० १८६६ मा सरकारबाट गुठी जग्गाको व्यवस्था गरी कालु पाध्येलाई पुजारी नियुक्त गरिएको थियो । यस आधारबाट यसको स्थापना स्पष्ट हुन्छ । सो पुरानो मन्दिर ज्यादै जीर्ण भएकाले २००७ सालमा एकजना धर्मात्माले मन्दिर जीर्णोद्धार गरी हालको अवस्थामा पुऱ्याएका हुन् ।

मन्दिर ढुङ्गाको उठेको पेटीमा उठाइएको छ । उठेको पेटीमा दुईतले १५ फीट अग्लो मन्दिर छ । वरिपरि खम्बाहरू राखेर माथिल्लो तला उठाइएको छ । माथिल्लै तलामा देवीको शिला राखिएको छ । सुरुमा मूर्ति भएको तर वि० सं० २००८ मा सो चोरी भएको हुनाले हाल देवीको नाममा शिला मात्र छ । ढुङ्गाको गाह्रो प्रयोग गरिएको सो मन्दिरमा ढुङ्गाकै छानो प्रयोग गरिएको छ । मन्दिर तले शैलीको छ । छानाको चारै सुरमा उडिरहेको अवस्थामा चराको मूर्ति राखिएको छ । यससम्वन्धमा विशेष अनुसन्धान गर्नुपर्ने देखिन्छ । यो गणेशको नामकरण पूजापाठ गर्नाले कार्यसिद्धि हुने धारणामा मात्र सिद्धिविनायक भनिएको होइन, वरू कालिका गा०वि०स० वडा नं० ५ मा भएको गणेश आफै उत्पन्न भएकाले पनि सिद्धिविनायक भन्ने नाम रहन गएको हो भन्ने पनि धारणा छ ।

यो गणेशको उत्पत्तिका सम्वन्धमा विशेष रोचक कथा पाइन्छ । त्यसअनुसार गणेशमन्दिरछेउमै घर भएका उमा वझा नथाच्छेले हाल मन्दिर भएको स्थानमा घर वनाउने गाह्रो उठाउँदा दुईपटकसम्म गाह्रो लडी अन्तिमपटक सो व्यक्तिलाई जोरगणेशले सपनामा गाह्रो लड्नुको कारण सो स्थानमा आफ्नो (गणेशको) मूर्ति भएकाले हो र त्यसलाई प्रकट गरी मन्दिर निर्माण गर्नु भन्ने आदेश हुन गयो । फलस्वरूप उक्त स्थानमा वि० सं० १९०२ भाद्र महिनाको सुरु मङ्गलवार ३ फीट खन्दा ३ फीट लम्बाइ, डेढ फीट चौडाइ र डेढ फीट उचाइको मूर्तिकै आकारमा शिला प्रकट हुन गयो । यसरी आफैँ प्रकट भएकाले त्यसै वेलादेखि पूजापाठ गरियो । विष्णुप्रसाद श्रेष्ठले वि० सं० १९६२ मा फुसको छाना भएको एकतले मन्दिर निर्माण

गरे । उक्त दाताले पुनः वि० सं० १९६७ मा ढुङ्गाको एकछाने मन्दिर निर्माण गरे । यसरी समय समयमा जीर्णोद्धार गर्दै जाँदा र पूजापाठ पनि खुला रूपमा राखिएको यसप्रति स्थानीय वासिन्दाहरूको विशेष अभिरुचि बढ्दै गएकाले २००७ सालमा लक्ष्मीप्रसाद प्रधानाङ्गले दुईछाने मन्दिर निर्माण गरे । अर्का भक्त सोमवहादुर वाँस्कोटावाट शिलाको आसन र श्रीमती कुलदेवी राजभण्डारीले मन्दिरवरिपरि १०८ पालासमेत चढाइन् । माथि उल्लेख गरिएका कुराहरू वि० सं० २०३३ मा उठान भएको हाल विष्णुप्रसाद प्रधानाङ्गको अधीनमा धर्मपत्र र सञ्चालनपत्रवाट देखिएको हो ।

उक्त गणेश मन्दिर तले शैलीमा निर्माण गरिएको छ । मन्दिरको गजुरसमेत गरी २० फीटजति उचाइ छ । १५ फीट लम्वाइ र १५ फीट चौडाइको छ । मन्दिर दुई तले छ । वरिपरि प्रदक्षिणा मार्गसमेत राखिएको छ । गर्भगृहमा मूर्तिको आकार भएको शिला छ । मन्दिरमा पूजापाठका लागि दक्षिणपट्टि एउटा मात्र ढोका राखिएको छ । ढोका, झ्याल, टुँडाल र खम्वाहरू साधारण छन् । दुवै तलाको छाना ढुङ्गाले छापेको छ । मन्दिर ढुङ्गा, सिमेन्ट र काठहरूवाट वनाइएको छ ।

मन्दिरवरिपरि घरहरू भएकाले तिनीहरूले नै सुरक्षा तथा सरसफाइ गर्दछन् । अन्य खास मूर्तिहरू नभएकाले विशेष सुरक्षाको आवश्यक देखिँदैन । मन्दिरको पूजापाठ जीर्णोद्धार र गणेशको नाममा गरिने सालको एकपटक जात्राको व्यवस्थाका लागि स्थानीय वासिन्दाहरूवाट १५ सदस्यीय सञ्चालक समिति गठन गरेको छ । पूजापाठ तथा पर्वहरूमा गरिने खर्चका लागि गुठी जग्गाको कुनै व्यवस्था छैन । हाल मन्दिर कोषमा रहेको जम्मा रु. ५०००।- चन्दाद्वारा नै सङ्कलन गरिएको हो ।

पूजा गर्ने परम्परा वि० सं० १९०२ देखि नै चल्दै आएको भए तापनि नित्यपूजाका लागि पुजारीको व्यवस्था छैन । श्रद्धालु व्यक्तिहरू कुनै पनि समयमा आफै गई पूजापाठ गर्दछन् । पूजा गर्ने खास विधि पनि छैन । सालमा एकपटक चोरगणेशका नामले गणेश चौथीका दिनमा धुप वाली वोका भोग दिन्छन् र उक्त प्रसाद सवै भक्तहरूलाई वाँडिन्छ । त्यसपछि वजारमा रथयात्रा गरिन्छ ।

✡

देवीस्थान

(वागलुङ)

शक्तिको उपासना गर्ने परम्परा ज्यादै प्राचीन मानिन्छ । सिन्धुघाटीको सभ्यताका मानिसहरू शक्तिका रूपमा मातृदेवीको पूजा गर्थे । हडप्पा, मोहन्जोदरो र वेलुचिस्तानका उत्खननवाट प्राप्त सिक्काहरूमा मातृदेवीका चित्रहरू वढी पाइएका छन् । वैदिककालमा पनि शक्तिको उपासना हुन्थ्यो ।

व्राह्मणकालसम्ममा शक्तिको उपासना ज्यादै लोकप्रिय भइसकेको थियो । यस कालमा देवीका विविध रूपसँग सम्वन्धित नाम र कार्यहरू पनि विभाजन भयो । जुनसुकै धर्म र सम्प्रदाय पनि देवीको उपासना र आराधनाबाट वञ्चित मात्र नभई छुट्टै शक्ति सम्प्रदायको पनि सिर्जना भइसकेको थियो ।

नेपालमा शक्तिपूजाको प्रचलन विजयस्वामिनीको पलाञ्चोक भगवतीदेखि प्रामाणिक रूपमा भएको हो । साथै लिखित धार्मिक इतिहास पनि त्यसै मूर्तिको पादपीठमा भएको सम्वत् ४२५ अङ्कित अभिलेखले स्पष्ट गर्दछ । यतावाट मानदेवको समयकालमा शक्ति सम्प्रदाय लोकप्रिय भइसकेको देखिन्छ । मध्यकालमा शक्ति सम्प्रदाय लोकप्रिय भयो । फलस्वरूप पहाड, तराई, भित्री मधेश आदि स्थानमा व्यक्तिगत, सामूहिक र राजा-रजौटासमेतले इष्टदेवी र देवीका विभिन्न नामले विभिन्न स्वरूपको पूजापाठ गर्न थाले । यी देवी पनि यही परम्पराको देन हो ।

देवीस्थानको लोकप्रियता वागलुङ जिल्लाको कालिका गाउँ विकास समितिभरि मात्र सीमित छैन । पर्वत, गुल्मी, म्याग्दी र वागलुङ्ग जिल्लाका विभिन्न गाउँका मानिसहरू पनि विशेष अभिरूचि लिएर पूजापाठ गर्न आउँछन् ।

उक्त स्थानमा देवीको स्थापना भएको रोचक कथा पाइन्छ, जसअनुसार यी देवी खड्काहरूकी इष्टदेवी हुन् र पश्चिमवाट खड्काले वसाइँ सरेर आउँदा साथमा ल्याई सो स्थानमा स्थापना गरेका हुन् । देवीको वसाइँ सार्दा साथमा खड्ग पनि ल्याइएको थियो र सो खड्ग लुभु गाउँका मगरले बोकेर ल्याएका हुन् । पहिले स्थापना गर्दा सामान्य रूपले जङ्गलको वीचमा गरिएको थियो । यही देवीको लोकप्रियता वढ्दै गएकाले सो स्थानमा मन्दिर निर्माण गरियो । गुठी लगतअनुसार वि० सं० १८५९ सम्म मन्दिरको प्राचीनता पाइन्छ । वागलुङ कालिकामाईको पूजा चलाई शेष भोग गर भनी वि० सं० १८५९ मा चौकिल्लासहितको जग्गा जया गोविन्दकृष्ण खड्काका नाममा लालमोहर भएको र वि० सं० १८८२ मा दुव्वल खड्कासमेतका नाममा पुनः

लालमोहर भएको र वि० सं० १८८२ मा जग्गा लगतसमेत भई निजहरूवाट रैकरसरह मालपोल तहसिल गरी उक्त लालमोहर प्राप्त गरेकाका सन्तानहरूवाट रु. ५९।- पूजा खर्च गरी वाँकी अदालतमार्फत गुठी देवीस्थानमा दाखिल हुने गरी आएकोमा गुठीयारवाट पूजापाठ नगरी हाल अस्थायी समितिवाट पुजारी भर्ना गरी पूजा हुँदै आएको छ। अन्य धर्मपत्रहरू खड्का परिवारसँग रहेको थाहा भएको छ।

पूर्वपट्टि कालीगण्डकी र पश्चिमपट्टि काँठेखोलाले छेकेको जङ्गलको डाँडाका वीचमा देवीको अवस्थित देवीको मन्दिर भव्य देखिन्छ। देवीको मन्दिर तलेशैलीमा निर्मित छ। भुइँतलासमेत ३ तलाको छ। तल्लो तलाको उत्तरपट्टि वुर्जा गाँसिएको छ। मन्दिरका ढोका, झ्याल र टुँडालहरू साधारण छन्। वरिपरि काँसका घण्टीहरू झुन्ड्याइएका छन्। सिँढीमा दुईपट्टि काँसका रेलिङ्ग छन्। अन्दाजी ४०० फीट चतुष्कोणाकारको आँगन छ। मन्दिरपूर्व सुँगुर, उत्तर राँगा र वीचमा परेवा, कुखुरा, हाँस र वोका-पाठा काट्ने मौलो छ। वीचको छानो झिँगटी र माथिल्लो छानो ताँवाको छ। सुनको मोलम्वा लगाइएको काँसद्वारा निर्मित ३ फीट अग्लो गजुर छ। गजुरसमेत मन्दिर अन्दाजी ३० फीट अग्लो छ। मन्दिरको पश्चिमपट्टि ३० फीट लम्वाइ, १० फीट चौडाइ र १५ फीट उचाइ भएको दुईतले ढुङ्गे पाटी छ। खानेपानीको सुविधाका लागि धारा, ट्याङ्की आदिसमेतको व्यवस्था छ।

मन्दिरको तल्लो तलाको गर्भगृहमा देवीको मूर्ति राखिएको छ। वाहिर प्रतीकस्वरूप मुकुट मात्र छ। शिलाको मूर्ति पुजारीवाहेक अरूले हेर्न पेटी वनाएर राखिएको छ। पेटीमाथि १०० वटाभन्दा वढी काँसका घण्टीहरू झुन्ड्याइएका छन्। मन्दिर ऐतिहासिक एवं सुनचाँदीका गहना भएकाले रात्रिका लागि प्रहरीको व्यवस्था गरिएको छ। प्रहरीको व्यवस्था हुनुभन्दा अघि नै मन्दिरका ४ वटा मूर्ति र चाँदीका गहना हराइसकेको वुझिन्छ। मन्दिरको आर्थिक कारोवार गर्न गुठीको व्यवस्था छ। वलि चढाउँदा पर्न आएका मुडको ठेक्कावाट सालमा रु. ५३,०००।- आम्दानी हुन्छ। गुठी जग्गा ठेक्कावाट भएको आम्दानीले पूजापाठ सञ्चालन गरी वाँकी रकम मन्दिर, पाटी जीर्णोद्धार र अन्य आवश्यक कामकार्यमा उपभोग गरिन्छ। यस रकमवाट पूजारीलाई मासिक रु. २००।-, वनको सुरक्षाका लागि दुईजना पालेलाई मासिक रु. २५०।- का दरले, मन्दिर, सरसफाई गर्नेलाई मासिक रु. १००।- र शान्तिहोम गर्ने जगन्नाथ व्राह्मणलाई मासिक रु.. ३०।-, चण्डीपाठ गर्ने व्राह्मणलाई मासिक रु. ६०।- र दैनिक पूजा सञ्चालन गर्न मासिक रु. १२०।- र ३ माना घ्यू, १० माना अक्षता, ४ माना धूलो धूप साथै चैतेदसैंमा रु. २०००।-, ३ पाठा, १ राँगो, १ सुँगुर आदिका लागि खर्च गरिन्छ।

काटमारको कार्य गरिने हुनाले सुरुमा खड्का पुजारी थिए। हाल खड्काका भान्जाखलक पुजारी छन्। नित्यपूजामा गणेश, शिव, भगवती, भैरव र महालक्ष्मीको पनि पूजा गरिन्छ। क्षत्रीद्वारा पूजा सम्पन्न हुने हुनाले तान्त्रिक विधिविधानद्वारा पूजा गरिन्छ। पुजारीले नित्यपूजा विहान उठेर गङ्गामा स्नान गरी फूल-जलले पूजा पर्दछ। वर्षे विधिको पूजा सरकारी पूजाविधि भनी व्राह्मणद्वारा गरिन्छ। वालाचतुर्दशी, कृष्णाष्टमी, औंसी र एकादशीका साथै श्रावण र माघमा वलि चढाइँदैन।

✡

कोटिला मन्दिर

(दैलेख)

यो मन्दिर दैलेख जिल्लाको सरस्वती गाउँ विकास समिति वडा नं० ९ मा अवस्थित छ । यो मन्दिर डाँडा (थुम्को) मा अवस्थित छ । यो मन्दिरको डाँडालाई चारैतिरवाट सिद्धगङ्गा र छामगाडाले घेरेको छ । यो ठाउँ समुद्रको बीचको टापुझैं देखिन्छ।

जनश्रुतिअनुसार सतीदेवीको ढाड (कठोर) पतन भएकाले यसलाई कोटिला भनियो। साथै पञ्चपाण्डवले गुप्तवास बसेको ठाउँ पनि यही हो भनिन्छ।

केही शताब्दीअघिदेखि नै यस स्थानको धार्मिक महत्त्व तथा अस्तित्व पाइए तापनि यस मन्दिरको निर्माण वि० सं० १९९८ मा स्वामी ईश्वरनाथ ब्रह्मचारीद्वारा भएको कुरा यसका मठाधीशले बताए।

मन्दिर प्रचलित नेपाली शैलीमा निर्माण गरिएको छ र करिव ३० फीट उचाइको २ तले छ। यो मन्दिर १० फीट लम्बाइ र ८ फीट चौडाइको छ। मन्दिर पत्थर, इँटा, काठ, स्लेट र माटो प्रयोग गरी वनाइएको छ।

मन्दिरभित्र एउटा शिवलिङ्ग छ। मन्दिरवाहिर धुनी वाल्ने खाल्डो छ। त्यसैका वरिपरि स-साना पत्थरका मूर्तिका आकृतिहरू छन्। साथै मन्दिरको भित्तामा २ वटा आकृति पनि टाँसिएका छन्।

वैदिक विधिपूर्वक धूप, दीप, नैवेद्य, दूध, घिउ, केशरी, अवीर, सिन्दूर आदि प्रयोग गरी पूजा गरिन्छ।

✡

भगवती मन्दिर
(दैलेख)

दैलेख जिल्लाको सदरमुकामस्थित नारायण गाउँ विकास समिति वडा नं० १ मा भगवतीमन्दिर अवस्थित छ । यो मन्दिर तत्कालीन वडाहाकिम कर्णेल लोकजङ्ग राणाले स्थापना गर्नुभएको थियो । स्थापनाकालमा निर्मित मन्दिर भत्किएर नष्ट भएकाले वि० सं० २०१९ सालमा पुजारी तेजवहादुर कार्कीले वर्तमान मन्दिर निर्माण गरेको हो ।

मन्दिर प्रचलित नेपाली शैलीमा निर्माण गरिएको छ । मन्दिर एकतले करिब १२ फीट अग्लो र ८ फीट लम्वाइ र ५ फीट चौडाइको छ । गजुरका रूपमा चाँदीको त्रिशूल छ । मन्दिर, पत्थर, काठ, माटो, स्लेट आदि निर्माण सामग्रीहरू प्रयोग गरी वनाइएको छ ।

मन्दिरमा चाँदीको गोलाकार रूपको ६ – ८ इन्चको भगवतीको मूर्ति छ । यसैसाथ दाहिनेपट्टि भैरव र देब्रेपट्टि गणेशको गोलाकार रूपको पित्तलको मूर्ति छ ।

वडाहाकिम कर्णेल लोकजङ्ग राणावाट प्रदान गरिएको २ मुरी माटोको तर्ताङ मौजाको ज्यामिरेवोली भन्ने ठाउँको जग्गा गुठीका रूपमा छ र त्यसैको आम्दानीवाट पूजापाठ गरिन्छ ।

पञ्चोपचार विधिअनुसार धूप, दीप, नैवेद्य, अक्षता, फलफूल, वस्त्र, रक्तचन्दनवाट पूजा गरिन्छ र वडादसैँमा वलि पनि चढाइन्छ ।

✡

कालिका मन्दिर

(जाजरकोट)

जाजरकोट जिल्लाको खलङ्गा आदर्श गाउँ विकास समिति वडा नं० २ मा जिल्ला प्रहरी कार्यालयसँगै कालिका मन्दिर अवस्थित छ ।

यस मन्दिरको निर्माण र स्थापनाकाल वि० सं० १८८५ हो र निर्माण गर्ने दीपनारायण शाह (जाजरकोटे राजा) हुन् भन्ने भनाइ छ । मन्दिरको जीर्णोद्धारचाहिं २०३२-३३ सालमा भएको थियो ।

यो मन्दिर प्रचलित नेपाली शैलीमा निर्माण गरिएको छ । मन्दिर १ तले १० फीट अग्लो १० x १० फीट वर्गाकारको छ । काठका खम्वाहरूमा अड्याइएको मन्दिरको छाना प्रचलित नेपाली शैलीको छ र स्लेटको छाना पित्तलमा स्वर्ण मोलम्वा लगाइएको गजुर हालिएको छ । मन्दिर इँटा, काठ, माटो, पत्थर र स्लेट प्रयोग गरी वनाइएको छ ।

मन्दिरभित्र २ फीट अग्लो कालो पत्थरको ८ वाहु भएकी, नरमुण्डमाला लगाएकी, खड्ग, शङ्ख, चक्र, मुसल, नरमुण्ड बोकेकी, दुवै पाउ घोप्टिएकी नारी शरीरमाथि राखेर उभिएकी भगवतीको मूर्ति छ ।

सुरक्षाको व्यवस्थामा भने मन्दिर ४ फीट अग्ला, ३० फीट लम्बाइ र ५० फीट चौडाइको पर्खालले घेरिएको हातमा अवस्थित छ र यो मन्दिरसँगै जिल्ला प्रहरी कार्यालय भएकाले मन्दिर सुरक्षित छ । यस मन्दिरको गुठी आदि नभएकाले केही रकम सङ्कलन गरेर त्यसको व्याजवाट नित्यपूजा सञ्चालन भइआएको वुझिएको छ । यस मन्दिरमा धूप, दीप, नैवेद्य, रक्तचन्दन, फलफूल, अक्षता आदिवाट पूजा गरिन्छ र पर्व-पर्वमा वलि दिइन्छ ।

✡

गङ्गामाला मन्दिर

(सुर्खेत)

सुर्खेत जिल्लाको लाटीकोइली गाउँ विकास समिति वडा नं० २ मा गङ्गामाला देउतीवज्यैको मन्दिर छ।

राजी जातिका एक व्यक्ति गङ्गामा जाल खेलिरहेको वेला उनको जालमा एक व्राह्मण कन्या (जसलाई नदीले वगाई ल्याइरहेको थियो) परिन्। उनले ती कन्यालाई पाली हुर्काए र तिनको विवाह गरिदिन लाग्दा मानिनन् र तिनले अरिनमा प्रवेश गरी देहत्याग गरिन्। यसरी देहत्याग गरेपछि त्यस राजीलाई ती कन्याले आफूले देवीको रूप धारण गरेको सपना दिएकीले उनैको स्मृतिमा 'गङ्गामाला देवीवज्यै' नामक यो देवीको स्थापना गरिएको हो भनिन्छ।

यस मन्दिरको स्थापना करिव २०० वर्षअघि भएको हो भन्ने यस मन्दिरका पुजारीको भनाइ भए तापनि यसलाई पुष्टि गर्ने कुनै प्रमाण पाइएन। २०२९ र २०३४ सालमा यस मन्दिरको जीर्णोद्धार र सम्वर्द्धन भएंको पाइएको छ।

यो मन्दिर प्रचलित शैलीमा निर्माण गरिएको एकतले छ र मन्दिरको करिव १०-१२ फीट अग्लो र ८ x ८ फीट वर्गाकारको छ। यसमा स्लेटको छाना राखिएको छ। मन्दिर इँटा, सिमेन्ट, स्लेट, काठ, फलाम आदिवाट वनाइएको छ। मूर्तिको विवरणमा सिमेन्टको करिव एक फूट अग्लो र ४ फीटजति गोलाई भएको आसनमा अर्को आसन वनाइएको छ। त्यसमा देवीको चाँदीको मूर्ति राखिएको छ। यस आसनमा केही ढलौटका घण्ट र सिंहहरू पनि राखिएका छन्।

यस मन्दिरमा वैदिक विधिअनुसार धूप, दीप, नैवेद्य, अक्षता, वस्त्र, फलफूल आदिले पूजा गरिन्छ। कसैले भाकल गरेको छ भने उसको भलो होस् भनी पूजा गरिन्छ। परेवा, हाँस, कुखुरा र वोकाको पनि वलि दिइन्छ। प्रत्येक दिन भाकल गर्नेहरू आइरहन्छन्। आइतवार, औंसी, एकादशी, श्रावण महिनाभरि नै र सोह्रश्राद्धभर वलि दिइन्न।

✡

मङ्गलगढी माई

(सुर्खेत)

सुर्खेत जिल्लाको लाटीकोइली गाउँ विकास समिति वडा नं० ९ मा मङ्गलगढी माईको मन्दिर अवस्थित छ।

यस मन्दिरको निर्माणकर्ता र निर्माणकाल थाहा हुन सकेन, तर पनि यस भेगमा बाईसे-चौबीसे राजाहरूका पालामा गढीहरू निर्माण गरिएको पाइएकाले यस गढीको पनि त्यसैताका निर्माण गरी भगवती माईको मूर्ति स्थापना गरेको हो कि भन्ने स्थानीय बासिन्दाहरूको भनाइ छ।

मन्दिर प्रचलित नेपाली तले शैलीमा निर्माण गरिएको छ। एकतले छाना भएको करिब ५ फीटजति अग्लो र ४ x ४ फीट वर्गाकारको यस मन्दिरको छाना फलेकले छाइएको छ। मन्दिर इँटा, माटो, काठ आदि निर्माण सामग्रीहरू प्रयोग गरी बनाइएको छ। यसो पोखरीको माझमा मन्दिरको चारैतिर पोखरी छ र पोखरीको माझमा एउटा ढिस्को (गढी) छ। यसैको माझमा माईको मन्दिर छ। मन्दिरमा जान काठको पुल तरेर जानुपर्दछ र गढी मानिएको यस थुम्कोलाई चारैतिरबाट काँढे तारले घेरेर राखिएको छ।

यस मन्दिरमा मङ्गलगढी माईको पत्थरको पूर्ण कदको करिब ३ फीट अग्लो मूर्ति छ। तर मूर्तिको टाउको भने छैन र पत्थरमा टाउकोविहीन रूपमा कुँदिएको मङ्गलगढी माईको आकार पनि त्यति प्रस्ट छैन।

यस मङ्गलगढी माईको मन्दिर पूरै रूपमा नेपाली सेनाको ब्यारेक इलाकाभित्र परेकाले यसको पूजापाठको व्यवस्था सैनिक गुल्मबाटै हुन्छ। यस मन्दिरमा २४ घन्टै पहरा दिएर बस्ने गरेका छन्।

यहाँ धूप, दीप, नैवेद्य, वस्त्र, फलफूल, भेटी, रक्तचन्दन आदि चढाएर पूजा गरिन्छ र बडादसैं, चैतेदसैं र अन्य चाडपर्वमा बलि पनि चढाइन्छ।

✡

उग्रतारा मन्दिर

(डडेलधुरा)

यो मन्दिर डडेलधुरा जिल्लाको सदरमुकामदेखि ६ किलोमिटर उत्तर उग्रतारा गाउँ विकास समिति वडा नं० ७ मा अवस्थित छ ।

देवीका रूपमा शिवलिङ्गको उत्पत्तिवारे जनश्रुतिअनुसार उक्त गाउँका वासिन्दा कपुरे साउदले हलो जोत्दा हलोको सियो शिवलिङ्गमा लागेर रगत वग्न लाग्यो । उसले आफूले खान ल्याएको खिचडीले रगत वन्द गऱ्यो । त्यसैले आजसम्म पनि उक्त मन्दिरको भोग लगाउँदा पुजारी क्षत्री जाति नै हुन्छन् ।

यो मन्दिर सुरुमा कहिले निर्माण भएको थियो यकीन गर्न नसकिए तापनि पछि मुगल आक्रमणवाट नष्ट भएको यस मन्दिरलाई डोटेली राजा नाग मल्ल (तेह्रौं-चौधौं शताब्दी) ले पुनर्निर्माण गराए भन्ने स्थानीय वासिन्दाहरूले वताए । त्यसपछि वीचवीचमा जीर्णोद्धार भइ नै रह्यो ।

श्री ५ महाराजाधिराज सरकारवाट सुदूर पश्चिमाञ्चलको भ्रमण गरिवक्सेको वेला एक लाख रुपियाँ वक्स हुनुका साथै मन्दिर निर्माण गर्ने निर्देशन भएअनुरूप पक्की नेपाली तले शैलीमा मन्दिर निर्माण भएको छ । यस कार्यमा गुठी संस्थान, खाद्य संस्थान र जिल्ला विकासको पनि सक्रियता रहेको छ । यो निर्माण कार्यमा ढुङ्गा, सिमेन्ट, छड, वालुवा, काठ, ताँवा, चिप्स, रङ्गरोगन र स्लेट आदि प्रयोग भएको छ ।

मन्दिर पूर्व मोहडा भएको तीन तहको छाना भए पनि दुईतले छ । दुई तह छानामा स्लेट र मुख्य देवता रहेकोमा ताँवाको छाना हाली माथि गजुर र त्रिशूल राखिएको छ । मन्दिरलाई तीन तह गरी छुट्याइएको छ । वाहिर खम्वा हाली वनाएएको छ । मुख्य द्वारको चौकोस कालीगढीपूर्ण वनाई भित्र पसेपछि होमकुण्ड, वेदपाठ र रुद्रीपाठ गर्ने ठाउँ र त्यसपछि मुख्य देवता रहेको कोठा वनाइएको छ । यो मन्दिर ५५ फीट लम्वाइ, २२ फीट चौडाइ र २५ फीट अग्लो छ ।

यो मन्दिरको अगाडिपट्टि १८ फीट लम्वाइ, १२ फीट चौडाइ र १० फीट उचाइको दुई तले एकमा स्लेट र अर्कोमा ताँवाले छाएको मन्दिर छ । मन्दिरको माथिवाट गजुर र त्रिशूल राखेको छ । मन्दिरदेखि पश्चिम, उत्तर र पूर्वमा एक-एकवटा भण्डारकोठा छन् । मन्दिर उच्च पहाडमा चारैतिर खुला र ठूलो चौर भएको ठाउँमा अवस्थित छ ।

शिलालाई देवीको प्रतिमूर्तिका रूपमा प्राचीनकालदेखि पुजिँदै आएको छ। भक्तजनहरूले चढाएका अन्य मूर्तिहरूमा सङ्गमरमरको ८ हात भएकी आयुधले युक्त सिंहमथि विराजमान भगवतीको मूर्ति पनि छ। मूर्तिसँगै उत्तरमा तीनवटा प्रस्तरका विभिन्न देवताका मूर्तिहरू छन्। मुख्य देवताको कोठावाहिर द्वारपालको प्रस्तरमूर्ति रहेको छ।

मन्दिरको आफ्नै गुठी छ र गुठीयार छन्। मन्दिरका पुजारी कृष्णप्रसाद भट्ट हुनुहुन्छ। मन्दिरको सञ्चालनको व्यवस्था गुठीको आयस्तावाट र माल कार्यालयवाट भएको छ। मन्दिरमा सरसफाइ गरिन्छ। नित्यपूजा र पर्वपूजा दुवै गरिन्छ।

✡

मेलौली भगवती

(डडेलधुरा)

मेलौली गाउँ विकास समिति वडा नं० २, ४ र ७ का बीचमा मेलौली भगवतीको मन्दिर अवस्थित छ। यो मन्दिर करिव २०० रोपनीभन्दा बढी चौरका रूपमा रहेको जग्गाको पूर्वी छेउमा मेलौली गाउँको पश्चिमपट्टि पूर्वाभिमुख भई अवस्थित छ।

मन्दिरको देवकोठा प्रायः वन्द रहन्छ। त्यस कोठामा के-के छ भन्ने कुरा पुजारीवाहेक अरूलाई थाहा छैन, पुजारीले कसैलाई वताउने गरेको पनि छैन। त्यसै देवकोठाको सँगै दाहिनेपट्टि एक प्राचीन महिषासुरमर्दिनी भगवतीको करिव १८" x ३०" को शिलामूर्ति प्रतिष्ठापित छ। यस मूर्तिमा भगवतीले महिषासुरलाई कम्मर भाँची मार्न लागेको देखाइएको छ। महिषासुरको मूर्ति राँगाका रूपमा छ। मूर्ति करिव १३।१४ शताब्दीतिर वनेको देखिन्छ। त्यो सँगै हालसालै मात्र राखिएको कुँदाइमा पनि कुनै विशिष्टता नभएको अर्को भगवतीको मूर्ति पनि प्रतिष्ठापन गरिएको छ। यसै ठाउँमा मुख्य वलि चढाउने कार्य गरिन्छ।

मन्दिरको प्रवेशद्वारको खामामा दायाँपट्टि भारतवाट २०१५ सालमा ल्याइएको सिङ्गमरमरको भगवतीको मूर्ति राखिएको छ। मूर्ति अन्दाजी १६" x २४" को छ। दाहिने हात सिंहको टाउकोमाथि छ र देब्रे हातमा भगवतीले त्रिशूल समातिराखेको छ। मन्दिरभरि विभिन्न समयमा चढाइएका करिव १००० भन्दा वढी घण्टाहरू झुन्ड्याइएका छन्।

मन्दिर पूर्व-पश्चिम लम्वाइ ६० फीट, उत्तर-दक्षिण चौडाइ ४० फीट र उचाइ १३ फीटको एकतले छ। मन्दिर ढुङ्गैढुङ्गाले वनेको र छाना पनि ढुङ्गाकै छ।

सरकारी अनुदान र स्थानीय श्रमसाधनद्वारा मन्दिरको जीर्णोद्धार भइराखेको छ। उक्त कार्य पाँच वर्षअघिदेखि चल्दै आइरहेको छ। स्थानीय निर्माण समितिका अनुसार जीर्णोद्धार कार्य गर्न अझ दुई वर्ष लाग्ने अनुमान छ। जिल्लाका वासिन्दाहरूको फुर्सदको समय मिलाई सम्पूर्ण जनश्रमदान जुटाएर मात्र निर्माणकार्य गर्नुपर्दा समयमा काम सम्पन्न हुन नसकेको देखिन्छ।

मन्दिरको उत्तरमा करिव १०' x १०' x ३' फीट उचाइ, लम्वाइ, चौडाइको मञ्च छ। यसलाई स्थानीय वासिन्दा कालापात (न्याय निसाफ गर्ने थलो) भन्ने गर्दछन्। यहाँ सबै देवताहरू न्याय निसाफ गर्नका लीग छलफल गर्न आउने गर्दछन्

भन्ने जनविश्वास छ । त्यसैले यसलाई अदालत पनि भन्ने गरिन्छ । धामी काम्ने काम पनि यहीं हुन्छ ।

१९९५ सालसम्म गुठी जग्गा रहेकोमा पछि खड्गनिशाना हराई गुठी जग्गा पनि लोप हुन गएकाले मन्दिरको स्थायी आयश्रोत केही देखिँदैन । दैनिक पूजा मन्दिरमा चढाइएका दानदक्षिणावाटै पुजारीले गर्दै आएका छन् ।

अरू अरू मन्दिरमा झैं यहाँ पनि हरेक पूर्णिमा र सङ्क्रान्तिमा सानातिना मेला लाग्दछन् । गहुं तथा धान वाली काटी सकेपछि न्वागी चढाउने भनी विशेष रूपमा यस मन्दिरमा पूजाका लागि लाग्ने मेला सवैभन्दा ठूलो हो ।

यहाँ हरेक वर्ष दसैंको एकादशीदेखि पूर्णिमासम्म मेलौली मेला पनि लाग्दछ । यस मेलामा नेपाल डोटी र दार्चुलादेखि भारतको कुमाउँसम्मका मानिसहरू आउँछन् । दसैंको लगत्तै पछि चल्ने भएकाले मेलौली भगवतीको विशाल आँगनमा चार दिनसम्म नाचगान, व्यापार तथा अन्य किसिमका रमाइला कार्यक्रमहरू भइ नै रहन्छन् । यस मेलामा १०० देखि १५० राँगाहरू र २०० देखि ३०० बोका वली दिने गरिन्छ । यसरी बलि दिइएका राँगाको मासु तल्ला जातको मानिसहरूलाई बाँडिन्छ । बोका भने भोग दिनेले नै लाने गर्दछन् । यस मेलामा स्थानीय उत्पादनहरूको ठूलो वजार लाग्छ ।

अन्तमा, यस मन्दिरमा भइरहेको जीर्णोद्धार कार्य सकिएपछि मेलौली भगवती पनि बैतडी जिल्लाको एक प्रमुख मन्दिरका रूपमा रहनुका साथै व्यापक प्रचार-प्रसार भई वढी प्रसिद्धि लिन सक्ने देखिन्छ । जनसहभागितामा भएको जीर्णोद्धार कार्य पनि एक नमुनाका रूपमा रहिरहनेछ ।

डडेलधुरा

✡

देहीमाडौं भगवती

(बैतडी)

देहीमाडौं भगवती मन्दिर देहीमाडौं गाउँ विकास समिति वडा नं० ७ मा अवस्थित छ । यस जिल्लाका सातवटा भगवती (सप्तमातृका) मध्ये देहीमाडौंलाई प्रमुख भगवती मानिन्छ । यिनलाई निगलासैनी भगवती पनि भनिन्छ ।

यिनै भगवतीको नाउँले प्रख्यात देहीमाडौं वजार वैतडीको सदरमुकामभन्दा करिव २ हजार फीट माथि लेकमा पर्दछ । वर्षेनी यहाँ केही हिमपातसमेत हुन्छ । वर्षैभरि प्रायः गरम नहुने यस ठाउँवाट भारतका कतिपय हिमशृङ्खलाको अलावा नेपालको अपी, शैपाल इत्यादि हिमशृङ्खलाहरू अति सुन्दर र नजिक देखिन्छन् ।

मन्दिर वजारको मुख्य सतहवाट ३ तहको पेटी उठाई करिव ४ रोपनी जग्गा क्षेत्रमा वनाइएको छ । यो मन्दिर पूर्व-पश्चिम लम्वाइ करिव ४५ फीट, उत्तर-दक्षिण चौडाइ करिव २५ फीट र उचाइ १५ फीटजतिको छ । वर्तमान मन्दिर २०२० सालमा वनेको हो । मन्दिर क्षेत्रलाई राम्रोसँग जङ्गलले ढाकेको छ । मन्दिरको पूरै भाग ढुङ्गैढुङ्गाले वनेको छ ।

मुख्य देवस्थलभित्र सर्वसाधारणलाई प्रवेश निषेध छ । मन्दिरको दक्षिणतर्फको पर्खालमा करिव १४।१५ शताब्दीको विष्णुको कलात्मक मूर्ति छ । करिव ८" x१२" को यस मूर्तिमा विष्णु आफ्ना आयुधहरू शङ्ख, चक्र, गदा, पद्म लिई स्थानक मुद्रामा उभिएका छन् । यसको शिला पनि राम्रो खालको छ साथै ढुङ्गाको कटाइ पनि अति मिहीन छ । यी मूर्ति कलात्मकताको हिसावमा वैतडी तथा दार्चुला जिल्लाका सवै मूर्तिहरूभन्दा उच्चकोटिको देखापर्दछ । विष्णुको मुख्य मूर्तिको अलावा चारैतिर साना-साना २० वटाभन्दा वढी मूर्तिहरू अति सक्षम हातले कुँदिएका छन् । पुजारी धामी गोपालसिंह वोहराका अनुसार यस्ता मूर्ति भारतको जगन्नाथ र पुरीमा मात्र पाइन्छन् ।

यसका अतिरिक्त केही वर्षयतादेखि चढाइएका सिङ्गमरमरका भगवतीका मूर्तिहरू भने प्रशस्त मात्रामा छन् । ती सवै मूर्तिहरू भारतको जयपुरवाट ल्याई चढाइएका हुन् । ठूला मूर्तिमा २ फीट लम्वाइ र दुई फीट उचाइको एउटा प्रमुख भगवतीको मूर्ति र अन्य पाँचवटा १' X १' का मूर्तिहरू छन् । अन्य भगवतीका मूर्तिहरू साना-साना छन् र ती त्यति कलात्मक पनि देखिँदैनन् । यस्ता मूर्तिहरू नगण्य मात्रामा पाइन्छन् । मन्दिरको भित्तामा करिव ६" x ६" को एउटा प्राचीन मूर्ति छ तर त्यो मूर्ति केको हो, स्पष्ट रूपमा चिनिँदैन । मन्दिरको पूर्वमा एक शिलास्तम्भमाथि

करिव दुई फीटको सिंहले हात्तीलाई टोक्न लागेको मूर्ति छ। यो प्राचीन मूर्ति हो तर यो मूर्तिमा व्यक्त गर्न खोजिएको कुरा वुभ्न कठिन छ।

वैतडी तथा दार्चुलाका प्रमुख मन्दिरहरूमा जस्तै यस मन्दिरमा पनि करिव २५ फीट अग्लो पिङ राखिएको छ, जुन सर्वसाधारण जनताले खेल्न सक्छन्। मन्दिरभरि करिव १००० भन्दा वढी घण्टहरू चढाइएका छन्।

मन्दिरको पूर्वतर्फ करिव ३॥ फुट अग्लो एक शिलास्तम्भमा शाके सम्वत् १३०९ मा कुँदिएको छोटो शिलापत्र छ जसमा 'ॐ स्वस्ति .... शाके १३०९ .... बाधीकोट वडा लिखित .... फल राम' भनी उल्लेख भएको छ। लिपि पुरानो देवनागरींजस्तो दखिन्छ। यसबाट सो देहीमाडौं भगवतीको मन्दिर शाके सम्वत् १३०९ भन्दा पूर्वकै हो भन्ने कुरा प्रमाणित हुन्छ। अर्को एक शिलापत्र भने खिइएर पढ्नै नसकिने अवस्थामा पुगी सकेको छ।

१९२५ वि० सं० देखि रु. ५५३।- मालवाट आउने गरी गुठी राखिएकोमा २०२० साल यता मालपोत कार्यालयले उक्त रकम दिन छोडेको छ भन्ने पुजारीको भनाइ छ। अन्य गुठी केही नभएकाले हाल केवल भक्तजनहरूले चढाएको दक्षिणाले नै मन्दिरको नित्य पुजारीका निमित्त आवश्यक व्यवस्था गर्नु परिरहेको छ।

मन्दिरको स्थिति हालसम्म नराम्रो मान्न सकिँदैन। चारैतिर सरसफाइमा पनि राम्रैसँग ध्यान पुऱ्याइएको देखिन्छ। मन्दिरको सुदृढीकरण र स्थायित्वका निम्ति निश्चित गुठी जग्गाको व्यवस्था हुनु वाञ्छनीय छ।

✡

सिंहवाहिनी भगवती

(तेह्रथुम)

जिल्लाको सदरमुकाम म्याङ्लुङ वजारको वडा नम्वर १ मा सिंहवाहिनी भगवतीको मन्दिर छ। यी सिंहवाहिनी भगवतीलाई म्याङ्लुङदेवी पनि भनिन्छ। यिनै देवीको नामवाट वजारको नाम पनि म्याङ्लुङ वजार रहन गएको हो भन्ने जनश्रुति छ। मन्दिरसँगै रहेको शिलालेखमा वि० सं० १९०५ साल उल्लेख भएअनुसार सो मन्दिर उक्त समयभन्दा अगाडिदेखि नै अस्तित्वमा रहेको वुझिन्छ।

मन्दिर करिव ४ आना जग्गामा रहेको छ। मन्दिरको चारैतिर ढुङ्गाको पर्खाल लाइएको छ। मुख्य मन्दिर ठूलो वरका फेदमा रहेको छ। यससँगै कुटी, भण्डारघर र टिनको छाना भएको खुला पाटी पनि वनाइएको छ। मन्दिरभित्रको प्राकृतिक शिलालाई नै भगवतीको प्रतिरूप मानी पूजा गर्ने गरिन्छ। यससँगै पित्तलका दुइटा सिंह, गणेश, भीमसेन आदिका मूर्तिहरू पनि छन्।

यस मन्दिरमा वडादसैंको वेलामा स्थानीय वजारवासीहरू वलि चढाई धुमधामका साथ पूजा गर्छन्। यसको अलावा वुद्धजयन्तीको दिनमा स्थानीय गाउँलेहरू यी देवीको पूजा गर्ने गर्छन्।

पूजारीद्वारा नित्य सरसफाइ र पूजापाठ हुँदै आइरहेकोमा सरसफाइमा केही कमी हुन गएको छ। कमी हुनाको कारण गुठी जग्गाको आम्दानी नहुनु मुख्य हो। पहिले मन्दिरको नाममा रहेको गुठी जग्गावाट केही आम्दानी हुने गर्थ्यो र त्यसै आम्दानीवाट सरसफाइमा विशेष ध्यान दिइन्थ्यो। अहिले गुठी जग्गा कमाउनेहरूवाट आम्दानी आउन छाडेको छ भन्ने कुरा पुजारीवाट थाहा हुन आएको छ।

वजारकी मुख्य देवी हुनुका साथै तेह्रथुम जिल्लाको समेत प्रख्यात देवी भएकीले वजारवासीको सहयोगले गर्दा मन्दिरको अवस्था राम्रो छ। सम्वन्धित निकायवाट पुजारीका लागि खान्कीको व्यवस्था हुन सके र गुठी जग्गाको आम्दानी नियमित हुन सकेमा परम्परादेखि चल्दै आएको पूजापाठ चलाउन र मन्दिरको सफाइ र संरक्षण गर्नमा समेत मद्दत मिल्ने देखिन्छ।

✡

त्रिपुरासुन्दरी
(बैतडी)

वैतडीका सप्तमातृकामध्ये त्रिपुरासुन्दरीदेवीलाई प्रमुख मानिन्छ । त्रिपुरासुन्दरीलाई दुर्गाभवानीका विभिन्न अवतारहरूमध्ये एक अवतार मानिन्छ । यिनै त्रिपुरासुन्दरीको नामवाट उक्त गाउँ विकास समितिको नाम त्रिपुरासुन्दरी रहेको छ। वैतडीको सदरमुकाम खलङ्गावाट झुलाघाट जाँदा वीच वाटोमा यी देवीको मन्दिर अवस्थित छ।

५० फिट लम्वाइ २० फिट चौडाइ १५ फिट उचाइ भएको यो मन्दिर पूरै कुँदेको ढुङ्गाबाट वनाइएको छ। यसमा गजुर भने सुनको छ जुन यस जिल्लाको एक मात्र सुनको गजुर हो।

मन्दिरको नजिकै पुरानो ढुङ्गाको गजुर मिल्किरहेको देखिन्छ। यस गजुरलाई हेर्दा यस मन्दिरको प्राचीनता कमसेकम १६-१७ शताब्दीको अनुमान हुन्छ। खम्वाहरू पनि कुँदिएका गोल ढुङ्गाका छन्, जसले मन्दिरलाई निकै मजवुत तुल्याएका छन् । मन्दिरभित्र मुख्य देवीको कोठा पुजारीवाहेक सवैका लागि हेर्न मनाही गरिएको छ। सो कोठामा के छ भन्ने कुरा पनि पुजारीवाट कसैलाई वताउने गरिएको छैन । तर मन्दिरको खोपामा शिलामा कुँदिएको वाघ चढिराखेका त्रिपुरासुन्दरीको मूर्ति भए त पनि मुख्य देवींको मूर्ति प्राप्त छैन । स्थानीय वासिन्दाहरू मुख्य देवीको मूर्ति साधारण एक शिला मात्र भएको कुरा वताउँछन् ।

देवीकोठाका अगाडि एक ठूलो धुनी जगाउने स्थान र चारैतिर भक्तजनहरू वस्ने पेटी वनाइएको छ । मन्दिरका साथै पेटी पनि पूरा सिमेन्ट प्लास्टर गरी वनाइएको हुँदा मन्दिरको प्राचीनता प्रायः लोप भइसकेको देखिन्छ।

मन्दिरको आँगन र चौरमा केही पत्थरका मूर्तिहरू छन् । घामपानीले गर्दा ती मूर्तिहरू साह्रै खिइसकेका छन्। तैपनि आधा शिर काटिएको चामुण्डा र वराहको दायाँ हात र दाह्राले पृथ्वीमातालाई उचाली राखेको छ, जुन पुराणअनुसार डुब्न लागेको पृथ्वीलाई विष्णुभगवान्द्वारा वराहको अवतार लिई उद्धार गरिएको अवस्थाको हो। यी मूर्तिहरू १४-१५ शताव्दीतिर वनेको देखिन्छ भनी 'प्राचीन नेपाल' अङ्क ११ मा डा० साफल्य अमात्यले उल्लेख गर्नुभएको छ ।

साधारणतया यस मन्दिरमा दैनिक पूजा गर्ने चलन छैन । हरेक पूर्णिमा, औँसी र सङ्क्रान्तिका दिन यो मन्दिर भक्तजनहरूका लागि खुला रहन्छ र त्यस दिन भक्तजन

र यात्राहरूको घुइँचो लाग्ने गर्दछ । त्यसको अलावा आषाढको दुई दिन र भाइटीकापछि आउने अष्टमीको दिनमा सो देवीको जात्रा गरिन्छ । जात्राका दिन देवीलाई खटमा राखी स्थानीय गाउँमा परिक्रमा गराइने चलन छ । यस जात्रामा पश्चिममा कुमाउँ, उत्तरमा उकू र पूर्वमा पाटन तथा तल्लादेहीसम्मका मानिसहरू भेला हुन्छन् । जात्रा दुई दिन चल्छ ।

चैत्रदसैंमा ९ दिन (नवरात्रभरि), बडादसैंमा दस दिनसम्म (दशहरा) उक्त देवीको मन्दिरमा सयौं बोका तथा राँगाहरूको बली चढाउने गरिन्छ । राँगोलाई भोग दिइसकेपछि तल्लोजातका मानिसलाई बाँडिन्छ । बोका भने बलि दिने व्यक्तिले नै लग्ने गर्दछन् । राँगाको बलि मन्दिरबाहिर र बोकाको बलि मन्दिरभित्रै दिइन्छ । कुखुराको बलि दिने चलन यस भेगमा बिलकुलै छैन । भोग दिइँदा प्रायः स्थानीय दमाईद्वारा एक किसिमको दमाहा र ट्याम्को बजाइन्छ ।

देवलको पुजारीको लेखक परिवारका छन् । मन्दिरक्षेत्रवरिपरि कुनै व्यक्तिको मृत्यु भएमा त्यस दिन मन्दिरमा पूजा चल्दैन ।

मन्दिरको सम्पत्तिको नाममा पहिले गुठी जग्गाहरू भएकोमा पछि आएर सबै जग्गा रैकरमा परिणत भइसकेका छन् । हाल अचल सम्पत्ति छैन । चल सम्पत्तिको हकमा भने मन्दिरको स्थिति राम्रो देखिन्छ । वर्षको करिब ६० दिनजति चल्ने पूजाबाट प्रशस्त आम्दानी हुने गर्छ ।

करिब २५ रोपनी जग्गा क्षेत्रमा फैलिएको मन्दिरको क्षेत्रलाई चारैतिरबाट पर्खालले घेर्ने योजना छ । त्यसका लागि चन्दा सङ्कलन गर्ने काम भइरहेको छ । मन्दिर क्षेत्रको प्रवेशद्वार छुट्याइएको छ । मन्दिरक्षेत्रबाहिर पनि अरू १५।२० रोपनी जग्गा चौरका रूपमा रहेको छ, जहाँ मेलापर्व हुँदा मन्दिर क्षेत्रभित्र नअटाएका भक्तजनहरू बस्ने गर्दछन् । मन्दिरक्षेत्रभित्र प्रवेश गर्दा प्रवेशद्वारदेखि नै जुत्ता फुकालेर जानुपर्ने रीति छ ।

मन्दिर भएको ठाउँमा पिङ राख्ने चलन यस क्षेत्रभरि नै भएकाले यहाँ पनि मन्दिरबाहिरको चौरमा एक फलामे पिङ राखिएको छ । यसमा इच्छुक व्यक्तिहरू खेलेर मनोरञ्जन लिने गर्दछन् ।

मन्दिरक्षेत्रको चारैतिर विभिन्न रूख बिरुवाहरू लगाइएका छन् । महाकाली नदीदेखि करिब ३००० फिटमाथि अवस्थित यो मन्दिर क्षेत्र यो भेककै एक रमणीय देवस्थल मान्न सकिन्छ ।

✡

चण्डिका भगवती

(तेह्रथुम)

जिल्लाको सदरमुकामदेखि करिब १२ कोस उत्तर-पूर्वस्थित डाँडाको टुप्पोमा चण्डिका भगवतीको मन्दिर छ। यो मन्दिरलाई सप्तकन्या भगवती मन्दिर पनि भन्ने गरिन्छ। यो मन्दिर चुहानडाँडा, थोक्लुङ र सङ्क्रान्ति बजार यी तीन गाउँ विकास समितिको सिमानामा जङ्गलको बीचमा छ।

यो मन्दिरको स्थापना करीव ३०० वर्षअगाडि स्थानीय लेमुहाढले गराएका थिए भन्ने स्थानीय बूढापाकाहरूको भनाइ छ। मन्दिरमा चढाइएका विभिन्न घण्टाहरूमध्ये वि० सं० १९१७ साल उल्लेख भएको घण्टाले यो मन्दिर उक्त समयभन्दा धेरै वर्षअगाडि निर्माण भएको हो भन्ने प्रमाणित हुन्छ। वि० सं० १९६१ सालमा चढाइएको पित्तलको सिंहासन पनि छ। यस मन्दिरको जीर्णोद्धार नामजाङ्ग फाक्तुवा र वित्रिया गाउँहरू मिली वि० सं० १९८७ सालमा गरिएको थियो भन्ने उल्लेख भएको घण्टा पनि यहाँ राखिएको छ।

काठ, ढुङ्गा, माटोवाट निर्मित यो मन्दिर ७ x ४ फीट लम्वाइ चौडाइको करिव १० फीट अग्लो छ। मन्दिरभित्र हात्तीको सुँढजस्तो प्राकृतिक शिलालाई भगवतीको प्रतीकरूप मानी पूजा र वलि चढाउने गरिन्छ। मन्दिरवाहिर विभिन्न देवीदेवताका टुटेफुटेका मूर्तिहरू र केही पर सिद्धमार्गदेवीको थान छ। मन्दिरअगाडि टिनको छाना भएको एउटा पाटी पनि वनाइएको छ।

मन्दिरमा पूजापाठ र रेखदेख गर्नका लागि पुजारीको व्यवस्था छ। पुजारीको जीविकोपार्जनका लागि ५ मुरी धान आउने खेत छ। मन्दिरमा विहान-विहान नित्यपूजा हुन्छ। आइतवार, वुधवार, औंसी र एकादशीवाहेक अन्य दिनहरूमा भक्तजनद्वारा पूजापाठ र वलि चढाइन्छ। यी भगवतीप्रति भक्तजनहरूको वढी सद्भावना रहेको हुनाले वडादसैंदेखि मङ्सिरसम्म तेह्रथुम, धनकुटा, पाँचथर र ताप्लेजुढ जिल्लासम्मका मानिसहरू भगवतीको दर्शन गर्न र वली चढाउन आउँछन्। यी देवीको पूजा गर्नाले मनले चिताएको कुरा पूरा हुन्छ भन्ने जनविश्वास छ।

✡

षोडशादेवी

(अछाम)

सदरमुकाम मङ्गलसेनमा षोडशादेवीको मन्दिर छ । ताम्रपत्रअनुसार यो मन्दिरको निर्माण दलवहादुर शाहद्वारा वि० सं० १९४९ सालमा गरिएको थियो ।

यो मन्दिर अन्दाजी ८ आना जग्गामा चारैतिर पर्खालले घेरिएर रहेको छ । उत्तर मोहडा भएको २ तले प्रचलित नेपाली पेगोडा शैलीवाट निर्मित छ । यो मन्दिर १८ x १८ फीट चौकोणको करिव २० फीट अग्लो झिँगटीको छाना भएको छ । छानामाथि पित्तलमा सुनको मोलम्मा लगाई राखिएको ६ इन्चजतिको गजुर छ ।

मन्दिरभित्र वायाँ भागमा भुइँवाट ३ फीट अग्लो वनाई काठको सिंहासनमाथि सानो चाँदीको सिंहासन र छत्र वनाई राखिएको छ । सिंहासनभित्र २ हात भएको ३ इन्चको षोडशादेवीको चाँदीको मूर्ति काँसका घण्टाहरू र सिंहासनको दायाँ-वायाँ खड्ग र आशा राखिएका छन् ।

मन्दिरमा नित्य साँझ-विहान पूजा-पाठ गरिन्छ । यसवाहेक वडादसैं र चैतेदसैंमा मन्दिरमा गाउँलेहरू वलि चढाई पूजा गर्न आउँछन् ।

मन्दिरमा पूजापाठ गर्ने पुजारीलाई वार्षिक १८९०।- तलव, पूजा खर्च ४५०।-, सरसफाइ गर्नेलाई ८२।५० र नगरा वजाउनेलाई ७२०।- वार्षिक गुठी संस्थानले मालपोत कार्यालयमार्फत दिने व्यवस्था छ ।

षोडशामन्दिरभित्रका चाँदीको देवी र अन्य मूर्तिहरूको सुरक्षा हुनुपर्ने देखिन्छ ।

वरदादेवी

(अछाम)

जिल्लाको सदरमुकाम मङ्गलसेनदेखि ½ कोस उत्तरमा वरदादेवीको मन्दिर अवस्थित छ । यो मन्दिर वरदादेवी गाजरा, तिमिल्सेन र जनाली गाउँ विकास समितिको वीच वान्यगढी जङ्गलभित्रको रमणीय स्थानमा छ ।

मन्दिरको निर्माण कसले र कहिले गऱ्यो भन्ने विषयमा ठोस आधार प्राप्त छैन । स्थानीय बूढापाकाहरूको भनाइमा वाईसे राजा बिनोदी शाह यी देवीलाई इष्टदेवीका रूपमा पुज्थे भन्ने छ । यिनको नाम सुरुमा त्रिपुरासुन्दरीदेवी रहे तापनि यिनले भक्तजनहरूको दुःखकष्ट हटाई वरदान दिने भएकीले पछि यिनलाई वरदादेवी भनेर पुज्ने गरिएको हो भन्ने जनविश्वास छ ।

यो मन्दिर पूर्व मोहडा भएको ५ x ५ फीट चौकोणको करिव १२ फीट अग्लो शिखर शैलीमा ढुङ्गा माटोवाट निर्मित छ । मन्दिरभित्र कडा प्रस्तरवाट निर्मित वरदादेवीको ९ x ७ इन्च लम्वाइ-चौडाइको ४ हात, तीन टाउको भएको हेर्दा आकर्षक मूर्ति छ । मूर्तिको एउटा हात फुटेको छ । उक्त मूर्तिका साथ मन्दिरभित्र गणेश र अन्य देवीदेवताको मूर्ति र तामाको छत्र पनि छ ।

मन्दिरभित्र र वाहिर भक्तजनहरूले चढाएका घण्टाहरू झुन्ड्याइएका छन् । उक्त घण्टाहरूमध्ये वि० सं० १७९९ साल अङ्कित भएको काँसको घण्टा नै सवभन्दा पुरानो देखिन्छ । यसरी यो मन्दिरमा रहेको २४४ वर्षअगाडिको घण्टाले मन्दिर योभन्दा धेरै अगाडि निर्माण भएको वुझिन्छ ।

यो मन्दिर करिव २०० x ४० फीट लम्वाइ-चौडाइको पूर्व-पश्चिम लम्विएको जग्गामा भत्किएको पर्खालले घेरिएर रहेको छ । हालको मन्दिरको जीर्णोद्धार वि० सं० २०१८ सालमा मोतीसिंह खड्काको सक्रियतामा जन-सहयोगवाट गरिएको हो । मन्दिरमा नित्यपूजा र सरसफाइ पुजारीवाट गरिन्छ । योवाहेक वडादसैं, चैतेदसैं र कृष्णाष्टमीमा पर्वपूजा हुन्छ ।

मन्दिरको आफ्नै १५-२० पाथी वीउ जाने गुठी जग्गा छ । यसको आम्दानी गुठी संस्थानले लिने गर्दछ भन्ने कुरा गाउँलेहरूवाट थाहा हुन आयो ।

मन्दिर डाँडामा एकान्त ठाउँमा रहेको हुनाले मन्दिरभित्र रहेको वरदादेवीको मूर्ति सुरक्षाका लागि मन्दिरको ढोका मजवुत वनाउनु उपयुक्त देखिन्छ ।

✡

अजिमा

(बझाम)

यस जिल्लाको पुरानो सदरमुकाम टक्सार आदर्श गाउँ विकास समिति वडा नं० ५ मा यो मन्दिर रहेको छ । यसको निर्माण करिव दुई सय वर्षअघि स्थानीय व्यापारीहरूवाट भएको हो भन्ने स्थानीय वूढापाकाहरूको भनाइ छ ।

मन्दिर ८ X ८ फीट वर्गाकारको करिंव २० फीट अग्लो छ । यो इँट र ढुङ्गाको गारोमा वज्रलेप गरी काठको ढोकामा पित्तल पाता ठोकेर आकर्षक ढङ्गवाट वनाइएको छ । मन्दिरको मुख्यद्वारको पूर्वपट्टि मुख छ । चारैतिर इँटाको पर्खाल र उत्तर भागमा पाटीघरसमेत भएको यस मन्दिरको अगाडि खुला चौर छ ।

मन्दिरभित्र अजिमादेवीको शिलाको मूर्ति छ । पछि समय-समयमा ढलोटका अन्य देवीदेवताका मूर्तिहरूमा महाकाल, गणेश, मञ्जुश्री आदिका मूर्तिहरू प्रमुख छन् ।

मन्दिरका पुजारीवाट दैनिक पूजा र सरसफाईको कामसमेत भइरहेको छ । मन्दिरको आफ्नै गुठी जग्गा छ । गुठीयारहरूमा टक्सार गाउँ विकास समितिका वासिन्दाहरू मात्र छन् ।

यस मन्दिरमा प्रत्येक अष्टमी तिथिको साँझमा भजन-कीर्तन गरिन्छ । श्रावण महिनामा भने दैनिक भजन-कीर्तन हुन्छ ।

✡

सिद्धकाली

(भोजपुर)

भोजपुर जिल्लाको सदरमुकामस्थित यो मन्दिर यस क्षेत्रकै प्रसिद्ध मन्दिर हो। यो सदरमुकाम भोजपुर वजारवाट उत्तर-पश्चिम भागमा करिव १॥ कि० मि० को दूरीमा रहेको छ। प्राचीन कालमा सिद्धकालीदेवी यस ठाउँमा प्रकट भएकी हुन् भन्ने वूढापाकाहरूको भनाइ छ। प्रामाणिक आधारका रूपमा करिब ६० वर्षअगाडिको ताम्रपत्र फेला परेको छ।

भोजपुर बजारमा सरकारी अड्डाहरू बसेपछि यी देवीको महत्त्व वढ्यो र क्रमशः मन्दिरमा पनि नियमित तथा नित्यपूजा सुरु भयो भन्ने स्थानीय वूढापाकाहरूको भनाइ छ।

दक्षिणाभिमुख यो मन्दिर १० X ८ फीट लम्वाइ, चौडाइ र करिब १० फीट अग्लो छ। पित्तल-पाताको छाना भएको यस मन्दिरमा सुनको मोलम्वा लगाइएको पित्तलको गजुर छ। पित्तलका पाता ठोकिएका काठका ढोकाहरू छन्। यस मन्दिरको जीर्णोद्धार हरिकुमारी नामकी स्थानीय महिलाले वि० सं० १९९० सालमा गराएकी थिइन्।

मन्दिरभित्र ८ वटा हात भएकी सिंहमाथि पाउ राखेर उभिएकी देवीको करिब ८ इन्च अग्लो ढलोटको मूर्ति छ। मन्दिरको दायाँपट्टि एउटा सानो गुफा छ। यस गुफाभित्र पत्थरको शिवलिङ्ग र ढलोटको देवीको मूर्ति छ। यी मूर्तिहरू नै सिद्धकालीदेवीका पुराना मूर्ति मानिन्छन्। मन्दिरको वरिपरि समय-समयमा भक्तजनहरूले चढाएका वत्ती वाल्ने पालाहरू, घण्टाहरूका साथै ढलोटका सिंह, वसाहा तथा भक्तहरूका मूर्तिहरू छन्। मन्दिरवरिपरि जस्तापाता राखेर पाटीघर, कुटी र होम गर्ने वेदी तथा कुण्डहरू वनाइएका छन्।

यो मन्दिरको दैनिक पूजा पुजारीवाट हुँदै आएको छ। वडादसैंको नवरात्रिभर देवीको पूजा-आराधना गर्ने तथा वलि र पञ्चवलि चढाउनेहरूको भीड लाग्दछ।

पुजारीको जीविकोपार्जन मन्दिरको गुठी जग्गावाटै भइरहेको छ र मन्दिरको रेखदेख तथा सरसफाइको कामसमेत पुजारीवाटै भएको छ।

✡

वडिमालिका

(अछाम)

कैलाशमाडौं गाउं विकास समिति वडा नं० ९ पैयाँगाउँमा वडिमालिकाको मन्दिर छ। पैंयाँगाउँको पहाडको टुप्पोमा रहेको यो मन्दिर समुद्री सतहवाट करिव १४ हजार ६ सय फीटको उचाइमा अवस्थित छ। पुजारीको घरमा रहेको शाके सम्वत् १३४३ को ताम्रपत्रमा पृथ्वी मल्लको समयमा उदयसिंह रजवार र समुतिसिंह रजवार नामक राजाले कुश-तील सङ्कल्प गरी शुभेश्वर पाध्यालाई मुना, पैंयाँ, अस्कोट र ताम्सु गाउँहरूको गुठी जग्गाको आयस्तावाट यस मन्दिरको पूजापाठ चलाउने आज्ञा दिएको देखिन्छ। यसका अतिरिक्त गुठी जग्गाहरू थप गरिएका वि० सं० १८८३ र वि० सं० १९६६ सालका दुई लालमोहरहरू पनि पुजारीसँग भएको वुभिःयो। प्रस्तुत ताम्रपत्रका आधारमा यस मन्दिरलाई ५६५ वर्षभन्दा पुरानो मान्न सकिन्छ।

यस मन्दिरमा दिनहुं भक्तजनहरू गई दर्शन र पूजा गर्ने चलन छैन। केवल श्रावण शुक्ल द्वादशीदेखि चतुर्दशीसम्म लाग्ने मालिकापूर्णिमा (ऋषितर्पणी) मेलामा मात्र दर्शनार्थीहरू गई पूजा र दर्शन गर्दछन्। त्यस वेला नेपालका खास गरी सेती, भेरी, कर्णाली, महाकाली अञ्चलका र भारतको कुमाउँ र गडवालसमेतका हजारौं-हजार भक्तजनहरू मेलामा सरिक हुन्छन्।

यसमा पूजा गर्ने २ जना पुजारी र होम, रुद्री, जप, पाठ गर्ने ९ जना व्राह्मणहरू छन्। वडिमालिकाको प्रतीकस्वरूप पुजारीको घरमा रहेको मूर्तिमा नित्यपूजा गरिन्छ। पूजा गर्दा दमाईको ढोल वजाउने चलन छ। वडादसैंमा ५ राँगा, ५ वोका, २० माना घ्यू, १० पाथी चामल यज्ञलाई घेर्ने अन्दानी १० मिटर कपडा व्राह्मणहरूलाई दक्षिणा तथा अन्य पूजा सामग्रीहरू र चैतेदसैंमा १ वोका, १ राँगा, १०९ माना घ्यू, ५ पाथी चामल र अन्य सामग्रीहरू अनिवार्य रूपले जुटाई पुजारीको घरमा रहेकी वडिमालिकाको पूजा गरिन्छ र वलि पनि दिइन्छ। यी सवै खर्च मन्दिरको आफ्नै गुठी जग्गाको (अछाम जिल्लाको नवाँघर, नवाँठाना, वडाकोट, वगुसे, दर्ना र वाजुरा जिल्लाको पैंयाँमा यसको गुठी जग्गा छ) आम्दानीवाट व्यहोरिन्छ। नपुग रकम यस मन्दिरमा लाग्ने मेलामा आउने भक्तजनहरूले चढाएका नगद तथा जिन्सीवाट खर्च गरिन्छ। यी देवीका सुनचाँदीका मूल्यवान् गरगहनाहरू पुजारीकै घरमा निजकै जिम्मामा रहने चलन पाइयो। ती गहनाहरू के-कति छन् सूची वनाई राखिनु जरूरी छ। मुख्य मन्दिरमा जाने वाटो, पानी र पाटीको व्यवस्था हुन सके भक्तजनहरूलाई सुविधा हुन गई धार्मिक आस्थालाई पनि टेवा पुग्न सक्ने देखिन्छ।

✡

नाटेश्वरी

(अछाम)

कैलाशमाडौं गाउँ विकास समितिको पैमा गाउँमा नाटेश्वरीदेवीको मन्दिर छ। यो मन्दिरमा ऋषितर्पणी (मालिकापूर्णिमा) मा ठूलो मेला लाग्दछ।

मेला लाग्नुभन्दा ५ दिनअगाडिदेखि मन्दिरमा सरसफाइ, रङ्गरोगन आदि गरिनुका साथै ५ दिनसम्म नै पुजारी र ब्राह्मणहरू मन्दिरमा देवीको गरगहना आशागुर्जासहित वस्छन्।

देवीको आशागुर्जा, गरगहना र अन्य सामग्रीहरू तीन ठाउँको भण्डारबाट ल्याइन्छ। ती हुन् – सिरपाटा गाउँमा रहेको भण्डार, लामागाडाको भण्डार र वेलकाटीको भण्डार। यी सरसामानहरू मन्दिरमा लग्दा र भण्डारमा फिर्ता ल्याउँदा वाजा वजाउँदै ल्याउने र लग्ने गरिन्छ। तर वाजा वजाउनेहरू मन्दिरको फेदीसम्म मात्र जाने चलन छ।

सम्पूर्ण चीज मन्दिरमा ल्याएपछि मन्दिरमा पूजा-पाठ, होम, रुद्री आदि कार्य सुरु गरिन्छ। यो कार्यक्रम ऋषितर्पणी (जनैपूर्णिमा) सम्म कायम रहन्छ। यसै दिन वडिमालिकामा पनि मेला लाग्ने हुनाले वाटो पर्नेहरू नाटेश्वरीको दर्शन गरी वडिमालिकाको दर्शन गर्ने र फर्केर पनि नाटेश्वरीको मेलामा सामेल हुन्छन्। पूर्णिमाको दिनमा सुरुमा डोटी सिलगढीवाट आएको सरकारी पूजाको सामान देवीमा चढाई पूजा गरेपछि मात्र भक्तजनहरूले देवीको दर्शन र पूजा गर्दछन्। यो क्रम दिनको ४-५ वजेसम्म चल्दछ।

यी देवीका लागि आवश्यक पर्ने सर-सामानहरू भण्डारे र पुजारीले ठीक पार्नुपर्दछ। भक्तजनहरूले चढाएका नगद तथा जिन्सी सामानहरू मेला पूरा भएपछि पूजारी र भण्डारेहरूले वाँडेर लिने गर्छन्। यी देवीको मेलामा आई देवीको दर्शन गर्नाले कष्टवाट छुटकारा पाइन्छ भन्ने जनविश्वास छ।

✡

सल्यानकोटदेवी

(धादिङ)

सल्यानकोट गाउँ विकास समिति वार्ड नं० ५ सल्यानकोटमा एउटा र आइनचोक गाउँ विकास समिति आँखुखोलाको तीरमा एउटा गरी सल्यानकोटदेवीका दुईवटा मन्दिर छन्। यी दुवै मन्दिरमा देवीको वास क्रमशः ७ महिना र ५ महिना हुने गर्दछ। यी देवीलाई त्रिपुरासुन्दरीदेवी पनि भनिन्छ। देवीको स्थापना कहिले र कसले गऱ्यो भन्ने कुरा कुनै प्रमाणहरू प्राप्त नभएकाले यकिन गर्न सकिएन तर यी देवीको अस्तित्व आजभन्दा ३०० वर्षअगाडिदेखि नै रहेको कुरा श्री ५ वडामहाराजाधिराजको दिव्य उपदेशमा उल्लेख गरिएको निम्न पङ्क्तिवाट वोध हुन जान्छ : "………. सल्यानु कोट. की देवी. साछयात् 'छन्' भनिई भन्छन्, म पनि सायेत गरि. जान्छु भनि विदा गराया र. सायेत गरि. म पनि गत्रुं …. ती माई हुन्. दर्सन् पाउनु भयछ. भने र. उसै वेलामा. धुम, दिप, धजा नैवैदे. नित्यपूजाला. सात रांगां सातै बोका थपि. वोलांघाटको आम्दानी. र. घाटं छेउको टार माईलाई. संकल्प गरी दिन्ना …."

१८७० सालको लालमोहरको आधारमा पनि यिनको प्राचीनता थाहा पाउन सकिन्छ।

श्री महामाई - १ श्री गणेश - २ श्री भीमसेन - ३

स्वस्ती श्री मन्महाराजीराज कस्य रुक्का ….. आगे सल्यानका अमालिथरी भला मानिस प्रति तांहाकोटलाई मामुली गैर हामराजा पूर्व देषी रहयोको तपसील वमोजिम ज्मा षेत ४/२२ आज पनि था मि वक्स्यौं अघिदेखि चलि आयाको रितसंग आमुल चलाई कोट मानि भोग्य गर …….. इति सम्वत् १८७० साल मिति श्रावण वदी ५ रोज ४ शुभम् …….

मन्दिरमा चढाइएको एउटा घण्टामा कुँदिएको अभिलेख यस प्रकारको छ – "स्वस्ती श्री शाके १७२४ सम्वत् १८५९ साल मिति जेष्ठ वदी ७ रोज २ मा श्री ५ महाराजा गीर्वाणयुद्ध विक्रम शाहवाट सल्याकोट महामाईलाई चढाउनु भएको घण्टा मार्फत महावीर ….. शुभम्।"

यस अभिलेखवाट पनि यो मन्दिर १८४ वर्षभन्दा पुरानो ठहर्दछ।

मन्दिर पत्थरको किल्लाजस्तो करिव ६० फीटको गोलाकार क्षेत्रमा डाँडाको टुप्पामा अवस्थित छ। वास्तवमा यो मन्दिर नभएर घर मात्र हो। एकतले घरलाई नै देवीको मन्दिररूपी यो घर पत्थर, काठ, माटो, स्लेट आदि प्रयोग गरी बनाइएको छ।

मन्दिरभित्र ठूलो घण्टा एक, सानो घण्टा दुई र ढलौटको झण्डा वोकेको एउटा सिंह पनि छ । यो ६ फीटजति अग्लो पत्थरको खम्वामा राखिएको छ । मन्दिरमा मूल वाटोवाट करिव १५ फीटजति माथि पत्थरको सिँढी चढेर जानुपर्दछ । मन्दिरको पूर्वपट्टि एउटा दसैंघर छ । चैत्राष्टमीमा माईलाई यही घरमा राखिन्छ । दसैंघरअगाडि पत्थरको किल्ला छ । यो जमिनवाट ५ फीट अग्लो र करिव २५ फीट चौडा छ ।

(यी देवीको आँखुखोलाको तीरमा रहेको २ तले घरलाई दोस्रो मन्दिर भनिन्छ । यो घर २५ फीट लामो, १५ फीट चौडा र २० फीटजति अग्लो छ । स्लेटको छाना हाली काठ, पत्थर, माटो आदि प्रयोग गरी वनाइएको यस घरमा देवीलाई ५ महिना विराजमान गराइन्छ । यहाँ रहुन्जेल देवीलाई त्रिपुरासुन्दरीदेवी भनी पुकारिन्छ । यहाँ २ वटा पुजारीघर र पाहुनाघर छन् । ५ महिनासम्म देवीलाई गुठी जग्गावाट उब्जनी भएको धानको भोग लगाई न्वागी खान ल्याउने परम्परा छ । मार्ग महिनामा साइत हेरेर देवीलाई यहाँ ल्याएपछि फागूपूर्णिमापछि साइत गरी सल्यानकोट फिर्ता लगिन्छ ।

देवीको स्वरूप र मूर्ति कस्तो छ, पुजारीले वाहेक अरूले हेर्नसमेत नहुने भएकाले छ भन्न सकिँदैन । पुजारीको भनाइअनुसार देवीलाई वाकसमा राखिएको छ र सोही वाकसमा पूजा गरिन्छ । पुजारीलाई जुठो-सुतक लागेको समयमा ब्राह्मणद्वारा पूजा गर्ने गरेको पाइन्छ । सुरक्षा र सञ्चालनको व्यवस्था पुजारीवाटै हुँदै आएको छ । पुजारीमा वंशपरम्पराअनुसार रानामगरहरू छन् । यी देवीको सम्पत्तिमा १०० मुरी खेत छ । २००७ सालदेखि तिरोमा खेती गरिन्छ । वार्षिक आम्दानी ७० मुरी अन्न र रु. २००।- नगद रहेको छ । यिनै आम्दानीहरूवाट पूजा गर्ने र पाहुनाहरूलाई भोजनसमेत खुवाउने गरिएको छ । वैदिक विधिअनुसार धूप, दीप, नैवेद्य, रक्तचन्दन, फलफूल आदि प्रयोग गरी नित्यपूजा गरिन्छ । पूजा गर्दा ९ जना दमाईहरूले वाजा वजाउँछन् । वाजामा नगडा ३, सनाई २, कर्नाल २, काल १ र सिखार १ पर्छन् ।

२००७ सालसम्म वर्षभरिमा वडादसैं, चैत्राष्टमी, मार्ग महिनामा न्वागी खाने दिन आदिमा पर्व-पूजा गर्दा २६ वोका, ११ राँगा र ३ सुँगुर वलि दिइन्थ्यो । हाल निम्न हिसावले वलि दिएको पाइयो – घटस्थापनामा भेडा – १, फूलपातीमा भेडा – १, फूलपाती पस्दिंदा वोका – १, फूलपाती भित्र्याउँदा वोका – १, महाअष्टमीमा वोका – २ (यसमा एउटा वोका, गादी पूजालाई), नित्यपूजामा राँगो – १, वोका – १, भद्रकालीलाई बोका – १, राँगो – १, महानवमीमा सुँगुर – १, वोका – १, चण्डीपूजा गर्दा सुँगुर – १, भैरवपूजा गर्दा सुँगुर – १, मुख्य मौलामा वोका – १ चैत्राष्टमीमा वोका – १, राँगो – १, आषाढ महिनामा गरिने मुख्य पूजामा वोका – १, चण्डीपूर्णिमामा चण्डी पाठ गरी पाठी – १, कुखुरा – १ र फुल – १ । चण्डीपूर्णिमामा चण्डी पाठ गर्दा पोथी जीवको वलि दिने प्रथा भएकाले पाठी नै काटिन्छ । यसका अतिरिक्त वाजापूजा गर्दा वोका – १, देवीका हातहतियार खुंडा, तरवार आदिमा वर्षको एकपटक धार लगाउन सानपूजा गर्दा १ वोका वलि दिइन्छ ।)

पहिलेदेखि नै सरकारी तवरवाट वलिपूजा गरिँदै आएकाले गुठी आम्दानीवाट नपुगेमा चन्दा सङ्कलन गरेर भए पनि पूजाकार्य सम्पन्न गरिँदै आएको छ । यी देवीलाई धादिङ जिल्लाकी प्रमुख देवीका रूपमा मानिन्छ ।

✡

भैरवी
(धादिङ)

सुनौलाबजार गाउँ विकास समिति वार्ड नं० ३ कोटथोकमा यो मन्दिर अवस्थित छ । पुजारीको भनाइअनुसार देवीको मन्दिर श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाह सरकारवाट वनाउन लगाई निजका सन्तानलाई पुजारी भई खानु भनी लालमोहर वक्स भएको थियो । तर लालमोहर र मन्दिरमा पनि कुनै अभिलेख आदि नभेटिएकाले यस कुरालाई पुष्टि गर्न सकिँदैन । पुजारीको भनाइलाई आधार मान्दा यो मन्दिर करिव २५० वर्षभन्दा पुरानो हो भन्न सकिन्छ । यी देवी सम्पूर्ण जिल्लाभरि प्रख्यात छिन् ।

प्रचलित तले शैलीमा निर्मित यो मन्दिर २ तले छ । वि० सं० १९९० सालमा चट्याङ परी भत्किएपछि १९९२ सालमा टिनको छाना हाली जीर्णोद्धार गरिएको मन्दिर करिव १५ फीट उँचो र १२ X १२ फीट वर्गाकारको छ । मन्दिरको पहिलो छाना १२ वटा काठको खम्वाले अड्याइएको छ । ढोकाको चौकोस कालिगढीयुक्त पत्थरवाट वनेको छ र यसको वनोटअनुसार पनि मन्दिर पुरानो हो भन्न सकिन्छ । दक्षिण र पश्चिमतर्फ दुईवटा प्रवेशद्वार छन् ।

मन्दिरभित्र देवीको प्रतीकस्वरूप करिव २ फीट अग्लो र १० फीटजति गोलाइ भएको शिला छ । साथमा केही खुँडा र थुप्रै त्रिशूलहरू छन् । यिनैलाई भैरवीदेवी भनी पूजा गरिन्छ । मन्दिरको सम्पूर्ण कार्य पुजारीवाटै सञ्चालन हुन्छ । पुजारीमा राना मगर छन् । मन्दिरको आम्दानी ३० मुरी अन्न र २००।- रुपियाँजति नगद छ । यसै आम्दानीवाट पूजा सञ्चालन र पुजारीको जीविका चलेको छ ।

मन्दिरमा नित्य र पर्वपूजा हुँदै आएको छ । नित्य पूजा गर्दा धूप, दीप, नैवेद्य, फलफूल, रक्तचन्दन, अविर, केशरी आदि प्रयोग गरिन्छ । वेलुका केवल फुको अक्षता चढाई धूप-वत्ती मात्र गरिन्छ । पूजा गर्दा डमरू - १, नगडा - २, वाना - १ गरी ३ थरी वाजाहरू वजाइन्छन् । पर्वपूजा वडादसैं र चैत्राष्टमीमा मात्र गरिन्छ । ती समयमा निम्नानुसार वलि चढाई पूजा गरिन्छ –

वडादसैंमा :

फूलपाती ल्याउने वेलामा वोका	–	१
फूलपाती ल्याउन वेलको वोटको फेदमा वोका	–	१
फूलपाती पर्सिने ठाउँमा वोका	–	१

फूलपाती भित्र्याउँदा बोका	–	१
जमरा राखेको दिन जमरा कोठामा बोका	–	१
महाअष्टमीमा बोका	–	१
महानवमीमा गणेशस्थानमा बोका	–	१
महानवमीमा भैरवीस्थानभित्रै बोका	–	१
टीकाको दिन बिहान बोका	–	१
भीमसेनस्थानमा बोका	–	१
	जम्मा १० वटा	
यसैगरी महाअष्टमी (कालरात्री) मा राँगो	–	१
महानवमीमा भीमसनेस्थानभित्र राँगो	–	१
महानवमीमा मुख्य मौलोमा राँगो	–	१
महानवमीमा भैरवीस्थानभित्रै राँगो	–	१
	जम्मा ४ वटा	
भैरवलाई सुँगुर	–	१

चैत्राष्टमीमा :

भीमसेनस्थानमा बोका	–	१
गणेशस्थानमा बोका	–	१
भैरवीस्थानभित्रै बोका	–	१
चण्डीस्थानमा बोका	–	१
	जम्मा ४ वटा	
भैरवीस्थानभित्रै राँगो	–	१
भैरवस्थानमा सुँगुर	–	१

यसरी १४ वटा बोका, ५ वटा राँगो र २ वटा सुँगुरसहित अन्य सम्पूर्ण खर्चहरू भैरवी मन्दिरकै आम्दानीबाट व्यहोरिने गरिएको छ ।

भैरवी मन्दिरको ठीक पछाडि भैरवस्थान छ । यहाँ भैरवको प्रतीक स्वरूप एउटा ठूलो शिला र थुप्रै त्रिशूलहरू राखिएका छन् ।

भैरवी मन्दिरअगाडि एउटा दसैंघर छ । स्लेटको छाना हाली माटो, काठ, पत्थर आदिबाट निर्मित यो घर १५ फीटजति अग्लो, १५ फीट लामो र १० फीट चौडाइको छ । यसै घरमा जमरा राख्ने, फूलपाती भित्र्याउने आदि काम सम्पन्न गरिन्छ । बडादशमीभर पुजारीको घरमा रहेको र श्री ५ बडामहाराजाधिराज सरकारबाट भैरवीलाई अर्पण गरिबक्सिएको सुन र चाँदी मोडिएको भाला ४ थान, खुँडा, तरवार र त्रिशूल आदि यसै दसैंघरमा राखी पूजा गरिन्छ ।

भैरवीमन्दिर गाउँबाट करिब २०० फीट माथि समुद्री सतहबाट करिब १०-१२ हजार फीटको उचाइमा डाँडाको टुप्पामा अवस्थित छ । यहाँबाट चारैतर्फका डाँडाहरू, हिमशिखरहरू स्पष्ट रूपमा देखिन्छन् । यस स्थानमा प्रत्येक छुट्टीमा दृश्यावलोकन र भोज खान कर्मचारी, विद्यार्थी र पर्यटकहरू पनि आउने गर्दछन् । पिउने पानी यस स्थानमा मुख्य समस्याका रूपमा रहेको छ ।

✡

मैदीकोट भगवती

(धादिङ)

मैदी गाउँ विकास समिति वडा नं० ३ उखुबारीमा यो मन्दिर अवस्थित छ। यिनलाई खड्गदेवी पनि भनिन्छ। यो मन्दिरको स्थापना करिब ३०० वर्षअगाडि नै भएको र त्यसै बेलादेखि मगरपरिवारले पूजा गर्नु भनी हालका पुजारीका पुर्खालाई लालमोहर गरिएको थियो भन्ने पुजारीको भनाइ छ। यस कुरालाई पुष्टि गर्ने सामग्री भने छैन। यसै स्थानमा श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको व्रतवन्ध गरिएको थियो भन्ने भनाइ छ। यसवाट पनि कोटको प्राचीनता झल्किन्छ।

स्लेटको छाना हाली वनाइएको यो मन्दिर १५ फीट अग्लो १५ x १५ फीट वर्गाकारको काठ, माटो, पत्थर आदिले वनाइएको २ तले छ। मन्दिरको प्रवेशद्वार दक्षिणतर्फ छ। तीनतिर साना-साना आँखीझ्याल हालिएको छ। यो मन्दिरको पहिलो छाना २० वटा काठको खम्वाले अड्याइएको छ। यो मन्दिर केही सालअगाडि मात्र जीर्णोद्धार गरिएको हो।

मन्दिरभित्र २ इन्चजति अग्लो देवीको प्रतीकस्वरूप पत्थर र ३ फीट अग्ला ३ वटा फलामका खड्गहरू राखिएका छन्। यिनै खड्गहरूलाई भगवती मानी पूजा गरिने भएकाले खड्गदेवी भनिएको हो। यहाँ देवीलाई चढाइएका १०-१२ वटा घण्टाहरू छन्। मन्दिर करिव ५० x ५० फीट वर्गाकारको जमिनमा अवस्थित छ। डाँडाको टुप्पामा अवस्थित यो मन्दिरमुनि २० फीट लामो र १० फीट चौडाइको सानो चोक छ। यहाँ गाडिएको मौलोमा वलि चढाइन्छ।

यी भगवतीको सम्पत्तिमा ८४ मुरी अन्न छ। ८ मुरी ५ पाथी धान अक्षता र २ जना पुजारीहरूलाई खान्कीस्वरूप छुट्याइएको छ। वडादसैंमा भेडा १, सुँगुर २, राँगो ४ र वोका ९ वटा वलि दिइन्छ। भैरवीलाई सुँगुर – १ वलि चढाइन्छ। यसका अतिरिक्त मैदीकोटकै आम्दानीवाट धादिङ जिल्लाका अन्य केही देवीदेवतालाई चैत्राष्टमीमा वलि दिन भनी राँगो, सुँगुर र वोकाहरू उपलब्ध गराइन्छ।

यी सम्पूर्ण खर्चहरू २००४ सालको पद्मशमशेरको लालमोहरअनुसार गुठीको आम्दानीहरू उठाई मन्दिरको सम्पूर्ण व्यवस्था गर्ने काम भूतपूर्व वागमती अञ्चलाधीश विष्णुप्रताप शाहका पुस्तैनीहरूवाट सम्पन्न गरिन्छ भन्ने पुजारीको भनाइ छ। विहान पूजा गर्दा धूप, दीप, नैवेद्य, रक्तचन्दन, फलफूल आदि प्रयोग गरिन्छ। वेलुका चाहिं क़ेवल आरती मात्र गरिन्छ। पूजाको समयमा नगडा, वाजाहरू राखा र वाना वजाइन्छ र वाजावालहरूलाई वान्कीस्वरूप ३-३ मुरीका दरले ९ मुरी धान र कोटका कोटवाललाई ६ मुरी धान दिइन्छ।

✡

बलदेवी

(धादिङ)

नलाङ गाउँ विकास समिति वडा नं० ९ मा यो मन्दिर अवस्थित छ। देवीको सेवा गर्नाले बल-शक्ति प्राप्त हुने भएकाले वलदेवी भनिएको हो भन्ने स्थानीय बूढापाकाहरूको भनाइ छ।

मन्दिरको स्थापना २०० वर्षअघि भएको थियो भनिन्छ। तर कुनै प्रमाणहरू भेट्टाउन सकिएको छैन।

स्लेटको छाना हाली वनाइएको एक तले मन्दिर करिव १० फीट अग्लो र १० x १० फीट वर्गाकारको छ। पत्थर, काठ, माटो आदि प्रयोग गरी बनाइएको यस मन्दिरको छाना १० वटा काठको खम्वाहरूले अड्याएका छन्। २५ x २५ फीट वर्गाकारको २ फीट अग्लो पेटीमाथि अवस्थित यस मन्दिरको एउटा मात्र प्रवेशद्वार दक्षिणतर्फ फर्किएको छ।

मन्दिरभित्र देवीको प्रतीकस्वरूप काठको मौलो र १०-८ वटा शिला राखिएका छन्। यिनै शिला र मौलोमा पूजा गर्ने र वलि चढाइन्छ।

देवीका सम्पूर्ण गुठ जग्गाहरू गाउँका द्वारेले विक्री गरिदिएकाले हाल कुनै आम्दानी छैन। नित्यपूजा पनि हुँदैन। भाकल गर्नेहरू आफैं आई पूजा गरी जान्छन्।

वाजा बजाउनेको १० मुरी धान आउने खेत भने कायमै रहेकाले उसले आफ्नो कर्तव्य बिहान-वेलुका वाजा वजाई पूरा गर्दछ।

वर्षको एकपटक पहिलेदेखिकै चलनअनुसार मैदीकोट भगवतीको गुठीवाट महाअष्टमीका दिन वोका वलि दिइन्छ र चण्डीपाठसमेत गराइन्छ।

✡

सोनुवाढमाई

(मकवानपुर)

चनई गाउँ विकास समिति वडा नं० ५ भितरियामा वहवेल नदीपारि सुखवेल नदीको तीरमा जङ्गलको माझमा सोनुवागढमाईको मन्दिर अवस्थित छ । यिनलाई पार्वतीमाई पनि भनिन्छ ।

मन्दिरको निर्माणकर्ता र निर्माणकाल थाहा पाउन सकिएन तर मूर्तिको वनोट र खिइएको अवस्थालाई हेर्दा करिव ५-६ सय वर्ष पुरानो देखिन्छ ।

मन्दिरको दायाँ-वायाँ करिव ५० फीट गोलाइ भएको स्तुपको भग्नावशेष छ । यो मन्दिर इँटा, माटो काठ आदि प्रयोग गरी वनाइएको प्रचलित नेपाली पेगोडा शैलीमा टायलको छानाको १० x १० फीट वर्गाकारको करिव १० फीट अग्लो र २ फीटजति चौडा छ । मानिसको ढाडमाथि एउटा खुट्टा र अर्को खुट्टा भुइँमा रोकी वसिरहेकी देवीका अङ्गहरू, आकृति र आयुध अस्पष्ट छन् । यहाँ अन्य साना-साना २-३ वटा देवीका मूर्तिहरू पनि छन् ।

यस मन्दिरमा दुइटा पुजारी छन् । तिनीहरूवाट नै मन्दिरमा पूजापाठ गरिन्छ । मन्दिरको कुनै गुठी नभएको हुनाले गाउँमा भिक्षा मागेर पुजारीको जीविकोपार्जन भएको छ ।

✡

देवीस्थान

(मकवानपुर)

सामरी गाउँ विकास समितिको वडा नं० १ मा अवस्थित सामरीभन्ज्याङमा एक देवीस्थान छ । अघि पश्चिम भेगवाट काठमाडौं आउँदा बाटोमा पर्ने नुवाकोट तथा त्रिशूली वजारदेखि करिव ३ कोस टाढा यो भन्ज्याङ छ । यस मन्दिरलाई जालपादेवी पनि भनिन्छ । यो स्थान यस भन्ज्याङ तथा वरपरका वासिन्दाका निमित्त प्रमुख देवस्थलका रूपमा रहेको छ । भन्ज्याङको दक्षिण पश्चिम कुनामा अवस्थित करिब अढाई रोपनी जग्गाको क्षेत्रमा फैलिएको र साधारण ढुङ्गे पर्खालले घेरी वनाएको यस देवीस्थानमा कुनै आकार-प्रकारका मूर्तिहरू नभई साधारण ढुङ्गाहरूलाई देवी मानी पुजिँदै आएको छ । यसको प्राचीनता मल्लकालभन्दा परको छैन ।

मार्ग शुक्ल पूर्णिमाको दिन यस देवीस्थानमा मेला लाग्दछ । यस मेलामा नाचगान गर्ने, रातभर जाग्राम वस्ने, बत्ती चढाउने र फूलको डोलीसमेत चढाई जात्रा मनाउने चलन छ ।

यसवाहेक सामरीभन्ज्याङमै मच्छेन्द्रनाथ तथा गोरखनाथको एक साधारण ढुङ्गाले वनाएको मन्दिर छ । यसको प्राचीनता पनि शाहकालमै मात्र सीमित देखिन्छ । हाल जीर्णशीर्ण अवस्थामा रहेको यस मन्दिरमा कपर्दारका सन्तानद्वारा चढाएको गोरखनाथको साधारण मूर्ति, २०२४ सालमा प्रतिष्ठापित गरिएको लोकेश्वरको मूर्ति र अन्य सूर्य, दक्षिणकाली मूर्तिको अलावा श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहको श्रीपेचसहितको सालिक प्रतिष्ठापन गरिएको छ । त्रिशूलीवाट पश्चिम लाग्दा बाटोको देब्रेपट्टि अवस्थित यो देवल नै सामरीभन्ज्याङको कलात्मक मूर्तिहरूले सजिएको देवल मान्नुपर्दछ ।

सामरीभन्ज्याङको मुखैमा वि० सं० १८४१ सालमा कालु कपर्दारद्वारा प्रतिष्ठापित एक ढुङ्गेधारा भने अति कलात्मक छ । स्थानीय वासिन्दाका अनुसार धारामाथि सोही समयमा प्रतिष्ठापित नारायणको मूर्ति पनि थियो, तर उक्त मूर्ति ५-६ वर्षअघि चोरी भइसकेको छ । धारामा हाल प्राकृतिक मुहानको पानी नआए तापनि पोलिथिन पाइपद्वारा ल्याइएको पानी भए पनि उक्त धारावाट झार्न लगाई धाराको सजीवतालाई बचाई राखिएको छ । धाराको कलात्मकतालाई विचार गर्दा उक्त धारा पाटनमा कुँद्न लगाई सो स्थानमा प्रतिष्ठापन गर्न लगिएको हुनुपर्दछ ।

✡

आमोदेवी

(पर्सा)

यो स्थान वीरगञ्ज बजारदेखि ५-६ कोस उत्तर-पश्चिमपट्टि अवस्थित बिरुवागढी गा० वि० स० वडा नम्बर ६ मा पर्दछ । सम्भवतः मध्यकालीन मन्दिरको भग्नावशेषको माथि सानो छाप्रो हाली यो देवीस्थानको रूप दिइएको छ ।

यसै स्थानलाई वरिपरिका गाउँलेहरू देवीस्थान मानी पूजाआजा र बलि चढाउने गर्दछन् । यस स्थानमा रहेको भग्नावशेषमा थुप्रै पुराना इँटा तथा खपटाका टुक्राटुक्रीहरू छरिएर रहेका छन् । प्रत्येक वर्षको कार्तिक महिनाको पूर्णमासिकका दिन यहाँ मेला लाग्दछ ।

✡

विन्ध्यवासिनीदेवी

(पर्सा)

पर्सा जिल्लाका विभिन्न तीर्थस्थलहरूमध्ये विन्ध्यवासिनी देवीस्थान पनि एक हो । यो पवित्र देवीस्थान पर्सा जिल्लालगायत वरिपरिका अन्य जिल्लाहरूका निमित्त पनि पवित्र स्थलका रूपमा मानिन्छ । यो स्थान वीरगञ्ज बजारवाट सिधा पश्चिम ८ कि० मि० टाढा अवस्थित छ ।

हालको यो मन्दिर प्रचलित नेपाली शैलीमा वि० सं० २०२६ सालमा स्वर्गीय श्री ५ महेन्द्र सरकारवाट जोर्णोद्धार गराइवक्सेको हो । लगभग ७॥ कठ्ठा क्षेत्र ओगटेको यो मन्दिरको उत्तर-पश्चिमपट्टि वि० सं० २०२६ सालमै स्वर्गीय श्री ५ महेन्द्र सरकारवाट निर्माण गराइवक्सेका धर्मशाला तथा पाटी छन् ।

मन्दिरको प्राचीनतालाई पहिल्याउँदै जाँदा श्री ५ रणबहादुर शाहको पालामा यस मन्दिरको नित्य पूजाआजाका निमित्त ५ जटा गाउँहरूको मौजा बक्स भएको बुझिन्छ । अमरपट्टी, झौवा, केहुनिया, पर्सोतिमपुर र सिसियारी गाउँहरूको जमिनवाट प्राप्त मालपोतवाट पहिले मन्दिरको खर्च चल्ने गर्दथ्यो, हाल यसको समपूर्ण खर्च गुठी संस्थानवाट व्यहोरिदै आएको छ ।

गर्भगृहमा वि० सं० १९४४ सालसम्म आकारहीन ढुङ्गालाई देवीको प्रतीक मानी पूजा गरिने गरिन्थ्यो । अष्ट धातुवाट निर्मित उभिएकी भगवतीको मूर्ति श्री ५ पृथ्वीवीरविक्रम शाहदेववाट वि० सं० १९४४ मा प्रतिष्ठापित गरिएको थियो । मन्दिरको स्याहार-सम्भार राम्रोसँग नगरिएको भए तापनि तुरुन्त जीर्णोद्धार गर्नुपर्ने स्थितिमा यो मन्दिर छैन ।

✡

त्रिपुरासुन्दरी
(दोलखा)

दोलखा बजारको पूर्वोत्तरमा अवस्थित त्रिपुरासुन्दरीको मन्दिर दोलखाका प्रसिद्ध मन्दिरहरूमध्ये एक हो ।

त्रिपुरासुन्दरीको उत्पत्ति तथा स्थापनाका सम्वन्धमा दोलखालीहरूमा विभिन्न लोकोक्तिहरू पाइन्छन् । कालिञ्चोककी काली, त्रिपुरासुन्दरी र वालकुमारी ३ दिदी-बहिनी हुन् भन्ने कथा पनि पाइन्छ । त्रिपुरासुन्दरी र बालकुमारीको उत्पत्तिसम्बन्धी त्यहाँ प्रचलित एक कथाअनुसार कुनै समयमा दोलखामा सिन्धु आचार्य र वन्धु आचार्य नाम गरेका दुई दाजुभाइ नामुद तान्त्रिक थिए । एकपटक उनीहरू तामाकोसीतिर गइरहेका बखत दुई सुन्दरी बालिकाहरूलाई देखे । आफ्नो विद्याको कारणले उनीहरूले यी दुई वालिकाहरू त्रिपुरासुन्दरी र वालकुमारी माई हुन् भन्ने थाहा पाएपछि तान्त्रिक विधिले दोलखामा ल्याई राखे । दुई वहिनीमध्ये वालकुमारी निकै चञ्चल स्वभावकी भएकीले उनलाई तान्त्रिक बन्धनमा पारी राखे ।

त्रिपुरासुन्दरीको उत्पत्तिका सम्वन्धमा यस प्रकारका कथाहरू पाइए तापनि यहाँ कहिले यो मन्दिर बनाइयो भन्ने बारेमा प्रस्ट जानकारी पाइँदैन । दोलखाको प्रस्ट रूपमा इतिहासको थालनी १४ औं शताब्दीदेखि पाइन्छ । सम्वत् १४-१५ औं शताब्दीतिर यहाँ त्रिपुरासुन्दरीको स्थान र मन्दिर निर्माण भएको हुन सक्तछ । वैतडी, कालिकोट, डोल्पा र दोलखाका त्रिपुरासुन्दरीहरूका बारेमा विस्तृत अध्ययन हुन आवश्यक देखिन्छ ।

दोलखाको त्रिपुरासुन्दरी मन्दिरको वास्तुस्वरूपको अध्ययन गर्दा यो मध्यकालमा निर्माण गरिएको र बेला-बेलामा मर्मत जीर्णोद्धार भइआएको प्रस्ट हुन्छ । तीनतले यो मन्दिर प्रचलित नेपाली तले शैलीमा निर्माण भएको छ । पूर्व-पश्चिम लम्बाइ, उत्तर-दक्षिण चौडाइ भएको मन्दिरको पहिलो तलाको गाह्रो ढुङ्गाको छ र त्यसमाथि दक्षिणपट्टि दतिया (तेलिया इँटा) र अरू भाग ढुङ्गाकै छ । मन्दिरको भुइँतल्लाको कुनै प्रयोग भएको छैन । पहिलो तल्लामा त्रिपुरासुन्दरीको स्थापना गरिएको छ । झ्यालहरू केही कलात्मक छन् । दोलखाको महत्त्वपूर्ण स्मारकका रूपमा रहेको यस मन्दिरको छाना झिँगटीको छ । गर्भगृहको ठीक मुनि वेताल कोठा रहेको छ । मन्दिरमाथि पुजारीबाहेक अरू जान नहुने भएकाले भित्री वास्तुकला धेरै अध्ययन गर्न सकिँदैन । टुँडालहरू साधारण किसिमका छन् ।

यहाँ त्रिपुरासुन्दरीको मूर्ति रहेको छ भन्ने भनाइ छ । तर सो मूर्ति पुजारीले बाहेक अरूले हेर्न नहुने परम्परा भएकाले मूर्तिको विवरण प्रस्तुत गर्न सम्भव हुँदैन । खास मूर्ति नभएर त्रिपुरासुन्दरीको प्रतीकका रूपमा कलश मात्र छ पनि भनिन्छ ।

त्रिपुरासुन्दरीको पूजाआजा सञ्चालनका लागि गुठीको व्यवस्था छ । यहांको सरसफाइ र रेखदेख पुजारीबाटै हुने प्रचलन रहेको छ ।

पूजाविधि पनि पुजारीबाहेक अरूले थाहा पाउनु हुँदैन भन्ने परम्परा रहेको छ। त्रिपुरासुन्दरीलाई बोकाको बलि चढाइन्छ । बलि चढाउने काममा पनि पुजारीलाई (बोका काट्ता पनि) कसैको सहयोग आवश्यक पर्दैन । नित्यपूजाको प्रचलन रहेको छ । पूजारी हुनका लागि तान्त्रिक दीक्षा प्राप्त गर्न इच्छुक सम्पूर्ण व्यक्तिहरूका बीच गोला हालिन्छ । जसलाई गोला पर्दछ उही पुजारीमा नियुक्त हुन्छ । पूजाविधि सिकाउने प्रचलन छैन । सिकाउने अवसर पनि रहँदैन । किनभने एउटा पुजारीको मृत्यु नभई अर्को पुजारीको चयन गरिँदैन । पुजारी हुने व्यक्तिका बुबा-आमा मर्दा पनि यो पूजा गर्न हुन्छ, रोक्नु हुँदैन । राँगाको बलि बाहिरबाटै चढाइन्छ । महादसैं र चैत्रदसैंमा बलि चढाएको राँगाको मासु त्यही मन्दिरमै सुकाएर राखी प्रतिदिन १-१ चोक्टा त्रिपुरासुन्दरीलाई चढाइन्छ । रक्सी पनि कुनै निश्चित साइतमा बनाएको मात्र चढाउने परम्परा छ । यस प्रकारका नित्य-नैमित्तिक पूजाहरूबाहेक भक्तजनहरू आफ्ना भाकल र श्रद्धाले पनि पूजा लाग्ने गर्दछन् । यी त्रिपुरासुन्दरीको दैवीशक्ति बारेमा विभिन्न जनश्रुतिहरू पाइन्छ ।

त्रिपुरासुन्दरी मन्दिर र छाना जीर्ण भएकाले जीर्णोद्धारको व्यवस्था हुन र मन्दिरक्षेत्र छुट्याई घोषणा हुन आवश्यक देखिन्छ ।

आचाजु परिवार यस मन्दिरका गुठीयार हुन् । करिब ११ घरजति छन् । पालोपालो गरी पूजासामान तयार गरिदिन्छन् । पुजारीले जूठो बार्नु हुँदैन तर मासु खान भने हुन्छ ।

✡

वज्रयोगिनी

(दोलखा)

स्थानीय बोलीमा 'जोगिन नदेऊ' भनिने वज्रजोगिनी स्थान दोलखा बजारका महत्त्वपूर्ण देवस्थलहरूमध्ये एक हो। यहाँ न कुनै मन्दिर छ न वज्रजोगिनीको मूर्ति नै रहेको छ। वज्रवीर महाङ्कालका खण्डित २ मूर्तिहरू मात्र यहाँ छन्।

यहाँ नित्यपूजाको कुनै प्रचलन छैन। सिठी र बालाचतुर्दशीका दिन र लागू-सागू भएमा दोलखालीहरू यहाँ पूजा गर्ने गर्दछन्। यसको कुनै आयश्रोत छैन।

✡

तलेजु
(दोलखा)

मल्लकालीन राजदरवारहरूमा तलेजु मन्दिर रहने प्रचलन पाइन्छ । दोलखाको तत्कालीन राजदरवारको अस्तित्व हाल छैन । तापनि राजदरबारको अस्तित्व वोध गराउने राजकुलेश्वर भवन, तलेजु मन्दिर आदिको जीर्ण अवस्थामा भए पनि अस्तित्व अद्यापि रहेको छ । यी वस्तु दोलखा बजारको कोर्छेटोलमा रहेका छन् ।

तलेजु मन्दिर दुईतले साधारण तर जीर्ण अवस्थामा छ । तालावन्द भएकाले मन्दिरको भित्री अवस्था अध्ययन गर्न सकिदैन । यहाँ नित्यपूजाको प्रचलन पनि छ । आयश्रोतका वारेमा थाहा हुन सकेको छैन ।

यस मन्दिरको जीर्णोद्धार गर्नु आवश्यक देखिन्छ ।

✡

पञ्चकन्या

(सुनसरी)

विजयपुरको डाँडाभन्दा उत्तर भागमा अवस्थित पञ्चकन्या मन्दिर मध्यकालीन मानिन्छ । जनश्रुतिअनुसार पञ्चकन्या स्थापना गरी पूजा गर्ने परम्परा सेनवंशी राजाहरूले चलाएको भन्ने पाइन्छ । यही परम्परा आजसम्म कायम रहेको छ ।

मन्दिर टिनको छाना भएको एकतल्ले घेरावेरा नभई जङ्गलको बीचमा रहेको छ । करिव ५-६ वर्षअघिसम्म उक्त मन्दिर खुला रूपमा थियो । पछि भक्तजनद्वारा चन्दा सङ्कलन गरी टिनको छानो लगाइएको हो । मूल गर्भगृहमा माटोको ढिस्को छ । यसैलाई पञ्चकन्याको प्रतीकका रूपमा पूजा गरिन्छ ।

उक्त मन्दिरका पुजारी नेवार जातका छन् । यहाँ पूजा गर्न आउने भक्तजनहरू विशेष गरी भाकल बुझाउन आउने गर्दछन् । यहाँ आउने भाकल मुख्य रूपले वालबालिकाहरूको वोली फुट्न ढीलो भएको अवस्थामा चाँडो वोली फुटोस् भन्ने कामना लिएर गएका हुन्छन् ।

✡

दन्तकाली

(सुनसरी)

महाभारत पर्वतबाट उत्पन्न भई चुरेपहाडहरूलाई चिर्दै प्रकृतिको मनोरम दृश्यस्थल तराई र पहाड छुट्टिने सेउती खोलाको मुहानमा अवस्थित धरान बजारको पूर्व शिरमा विजयपुर डाँडो उत्तर-दक्षिण ढल्किएर बसेको छ । यहाँ अवस्थित पिण्डेश्वरी, दन्तकाली, पञ्चकन्या र बूढासुब्बाका मन्दिर तथा ती मन्दिरहरूमा पाल तथा सेन शैलीका मूर्तिहरूको उपस्थितिले यसको सांस्कृतिक महत्त्व आफै झल्कन्छ। उपर्युक्त तीनै मन्दिरहरूप्रति त्यस भेगका मानिसहरूको अगाध धार्मिक आस्था र विश्वास रहेको पाइन्छ। दन्तकालीचाहिँ शक्तिपीठ भएकाले तिनको विशेष महत्त्व रहनु स्वाभाविक हुन जान्छ । जनविश्वासअनुसार सतीदेवीको दाँत यस स्थानमा पतन भएको हुनाले 'दन्तकाली' भनी नामाकरण भएको हो भन्ने पाइन्छ। यहाँ दन्तकालीको प्रतीकका रूपमा दाँतको पूजा गरिने परम्पराले उक्त जनविश्वासलाई पुष्टि गर्दछ।

यो मन्दिर विजयपुर डाँडाको दक्षिण-पश्चिमतर्फको भागमा अवस्थित छ। मन्दिरभित्र प्रवेश गर्ने उत्तर र पश्चिमतर्फ गरी जम्मा २ वटा मूलद्वारहरू छन्। मूल मन्दिरको दक्षिणतर्फ २० फीट चौडाइ र १५० फीट लम्बाइको आँगनतर्फ फर्किएको टिनको छाना भएको एकतल्ले सत्तल छ । मन्दिर वरिपरिको आँगन इँटा छापी मिलाइएको छ । मूल मन्दिरभित्र प्रवेश गर्ने सिँढी पश्चिमपट्टि छ । सिँढीको दायाँ-बायाँ सिंहको मूर्ति राखिएको छ । मन्दिरअगाडि दुईवटा घण्ट छन् । दुईमध्ये एउटा वि० सं० १९४५ र अर्कोमा वि० सं० १९९१ मिति र अभिलेख छ। आँगनको बीचमा कालीको भोगका लागि बलिदिने काठको मौलो गाडिएको छ।

मूल मन्दिर गुम्बज शैलीमा निर्माण गरिएको छ। गजुरसमेत मन्दिरको उचाइ अन्दाजी ४० फीट हुनुपर्दछ। गर्भगृहमा दन्तकालीको प्रतीकस्वरूप पाँचदन्तको पूजा गरिन्छ । मन्दिरको नित्यपूजा खनाल थरका ब्राह्मणहरूले सञ्चालन गर्दछन् । खनालपरिवारका पाँचजना दाजुभाइहरूले वर्षेनी पालोशान्ति पूजा षोडशोपचार विधिद्वारा गरिन्छ । उषाकालीन नित्यपूजा समाप्त भएपछि मात्र बलि चढाइन्छ। प्रत्येक अष्टमीमा मन्दिरको तर्फबाट बोको बलि चढाउनुपर्दछ । चैत्रदसैं र बडादसैं दुवैलाई वार्षिक पूजाका रूपमा सम्पन्न गरिन्छ। उक्त वार्षिक पूजामा पञ्चबलि भोग दिने चलन छ। पञ्चबलिमा भेडाको सट्टा कुभिन्डो भोग दिने चलन छ।

मन्दिरको मर्मत तथा सम्भार र नित्यपूजा सञ्चालन गर्न गुठीबाट उठ्ती हुने रकमबाट पुजारी स्वयंले गर्ने परम्परा रहेकोमा २०४२ सालयता गुठी संस्थानले बेहोर्दै आएको छ । तर बोका-पाठो, भेडा तथा अन्य पशुहरूको मुण्डबाट हुने आम्दानी पालोमा परेको पुजारीले लिने र सो रकम गुठी संस्थानले दिने वार्षिक रकममा अपुग भए बेहोरिन्छ। पछिका मुण्डबाट हुने आम्दानी घण्टी बजाउनेले लिने परम्परा छ।

✡

पिण्डेश्वरी

(सुनसरी)

धरान नगरपालिका वडा नं० १४ मा पिण्डेश्वरी स्थान अवस्थित छ । परापूर्वकालमा देवाताहरूले समुद्रमन्थन गर्दा आएको अमृतलाई छानेर अमृत पिएर बाँकी रहेको छोक्रालाई यही स्थानमा पिण्ड स्थापना गरेको हुनाले यस स्थानको नाम पिण्डेश्वरी रहन गएको धार्मिक विश्वास त्यस क्षेत्रमा पाइन्छ ।

चारैतिर जीर्ण पर्खालले घेरिएको यो स्थान करिब १४ कट्ठा जमिनभित्र रहेको छ । यस स्थानमा दक्षिणतर्फ पाठशाला, पूर्व-दक्षिण धर्मशाला, उत्तर-पूर्व धर्मशाला र उत्तर-पश्चिम पुस्तकालय रहेको छ । यी चार किल्लाको वीचमा गुम्वज शैलीमा इँटा, चुन, सुर्कीद्वारा निर्मित २५' x २५' र २०' अग्लाइ भएको मन्दिर छ । यो स्थानको प्रवेशद्वार, कम्पाउन्डको प्रवेशद्वार र स्थानभित्र प्रवेश गर्ने द्वार पश्चिमतर्फ फर्किएका छन् । मूल गुम्वजको तीनैतर्फ साना आकारका बुर्जा निकालेका छन् । त्यस वुर्जामा विभिन्न फूलवुट्टाहरू कुँदिएका छन् र सोभन्दा माथि आन्दाजी ४० फीट गोलाइको गुम्वजको प्रतिनिधित्व गर्ने भाग छ । सोमाथि उक्त गुम्वजको अर्धाकारमा अर्को गुम्वज र सोभन्दा माथि पनि तीनवटा गोलाकार गुम्वज छन् । आकाशका गजुर चुना, सुर्कीबाट नै निर्मित छन् ।

मन्दिरभित्र उत्तराभिमुख जलहारी र जलहारी छेउमा एउटा शालिग्राम र शिवको चतुर्भुज टोपी छ । यसको उत्तरतर्फ दुईवटा शङ्ख र शालिग्रामहरू छन् । यो जलहारी २' X १॥' को छ । यस स्थानको वरिपरि वत्ती वल्ने पालाहरू छन् । मन्दिर अगाडि पूर्व फर्किएको पत्थरको वसाहा छ । मन्दिरवाहिर पेटीमा वैशाख सुदी १२, १८८५ साल उल्लेख भएको भीमसेन थापाको पालाको एक घण्ट र श्री ५ राजेन्द्रविक्रम शाह उल्लेख भएको अर्को घण्ट चौकोसभा झुन्ड्याएका छन् ।

यस स्थानको चारैतर्फ विभिन्न पाटी र सत्तलहरू छन् । पाटीहरूमा विभिन्न देवदेवी राखिएका छन्, जो यसप्रकार छन् –

क. चन्द्रशेखर :

पिण्डेश्वरीस्थानको उत्तरतर्फ श्री चन्द्रशेखरको स्थान दक्षिण फर्किएर रहेको छ । यस स्थानमा राखिएका कार्तिक स्वामी र चन्द्रशेखरको मूर्ति चोरी भएपछि हाल यस स्थानमा ॥' को सिंहासन भएको चार हात भएका मुकुट लगाएका गणेशको स्थापना

गरिएको छ। यी गणेशले चार हातमा पास, अङ्कुश, लड्डू आदि लिएका छन्।

ख. वेदव्यास :

वेदव्यासको मूर्ति नभए तापनि यस स्थानमा ढुङ्गालाई वेदव्यासको प्रतीक मानी पूजाआजा गर्ने चलन छ।

ग. उत्तरकाली :

पिण्डेश्वरी स्थानको उत्तर पर्खालमा पद्मासनमा १' X ॥' को उत्तर कालीको शिलामा मूर्ति छ।

घ. कालभैरव :

पिण्डेश्वरीको उत्तरको सत्तलमा कुकुर वाहनमाथि भैरवको २॥' X १॥' को चार हात भएको शिलाको मूर्ति छ। कालभैरवको हातमा डमरू, खप्पर, त्रिशूल र ग्राह लिएका छन्।

ङ. पशुपतिनाथ :

यस स्थानमा पित्तलको चतुर्भुज २' को गोलाकार शिवलिङ्ग छ।

च. तेत्तीसकोटी देवता :

पिण्डेश्वरी स्थानको पूर्वतर्फको सत्तलमा यी देवता राखिएका छन्। यस स्थानमा ३३ कोटी प्रतीकात्मक देवतालगायत गणेश – ४, वालगोपाल – १ अष्टमुरी – १, ताण्डव नृत्य – १, शिवलिङ्ग – १ र अन्य देवदेवीका १३ वटा पित्तल र शिलाका मूर्तिहरू छन्।

छ. सरस्वती :

यस स्थानमा पाल शैलीको ३' X २' को शिलाको सरस्वतीको मूर्ति राखिएको छ।

ज. धन्वन्तरी :

पूर्वतर्फको सत्तलमा रहेको यो स्थानमा पद्मासन मुद्रामा धन्वन्तरीका चार हातमध्ये पछाडिका दुई हातले अमृतघडा र खट्वाङ्ग समातेको र अग्र दुई हातले अभय मुद्रामा केही बोकेको छ। धन्वन्तरीले तीन तह पारी फेटा गुथेका तथा सर्प, कुण्डल र रुद्राक्षको माला लगाएका छन्।

मन्दिरका नाममा प्रशस्त गुठी जमिन गुठी संस्थानको रहेको र गुठी संस्थानले सदावर्त हण्डीभोग र पूजाका लागि सालिन्दा १५-१६ सय रकम २००७ सालको दरवन्दीअनुसार दिने गरेको पाइएको छ।

मन्दिरमा पञ्चोपचार विधिद्वारा पूजा गरिन्छ र मन्दिरमा मूल पुजारी – १, भान्छे – २, अर्दली – २ जना छन्। यिनीहरूलाई गुठी संस्थानले दरवन्दीअनुसार

खान्की दिने गर्दछ। पुजारीको नियुक्ति गुठी संस्थानबाट हुने गर्दछ।

मन्दिरको कम्पाउन्डको पश्चिम-दक्षिण अष्टमुरीको गुम्वज शैलीको थान रहेको छ। सुनसरी जिल्लाको पकलीमा अष्टमुरीको मूर्ति १-२ सय वर्षअगाडि भेटिएपछि यता ल्याएर स्थापना गरिएको भनिएको स्थानमा उक्त मूर्ति चोरी भएपछि नयाँ मूर्ति २०४२ सालमा राखिएको हो। यो स्थानको बाहिरीतर्फ चोल आर्टका १२-१५ वटा मूर्तिहरू त्यसै अलपत्र अवस्थामा रहेका छन्।

यो स्थानको पश्चिमतर्फ गणेशस्थान रहेको छ। गुम्वज शैलीको यो गणेशस्थान २' X१' शिलाको पद्मासनमा रहेको गणेशको मूर्ति राखिएको छ। यी दुवै स्थान पश्चिममा सरस्वती कुण्ड नाम भएको १००' X ६५' (अन्दाजी) को एउटा जीर्ण पोखरी छ। पहिले यसै ठाउँनेर सरस्वतीको मन्दिर पनि थियो। हाल उक्त मन्दिरको भग्नावशेष मात्र त्यहाँ छ।

सरस्वतीले शिवजीको तपस्या गर्दा शिवजीको दर्शन पाएपछि त्यही पोखरी खनेर यहाँको जल शिवजीलाई चढाएको भन्ने लोकोक्ति छ। पोखरीका वरिपरि भ्याम्मै रूखहरू छन्। यस पिण्डेश्वरीस्थानमा शिवरात्रीको दिन ठूलो मेला लाग्दछ। श्रावण महिनामा कोसीको जल ल्याई 'वोल वम' भन्दै यस स्थानमा चढाउने परम्परा अद्यापि कायमै छ।

धार्मिक दृष्टिकोणले अति नै महत्त्वपूर्ण यो स्थान संरक्षण र सम्वर्द्धनको अभावमा छ। यसको जमिन अतिक्रमण हुँदै गएको छ र सरसफाइ पनि भएको छैन।

✡

भगवती

(काभ्रे)

धुलिखेल नगरपालिकाको चोच्छेटोलमा अवस्थित भगवतीमन्दिर धुलिखेल वजारको पश्चिमी पुछारमा पर्दछ ।

जमिनवाट १३ खुड्किलाको उचाइमा रहेको यो मन्दिर १४ फीट १० इन्च वर्गाकारको छ । मन्दिरको ३ तहको पेटीमाथि चुना, सुर्की, इँटाले बनेको प्यागोडा शैलीको यो मन्दिरको गजुर र छानामा तामामाथि सुनको मोलम्वा लगाई छाइएको छ । गजुरमा पित्तलका चार नाग राखी मन्दिरलाई शोभायमान बनाइएको छ ।

मन्दिरको कम्पाउन्डभित्र ने० सं० ९४०, वि० सं० १८२७ र ने० सं० १०५१ उल्लेख भएका घण्ट राखिएका छन् ।

मन्दिरभित्र १९ X १२ इन्चको सुनको मोलम्वा लगाएको भगवतीको मूर्ति छ । यी भगवतीलाई सात नागको फणाले छहारी प्रदान गरिएको छ ।

भगवती मन्दिरको दक्षिणतर्फ कम्पाउन्डभित्रै ५ फीट X ३ फीट १ इन्च र ८ फीट उचाइ भएको गुम्वज शैलीको महाङ्गल भैरवथान छ ।

✡

मञ्जुश्री
(काभ्रे)

बनेपा नगरपालिका वडा नं० ३ मा बाटो उत्तर १० X १० फीटको खुला ठाउँमा मञ्जुश्रीको ३ X ५ फीटको शिलामूर्ति रहेको छ । मल्लकालीन मानिने यो मूर्तिको हातमा वीणा, पुस्तक, माला रहेको छ ।

ढुङ्गाको आसनमा रहेको यो मूर्ति पूर्व फर्किएको छ । यसको पूर्वतर्फ पनि अर्को शिलामूर्ति रहेको छ ।

यस थानसँगै जोडिएको नोहिटी नामक ढुङ्गेधारा छ । धारोको उत्तरतर्फ ५ फीट अग्लो एउटा थान छ । यस थानमा ८ X ११ इन्चको शिलामूर्ति रहेको छ ।

यस थानको पुजारी र गुठी जमिन नभएकाले भक्तजनले स्वेच्छाले पूजाआजा गर्ने गरेका छन् ।

✡

नासिकास्थान

(काभ्रे)

काभ्रे जिल्ला नासिकास्थान गाउँ विकास समिति वडा नं० ६ मा अवस्थित यो मन्दिर कोदारी राजमार्गको दक्षिणतर्फ ढिस्कोमा छ । मन्दिरको ऐतिहासिकता विवादास्पद रहे तापनि मन्दिरअगाडिको सिंहको पीठमा ने० सं० ७७३ उल्लेख भएको पाइएकाले यो मन्दिरको स्थापना ३०० वर्षभन्दा पुरानो रहेको कुरा भने निश्चित गर्न सकिन्छ । यस थानको विषयमा स्वस्थानीमा समेत व्याख्या भएको पाइएकाले यो देवथानले देवगण र दैत्यको युद्धको समयलाई समेत छोएको देखापर्दछ । जनश्रुतिअनुसार यस स्थानको डवलीमा पहिले देवीले ३०० वटा दैत्यको शिर काटी डवलीमुनि दबाएको मानिने विश्वासअनुरूप हाल पनि त्यहाँ ३०० वटा बिमिरा काटी पूजा गर्ने संस्कार कायमै छ ।

तेलिया ईंटा र माटोको जोडाइबाट निर्माण भएको र १० फीट ८ इन्च वर्गाकारमा रहेको यो मन्दिरको गजुर र दुई छानामा सुनको मोलम्बा लगाइएको र एक छाना झिँगटीद्वारा छाइएको छ । प्यागोडा शैलीमा निर्माण भएको मन्दिरको छानामा ने० सं० १००१ उल्लेख छ । मन्दिरका टुँडाल र झ्यालहरूमा विभिन्न देवदेवीका चित्र र विभिन्न कलाकृति कुँदिएका छन् । मन्दिरको प्रवेशद्वार नभएको र भित्रतर्फ छेपोले घेरेर प्रतीकात्मक नासिकादेवी राखिएकी छन् । यी देवीका छेवैमा प्रतीकात्मक रूपमा अष्टमातृका र स-साना घण्ट राखिएका छन् । देवीलाई ढाक्ने छेपोमा ने० सं० ९४४ उल्लेख भएको शिलालेख छ ।

मन्दिरका अगाडि पहरेदारका रूपमा दुई प्रस्तरका सिंह र त्यस अगाडि दुईवटा ८ फीटका शिलाका स्तम्भ छन् । एउटा स्तम्भमाथि सिंह राखिएको छ । यी दुई स्तम्भका बीचमा अर्को एक शिलाको सिंह पनि छ । मन्दिरको दक्षिण-पूर्व भागमा प्रतीकात्मक रूपका देवदेवी, शिवलिङ्ग र वि० सं० १९४९ उल्लेख भएको शिलालेख छ । मन्दिर ईंटा र माटोले बनेको, पर्खालले घेरिएको, तीनतर्फ दुई तले प्रयोगमा नआएका झिँगटीले छाएका पाटी छन् । कम्पाउन्डको ढोका पश्चिम, दक्षिण र पूर्व गरी तीनतिर रहका छन्। मन्दिरले अन्दाजी डेढ रोपनी जमिन चर्चेको छ ।

मन्दिरको नाउँको गुठी जमिन गुठी संस्थानअन्तर्गत रहेको र गुठीले मन्दिरको हेरचाह र पूजाआजाका लागि आचार्य थरका नेवार पुजारीलाई खान्की दिई राखेको छ। यस थानको नाउँमा नासिकाऔंठा गुठी र नासिकानारायण गरी दुई गुठीको बन्दोवस्त छ । यी दुवै गुठीमा तोकिएका प्रत्येक पर्वमा गुठी संस्थानले आफ्नो दरबन्दीअनुसारको रकम दिई पूजाआजा गरेको छ । यस थानमा प्रत्येक शनिवार मात्र पूजा हुन्छ । त्यस वखत बाजागाजा पनि बजाइन्छ । मन्दिरका छेउछाउमा घरहरू नभएका र कम्पाउन्ड खुला भएकाले मन्दिरमा कुनै पनि किसिमको सुरक्षा र सरसफाइ छैन ।

✡

लेखनामाई

(काभ्रे)

धुलिखेल नगरपालिका इटोलमा अवस्थित लेखनामाईको मन्दिर प्यागोडा शैलीको तीन छानाको छ ।

तेलिया इँट र माटोले वनेको यो मन्दिरको गजुर र गजुरसँगको छाना तामाको र अरू दुई छाना टीनको छ । २ फीटको पेटी उठाई १० फीट वर्गाकारमा रहेको यो मन्दिर पूर्व फर्केको छ । बटुवा आवतजावत गर्ने बाटोमुनिका थान रहेकाले लेखनामाई भनिएको यो मन्दिरको झ्याल र अन्य काठहरूमा विभिन्न कलाकृति कुँदिएका छन् । करिब ८ आना जमिन चर्चेको यो मन्दिरको अगाडिको हिटीमा ने० सं० ७९९ को शिलालेख पाइएकाले मन्दिरको स्थापना पनि त्यसैताका भएको अनुमान गर्न सकिन्छ ।

मन्दिरभित्र ढुङ्गाको थानमा राखिएको प्रतीकात्मक देवीलाई पूजाआजा गर्ने गरिन्छ । यी प्रतीकात्मक माईको आसन र छेपोलाई पित्तलले मोरिएको छ । प्रतीकात्मक माईलाई तामाको छत्रले छहारी दिनुका साथै यसभित्र २ फीटको थानलाई फलामको तारले घेरी सुरक्षित राखिएको छ । घेराभित्र माईको उत्तरतर्फ डेढ फीटको विष्णुको मूर्ति राखिएको छ । यसको बाहिर दक्षिणी भागमा टाउको फुटेको ४ जना भक्तको शिलामूर्ति राखिएको छ । यो मन्दिरको ढोका ग्रीलको रहेकाले मन्दिरमा ताला चावी लगाउने गरेको छ । मन्दिरका काठ मक्किएका छन् र पर्खाल भत्किने अवस्थामा छ ।

मन्दिरको नाममा गुठी जमिन नभएकाले यसको पूजाआजाको सञ्चालन स्थानीय जनताबाट नै हुने गर्दछ । नित्यपूजाका लागि खड्गी थरका पुजारीहरूको पालो रहेको छ । यस स्थानमा दसैं र बिस्केटजात्राको दिनमा बलि दिइने गरिन्छ ।

✡

चण्डेश्वरी

(काभ्रे)

बनेपा नगरपालिका वडा नं० १ मा अवस्थित चण्डेश्वरी मन्दिर बनेपा नगरको उत्तर पूर्वी मोहडामा पर्दछ ।

प्रचलित वंशावलीमा चण्डेश्वरीदेवीको उत्पत्ति एक महापराक्रमी दैत्य र देवगणवीचको युद्धको सिलसिलामा भएको भन्ने पाइन्छ । चण्डासुर नाम गरेको उक्त दैत्यले वर्षौसम्म महादेवको तपस्या र आराधना गरी महादेवलाई प्रसन्न पारेर अजेय हुने वरदान पाएको थियो । यसरी यो दैत्यले वरदान पाएपछि स्वर्ग, मर्त्य र पाताल तीनै लोकमाथि विजय गर्ने उत्कण्ठा लिएर ऊ मात्तिन थाल्यो । दैत्यको मार खप्न नसकी देवगणहरू आत्मरक्षाका लागि भगवतीको आराधना गर्न थाले । देवी प्रकट भई देवगणहरूलाई कारण सोधिन् । देवगणहरूले वृत्तान्त भनिदिए । त्यस बखत उक्त दैत्य आफ्ना सैनिकसहित त्यहाँ आइपुग्यो । देवगण भागे र भगवती एउटा चम्पक वृक्षमा लुक्न पुगिन् । यो देखेर उक्त दैत्यले वृक्षलाई दुई टुक्रा पारी काटिदियो । काटिएको वृक्षको तल्लो भागबाट देवी प्रकट भइन् । देवी र दैत्यवीच भनाभन सुरु भयो । भनाभन हुंदा दैत्य देवीसँग शरणागत हुन पुगी मर्नुभन्दा अघि महादेवस्थान स्थापना गर्ने इच्छा प्रकट गऱ्यो । दैत्यले महादेवस्थान स्थापना गरेपछि देवीको हातको खड्गबाट चण्डासुर नामक दैत्यको मृत्यु भयो ।

यसरी चण्डासुर नामक दैत्यलाई वध गरेकी हुनाले ती भगवतीको नाम चण्डेश्वरी रहन गएको र चण्डासुर दैत्यले मर्नुअघि शिवलिङ्ग स्थापना गरेको विश्वास पाइन्छ । भगवतीथानभन्दा पहिले शिवलिङ्ग स्थापना भएको हुनाले चण्डेश्वर महादेवको पहिलो पूजा गरेर मात्र देवीको पूजा गर्ने संस्कार अद्यापि यहाँ विद्यमान छ । चण्डेश्वरी मन्दिरमा भने उक्त चम्पक वृक्षको ठूटोलाई नै प्रतीक मानी अद्यापि पूजाआजा गरिन्छ ।

प्यागोडा शैलीमा तीनतले भएर रहेको चण्डेश्वरी मन्दिरको पूर्व, उत्तर र पश्चिमतर्फ पाटी र दक्षिणतर्फ बगैंचा छ । मन्दिरको गजुर र गजुर भएको छाना पित्तलको र अन्य दुई छाना झिँगटीले छाएका छन् । मन्दिरमा रहेका काठका टुँडालहरूमा विभिन्न देवीदेवता, अष्टमातृका कुँदिएका छन् र चार सुरका टुँडालमा शार्दूल कुँदिएको छ ।

तेलिया इँट र माटोले वनेको यो मन्दिर जमिनको सतहवाट ३ फीटको पेटी

उठाई २७ फीटको वर्गाकारमा मन्दिर रहेको छ । मन्दिरको तलको भागमा सिङ्गमरमरको टायलले मोहोरेको छ। मन्दिरवरिपरि बत्ती बाल्ने पाला राखिएका छन् र मन्दिरको पश्चिमतर्फ भने भित्तेचित्र कोरिएको छ।

३ फीट x ६ फीट ७ इन्चको पित्तलले मोरेको चौकोसमा पित्तलकै पश्चिम फर्किएको ढोका छ । यसमाथ पित्तलको तोलन र ढोकाको दायाँ बायाँको काठमा विभिन्न देवदेवीका चित्र कुँदिएका छन्। प्रवेशद्वारका अगाडि पेटीमा वि० सं० १९५२ मा चढाएका दुईवटा ढलोटका सिंह छन् । यसको उत्तरतर्फ वि० सं० १९८१ मा चढाएको ढुङ्गाको थाममा एउटा ठूलो घण्ट झुन्ड्याइएको छ ।

चण्डेश्वरीथानअगाडि चारवटा विभिन्न उँचाइका ढुङ्गाका स्तम्भ गाडिएका छन्। पश्चिमबाट क्रमशः पहिलो स्तम्भ करिब २० फीट उचाइको रहेको र यसमाथि ढलोटको मयुर राखिएको छ । दोस्रो करिब २० फीट उचाइको र यसमाथि मयुर राखिएको छ। चौथो १८ फीट उँचाइको र त्यसमाथि ढलोटको सिंह राखिएको छ। यी चारवटै स्तम्भमा लेख अङ्कित छन्। पश्चिमबाट क्रमशः पहिलो र दोस्रो स्तम्भमा ने० सं० ९६१ उल्लेख भएको ताम्रपत्र रहको छ। यी चार स्तम्भपछि अर्को पाँचौं स्तम्भ सिमेन्ट र इँटाले बनाएर २०४१ सालमा गाडिएको पाइएको छ।

यी स्तम्भको दक्षिण र प्रवेशद्वारको अगाडि जमिनबाट ४॥ फीटको पर्खाल उठाई त्यसमाथि १ फीट X २ फीट ४ इन्च र १ X २ फीटको भक्त-भक्तिनीको सालिक राखिएको छ । माथि उल्लेख गरिएको स्तम्भका बीचमा ढुङ्गाको चौकोसमा ने० सं० ९४८ उल्लेख भएको घण्टा रहेको छ।

चण्डेश्वरी मन्दिरको माथि उल्लेख गरिएको पित्तलको प्रवेशद्वारभित्र अर्को द्वार रहेको छ। यो द्वार पनि पित्तलकै रहेको छ। यी दुई द्वारका बीचको ४ फीटको खाली भागको बायाँतर्फ बलि दिने गरिने चलन छ । दायाँतर्फ भने काठको एउटा सरस्वतीको मूर्ति रहेको छ।

दोस्रो द्वारभित्र ८ फीट वर्गाकारको प्यागोडा शैलीको धातुले बनाएको दुईतले खुल्ला थान रहेको छ । यही थानमा चण्डेश्वरीदेवी विराजमान छन् । यो थानको धातुमा विक्रमादित्य सम्वत् १७३८, कलिगत सम्वत् ४७८२ र शाके सम्वत् १६०३ उल्लेख भएको छ।

यस थानमा चाँदीले बनाएको आँखाले प्रस्ट देखिने अन्दाजी २ X २॥ फीटको चाँदीको मुकुट लगाएको तामाको आसनमा बसेकी देवी छिन् । चाँदीको पत्ता गहनाका साथै चाँदीकै नागले देवीको घाँटी बेरिएको छ । देवीका अगाडि २ फीट अग्लो पित्तलको पाता र माथि तामाको छत्र छ । छत्रको छेउमा कमण्डलु झुन्ड्याइएको छ।

देवीका अगाडि जमिनमा आधा गाडिएका तामाका दुईवटा सिंह छन्। देवीको पश्चिमतर्फ अर्को धातुले बनेको सानो थान छ । यस थानलाई शीतलामाईको थान भनिन्छ । २ फीटको धातुको मूर्तिमा चाँदी र पित्तलका गहना लगाएकी शीतलामाई पूर्व फर्किएर रहेकी छिन् । यसको छेवैमा भक्तबाट चढाइएका भक्त-भक्तिनीका १०/१२ वटा ढलोटका मूर्ति छन्।

चण्डेश्वरी देवी रहेको थानको पूर्वी भित्री पर्खालमा विभिन्न देवदेवीका टुटेफुटेका अनगन्ती धातुका मूर्तिहरू छन् ।

यस थानको सबै भित्री भागमा सिङ्गमरमरको टायल विच्छ्याइएको छ र बीच भागमा १०८ बत्ती बाल्ने अगेनु र बत्ती बाल्ने पाला राखिएको छ ।

चण्डेश्वरी भगवती मन्दिरको उत्तरतर्फ कम्पाउन्डभित्रै चण्डेश्वर महादेवको गुम्बज आकारको मन्दिर छ । पश्चिम फर्किएको यो मन्दिरको ढोका र चौकोसलाई पित्तलले मोरिएको र ढोकामाथि काठको तोलन राखिएको छ । इँटा, चुना र सुर्कीले बनेको यो मन्दिर १७ X २७ फीटको रहेको र ३ फीटको पेटी त्यसमाथि गोल भएर प्रवेशद्वारतर्फ ५ फीट अगाडि निस्की मन्दिर बनेको छ । यस मन्दिरका दुई गजुरलाई पित्तलले मोरेको र साविकको मन्दिर वि० सं० १९९० सालमा भत्किएपछि त्यही आकार-प्रकारमा यो मन्दिर पुनर्निर्माण गरिएको भनाइ स्थानीय बासिन्दाहरूको छ ।

मन्दिरको ढोकाका दायाँ-बायाँ वि० सं० १८८६ उल्लेख भएका दुईवटा शिलालेख छन् । यी शिलालेखका छेवैमा दुईवटा ढुङ्गाका सिंह पनि छन् ।

मन्दिरभित्र ढुङ्गालाई पित्तलले मोरेको २ फीट अग्लो चतुर्मुखी शिवलिङ्गलाई पुज्ने गरिन्छ ।

चण्डेश्वर महादेवथानको छेवैमा दक्षिणमा उत्तर फर्केको गुम्बज शैलीको सानो देवल छ । यसमा ८ X १० इन्चको शिलाको खिइएको गणेशको मूर्ति राखिएको छ ।

चण्डेश्वर महादेवमा ३ जना पुजारी महिना-महिना दिनको पालोमा रहेका छन् । यस मन्दिरको नाममा रहेको सबै जमिन गुठीको स्वामित्वमा भएको छ र पूजाआजाका लागि एकजना पुजारीलाई सालिन्दा ९ पाथी धान गुठी संस्थानले दिने गरेको छ ।

यस मन्दिरमा बालाचतुर्दशी र शिवरात्रिको दिनमा रुद्रीपाठ हुने गर्दछ । यस अतिरिक्त एक पक्षमा एकचोटि रुद्री पनि हुने गर्दछ । रुद्रीका लागि गुठी संस्थानले आफ्नो दरबन्दीअनुसारको रकम ठेक्काबाट दिई रुद्री सञ्चालन गर्ने गर्दछ ।

✡

नाला भगवती

(काभ्रे)

नाला गाउँ विकास समिति वडा नं० ४ लागनटोलमा अवस्थित नाला भगवतीको मन्दिर प्यागोडा शैलीमा निर्माण भएको छ । मन्दिरका छाना र गजुर तामामा सुनको मोलम्वा भएको छ र मन्दिर दक्षिण फर्केको छ । यो मन्दिरको प्राचीनता राजा भगीरथको पालादेखि रहिआएको भन्ने लोकोक्ति स्थानीय वासिन्दा वताउँछन् ।

छानाका टुँडालहरूमा विभिन्न देवदेवीका कलाकृति कुँदिएका र मन्दिरका झ्यालढोका र अन्य काठका विमहरूमा विभिन्न कलाकृति अङ्कित हुनु यस मन्दिरको विशेषता मानिन्छ । मन्दिरको प्रवेशद्वार र चौकोसलाई पित्तलले मोहोर्नुका साथै यसको वाहिर फलामे सटर लगाई मन्दिरलाई सुरक्षित राखिएको छ । प्रवेशद्वारमाथि पित्तलकै तोरण रहेको र यस अगाडि पेटीमा ने० सं० १८३ मा चढाएको तामाको षट्कोण अङ्कित गोलाकार २ फीटको राखिएको छ । यसको दायाँ-वायाँ ढुङ्गाका थामलाई पित्तलले मोहोरी त्यसमाथि पित्तलकै तोरण छ । यी थामछेउमा दुवैतर्फ स-साना पित्तलका सिंहहरू छन् । यी सिंहका छेउछेउमा दुवैतर्फ ९ फीटका स्तम्भमा पित्तलका सिंहले नेपालको झण्डा बोकेको छ । यस अगाडिको ढुङ्गा विच्छ्याइएको आँगनका तीनवटा स्तम्भमा सिंह, मयुर र सिंह छन् । यी तीनै सिंह पित्तलवाट वनाइएका छन् ।

२० फीट २ इन्च x १५ फीट ३ इन्च लम्वाइ चौडाइको ४ तले यो मन्दिर एक पेटी उठाई वनाएको र पेटी मन्दिर वरिपरि घुम्न हुने किसिमले निर्माण गरिएको छ । इँट, तेलिया इँट, माटो, चुना, सुर्की र वज्रले निर्माण भएको मन्दिरको दायाँ-वायाँ ढुङ्गाको चौकोसमा दुई ठूला-ठूला घण्टा राखिएका छन् । पूर्वतर्फको घण्टामा रणजीत मल्लले ने० सं० ८८२ मा चढाएको भनी उल्लेख छ । मन्दिरवरिपरि काठको चौकोस उठाई वत्ती वाल्ने दियो पनि राखिएका छन् ।

मन्दिरभित्र ५ फीट लम्वाइ र ४ फीट अग्लाइको पित्तलले मोहोरेको थानमा १८ हातकी नाला भगवती छिन् । दाहिनेतर्फ दैत्य, त्यसमाथि महादेव, द्वारपाल र दुवैतर्फ देवी रहेर वीचमा १८ हातकी भगवतीले सिंह कुल्चेको छ । ३३ x २३ इन्चको एउटै शिलामा कुँदिएको यो शिला जमिनमा गाडिएको छ । भगवतीका वायाँतर्फका ५ हात ताछिएका छन् र यस सम्वन्धमा पहिले युद्धको पालामा ताछिएको भन्ने भनाइ स्थानीय वासिन्दाको छ । भगवतीलाई पित्तलको छत्रद्वारा छहारी दिइएको र भगवती

अगाडिको भागमा तामा विच्छ्याइएको छ। यो थानको पूर्वी खोपामा लिच्छविकालीन मानिने ३० x १७ इन्चको लक्ष्मीको शिलामूर्ति छ।

मन्दिरको दक्षिण पश्चिम पर्खालमा ने० सं० ७६७, ७७७, ७९५ र ८७९ उल्लेख भएका चारवटा मल्लकालीन ताम्रपत्र राखिएका छन्। मन्दिरको कम्पाउन्डसँगै जोडिएर दक्षिणतर्फ हाल पनि प्रयोगमा आइरहेको एउटा ढुङ्गेधारा छ। मन्दिरपूर्व गणेशस्थानसहितको पाटी भत्किएकाले हाल भग्न रूपको थानमा साढे २ x १ फीटको शिलाको गणेश मूर्ति खुलै राखिएको छ। ढुङ्गेधाराको दक्षिणपट्टि मल्लकालीन सोह्रखुट्टे वोलिने पाटी हाल भग्न रूपमा रहेको छ।

भगवती मन्दिरदेखि २०-२५ फीट दक्षिणतर्फ पश्चिम फर्किएको १ x १२ फीट लम्बाइ-चौडाइको एकतले झिँगटीले छाएको नारायणथान छ। ढोका भए तापनि नलगाउने गरेको यो नारायणथानभित्र विष्णुका दश अवतारका शिलामूर्ति पहिले रहेका थिए, तर हाल प्रायः सबै मूर्तिहरू चोरी भइसकेको स्थानीय बासिन्दाको भनाइ छ। हाल उक्त थानमा साढे २ x साढे १ फीटको शिला र अन्य शिलाका स-साना २ शिलामूर्ति छन्।

यस थानको पुजारी पनि नभएको र गुनी थरका नेवार जातिले वेलावेलामा गुठी चलाउने गरेको पाइएको छ। यस थानमा अक्षय तृतीयाका दिन जात्रा लाग्दा गुनी थरका गुठियारले राख्ने गरेको तामाको मूर्ति ल्याई जात्रा सञ्चालन गर्ने परम्परा छ।

यस नारायणथानको ५ फीट पश्चिम-दक्षिणको एउटा भत्किन लागेको एकतले पाटी छ। यो पाटी हाल प्रहरी चौकीका लागि प्रयोगमा ल्याइएको छ। यस पाटीको भुइँतलामा ३८ x २४ इन्च उभिएको आसनको सरस्वतीको शिलामूर्ति छ। नाला भगवतीबाट पूर्वतर्फ गएको बाटोको केही पूर्व-उत्तरतर्फ युधिष्ठिरको थान पनि छ। ढुङ्गाले वनाइएको स-साना गुम्वज आकारको यो थानमा २६ x १० इन्चको युधिष्ठिरको शिलामूर्ति राखिएको छ।

स्थानीय वूढापाकाहरूका अनुसार यक्षराजलाई प्रसन्न गर्ने काममा युधिष्ठिर एक्लै यस स्थानमा सफल भएकाले यहाँ युधिष्ठिरको स्थान राखिएको भन्ने भनाइ छ। पहिले मन्दिरको नाममा नाला इलाकाको सबै गुठी जमिन भए तापनि हाल मन्दिरको नाममा ४९-५० मुरी माटो भएको र सबै मोही लागेको भन्ने भनाइ छ।

यही जमिन कमाएबापत मोहीले मन्दिरमा खान्की बुझाउनुपर्ने चलन अहिले पनि कायमै भएको पाइन्छ जसमध्ये मन्दिरका चार पुजारीले ४-४ मुरी दरले, १२ जना पञ्चै बाजा दमाइले सरदर ७ मुरीका दरले, छाना मर्मत गर्ने अवालेले एकजनाले २५ पाथी, झाडुबढारू एकजनाले २ मुरी धान सालिन्दा प्राप्त गर्दछन्। यही खान्की खाए वापत नित्यपूजा गर्ने, पञ्चै बाजा बजाउने, छाना मर्मत गर्ने, झाडुबडारू गर्ने आदि काम गर्दछन्। ४ जना कर्माचार्य थरका पुजारीहरू १-१ महिनाको पालोमा नित्यपूजा गर्दछन्।

यसअतिरिक्त गुठी संस्थानले आफ्नो दरबन्दीअनुसार हरेक शुक्ल पक्षको नवमीमा एक हाँस, जनै पूर्णिमाको एक दिन अगाडि भेडा, बडादसैँको नवमीमा दुई

वोका, कार्तिक पूर्णिमा र परेवाको दिनमा एक वोका, मङ्सिर त्रयोदशीमा ८ वोका, १ राँगा, १ हाँस बलि दिन्छ । यसका अतिरिक्त घटस्थापनामा जमरा राख्ने काम पनि गुठी संस्थानकै दरवन्दीअनुसार हुन्छ ।

नालाभगवतीको नित्यपूजामा सिम्रिक, केशरी, अबीर, कुखुराको फूल, चामल तीन चौथाइ, एक माना चिउरा, आधा माना भटमास, लसुन, अदुवा एक पाउ, माछा, रक्सी एक चौथाइ, धूप, गोकुलधूप आदि प्रयोग गरिन्छ । यी पूजाका लागि चाहिने आवश्यक सामग्री पुजारी स्वयंले आफ्नो खान्कीभित्रैवाट वेहोर्नुपरेकाले पूजामा व्यवधान आएको देखिन्छ ।

इन्द्रजात्राको तृतीयाका दिन र दसैंको दशमीका दिन नालामा रथ घुमाउने जात्रा पनि जनताद्वारा नै सञ्चालन गर्ने गरेका छन् । यो मन्दिरमा राजा राजेन्द्रविक्रम शाहको नामवाट सङ्कल्प सुरु गरिने हुनाले राजा राजेन्द्रको पालादेखि नाला भगवतीका विभिन्न रीतिथिति बाँधिएको अनुमान गरिएको छ ।

यस मन्दिरमा चारतला तीन क्षेत्रवाट निर्माण गरिएको भनाइ छ जसअनुसार पहिलो भक्तपुरका राजाले, त्यसमाथिका दुई छाना पाटनका राजाले र गजुर भएको छाना स्थानीय वासिन्दाले वनाएका हुन् ।

मन्दिरको जीर्णोद्धार र मर्मत १९८९ सालमा भएदेखि अहिलेसम्म नभएकाले मन्दिरका ४ वटा काठका थाम फुटेका, दुईवटा लच्केका, छाना भत्किएर पानी चुहिने अवस्था देखिएको छ । यसलाई संरक्षण गरिनु आवश्यक देखिन्छ ।

✡

मानेश्वरीस्थान

(काभ्रे)

काभ्रेपलाञ्चोक जिल्लाको पनौती गाउँ विकास समिति वडा नं० ६ मा मानेश्वरी मन्दिर छ। पनौती बसपार्कदेखि दक्षिण पूर्व र पुण्यमतीदेखि पश्चिम किनारामा यो स्थान छ।

यो मन्दिरको निर्माण पछिल्लो मल्लकालतिर भएको हो भन्ने कुरा स्थानीय बूढापाकाहरूको भनाइ छ। मन्दिरको जीर्णोद्धार वि० सं० १९९७ सालमा भएको थियो।

यो मन्दिर सानो छ। साधारण किसिमबाट निर्माण गरिएको यो मन्दिरको छाना टिनको छ। ४ १/२ X २ १/२ फीट लम्बाइ-चौडाइ छ। मन्दिरभित्र प्रतीकात्मक देवीका रूपमा शिलालाई पूजा गरिन्छ। यो मन्दिरको पूर्व, उत्तर, र पश्चिम भागमा पाटी छ। पाटी पसल राख्नलाई भाडामा दिइएको छ। यसै आयस्तावाट मन्दिरमा नित्य पूजाआजा गरिन्छ।

यो मन्दिरको कुनै गुठी जग्गा छैन। पाटीवाट उठ्ने रकमको सञ्चालन स्थानीय समितिवाट गरिन्छ। मन्दिरमा फागुन शुदि द्वादशीका दिन जात्रा लाग्दछ। जात्राको दिन देवीको मूर्तिलाई रथमा राखी बाजा बजाउँदै नगर परिक्रमा गराइन्छ। रातमा भोज खाने र जात्रा मनाउने गरिन्छ।

✡

कालिकादेवी

(काभ्रे)

कानपुर कालापानी गाउँ विकास समिति वडा नं० ७ तिमाल डाँडामा यो देवीथान पूर्व फर्किएर रहेको छ।

९ फीट वर्गाकार र २० फीट अग्लो दुईतले यो मन्दिरका पुजारीहरूसँग वि० सं० १८९८ को श्री ५ पृथ्वीनारायण शाहबाट बक्स भएको लालमोहर र १९२८ को सनद पत्र रहेको छ। वि० सं० १८९८ साल वैशाख शुदि ५ रोज ६ मा लेखिएको लालमोहरमा देवीको पूजाआजा गर्नु भनी रूपनारायण पाध्या, कालान्तर पाध्या र श्यामलाल पाध्यासमेतलाई गुठीसमेत राखिदिएको कुरा उल्लेख छ। साथै पूजाआजा नगरेमा अथवा लोप गराएमा देवी वज्रपात पर्ने भनी उल्लेख गरिएको छ।

८ आना जमिनलाई पर्खाल लगाई सुरक्षित पारेको उक्त मन्दिर प्यागोडा शैलीको छ। मन्दिरको पुरानो मूर्ति २०४२ सालमा चोरी भएपछि हाल अर्को देवीको शिलामूर्ति राखिएको छ। मन्दिर भत्किन लागेको अवस्थामा रहेको छ। हाल उक्त मन्दिरमा कोइराला थरका ब्राह्मणहरूले नित्यपूजा गरिआएका छन्। गुठीको जमिन पनि यिनै परिवारले कमाइआएका छन्। यसको १५ मुरी आम्दानीबाट नित्यपूजा हुने गर्दछ।

४०-५० वर्षअघिसम्म यहाँबाट फूलपाती काठमाडौं लगिने चलन थियो भन्ने बूढापाकाहरूको भनाइ छ। यस स्थानमा रहेको मौलोमा बडादसैंको नवरात्रिमा र चैतेदसैंमा बोका, राँगा बलि दिई पूजाआजा गरिन्छ। पर्व-पूजामा, तीजमा र जेठमा क्षमा-पूजा हुनुका साथै तामाङ जातिले ज्येष्ठ र दसैंमा कुखुरा र बोकाको बलि दिई पूजा गर्ने गरिन्छ।

कोटवरिपरिका बासिन्दाहरूले विवाह, व्रतबन्धजस्ता शुभ कार्यको थालनी गर्दा देवीको नाम लिई कर्नाल यिनै देवीको थानतर्फ फर्काएर बजाउने चलन पनि अद्यापि कायमै छ।

सङ्कटामन्दिर

(काभ्रे)

पनौती बजारको दक्षिणतर्फ नीलावती नदीको दक्षिण किनारामा अवस्थित यो मन्दिर खेतको माझमा पर्दछ । यो मन्दिर पनौती र खोपासी कुन गाउँमा पर्दछ भन्ने विवादास्पद नै रहेको छ । मन्दिरछेउका व्यक्तिले पनौती गाउँसँग व्यवहार गरिरहे तापनि नक्सामा भने यो खोपासी गाउँमा पर्दछ ।

३० X ३० फीट वर्गाकार र ५ फीट अग्लो तेलिया इँट, माटो र चुनाले निर्मित कम्पाउन्डभित्र यो थान उत्तर फर्किएर रहेको छ । थानलाई ६ X ५ फीटको टिनले छाएर १० फीट अग्लो मन्दिर रहेको छ । मन्दिरमा ५ फीटको छेपोले घेरिएर सङ्कटाको प्रतीकात्मक देवता छन् । यस छेउछाउमा टुटेफुटेको छेपो र प्रतीकात्मक देवदेवीहरू पनि छन् । कम्पाउन्डको ढोका नभएको प्रवेशद्वार उत्तरतर्फ फर्किएको छ ।

मन्दिरमा ने० सं० ९६२ उल्लेख भएको शिलालेख पनि छ ।

यो मन्दिर अघि बजारमा रहेको र नदीले बगाएर लगेपछि यस स्थानमा पछि स्थापना गरिएको भन्ने स्थानीय जनताको भनाइ छ ।

विजयसूचक मानी प्रतिवर्ष फागुन पूर्णिमाका दिन यस स्थानमा जात्रा लाग्ने गर्दछ । त्यस बखत राँगा बलि पनि दिइन्छ र यो जात्राका लागि मन्दिरको नाममा रहेको जमिनबाट ५ मुरी धान दिने गरेको छ । पुजारी नभएकाले नित्यपूजा नहुने तर भक्तजनबाट स्वेच्छाले पूजाआजा अद्यापि गर्ने गरेको छ ।

यस थानको पूर्व-उत्तरतर्फ गोरखनाथको जमिनको शिलापत्र केही उप्किएको अवस्थामा छ ।

✡

गुहेश्वरी
(काभ्रे)

पनौती गाउँ विकास समिति वडा नं० ८ यलाछेंटोलमा अवस्थित शिखर शैलीको यो मन्दिरको चारै दिशामा ढोका छ । साढे ५ फीट वर्गाकारमा रहेको मन्दिरको साढे २ फीट पेटी र ३० फीट अग्लो भागको इँटा सवै उप्किएर मन्दिर लड्ने अवस्थामा छ ।

मन्दिरभित्र साढे १ फीटको मण्डप (ढुङ्गा) बाहेक अन्य केही छैन । मन्दिर इँटा, माटो र वज्रवाट निर्माण गरिएको छ ।

✡

पलाञ्चोक भगवती

(काभ्रे)

साठीघर भगवती गाउँ विकास समिति वडा नं० ८ साठीघरमा अवस्थित पलाञ्चोक भगवती काभ्रेपलाञ्चोक जिल्लामा रहेको लिच्छविकालीन मन्दिरमध्ये प्रख्यात मानिन्छ। यो मन्दिरको स्थापना सम्वत् ४२५ माघ शुक्ल पूर्णिमामा राजा मानदेवको पालामा भएको हो भन्ने कुरा मन्दिरमा प्राप्त लिच्छविकालीन अभिलेखबाट स्पष्ट हुन्छ। मन्दिरमा यो अभिलेखका अतिरिक्त अन्य शिलालेख र ताम्रपत्र पनि छन्।

साठीघर बजारको पश्चिम पुछारमा यो मन्दिर अवस्थित छ। १० फीट लम्बाइ, ९ फीट चौडाइ र करिब ४५ फीट अग्लो ३ तले प्यागोडा शैलीको यो मन्दिर पश्चिम फर्किएर रहेको छ। मन्दिरका चारैतर्फ सत्तल छन्। पूर्व, पश्चिम र उत्तरतर्फ टिनले छाएको भुइँतले सत्तल र दक्षिणतर्फ एकतले झिँगटीले छाएको इँटा, माटो र चूनले निर्माण गरेको सत्तल छ। हाल यो दक्षिणतर्फको सत्तलमा अस्थायी प्रहरी चौकी छ।

इँटा, माटो र सुर्कीले निर्माण भएको यो मन्दिरको दुई छाना पित्तलको र माथिल्लो गजुर भएको छाना तामामा सुनको मोलम्वा भएको छ। मन्दिरवरिपरि दियो बाल्न बनाएको काठको चौकोस छ। मन्दिरमा रहेका सबै आँखीझ्याल र टुँडालहरू कलाकृतिपूर्ण छन्। मन्दिरको ढोका, तोरण र चोकोसमा पित्तल मोरिएको छ।

भित्रतर्फ पित्तलले मोरेको काठको चौकोसमा १८ हात भएकी साढे ३ फीट उचाइकी कालो शिलाकी देवी छन्। यी देवीको बायाँ खुट्टाले महिषासुरलाई कुल्चिएको, एक हातको तीर दैत्यमा रोपिएको, दायाँ खुट्टाले टाउको छिनेको राँगोको जिउलाई कुल्चिएको र देवीको दुवै पाउ छेउमा देवीका शुम्भ, निशुम्भ र देवीको आसनको प्रकृति रहेको छ। चाँदीकै गरगहनाबाट देवीलाई सजाएको छ।

मूर्तिको बायाँ सानो घण्टा र दायाँ एक फूटको ढुङ्गामा कुँदिएको भगवतीको मूर्ति छ। यो भागलाई फलामको सटर लगाई सुरक्षित पारी त्यस बाहिर देवलको ढोका छ। देवलको ढोकाको दायाँ-बायाँ दुवैतर्फ तीन-तीनवटा पित्तलका र एक-एकवटा ढुङ्गाका सिंह छन्। मन्दिरको पूर्वी पेटीमा काठको चौकोसमा एउटा ठूलो घण्टा छ।

यसको पूर्व सिमेन्ट र इँटाको चौकोस बनाई त्यसमा ॐ अनन्तदेवी लेखिएको लिच्छविकालीन मानिने अनन्तदेवी भनिने भकुन्डो आकारको ढुङ्गा छ। यसको

उत्तरतर्फ सरस्वती र गणेशका एक-एक फूटका शिलाका मूर्ति छन् । यसको उत्तरतर्फ काठको चौकोसमा चार घण्टा छन् । यससँगै शक्तिसहितको भैरवको टाउको र महादेव र पार्वतीको शरीर मात्र भएको शिलामूर्ति छ ।

यसको पश्चिमतर्फ काठको चौकोसमा चार घण्ट र त्यसपछाडिको पर्खालको तीन खोपामा तीन शिलाका मूर्तिहरू छन् । अनन्तदेवीको उत्तरतर्फ रहेको सरस्वती र गणेशको आसनमा रहेको ढुङ्गामा लिच्छविकालीन लिखत रहेको र यो आसनमा पहिले भगवतीको आसन रहेको भनाइ छ ।

दक्षिणतर्फको सत्तलमा रहेको मन्दिर प्रवेशद्वारको भित्री दायाँ-वायाँ दुवै भागमा क्रमशः ने० सं० ८७७ र ८८८ को शिलालेख छ ।

मन्दिरको पश्चिमतर्फ साढे ७ फीटको सिंहसहितको ढुङ्गाको स्तम्भमा सम्वत् १९७३ लेखिएको ताम्रपत्र र मन्दिरको पश्चिमी भागमा वि० सं० १९८३ उल्लेख भएको ताम्रपत्र पनि छ । सुनको मोलम्वा भएको छानामा वि० सं० १९६१ वैशाख शुक्ल ३ रोजमा खरेलले चढाएको भनी उल्लेख भएको र मन्दिरको पित्तलको ढोकामा श्री सम्वत् १८५१ वैशाख र सँघारमा वि० सं० १८७९ मा चढाएको भनी उल्लेख छ ।

यो मन्दिरमा वज्राचार्य थरका गुभाजुहरूले भाइभाइमा आलोपालो गरी नित्यपूजा गर्ने गर्दछन् । नित्यपूजाका अतिरिक्त चण्डिपूर्णिमा र वडादसैंमा ठूलो जात्रा लाग्ने गर्दछ । गुभाजुहरूले पूजाआजा गर्नुपर्ने व्यवस्था मानदेवकै पालादेखि भइआएको भनाइ छ ।

हाल मन्दिरको नाममा रहेको सबै जमिन गुठी संस्थानले हेर्ने गरेको र गुठी संस्थानले चण्डिपूर्णिमा, ज्येष्ठपूर्णिमा, माघेसङ्क्रान्ति र वडादसैंमा दरवन्दीअनुसारको रकम पूजाआजाका लागि ठेक्काद्वारा दिने गरेको छ ।

यसअतिरिक्त भगवतीको नामको दर्ता नभएको जमिन कमाई आएवापत फूलबारी डाँडागाउँका पहरी जातिले देवीका लागि दैनिक फूलपाती ल्याउने प्रचलन अद्यापि कायम छ । यस अतिरिक्त यिनीहरूले धूप, सिन्दूरवाट पूजा गर्नुका अतिरिक्त दसैं, चण्डिपूर्णिमामा रथ वोक्ने गर्दछन् ।

भगवतीको नामको हाल गुठी संस्थानको अधीनमा रहेको जमिन प्रधानमन्त्री चन्द्रशमशेरको पालामा दिइएको भन्ने भनाइ स्थानीय वासिन्दाको छ । यस अतिरिक्त भगवतीको वेसीको खेत कमाइआएका रैतीहरूले खेतको आम्दानीमध्येवाट रामनवमी पर्व चलाउनुपर्ने व्यवस्था पहिलेदेखि नै भइआएको पनि छ ।

✡

शङ्खेश्वरी माईस्थान

(काभ्रे)

कडकमणि तीर्थ नामका खोलाको किनारमा शङ्खेश्वरी माईस्थान अवस्थित छ। प्रसिद्ध नमोबुद्धकी आमा सतीवतीको थान मानिने यो माईस्थान पनि द्वापरयुगमा नै स्थापना भएको किंवदन्ती छ। शङ्खुपाटीचौर गाउँ विकास समिति वडा नं० ९ मा रहेको यो माईस्थानलाई सुमेरु पर्वत भगवतीथान भन्ने पनि चलन छ। यसदेखि माथिको नमोबुद्धसम्मको डाँडालाई हिरण्यगिरि, गन्धमादन पर्वत, कुसुमे वन भन्ने गरेको छ। यही कुसुमेवनमा नमोबुद्धले जीवनदान गरेको भन्ने भनाइ छ।

पश्चिम-दक्षिण खोलातर्फ फर्किएको यो स्थान १५ x १५ फीट वर्गाकारको पर्खालले घेरिएको पर्खालभित्र छ। खुल्ला छत भएको यो थानको छत खुल्ला छ। कपडाको इलानले शीतलता प्रदान गरिएको यो थानभित्र अर्धगोलाकारको ढुङ्गाको तोरणमुनि साङ्केतिक रूपका शिलाका देवदेवीलगायत ३ वटा साना घण्ट छन् र एउटा शिलाको नवदुर्गाको मूर्ति छ। यसको उत्तरतर्फ पर्खालमा एउटा ने० सं० ९४८ लेखिएको शिलालेख पनि छ। थानको प्रवेशद्वारमा काठको तोरण अङ्कित छ। काठको तोरणमा नेवारी भाषामा ने० सं० ९५५ मा लेखिएको लेख अङ्कित छ।

यस थानको रेखदेख र पूजाआजा वज्राचार्य जातका गुभाजुहरूको परिवारबाट आलोपालो गरी हुने गरेको छ। करिब ३-४ सय वर्षअघिदेखि नै २० मुरी माटोको उब्जनीबाट यस थानको पूजाआजा गुभाजुहरूबाट हुँदै गरेको पाइएको छ। यहाँ यिनै वज्राचार्य जातका गुभाजुबाट नै पूजाआजा हुने गर्दछ।

थानको दक्षिण-पूर्व दुईवटा गुम्बज शैलीका महादेव मन्दिर छन्। एउटा मन्दिर इँटा, सुर्की र चुनद्वारा निर्माण गरिएको ८ x ८ फीटको छ। यसमा पश्चिम प्रवेशद्वार भएको मन्दिरभित्र साढे २ x १ फीटको शिवलिङ्ग छ। करिब १५ फीट उचाइको यो मन्दिरको पेटीको उचाइ ३ फीटको छ।

अर्को गुम्बज शैलीको मन्दिर ढुङ्गैढुङ्गाबाट बनेको छ। ४ x ४ फीट वर्गाकारमा बनेको यो मन्दिर ५ फीट अग्लो र ३ फीट पेटीमा बनेको छ। पश्चिम प्रवेशद्वार भएको मन्दिरभित्र १ फुट गोलाकारको पूर्व फर्किएको शिवलिङ्ग छ। यस गुम्बजको उत्तरमा तोडिएको एउटा ठूलो घण्ट र एउटा सानो राम्रो घण्ट छ।

यी दुवै गुम्बज मन्दिर करिब ८ आना जमिनको इँटाले घेरिएको कम्पाउन्डभित्र छ। गुम्बजको पश्चिमतर्फ खोलाकिनारमा एउटा भर्खरै निर्माण भएको पाटी पनि

छ । यसदेखि दक्षिण-पश्चिम खोलाको किनारमा अर्को एउटा खुल्ला शिवलिङ्ग पनि छ ।

भगवतीथानमा प्रत्येक महिनाको पूर्णिमाको दिन जात्रा लाग्ने गरे तापनि कार्तिक पूर्णिमाको दिन वर्षभरिको सबभन्दा ठूलो जात्रा लाग्ने गर्दछ । सो जात्रामा छिमेकी गाउँ विकास समितिलगायत काठमाडौंका भक्तजनसमेत दर्शनका लागि आउने गरेका छन् ।

यसका अतिरिक्त श्रावण महिनाभरि नै यस थानमा गुँला मेला लाग्ने गर्दछ । विशेष गरेर नेवार जातिले मात्र भाग लिने यो मेलाको पनि आफ्नै किसिमको महत्त्व रहेको बुझिन्छ ।

थानमा पूजाआजा गर्न गुभाजुको बस्ती थानदेखि पश्चिमतर्फ नजिकै छ । यिनै गुभाजुका पुर्खा पहिले राजकुमारका पिता राजा महारथका मन्त्री थिए भन्ने किंवदन्ती छ । किंवदन्तीअनुसार सतीवतीको तल मन्दिरको स्थापना गरेदेखि मन्दिरको रेखदेख र पूजाआजाका लागि गुभाजुलाई यस ठाउँको गुठी दिई हेरचाह गर्न लगाएअनुरूप नै परम्परा चली गुभाजुबाट नै हुने गरेको भन्ने भनाइ छ ।

✡

देवी भगवती
(प्युठान)

भिङ्ग्री गाउँ विकास समितिअन्तर्गत वडा नं० २ मा भिङ्ग्री वजारमा मन्दिरको स्थापना भएको छ । उक्त मन्दिरको निर्माण १७ औं शताब्दीतिर भएको वुझिन्छ।

२०१० सालदेखि यस मन्दिरको छाना छाप्रोको थियो तर २०३६ सालमा छाना कर्कटपाताले पुनः निर्माण भएको हो । मन्दिर प्यागोडा शैलीबाट बनाएको छ । चारैतिरको पर्खाल ढुङ्गा र माटोको प्रयोग गरी निर्माण गरिएको हो ।

सुरक्षा र सञ्चालन उक्त स्थलका हीरालाल श्रेष्ठ र उहाँको परिवारवाट हुने गर्दछ । यस मन्दिरको पूजा प्रत्येक दिन नै हुन्छ । यसको खर्च हीरालाल श्रेष्ठ नै वेहोर्नुहुन्छ।

मन्दिरको अवस्था राम्रो छ, तर मूर्ति छैन । सरसफाइको अवस्था राम्रो छ । मन्दिरमा वडादसैं र चैतेनवमीका वेलामा भव्यरूपले पूजा र वलि पनि चढाइन्छ । वाँकी दिन दैनिक रूपले पूजा गरिन्छ।

भगवतीदेवीको नाममा मन्दिर भए पनि मूर्तिको कमी नै अनुभव हुन्छ। २०३२ सालसम्म मूर्ति थियो, तर चोरहरूले चोरी लगेका छन्।

मन्दिरको मोहडा पूर्वतिर छ। उचाइ ४ x २ x २ मिटर छ।

✡

काली
(प्युठान)

काली मन्दिर भिङ्ग्री गाउँ विकास समितिअन्तर्गत वडा नं० २ मा भिङ्ग्री बजारमै प्रहरी जवानबाट छोटी प्रहरी चौकी भिङ्ग्रीमै स्थापना गरिएको हो ।

यो मन्दिर पनि चारपाटे शैलीबाट बनाइएको छ । यस मन्दिरको निर्माण २०४२ सालमा छोटी प्रहरी थाना भिङ्ग्रीबाट भएको हो । यसको छाना कर्कटपाताले र चारैतिरको पर्खाल ढुङ्गा, माटो र सिमेन्टले बनाएको हो । यस मन्दिरमा भगवती कालीको मूर्ति छ । जस मन्दिरको लम्बाइ र चौडाइ क्रमशः ५० से० मि० र ४० से० मि० छ ।

यसको सुरक्षा र सञ्चालन छोटी थानाका प्रहरी जवानबाट नै हुने गर्दछ । उक्त मन्दिरको सरसफाइ अति नै राम्रो अवस्थामा छ । पूजाको हकमा दैनिक पूजाका साथ वडादसैं र चैतेनवमीका दिन भव्यरूपले वलि र पूजा गरिन्छ ।

उक्त मन्दिरको नाप ४ X ४ X ६ मीटर र मन्दिरको मोहडा दक्षिणतर्फ छ ।

देवी भगवती
(प्युठान)

वेलवास गाउँ विकास समिति सोजेवजार वडा नं० ६ अन्तर्गत पर्ने साना-साना ढुङ्गाका टुक्राहरू राखेर १०० वर्षअघिदेखि नै उक्त मन्दिरकै छेउमा बजारसमेत लगाई पूजाआजा गर्ने चलन छ। उक्त मन्दिर गाउँलेहरूकै सहयोगवाट वनाइएको हो।

भगवतीदेवीको मन्दिर साधारण ढङ्गले चारपाते शैलीमा बनाई छाना फुसले छाई चारैतिरवाट ढुङ्गा र गारोको जोडाइले बनाइएको छ। यसमा मूर्ति त छैन तर ढुङ्गालाई नै नित्यपूजा गरिन्छ।

यस मन्दिरको सुरक्षा र सञ्चालन व्यवस्था त्यस टोलका व्यक्तिहरूवाट नै हुन्छ। मन्दिरमा वडादसैंको वेलामा भव्यरूपले भगवती देवीको पूजाआजा गरी मेला पनि लाग्ने गर्दछ। त्यसका साथै चैत्रको अष्टमीका दिन मात्र पूजा गरी सार्वजनिक ढङ्गवाट मेला लाग्दछ।

मन्दिरको सुरक्षा टोलका व्यक्तिवाट हुन्छ र सरसफाइ पनि राम्रो छ। मन्दिरको अवस्था राम्रो छ। मन्दिरको मोहडा दक्षिणतिर छ र लम्वाइ ४ मिटर, चौडाइ ४ मिटर र उचाइ ६ मिटर छ।

✡

दाखादेवी

(प्युठान)

यो मन्दिर दाखाक्वाडी गाउँ विकास समिति वडा नं० ३ पुजारीटोलमा पर्दछ। भगवतीका तीनवटा स-साना मूर्ति भएका तर धेरै पुराना भएकाले प्रस्ट नबुझिने भएको छ। भुरेटाकुरे राजाका पालादेखि निर्माण भएकाले यसको निर्माणकाल लगभग २८० वर्षअगाडि भएको थियो। यसको पुनः जीर्णोद्धार गाउँलेहरूको सहयोगवाट भएको, तर यसको आर्थिक श्रोत केही छैन।

यसको निर्माण ढुङ्गा र माटोको गारोवाट भएको छ र छाना फुसको प्यागोडा शैलीमा निर्मित छ। मन्दिरको वाहिर ३० से० मि० मात्र देखिने तर झन्डै ८० से० मि० जतिका ३ वटा मूर्ति छन्। यसको साइज २.५० x २.५० x ५ मीटर छ।

यसको सुरक्षा तथा सञ्चालन बमवहादुर धामी पुजारीवाट हुन्छ। यसमा सानो घण्टाका साथै ठूलो घण्टा पनि छ, जुन २००२ साल चैत्र २७ गते वार ३ मा दाखा वस्ने टङ्केश्वरकी आमा रेवतकुमारीदेवीले प्रदान गरेकी हुन्।

यस मन्दिरको सरसफाइ सन्तोषजक रहेको छ। बडादसैं र चैतेनवमी गरी वर्षको २ पटक मुख्य रूपले पूजा गरिन्छ। यस मन्दिरको मुख्य पूजा वलि नै हो।

आर्थिक श्रोत नभएकाले पूजाका लागि वर्षको २ पटक गरी रु. ५००० लाग्ने हुँदा सो रकम सम्बन्धित निकायवाट दिनुपर्ने देखिन्छ।

✡

कालिकादेवी

(प्युठान)

यो मन्दिर विजवार गाउँ विकास समिति वडा नं० ३ उपल्लो बजारमा पर्दछ। यहाँ कालिकाको मन्दिर छ। यो मन्दिर २८० वर्षपहिलेको हो भन्ने प्रमाण पुरोहित र पुजारीसँग भएको लालमोहर र सनदसमेतवाट बुझिएको छ।

लगभग २८० वर्षअगाडि स्व० सोमनाथ योगी पुजारीको पालामा आठौं पुस्तामा उक्त मन्दिरको निर्माण भएको हो।

यो चारपाटे शैलीवाट वनेको छ। पित्तलको छाना र पित्तलकै गजुर छ। इँटा, सिमेन्ट, पित्तल, चाँदी, तामा आदिवाट मन्दिर निर्माण भएको छ। ७० से० मि० को कालो ढुङ्गावाट कालिकाको मूर्ति, १० से० मि० को कालो ढुङ्गाको बालभैरव, गणेश, कालभैरव र ५० से० मि० को नाग आदिका मूर्तिका साथै पित्तलको एउटै ५० X ५० से० मि० को बाघका साथै चारैतिर मन्दिरका वरिपरि घण्ट र पाला छन्।

यसको साइज ४ X ४ X १० मीटर र यसको चारैतिर १ मिटरको पित्तलको ओसार छ।

सुरक्षा एवं सञ्चालन पुजारी डिलनाथ योगीवाट भएको छ। १५० मुरी गुठीको जग्गा कालिकाको नाममा भएको उक्त जग्गाको कुतको बालीवाट सञ्चालन र पूजा हुन्छ। उक्त १५० मुरी जग्गामध्ये १०० मुरी जग्गा धर्मावतीखोलाले लगेको हुँदा पूजाआजा गर्न कठिन परेको छ।

यस मन्दिरको वरिपरि सरसफाइको राम्रो व्यवस्था छ। दैनिक नित्यपूजामा सर्वप्रथम सूर्यको पूजा, वत्तीको पूजा, गणेशपूजा, काल र बालभैरवपूजा, अन्त्यमा कालिकापूजा बिहान र बेलुका गरिन्छ। २ घण्टा गोप्य पूजा, प्रत्येक शनिवार र मङ्गलवार वलिको पूजा गरिन्छ।

✡

जालपादेवी

(प्युठान)

यो मन्दिर विजवार गाउँ विकास समिति टाहारीमा पर्दछ । भुरेटाकुरे राजाहरूका पालामा यस देवीको स्थापना भएको हो । यस मन्दिरको वारेमा पनि लालमोहर र सनद प्राप्त भएको छ ।

चारपाटे झिङ्गटीको छाना पक्की इँटाको र माटोको गारोले बनेको छ । त्यहाँ ६० से० मि० को कालो ढुङ्गाको भगवतीदेवीको मूर्ति, २० से० मि० कालो ढुङ्गाको भैरवको मूर्ति र २० से० मि० को कालो ढुङ्गाको गणेशका मूर्तिहरू छन् ।

५० मुरी मात्र जग्गा मोहीहरूमा भएकाले कुतवाट पूजा भएको छ । दैनिक पूजा विहान बेलुकी गरिन्छ । देवीलाई वलि र भैरवलाई महवाट पूजा गरिन्छ ।

✡

भवानीश्वरी

(जुम्ला)

यो मन्दिर खलङ्गा गाउँ विकास समिति वडा नं० ६ सरस्वतीटोलमा पर्दछ । यसलाई भवानीवक्स गुल्मले स्थापना गरेको हो । यसलाई २०४१।८।९ गतेका दिन भवानीवक्स गुल्मका परिवारले निर्माण गरेका हुन् । यो चारपाटे शैलीवाट र कर्कटपातावाट छानाको निर्माण भएको छ । यो ढुङ्गा, गारो, सिमेन्ट, काठ र कर्कटपातावाट निर्माण भएको छ ।

ढलौट भगवतीको मूर्ति ५० x ५० से० मि० को छ । भगवतीप्रसाद गुल्म तथा स्थानीय जनतावाट यसको सुरक्षा तथा सञ्चालन भइरहेको छ । यसको गुठियार छैन । पुजारीमा भगवतीप्रसाद गुल्म र गेहराज उपाध्याय छन् । यसको सञ्चालन खर्चको श्रोत भगवतीप्रसाद गुल्मवाट भएको छ । सुरक्षाको व्यवस्था राम्रो छ ।

दैनिक पूजा गर्ने तथा वडादसैं र चैतेनवमीका दिन बलि दिने र सो दिन चण्डीपाठ आदि गरिन्छ । यसको मोहडा पश्चिमतर्फ फर्केको छ । यो ४ x ४ x ५ मीटरको दुईतले प्यागोडा शैलीवाट वनाइएको छ । यहाँ १० हात भएको महिषमर्दिनीको मूर्ति छ ।

खलङ्गा भगवती

(जुम्ला)

यो मन्दिर खलङ्गा गाउँ विकास समिति वडा नं० ६ सरस्वतीटोलमा पर्दछ। यो भगवतीप्रसाद गुल्मबाट बनाइएको नयाँ मन्दिर हो। यसको निर्माण २०४४ साल जेठ १४ गते भएको हो।

यसको आयश्रोत भगवतीप्रसाद गुल्मका परिवारबाट भएको छ। यसमा प्यागोडा शैलीको दुईतले कर्कटपाताको छाना छ। यो ढुङ्गा, सिमेन्ट, काठ, कर्कट पाता, पाइपबाट निर्माण भएको छ।

यसको चारैतिर प्रदक्षिणापथमा अढाइ इन्चको पाइप लगाइएको छ। त्यहाँ सिंहवाहिनी भगवतीको ४० x ४०. से० मि० को मूर्ति छ। अरू यसको व्यवस्था भवानी मन्दिरको जस्तै छ।

✡

कनकासुन्दरीदेवी
(जुम्ला)

कनकासुन्दरीदेवीको मन्दिर जुम्ला जिल्लाको हाटसिँजा गाउँ विकास समितिअन्तर्गत साहुवाडा गाउँ वडा नं० ७ मा अवस्थित छ । यस मन्दिरका पुजारी घनलाल काफ्ले हुन् । पुजारीको स्थान यहाँ १-१ वर्षको हुन्छ । पुजारी तथा स्थानीय मानिसहरूको भनाइअनुसार सिजापति राजाको पालादेखि नै कनकासुन्दरीदेवीको मन्दिर यहाँ स्थापना भएको हो । कनकासुन्दरीदेवीको उत्पत्तिका सम्बन्धमा भनिन्छ कि सिजापति राजाको पालामा राजाको भान्छाघरमा देवी खान आउने गर्थिन्, त्यसैले सो थाहा पाएर राजाले यी देवीको स्थापना गरेका हुन् ।

मन्दिरको प्रवेशद्वारबाट भित्र पस्ता ८ फीट ४ इन्च x ८ फीट ४ इन्च लम्बाइ-चौडाइ र १२ फीट अग्लो एक कोठा आउँछ । यसै कोठामा मन्दिरका देवदेवीहरूका मूर्ति सजाइराखेका छन्, जुन यसप्रकार छन् –

मूर्तिको अवलोकनको क्रममा सर्वप्रथम लम्बाइ १४ इन्च र चौडाइ १२ इन्च भएको प्रस्तरको दुर्गादेवीको मूर्ति आउँछ । त्यसपछि ४ इन्च लम्बाइ र ३ इन्च चौडाइ भएको र ८ इन्च लम्बाइ ६ इन्च चौडाइ भएको पित्तलको पाताबाट निर्मित २ थान स-साना दुर्गादेवीका मूर्ति छन् । यसैको अर्को छेउमा ३ इन्च लम्बाइ र २ इन्च चौडाइ भएको पित्तलको पाताबाट सानो महाकालीको मूर्ति छ । त्यस्तै गरी क्रमशः लम्बाइ ३ इन्च र चौडाइ २ इन्च भएको दुर्गाको मूर्ति, लम्बाइ ४ इन्च र चौडाइ ३ इन्च भएको गणेश र लक्ष्मीको मूर्ति, लम्बाइ ३ इन्च र चौडाइ २ इन्च भएको महाकाली र दुर्गा देवीको पित्तलको पाताबाट निर्मित मूर्तिहरू छन् । मन्दिरभित्र तामाको एक सिंहासन पनि छ । मन्दिरअगाडि एक शिवलिङ्ग पनि छ ।

मन्दिरको नित्यपूजा बिहान र बेलुकी गरेर दिनमा २ पल्ट पुजारीद्वारा गरिन्छ । यसका अतिरिक्त बडादसैं, चैतेदसैंजस्ता हिन्दूचाडपर्वमा यस मन्दिरमा पनि दुर्गादेवीको ठूलो पूजा गरिन्छ । सरकारी तवरबाट राँगा, बोका आदि काटिन्छ । हाल यो गाउँ विकास समितिको अध्यक्षको नेतृत्त्वमा गाउँवाट उठाएर दिने गरिन्छ । त्यस्तै गरी फूलपातीका दिन, घटस्थापनाको दिन तथा अष्टमीका दिनमा पनि बोका आदि काट्ने गरिन्छ र कालरात्रिको दिनमा पनि १ राँगा र १ बोका काटिन्छ । मन्दिरको पुजारीका नाममा १६ मुरी खेत छ, जसको अधिया गरी पुजारी र पालेले खाने गर्दछन् र मन्दिरको धार्मिक कार्य सम्पन्न गर्दै आएका छन् । पुजारीको भनाइअनुसार सरकारी तवरबाट पहिलेदेखि नै यस मन्दिरको नाममा प्रतिवर्ष रु. ३६०।- आउने गरेको थियो, तर ३-४ वर्षदेखि आउन छोडेको छ र सो रकम पुनः आउँदै गरेमा मन्दिरको धार्मिक कार्य सुगम हुने थियो ।

✡

विन्ध्यवासिनीदेवी
(जुम्ला)

यो मन्दिर विराट गाउँ विकास समिति वडा नं० ९ को लुटुक भन्ने स्थानमा अवस्थित छ । वरिपरि धूपी र पीपलका रूखहरूको माझमा रहेको यो मन्दिर ढुङ्गा-माटोको गारोले वनेको छ र यसका छाना काठबाट निर्मित छन् । मन्दिर एक तलाको छ ।

स्थानीय मानिसहरूको भनाइअनुसार यस मन्दिरभित्र रहेको विन्ध्यवासिनीदेवीको प्रस्तरको प्रतिमा पृथ्वीवाट नै उत्पत्ति भएको हो । विन्ध्यवासिनीको मध्यमा दायाँपट्टि क्षेत्रपाल र बायाँपट्टि भैरवको मूर्ति मानेर पूजा गरिन्छ । विन्ध्यवासिनी मन्दिरको ढोका वैशाख, श्रावण, कार्तिक, माघेपूर्णिमा र अनन्त चतुर्दशीका दिन मात्र खोल्ने गरिन्छ । यस मन्दिरमा पनि दैनिक पूजा गरिँदैन, पर्व-पूजा मात्र गरिन्छ । यस वेला दूध, चामलले तथा षोडशोपचारले पूजा गरिन्छ । त्यस्तै सिन्दूर, धूप, नैवेद्य आदि चढाइन्छ । मन्दिरवाहिर पनि चण्डी, रुद्री, गीता आदिको पाठ गरिन्छ ।

वि० सं० १९३२ को दानपत्रअनुसार पाठ गर्नेहरूलाई केही रकम आउने गरेकोमा वि० सं० २०२० सालदेखि बन्द भएको छ । मन्दिरवरिपरि मन्दिरको नाममा २५ मुरीजति गुठी-जग्गा छ, जसको आम्दानीले मन्दिरमा पर्व-पूजा गरिँदै आएको छ । मन्दिरका पुजारी शङ्करराज उपाध्याय र सञ्चालक प्रेमानन्द उपाध्याय हुन् । उनीहरूको भनाइअनुसार गुठीको आम्दानीले पर्वपूजा सञ्चालन गर्न पर्याप्त नभएको तथा सरकारवाट पाउनुपर्ने रकम प्राप्त भइरहेको छैन । मन्दिरको वरिपरि सरसफाइको व्यवस्था छैन ।

✡

कनकासुन्दरी भगवती

(जुम्ला)

यो मन्दिर कनकासुन्दरी गा० वि० स० वडा नं० ६ गडी पहाडको थुम्कोमा अवस्थित छ । मन्दिर विहार आकारले बनेको छ । ढुङ्गा-माटाको गारो र काठको प्रयोगले बनेको यो मन्दिर त्यति कलात्मक छैन । मन्दिरको चारैपट्टि लामा लामा टहरा छन् । त्यस्तै मन्दिरको ४ कुनामा ४ वटा मन्दिरहरू छन् र बीचमा कनकासुन्दरीको मन्दिर छ । मन्दिरको गजुर गह्रा-गह्रा बनेर पित्तलको पातामा सुनको मोलम्वा लगाई बनाइएका छन् । मन्दिरको छाना जस्तापाताले छाइएको छ । मुख्य मन्दिरको अगाडिपट्टि २ वटा सिंहका मूर्ति छन् जसलाई स्थानीय वासिन्दाहरू आकाशबाट झरेको भन्ने गर्दछन् । मन्दिरको अगाडिपट्टि ठूला ठूला ५-७ वटा घण्टाहरू छन्, जसमध्ये ठूलो घण्ट १०-१२ वर्षपहिले एक सुनारले चढाएका हुन् ।

मन्दिरका चार कुनामध्ये पूर्वपट्टि जालपादेवीको प्रतिमा (प्रस्तरको), पश्चिमपट्टि महाकालीको प्रतिमा, उत्तरपट्टि सूर्यनारायण र दक्षिणपट्टि एउटा मन्दिर मात्र छ, यसमा कुनै मूर्ति स्थापना गरिएको छैन ।

कनकासुन्दरीको मन्दिंरभित्र सिंहासन काठको छ जसमा भगवतीको मूर्ति स्थापना गरिएको छ । यसभन्दा अधिको मूर्ति चोरी भएको कुरा पुजारीले बताएका छन् । अहिले स्थापना गरिएको मूर्तिमा चतुर्भुज भगवती सिंहमाथि चढेर महिषासुरलाई कुल्चिएकी छिन् । देवीलाई सधैं बलि दिइन्छ । बडादसैं तथा चैतेदसैंमा सङ्कल्प कनकासुन्दरीमा गरे पनि बलि भने महाकालीको मन्दिरमा नै चढाइन्छ । दसैंको कालरात्रीमा, अष्टमी र नवमीमा ठूलो मेला लाग्दछ । मुख्य मन्दिरको ढोकामाथि विभिन्न आकृतिका तामा र पित्तलका टुक्राहरू टाँसिएका छन् ।

कनकासुन्दरीस्थित पहाडमा सुन पाइने भएको र कनक भनेको सुन भएकाले उक्त देवीको नाम कनकसुन्दरी रहेको हो भन्ने जनश्रुति छ । भनिन्छ – यस स्थानमा अद्यावधि कहिलेकाहीं सुनका टुक्रा खेतबारी जोत्दा पाइन्छ ।

त्यस्तै यो ठाउँ जालन्धर राजा र वृन्दाको राजधानी हो भन्ने पनि यहाँको जनश्रुति छ । सतीदेवीको दायाँ ओठ पतन भएको र सतीदेवीको अङ्ग पतन भएका १०८ स्थानमध्ये जालन्धरपीठ (देवीको मन्दिर भएको ठाउँ) एउटा भनिन्छ । यस स्थानमा माटाका नालीहरू, गोहीका मुखाकृति भएका प्रस्तरका ढुङ्गेधाराहरू, पत्थरको कलशका चिह्नहरू, पत्थरैपत्थरले बनेका कुवाहरू, भोटे अक्षरको शिलालेख, इँटाहरू,

घरका जगहरू, माटाका भाँडाहरू आदि पाइन्छन् । स्थानीय जनताका भनाइअनुसार उक्त स्थल जालन्धर राजा, मल्लराजा, खसराजा र सिजापतिराजाका दरबार, सेना बस्ने ठाउँ तथा हाटबजार हो ।

यहाँ भएको कनकासुन्दरीको मूर्ति प्रस्तरको हो । मूर्तिको ८ हातमध्ये ४ हात भाँचिएका छन् र बाँकी ४ हातहरूमा त्रिशूल, अङ्कुश, भाला र गदा लिएका छन् । मूर्तिको एउटा खुट्टाले महिषासुर राक्षसलाई टेकेको र अर्कोले सिंहलाई टेकेको अवस्थामा छ । कनकासुन्दरीको त्रिशूलले राक्षसलाई रोपेको छ । स्थानीय बासिन्दाहरूका भनाइअनुसार यो मूर्ति छिचुम लामाले बनाएका हुन् । यी लामा यस क्षेत्रका घाँस, ओडार, गुफा आदिमा बस्थे, कालान्तरमा उनी अन्तर्धान भए भन्ने भनाइ छ । यी गुफाहरूमा माटाका कुँदिएका चैत्य चिह्न, चक्र आकार भएका माटाका चिह्नहरू पाइन्छन् जसलाई उनै लामाले बनाएका हुन् भन्ने कथन छ ।

मन्दिरमा देखिएको हालको अवस्था स्थानीय बासिन्दाहरूले २०२१ सालमा मन्दिरको छानामा जस्तापाता छाइएका हुन् । त्यसपछि मन्दिरको वरिपरि लामो टहरा र चार कुनामा मन्दिरहरू बनाएका हुन् । योभन्दा अगाडि कनकासुन्दरी मन्दिरको छाना ढुङ्गाको थियो । मन्दिरमा टाँसिएको अभिलेखअनुसार वि० सं० १९८६ मा यस मन्दिरको जीर्णोद्धार भएको हो । उक्त मन्दिरको सम्बन्धमा प्रेमानन्द उपाध्यायको भनाइअनुसार जुद्ध शमशेरको पालामा मन्दिरको जीर्णोद्धार भएकाले मयादत्त पाध्या, केदारीनाथ, श्री चन्द्रले श्री ३ मा जाहेर गरेकाले खड्ग निशान भयो र सिजाभेकका सबै गाउँले मिली बनाउनु भन्ने आदेश भएअनुसार स्थानीय मानिसहरूले बनाए । हाल मन्दिरको सुरक्षा पुजारी, पाले र स्थानीय बासिन्दाहरूले गरिरहेका छन् ।

कनकासुन्दरी गाउँ विकास समितिका लेखपारे ठाउँका तीन गाउँका जमिनहरूको मालपोत कनकासुन्दरीको गुठीमा बुझाउनु भन्ने श्री ५ पृथ्वीवीरविक्रम शाहबाट लालमोहर बक्स भएको थियो । यसै लालमोहरबाट पूजाका सामानहरूको खर्च तोकिएको छ । श्री ५ सुरेन्द्रको पालाको दानपत्रमा पनि यस मन्दिरका लागि रकम तोकिएको छ । वि० सं० १९९१ सालको माल अड्डालाई पाठ, पर्व-पूजा आदिका लागि रकम तोकिएको दरबन्दी सनद गरिदिएको छ ।

त्यस्तै स्व० श्री ५ महेन्द्रबाट २०२० सालमा रू. १८००।- बक्स भयो र श्री ५ महाराजाधिराज सरकारबाट बक्स भई वर्षको रु. ३६०।- का दरले २०३६ सालदेखि यस मन्दिरले पाउँदै आएको छ । त्यस्तै श्री ५ महाराजाधिराज वीरेन्द्रबाट वि० सं० २०३६ सालमा पूजा सामानका लागि रु. २०००।- बक्सियो ।

यसका अतिरिक्त १६ मुरी जग्गा कनका सुन्दरीको गुठीबापत राखिएको छ जसको आम्दानी पुजारीलाई खर्च र पूजाखर्च बापत दिइन्छ ।

पर्वपूजाका लागि बडादसैं र चैतेदसैंमा मालिका गाउँ विकास समितिबाट बोका १ र तेल २ माना, कनकासुन्दरी गाउँ विकास समिति लेखपारेबाट घटस्थापनाका लागि बोका १ र तेल २ माना, ओखरपाटा र लुभ गाउँबाट बोका १ र तेल २ माना, विराट गाउँ विकास समितिबाट महानवमीका लागि राँगा २, बृड गाउँबाट बोका २, पछाई गाउँबाट चामल १६ माना, बडुवाल गाउँबाट चामल १६

माना आदि पठाइन्छ ।

त्यस्तै प्रेमानन्दको भनाइमा पाण्डव गुफा गाउँ विकास समितिवाट वोका ४, चामल माना १६ अनिवार्य रूपले दिनुपर्ने कुरा सनद, लालमोहर र फैसला छ भन्ने भनाइ छ । उपर्युक्त सवै गाउँवाट आएका सामानहरूमा तेल वत्ती वाल्ने काममा; चामल पुजारी, पाहुना तथा पालेहरूले खाने; राँगा दमाई, कामी, सार्कीले खाने; वोका आधाजति पुजारीले र वाँकी संरक्षण, व्यवस्था गर्ने मानिसहरूले र लालमोहरले दिएका मानिसहरूले खाने गर्दछन् ।

पर्वपूजामा वेदपाठ, चण्डीपाठ तथा यज्ञहरू गरिन्छ । नौ दिनसम्म अगरवत्ती वालिन्छ र कालरात्री मनाइन्छ । महाअष्टमीमा कनकासुन्दरीकै अङ्गरक्षक मानिने महाकाली, भद्रकालीलाई बलि चढाइन्छ । उत्तरपट्टिको काली थानमा प्रस्तरको प्रतिमा छ । त्यहाँ भएको खड्ग शुम्भ-निशुम्भसँग लडाइँ गर्दाको हो भन्ने स्थानीय वासिन्दाको कथन छ । महाअष्टमीमा कुखुरा, हाँस, परेवा, माछा, वोका, भेडा एवं राँगासमेतको पञ्चवलिको पूजा गरिन्छ ।

गुठीको आम्दानीले मात्र पूजा सञ्चालन गर्न समस्या छ । महँगीले गर्दा दिन-प्रतिदिन चाहिने सामान किन्न र पुजारी र पालेलाई दिने खर्च पुग्दैन भन्ने जनगुनासो छ । पुजारीलाई दिइने वार्षिक रु. ३६०।- ज्यादै कम भएको गुनासो पुजारीको छ ।

कनकासुन्दरीका गहनाहरू केही छन्, तर ती सबै सुरक्षाका लागि पुजारीले आफ्नो जिम्मामा राखेका छन् ।

✡

कालिका भगवती

(जुम्ला)

कालिका भगवतीथान जुम्ला जिल्लाको वर्गी गाउँ विकास समितिअन्तर्गत मोफ्ला गाउँ वडा नं० ३ मा पर्दछ । ढुङ्गा, माटो, काठवाट गुम्बज शैलीमा निर्माण भएको यो थानमा हाल कुनै पनि पुजारी छैनन् । थानको सुरक्षा तथा रेखदेखका लागि गाउँका मानिसहरू पालैपालो वस्ने गर्दछन् ।

भगवतीथानभित्र काठको भगवतीको मूर्ति छ । भित्र जान नपाइने हुनाले मूर्तिको नाप लिन सकिएन । यस थानमा पुजारी नहुनाले थानको नित्यपूजा दैनिक रूपले गरिँदैन । तथापि वडादसैं तथा चैतेदसैंमा यहाँ गाउँलेहरूवाट ठूलो पर्व पूजा गरिन्छ । गाउँलेहरूद्वारा राँगा, कुखुरा आदि काटिन्छ । अरू वेला गरिने पर्व पूजामा गाउँलेहरूवाटै अक्षता, घ्यू, तेल, हलुवा आदि बनाई कालिका भगवतीको उपासना गर्दछन् । दिनभरि नाचगान गरी र रात्रिपख चुट्किला खेली विभिन्न किसिमले मेला-जात्रा पनि मनाउने गरिन्छ । मेला-जात्रामा पुरुष र स्त्री दुवै उत्तिकै चाखले भाग लिने गर्दछन् ।

पश्चिम मोहडा भएको यस थानको लम्बाइ २८ फीट र चौडाइ १६ फीट भएको एउटा धर्मशाला पनि छ । मेला-जात्रामा आउने मानिसहरू यसै धर्मशालामा थकाइ मार्ने तथा वास बस्ने पनि गर्दछन् ।

✡

मष्टा भगवती

(जुम्ला)

यो मष्टा भगवतीथान गोष्ठीचौर गाउँ विकास समितिको वडा नं० ५ मा अवस्थित छ । यस थानका पुजारी देवीप्रसाद महतर हुन् । पुजारीको भनाइअनुसार तसी महतर नाम गरेका व्यक्ति यस थानका संस्थापक हुन् । यस थानको निर्माण १५० वर्षपूर्व भएको थियो भनिन्छ ।

मष्टा भगवतीथानको पूजाआजा अरू वेला गरे तापनि विशेष गरेर गाउँमा कुनै महामारी रोग पर्न आएमा, अनिकाल परेमा वा कुनै त्यस्तै किसिमको घटना घट्न गएमा सोको रोकथामका लागि यस भगवतीथानमा आएर सबै गाउँलेहरू मिली ठूलो पूजा गरिन्छ ।

यसका अतिरिक्त यस थानमा ठूलो पर्वपूजा तथा जात्रा बडादसैंको औंसीदेखि अष्टमीसम्म मनाइन्छ । यस बेला भाकल गर्ने भक्तजनहरू यस थानमा आई पशुबलि चढाउने गर्दछन् । यी पर्वपूजाको वेला गाउँलेहरू मिली झामलेनाच (मादल बजाई नाचगान गर्ने), सिंगाउ लहरेनाच आदि नाचगान गरी रमाइलो गर्दछन् । त्यस्तै चैत्रअष्टमीमा पनि एक दिन यस थानमा पूजाआजा गरिन्छ ।

यस थानदेखि पूर्वतिर दक्षिण फर्कका दुईवटा ढुङ्गेधारा छन् । ढुङ्गेधारामाथि एउटा सानो ढुङ्गावाट नै बनाइएको एक मन्दिर छ र धाराको एक छेउमा नरनारीको स-साना प्रस्तरका मूर्ति पनि छन् ।

✡

मुर्चुलामाई
(जुम्ला)

मुर्चुलामाईथान जुम्ला जिल्लाको तातोपानी गाउँ विकास समिति सुन्दर गाउँमा अवस्थित छ । पूर्वमुखी भएको यो थान १ तलाको छ । यस थानका पुजारी मुक्तिशरण उपाध्याय हुन् । पुजारीको भनाइअनुसार यस थानको संस्थापक देवासुर उपाध्याय हुन् र यसको निर्माण ४-५ सय वर्षभन्दा पनि अगाडि नै भएको थियो ।

यस थानमा दुर्गाको प्रस्तरको मूर्ति छ । यो मूर्ति हाल फुटेको अवस्थामा छ । स्थानीय जनताको भनाइअनुसार यो मूर्ति पृथ्वीवाट आफैं उत्पत्ति भएको हो । कालान्तरमा यस प्रस्तरको मूर्तिलाई मुर्चुलामाईको सङ्ज्ञा दिई एक सानो गुम्वज शैलीको मन्दिर वनाई श्रद्धापूर्वक पूजाआजा गर्न थाले ।

यस थानमा पुजारीद्वारा दैनिक नित्यपूजा गरिन्छ । यसका अतिरिक्त श्रावण पूर्णिमाको ऋषितर्पणको चतुर्दशीमा यस थानमा पर्व पूजा गरी मेला मनाइन्छ । यस वेला भक्तजनहरूवाट मुर्चुलामाईको (दुर्गा) मूर्तिलाई पीताम्वर लगाई धूप, दीप तथा नैवेद्यले पूजाआजा गरी फलफूल चढाइन्छ । गाईको दूधले भगवतीको मूर्तिलाई स्नान गराइन्छ । पुजारी तथा भक्तजनहरूबाट भगवतीको जयजयकार गरी वरदान माग्छन् । त्यसपछि पुजारीवाट प्रसाद ग्रहण गरिसकेपछि १ दिन मात्र जात्रा मनाई आ-आफ्नो घर फर्किन्छन् । भनिन्छ – यस वेला वरपरका गाउँका मानिसहरू यस जात्रामा भाग लिन आउँछन् ।

यसका अतिरिक्त तातोपानी गाउँ विकास समितिअन्तर्गत भएका केही देवीदेवताका थानहरू थिङ्गेली मासीका थान (४-५ सय वर्षपुरानो) आदि हुन् ।

✡

गढीमाई

(बारा)

बारा जिल्लाको वरियारपुर गाउँ विकास समिति वडा नं० २ मा गढीमाईको मन्दिर छ। यो मन्दिरको निर्माण कहिले कसले गर्‍यो भन्ने यकिन भन्न सकिने आधार केही नभेटिए तापनि यो माईको अस्तित्व धेरै अगाडिदेखि भएको मानिन्छ। यो माईको स्थापना सिमरौनगढको पतन हुनुभन्दा (१३२४ ई०) अगाडिदेखि भएको कुरामा स्थानीय वूढापाकाहरू विश्वास राख्तछन्। यस सम्वन्धमा एउटा लोकोक्ति सुन्न पाइन्छ, जो यसप्रकार छ –

उहिले सिमरौनगढको रसोगुरु झाँक्रीले कलकत्ताको कालीमाईको स्तुति गरी तिनलाई खुसी पारी तिनबाट यस्तो वरदान पाउन सफल भए कि कुश र घाँसहरू काटी त्यसलाई वाघले दाईं गरी त्यसबाट असल जातको (धान) चामल निकाल्न सफल भए र यस धानवाट उनको जीवनलाई पुग्ने खाद्य सामग्री पुर्‍याउने वरदान प्राप्त गरेका थिए। उनले घाँस दाउने गरेर धान निकालेको राजा सुरजा सिंहले आफ्नो महलवाट हेरिरहेका थिए। उनलाई यस्तो अचम्मको कार्यदेखि जिज्ञासा भएकाले सो रसोगुरुलाई वोलाउन पठाए र सोधे कि तिमीले कसको शक्तिवाट यस्तो कार्य गर्न सफल भयौ भन्ने राजाले प्रश्न गर्दा रसोगुरुले म यस प्रकारको कार्य कालीमाईको शक्तिवाट गर्न सफल भएको हुं भने।

त्यसपछि राजालाई कालीमाईको दर्शन गर्ने तीव्र इच्छा भयो र रसोगुरुलाई कालीमाईको दर्शन गराइदेऊ भने। यदि रसोगुरुले सो कुरा इन्कार गरेमा रसोगुरुलाई मार्ने धम्की दिए। रसोगुरुले राजालाई भने कि यदि कालीमाई सिमरौनगढ राज्यमा आइन् भने सिमरौनगढ राज्य जुन १४ कोशको छ ती सवै पत्थर हुनेछन्, केही रहने छैन। तर राजाले आफ्नो ढिपी छोडेनन्। रसोगुरुले कालीमाईको प्रार्थना गरी कलकत्तावाट पटना र त्यसपछि वेतियासम्म पुर्‍याइसकेपछि पनि रसोगुरुले राजालाई विन्ती चढाए कि काली माईलाई फिर्ता गराऊँ ? तर राजा आफ्नो वोलीमा अटल थिए र उनले काली माईको दर्शन गर्ने नै निधो गरे। रसोगुरुले माईलाई वीरगञ्जमा आई राजदेवीका रूपमा प्रकट भएपछि पनि राजालाई माई आफ्नो राज्यमा लिएर नआउन अनुरोध गर्दा फेरि पनि राजाले मानेनन्। रसोगुरुले माईलाई फेरि पुकार गरी वोलाए। माई वीरगञ्जवाट वरियारपुरमा आई गढी माईका रूपमा प्रकट भइन्। यसपटक पनि रसोगुरुले राजालाई माई आफ्नो राज्यमा लिएर नआउन आग्रह गरे।

राजाले देवीको दर्शन गर्ने दृढ सङ्कल्पमा रहेको हुनाले उनको कुरा सुन्दै सुनेनन् । आखिर रसोगुरुले देवीलाई सिमरौनगढभित्र आउनलाई पुकार गर्नैपर्‍यो । देवी सिमरौनगढमा आइसकेपछि रसोगुरुको मस्तिष्क फुटी मरे । त्यसपछि देवीले आफ्नो सुनको वाला चारैतिर देखाउँदा सिमरौनगढको १४ कोसको राज्य पत्थरैपत्थर भयो । यस्तो अवस्था देखेर राजा त्यहाँबाट भागे भन्ने भनाइ छ । यस प्रकारले गढीमाई कलकत्ताको कालीमाईकै रूप हो भनेर मान्नेहरू पनि प्रशस्त छन् । यी माई भगवतीको रूप हो, यिनमा ठूलो शक्ति छ भन्ने जनधारणा रहेको छ ।

गढीमाईस्थान वरियारपुर वजारदेखि पश्चिमपट्टि रहेको छ । चारैतिर रूख भएको यो स्थानवरिपरि ५ कट्ठा जमिन छ । पश्चिमपट्टि ठूलो पोखरी पनि छ । चारैतिर इँटाको पर्खालले घेरिएको छ र केही उत्तर-पश्चिमपट्टि ८ x १२ फीट लम्वाइ-चौडाइ भएको इँटाको वारवाट निर्मित चौतारा छ । यस चौताराको बीचमा फलामको त्रिशूल गाडिएको छ । यसैलाई माईको प्रतिरूप मानी पूजा गरिन्छ । यो त्रिशूललाई दर्शन गर्न पश्चिमपट्टिवाट तीन तहको पेटी चढेर जानुपर्दछ । चौतारादेखि केही दक्षिणमा पछि निर्माण गरिएको सानो मन्दिर छ । यो मन्दिर इँटा र माटोबाट बनाई वाहिर सिमेन्ट प्लास्टर गरी रङ्गरोगन लगाइएको छ । ७ फीट ३ इन्च x ५ फीट लम्वाइ-चौडाइ भएको ७ फीट अग्लो पूर्व मोहडाको यो मन्दिरको अगाडि खुला ठाउँ छ ।

यस मन्दिरभित्र पूर्णकदको ६ फीट ६ इन्च x ३ फीट लम्वाइ-चौडाइ भएको जलहरीदेवीको मूर्ति छ । यो मूर्ति देवीको भनिए तापनि विष्णुको मूर्ति हो । यो मूर्तिको पाउ पहिलेकै छ भने पाउदेखि माथि तिघ्रासम्म पुरानै र त्यसपछि नयाँ जोडिएको छ । छाती पहिलेकै छ भने अनुहार पछि सिमेन्टले जोडेको छ । यस मूर्तिको मुकुट र गहना पनि पहिलेकै छ । यो मूर्तिको बनोट र कलात्मकतालाई हेर्दा सिमरौनगढका मूर्तिसँग सामन्जस्यता राख्ने देखिएकाले यो मूर्ति यस ठाउँमा पछि राखिएको हुनाले सायद सिमरौनगढ क्षेत्रबाट यस ठाउँमा ल्याएर राखिएको हो भन्ने भनाइ छ । यो मूर्ति टुटफुट हुनुमा चोरले चोरेर लग्दा भएको र पछि फेला पार्दा भग्न रूपमा भेटिएको भनिन्छ । पछि यसलाई स्थानीय वासिन्दाहरूको सक्रियतामा जोडियो । यो मन्दिरदेखि अगाडि वश्म वावाको स्थान छ । यो मन्दिरमा नित्यपूजा हुन्छ । पर्वपूजामा हरेक ५ वर्षपछि मङ्सिर महिनाको पञ्चमी तिथिदेखि १५ दिनसम्म लाग्दछ । पर्वपूजाको आम्दानीबाट स्कुल वनाउने कार्य भइरहेको छ ।

गढीमाईको ख्याति जिल्लाभरि मात्र नभएर नेपालका विभिन्न ठाउँलगायत भारतका विभिन्न ठाउँहरूमा समेत भएको हुनाले लाखौंको सङ्ख्यामा मानिसहरू पर्वका समयमा दर्शन गर्न आउँछन् । यस मेलामा ४-६ हजार राँगाका साथै एक लाखभन्दा वढी वोका र असङ्ख्य परेवाहरूको वलि चढाउने र छोडिने गरिन्छ । पर्वको समयमा वरिपरि पसलको व्यवस्था हुन्छ । गढीमाईको ख्याति धेरै भएकाले गढीमाईसम्म पुग्ने राम्रो वाटोको व्यवस्था नभएकाले सम्वन्धित क्षेत्रवाट वाटोको सुविधा र पर्वको समयमा पिउने पानी र अस्थायी वासस्थानको उचित व्यवस्था हुन सके यसको महत्त्वमा अझ वढोत्तरी भई सनातनधर्मप्रतिको आस्था वढ्नेछ ।

✡

देवीमाई

(वारा)

वारा जिल्लाको देवीगञ्ज गाउँ विकास समिति वडा नं० ८ को देवीगञ्ज गाउँमा देवीमाईको मन्दिर छ । यो मन्दिरको निर्माण कसले गऱ्यो सो सम्वन्धमा जानकारी प्राप्त भएन । तर मन्दिरको अस्तित्व भने करिव १५० वर्षपहिले भएको जनविश्वास छ ।

मन्दिर पहिले साधारण थियो । हाल स्थानीय वासिन्दाहरूको सक्रियतामा इँटा र सिमेन्टवाट वन्दैछ । मन्दिरको छाना हाल्न वाँकी छ ।

मन्दिरभित्र हालसालै स्थापना गरिएको ४ इन्च अग्लो ढलौटको मूर्ति छ । यस मन्दिरसँगै पश्चिमपट्टि वि० सं० २०४० सालमा निर्माण गरिएको दुर्गामाताको मन्दिर छ जसमा ४ इन्च अग्लो ढलोटकै दुर्गामाताको मूर्ति स्थापना गरिएको छ । देवीमाई मन्दिरको दक्षिणपट्टि सँगै सानो शिवमन्दिर छ । यस मन्दिरभित्र शिवको प्रतीकस्वरूप प्रस्तरको शिवलिङ्ग छ ।

यस मन्दिरमा नित्यपूजा र साँझ आरती पुजारीवाट हुने गर्दछ । मन्दिरको आम्दानीको स्रोत केही छैन । त्यसकारण अधुरो मन्दिरलाई आर्थिक सहायता उपलब्ध गराई धार्मिक आस्थालाई प्रश्रय दिनुपर्ने देखिन्छ ।

✡

राजदेवी

(वारा)

कलैया नगरपालिका वडा नं० ४ मा राजदेवीको मन्दिर छ । यो मन्दिरको निर्माण कहिले कसले गऱ्यो, यस सम्बन्धमा ठोस आधार केही भेटिएन । स्थानीय बूढापाकाहरूको भनाइमा यो मन्दिर करिब १५० वर्षपहिलेदेखि अस्तित्वमा रहेको अनुमान छ । मन्दिरको जीर्णोद्धार करिव ३०-३५ वर्षपहिले सुब्बा प्रेमवहादुरले गरेका थिए ।

यो मन्दिर करिव १२-आना जग्गाले चर्चेको, चारैतिर पर्खालले घेरिएको छ । इँटा र सिमेन्टको प्रयोग गरी वनाइएको यो मन्दिर तीन तहको पेटीमाथि छ । चारैतिर प्रदक्षिणापथ भएको वीचमा पूर्व फर्किएको कोठा छ । यसै कोठाभित्र ढलौटवाट निर्मित भगवतीको आकर्षक मूर्ति छ । यससँगै वायाँपट्टि सानो खिइएको प्रस्तरको सानो मूर्ति छ ।

मन्दिरअगाडि गणेश, सरस्वती र भगवतीको प्रस्तरको कलात्मक मूर्तिहरू भित्तामा राखिएका छन् । यी मूर्तिहरूको अगाडि लक्ष्मीनारायणको भग्न मन्दिर छ । यस मन्दिरको १८ इन्च अग्लो प्रस्तरको मूर्ति मन्दिरअगाडिको घरमा राखिएको छ ।

राजदेवी मन्दिरमा पुजारीवाट नित्यपूजा र साँझ आरती गरिन्छ । मेला नलागे तापनि दसैंको वखतमा स्थानीय वासिन्दाहरू भगवतीको दर्शन गर्ने र वलि चढाउने गर्दछन् । यस मन्दिरको आर्थिक स्रोत केही छैन । मन्दिर राम्रो अवस्थामा छ ।

थानीमाई

(बारा)

अमलेखगञ्ज गाउँ विकास समिति वडा नं० ४ मा यो मन्दिर अवस्थित छ। मन्दिरवाहिर १२ इन्च अग्ला वाघका २ वटा मूर्ति छन् । यो मूर्ति कसले र कहिले स्थापना गरेको भन्ने कुरा पत्ता लागेको छैन । वाघका मूर्तिहरू ढुङ्गाका छन् । मन्दिरभित्र ८ वाहु भएकी देवी वाघमा विराजमान छिन् । यो मन्दिरको मुख्य ढोका पूर्वतर्फ फर्किएको छ । मन्दिरभित्र प्रतीकात्मक रूपमा राखिएका विभिन्न प्रस्तरहरू छन् । मन्दिरको जीर्णोद्धार हालै स्थानीय सैनिक व्यारेकले गरेको छ । यसभित्र दुईवटा करिव ६० वर्ष पुराना वाघका मूर्ति र झन्डै ७० वर्ष पुराना देवीका मूर्तिहरू छन् ।

यस मन्दिरको गुठी नभएकाले यसको सरसफाइ र पूजाआजा भने सैनिक व्यारेकले गर्दै आएको छ । यसै व्यारेकले मन्दिरको पूजाआजा गर्न तलव भत्ता आफैंले दिएर एउटा पुजारीको समेतको व्यवस्था गरेको छ । व्यारेकले यस मन्दिरमा प्रत्येक तीन महिनामा रुद्री पूजा गर्ने गरेको छ । शिवरात्रिमा पनि धुनी र भजन गरिन्छ । प्रत्येक माघ २३ गते एउटा वलि पनि दिइन्छ । व्यारेकले नै चैतेदसैंमा पनि पूजाआजा र वलि दिने गरेको छ । वडादसैंमा र अन्य चाडपर्वमा आवश्यक पूजाआजा पनि सैनिकका पुजारीहरूले गर्छन् । यसै व्यारेकले मन्दिरको उत्तरपट्टि टिनको छाना लगाएको एउटा धर्मशालाको निर्माण गरेको छ । यस मन्दिरको वाहिर पत्थरको शिवलिङ्गलाई सैनिकहरूले नै सिमेन्टले सुरक्षित अवस्थामा राखेका छन् । मन्दिरवाहिर एउटा ठूलो घण्ट छ जसमा लेखेको अक्षर पढ्न नसकेको, तर मिति भने १९९४ साल लेखिएको छ ।

✡

कालिकामाई

(बारा)

अमलेखगञ्ज गाउँ विकास समिति वडा नं० २ मा प्रहरी चौकीअगाडि एउटा मन्दिर अवस्थित छ । यस मन्दिरको मुख्य ढोका पश्चिमतर्फ फर्किएको छ । मन्दिरभित्र शिवलिङ्ग र एउटा शिवको मूर्ति पनि छ । यसभित्र नै आठ हात भएको कालो पत्थरको एउटा कालिकाको मूर्ति पनि छ ।

२० फीट अग्लो यो शिखरशैलीमा वनाइएको मन्दिरको निर्माण पण्डित लालचन्द र दीनानाथले २०१४ सालमा गरेको हो । मन्दिरको इलाका करिव ३ कठ्ठामा रहेको छ । यस मन्दिरमा पुजारी नभएको हुनाले स्थानीय वासिन्दाहरू नित्य रूपमा विहान र वेलुका आफैं पूजा गर्छन् ।

यस मन्दिरको वरिपरि पुरातात्त्विक महत्त्वका कुनै पनि अवशेषहरू फेला नपर्नुको कारण मन्दिर नयाँ भएर नै हो ।

✡

दुर्गा
(बारा)

कलैया नगरपालिका वडा नं० ७ मा यो मन्दिरको स्थापना भएको छ । कसले यो मन्दिरको स्थापना गरेको हो भन्ने कुरा थाहा हुन सकेन । अन्दाजी १००० वर्ष पुरानो यो मन्दिरको उचाइ करिव १२ फीट अग्लो छ । यस मन्दिरभित्र एउटा १६ X २४ इन्चको कालो पत्थरको कालीको मूर्ति छ ।

यस मन्दिरमा पुजारी नभएकाले यसको पूजाआजा स्थानीय भक्तजनहरू आफैं गर्छन् । गुठी पनि नभएको हुनाले यस मन्दिरको रेखदेखका लागि आर्थिक समस्या नै मुख्य कुरा देखिन्छ ।

यस मन्दिरमा नवरथाभरि नै मेला लाग्छ । ८ X ८ फीट वर्गाकारको मन्दिरको मुख्य मोहडा पूर्वतर्फ फर्किएको छ । यसको उत्तर र दक्षिणतर्फ दुईवटा स-साना धर्मशालाहरू पनि छन् ।

✡

कालिका

(डोल्पा)

डोल्पा जिल्लाको सदरमुकाम दुनै हो । सदरमुकाम प्रवेश गर्न यहाँ एउटा नयाँ प्रवेशद्वार बनाइएको छ । यसै प्रवेशद्वारको अगाडि भेरी (भैरवी) नदीको किनारमा कालिका मन्दिर अवस्थित छ । प्रवेशद्वारअगाडि यो मन्दिरको निर्माण भएकाले दुने प्रवेश गर्दा सबभन्दा पहिला यही कालिका मन्दिरको दर्शन गर्न पाइन्छ ।

हालको अवस्थामा देखिएको कालिका मन्दिरको निर्माण प्यागोडा शैलीमा तीन-चार वर्षअगाडि मात्र स्थानीय जनता, कर्मचारी एवं गाउँ विकास समितिको आर्थिक सहायताबाट बनाइएको हो । यसभन्दा अगाडि यो मन्दिर गुम्बज शैलीमा थियो । उत्तर दिशातिर फर्किएको यो मन्दिर दुई तल्लाको छ र एउटा पेटीमाथि अवस्थित छ। यसमा प्रयोग गरिएका छानाहरू टिनका छन् ।

मन्दिरमा एक प्रदक्षिणापथ छ र यसको चारैतिर काठका बार्दली निकालिएका छन् । साथै २० वटा काठका स्तम्भहरू ठाउँठाउँमा राखिएका छन् जसले मन्दिरको सम्पूर्ण भार बोकेको छ । मन्दिरको तल्लो तलामा उत्तर र पश्चिमतर्फ १।१ वटा ढोका छन् जसमा पश्चिमपट्टिको ढोका प्रायः बन्द रहने र उत्तरतर्फको मूलढोका भने खुला रहन्छ । यस ढोकाबाट भित्र प्रवेश गरी भक्तजनहरू पूजाआजा गर्दछन् । मन्दिरको दोस्रो तलामा २९ वटा स-साना कलाविहीन टुँडालहरू छाना अड्याउने क्रममा प्रयोग गरिएका छन् । चारै दिशामा स-साना काठका आँखीझ्यालहरू छन् । मन्दिरको टुप्पोमा काठबाट बनाइएको गजुर छ । मन्दिरको नाप १२ फीट ६ इन्चको चौकोणाकारको छ भने करिब २२ फीट अग्लो छ ।

✡

सन्तोषीमाता

(डोल्पा)

दुनै गाउँको पूर्वपट्टि भैरवीनदीकै किनारमा एक चौर छ । यसै चौरको माझमा एक पेटीमाथि मन्दिर निर्माण गरिएको छ । लम्वाइ ६ फीट १० इन्च र चौडाइ ६ फीट ७ इन्च भएको सानो गुम्वज शैलीको सन्तोषीमाताको मन्दिर हो ।

करिव १५ फीट अग्लो यो मन्दिरको निर्माण वि० सं० २०३२ सालमा गरिएको हो । मन्दिर दक्षिण दिशातिर फ़र्केको छ । मन्दिरको वाहिरी भित्तामा भएका काठका झ्यालहरूमा छत्र आकारका बुट्टाहरू कुँदिएका छन् । मन्दिरको टुप्पामा पित्तलको गजुर छ ।

मन्दिरभित्र मुख्य देवी सन्तोषीमाताको लम्वाइ ४ इन्च र चौडाइ २ इन्च भएको सानो मूर्ति छ । मूर्ति कालो ढुङ्गावाट निर्माण गरिएको छ । यसवाहेक सन्तोषीमाताको तथा शिवपार्वतीका फोटाहरू पनि मन्दिरभित्र सजाएर राखेका छन् । यस मन्दिरको नाममा २ रोपनी जग्गा छ ।

विहान र साँझ गरी जम्मा दुईपटक मन्दिरको नित्यपूजा गरिन्छ । सन्तोषीमाताको व्रत वस्नेहरू तथा सोह्र शुक्रवारको व्रत गर्नेहरू यसै मन्दिरमा आई पूजाआजा तथा उपासना गर्ने गर्दछन् ।

✡

त्रिपुरासुन्दरीका गुम्बा एवं मन्दिरहरू

(डोल्पा)

त्रिपुराकोट गा०वि०स० अन्तर्गत केही मन्दिर, थान एवं गुम्बा छन् । यो ठाउँ डोल्पा जिल्लाको सदरमुकाम दुनैबाट उत्तर-पश्चिम पर्दछ । यो ठाउँ समुद्री सतहबाट करिब ८००० फीटको उचाइमा छ । यहाँ डोल्पाको अन्य क्षेत्रभन्दा जाडो कम हुन्छ ।

तसी रूम्जे गुम्बा (पहिलो) :

यो गुम्बा तिब्रीकोट (त्रिपुराकोट) गाउँ विकास समितिका रूमा गाउँमा अवस्थित छ । यस गुम्बाका लामा काछे लामा हुन् । लामाको भनाइअनुसार यो गुम्बाको निर्माण झन्डै तीन शताब्दी पहिले भएको थियो । गुम्बाको प्रवेशद्वारबाट भित्र पस्ता लम्बाइ २६ फीट ४ इन्च र चौडाइ २१ फीट ९ इन्च भएको एउटा कोठा आउँछ । यसै कोठामा गुम्बाका मृण्मय मूर्तिहरू वेदिका माथि लस्करै राखिएका छन् ।

मूर्तिहरूमा सर्वप्रथम ४ फीट र चौडाइ ३ फीट ३ इन्च भएको पद्मासनस्थित अमिताभ बुद्ध (तोर्पामे) को मूर्ति आउँछ । दुवै हातमा पिण्डपात्र लिएको यो मूर्ति ध्यान मुद्रामा छ र मूर्तिमा वर्ण रातो छ । यस मूर्तिसँगै लम्बाइ ५ फीट र चौडाइ ४ फीट ६ इन्च भएको पद्मासनस्थित शाक्यमुनि बुद्ध (तोम्वा सेन्याप) को मूर्ति छ । दायाँ हात भूस्पर्शमुद्रामा र बायाँ हातमा पिण्डपात्र लिएको यो मूर्तिको वर्ण पहेंलो छ । यसपछि लम्बाइ ४ फीट र चौडाइ ३ फीट र ३ इन्च भएको पद्मासनस्थित झ्याम्बाको मूर्ति छ । ध्यान मुद्रामा रहेको यो मूर्ति पनि पहेंलो वर्णको छ ।

यस अतिरिक्त यस गुम्बाका द्वार नजीक भित्रपट्टि ३ थान माटाका मूर्ति छन् । सर्वप्रथम मूर्तिहरूमा लम्बाइ ३० इन्च र चौडाइ २१ इन्च भएको सिंतेगोमको मूर्ति छ । दायाँ हातमा वज्र र बायाँ हातमा पिण्डपात्र लिएको यो मूर्तिको वर्ण कालो छ । त्यसपछि लम्बाइ ५ फीट ९ इन्च र चौडाइ ५ फीट भएको कश्चोङ्गको मूर्ति छ । चतुर्भुज भएको यस मूर्तिका हातहरूमा आयुधका रूपमा दायाँतर्फ खड्ग, वज्र र बायाँतर्फ त्रिशूल तथा पात्र लिएका छन् । कालो वर्ण भएको यो मूर्ति भव्य देखिन्छ । अन्त्यमा लम्बाइ ३० इन्च र चौडाइ २० इन्च भएको झरतमको मूर्ति छ । मूर्तिको दायाँ हातमा वज्र र बायाँ हातमा पिण्डपात्र छन् ।

यस गुम्बामा पनि विहान र बेलुका गरी दैनिक दुईपल्ट गुम्बाको नित्यपूजा लामाद्वारा गरिन्छ । त्यस्तै गुम्बामा पर्वपूजा तथा ठूलो मेला प्रत्येक वर्षको चैत्र महिनामा लाग्दछ । यस अतिरिक्त अरू बेलामा पनि गुम्बामा साधारण रूपले पर्वपूजा तथा मेला-जात्रा पनि मनाउँदै आएका छन् । गुम्बाको बाहिरी नाप लम्बाइ ४५ फीट र चौडाइ २५ फीट ९ इन्च तथा ९ फीट अग्लो छ ।

तसी रूम्जे गुम्बा (दोस्रो) :

यो रूमा गाउँको दोस्रो गुम्वा हो । यो गुम्वा रूमा गाउँ वडा नं० ८ मा पर्दछ । यस गुम्वाको लामा र प्राचीनता दुवै रूम्जे गुम्वा पहिलेको झैं छ । दुई तला भएको यो गुम्वा जीर्ण अवस्थामा छ । गुम्वाको प्रवेशद्वारवाट भित्र पस्दा लम्वाइ १९ फीट, चौडाइ १७ फीट र ८ फीट अग्लो एउटा कोठा छ । यसै कोठामा गुम्वाका मूर्तिहरू वेदिका माथि लस्करै राखिएका छन् । यहाँ सवै मृण्मय मूर्तिहरू छन् ।

सर्वप्रथम लम्वाइ २३ इन्च र चौडाइ १३ इन्च भएको पद्मासनस्थित अमिताभ वुद्धको मूर्ति छ । रातो वर्ण भएको यो मूर्ति ध्यानमुद्रामा छ । मूर्तिका दुवै हातमा पिण्डपात्र छन् । यसपछि लम्वाइ १८ इन्च र चौडाइ १३ इन्च भएको पद्मासनस्थित गुरु ढाक्पोको मूर्ति छ । मूर्तिको दायाँ र वायाँ हातमा छूरा छ । यो मूर्तिसँगै लम्वाइ २४ इन्च र चौडाइ १६ इन्च भएको पद्मासनस्थित श्वेतवर्णको गुरु पद्मसम्भव (गुरु रिम्वोचे) को मूर्ति छ । मूर्तिको दायाँ-वायाँ हातमा वज्र र पिण्डपात्र छा् । अर्को छेउमा लम्वाइ २४ र चौडाइ १९ इन्च भएको र लम्वाइ ८ र चौडाइ ६ इन्च भएको क्रमशः टुटफुट अवस्थाको सितोङ र धौरचे ध्यम्वाका मूर्तिहरू छन् । यसै क्रममा लम्वाइ २१ इन्च र चौडाइ १५ इन्च भएको पद्मासनस्थित चतुर्भुज च्याँरेजी (वैरोचन) को मूर्ति छ । श्वेतवर्ण भएको यो मूर्तिको दुई हात भाँचिएको छ । अन्त्यमा लम्वाइ १९ इन्च र चौडाइ १२ इन्च भएको पद्मासनस्थित अमिताभ वुद्धको मूर्ति छ । रातो वर्ण भएको यो मूर्ति ध्यानमुद्रामा छ । गुम्वामा पानी चुहिनाले गुम्वाको सवै भित्तेचित्र मेटिइसकेका छन् । गुम्वाको नित्यपूजालगायत यहाँ मङ्सिर महिनाको पूर्णिमामा पर्वपूजा गरी ठूलो मेला-जात्रा लाग्दछ । यसै वेला गाउँलेहरूले नाचगान गरी रमाइलो गर्दछन् । गुम्वाको वाहिरी नाप लम्वाइ २० फीट, चौडाइ १२ फीट र ९ फीट अग्लो छ ।

रसी गुम्बा :

यो गुम्वा त्रिपुराकोट गाउँ विकास समितिअन्तर्गतको रसी गाउँ वडा नं० ७ मा अवस्थित छ । पूर्वमुखी भएको यो गुम्वा एक तलाको छ । यस गुम्वाको लामा कान्छे लामा हुन् । लामाको भनाइअनुसार यो गुम्वाको निर्माण करिव ३ शताव्दी पहिले भएको थियो । गुम्वा हाल जीर्ण अवस्थामा छ । गुम्वाको प्रवेशद्वारवाट भित्र पस्दा लम्वाइ २२ फीट ६ इन्च र चौडाइ ९ फीट तथा ६ फीट अग्लो एक कोठा छ । यसै कोठामा गुम्वाका मूर्तिहरू वेदिकामाथि राखिने चलन छ ।

यस गुम्वामा एउटा मात्र मूर्ति छ । लम्वाइ २४ र चौडाइ १३ इन्च भएको पद्मासनस्थित तामाको पातावाट निर्मित यो मूर्ति छोरतनको हो । लामाको भनाइ अनुसार यस गुम्वामा तोम्वा (शाक्यमुनि वुद्ध), छोरतन आदिका अरू पनि पित्तलका मूर्तिहरू थिए । यी मूर्तिहरू २०३५-३६ सालतिर चोरी भए । यस गुम्वामा भित्तेचित्र छैन । गुम्वामा नित्यपूजालगायत भाद्रपूर्णिमा र चैतेपूर्णिमामा पर्वपूजा मनाइन्छ । यस वेला स्थानीय वासिन्दाहरू जाँडरक्सी खाई नाचगान गरी विभिन्न किसिमले मेलाजात्रा मनाउँछन् । कुनै-कुनैले गुम्वामा गई १०८ वटा वत्ती वाली ध्यान पनि गर्दछन् । गुम्वाभित्र पुराना धार्मिक पुस्तक ३६ थान छन् जुन पर्वपूजाको वेला लामाद्वारा पाठ गर्ने गरिन्छ । सुरक्षाको दृष्टिकोणले समयमै यस गुम्वाको जीर्णोद्वार गर्नुपर्ने देखिन्छ ।

✡

सुकाकोटी
(डोल्पा)

यो थान त्रिपुराकोट गाउँ विकास समितिको वडा नं० ६ रूमा गाउँमा अवस्थित छ । यस थानाभत्र कुनै देवीदेवताको मूर्ति छैन । यो एउटा मष्टोथान हो । यसको उत्पत्ति पहिले व्यास ऋषि भन्ने ठाउँमा भए तापनि हाल यस ठाउँको सुके रहतमा आई वसेको हुनाले यसको नाम सुकाकोटीथान रहन गएको थियो । स्थानीय वासिन्दाका अनुसार यो थान करिव ४।५ सय वर्ष पहिलाको हो । यस थानका पूजारी हरिवहादुर नेपाली हुन् र धामी धमवीरे नेपाली हुन् ।

भूत-प्रेत आदि लागेमा तथा साधारण रूपले शरीरमा विसन्चो भएमा धामीले झार्दछन् । यस बेला धामीलाई मष्टा देवता चढी त्यसको आन्तरिक तथा असाधारण शक्तिले मानिसहरूको झारफूक तथा दवाइ-पानी दिने गर्दछ । गाउँलेहरू यी मष्टाहरूप्रति अति विश्वास राख्तछन् ।

श्रावणपूर्णिमामा यहाँका अधिकांश मानिसहरू व्यास ऋषिकहाँ जाने गर्दछन् । यसै वेला उनीहरू नाचगान गरी वाजा वजाई फर्किने चलन छ । त्यस्तै भाद्र पूर्णिमामा र कार्तिक पूर्णिमामा पनि यस थानमा पर्व पूजा गरिन्छ । साथै धूप-दीप वाली नाचगान पनि गर्दछन् । यो थान पूर्वमुख फर्केको १ तलाको छ । थानको वाहिरी नाप लम्वाइ १६ फीट र चौडाइ १२ फीट तथा ७ फीट अग्लो छ ।

✡

सत्यदेवी

(डोल्पा)

यो थान त्रिपुराकोट गाउँ विकास समितिअन्तर्गतको रूमा गाउँ वडा नं० ६ मा अवस्थित छ। यो थानमा पनि कुनै देवीदेवताको मूर्ति छैन। यो एक मष्टोको थान हो। यस थानभित्र ढिस्को मात्र छ।

यहाँका मानिसहरू यस मष्टोको उत्पत्ति सृष्टिको कालमै देवदारुको रूखबाट भएको मान्दछन्। यस थानका पुजारी रणबहादुर थापा र पकपे बुन हुन्। कुनै ठाउँमा खानाको अभाव भएमा वा कुनै मानिसको सन्तान नभएमा भाकल गरी यस थानमा आई पूजाआजा गर्ने गर्दछन्। शुद्ध मनले यस मष्टो थानको पूजा गरेमा आफूले चिताएको कुरा पुग्दछ भनी स्थानीय मानिसहरू विश्वास गर्दछन्। पूजा गर्दा शिवजीलाई जाँड-रक्सी आदि चढाउँछन् भने सत्यदेवीलाई फलफूल, दूध तथा खीर आदि चढाई पूजा गर्दछन्।

यो थान देवदारु तथा धुपीको जङ्गलको वीचमा छ। यहाँको किंवदन्तीअनुसार यहाँ रूख काट्नु हुँदैन। रूख काटेमा मष्टो देवता लाग्दछ। त्यसले नराम्रो गर्दछ भन्ने कुरामा विश्वास गर्दछन्। पहिले-पहिले यस थानदेखि तल ६०।७० घर थियो। त्यहाँका मानिसहरूले यस जङ्गलको दाउरा काटी घरमा बाल्दा आगलागी भएर गाउँका सबै घर सखाप भए। यस गाउँका ३ जना मानिस कोटगाउँतिर गएका थिए। उनीहरू मात्र बचेछन्। पछि यी ३ जना मानिसहरू मिली पुनः विस्तारै गाउँको सृजना गरे भन्ने यहाँ किंवदन्ती पाइन्छ। अहिले पनि जमिनभित्र कोइला तथा हाडखोरहरू पाइन्छन् भनी यहाँका मानिसहरू भन्दछन्।

भदौ पूर्णिमाको चतुर्दशीका दिन यस मष्टो थानमा पर्वपूजा गरिन्छ। मष्टो थानलाई साधारण रूपले जीर्णोद्धार गरी खानेपानीको वन्दोबस्त पनि मिलाउनुपर्ने देखिन्छ।

✡

त्रिपुरासुन्दरी
(डोल्पा)

त्रिपुरासुन्दरीको मन्दिर डोल्पा जिल्लामा भएका हिन्दूशक्तिपीठमध्ये सबभन्दा प्रसिद्ध ठाउँ हो । यो ठाउँ भैरवी नदी र छलगाडा खोलाको सङ्गम त्रिवेणीमा रहेको उच्च टाकुरामा अवस्थित छ । तसर्थ श्रद्धालु भक्तजनहरूले टाढैवाट यसको दर्शन पाउन समर्थ हुन्छन् । सामुद्रिक सतहवाट यो ठाउँ ७०८२ फीट उचाइमा रहेकाले यहाँ जाडो कम हुन्छ । साथै यहाँ भारी हिमपात पनि हुँदैन ।

मन्दिरको द्वार पूर्वमुखी छ । गाउँभन्दा माथिको उच्च टाकुरामा यो मन्दिर अवस्थित भएको हुनाले यहाँवाट चारैतर्फको दृश्य देखिन्छ । वाहुन, क्षेत्री, मगर तथा सार्की जातिहरूको बस्ती भएको यो गाउँलाई कोटगाउँ भनिन्छ । यसको अर्को नाम तिब्रीकोट हो । त्रिपुराकोटको विकृत नाम तिब्रीकोट हुन आएको हो ।

यस ठाउँकी देवीलाई किन त्रिपुरासुन्दरी भनियो त्यसको वास्तविकता त थाहा हुन सकेन, तथापि यो ठाउँ अत्यन्त सुन्दर ठाउँमा भएको हुनाले यसलाई तीनै पुर (स्वर्ग, मर्त्य र पाताल) मा नपाइने खालको सुन्दर ठाउँमा विराजमान भएकी देवीको मन्दिर भनेर स्थानीय जनताले यसलाई त्रिपुरासुन्दरी भनी वढाई-चढाई नामाकरण गरेको हुन सक्छ अथवा त्रिपुरासुर नामक राक्षसको वध गर्न शिवलाई सहयोग गर्ने देवी भनेर पनि यस्तो नामाकरण गरेको हुन सक्छ । जे होस्, यो खोजको विषय हुन गएको छ ।

त्रिपुरासुन्दरीको मन्दिरलाई वाहिर चारैतिरवाट पाटी पौवाले घेरेर वीचमा मन्दिर वनाइएको छ । मन्दिरको उत्तरी भागको कोठामा लम्वाइ २२ फीट, चौडाइ १६ फीट र गहिराइ करिव ९ फीट भएको एउटा हवनकुण्ड छ । यसको परिक्रमापछि हवनकुण्ड र खास मन्दिरको वीचमा वनेको ढोकावाट केही भित्र छिरेर गएपछि दाहिनेतिर मोडिनुपर्दछ र मूल मन्दिरको गर्भगृहमा पुगिन्छ । यस मन्दिरमा देवनारायण उपाध्याय, विष्णु उपाध्याय, पूर्णपथ उपाध्याय, वालकृष्ण उपाध्याय नामका ४ जना पुजारी छन् । यी न्यौपाने थरका उपाध्याय व्राम्हण हुन् । पुजारीको भनाइअनुसार यस मन्दिरका संस्थापक विष्णुपथ उपाध्याय न्यौपाने हुन् । यस मन्दिरको पुजारी वंशपरम्परागत हुने गर्दछ ।

मूल मन्दिरको ढोकालाई चाँदीको पाताले मोडेका छन् । भनिन्छ कि यस ढोकामा भएका चाँदीको तौल ३५५ तोला छ । मन्दिरभित्रको नाप लम्वाइ ११ फीट,

चौडाइ ७ फीट र उचाइ १२ फीटको छ। मन्दिरभित्र त्रिपुरासुन्दरीको खास मूर्ति छैन। प्राकृतिक ढुङ्गालाई नै आदिशक्ति पीठ मानी पूजा गरिन्छ। यो मूर्तिका प्रतीक ढुङ्गाहरू ४ देखि ६ इन्च लम्वाइसम्मका छन्। यस अतिरिक्त आदिशक्तिका उपासक भक्तजनले यहाँ चढाएका अनेक मूर्तिहरू र अन्य कलात्मक वस्तुहरू पनि छन् जसमा १७ थान चाँदीका आसागुर्जा, चाँदीको सिंहासनमाथि १६ वटा चाँदीकै नाग, लम्वाइ २५ इन्च र चौडाइ १५ इन्च भएको दुई छत्रसहित दक्षिणकालीको मूर्ति पनि छ। त्रिपुरासुन्दरी भगवतीको पुजारीवाहेक अरूले मुख छोपेको अवस्थाको मात्र दर्शन गर्न पाउँछ। यसै क्रममा अष्टदल कमलको आकारमा तामा र चाँदी मिसाएर वनाएको ढलौटको मण्डल छ जसको वीचमा महिषमर्दिनी भगवतीको मूर्ति राखिएको छ। यस मूर्तिको कलालाई हेर्दा यसको निर्माण १५-१६ औं शताब्दीतिर अनुमान गर्न सकिन्छ।

मूर्तिहरूका अतिरिक्त यहाँ भक्तजनहरूले चढाएका चाँदीका वाला, वर्सा, आसा, गुर्जा, चक्र, त्रिशूल, खड्ग (फलामको) आदि कलात्मक वस्तुहरू पनि छन्।

यी मूर्तिहरू राखेएको ठीक अर्कोपट्टिको कुनामा ६ इन्च अग्लो र चौडाइ साढे ३ इन्च भएको मध्यकालीन राजश्री पोसाकयुक्त एउटा सालिक छ। यस सालिकको दाहिने हात ध्यानमुद्रामा र बायाँ हातमा आरती लिएका छन्। सालिकको शिरमा राजमुकुट रूपमा फेटा बाँधिएको छ। त्यस्तै कानमा कर्णपताका विभूषित राजसी पोसाकयुक्त यो मूर्ति राजा विक्रम शाहीको हो भनिन्छ। यो मूर्तिकै बगलमा लम्वाइ ५ इन्च र चौडाइ ३ इन्च भएको राजश्री पोसाक र आभूषणयुक्त एक नारीको मूर्ति छ। यो मूर्ति राजा विक्रम शाहीको रानी सुनकेसराको हो भनिन्छ। त्यस्तै रानी सुनकेसराको मूर्तिको छेउमा साढे ५ इन्च अग्लो र चौडाइ ४ इन्च भएको राजकीय पोसाकमै अर्को एउटा पुरुषको मूर्ति छ। यो मूर्ति राजारानीका छोरा अर्थात् राजकुमारको हो भनिन्छ। यस मूर्तिको दायाँ हात भाँचिएको छ। यी सबै मूर्तिहरू ढलौट (पञ्चधातु) वाट वनाइएका हुन्। यहाँ अरू पनि केही मूर्तिहरू थिए। तर चोरी भएको कुरा पुजारीवाट थाहा भएको छ।

मूर्तिहरूवाहेक यस मन्दिरको अर्को आकर्षक वस्तु यहाँ भएका पानीरङ्गद्वारा अङ्कित रङ्गीन भित्तेचित्रहरू हुन्। मन्दिरको वाहिर प्रवेशद्वारको दाहिनेतिर पेटीमा २५ इन्च अग्लो र १३ इन्च चौडाइ भएको एउटा शिलापत्र छ। यो शिलापत्र विक्रमबहादुर राना नामक एक व्यक्तिले सम्वत् १९६२ साल आश्विन महिनामा आफ्नी आमाको पुण्य बढोस् भनी र यहाँ आउने साधु सन्त तथा वटुवालाई बस्न सुविधा होस् भनी मन्दिरको उत्तरतर्फ धर्मशाला वनाई यो शिलापत्रको स्थापना गरेका हुन्। यस मन्दिरको उत्तर-पश्चिम कुनामा एउटा सानो गुफा छ। भूतप्रेतमा विश्वास राख्ने यहाँका जनताले यस गुफालाई आदरको दृष्टिकोणले हेर्छन्। गुफाभित्र कुनै मूर्ति छैन, तसर्थ वेला वेलामा यहाँ पशुवलि दिने चलन छ।

मन्दिरको नाममा २८ मुरी खेत छ। स्व० श्री ५ महेन्द्रवीरविक्रम शाहबाट वक्स भएको थप रकम नपाएको र गुठी तथा अर्थ मन्त्रालयबाट थप भएको रकम पनि नपाएको कुरा पुजारीवाट जानकारी प्राप्त भएको छ।

✡

मष्टो भगवतीथान

(डोल्पा)

यो थान पहाडा गाउँ विकास समितिअन्तर्गतको छल गाउँ वडा नं० १ मा पर्दछ । मष्टोको कुनै मूर्ति हुँदैन । त्यसैले यस मष्टोथानमा एक ढिस्को मात्र छ । यसै ढिस्कोलाई स्थानीय बासिन्दाहरू मष्टो भगवतीथानका रूपमा पुज्दै आएका छन् । यस थानका पुजारी जोसमनि रोकाया हुन् । पुजारीको भनाइअनुसार यस मष्टो थानका संस्थापक चुङदुङ रोकाया, रन्जन रोकाया र मोहनवीर रोकाया हुन् । साथै मष्टोथानको निर्माण १२१ वर्षपहिले भएको थियो ।

गुम्वज शैलीमा वनेको यो थान एक तलाको छ । यस थानको दायाँ भागमा भगवतीको थान र वायाँपट्टि मष्टो थान छ । यसदेखि बाहिर यी मष्टोहरूको दर्शनार्थ भक्तजनहरूका निमित्त एउटा टहरा वनाइएको छ । त्यस्तै यहाँ लम्वाइ १२ फीट, चौडाइ ८ फीट र ७ फीट ६ इन्च गहिराइको एउटा हवनकुण्ड (यज्ञशाला) छ । मन्दिरको तीनपट्टि पाटी-पौवाहरू वनाइएका छन् । मन्दिरको व्राहिरी नाप लम्वाइ ३७ फीट, चौडाइ १६ फीट र ७ फीट अग्लो छ ।

यस थानको चारै दिशातर्फ हेर्न हो भने पूर्वमा महाराजको दरवार, पश्चिममा देवी आश्रम, उत्तरमा मुकुटेश्वर महादेव र दक्षिणमा त्रिपुरासुन्दरी त्रिवेणी पर्दछ । मष्टो भगवतीथानमा नित्यपूजावाहेक श्रावणपूर्णिमा, विजयादशमी, चैतअष्टमीमा ठूलो पूजाआजा गरिन्छ, होम यज्ञादि गरिन्छ र बलि चढाइन्छ । त्यस्तै वैशाखपूर्णिमा, कार्तिकपूर्णिमा र माघेपूर्णिमा मष्टोदेवतालाई घ्यू, दूध रातभरि चढाई ३ दिनसम्म होम आदि गरी पूजाआजा गरिन्छ ।

यस मष्टोथानको नाममा कुनै खेती छैन । अतः स्थानीय बासिन्दाको सहयोग तथा चन्दा आदिवाट यस धार्मिक कार्यको सञ्चालन गरिँदै आएका छन् ।

यस थानमा सन्तान नहुनेहरू तथा आफ्नो कार्य सफल बनाउन पनि आफ्नो इच्छाले भोगेको कवुल गरी कार्य सफल भएमा तथा मनोकामना पूरा भएमा भोग चढाई यस मष्टो भगवतीलाई विभिन्न किसिमले पूजाआजा गर्दछन् ।

वागेश्वरीमन्दिर

(बाँके)

यो मन्दिर बाँके जिल्लाको सदरमुकाम नेपालगञ्ज नगर विकास समिति वडा नं० ३ बागेश्वरीटोलमा अवस्थित छ ।

यो मन्दिर यहाँ २-३ शताब्दीअगाडिदेखि थियो भन्ने भनाइ पाइए तापनि वर्तमान मन्दिर वि० सं० २०२४ मा निर्माण भएको हो ।

प्रचलित नेपाली तले शैलीमा निर्मित यो मन्दिर करिब १०० x १०० फीट वर्गाकारको हाताभित्र अवस्थित छ । मन्दिरको चारैपट्टि प्रवेशद्वार छन् । सिमेन्ट ढलान गरी बनाइएको तीन तले छाना भएको यस मन्दिरको उचाइ करिब ६० फीटको छ । मन्दिरको वरिपरि सङ्गमरमर बिछ्याइएको छ । मन्दिरभित्रको सतहभन्दा तल एउटा प्वाल रहेको छ जसलाई गुफा भनिन्छ । स्थानीय जनता यसलाई सतीदेवीको जिब्रो पतन भएको ठाउँ भनी विश्वास राख्तछन् । यस प्वालमा पानी भरिएपछि त्यस क्षेत्रमा वर्षा हुन्छ भन्ने जनविश्वास छ ।

मन्दिरको गर्भगृहमा एउटा शक्तियन्त्र र करिब दुई इन्चजति अग्लो सिंहवाहिनीको भगवतीको मूर्ति छ । यी सबै चाँदीबाट बनेका छन् । मन्दिरको हाताको छेउमा पोखरी छ जसलाई बागेश्वरी तलाउ भनिन्छ । तलाउको बीचमा अन्दाजी २० फीट अग्लो, १५ x १५ फीटको अष्टकोण आकारमा मन्दिर अवस्थित छ । वि० सं० २००६ मा क० प्रकाशशमशेरद्वारा निर्माण गर्न लगाइएको समभङ्गासन अवस्थाको पूर्ण कदको महादेवको मूर्ति गर्भगृहमा राखिएको छ ।

वागेश्वरी मन्दिरको वरिपरि शिवालय, हवन कुण्ड, हनुमान, गणेश, महाङ्काल, कृष्ण र भगवतीको बाहन सिंहका मूर्तिहरू र सत्तल छन् । सत्तलको भित्तामा शाक्तसम्प्रदायका विभिन्न देवीहरूका चित्रहरू कोरिएका छन् । मन्दिरभित्रको दाहिनेपट्टि खोपमा 'अखण्ड ज्योति' अहोरात्र बालिन्छ ।

मन्दिरको सुरक्षा र सञ्चालन व्यवस्था गुठीयारहरूबाट र अन्य कुराहरू पूजापाठ, होम आदि कार्यहरू पुजारीहरूबाट हुन्छ । नवरात्रिमा १५ दिन प्रहरीहरू पालो बस्तछन् । मन्दिरको गुठी जग्गा ८०-९० विगाहा भए पनि गुठीवाट वार्षिक २ हजार रुपियाँ नगद र २५ क्वीन्टल धान प्राप्त हुन्छ । उक्त आम्दानीबाट मन्दिरको पूजापाठ र सदावर्त लगाई शेष पुजारीले भोग गर्दछन् । यो मन्दिर नाथसम्प्रदायको अधिनमा भएकाले दैनिक पूजावाट सामान्य र तान्त्रिक दुवै विधिबाट सम्पन्न हुन्छ ।

✡

नाम : कुलचन्द्र कोइराला

जन्म : १९८५ जेठ ९ गते

स्थान : घोक्सिला सिन्धुली

निधन : २०५० जेठ १४ गते

ठेगाना : चन्द्रनिगाहपुर रौतहट



साहित्यतर्फ प्रकाशित

१. मेघदूत (तत्सम छायानुवाद-२०४२)
२. भृकुटी (खण्डकाव्य-२०४५)
३. एक पैसा (कथासङ्ग्रह-२०४६)
४. बाजे पुराण (हास्यव्यङ्ग्य-२०४९)
५. कुलचन्द्र कोइरालाका कविता (२०५०)
६. यात्रा लामाबगरको (नियात्रा-२०५०)
७. नबिर्सने क्षणहरू (२०५०)
८. मलाई तिमी सम्झने छाडिदेऊ (गीत सङ्ग्रह २०५२)
९. सात समालोचना (२०५५)
१०. आँसु (खण्डकाव्य-२०५६)
११. वासना र प्रेम (लघुउपन्यास-२०५६)
१२. पुर्ख्यौली इतिहासभित्र मेरा अतीतका पानाहरु (२०५८)
१३. भीमसेन थापा (महाकाव्य-२०५९)
१४. विक्रम (पद्यनाटक-२०६०)
१५. कुलचन्द्र कोइरालाका निबन्धहरू (२०६०)
१६. स्मृति चिन्ह (कथासङ्ग्रह-२०६१)

संस्कृतितर्फ प्रकाशित

१. इन्द्रजात्रा (२०४२)
२. नेपालको सांस्कृतिक परम्परा र राजमुकुट (२०४५)
३. पूर्व २ नं को क्रान्तिको इतिहास (२०४९)
४. कोइरालाहरु कहाँबाट आए ? (२०५१)
५. वैष्णव सम्प्रदाय र नारायण मन्दिर (२०५१)
६. नेपालका आराध्यदेव भगवान् श्रीपशुपतिनाथ (२०५१)
७. नेपाली साँस्कृतिक जात्रापर्व (२०५२)
८. नेपाली खस बाहुनका कुलदेवता मष्टो (२०५२)
९. श्रीगुरु गोरखनाथ (२०५२)
१०. श्रीमत्स्येन्द्रनाथ (२०५२)
११. श्रीतलेजु र दिगुतलेजु (२०५२)
१२. धर्म-संस्कृति र परम्परा (२०५२)
१३. कुलचन्द्र कोइरालाको एतिहासिक लेख-सङ्ग्रह (२०५६)
१४. हनुमान ढोकाक्षेत्रका मठ-मन्दिरहरु (२०६४)
१५. शाक्त सम्प्रदाय र शक्तिपीठ (२०६५)

ISBN

9789937205573